# नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती र सम्भावना

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रसमक्ष शिक्षाशास्त्र विषयमा
विद्यावारिधि (Ph. D.) उपाधि प्राप्तिका लागि प्रस्तुत

## शोधप्रबन्ध

शोधकर्ता

**समन्तमणि आचार्य**

ने.सं.वि. अनुक्रमाङ्क : ७६३२०६३

२०८२

# शोधनिर्देशकको सिफारिस

शोधार्थी समन्तमणि आचार्यद्वारा विद्यावारिधि उपाधिका निमित्त नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रअन्तर्गत 'नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती र सम्भावना' शीर्षकमा तयार पारिएको प्रस्तुत शोधप्रबन्ध मेरो निर्देशनमा सम्पन्न गर्नुभएको हो । प्रस्तुत अध्ययनमा शोधकर्ताले विषयवस्तुको गम्भीर विश्लेषण गरी आफ्नो बौद्धिक सामर्थ्य र शैलीगत नवीनताको परिचय दिनुका साथै मौलिक शोधनिष्कर्षको प्रतिपादन गर्नुभएको छ । यो अध्ययन शोधकर्ताद्वारा आफ्नो सूक्ष्म दृष्टि, गहन विश्लेषण र विषयवस्तु अनुसारको शोधविधि प्रयोग गरी सम्पन्न गरिएको सर्वथा नवीन कार्य हो । उहाँको यस शोधकार्यबाट शिक्षा विषयक अनुसन्धानको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि प्राप्त भएको छ । म उहाँको अध्यवसाय, लगनशीलता, शोधक्षमता र शोधनिष्कर्षबाट अत्यन्तै सन्तुष्ट छु । प्रस्तुत शोधप्रबन्धको अन्तिम वाक्परीक्षा समेत सम्पन्न भइसकेको साथै त्यस क्रममा प्राप्त सुझाबहरू सम्बोधन गरी शोधप्रबन्धलाई थप परिष्कृत, परिमार्जित तुल्याइएकाले शोधकर्तालाई विद्यावारिधि उपाधि प्राप्त गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइदिन नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रसमक्ष सिफारिस गर्दछु ।

मिति : २०८२/०७/२३

.........................
डा. शिवराम पाण्डे
शोधनिर्देशक

# शोधविशेषज्ञको मन्तव्य

'नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती र सम्भावना' शीर्षकमा शोधार्थी समन्तमणि आचार्यले नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रमार्फत विद्यावारिधि उपाधि प्राप्तिको प्रयोजनका लागि प्रस्तुत शोधप्रबन्ध तयार गर्नुभएको हो । यस शोधप्रबन्धमा आफ्नो मौलिक पहिचान बोकेको र वर्तमान अवस्थामा समेत अत्यन्त आवश्यक एवम् सान्दर्भिक रहेको पूर्वीय दर्शन परम्पराबाट निर्देशित गुरुकुल शिक्षाका क्षेत्रमा देखिएका चुनौती र सम्भावना जस्ता अत्यन्त महत्त्वपूर्ण विषयमा शोधका पद्धतिगत तथा विषयगत अनुशासन एवम् परिधिभित्र रही शोध्य विषयको सूक्ष्म विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा वर्तमान समयमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका चुनौती र सम्भावनाका विषयमा विभिन्न राजनीतिक दलहरू, नीति निर्माताहरू, गुरुकुल शिक्षासँग सम्बन्धित शिक्षक, विद्यार्थी, व्यवस्थापन पक्षलगायतका तथ्य र दृष्टिकोणहरू स्थलगत अध्ययनबाट सङ्कलन गरी विश्लेषण गरिएको छ । परिश्रमपूर्वक लेखन कार्य पूरा गरिएको, समसामयिक, मौलिक एवम् शोधप्रबन्धोचित शिल्प र शैलीले युक्त प्रस्तुत शोधप्रबन्धबाट म सन्तुष्ट छु । यो शोधप्रबन्धको पूर्व प्रस्तुति गोष्ठीपश्चात् विषयगत मूल्याङ्कन र अन्तिम वाक्परीक्षा समेत सम्पन्न भई उक्त सबै चरणहरुमा प्राप्त सुझाबहरूलाई समेटी परिष्कृत शोधप्रबन्ध तयार गरिसकेको देखिँदा शोधकर्तालाई विद्यावारिधि उपाधि प्रदान गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाइदिनुहुन नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रसमक्ष सिफारिस गर्दछु ।

मिति : २०८२/०७/२३

....................................
प्रा.डा. सुधनकुमार पौडेल
शोधविशेषज्ञ

# शोधविशेषज्ञको मन्तव्य

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रअन्तर्गत 'नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती र सम्भावना' शीर्षकमा विद्यावारिधि उपाधि प्रयोजनका लागि शोधार्थी समन्तमणि आचार्यले प्रस्तुत शोधप्रबन्ध मेरो सल्लाह, परामर्श र राय सुझावअनुसार तयार पार्नुभएको हो । पौरस्त्य परम्परामा आधारित गुरुकुल शिक्षामा वर्तमान अवस्थामा देखिएका चुनौती, सम्भावना तथा आवश्यकतालाई यस शोधकार्यमा सूक्ष्म ढङ्गले विश्लेषण गरिएको छ । नेपाली समाजमा वर्तमान अवस्थामा देखिएको पाश्चात्य शिक्षाको जुन प्रभाव छ र यो प्रभावका कारण नेपाली समाजबाट हराउँदै गएको गुरुकुल शिक्षाको महत्त्व, यसका चुनौती र सम्भावनाका पक्षहरूलाई यस शोध प्रबन्धमा विश्लेषण गरिएको छ । शोधार्थीको अध्ययन, अनुसन्धान तथा कार्यक्षेत्रको अनुभवसमेतका आधारमा विश्लेषित प्रस्तुत शोधप्रबन्धबाट म सन्तुष्ट छु । प्रस्तुत शोधप्रबन्धको अन्तिम वाक्‌परीक्षा समेत सम्पन्न भइसकेको साथै त्यस क्रममा प्राप्त सुझावहरू सम्बोधन गरी शोधप्रबन्धलाई थप परिष्कृत, परिमार्जित तुल्याइएकाले शोधकर्तालाई विद्यावारिधि उपाधि प्राप्त गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइदिन नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रसमक्ष सिफारिस गर्दछु ।

मिति : २०८२/०७/२३

........................
डा. मेघराज दंगाल
शोधविशेषज्ञ

# प्रतिबद्धता पत्र

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रमा शिक्षाशास्त्र विषयमा विद्यावारिधि (Doctor of Philosophy-PhD) उपाधिका लागि प्रस्तुत 'नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती र सम्भावना' शीर्षकको शोधप्रबन्ध डा. शिवराम पाण्डेको शोधनिर्देशनमा मेरो मौलिक अध्ययन तथा अनुसन्धानबाट तयार गरिएको हो । यो शोधप्रबन्ध कुनै पनि उपाधिका लागि अन्य विश्वविद्यालय वा प्राज्ञिक संस्थामा पेस नगरेको घोषणा गर्दछु । यसविरुद्ध कुनै प्रमाण भेटिएमा त्यसका लागि म स्वयम् जिम्मेवार रहनेछु ।

मिति : २०८२/०७/२३

............................
समन्तमणि आचार्य
शोधार्थी

# कृतज्ञताज्ञापन

सरकारी कर्मचारीको हैसियतमा रहेको एक अध्येताका रूपमा मैले नेपालको शैक्षिक क्षेत्रमा लामो समय काम गर्ने अवसर प्राप्त गरेँ । सरकारी सेवाको सिलसिलामा मैले नेपालको शिक्षाक्षेत्रसँग सम्बन्धित नीति, नियम, कार्यक्रम, पाठ्यक्रम र त्यसले शैक्षिक क्षेत्रमा पारेका प्रभावहरूलाई नजिकबाट नियाल्ने अवसर प्राप्त गरेको छु । हाम्रो वर्तमान शिक्षानीतिले अलि बढी पाश्चात्य शिक्षापद्धतिलाई आत्मसात् गरेको र संस्कारयुक्त मौलिक शिक्षाभन्दा पनि रोजगारमूलक र पश्चिमा मागमा आधारित जनशक्ति उत्पादन गर्न प्रेरित गरेको मैले अनुभव गरेको छु । जसका कारण हाम्रा पूर्वीय परम्परागत मान्यताहरू, हाम्रो नैतिक धरातल र हाम्रो मौलिक परम्परामा आधारित शैक्षिक प्रणाली ओझेलमा परेको तथा हाम्रा बालबालिकाहरूका अगाडि हाम्रो मौलिकता थाहा नपाउने अवस्था सिर्जना भएको यथार्थको बोध मैले गरेको छु । मेरो कार्य अनुभव र शैक्षिक संलग्नताले मलाई यही निष्कर्ष निकाल्न बाध्य बनायो । सचेत नागरिक र प्राज्ञिक अभ्यासमा निष्ठा रहेका कारण मैले हाम्रो दर्शन, परम्परा, मान्यता र नैतिक संस्कृतिलाई संरक्षण र संवर्धन गर्नका लागि के गर्न सकिन्छ भन्ने चिन्तनबाट प्रेरित भएर गुरुकुल शिक्षामा केही अनुसन्धान गर्ने सोच बनाएँ । यसै सोचबाट प्रेरित भएर मैले आफ्नो विद्यावारिधि शोध नेपालमा गुरुकुल शिक्षालाई कसरी मूलप्रवाहीकरण गर्न सकिन्छ ? र यसमा के के समस्या एवम् सम्भावनाहरू छन् भन्ने विषयमा केन्द्रित गरेँ । आज उक्त शोधकार्य एउटा सुखद परिणतिमा पुगेको छ ।

प्रस्तुत शोधप्रबन्ध मेरो मात्रै प्रयासबाट पूर्ण भएको होइन । यसमा थुप्रै प्राज्ञिक व्यक्तिहरूको प्रत्यक्ष एवं परोक्ष योगदान रहेको छ । म उहाँहरू सबैको मार्गनिर्देशप्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रथमतः यो शोधकार्य तयारीका सिलसिलामा मलाई शोधका हरेक विषयवस्तु र मान्यताहरूका बारेमा प्रत्यक्ष रूपमा निर्देशन गर्नुहुने डा. शिवराम पाण्डेप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै शोधविशेषज्ञका रूपमा मलाई सहयोग गर्नुहुने शोधविशेषज्ञद्वय प्रा.डा. सुधनकुमार पौडेल र डा. मेघराज दंगाललाई हृदयदेखि नै धन्यवाद दिन्छु । उहाँहरूको निरन्तरको मार्गदर्शन, हौसला, प्रेरणा र निर्देशन विना यो शोधग्रन्थ तयार हुने थिएन । त्यस्तै नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रका सबै सदस्यहरूको यो शोधकार्यको तयारीको सिलसिलामा महत्त्वपूर्ण सहयोग रहेको कुरा मैले यहाँ उल्लेख गरिनँ भने उहाँहरूप्रति अन्याय हुन जान्छ । त्यसैले निरन्तर सहयोग र

उत्प्रेरणाका लागि म नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान परिषद्का सदस्यज्यूहरूका साथै अनुसन्धान केन्द्रका कर्मचारी साथीहरूलाई पनि हार्दिक धन्यवाद दिन्छु ।

प्रस्तुत शोधकार्यका सिलसिलामा मैले गुरुकुल क्षेत्रसँग सम्बन्धित नीतिनिर्माता, राजनीतिक दलका नेताहरू, गुरुकुल शिक्षासँग सम्बन्धित व्यवस्थापन समितिका सदस्यहरू, शिक्षकहरू र विद्यार्थीहरूसँग स्थलगत अध्ययनका माध्यमबाट सूचनाहरू सङ्कलन गरेको छु । उहाँहरूका महत्त्वपूर्ण सुझाव, सल्लाह र सूचना विना यो शोधप्रबन्ध तयार हुने थिएन । त्यसैले एउटा शोधार्थीका रूपमा उहाँहरू सबैलाई हार्दिक धन्यवाद दिन्छु । यसका साथै शोधकार्यमा सहयोग पुऱ्याउने मेरो परिवार र परिवारका सदस्यहरू, म कार्यरत कार्यालयका कर्मचारी मित्रहरू र अन्य शुभेच्छुक साथीभाइहरूप्रति उहाँहरूको अटुट समर्थन र प्रोत्साहनका लागि विशेष धन्यवाद दिन्छु । उहाँहरूको मप्रतिको प्रेम र विश्वासलाई मैले ऊर्जाको स्रोत ठानेको छु ।

अन्तमा यस अध्ययनका महत्त्वपूर्ण निष्कर्षहरू नीति निर्माताहरूले बुझ्नुहुने र यसलाई आत्मसात् गर्दै नेपालको गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण तथा आवश्यकता अनुसार वर्तमान शिक्षामा गुरुकुलीयकरण समेत गर्ने काममा योगदान पुग्ने विश्वाससहित प्रस्तुत शोधप्रबन्ध नेपाल संस्कृत विश्वविद्यालयसमक्ष प्रस्तुत गर्दछु ।

धन्यवाद ।

मिति : २०८२/०७/२३

विनीत,

**समन्तमणि आचार्य**

शोधकर्ता

नेपाल संस्कृत विश्वविद्यालय

# शोधसार

'नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती र सम्भावना' शीर्षकको प्रस्तुत शोधकार्य नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रबाट विद्यावारिधि उपाधिको प्रयोजनका लागि सम्पन्न गरिएको हो । गुरुकुल शिक्षा भनेको प्राचीन पौरस्त्य शिक्षाप्रणालीभित्रको आश्रममा आधारित र गुरुको पूर्ण नेतृत्व एवम् अनुशासनमा सञ्चालन हुने समग्र शिक्षाविधि हो, जसअन्तर्गत शिष्य अर्थात् ब्रह्मचारी वटुकहरू गुरुको नजिकमा बसेर वेद, धर्मशास्त्र, पुराण, योग, ज्योतिष, व्याकरण र इतिहास आदि शास्त्रीय विषयहरू पढ्ने गर्थे । गुरुकुल शिक्षाको समग्र दृष्टिकोण भनेको विद्यार्थीहरूको व्यक्तित्वको शारीरिक, बौद्धिक, भावनात्मक र आध्यात्मिक पक्षहरूको पोषण गर्नु हो ।

प्रस्तुत शोधमा नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती र सम्भावनाहरूको विशद् विमर्श गरिएको छ । मूलप्रवाहीकरण भन्नाले गुरुकुल परम्परामा प्रचलित शिक्षापद्धतिको मुख्य धारा (प्रमुख सिद्धान्त, विधि र अभ्यास) लाई मुलुकको शैक्षिक प्रणालीमा केन्द्रीय भूमिका दिने प्रक्रियालाई बुझिन्छ । यसले वैदिक ज्ञान, आध्यात्मिकता, चरित्रनिर्माण, व्यावहारिक जीवन कौशल र प्रकृतिसँग सामञ्जस्यजस्ता गुरुकुलका मूल आधारहरूलाई आधुनिक शिक्षामा समावेश गर्ने प्रयासलाई जनाउँछ । नेपालका सन्दर्भमा गुरुकुल प्रणाली शिक्षाको मूलप्रवाहबाट ओझेलमा परेको, राज्यको उचित दृष्टिकोण पर्न नसकेको देखिँदा यो प्रणालीलाई मूलधारमा ल्याउनु आजको आवश्यकता साथै चुनौती पनि हो ।

वर्तमान अवस्थामा गुरुकुलहरूको सङ्ख्यामा क्रमशः वृद्धि हुँदै गएको छ, तर सबै गुरुकुलहरूको स्वरूपमा समानता देखिँदैन । राज्यका विभिन्न तहबाट गुरुकुलको स्वरूपअनुसार आर्थिक, भौतिक र प्राविधिक सहयोग हुन नसक्दा मूलप्रवाहमा ल्याउन कठिनाइ भइरहेको देखिन्छ । शिक्षासम्बन्धी धेरै अधिकार स्थानीय तहलाई रहेको वर्तमान सङ्घीय राज्यमा अधिकांश स्थानीय तहहरूले गुरुकुल शिक्षाको महत्व बुझ्न नसकेको तथा भइरहेका गुरुकुललाई खुलेर सहयोग गर्न नसकेको अवस्था विद्यमान छ । नेपालमा गुरुकुल शिक्षालाई मूलप्रवाहमा ल्याउन सरकारी पक्ष र नागरिक तहबाट भैरहेका अभ्यास र प्रयास केकस्ता रहेका छन् ? गुरुकुल शिक्षाले नेपाली शिक्षाको विकास र विस्तारमा केकस्तो योगदान दिएको छ ? आधुनिक शिक्षामा यसको सम्बन्ध जोड्दै वर्तमानमा गुरुकुल शिक्षाका सम्बन्धमा राज्यका तर्फबाट एवम् सोसँग सम्बद्ध संस्थाहरूबाट भइरहेका अभ्यास, त्यसक्रममा देखिएका चुनौती र आवश्यकता एवम् सम्भावनाका क्षेत्रहरू पहिचान गर्ने भन्ने कुराको उत्कण्ठा नै प्रस्तावित शोधकार्यको मूल प्राज्ञिक जिज्ञासा हो ।

गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका सन्दर्भमा देखिएका चुनौती र सम्भावनाहरूबारे उपलब्ध सन्दर्भसामग्रीको पुनरवलोकनपश्चात् गुरुकुल शिक्षाको महत्त्व र यसको मूलप्रवाहीकरणको आवश्यकताका बारेमा विकीर्ण रूपमा केही अध्ययनहरू भएका देखिए पनि गुरुकुल शिक्षाको मूलप्रवाहीकरण र त्यससँग सम्बन्धित चुनौती तथा सम्भावनाका विषयमा विशद् अध्ययन भएको देखिएन । त्यसैले गुरुकुल शिक्षाप्रणालीको मूलप्रवाहीकरणसम्बन्धी अध्ययनमा देखिएको रिक्तता (Gap) मा आधारित भई यो शोधकार्यले माथि उल्लिखित शोधप्रश्नहरूको प्राज्ञिक समाधान गरेको छ । साथै यस शोधप्रबन्धलाई विभिन्न छवटा अध्यायमा शीर्षकगतरूपमा विभाजन गरिएको छ ।

शोधको विश्लेषण प्रक्रियामा थिमाटिक कोडिङ (Thematic Coding) को प्रयोग गरी अन्तर्वार्ताबाट निस्किएका विचार, भावना र अवधारणाहरूलाई समूहबद्ध गरी गुरुकुल शिक्षाका चुनौतीहरूका सन्दर्भमा आधुनिकता र परम्पराबिचको द्वन्द्व, नीतिगत अस्पष्टता, सीप र रोजगारीको अन्तराल जस्ता विषयगत सवालहरूको पनि विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यस शोधमा शोधकर्ताको पूर्वाग्रहको प्रभाव नपरोस् भन्नका लागि शोधकर्ताले आफ्नो भूमिका र दृष्टिकोणलाई विश्लेषणका क्रममा सकेसम्म तटस्थ तुल्याउने प्रयास गरिएको छ ।

गुरुकुलको वर्गीकरण गर्दै तिनलाई सोहीअनुरूप मूलप्रवाहमा ल्याउँदा, गुरुकुल शिक्षालाई आधुनिकीकरण र वैज्ञानिक बनाउँदा, गुरुकुलको मर्म संरक्षण गर्दै मूलप्रवाहमा ल्याउँदा, गुरुकुल शिक्षाका सकारात्मक पक्षहरूको प्रभाव आधुनिक शिक्षामा पर्न सक्ने देखिँदा नेपालमा यसको मूलप्रवाहीकरणका सम्भावनालाई यथार्थमा रूपान्तरण गर्न जरुरी छ । यसर्थ प्रस्तुत शोधकार्य अत्यन्त औचित्यपूर्ण र समसामयिक सिद्ध हुन्छ ।

प्रस्तुत शोधका क्रममा विभिन्न माध्यमबाट उपलब्ध सामग्रीको विश्लेषण, शोधकार्यसँग सम्बन्धित विशिष्ट शोधप्रश्नहरूसँग सम्बन्धित रहेका विभिन्न शीर्षक उपशीर्षकमा केन्द्रित रहेर गरिएको छलफल र प्राप्ति अन्तर्गत नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको वर्तमान अवस्था, नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणसँग सम्बन्धित चुनौती, नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको सम्भावना लगायतका सन्दर्भ यस शोधकार्यका मुख्य विषयवस्तु रहेका छन् । प्रस्तुत शोधमा वेद, उपनिषद्, ज्योतिष, योग, धर्मशास्त्र र आयुर्वेद जस्ता पारम्परिक तर आधुनिक जीवनशैली र संस्कृतिसँग गहिरो गरी जोडिएका विषयहरूलाई आधुनिक पाठ्यक्रममा समावेश गर्ने, गुरुशिष्य परम्परा, अनुशासन, सेवाभाव, सदाचार र नैतिक मूल्यबोधलाई प्राथमिकता दिँदै चरित्रनिर्माणमा ध्यान दिने, आधुनिक जीवनका लागि अत्यावश्यक कृषि, वनस्पतिविज्ञान र जीवनोपयोगी अन्य कलाका सन्दर्भबाट नयाँ पुस्तालाई सुसज्जित तुल्याउने साथै आधुनिक शिक्षकहरूलाई 'गुरु' को उदात्त भूमिका र गौरवसँग परिचित तुल्याउन विभिन्न प्रशिक्षण

दिई शिष्यहरूसँग अनौपचारिक आत्मीय सम्बन्ध कायम गर्न सिकाउने, योग, ध्यान र प्रार्थना जस्ता आध्यात्मिक अभ्यासहरूलाई दैनिक शिक्षामा जोड्नु आवश्यक हुने निष्कर्ष प्राप्त भएको साथै भौतिकवादी शिक्षाप्रणालीमा आध्यात्मिक तत्त्व समाविष्ट गरी नयाँ पुस्तालाई संस्कार, राष्ट्रभक्ति र सांस्कृतिक गौरवप्रति अभिमुख तुल्याउने, शिक्षालाई रोजगारमूलक भन्दा मानवतामूलक बनाउन ध्यान दिने, गुरुकुललाई राज्यको मातहतमा रहेका विद्यालयहरूमा विद्यमान रहेको राजनीतिक प्रभाव नपर्ने गरी मूलप्रवाहमा ल्याइनुपर्ने, राज्यको मातहतमा रहेका शिक्षालयहरूमा समेत गुरुकुल परम्पराका सकारात्मक, मौलिक तथा जीवनोपयोगी पक्षहरू समावेश गर्नुपर्ने सुझाव प्राप्त भएको छ । यसरी नेपालको मूलधारको शैक्षिक प्रणालीमा गुरुकुल शिक्षालाई एकीकृत गर्नका लागि पहिलो काम भनेको नीति र पाठचक्रममा परिवर्तनका साथै नियमित प्रशिक्षण अत्यावश्यक छ ।

गुरुकुलका विद्यार्थीहरूको सङ्ख्या, क्षमता आदिको मूल्याङ्कन गरी उनीहरूको रुचि र आवश्यकताका आधारमा गुरुकुल शिक्षामा छनोट प्रक्रिया अपनाइनु पर्ने र गुरुकुल शिक्षालयहरूमा सीमित जातजाति र क्षेत्रको मात्रै पहुँच रहेको विद्यमान अवस्थालाई थप समावेशी बनाउन नीतिगतरूपमा परिवर्तन गरिनु पर्दछ । गुरुकुल शिक्षाको सफल कार्यान्वयन तथा मूलप्रवाहीकरणका लागि अभिभावक र समुदायको यो शिक्षाप्रति विशेष चासोसहित व्यापक संलग्नता हुनु पर्दछ भन्ने सुझावहरू प्राप्त भएका छन् ।

गुरुकुल शिक्षालाई सरल, सहज, रोजगार मैत्री साथै प्रविधिमैत्री बनाउँदा यो शिक्षाप्रति अभिभावकको चासो बढ्ने र यसको मूलप्रवाहीकरणमा समेत सहयोग पुग्दछ । नेपालमा गुरुकुल शिक्षाको विकास र प्रभावकारिताको आकलन गर्न निरन्तर अनुगमन र मूल्याङ्कन गरी विद्यार्थी, अभिभावक, शिक्षक र समुदायको संलग्नतामा राज्यले शिक्षक दरबन्दी सम्बन्धित गुरुकुलहरूलाई वितरणको व्यवस्था गर्नुपर्छ र शिक्षक छनोटमा गुरुकुललाई स्वायत्तता दिई गुरुकुलमा हुन सक्ने राजनैतिक हस्तक्षेप एवम् नैतिक पक्षमा हुने ह्रासबाट जोगाउनु पर्ने देखिन्छ । साथै नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि नीतिगत परिवर्तन र विकास, शिक्षक प्रशिक्षण, पूर्वाधारको वृद्धि, विद्यार्थीहरू चयन, अभिभावक संलग्नता, पाठ्यक्रमको एकीकरण तथा आधुनिकीकरणसहितको बहुपक्षीय दृष्टिकोण आवश्यक रहेको यो शोधप्रबन्धको निष्कर्ष रहेको छ ।

# विषयसूची

शोधनिर्देशकको सिफारिस क
शोधविशेषज्ञको मन्तव्य ख
शोधविशेषज्ञको मन्तव्य ग
प्रतिबद्धता घ
कृतज्ञताज्ञापन ङ-च
शोधसार छ-झ

## पहिलो अध्याय
## शोधपरिचय

१.१ विषयपरिचय १
१.२ समस्याकथन ३
१.३ शोधकार्यका उद्देश्यहरू ५
१.४ शोधरिक्तता (शोधअन्तराल) ६
१.५ शोधकार्यको औचित्य ८
१.६ शोधविधि ९
१.६.१ सामग्रीसङ्कलन १०
१.६.२ विश्लेषण विधि १२
१.६.३ विश्वसनीयता १२
१.७ शोधपरिसीमा १३
१.८ शोधप्रबन्धको सङ्गठन १४

## दोस्रो अध्याय
## साहित्यको पुनरवलोकन र सैद्धान्तिक पर्याधार

२.१ विषयप्रवेश १५
२.२ साहित्यको पुनरवलोकन १५
२.३ सैद्धान्तिक समीक्षा १६
२.४ प्रयोगात्मक समीक्षा २३
२.५ नीतिगत समीक्षा ४३
२.६ अपेक्षित शिक्षानीति ४६
२.७ शोधसमस्यासँग सम्बन्धित समीक्षा ५४
२.८ गुरुकुल शिक्षाको परीक्षा प्रणाली ५७
२.९ गुरुकुल शिक्षाको सिकाइ प्रणाली ५९
२.१० गुरुकुल शिक्षाप्रति विद्यार्थीहरूको चासो ६३
२.११ गुरुकुल शिक्षाका लागि नेपाल सरकारले उपलब्ध गराएको सुविधा ६४
२.१२ गुरुकुल शिक्षाको पाठ्यक्रम ६५
२.१३ गुरुकुल शिक्षाका केही महत्त्वपूर्ण नीतिहरू ६७
२.१४ नेपालमा गुरुकुल शिक्षाका फाइदाहरू ६८
२.१५ गुरुकुल शिक्षामा रोजगारीका सम्भावनाहरू ७०

२.१६ गुरुकुल शिक्षाप्रति राजनीतिक दल, सरकार, समुदाय, विद्यालय तथा विद्यार्थीहरूको भूमिका ७१
२.१७ गुरुकुलबाट अन्य आधुनिक शिक्षा प्रणालीले सिक्नुपर्ने कुराहरू ७३
२.१८ सैद्धान्तिक पर्याधार ७६
२.१८.१ शिक्षाको मूलप्रवाहीकरणको सिद्धान्त ७६
२.१८.२ गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको सिद्धान्त ७८
२.१८.३ गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यासहरू ८२
२.१८.४ गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउने सम्भाव्यता ८३
२.१९ नेपालमा गुरुकुल शिक्षाका सम्भावित फाइदाहरू ८४
२.२० नेपालमा गुरुकुल शिक्षाले सामना गरेका चुनौतीहरू ८५
२.२१ नेपालमा गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्न देखिएका चुनौतीहरू ८६
२.२२ नेपालमा गुरुकुल शिक्षाका सम्भावना तथा आवश्यकता ८९
२.२३ नेपालमा गुरुकुल शिक्षाको मूल प्रवाहमा योगदान गर्ने पक्षहरू ९१
२.२४ मूल प्रवाहमा प्रभाव पार्ने ज्ञान विज्ञानसँग सम्बन्धित वैदिक गुरुकुलको स्वरूप ९३
२.२५ निष्कर्ष ९५

**तेस्रो अध्याय**

**नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको वर्तमान अवस्था**

३.१ विषयप्रवेश ९८
३.२ नेपालमा गुरुकुल शिक्षाको इतिहास ९८
३.२.१ गुरुकुल शिक्षाको इतिहासका सम्बन्धमा पूर्ववर्ती अध्ययनहरू १०५
३.२.२ गुरुकुल शिक्षाका विशेषता ११४
३.३ गुरुकुल शिक्षा प्रणालीको महत्त्व ११६
३.४ गुरुकुल प्रणालीका गुण ११६
३.५ गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको प्रयत्न र अभ्यास ११७
३.६ गुरुकुल शिक्षा प्रणाली र आधुनिक शिक्षा प्रणालीमा फरक १२४
३.६.१ गुरुकुल शिक्षा प्रणालीमा शिक्षाका प्रकार १२४
३.६.२ आधुनिक शिक्षा प्रणाली, स्वरूप तथा त्यसका विशेषता १२७
३.७ गुरुकुल शिक्षाको मूलप्रवाहीकरण प्रक्रिया १३०
३.८ गुरुकुल शिक्षाको पाठ्यक्रम १३७
३.९ नेपालमा गुरुकुल शिक्षाको वर्तमान अवस्था १३७
३.१० गुरुकुल शिक्षाको परीक्षा प्रणालीको अवस्था १४०
३.११ नेपालमा गुरुकुल शिक्षालाई मूलप्रवाहमा ल्याउन देखिएका समस्याहरू १४२
३.१२ गुरुकुल शिक्षाको सिकाइ प्रणालीको अवस्था १४२
३.१३ गुरुकुलको वर्तमान अवस्थाबारे विभिन्न अन्तर्वार्तादाता १४३
३.१४ नीतिगत रूपमा र बजेटमा समेत गुरुकुल शिक्षाप्रतिको दृष्टिकोण १५०
३.१५ गुरुकुलीय शिक्षामा विद्यमान रहेको विभेद १५३
३.१६ निष्कर्ष १५८

## चौथो अध्याय
## नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणसँग सम्बन्धित चुनौती


४.१ विषयप्रवेश १६१
४.२ मूलप्रवाहीकरणसँग सम्बन्धित चुनौती १६१
४.३ गुरुकुलको आधुनिक दृष्टिकोणको विकास १६५
४.४ मूलप्रवाहीकरणका चुनौतीबारे नीति निर्माता र राजनीतिज्ञको दृष्टिकोण १६६
४.४.१ मूलप्रवाहीकरणका चुनौतीबारे नीति निर्माताको दृष्टिकोण १६६
४.४.२ मूलप्रवाहीकरणका चुनौतीबारे राजनीतिज्ञहरूको दृष्टिकोण १७५
४.४.३ गुरुकुलका शिक्षक तथा अन्य सहभागी विद्वान्हरूका धारणा १८६
४.४.४ गुरुकुलमा अध्ययनरत विद्यार्थीहरूको दृष्टिकोण १९२
४.४.५ अन्य चुनौतीहरू १९५
४.५ निष्कर्ष १९५


## पाँचौं अध्याय
## नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको सम्भावना


५.१ विषयप्रवेश १९८
५.२ आधुनिक समयमा गुरुकुल शिक्षाको आवश्यकता १९८
५.३ आवश्यकताबारे नीति निर्माता र राजनीतिज्ञको दृष्टिकोण २०८
५.४ गुरुकुल शिक्षाका मूलप्रवाहीकरणका सम्भावनाहरू २४३
५.४.१ सामाजिक र सांस्कृतिक संरक्षणका लागि गुरुकुल शिक्षा २४४
५.४.२ मूल्य र नैतिकताको विकास २४४
५.४.३ व्यक्तिगत रुचिमा आधारित शिक्षा २४४
५.४.४ गुरुकुल हरेक मानिसहरूको रोजाइ २४५
५.४.५ गुरुकुलका नियम तथा दिनचर्या आधुनिक जीवनसँग तिनको सामञ्जस्य २४६
५.५ निष्कर्ष २४६


## छैटौं अध्याय
## सारांश, छलफल, निष्कर्ष र सुझावहरू


६.१ अध्यायगत सारांश २४९
६.२ छलफल २५१
६.३ शोधप्रश्नगत निष्कर्ष २५६
६.४ समग्र निष्कर्ष २५८
६.५ नयाँ ज्ञान र खोज २६२
६.६ सुझावहरू २६४
६.७ भविष्यका लागि अनुसन्धानका मार्गहरू २६८

**सन्दर्भ सामग्री सूची** २७१
**परिशिष्ट**

## सङ्क्षिप्त शब्दसूची

| | | |
|---|---|---|
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नं. | : | नम्बर |
| ने.सं.वि. | : | नेपाल संस्कृत विश्वविद्यालय |
| प्रा.डा. | : | प्राध्यापक डाक्टर |
| डा. | : | डाक्टर |
| रा.स्व.पा. | : | राष्ट्रिय स्वतन्त्र पार्टी |
| रा.प्र.पा. | : | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ने.क.पा. | : | नेपाल कम्युनिष्ट पार्टी |
| वि.सं. | : | विक्रम सम्वत् |
| पृ. | : | पृष्ठ |
| सन् | : | इस्वी संवत् |
| CERID | : | Research Centre for Educational Innovation and Development |
| Ph. D. | : | Philosophy of Doctor |
| EFA | : | Education for All |
| FGD | : | Focus Group Discussion |
| NCERT | : | National Council of Educational Research and Training |
| MHRD | : | Ministry of Human Resource Develpment |
| CRPD | : | Convention on the Rights of Persons with Disabilities |

# पहिलो अध्याय

# शोधपरिचय

## १.१ विषयपरिचय

गुरुकुल शिक्षा शिक्षाको एउटा परम्परागत शैक्षिक प्रणाली हो, जसको उत्पत्ति प्राचीन भारतमा भएको थियो । 'गुरुकुल' शब्द दुई शब्दको योगबाट बनेको छ - गुरु र कुल । यहाँ गुरुको अर्थ शिक्षक र कुलको अर्थ परिवार वा घर भन्ने बुझिन्छ । शब्दको बनावटको हिसाबले हेर्ने हो भने पनि गुरुकुल भन्नाले शिक्षक र विद्यार्थीको एउटा घरमै रहेर शैक्षिक क्रियाकलापलाई अगाडि बढाउने भन्ने बुझिन्छ । शब्दको उत्पत्तिको हिसाबले हेर्ने हो भने पनि गुरुकुल निकै प्राचीन शैक्षिक प्रणाली हो । जहाँ विद्यार्थीहरू आफ्नो शिक्षकको नजिकमा रहेर औपचारिक शिक्षणको माध्यमबाट मात्र नभई गुरुको दैनिक जीवन र दिनचर्याको अवलोकनमार्फत पनि ज्ञानआर्जन गर्ने गर्दथे । यो शैक्षिक प्रणालीमा औपचारिक ज्ञानमात्र नभई नैतिक र आध्यात्मिक मार्गदर्शन पनि प्रदान गरिन्थ्यो । गुरुकुल शिक्षामा मौखिक निर्देशन अर्थात् छलफल, पठन र कथाकथनको माध्यमद्वारा गुरुहरूबाट चेलाहरूलाई ज्ञान प्रदान गरिन्थ्यो ।

नेपालमा पूर्वीय परम्पराको गुरुकुल प्रणालीको सुरुवात वैदिक काल (करिब इ.पू. १५००–५००) बाट भएको मानिन्छ, उक्त समयमा ज्ञान अर्थात् शिक्षाका कुरा गुरुकुलका गुरु (शिक्षक) द्वारा आवासीय विद्यालयमार्फत प्रदान गरिन्थ्यो । यी संस्थाहरूले आध्यात्मिक, नैतिक र व्यावहारिक शिक्षासहित समग्र ज्ञानमा जोड दिन्थे । मिथिला (आधुनिक नेपाल र भारतमा फैलिएको जनकपुर) जस्ता प्रारम्भिक शिक्षाकेन्द्रहरू दर्शन, तर्कशास्त्र र धर्मग्रन्थहरूमा विद्वत्ता हासिल गर्ने थलोका रूपमा प्रसिद्ध थिए, जसले गुरुकुल प्रणालीको भावना प्रतिबिम्बित गर्दछ ।

विगतदेखि नै गुरुकुल शिक्षाको पाठचक्रमले वेद, धर्मशास्त्र, दर्शन, गणित, खगोल विज्ञान, औषधि विज्ञान, ध्यान र बुद्धदर्शनजस्ता विषयहरूलाई समेटेको छ । जसले

विद्यार्थीहरूका यी विषयको ज्ञानका अतिरिक्त जिम्मेवारी, अनुशासन र आत्मनिर्भरताको भावनालाई प्रकाशित गर्दथ्यो । तर वर्तमानमा गुरुकुल शिक्षा प्रणालीलाई आधुनिक शिक्षा प्रणालीले प्रतिस्थापन गरेको छ । त्यसैले वर्तमान अवस्थामा गुरुकुलका मर्म र सिद्धान्तहरू एवम् यसको शैक्षिक दर्शन ओझेलमा पर्दै वा हराउँदै गएको छ । गुरुकुल शिक्षाको उद्भव प्रक्रियालाई हेर्ने हो भने यो मौखिक परम्परामा आधारित थियो । छलफल, कथाकहानी र पठनपाठनका माध्यमबाट गुरुहरूले विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्थे । जहाँ विद्यार्थीहरू औपचारिक शिक्षाका अतिरिक्त विभिन्न दैनिक कार्यहरू र गुरुकुलको काममा संलग्न हुन्थे । गुरुकुल शिक्षा प्रणालीको ऐतिहासिक महत्त्व र वर्तमानमा यसको व्यापक सान्दर्भिकता र आवश्यकता भएर पनि समाजका मूल्य, मान्यता, परम्परा बोकेको यो शिक्षा मूलप्रवाहीकरणका दृष्टिले पछाडि परेको छ । त्यसैले नेपाली समाजको पुरानो शैक्षिक परम्परालाई जीवन्त राख्न र मूल्य मान्यतासहितको आधुनिक समाज निर्माण गर्नका लागि पनि गुरुकुल शिक्षाको मूलप्रवाहीकरण आवश्यक छ । गुरुकुल शिक्षाको मूलप्रवाहीकरण भनेको परम्परागत गुरुकुल शैली, यसको शैक्षिक विधि र सिद्धान्तहरूलाई आधुनिक शैक्षिक प्रणालीमा एकीकृत गर्ने कामलाई बुझिन्छ । गुरुकुल शिक्षाको मूलप्रवाहीकरण मूलधारका समकालीन शैक्षिक संस्थाहरूमा गुरुकुल शिक्षाको मुख्य सिद्धान्तहरूलाई अनुकूलन र समाहित गर्नु हो । आधुनिक शिक्षाले पनि गुरुकुलका सिद्धान्त र मान्यताहरूलाई अवलम्बन गर्नु नै गुरुकुल शिक्षाको मूलप्रवाहीकरण हो ।

गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्ने सन्दर्भमा यसका चुनौती र सम्भावना दुवै रहेका छन् । यहाँ उल्लेख गर्न खोजिएको चुनौतीले गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्दा देखिएका अवरोधहरूलाई बुझाउँछ भने सम्भावनाले शिक्षाका नीतिगत र व्यावहारिक पक्षहरूलाई हरेक शैक्षिक संस्थाहरूले आत्मसात् गरेपछि नेपाली समाजमा यसले पार्ने प्रभाव र सिर्जना हुने अवसरहरूलाई जनाउँछ । यसका केही मुख्य चुनौतीहरूमा आधुनिक शिक्षाको प्रभावभित्र यसलाई शैक्षिक संस्थाहरूमा अनुकूलन गर्ने र यसको प्रासङ्गिकता सुनिश्चित गर्ने काम मुख्य चुनौती हो भन्न सकिन्छ । त्यस्तै यसका लागि आवश्यक पर्ने पूर्वाधारहरूको

निर्माण, योग्य शिक्षक र विद्यार्थीहरूको अभाव, शिक्षण विधि, पाठचक्रमको निर्माण, यसले पाउने सामाजिक स्वीकृति, यसको समावेशिता जस्ता विषयहरू यो शिक्षाको मूलप्रवाहीकरणका मुख्य चुनौती हुन सक्छन् । तर त्यहाँ चुनौतीमात्रै छैनन्, नेपाली समाजमा र समग्र शैक्षिक जगत्मा यसका व्यापक सम्भावनाहरू पनि रहेका छन् । यो शिक्षा व्यक्तिगत ध्यान र चरित्र निर्माणमा केन्द्रित छ र यसले वर्तमान अवस्थामा वैकल्पिक शैक्षिक प्रणाली, जस्तै प्रायोगिक शिक्षा र व्यावहारिक सीपहरू प्रदान गर्दछ । त्यसैले नेपालमा गुरुकुल शिक्षालाई मूलधारमा ल्याउन आवश्यक छ । यसका लागि शैक्षिक संस्थाहरूमा गुरुकुलका मूल्यमान्यता र आदर्शलाई अवलम्बन गर्न आवश्यक छ साथै नीति निर्माताहरूले यसका लागि पहलकदमी लिन एवम् यसका सम्भावित शैक्षिक परिणामहरू सुनिश्चित गर्न आवश्यक छ ।

सनातन वैदिक संस्कृति र बौद्ध संस्कृतिको परम्परा एवम् मूल्य मान्यताबाट निर्देशित नेपाली समाजमा शिक्षाको सुदीर्घ र समृद्ध परम्परा छ । शिक्षाको आधुनिक चेतना प्रसारण हुनुअघि यहाँ प्रचलित शिक्षाको मूल स्रोत हेर्ने हो भने कुनै न कुनै रूपमा गुरुकुल शिक्षासँग जोडिएको पाइन्छ । त्यसैले शिक्षालाई धार्मिक दृष्टिकोणबाट हेर्नेहरू आधुनिक शिक्षाको मूलस्रोत भनेको गुरुकुल शिक्षा हो भन्ने प्रमाणहरू प्रशस्त देखिन्छन् र यसले नेपालको शैक्षिक विकासमा निकै ठुलो योगदान दिएको पाइन्छ । यो शोधमा नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती, सम्भावनाका बारेमा समेत यथेष्ट प्रमाणसहित उत्खनन गरिएको छ ।

## १.२ समस्याकथन

गुरुकुल शिक्षा परम्परागत पौरस्त्य शिक्षा प्रणालीमा आधारित शिक्षा पद्धति हो । जसमा पूर्वीय दर्शन र धर्ममा आधारित दार्शनिक र व्यावहारिक दुवै शिक्षा समाहित भएका हुन्छन् । विगत र वर्तमानमा गुरुकुल शिक्षा प्रणालीको सान्दर्भिकता र आवश्यकताका बारेमा हालका वर्षहरूमा व्यापक बहस र छलफलहरू सुरु भएका छन् । भारतीय परम्परागत शिक्षामा आधारित यो शिक्षा प्रणाली विगत र वर्तमान दुवै समयमा नेपालभन्दा भारतमा लोकप्रिय छ । राष्ट्रिय स्वतन्त्र विद्यालय एलायन्स, भारतको सन् २०१९ को एक प्रतिवेदन अनुसार, भारतमा हाल करिब १ लाख १५ हजार गुरुकुल शैलीका विद्यालयहरू छन्, जसले

लगभग करोडौँ विद्यार्थीहरूलाई अध्यापन गर्ने काम गर्दछन् । यो परम्परागत प्रणालीले शिक्षालाई बुझ्नेभन्दा कण्ठ गर्ने, लेख्यभन्दा मौखिक विधालाई र प्रयोगात्मक पक्षलाई बढी जोड दिन्छ । सुसंस्कृत समाज निर्माण र त्यसप्रति जिम्मेवारी एवम् उत्तरदायित्व निर्वाह गर्ने विद्यार्थीहरू उत्पादन गर्ने गुरुकुल शिक्षा आज भारतमा तथा नेपालमा ओझेलमा पर्दै गइरहेको छ अर्थात् हजारौँ वर्षदेखि अस्तित्वमा रहेको यो शिक्षा प्रणालीको आधुनिक शिक्षा प्रणालीको आगमनसँगै मूलप्रवाहीकरण हुनेमा चुनौतीसहितका समस्याहरू देखिएका छन् ।

मूलप्रवाहीकरण भनेको मूलधार शिक्षाको विभेदमा परेका समूहहरू, वैकल्पिक शैक्षिक दृष्टिकोणहरू वा समग्र विषयवस्तुहरूलाई राष्ट्रिय शिक्षा प्रणालीका नीतिहरू, पाठ्यक्रम र अभ्यासहरूमा समाहित गर्नु हो । यसले समावेशिता, समानता र सान्दर्भिकता सुनिश्चित गर्न प्रणालीगत खाडलहरूलाई सम्बोधन गर्दै शिक्षालाई समग्र विकास लक्ष्यहरूसँग मिलाउने उद्देश्य राख्दछ । यसले गुरुकुल शिक्षाले परम्परागत वैदिक शिक्षामा आधारित भएर नैतिक मूल्य र समग्र विकासमा जोड दिन्छ, तर यसलाई नेपालमा आधुनिक शैक्षिक आवश्यकतासँग समायोजन गर्न तथा गुरुकुल शिक्षा मुख्य धारको शिक्षाको विभेदमा परेको समूह भएकाले गुरुकुल शिक्षालाई मूलधारमा ल्याउनु आजको आवश्यकता साथै चुनौती पनि रहेको छ ।

राज्यले गुरुकुलहरूलाई छात्रवृत्ति, पूर्वाधार, अनुदान र शिक्षक तालिम कार्यक्रमहरूद्वारा सहयोग गर्न सकिने गरी नेपालको १४ औँ विकास योजनामा सीमान्तकृत समूहहरूका लागि लक्षित रूपमा जोड दिएको थियो । तर पनि शिक्षाका नाममा भित्रिएको शिक्षाक्षेत्रको पश्चिमीकरण र आधुनिकीकरणका कारण गुरुकुल शिक्षामा असर पर्दै गैरहेकोले आवश्यकता र महत्त्वका दृष्टिकोणले यो शिक्षालाई सबै क्षेत्रमा बहस र छलफलको विषय बनाउनु आवश्यक छ । यसलाई कसरी प्रभावकारी शिक्षा बनाउन सकिन्छ भनेर शिक्षकहरूको तालिम, व्यवस्थापन एवम् गुरुकुलका पाठ्यक्रमको विषयमा केही अध्ययन र अनुसन्धानहरू पनि भैरहेको अवस्था छ, जुन पर्याप्त छैनन् ।

यसरी गुरुकुल शिक्षाले आधुनिक शिक्षा प्रणालीलाई पछ्याउन नसक्नु, गुरुकुल शिक्षा प्रणालीको आधुनिक शिक्षा प्रणालीको जस्तो मानकीकरण हुन नसक्नु, यसका पाठचक्रम एक

संस्थाबाट अर्कोमा फरक फरक हुनु, गुणस्तर तुलना वा मापन गर्ने एवम् मूल्याङ्कनको पक्ष पनि फरक फरक रहनु, अभिभावकहरूले गुरुकुल शिक्षालाई आधुनिक शिक्षाभन्दा कमजोर वा पुरानो परम्परावादी शिक्षाको रूपमा लिनु, धेरै अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई आधुनिक स्कुलहरूमा पढाउन रुचाउनु, सबै गुरुकुलमा एक्काइसौँ शताब्दी अनुकूल आवश्यकीय ज्ञान र सीप तथा प्रविधियुक्त शिक्षा प्रदान नगरिनु जस्ता कारण एवम् गुरुकुल शिक्षालाई आधुनिक शिक्षामा मूलप्रवाहीकरण गर्नेतर्फ कुनै अनुसन्धानात्मक कार्यहरू हालसम्म नहुनुले शोध रिक्तताको अवस्था देखियो, जसलाई नेपालमा गुरुकुल शिक्षा विकासमा प्रमुख समस्याका रूपमा लिन सकिन्छ ।

नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण कस्तो रहेको छ ? गुरुकुल शिक्षाले नेपाली शिक्षाको विकास र विस्तारमा के कस्तो योगदान दिएको छ ? आधुनिक शिक्षामा यसको सम्बन्ध जोड्दै वर्तमानमा गुरुकुल शिक्षाका सम्बन्धमा राज्यका तर्फबाट एवम् सोसँग सम्बद्ध संस्थाहरूबाट भइरहेका अभ्यास, त्यसक्रममा देखिएका चुनौती, आवश्यकता र सम्भावनाका क्षेत्रहरू पहिचान गर्ने भन्ने कुराको उत्कण्ठा नै प्रस्तावित शोधकार्यको मूल प्राज्ञिक जिज्ञासा हो । उक्त प्राज्ञिक जिज्ञासालाई विशिष्टीकृत तुल्याउन निम्नानुसारका शोधप्रश्न निर्धारण गरिएका छन् :

(१) नेपालमा गुरुकुल शिक्षाको वर्तमान मूलप्रवाहीकरणको अवस्था के कस्तो छ ?

(२) नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका पहिचान, अस्तित्व र अभ्यासमा देखिएका चुनौतीहरूको कसरी पहिचान तथा खोजी गर्न सकिन्छ ?

(३) नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको सम्भावना र आवश्यकता किन रहेको छ ?

## १.३ शोधकार्यका उद्देश्यहरू

माथि उल्लिखित शोध प्रश्नहरूकै आधारमा यस शोधकार्यका मुख्य उद्देश्य निम्नानुसार छन् :

(१) नेपालमा गुरुकुल शिक्षाको वर्तमान मूलप्रवाहीकरणको अवस्थाको विश्लेषण गर्नु ।

(२) नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका सन्दर्भमा भैरहेका अभ्यास र प्रक्रियामा विद्यमान चुनौतीहरूको खोजी र विवेचना गर्नु ।

(३) नेपालमा गुरुकुल शिक्षाको मूल प्रवाहीकरणका सम्भावनाहरू एवम् आवश्यकताहरूको पहिचान र विश्लेषण गर्नु ।

## १.४ शोधरिक्तता (शोधअन्तराल)

गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका सन्दर्भमा देखिएका चुनौती र सम्भावनाहरूबारे उपलब्ध सन्दर्भसामग्रीको पुनरवलोकनपश्चात् निम्नानुसारको शोधरिक्तता प्रस्ट भएको छ । गुरुकुल प्रणालीमा शिक्षाको उद्देश्य विद्यार्थीहरूको अन्तर्ज्ञानलाई उजागर गर्नु र उनीहरूलाई सांसारिक ज्ञानभन्दा परको आध्यात्मिक मूल्य महसुस गर्न मद्दत गर्नु हो । यो कुरा श्रीमद्भगवद् गीतामा पाउन सकिन्छ । यसले व्यक्तिको ज्ञान (Knowledge), सीप (Skill) र धारणा (Attitude) मा परिवर्तन ल्याएर मान्छेलाई नवीन मूल्य प्रदान गर्छ । शिक्षा व्यक्तिको अन्तर्निहित क्षमतालाई उजागर गर्ने र त्यसलाई विकसित तुल्याउने प्रक्रिया हो । यही प्रक्रियाले उसलाई समाजमा प्रौढ व्यक्तिको भूमिका निभाउनका लागि सामाजिकीकरण गर्दै समाजको सदस्य एवम् जिम्मेवार नागरिक बन्न आवश्यक पर्ने ज्ञान र कौशल उपलब्ध गराउँछ । श्रीमद्भगवद् गीताजस्तै उपनिषद् साहित्यमा पनि गुरुकुलमा विद्यार्थीहरूलाई दिइने ज्ञान एवम् आत्मसम्मान र यसको प्राप्तिका लागि मार्गदर्शन गर्न गुरुको महत्त्वलाई जोड दिइएको पाइन्छ ।

ओलीभेले पी (सन् १९९८) का अनुसार गुरुकुलबाट प्राप्त हुने ज्ञान यस्तो दार्शनिक पक्ष हो, जसमा गुरुकुल शिक्षाको वास्तविकता र अस्तित्वका गहिरा पक्षहरूको अन्वेषण गरिएको पाइन्छ । साथै चामोला (२००७) का अनुसार चाणक्यद्वारा लिखित अर्थशास्त्रमा पनि गुरुकुल शिक्षाका बारेमा उल्लेख गरिएको पाइन्छ । भटनागर, एस (२०१७) का अनुसार गुरुकुल शिक्षा प्रणाली एक परम्परागत शिक्षा प्रणाली हो, जसले समग्र विकास, प्रयोगात्मक शिक्षा र व्यक्तिगत वृद्धिमा जोड दिन्छ ।

श्रेष्ठ, आर र बराल, एल. (२०१९) का अनुसार गुरुकुल शिक्षाले नैतिक र संस्कारयुक्त समाज निर्माणमा महत्त्वपूर्ण योगदान दिन सक्दछ । त्यसैले नेपालको आधुनिक शिक्षा प्रणालीमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण आवश्यक छ । चक्रवर्ती, एस. (२०१९) का अनुसार गुरुकुल शिक्षा पुरातन भारतीय शिक्षा प्रणाली हो, जसले समग्र शिक्षा र चरित्र निर्माणमा जोड दिन्छ । कोइराला, ए (२०१९) का अनुसार नेपालको सन्दर्भमा गुरुकुल शिक्षा प्रणाली शताब्दियौँदेखि अस्तित्वमा रहेको भए पनि यसलाई राज्यको शिक्षाको मूलधारमा समेट्न सकिएको छैन । आधुनिक शिक्षा र यसका पाठचक्रम एवम् पाठचपुस्तकले यो शिक्षालाई निकै नै ओभेलमा पारेको छ । अधिकारी, के. र शर्मा, एन. (२०२१) का अनुसार नेपालमा गुरुकुल शिक्षाको निकै लामो इतिहास छ । यद्यपि आधुनिक शिक्षाको आगमनसँगै गुरुकुल शिक्षा प्रणालीलाई राज्यतर्फबाट धेरै हदसम्म बेवास्ता गरिएको छ । यो शिक्षा लोप हुने अवस्थामा नभए पनि राज्यको शैक्षिक मूलप्रवाहमा जसरी समाहित हुनुपर्थ्यो, त्यसरी हुन सकिरहेको छैन । बराल, खगराज (२०७७) ले गुरुकुल र आधुनिक शिक्षा पद्धतिमा शिक्षक व्यवस्थापनका विषयमा मात्र अनुसन्धान गरेको तथा भट्टराई, गणेशप्रसाद (२०७८) ले गुरुकुल शिक्षाको पाठ्यक्रमका विषयमा मात्र अध्ययन गरेको देखिँदा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणले हालसम्म महत्त्व नपाएको अवस्था छ । पौडेल, फणीन्द्रप्रसाद (२०७८) ले गुरुकुलको पुनः संरचना शीर्षकको लेख गुरुकुल सन्देश, वर्ष १० र अङ्क ८, पृ. ९२ मा प्रकाशित गरेका छन् ।

उपर्युल्लिखित केही अध्ययनहरूको समीक्षा गर्दा गुरुकुल शिक्षाको महत्त्व र यसको मूलप्रवाहीकरणको आवश्यकताका बारेमा विकीर्ण रूपमा केही अध्ययनहरू भएका देखिए पनि गुरुकुल शिक्षाको मूलप्रवाहीकरण र त्यससँग सम्बन्धित चुनौती तथा सम्भावनाका विषयमा विशद् अध्ययन भएको देखिएन । यससम्बन्धी अध्ययनहरू फेला नपर्नु र भएका अध्ययनहरू पनि पर्याप्त नहुनुले नेपालमा गुरुकुल शिक्षा आम विद्यार्थीहरूको चासोको विषय बन्न सकिरहेको छैन । यही शोधरिक्ततामा आधारित रहेर प्रस्तुत अध्ययन गरिएको हो । समग्रमा गुरुकुल शिक्षाप्रणालीको मूलप्रवाहीकरणसम्बन्धी अध्ययनमा देखिएको रिक्तता

(Gap) मा आधारित भई यो शोधकार्यले माथि उल्लिखित शोधप्रश्नहरूको प्राज्ञिक समाधान गरेको छ । गुरुकुल शिक्षा केवल कर्मकाण्डी शिक्षा हो भन्ने आम मानिसहरूको धारणा रहेको अवस्थामा यो अध्ययनले नेपालमा गुरुकुल शिक्षाको वर्तमान अवस्था, यसलाई कसरी मूलप्रवाहीकरण गर्न सकिन्छ र यो कामका लागि के-कस्ता चुनौती, सम्भावना र आवश्यकताहरू रहेका छन् भन्ने विषयमा पर्याप्त विश्लेषण प्रस्तुत गर्छ ।

## १.५ शोधकार्यको औचित्य

गुरुकुल शिक्षा कर्मकाण्डी शिक्षामात्रै नभएर यो धर्मशास्त्र, गणित, सङ्गीत र संस्कृत लगायत विभिन्न विषय समेटिएको शिक्षा प्रणाली पनि हो । यो शिक्षाले प्रयोगात्मक शिक्षासाथै शारीरिक, भावनात्मक र आध्यात्मिक शिक्षासमेत प्रदान गर्दछ । वर्तमान अवस्थामा गुरुकुल शिक्षाको महत्त्व व्यापक छ । यसले विद्यार्थीहरूलाई मूल्य मान्यता, नैतिकताका साथै समाजका बहुआयामिक पक्षहरूमा ज्ञान प्रदान गर्दछ । गुरु र शिष्यबिचको घनिष्ठ सम्बन्धले सामाजिक विश्वास, सम्मान र अनुशासनको भावनालाई बढावा दिन्छ । गुरुकुल शिक्षाको प्रयोगात्मक सिकाइले विद्यार्थीहरूलाई वास्तविक जीवन परिस्थितिहरूमा आफ्नो ज्ञान लागु गर्न साथै आत्मविश्वास र आत्मसम्मान निर्माण गर्न मद्दत गर्दछ ।

गुरुकुल शिक्षा प्रणालीले नेपालको वर्तमान शिक्षा प्रणालीले सामना गरिरहेका धेरै चुनौतीहरूलाई सम्बोधन गर्ने क्षमता राख्दछ । यसले आधुनिक संसार अर्थात् पश्चिमी जगत्का चुनौतीहरूको सामना गर्दै सक्षम, जिम्मेवार र नैतिक नागरिकहरू सिर्जना गर्न मद्दत गर्न सक्छ । त्यसैले पनि नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका सन्दर्भमा नीति नियम निर्माणदेखि विद्यालय व्यवस्थापन, शिक्षक र विद्यार्थी सबैका लागि प्रस्तुत शोधको व्यापक सान्दर्भिकता रहेको छ । नेपालमा गुरुकुल शिक्षालाई परम्परादेखि नै सनातन धर्मसंस्कृतिसँग सम्बद्ध रहँदै आएको छ । वेद तथा हिन्दु दर्शनको गहन अनुशीलन र अभ्यासका लागि गुरुकुल शिक्षाको विकास भएको देखिन्छ । पछिल्लो समयमा गुरुकुल शिक्षालाई आधुनिक शिक्षाले पनि महत्त्वपूर्ण स्थान दिएको पाइन्छ । विश्वव्यापी रूपमै हिन्दु दर्शनको महत्त्व बढिरहेको सन्दर्भमा गुरुकुल शिक्षाको वर्तमान अवस्थालाई मध्यनजर राख्दै यसलाई आधुनिकीकरण गर्नुपर्ने आवश्यकता

देखिन्छ साथै आधुनिक शिक्षासँग यसलाई समायोजन गरी अर्थात् गुरुकुल शिक्षा र आधुनिक शिक्षाको अन्तरसम्बन्ध प्रस्ट्याउनु सकेको खण्डमा गुरुकुल शिक्षाको विकास र हिन्दु दर्शनको संरक्षण गर्न सकिन्छ । यसरी हिन्दु दर्शनप्रति विश्वास एवम् आधुनिक शिक्षामा देखिएको नैतिक पक्षहरूको ह्रासोन्मुख अवस्थाले वर्तमानमा गुरुकुल शिक्षाको आवश्यकता महसुस गरी यो शोधकर्ताले गुरुकुल शिक्षासँग सम्बन्धित विषय छनौट गरेको हो ।

इतिहासलाई हेर्ने हो भने नेपालमा नै वेदको प्रारम्भ भएको देखिन्छ । त्यसैले यसको संरक्षण गर्नु भनेको देशको प्रमुख दायित्व पनि हुन्छ । त्यसैले गुरुकुल शिक्षाको विकास र संवर्द्धनका लागि नेपालमा विभिन्न प्रयासहरू हुनु आवश्यक देखिन्छ । त्यसैले पनि यसप्रकारका अनुसन्धान आवश्यक छन् । हुन त नेपालमा गुरुकुल शिक्षाका बारेमा विभिन्न खोज र अनुसन्धान नभएका होइनन् तर गुरुकुल शिक्षालाई आधुनिक शिक्षासँग जोडेर यसको महत्त्व दर्साइएको तथा वर्तमानमा गुरुकुल शिक्षाका सम्बन्धमा राज्यका तर्फबाट एवम् सोसँग सम्बद्ध संस्थाहरूबाट भइरहेका अभ्यास, त्यस क्रममा देखिएका चुनौती र ती चुनौती समाधानका भावी सम्भावनाका क्षेत्रहरू पहिचानसम्बन्धी खासै अनुसन्धान गरिएको पाइँदैन । त्यसैले नेपालमा यसप्रकारको अनुसन्धान कोसेढुङ्गा साबित हुनसक्छ । प्रस्तुत विषयमा हालसम्म औपचारिक अध्ययन र अनुसन्धान नभएको परिप्रेक्ष्यमा यो शोधकार्य आवश्यक, उपयोगी र महत्त्वपूर्ण रहेको छ । यसबाट भावी अनुसन्धानका लागि नवीन सोचको विकास हुनेछ । यो शोधकार्य गुरुकुलसँग सम्बद्ध अध्येता, गुरुकुलसँग सम्बन्धित नीतिनिर्माता तथा गुरुकुलका सञ्चालकहरूका साथै राज्यलाई गुरुकुलबारे नीतिनिर्माण र योजना निर्माण गर्न समेत सहयोग पुग्ने भएकाले यसको औचित्य स्वतः स्पष्ट हुन्छ ।

## १.६ शोधविधि

यस शोधकार्यको शोधविधि क्रेसवेल एण्ड क्रेसवेल (Creswell & Creswell) को गुणात्मक विधि (Qualitative method or Apporach) मा आधारित छ । यो शोधकार्य सम्पन्न गर्दा सामग्रीसङ्कलन र विश्लेषण विधिलाई शोधविधिका रूपमा अपनाइएको छ । सामग्रीसङ्कलन मूलतः

पुस्तकालय र क्षेत्रकार्य विधिमा आधारित छ भने विश्लेषण विधि गुणात्मक अनुसन्धानमा आधारित छ ।

### १.६.१ सामग्रीसङ्कलन

शोधका क्रममा मूलतः पुस्तकालय कार्यमा आधारित रही आवश्यक सामग्रीहरू सङ्कलन गरिएको छ । पुस्तकालयमा रहेका पुस्तक, पत्रपत्रिका र अन्य स्रोतबाट सामग्री सङ्कलन गर्दा टिपन पत्रको प्रयोग गरी सामग्री सङ्कलन कार्यलाई व्यवस्थित गरिएको छ । यस क्रममा प्राथमिक सामग्रीको सङ्कलनमै विशेष जोड दिइए पनि प्राथमिक सामग्री उपलब्ध नभएको अवस्थामा द्वितीय स्रोतबाट समेत सामग्रीको उपयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा शोध समस्याको प्रामाणिक समाधानका लागि आवश्यकताअनुसार क्षेत्रीय विधिको प्रयोग गरिएको छ । यस विधिमा स्थलगत भ्रमण, अन्तर्वार्ता तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, गुरुकुल विद्यालयहरूका शिक्षक, विद्यार्थी, सञ्चालक समितिका सदस्यहरू एवम् अनुसन्धानकर्ता, राजनैतिक दलका नेताहरू, नीति निर्माणसँग सम्वद्ध व्यक्तिहरू, शैक्षिक अभियन्ताहरू र विशिष्ट समाजसेवी, भाषाविद् एवम् संस्कृतिविद्हरूसँग प्रत्यक्ष भेटघाट एवम् अन्तर्वार्ता, लिखित तथा मौखिक सूचना सङ्कलनका कार्य गरिएको छ । अन्तर्वार्ताहरूबाट प्राप्त सूचनालाई यस अध्ययनमा मुख्य सामग्री स्रोतका रूपमा उपयोग गरिएको छ । सामग्री सङ्कलनका लागि प्रस्तुत शोधमा Creswell and Creswell (सन् 2023) को मान्यतालाई आधार लिइएको छ । गुरुकुल शिक्षाको मूलप्रवाहीकरणमा देखा परेका चुनौतीहरू र सम्भावनाहरूको गहिरो अध्ययनका लागि गुणात्मक अनुसन्धान (Qualitative research) को प्रयोग अत्यन्त सान्दर्भिक हुने गर्दछ । Creswell and Creswell (सन् 2023) का अनुसार गुणस्तरीय अनुसन्धानले सहभागीहरूको जीवनका अनुभव, सामाजिक सन्दर्भ र अर्थ निर्माण प्रक्रियालाई केन्द्रमा राखेर ज्ञान उत्पादन गर्छ । यसमा सहभागी चयन, तथ्य सङ्कलन, तथ्य विश्लेषण तथा तथ्य र विश्लेषणको वैधता एवम् विश्वसनीयता जस्ता पक्ष रहेका हुन्छन् ।

**सहभागी चयन (Purposive Sampling)**

क्रेसवेल एण्ड क्रेसवेल (सन् २०२३) का अनुसार गुणस्तरीय अनुसन्धानका लागि सहभागीहरूको जानकारीको गहिराइ महत्त्वपूर्ण हुन्छ । यस अनुसन्धानमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका विषयमा निम्न सहभागीहरू छनोट गरिएको छ ।

(क) **गुरुकुल शिक्षकहरू** - परम्परागत शिक्षण पद्धति र नयाँ प्रविधिबिचको अन्तर बुझ्न

(ख) **विद्यार्थीहरू** - उनीहरूको अनुभव, आकाङ्क्षा र आधुनिक शिक्षाको अपेक्षा जान्न ।

(ग) **शिक्षाविद्हरू** - शिक्षाको समग्र ढाँचा र सुधारका उपायहरू सुझाउन ।

(घ) **राजनीतिक दलका नेता तथा नीति निर्माताहरू** - सरकारी नीतिमा गुरुकुल शिक्षाको स्थान र भावी योजनासहितको सहयोगका बारे बुझ्न ।

(ङ) **व्यवस्थापन समितिका पदाधिकारीहरू** - विद्यालय व्यवस्थापन तथा शैक्षिक सुधारका उपायहरू बुझ्न ।

**तथ्य सङ्कलन विधिहरू (Data Collection Methods)**

क्रेसवेल एण्ड क्रेसवेल (सन् 2023) ले गुणस्तरीय अनुसन्धानमा तथ्य सङ्कलनका लागि सुझाएका निम्नलिखित विधिहरूको प्रयोग यस शोध कार्यमा गरिएको छ ।

**(क) गहन अन्तर्वार्ता (In-depth Interviews)**

सहभागीहरूसँग एक एक गरी व्यक्तिगत अनुभव, धारणा र सुझाव सङ्कलन गरिएको छ । यसका लागि गुरुकुल शिक्षाका विषयलाई आधुनिक पाठ्यक्रममा कसरी समेट्न सकिन्छ ? भन्ने विषयमा अन्तर्वार्ता लिइएको छ ।

**(ख) समूह केन्द्रित छलफल (Focus Group Discussion)**

विद्यार्थी, अभिभावक र शिक्षक समूहसँग सामूहिक छलफल गरी विभिन्न दृष्टिकोण बुझ्ने प्रक्रियाको प्रयोग यस शोधमा गरिएको छैन ।

(ग) **अवलोकन (Observation)**

गुरुकुलको अनुशासन, दैनिक अभ्यासहरू अवलोकन गरी वातावरणीय र व्यावहारिक पक्षको अध्ययन गरिएको छ ।

(घ) **कागजात विश्लेषण (Document Analysis)**

शिक्षा नीति, पाठ्यक्रम दस्तावेज र विकास योजनाहरूको अध्ययन तथा विश्लेषण गरी गुरुकुल शिक्षालाई कसरी सम्बोधन गरिएको छ भनेर जान्ने, बुझ्ने कार्य गरिएको छ ।

### १.६.२ विश्लेषण विधि

यस शोधप्रवन्धमा विश्लेषणका लागि गुणात्मक अनुसन्धान (Qualitative Research) विधिको प्रयोग गरिएको छ । गुरुकुल शिक्षा परम्परागत वैदिक ज्ञानमा आधारित एक समग्र शैक्षिक प्रणाली हो, जसमा नैतिक शिक्षा, योग, ध्यान, संस्कृत भाषा र व्यावहारिक अनुशासन जस्ता महत्त्वपूर्ण पक्षहरू हुन्छन् । यद्यपि आजको डिजिटल युगमा यस शिक्षालाई मुख्यधारमा समेट्दा नीति, प्रविधि, समावेशिता र रोजगारसँग जोडिएका अनेक चुनौतीहरू देखिन्छन् । यस्ता चुनौतीहरूको विश्लेषणका लागि सामग्री सङ्कलन विधिबाट प्राप्त सामग्रीलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

**तथ्य विष्लेषण (Data Analysis):** क्रेसवेल र क्रेसवेल (सन् २०२३) को अनुसार विश्लेषण प्रक्रियामा थिमाटीक कोडिङ (Thematic coding) को प्रयोग गरी अन्तर्वार्ताबाट निस्किएका विचार, भावना र अवधारणाहरूलाई समूहवद्ध गरिएको छ । गुरुकुल शिक्षाका चुनौतीहरूका सन्दर्भमा आधुनिकता र परम्पराविचको द्वन्द्व, नीतिगत अस्पष्टता, सीप र रोजगारीको अन्तराल जस्ता विषयगत सवालहरूको पनि विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### १.६.३ विश्वसनीयता (Trustworthiness)

विश्वसनीयताका लागि विस्तृत विवरणअन्तर्गत अवलोकन, अन्तर्वार्ता र प्रासङ्गिक विवरणहरू विस्तृत रूपमा प्रस्तुत गरिएको छ भने त्रिकोणीकरण अन्तर्गत विभिन्न स्रोत

अर्थात् सहभागी, विधि र सिद्धान्तबाट तथ्यलाई सङ्कलन गरी तुलना गरिएको छ । यस शोधमा शोधकर्ताको पूर्वाग्रहको प्रभाव नपरोस् भन्नका लागि शोधकर्ताले आफ्नो भूमिका र दृष्टिकोणलाई तथ्य विश्लेषणमा तटस्थ तुल्याइएको छ ।

यसरी गुणात्मक विधिका सामग्री सङ्कलन र सङ्कलित सामग्रीको विश्लेषण गरी गुरुकुल शिक्षाको इतिहास, वर्तमान अवस्था र गुरुकुलमा दिइने ज्ञानका आधारमा प्रस्तुत शोध कार्य सम्पन्न गरिएको छ । नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको अवस्था, चुनौती, सम्भावना र आवश्यकतासँग सम्बद्ध सामग्रीलाई विश्लेषण गरिएको छ । यसका लागि विभिन्न स्रोत तथा अनुसन्धानको अध्ययन गरी गुरुकुल शिक्षालाई समयसापेक्ष बनाउने, आधुनिक शिक्षासँग यसको सम्बन्ध, वर्तमानमा गुरुकुल शिक्षाका सम्बन्धमा राज्यका तर्फबाट एवम् सोसँग सम्बद्ध संस्थाहरूबाट भइरहेका प्रयत्न र अभ्यास, गुरुकुल शिक्षा र यसको मूलप्रवाहीकरणको अर्थ र अभिप्राय, गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका आवश्यकता, मूलप्रवाहीकरणसँग सम्बन्धित चुनौतीहरू र सम्भावनाहरू अध्ययन गरी विश्लेषणको निश्चित सैद्धान्तिक ढाँचा निर्माण गर्नुका साथै सोही ढाँचाका आधारमा विश्लेषण गरिएको छ । यसमा ऐतिहासिक, तुलनात्मक, व्याख्यात्मक जस्ता विधिको समेत आंशिक उपयोग गरिएको छ र मूलतः विश्लेषणात्मक विधिमार्फत सामान्यीकृत निष्कर्ष निकालिएको छ ।

## १.७ शोधपरिसीमा

यो शोधकार्य नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत विद्यावारिधि उपाधि प्राप्तिको प्रयोजनका लागि तयार पारिएको हो । यो शोधकार्यको अध्ययनलाई बाग्मती प्रदेशको भौगोलिक क्षेत्र र गण्डकी प्रदेशको देवघाट क्षेत्रमा मात्र सीमित गरिएको छ । समयसीमाका सन्दर्भमा आर्थिक बर्ष २०७९/८० को समयसीमाभित्र सामग्री सङ्कलन गरिएको छ । बाग्मती प्रदेशभित्रका काठमाडौं, चितवन र गण्डकी प्रदेशको तनहुँ र नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्लामा रहेका नेपाल वेदविद्याश्रम मा.वि.बनकाली, काठमाडौं, महेश संस्कृत गुरुकुल मा.वि.देवघाट, वेदवेदाङ्ग विद्यालय गलेश्वर आश्रम, परमानन्द संस्कृत गुरुकुल मा.वि., रामजानकी बालिकाश्रम देवघाट, रामजानकी गार्गी कन्या गुरुकुलम्, मौलाकालिका

संस्कृत विद्यापीठ (गुरुकुलम्), नवलपुर समेतका गुरुकुल शिक्षाका शैक्षिक केन्द्रहरू, त्यहाँ अध्यापन गर्ने शिक्षकहरू, व्यवस्थापन समितिका पदाधिकारीहरू एवम् गुरुकुल शिक्षाका क्षेत्रमा काम गर्ने नीतिनिर्माण तहका महानुभावहरू, शिक्षाप्रेमी, समाजसेवी, साहित्य एवम् संस्कृतिविद् र नेपालका मुख्य राजनीतिक दलका नेताहरू यो शोध कार्यका उत्तरदाता रहेका छन् । लिखित एवम् मौखिक उत्तरदाताहरूको विवरण अनुसूची २ मा समावेश गरिएको छ । साथै अध्ययनको क्षेत्रको सीमालाई गुरुकुल शिक्षाको मूलप्रवाहीकरणमा रहेका बर्तमान अवस्था, गुरुकुल सञ्चालन र मूलप्रवाहीकरणमा रहेका चुनौती र गुरुकुलको मूलप्रवाहीकरणमा रहेका सम्भावनाका क्षेत्रमा सीमित गरिएको छ ।

## १.८ शोधप्रबन्धको सङ्गठन

यस शोधप्रबन्धलाई विभिन्न ६(छ) अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ । यस क्रममा अध्यायहरूलाई निम्नानुसार शीर्षकहरूमा बाँडिएको छ ।

पहिलो अध्याय : शोधपरिचय

दोस्रो अध्याय : साहित्यको पुनरवलोकन र सैद्धान्तिक पर्याधार

तेस्रो अध्याय : नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको वर्तमान अवस्था

चौथो अध्याय : नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणसँग सम्बन्धित चुनौती

पाँचौ अध्याय : नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको सम्भावना

छैटौँ अध्याय : सारांश, छलफल, निष्कर्ष र सुझावहरू

# दोस्रो अध्याय

# साहित्यको पुनरवलोकन र सैद्धान्तिक पर्याधार

## २.१ विषयप्रवेश

यस अध्यायमा सम्वन्धित साहित्यको पुनरवलोकन गरिएको छ । यसका लागि विषय परिचय, सैद्धान्तिक समीक्षा, प्रयोगात्मक समीक्षा, नीतिगत समीक्षा, शोध समस्यासँग सम्वन्धित समीक्षा, गुरुकुल शिक्षाका चुनौती र अवसरहरू, गुरुकुल शिक्षाका फाइदाहरू लगायतका विभिन्न शीर्षकहरूमा व्यवस्थित गरिएको छ ।

## २.२ साहित्यको पुनरवलोकन

नेपालको शिक्षालाई सरसर्ती नियाल्दा गुरुकुल शिक्षालाई परम्परागत अर्थात् धार्मिक शिक्षाका रूपमा हेर्ने गरिन्छ । धार्मिक शिक्षाका रूपमा बुझिएको कारण पनि हिन्दु धर्म र शिक्षाका बारेमा अध्ययन गर्नेले गुरुकुल शिक्षालाई राम्रोसँग अध्ययन गरेको पाइन्छ । गुरुकुल शिक्षाका बारेमा नेपाल, भारत लगायत धेरै देशहरूमा अध्ययन अनुसन्धान गरिएको देखिन्छ । सरकारी तहबाट बनाइएका विभिन्न परिषद् एवम् सङ्घ संस्थाहरूले पनि गुरुकुल शिक्षाको विकासमा अध्ययन अनुसन्धान गरेको पाइन्छ । गुरुकुल शिक्षा एक प्राचीन शैक्षिक प्रणाली हो, जसको ऐतिहासिक महत्त्व मात्र होइन, समकालीन शैक्षिक सन्दर्भमा पनि यसको प्रासंगिकता र महत्त्व झन् बढेर गएको छ । यो अध्यायमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणमा देखिएका अवस्था, चुनौती, सम्भावना र आवश्यकतासँग सम्बन्धित साहित्यको समीक्षा गरिएको छ । यो साहित्य समीक्षाको मुख्य उद्देश्य भनेको गुरुकुल शिक्षाको सैद्धान्तिक पक्ष, यसको दार्शनिक जग र वर्तमानमा यो शिक्षाको मूलप्रवाहीकरणमा देखिएका चुनौती र सम्भावनाहरूको विश्लेषण गर्नु रहेको छ । यसका साथै यो समीक्षाले अनुसन्धानको अन्तरालको पहिचान समेत गरेको छ । यो समीक्षामा सम्वन्धित विषयका सैद्धान्तिक, प्रयोगात्मक, शोधसँग सम्बन्धित र नीतिगत गरी मुख्यतः चार वटा समीक्षालाई जोड दिइएको छ ।

## २.३ सैद्धान्तिक समीक्षा

गुरुकुल प्रणाली गुरुशिष्य परम्परामा आश्रित छ । यसको कुनै एक ठोस लिखित सिद्धान्त छैन । तर वेद, उपनिषद्, पुराण, स्मृतिग्रन्थ र प्राचीन लेखहरूमा यसका बारेमा ठाउँठाउँमा प्रचुर वर्णन पाइन्छ । यहाँ गुरुकुलको सैद्धान्तिक पुनरवलोकनका क्रममा ती यावत् सन्दर्भहरूको विशद् चर्चा नगरी सङ्क्षिप्त रूपमा पुनरवलोकन गरिएको छ ।

गुरुकुल शिक्षा हिन्दु धर्मको दार्शनिक परम्परामा गहिरोसँग सम्बन्ध रहेको शिक्षा प्रणाली हो । हिन्दु धर्ममा महत्त्वपूर्ण ग्रन्थका रूपमा रहेका महाभारत र रामायण पनि गुरुकुल शिक्षाका सैद्धान्तिक एवम् दार्शनिक आधार निर्माण गर्ने महत्त्वपूर्ण ग्रन्थ हुन् । यी ग्रन्थहरूमा विशेष गरी राजकीय घरानाका छोराहरू अर्थात् युवराजलाई कसरी शिक्षित गर्ने र उनीहरूलाई यो शिक्षाका माध्यमबाट कसरी महान् बनाउन सकिन्छ भन्ने कुराको वर्णन गरिएको छ । गुरुकुल शिक्षाको समग्र दृष्टिकोण भनेको विद्यार्थीहरूको व्यक्तित्वको शारीरिक, बौद्धिक, भावनात्मक र आध्यात्मिक पक्षहरूको पोषण गर्नु हो । गुरुकुल शिक्षा प्रणालीमा गुरुको भूमिका प्रधान हुन्छ, जसले केवल प्रशिक्षक मात्र नभई एउटा कुशल सल्लाहकार र प्रेरणास्रोत शिक्षकका रूपमा काम गर्दछन् । गुरुकुल शिक्षा प्रणालीमा गुरु र विद्यार्थीबिचको सम्बन्ध अत्यन्त नजिकको हुन्छ । यो सम्बन्ध विश्वास, सम्मान र ज्ञानमा आधारित हुन्छ । गुरुकुल शिक्षाले विद्यार्थीहरूको चरित्र विकास, नम्रता, अनुकम्पा र आत्मअनुशासन जस्ता मूल्य र मान्यतालाई जोड दिन्छ । स्वामी विवेकानन्दले आफ्नो ग्रन्थ व्यावहारिक वेदान्तमा शिक्षामा चरित्र विकासको महत्त्वलाई प्रकाश पारेका छन् । शिक्षामा चरित्र विकासको महत्त्वलाई प्रकाश पारेका छन् । जसबाट गुरुकुल शिक्षाको एउटा प्रमुख ध्येय भनेको विद्यार्थीहरूको चरित्र विकास हो भन्न सकिन्छ । गुरुकुल शिक्षाले प्रदान गर्ने चरित्रले विद्यार्थीहरूमाझ सामाजिक कौशलका साथै अन्य जिम्मेवारीको भावनासमेत बढाउँछ । गुरुकुल शिक्षा प्रणालीको सैद्धान्तिक साहित्य बुझ्न विभिन्न धर्मग्रन्थको अध्ययन आवश्यक पर्दछ । जसको मुख्य आधार भनेको वेद हो । यो हिन्दु धर्मको सबभन्दा पुरानो र

सबैभन्दा आधिकारिक ग्रन्थ हो । यसमा गुरुकुल शिक्षाका महत्त्वपूर्ण सन्दर्भहरू रहेका छन् । (विवेकानन्द १८९६, पृ.. ४५-४७) ।

गुरुकुल शिक्षामा विद्यार्थी र गुरुबीचको सम्बन्धलाई अत्यन्तै पवित्र र अनुशासित रूपमा चित्रण गरिएको छ । वेदमा उल्लेख छ कि विद्यार्थीहरू गुरुको आश्रममा रही वेद, गणित, खगोल विज्ञान र दर्शन जस्ता विषयहरूको अध्ययन गर्थे (ऋग्वेद, मण्डल ३, सूक्त १२, मन्त्र ३) । वेदका आधारमा गुरुकुल शिक्षा प्रणालीको विकास वैदिक कालमै, विशेषतः ऋग्वेदिक युग (ईसापूर्व १५००-१०००) तिर प्रारम्भ भएको मानिन्छ (शर्मा, २००२, पृ. ६२) । यस प्रणालीमा विद्यार्थीहरू गुरुका घर वा आश्रममा बसेर धर्म, गणित, दर्शन, साहित्य र युद्धकला जस्ता विषयहरूमा अध्ययन तथा प्रशिक्षण प्राप्त गर्थे भन्ने कुरा तैत्तिरीय उपनिषद् दुवैमा पाइन्छ (तैत्तिरीय उपनिषद्, खण्ड १, भाग ११, मन्त्र २) । गुरुले विद्यार्थीहरूलाई केवल ज्ञान प्रदान गर्ने मात्र होइन, उनीहरूमा नैतिक मूल्य र चरित्र विकासका सिद्धान्तहरू पनि स्थापना गर्ने कार्य गर्थे (विवेकानन्द, १८९६, पृ. ४५) ।

यो गुरुकुल प्रणालीमा विद्यार्थीहरू आफ्ना गुरुको घर वा आश्रममा बसेर वैदिक धर्मशास्त्रसहित विभिन्न विषयहरूमा शिक्षा प्राप्त गर्दछन् । यसका साथै गणित, दर्शन, साहित्य र युद्ध जस्ता विभिन्न विषयमा गुरुबाट प्रशिक्षण प्राप्त गर्दछन् भनेर वेदमा उल्लेख गरिएको छ । यो शिक्षा प्रणालीमा गुरुले विद्यार्थीहरूलाई शिक्षा दिने मात्र नभई नैतिक सिद्धान्तहरूमा पनि मार्गदर्शन गर्दछ ।

गुरुकुल शिक्षाका बारेमा वेदमा पनि उल्लेख भएको कुरा के हो भने यो शिक्षा औपचारिक पाठ्यक्रम वा लिखित परीक्षाको सट्टा मौखिक परम्परा, छलफल र व्यावहारिक शिक्षाका माध्यमबाट ज्ञान प्राप्त गर्ने प्रणाली हो । यो प्रणालीमा विद्यार्थीहरूले गुरुको उपदेश सुनेर र संवादमा संलग्न भएर सिक्ने काम गर्दछन् । त्यसैले अर्को भाषामा यो शिक्षा अन्तरक्रियात्मक शिक्षा हो भन्न सकिन्छ । तर शताब्दीयौँदेखि शताब्दीऔँसम्म फस्टाएको यो परम्परागत गुरुकुल प्रणाली भारतमा ब्रिटिस औपनिवेशिक शासन भित्रिएपछि आधुनिक शिक्षा र औपचारिक शिक्षा प्रणालीको आगमनसँगै बिस्तारै घट्दै गयो । त्यस्तै गुरुकुल शिक्षाको सैद्धान्तिक र दार्शनिक आधारको अर्को महत्त्वपूर्ण ग्रन्थ भनेको उपनिषद् हो ।

पी. ओलीभेले (सन् १९९८) का अनुसार गुरुकुल शिक्षा यस्तो दार्शनिक पक्ष हो, जसमा गुरुकुल शिक्षाको वास्तविकता र अस्तित्वको गहिरा पक्षहरूको अन्वेषण गरिएको छ । उपनिषद्ले गुरुकुलमा विद्यार्थीहरूलाई दिइने ज्ञान एवम् आत्मसम्मान र यसको प्राप्तिको मार्गमा मार्गदर्शन गर्न एक गुरुको महत्त्वलाई जोड दिइएको छ । उपनिषद्ले गुरुकुल शिक्षालाई मौखिक परम्परामा आधारित शिक्षा जुन ज्ञान पठन, छलफल र बहस मार्फत प्रदान गरिने र विद्यार्थीहरूले यसका पदहरू, भजनहरू र दार्शनिक अवधारणाहरू कण्ठ पारेर ज्ञानको संरक्षण र निरन्तरता सुनिश्चित गर्दछन् भनेर उल्लेख गरिएको छ । त्यस्तै गुरुकुल शिक्षा प्रकृतिको महत्त्वसँग सम्बन्धित रहेको र यसले जङ्गल वा नदीहरूको किनार, प्रकृतिसँग गहिरो सम्बन्ध बढाउन सहयोग गर्न सक्ने कुरा पनि उपनिषद्हरूमा उल्लेख गरिएको छ भने यो शिक्षा बलिदान र तपस्यामा आधारित हुन्छ भनिएको छ । जहाँ विद्यार्थीहरूले अनुशासित तथा कठोर जीवनशैलीको अनुसरण गर्ने अपेक्षा गरिन्छ र आत्म नियन्त्रण, नम्रता एवम् उनीहरूको अध्ययन समर्पणमा केन्द्रित हुन्छ भनिएको छ ।

चामोला (सन् २००७) का अनुसार पुरातन भारतीय दार्शनिक चाणक्यद्वारा लिखित अर्थशास्त्रमा समेत गुरुकुल शिक्षाका बारेमा उल्लेख गरिएको छ । यसमा राजविद्या, अर्थशास्त्र र सैन्य रणनीतिबारेमा उल्लेख गरिएको छ । यो गुरुकुल शिक्षालाई सैद्धान्तिक र दार्शनिक आधार प्रदान गर्ने एक पुरानो ग्रन्थ हो, जसमा गुरुकुल शैक्षिक प्रणालीबाट कस्ता नेताहरू र प्रशासकहरू तयार हुन्छन् अर्थात् भविष्यमा चाहिने नेता र प्रशासक तयार पार्नका लागि गुरुकुल शिक्षाको महत्त्वलाई यो ग्रन्थमा उल्लेख गरिएको छ :

पुरातन भारतीय दार्शनिक चाणक्यद्वारा लिखित अर्थशास्त्रमा समेत गुरुकुल शिक्षाकाबारेमा उल्लेख गरिएको छ । यसमा राजविद्या, अर्थशास्त्र र सैन्य रणनीतिबारेमा उल्लेख गरिएको छ । यो गुरुकुल शिक्षालाई सैद्धान्तिक र दार्शनिक आधार प्रदान गर्ने एक पुरानो ग्रन्थ हो, जसमा गुरुकुल शैक्षिक प्रणालीबाट कस्ता नेताहरू र प्रशासकहरू तयार हुन्छन अर्थात् भविष्यमा चाहिने नेता र प्रशासक तयार पार्नका लागि गुरुकुल शिक्षाको महत्त्वलाई यो ग्रन्थमा उल्लेख गरिएको छ ।

त्यस्तै गुरुकुल शिक्षाको अर्को सैद्धान्तिक र दार्शनिक आधार भनेका स्मृतिग्रन्थ हुन् र त्यसमा मनुस्मृति एक चर्चित ग्रन्थ हो जसमा गुरुकुल शिक्षाका वारेमा चर्चा गरिएको छ । Doniger, W., & Smith, B. K. (सन् 1991) ले मनुस्मृतिले The Laws of Manu मा उल्लेख गरेको श्लोक 'गुरुकुले वसेद् धीरो गुरुभिः सह नित्यशः' अर्थात् 'शिक्षार्थी गुरुको कुलमा (गुरुकुलमा) सधैं गुरुहरूसँगै निवास गर्नु पर्छ ।' भनेर उल्लेख गरेबाट गुरुकुल शव्दको प्रयोग मनुस्मृतिदेखि नै भएको पाइन्छ । मनुस्मृतिमा ब्रह्मचारी अवस्थामा रहेर वेद अध्ययन गरेर घर फर्किनु अघिसम्म गुरुकुलमा गुरुको सेवा गर्नु, होमका लागि आवश्यक सामानको जोहो गर्नु, भिक्षा मागेर ल्याउनु, भुइँमा सुत्नु हो भनिएको छ (मनुस्मृति २ । १११) । यो एउटा यस्तो विधा हो, जसले विद्यार्थीहरूलाई नैतिक र सामाजिक आचरण निर्माणका लागी मार्गदर्शन वा निर्देशनहरू प्रदान गर्ने आधार प्रदान गर्दछ । गुरुकुल प्रणालीले विद्यार्थीहरूलाई नैतिकता तथा नैतिक मूल्य प्रदान गर्ने आधार र गुरुकुल शिक्षा प्रणाली एवम् शिक्षाको प्रक्रियामा शिक्षक र विद्यार्थीहरूको जिम्मेवारीहरूका बारेमा जानकारी समावेश गरिएको छ भनिएको छ ।

यसैगरी पुराणहरूमा पौराणिक कथा र ऐतिहासिक सन्दर्भहरू उल्लेख गरिनुका साथै गुरुकुल प्रणाली र पुरानो शिक्षाको महत्त्वका बारेमा उल्लेख गरिएको छ । श्रीमद्भागवत महापुराण दशम स्कन्ध असीयौं अध्याय श्लोक ४२-४५ मा भनिएको छ :

> द्विज-शिरोमणि ! म तिमीहरूसँग अत्यन्त सन्तुष्ट छु । तिम्रो सबै मनोकामना पुरा होस् । तिमीहरूले हामीसँग गर्नुभएको वेद अध्ययन सधैं हृदयमा रहोस् र यो लोक तथा परलोक दुबैमा फलदायी बनोस् । प्रिय शिष्यहरू ! गुरुकुलमा बस्दा हाम्रो जीवनमा अनेक अनुभव प्राप्त भए । गुरुदेवको कृपाले मात्र मानिसले शान्ति र पूर्णता प्राप्त गर्न सक्छ भन्नेमा कुनै शङ्का छैन (छान्दोग्य उपनिषद्, ७.१.२) । देवताहरूले पनि भनेका छन्, देवताहरूका गुरु जगद्गुरु श्रीकृष्ण स्वयम् वेदका मूर्त रूप हुन् (भागवत पुराण, १.३.२८) । वेदहरू नै धर्म, अर्थ, काम र मोक्ष, यी चतुर्विध पुरुषार्थका आधारभूत स्रोत हुन् (मनुस्मृति, २.२२४) । यसरी वेदको अध्ययन केवल

सांसारिक विद्या होइन, यो परम आध्यात्मिक साधना हो, जसले मनुष्यलाई ब्रह्मज्ञानको बाटोतर्फ अग्रसर गराउँछ (विवेकानन्द, १८९६, पृ. ५४) ।

उल्लिखित भनाइले पुराणहरूमा पनि गुरुकुलका बारेमा प्रस्ट उल्लेख भएको पुष्टि हुन्छ । यस्तै धर्मशास्त्रमा गुरुकुल शिक्षा प्रणालीको नैतिक सिद्धान्तका व्यावहारिक पक्षको उल्लेख गरिएको छ । यो ग्रन्थमा पनि गुरुकुल प्रणाली र विद्यार्थीहरूको चरित्र र मूल्य निर्माणको भूमिका उल्लेख गरिएको छ । यी माथिका शास्त्रले गुरुकुल शिक्षा प्रणालीमा सैद्धान्तिक अन्तरदृष्टि प्रदान गर्दछन् तर यसका वास्तविक अभ्यास र विधिहरू विभिन्न क्षेत्रहरू तथा समय अवधिहरूमा फरक फरक हुन सक्दछन् । गुरुकुल प्रणाली शताब्दीयतादेखि अस्तित्वमा रहँदै विकसित भएको छ । तर पनि यो शिक्षा प्रणालीलाई आधुनिक शिक्षा र शैक्षिक संस्थाहरूले प्रतिस्थापन गर्दै गइरहेको छ । यद्यपि यसका सैद्धान्तिक पक्षहरूले विद्यार्थी शिक्षक सम्बन्ध र यससँग गाँसिएका नैतिक पक्षहरूको विकासका लागि प्रेरणा दिन्छ ।

श्रीमद्भगवद्गीता आर्ष महाकाव्य महाभारतको अंश हो । श्रीमद्भगवद्गीता गुरुकुल शिक्षाको एउटा महत्त्वपूर्ण उदाहरण हो । जहाँ हिन्दु धर्मको पवित्र पाठका रूपमा कृष्ण र अर्जुनबिच दार्शनिक र आध्यात्मिक संवाद उल्लेख गरिएको छ । श्रीकृष्णले कुरुक्षेत्रको रणभूमिमा अर्जुनलाई एउटा शिष्यका रूपमा दिएका उपदेशहरू गुरुकुल शिक्षा प्रणालीका विस्तृत रूप हुन् भन्न सकिन्छ । यी उपदेशहरू गुरुकुल शिक्षाका सिद्धान्त र मूल्यसँग सम्बन्धित छन् । गुरुकुल शिक्षाका सैद्धान्तिक र व्यावहारिक दुवै पक्षलाई हेर्दा यहाँ श्रीकृष्ण एउटा गुरु र अर्जुन शिष्यका रूपमा प्रस्तुत भएका छन् । यसले व्यक्तिले सामना गरेका नैतिक दुबिधालाई सम्बोधन गर्दछ र धार्मिक कार्य एवम् आत्मबल प्राप्तिसम्बन्धी मार्गदर्शन प्रदान गर्दछ । गुरुकुल शिक्षामा अनुशासन र आत्मसमर्पणसम्बन्धी जुन मर्म र भावना छ, यो भगवद् गीतामा कृष्णसँगको अर्जुनको सम्बन्धले गुरुकुल प्रणालीमा देखिने परम्परागत चेला गुरुको सम्बन्धलाई प्रतिनिधित्व गर्दछ । भगवद् गीतामा अर्जुनले कृष्णका हरेक वाणीहरूलाई आत्मसात् गरेजस्तै गुरुकुल शिक्षामा पनि गुरुबाट लिइएको ज्ञान महत्त्वपूर्ण हुन्छ ।

गुरुकुल प्रणालीमा शिक्षाको उद्देश्य विद्यार्थीहरूलाई उनीहरूको भित्री आत्मज्ञान पत्ता लगाउन र उनीहरूको सम्भावनालाई सांसारिक ज्ञानभन्दा पर महसुस गर्न मद्दत गर्नु हो । यो कुरा श्रीमद्भगवद् गीतामा पाउन सकिन्छ । सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज । अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुच (गीता १८।६६) । अर्थात् सबै साधनहरूलाई छोडेर केवल नारायणस्वरूप गुरुको शरणागत हुनुपर्दछ । उनले नै सबै पाप नाश गरिदिनुहुन्छ । यसमा शोक गर्ने काम छैन । गीताको मुख्य सार भनेको धर्म र कर्तव्यको पालना भएजस्तै गुरुकुल शिक्षाले नैतिकता एवम् नैतिक मूल्यमान्यतामा जोड दिन्छ र विद्यार्थीहरूलाई धार्मिक तथा कर्तव्यपूर्वक जीवन दर्शन अपनाउन र समाजको जिम्मेवार सदस्यका रूपमा आफ्नो कर्तव्य पूरा गर्न मार्गदर्शन गर्ने भएकाले गुरुकुलको सैद्धान्तिक धरातल श्रीमद्भगवद् गीतासँग मिल्दोजुल्दो छ । श्रीमद्भगवद् गीताको अर्को मर्म भनेको त्याग हो भने गुरुकुल प्रणालीमा विद्यार्थीहरूलाई सरल एवम् अनुशासित जीवनको नेतृत्व गर्न प्रोत्साहित गर्ने र भौतिकवादी कार्यहरूको सट्टा ज्ञान तथा त्यागमा केन्द्रित गरिन्छ । कर्मयोग, ज्ञानयोग एवम् निःस्वार्थ कर्म योग र ध्यान भगवद् गीतामा उल्लेख गरिएको जस्तै गुरुकुल शिक्षाले योग र ध्यानको अभ्यासमा शारीरिक एवम् मानसिक अनुशासनको पक्षलाई जोड दिन्छ । त्यस्तै भगवद् गीतामा उल्लेख गरिएको विश्वव्यापी भातृत्वको भावना गुरुकुल परम्परामा पनि रहेको छ । जसले विद्यार्थीमा सद्भाव र एकताको भावनालाई प्रोत्साहित गर्दछ ।

त्यस्तै, पतञ्जलिका योगसूत्रलाई योग अभ्यासको मार्गनिर्देशक ग्रन्थका रूपमा लिइन्छ । यी सूत्रहरूले आत्म-संयम, ध्यान र समाधिद्वारा आध्यात्मिक ज्ञान प्राप्त गर्ने विधिलाई स्पष्ट गर्छन् । पतञ्जलिका योगसूत्र अनुसार, शिक्षा केवल ज्ञानार्जनको प्रक्रिया नभई आत्म-अनुशासन, चेतनाको उन्नति र परम सत्यको बोधको सहायक साधना हो (पतञ्जलि, योगसूत्र १.२; २.२८) । यसरी गुरुकुल शिक्षाले पनि व्यक्तिको शारीरिक, मानसिक र आध्यात्मिक विकासको एकीकरणमा जोड दिने भएकाले गुरुकुल शिक्षा प्रणालीको सैद्धान्तिक धरातलमा पतञ्जलिका योगदर्शनका सिद्धान्तहरूलाई समेत आधार मान्न सकिन्छ (शर्मा २००२, पृ. ६४) ।

चाइमान भाइ एमका अनुसार, ब्रह्मसूत्र (वा वेदान्त सूत्र) वेदका दार्शनिक सिद्धान्तहरूको विवेचना गर्ने प्रमुख ग्रन्थ हो । यस ग्रन्थमा ब्रह्म, आत्मा, संसार, मोक्ष तथा ज्ञानका विषयमा तार्किक रूपले चर्चा गरिएको छ, जसले वैदिक दर्शनको वैचारिक ढाँचा निर्माण गर्छ (चाइमान भाई, १९८७, पृ. ४२) । यसका साथै, एफेमेरिस भनेको ग्रहहरूको स्थिति, गति, नक्षत्र, काल तथा खगोलीय घटनाहरूको गणनात्मक विवरण हो, जसले काल निर्णय तथा ज्योतिषीय अध्ययनमा सहयोग पुऱ्याउँछ (पिङ्री, डेविड, १९८१, पृ. ५५) । यद्यपि यो औपचारिक शिक्षाको प्रत्यक्ष अङ्ग होइन, गुरुकुल शिक्षामा खगोल र ज्योतिष अध्ययनमार्फत विद्यार्थीले ब्रह्माण्डीय व्यवस्था, समय र दैवी नियमहरूको दार्शनिक आधार बुझ्थे (शर्मा, २००२, पृ. ६५) ।

गुरुकुल शिक्षासँग सम्बन्धित वेद, उपनिषद्, तथा स्वामी विवेकानन्दका प्रवचनहरूमा पाइने श्लोक, सूत्र वा उद्धरणहरूले गुरुकुल शिक्षाको दार्शनिक आधार झल्काउँछन् र विद्यार्थीहरूको समग्र विकास, मूल्य र नैतिकताको महत्त्वमा जोड दिन्छन् । यसले केवल शैक्षिक ज्ञान मात्र नभई आत्मबल र चरित्र विकासको खोजीमा पनि मार्गदर्शन गर्छ (शर्मा आर.एन. २००२, पृ. ५८) ।

गुरुकुल शिक्षाले अनुभवी शिक्षा, विद्यार्थी शिक्षकको अन्तरक्रिया र व्यक्तित्व निर्माणमा जोड दिँदै भारतीय परम्परागत शिक्षा प्रणालीमा दिगो प्रभाव पार्दछ र विश्वव्यापी शैक्षिक दर्शनहरूलाई प्रेरणा प्रदान गर्दै आएको छ । पूर्वीय ग्रन्थहरूमा गुरुकुलको वर्णन पाइन्छ, जसले यसका सिद्धान्त, उद्देश्य र अभ्यासको आधार प्रस्तुत गर्छन् । यस प्रकारका अध्ययनहरूले यस शोधकार्यको सैद्धान्तिक आधार तयार गर्न मद्दत गरेका छन् (अग्रवाल, १९९५, पृ. ८२) ।

माथि उल्लिखित पदहरूले गुरुकुल शिक्षाको दार्शनिक जग झल्काउँछन् साथै विद्यार्थीहरूको समग्र विकास, मूल्य एवम् नैतिकताको महत्त्वमा जोड र शैक्षिक ज्ञानका साथै आत्मबल प्राप्तिको खोजी गर्दछन् । गुरुकुल शिक्षाले अनुभवी शिक्षा तथा विद्यार्थी र शिक्षकको अन्तरक्रियामा जोड दिएर मूलतः भारतीय शिक्षा प्रणालीमा दिगो प्रभाव पारी

विश्वव्यापी शैक्षिक दर्शनहरूलाई प्रेरणा दिइरहेको छ । गुरुकुलका बारेमा पूर्वीय ग्रन्थहरू सबैमा वर्णन गरिएको पाइन्छ । ती ग्रन्थहरूमा बर्णित प्रसङ्गहरूले गुरुकुलको खास सिद्धान्त के हो भन्नेबारे आधारभूमि प्रदान गर्दछन् । यस शोध कार्यका सैद्धान्तिक आधारहरू पनि यी अध्ययनहरूबाट लिइएको छ ।

## २.४ प्रयोगात्मक समीक्षा

'नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती र सम्भावना' शोध शीर्षक रहेको यो शोध कार्यमा मूलत दुईवटा पक्ष समेटिएका छन् । यसको पहिलो पक्ष हो, गुरुकुल शिक्षाको वर्तमान अवस्था र यसको दोस्रो पक्ष भनेको आधुनिक शिक्षामा यसको सम्बन्ध जोड्दै वर्तमानमा गुरुकुल शिक्षाका सम्बन्धमा राज्यका तर्फबाट एवम् सोसँग सम्बद्ध संस्थाहरूबाट भइरहेका अभ्यास, त्यस क्रममा देखिएका चुनौतीहरू र भावी आवश्यकता एवम् सम्भावनाका क्षेत्रहरूका विषयहरू यो शोधकार्यमा पहिचान गर्न खोजिएको छ । यो शोधकार्यले यिनै दुई विषय क्षेत्रलाई समेटेको छ, यिनैको विवेचनाबाट उपयुक्त निष्कर्ष प्रतिपादन गर्ने अभिप्राय यो शोधमा राखिएको छ ।

गुरुकुल शिक्षाको चर्चा गरिरहँदा नेपालमा प्रचलनमा आएको शिक्षा पद्धतिका बारेमा चर्चा गर्नु अनिवार्य र सान्दर्भिक ठानिन्छ । हुन त शिक्षा शब्द नौलो होइन । यसलाई विभिन्न कालखण्डमा विभिन्न भाषामा आफ्नो आफ्नो किसिमले परिभाषित गरेको पाइन्छ । त्यसैले होला शिक्षाको परिभाषालाई कुनै एउटा परिभाषामा सीमित गर्न सकिएको अवस्था छैन । 'शिक्षा' शब्द संस्कृत भाषाको 'शिक्ष्' धातुमा 'आ' प्रत्यय लागेर उत्पत्ति भएको छ । यसको शाब्दिक अर्थ हो- सिकाउनु र सिक्नु । शिक्षा समाजको अघिल्लो पिँढीद्वारा आफूभन्दा पछिल्लो पिँढीलाई ज्ञान, सूचना र जानकारीहरू हस्तान्तरण गर्ने एक अनवरत प्रक्रिया हो । यस विचारका आधारमा भन्ने हो भने शिक्षाले स्वयंमा एक संस्थाका रूपमा काम गर्छ । शिक्षाले व्यक्ति एवम् समाजलाई ज्ञान र अनुभवको शृङ्खला जोड्छ र समाजको सांस्कृतिक विरासतलाई अक्षुण्ण राख्छ । बालबालिकाहरूले शिक्षाकै माध्यमबाट समाजका आधारभूत नियमहरू, व्यवस्थाहरू, समाजका मूल्य मान्यता, मापदण्ड, नीतिनियम र आदर्शहरू सिक्ने

गर्छन् । बालबालिकाहरू शिक्षाकै माध्यमबाट सामाजिक प्रक्रियामा जोडिन्छन् र यसैका माध्यमले समाज विशेषको इतिहाससँग अभिमुख हुन पुग्छन् ।

शिक्षाले मानिसको आन्तरिक परिष्कार र परिमार्जनमा सघाउ पुऱ्याउँछ । शिक्षाभित्र ज्ञान, उचित व्यवहार, प्राविधिक दक्षता, शिक्षण र सिकाइ आदि कुराहरू समाविष्ट हुन्छन् । यसले व्यक्तिको ज्ञान (Knowledge), सीप (Skill) र धारणा (Attitude) मा परिवर्तन ल्याएर मान्छेलाई नवीन मूल्य प्रदान गर्छ । शिक्षा व्यक्तिको अन्तर्निहित क्षमतालाई उजागर गर्ने र त्यसलाई विकसित तुल्याउने प्रक्रिया हो । यही प्रक्रियाले उसलाई समाजमा प्रौढ व्यक्तिको भूमिका निभाउनका लागि सामाजिकीकरण गर्दै समाजको सदस्य एवम् जिम्मेवार नागरिक बन्न आवश्यक पर्ने ज्ञान र कौशल उपलब्ध गराउँछ ।

सनातन वैदिक संस्कृति र बौद्ध संस्कृतिको परम्परा एवम् मूल्य मान्यताबाट निर्देशित नेपाली समाजमा शिक्षाको सुदीर्घ र समृद्ध परम्परा छ । शिक्षाको आधुनिक चेतना प्रसारण हुनुअघि यहाँ प्रचलित शिक्षाको मूल स्रोत हेर्ने हो भने कुनै न कुनै रूपले यो गुरुकुल शिक्षामा जोडिएको पाइन्छ । त्यसैले शिक्षालाई धार्मिक दृष्टिकोणबाट हेर्नेहरूले आधुनिक शिक्षाको मूल स्रोत भनेको गुरुकुल शिक्षा हो भन्ने प्रमाणहरू प्रशस्त देखिन्छन् र यसले नेपालको शैक्षिक विकासमा निकै ठूलो योगदान दिएको पाइन्छ ।

यस शोधमा नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती, आवश्यकता र सम्भावनाका बारेमा यथेष्ट प्रमाणसहित उत्खनन गर्ने अभिप्राय राखिएको छ । शिक्षा समयको सुरुदेखि नै मानव सभ्यताको अभिन्न हिस्सा भएको छ.। कुनै पनि राष्ट्रको विकासका लागि शिक्षा अत्यन्त महत्त्वपूर्ण विषय हो । शिक्षा भनेको पढ्ने र लेख्ने काम मात्र होइन, यो सोच्ने, विश्लेषण गर्ने र सिर्जना गर्न गर्न सक्ने क्षमता पनि हो । शिक्षा कुनै पनि समाजको विकासको आधार हो । नेपालमा सन् १९७१ मा राष्ट्रिय शिक्षा नीति लागु भएदेखि नै शिक्षालाई राज्यको प्राथमिकतामा राखिएको छ । सरकारले शिक्षाको गुणस्तर सुधार गर्ने धेरै प्रयास गरे पनि शिक्षा प्रणालीको प्रगतिमा बाधा पुऱ्याउने थुप्रै

महत्त्वपूर्ण चुनौतीहरू रहेका छन् । यसै क्रममा यस शोधकार्यका लागि यहाँ गुरुकुलबारे गरिएका प्रायोगिक पूर्व साहित्यको अवलोकन गरिएको छ ।

एस भटनागर (सन् २०१७) का अनुसार गुरुकुल शिक्षा प्रणाली एक परम्परागत शिक्षा प्रणाली हो जसले समग्र विकास, प्रयोगात्मक शिक्षा र व्यक्तिगत वृद्धिमा जोड दिन्छ । गुरुकुल शिक्षा प्रणाली हजारौं वर्षदेखि विद्यार्थीहरूलाई शिक्षा दिन सफल भएता पनि आधुनिक शिक्षा प्रणालीको परिचयसँगै गुरुकुल शिक्षाको लोकप्रियतामा उल्लेखनीय गिरावट आएको छ । यो शिक्षा प्रणालीका धेरै फाइदाहरू भए पनि नेपालमा यो शिक्षा त्यति व्यापक रूपमा अपनाइएको छैन । धेरै व्यक्तिहरूले गुरुकुल शिक्षालाई पुरानो शिक्षा प्रणालीका रूपमा बुझेका छन् । तर पनि यो शिक्षा प्रणालीले सांस्कृतिक सम्पदालाई बढावा दिने, रचनात्मकता र नवीनतालाई बढावा दिने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसका साथै यो शिक्षा प्रणालीले शैक्षिक ज्ञानसहित चरित्र निर्माण र नैतिक मूल्यहरूको प्रवर्द्धनमा जोड दिन्छ ।

एस चक्रवर्ती (सन् २०१९) का अनुसार गुरुकुल शिक्षा एक पुरातन भारतीय शिक्षा प्रणाली हो । जसले समग्र शिक्षा र चरित्र निर्माणमा जोड दिन्छ । यो प्राकृतिक वातावरणमा सिक्ने सिद्धान्तमा आधारित छ । जहाँ विद्यार्थी र शिक्षकसँगै बस्छन् र दैनिक जीवनका सबै गतिविधिहरूमा संलग्न हुन्छन् । .तिनीहरू एक आपसमा सिक्छन् र शारीरिक, मानसिक र आध्यात्मिक विकासलाई बढावा दिने विभिन्न गतिविधिहरूमा संलग्न हुन्छन् । शिक्षाको यो गुरुकुल प्रणाली विद्यार्थीहरूको चरित्र, अनुशासन र सृजनशीलता विकास गर्न प्रभावकारी साबित भएको छ ।

कोइराला, ए (सन् २०१९) का अनुसार नेपालको सन्दर्भमा गुरुकुल शिक्षा प्रणाली शताब्दियौंदेखि अस्तित्वमा रहेको भए पनि यसलाई राज्यको शिक्षाको मूलधारमा समेट्न सकिएको छैन । आधुनिक शिक्षा र यसका पाठ्यक्रम एवम् पाठ्यपुस्तकले यो शिक्षालाई निकै नै ओझेलमा पारेको छ । नेपालमा गुरुकुल शिक्षाको क्षेत्रमा धेरै चुनौतीहरू छन्, जसमध्येको एउटा प्रमुख चुनौती भनेको गुरुकुल शिक्षामा देखिएका पूर्वाधारहरू र

वित्तीय स्रोतको अभाव हो । नेपालमा जति पनि गुरुकुल विद्यालयहरू छन्, त्यहाँ प्रशस्तमात्रामा कक्षाकोठा, पुस्तकालय र प्रयोगशालाहरू जस्ता आधारभूत सुविधाहरूको अभाव छ । त्यस्ता गुरुकुलका विद्यार्थीहरूले आधुनिक स्कुलहरूमा जस्तै शिक्षाको कथित गुणस्तर प्राप्त गर्न सक्दैनन् ।

अधिकारी, के. र शर्मा, एन. (सन् २०२१) का अनुसार नेपालमा गुरुकुल शिक्षाको निकै लामो इतिहास रहेको छ । तर आधुनिक शिक्षाको आगमनसँगै यस प्रणालीलाई राज्यका तर्फबाट आवश्यक मात्रामा ध्यान नदिएको जस्तो देखिएको छ । यद्यपि गुरुकुल शिक्षा पूर्णरूपले लोप भएको छैन, वर्तमान शैक्षिक प्रवाहमा पर्याप्त रूपमा यसलाई समायोजन एवम् समावेशीकरण गर्न सकिएको छैन (अग्रवाल, १९९५, पृ. ८८) । परम्परागत गुरुकुल प्रणालीले सार्वजनिक नैतिकता, मूल्य शिक्षा, चरित्र निर्माण र समाजमा दिगो योगदान प्रदान गर्थ्यो, जुन नेपाली शिक्षा प्रणालीमा एक समय सबै नागरिकको अभिन्न हिस्सा थियो । वर्तमानमा, नेपालको शिक्षा प्रणाली मुख्य रूपमा पश्चिमी मोडेलमा आधारित भएकाले विद्यार्थीहरूको विविध आवश्यकताहरू पूरा गर्न सकिरहेको छैन । यसकारण, नेपालको शिक्षा प्रणालीमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण आवश्यक छ । साथै यसका संरचनागत चुनौतीहरू, सम्भावना र प्रभावकारिताको अध्ययन गरेर समग्र शिक्षा सुधार्न सकिन्छ (राना, २०१०, पृ. ३४) ।

विद्यार्थीहरूको समग्र शिक्षा र चरित्र निर्माणलाई बढावा दिन एवम् नैतिक मूल्य मान्यतासहितको समाज निर्माण गर्दै विद्यार्थीहरूलाई समाजप्रति जिम्मेवारी र कर्तव्यको भावना बढाउन नेपालमा गुरुकुल शिक्षाको प्रणालीलाई मूलप्रवाहीकरण गर्न आवश्यक छ । त्यसैले यो अनुसन्धान नेपालमा शिक्षाको गुरुकुल प्रणालीको वर्तमान अवस्था, त्यसका मूलप्रवाहीकरणका सम्भावना र यसको कार्यान्वयनका लागि विद्यमान चुनौती तथा अवसरहरू पहिचान गर्ने कुरामा केन्द्रित रहेको छ । यो शोधप्रबन्धले नेपालमा हालको गुरुकुल शिक्षा प्रणाली, यो प्रणालीले सामना गरिरहेका चुनौतीहरू र यी चुनौतीहरूको सामना गर्न गुरुकुल प्रणालीको प्रभावकारिताको विश्लेषण गर्दै यसले समाजका विविध

पक्षहरू जस्तै सांस्कृतिक, सामाजिक, आर्थिक प्रभावहरू र यसका कार्यान्वयनका विभिन्न पाटाहरू जस्तै पाठ्यक्रम, शिक्षक तालिम, विद्यार्थीहरूको रुचिआदिजस्ता विषयहरूमा केन्द्रित रहेको छ ।

रामचन्द्र पौडेल (२०७०) ले 'गुरुकुलका उज्याला पक्षहरू' शीर्षकको लेख *गुरुकुल सन्देश* पृ. २२ मा प्रकाशित गरेका छन् । यस लेखमा प्राचीनकालमा ऋषिमुनिहरूले शिक्षा विस्तारका लागि विलासी जीवनबाट हटेर तपोमय दिनचर्याले शान्त वातावरणमा स्वअध्ययन गर्न सबै प्रकारले समावेशी शिक्षा दिन गुरुकुल शिक्षा प्रणालीको आविष्कार गरेको कुरा उल्लेख गरिएको पाइन्छ । छात्र जीवनमा अध्ययन प्रमुख भएता पनि असल जीवन जिउन व्यावहारिक ज्ञान समेत सिकाइने गुरुसेवा लगायत व्यक्तिगत क्षमता प्रस्फुटन गराउने कार्यक्रममा सरिक गराइने अनुशासित परम्परामा आधारित शिक्षा प्रदान गरिन्थ्यो । मूल रूपमा इच्छा, ज्ञान, क्रिया शक्तिको (त्रिशक्ति) पट्ट जागरण गराउने कार्य गुरुकुलमा सिकाइन्थ्यो । सामान्यतया गुरुकुल शिक्षामा गृहस्थाश्रममा प्रवेश नगर्दासम्म वा २५ वर्ष वयस्क नहुँदासम्म गुरुले असल चरित्रवान् बनाएर दीक्षित स्नातक बनाई आशीर्वाद वचनसहित गृहस्थाश्रम प्रवेश गराई सृष्टि परम्परा यथावत् सञ्चालन गर्न पठाइन्थ्यो । यसरी नै गुरुकुल शिक्षाबाट प्राप्त चतुर्दश विद्या चार वेद (ऋक्, यजु, साम र अथर्व), छ अङ्ग (शिक्षा, कल्प, व्याकरण, ज्योतिष, छन्द, निरुक्त) न्याय, मीमांसा, धर्मशास्त्र, पुराण गरी चौध विद्या मानिएका छन् ।

माथि उल्लिखित वेद लगायत सबै अङ्गहरू आज हाम्रो दैनिक जीवनमा व्रतबन्ध विवाह पूजापाठ आदिमा प्रयोगमा आएकै छन् । तर विगतमा रघुनन्दन राम र यदुनन्दन कृष्णले गरेका गुरुकुलमा जस्तो हालका गुरुकुल वेद वेदाङ्ग विद्यालयहरू व्यवस्थित छैनन् केवल गुरुकुल परम्परा र सम्झना कायम राखेका छन् भने यस शोधबाट शैक्षिक, आर्थिक, प्रशासनिक, भौतिक एवम् अन्य व्यवस्थापकीय पक्षमा राज्यद्वारा सहयोग नपुगेको तथा स्वयं गुरुकुलहरू पनि पहिला जस्तो साधन स्रोत जुटाएर व्यवस्थित बन्न नसकेको कुरा मूल समस्याको रूपमा लेखले बताउँछ । यसरी पुस्तकालय विधिबाट तयार गरिएको यस लेखले गुरुकुलको महत्त्व दर्शाउँदै भविष्यमा यसका उज्याला पक्षहरूमा पाठकहरूलाई सुसूचित

गराउनु र राज्यका तर्फबाट आधुनिक शिक्षा सरहको व्यवस्थापन एवम् सहयोग पुगोस् भन्ने उद्देश्य राखिएको पाइन्छ ।

यसरी रामचन्द्र पौडेलको यो लेखले प्रस्तुत शोधको शीर्षक र उद्देश्यसँग नजिकको सम्बन्ध राख्दछ । आधुनिक शिक्षाभन्दा पनि व्यावहारिक तथा आदर्श एवम् उज्यालो भविष्य भएको गुरुकुल शिक्षाका उदाहरणहरूले नै यो शोधकार्यको सन्दर्भमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने काममा योगदान गर्न सक्छन् । हाल भइरहेका गुरुकुल शिक्षाप्रदायक विद्यालयहरूमा व्यवस्थापकीय कमजोरीका कारण एवम् राज्यका तर्फबाट वैज्ञानिक मापदण्डमा आधारित सहयोग पुग्न नसकेका कारण असल एवम् स्तरीय शिक्षा दिन नसकेको कुरा पनि यसमा उल्लेख गरिएको कारण पनि यो लेखले गुरुकुल शिक्षाको मूलप्रवाहीकरणमा समस्या रहेको कुरा पुष्टि गर्ने आधार बन्न सक्दछ ।

ढकाल, एस (सन् २०१९) का अनुसार नेपालमा गुरुकुल शिक्षा आधुनिक समाजको आवश्यकतासँग सान्दर्भिक छ कि छैन भनेर प्राज्ञिक क्षेत्रमा बहसहरू भएकै छैनन् भन्दा पनि हुन्छ । नेपालका धेरै अभिभावकहरूले आफ्ना बच्चाहरूलाई आधुनिक स्कुलहरूमा पढाउन रुचाउँछन् किनकि उनीहरूलाई यस्ता स्कुलहरूमा पढाउँदा मात्र बच्चाहरूले समयानुकूल आवश्यकीय सीप र ज्ञान प्राप्त गर्दछन् भन्ने आम धारणा पाइन्छ । अर्को तर्फ गुरुकुल शिक्षा प्रायशः पुरानो र अप्रासङ्गिक शिक्षा हो भन्ने धेरैजसो अभिभावकहरूको धारणा रहेको पाइन्छ । तर यी चुनौतीहरूको बाबजुद पनि नेपालमा गुरुकुल शिक्षालाई मूलधारमा ल्याउने प्रयास भइरहेको छ । देश सङ्घीयतामा गइसकेपछि देशका ७५३ वटै स्थानीय सरकारहरूमध्ये केही पालिकाहरूले परम्परागत शिक्षालाई प्राथमिकताका साथ आ-आफ्ना ऐन, नियमावलीहरूमा व्यवस्था गरेको देखिन्छ । यसले नेपालको सांस्कृतिक सम्पदाको संरक्षण एवम् प्रवर्द्धन गर्ने विश्वास समेत गरिएको छ । यसका अतिरिक्त नेपालमा गुरुकुल शिक्षाका लागि निजी सङ्गठन र स्कुलहरू पनि खुलेका छन् । यिनीहरूले नेपालमा गुरुकुल शिक्षालाई बढावा दिन काम गरिरहेका छन् जसमा विद्यार्थीहरूलाई योग, ध्यान र संस्कृत लगायत समग्र शिक्षा प्रदान गरिन्छ ।

अधिकारी, ए (सन् २०१८) का अनुसार नेपालमा गुरुकुल शिक्षा प्रणालीलाई पुनर्जीवित गर्न र यसलाई आधुनिक शिक्षा प्रणालीमा समाहित गर्न केही प्रयासहरू भएका छन् । यद्यपि आधुनिक शिक्षामा गुरुकुल शिक्षालाई मूलधारमा ल्याउन धेरै चुनौतीहरू रहेका छन् । यसको मुख्य चुनौती भनेको स्रोत र पूर्वाधारको अभाव हो । अधिकांश गुरुकुल विद्यालयहरूमा उचित पूर्वाधार र स्रोतको अभाव छ, जसले गुणस्तरीय शिक्षा प्रदान गर्न चुनौती खडा गर्दछ । गुरुकुल शिक्षाका लागि अर्को चुनौती भनेको वेद र संस्कृत जस्ता परम्परागत विषयहरू सिकाउन सक्ने प्रशिक्षित शिक्षकहरूको अभाव हो । गुरुकुल शिक्षा प्रणालीमा मानकीकरणको समेत अभाव छ । यसबाहेक युवा पुस्तामा गुरुकुल शिक्षा आजको संसारमा पुरानो र अप्रासङ्गिक छ भन्ने आम युवाहरूमा धारणा रहेको छ । जसका कारण विद्यार्थीहरूलाई गुरुकुल स्कुलहरूमा आकर्षित गर्न र परम्परागत शिक्षालाई मूलधारको शिक्षामा समाहित गर्न चुनौती खडा गरेको छ । अन्तमा, नेपालमा आधुनिक शिक्षामा गुरुकुल शिक्षाको मूलधारमा स्रोत, पूर्वाधार, प्रशिक्षित शिक्षक, मानकीकरण र गलत बुझाई तथा धारणाको अभावसहित धेरै चुनौतीहरू रहेका छन् ।

ढकाल, एस (सन् २०२०) का अनुसार गुरुकुल शिक्षाको फाइदाका बारे आमाबाबुमा चेतना नहुनु पनि यसको मूलप्रवाहीकरणमा रहेको अर्को चुनौती हो । नेपालका धेरै अभिभावकहरूमा आधुनिक शिक्षा प्रणाली नै आफ्ना बच्चाहरूका लागि उपयुक्त शिक्षा हो जसले रोजगारीलाई सुनिश्चित गर्दछ भन्ने आम विश्वास रहेको पाइन्छ ।

गौतम, पी. (सन् २०१९) का अनुसार यद्यपि यी चुनौतीहरूका बाबजुद पनि नेपाल सरकारले गुरुकुल शिक्षालाई आधुनिक शिक्षा प्रणालीमा एकीकृत गर्न कदम चालेको छ. । सरकारले ‘सबैका लागि राष्ट्रिय अभियान’ भन्ने कार्यक्रम सुरू गरेको छ, जसले आधुनिक शिक्षा प्रणालीमा गुरुकुल प्रणालीको एकीकरणलाई बढावा दिने लक्ष्य राख्दछ । यस कार्यक्रमको एक हिस्साका रूपमा सरकारले देशका विभिन्न भागहरूमा गुरुकुल-आधारित स्कुलहरू स्थापना गरेको छ ।

शर्मा, एस (सन् २०१८) का अनुसार नेपालको सन्दर्भमा गुरुकुल शिक्षाका लागि आज पनि मानकीकरण र मान्यताको अभाव छ ।. यसको तुलनामा आधुनिक शिक्षा मानकीकृत र मान्यता प्राप्त छ, जसले विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्राप्त गर्दछ । जसलाई रोजगारदाता र उच्च शैक्षिक संस्थाहरूले मान्यता दिएका छन् । यसको विपरीत गुरुकुल शिक्षा प्रायशः अनौपचारिक हुन्छ र जसले मान्यता पनि प्राप्त गरेको हुदैन ।

निराजन पन्त (२०७०) ले 'नेपालमा गुरुकुल शिक्षाको ऐतिहासिक पृष्ठभूमि' शीर्षकको लेखमा मुख्यरूपमा गुरुकुल शिक्षा भनेको के हो ? गुरुकुल शिक्षाको प्रारम्भ कहाँबाट कहिलेदेखि भएको हो ? हाल नेपालमा गुरुकुल शिक्षाको अवस्था कस्तो छ ? गुरुकुल परम्पराबाट शिक्षा दिने र लिने विधि एवम् व्यवस्थापन आदि कस्तो थियो ? आधुनिक शिक्षासम्म आउँदा गुरुकुल शिक्षामा परेका प्रभावहरूका बारेमा उल्लेख गर्दै मूलप्रवाहीकरणसम्मको अवस्थालाई उजागर गर्न खोजिएको पाइन्छ ।

गुरुकुल भन्नाले गुरुको परम्परा आश्रय वा घर भन्ने बुझिन्छ । विद्यार्थीहरूलाई आफ्नै संरक्षण र निरीक्षणमा राखी शिक्षा तालिम दिइने प्राचीन परम्पराको थलो वा केन्द्रलाई गुरुकुल शब्दले बुझाउँछ । गु शब्दको अर्थ अन्धकार र रु को अर्थ त्यसको निरोधक, विनाशक हो भनी गुरु गीतामा उल्लिखित छ । गुरुकुल आफैँमा शिक्षाको स्रोत हो वा प्राच्य शिक्षा पद्धतिको आदेश स्वरूप हो । शिक्षाभित्र गुरुकुल सम्पूर्णतामा अटाउन नसक्ला तर गुरुकुलभित्र शिक्षा स्वतः समेटिएको पुष्टि हुन्छ । कुनै समय गुरुकुल शिक्षा पद्धति नै पूर्वीय शिक्षा पद्धति पनि मानिन्थ्यो । समयक्रममा गुरुकुल शिक्षा नै वैदिक शिक्षा पद्धति, पौरस्त्य शिक्षा, पद्धति, ऋषिकुल शिक्षा पद्धति, देवकुल शिक्षा पद्धति, पितृकुल शिक्षा पद्धति आदि नामले समेत व्यवहृत भएको पाइन्छ । यस लेखमा गुरुकुलका स्वरूप अपरा विद्या (वेद वेदाङ्ग, उपनिषद् लगायत चतुर्दशा) र परा विद्या (ब्रह्मविद्या) गरी दुईवटा उल्लेख गरिएको छ । यसमा गुरुकुललाई आत्मनिरीक्षणात्मक भएको कुरा बृहदारण्यक उपनिषद्मा देव, मनुष्य, असुर प्रजापतिसँग उपदेश लिन गएको प्रसङ्गबाट थाहा पाइन्छ । त्यतिबेला पनि विभिन्न विधिहरू (मूल्याङ्कन, प्रश्नोत्तर, प्रयोगात्मक, मौखिक, गृहकार्यात्मक, लेखात्मक,

समाधानात्मक आदि) द्वारा शैक्षणिक कार्य हुने गरेको पाइन्छ । साथै शिष्यहरूको परीक्षण समय एकदेखि चार वर्ष तोकिनु, गुरुहरूलाई दीक्षा एवम् शिक्षा गुरुका रूपमा लिई आचार्य र देशिक नाम दिइएको, वैतनिक गुरुको व्यवस्था हुनु र गुरुहरूले धर्म शिक्षा, चरित्र निर्माण र शास्त्रको रहस्य खोलिदिने आदि व्यवस्था आधुनिक शिक्षासँग मेल खाने कुराहरूको रूपमा लिइएको छ । यस प्रकारको शिक्षामा शिष्यले विद्यालाई धन ठानेर विद्याको याचना गर्ने, गुरुको सान्निध्यसहित विद्याध्ययन गर्ने, गुरुजनको दोषलाई ढाकेर यश फैलाउने, मर्यादाभित्र गुरुगृहमा बस्ने जस्ता कुराहरू उल्लेख छन् ।

पाँच वर्षको उमेरदेखि उपनयनपूर्वक हातमा समिधा लिएर गुरुकुल आश्रम गएको बालशास्त्र अध्ययनपश्चात् स्नातक भएर सामान्यतया बाह्र वर्षमा घर फर्कने गर्दछन् । उनीहरूको परीक्षा दैनिक हुने नै भए पनि कुलपतिले विभिन्न विधि प्रयोग गरी शास्त्रमा पारङ्गत भए नभएको टुङ्गो लगाई दीक्षान्त समारोह गरेर घर जान रुचि हुनेहरूलाई सत्यम् वदं, धर्मम् चर, स्वाध्यायनं प्रमद जस्ता उपदेश दिई गृहस्थाश्रम पठाउने चलन थियो ।

नेपालमा शिवजीले पार्वतीलाई शैव परम्परा अन्तर्गत शिक्षा प्रदान गरेको कुरा, राजा जनकको पालामा याज्ञवल्क्यले जनकपुरमा चलाएको गुरुकुल शिक्षालयको कुरा, दशरथका राजकुमारलाई तपोवनमा ल्याई शिक्षा दिइएको कुरा, विश्वामित्र ऋषिको गुरुकुल नेपालमा रहेको कुरा आदिले हिमालदेखि तराईसम्म नै शैव र वैष्णव परम्परामा गुरुकुल शिक्षाको ऐतिहासिक पृष्ठभूमि विकसित भएको पाइन्छ । जुन अवस्था लिच्छविकालीन गुरुकुल शिक्षा हुँदै लोकतन्त्रात्मक शासन प्रणालीसम्म विभिन्न आरोह अवरोहबिच राजादेखि रैतीहरूसम्मले गुरुहरूको आश्रममा गएर वेद व्याकरण साहित्य दर्शन शास्त्रीय व्यावसायिक संस्कृत बौद्ध गुरुकुल जस्ता विषयहरू ग्रहण गर्दै आएको पाइन्छ । राणाकालमा केही कमजोर देखिएको गुरुकुल देवशमशेरको आधुनिक संस्कृत शिक्षासँगै निरन्तरता पाएको देखिन्छ । पद्मशमशेरको पालामा जयतु संस्कृतम् आन्दोलन भई गुरुकुल शिक्षाको बचाउ गरेको पाइन्छ ।

यसरी विभिन्न आरोह अवरोहवीच पचासको दशकमा नेपाल सरकारबाट गुरुकुललाई मूलप्रवाहीकरणमा ल्याउने कार्य प्रारम्भ भइसकेकाले गुरुकुल शिक्षा थप

उत्साहका साथ अगाडि बढ्दैछ । वर्तमानमा नेपालका देवघाटस्थित महेश संस्कृत गुरुकुल, परमानन्द संस्कृत गुरुकुल, वेद वेदाङ्ग लगायतका गुरुकुल विद्यालयहरू आधुनिक शिक्षा प्रणालीसँग आबद्ध विभिन्न शैक्षिक संस्थासँग प्रतिस्पर्धा गर्दै गुरुकुलीय मर्यादा जोगाउन सफल भएका छन् । तर हाल सञ्चालनमा रहेका करिब दुईसय गुरुकुल शिक्षालयहरू मूलतः गुरुकुल शिक्षामा विगतदेखि नै राज्यको नीतिगत सम्बोधन नभएको कारण व्यवस्थापकीय समस्या रहेको एवम् कोही अमुक संस्था, व्यक्ति वा दाताहरूको मुख ताकेर दान दातव्यबाट सञ्चालन गर्नुपर्ने समस्यामा रहेकाले गुरुकुलहरूमा शैक्षिक गुणस्तरमा ह्रास आउँदै जान सक्ने तथ्य प्रस्तुत शोधले उजागर गरेको पाइन्छ । यो पुस्तकालय विधिबाट नै तयार गरिएको विश्लेषणात्मक, तथ्यपरक शोधका रूपमा लिन सकिन्छ ।

वेदव्यासको साधना थलो, राजा जनकको जन्म र कार्यथलो, लिच्छविकालदेखि शाहवंशसम्मको गुरुकुलको अवस्था, बालगुरु षडानन्दले स्थापना गरेको गुरुकुल विद्यालय, स्वर्गद्वारी शिक्षालय आदिबाट गुरुकुलको गौरवपूर्ण इतिहास रहेको देखिन्छ । धार्मिक शिक्षा, नैतिक शिक्षा, प्राविधिक शिक्षा, व्यावहारिक शिक्षा, शास्त्रीय विद्या प्रदान गर्ने थलो, पिँढी शिक्षा सञ्चालन गरी घरबाट नै आदर्श नागरिक बनाउन सहयोग पुग्ने वा घर नै प्रथम पाठशाला भन्ने कुरालाई पुष्टि गरेको छ । त्यस्तै आधुनिक शिक्षामा प्रयोग भएका शैक्षणिक एवम् व्यवस्थापकीय कार्यहरू गुरुकुल शिक्षामा यथावत् नै सुरु भइसकेका कारण आज पनि गुरुकुल शिक्षा हाम्रो जस्तो बहुधार्मिक, बहुसांस्कृतिक मुलुकमा निरन्तर हुन अत्यावश्यक छ ।

अधिकारीका अनुसार वेदव्यासको साधना थलो, राजा जनकको जन्म र कार्यथलो, लिच्छवीकालदेखि शाहवंशसम्मको गुरुकुलको अवस्था, बालगुरु षडानन्दले स्थापना गरेको गुरुकुल विद्यालय, स्वर्गद्वारी शिक्षालय आदिबाट गुरुकुलको गौरवपूर्ण इतिहास रहेको देखिन्छ । धार्मिक शिक्षा, नैतिक शिक्षा, प्राविधिक शिक्षा, व्यावहारिक शिक्षा, शास्त्रीय विद्या प्रदान गर्ने थलो, पिँढी शिक्षा सञ्चालन गरी घरबाट नै आदर्श नागरिक बनाउन सहयोग पुग्ने वा घर नै प्रथम पाठशाला भन्ने कुरालाई पुष्टि गरेको छ । त्यस्तै आधुनिक शिक्षामा

प्रयोग भएका शैक्षणिक एवम् व्यवस्थापकीय कार्यहरू गुरुकुल शिक्षामा यथावत् नै सुरु भइसकेको कारण आज पनि गुरुकुल शिक्षा हाम्रो जस्तो बहुधार्मिक, बहुसांस्कृतिक मुलुकमा निरन्तर हुन अत्यावश्यक छ ।

अधिकारीको यस शोधमा उल्लिखित विषय एवम् क्षेत्रहरू जस्तै गुरुकुलको सुरुवाती अवस्था, गुरुकुलको परम्परा, स्वरूप, गुरु शिष्य अवस्था, शिक्षा प्रदान गर्ने विधि, विभिन्न कालखण्डमा देखिएका विकास एवम् उतारचढाव, आधुनिक शिक्षामा गुरुकुल शिक्षाको निरन्तरता एवम् विद्यमान समस्याहरू, चुनौतीहरू आदि पक्षहरूले यो अनुसन्धानात्मक कार्य नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती, सम्भावना र आवश्यकताका लागि शोध अन्तराल पत्ता लगाउन तथा अन्य केही सहयोग पुऱ्याउने देखिन्छ ।

खगराज बराल (२०७७) ले नेपालका वर्तमान गुरुकुल र आधुनिक विद्यालय शिक्षा पद्धतिमा शिक्षक व्यवस्थापन विषयक अध्ययन गरेका छन् । उनले मूलत वर्तमान गुरुकुल शिक्षा पद्धति र आधुनिक विद्यालय शिक्षा पद्धतिमा शिक्षक व्यवस्थापनको विश्लेषण गर्नु, वर्तमान गुरुकुल र आधुनिक विद्यालय शिक्षा पद्धतिमा शिक्षक व्यवस्थापनको समानता र भिन्नता केलाउनु एवम् शिक्षक व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरूको खोजी गर्नु सुझाउनु जस्ता उद्देश्य राखेर अनुसन्धान गरेको देखिन्छ । उक्त शोधप्रबन्धमा गुणात्मक विधि प्रयोग गरी वर्णनात्मक र विवरणात्मक पद्धतिबाट तथ्यको व्याख्या विश्लेषण गरिएको छ । शोधको विषयलाई विभिन्न दार्शनिक चिन्तन, सामाजिक परिवेश, शिक्षण संस्थाहरूको प्रकृति, स्वरूप र विशेषताले प्रभाव पारेको देखिन्छ । उनी भन्छन् :

> गुरुकुल शिक्षा पद्धति कुनै विधि र प्रक्रिया विना परम्परागत रूपमा सञ्चालनमा रहँदा आधुनिक विद्यालय शिक्षा पद्धति चाहिँ राज्यबाट कानुन, नीति नियम र लगानी समेत प्राप्त गरी मूलधारको शिक्षाका रूपमा चलिरहेको छ । वैदिक कालदेखि वर्तमान समयसम्म आउँदा गुरुकुल शिक्षाले आफ्नै किसिमको गुरुशिष्य परम्परालाई धानिरहेको पाइन्छ । दुवै शिक्षा पद्धतिअन्तर्गत शिक्षक व्यवस्थापनको सैद्धान्तिक र व्यवस्थापकीय पक्षलाई हेर्दा संस्था स्थापनाको थालनी र दार्शनिक

एवम् सैद्धान्तिक मान्यतामा देखिएको विभिन्नताका कारण शिक्षक व्यवस्थापनका पक्षमा पनि यस्ता दार्शनिक तथा सैद्धान्तिक मान्यताहरू फरक भएको पाइन्छ (पृ. १७१) ।

बरालका अनुसार शिक्षक व्यवस्थापनका सम्बन्धमा गुरुकुलले परम्परागत शैली र आधुनिक विद्यालयले राज्यबाट स्वीकृत नीति नियम एवम् संरचनालाई पछ्याएका छन् । तर पनि वैदिक सनातन हिन्दु दर्शनबाट प्रभावित गुरुकुल शिक्षा पद्धतिले दार्शनिक तथा सैद्धान्तिक हिसाबले परम्परालाई आत्मसात् गरिरहेको भए पनि समयसँगै लचकता अपनाउने प्रयास गरेको पनि देखिन्छ । राज्यबाट सञ्चालित आधुनिक शिक्षाको थालनी नै यही शिक्षा पद्धतिले गरेकाले समय समयमा कानुन, नियम, नीति तर्जुमा गरी व्यवस्थापन गरेको पाइन्छ । बराल भन्छन् :

> आधुनिक विद्यालय शिक्षा पद्धति र वर्तमान गुरुकुल पद्धतिमा शिक्षक व्यवस्थापनका क्षेत्रमा प्रशस्त चुनौतीहरू देखिन्छन् । वर्तमानमा वैदिक तथा पौराणिक कालमा जस्तै गरी गुरुकुल सञ्चालन गर्न सम्भव छैन । गुरुकुलमा शिक्षक व्यवस्थापनका लागि प्रभावकारी पद्धति स्थापित नभइसकेकाले गुरुकुलपिच्छे शिक्षक व्यवस्थापन छनौटदेखि अवकाशसम्मका तौरतरिका फरकफरक छन् । शिक्षक व्यवस्थापन पद्धति राम्रो मानिएको आधुनिक विद्यालय शिक्षा पद्धतिमा पनि शिक्षकको योग्यता, छनोट र नियुक्ति, पदस्थापन, पेसागत विकास, बढुवा तथा सरुवा जस्ता व्यवस्थापकीय पक्षलाई परिवर्तित सन्दर्भमा समसामयिक र वैज्ञानिक बनाउने कार्य स्थापित हुन नसक्दा चुनौतीहरू कायमै छन् (पृ. ८३) ।

बरालकै अनुसार आधुनिक शिक्षा पद्धतिमा शिक्षकहरूलाई दिइने तालिम लगायतका सुविधा र अभ्यासहरू गुरुकुल शिक्षामा संलग्न शिक्षकहरूलाई पनि गर्ने गराउने व्यवस्था हुने हो भने आजको एक्काइसौँ शताब्दीमा गुरुकुल पद्धतिको व्यापकता सहितको शिक्षाको गुणस्तर बढाउन सकिने कुरामा दुईमत हुँदैन । उनको कथन छ :

गुरुकुलीय आदर्शलाई असर नपर्ने गरी शिक्षक व्यवस्थापन पद्धति विकास गर्ने, एक गुरुकुल दुई प्रकारका शिक्षक पद्धति अपनाउने, आधुनिक विषय पढाउने शिक्षकको सरकारी नीति नियमानुसार छनौट र करारमा व्यवस्थापन गर्न गुरुकुल शिक्षा पद्धतिमा उपयुक्त हुन्छ । आधुनिक विद्यालय शिक्षा पद्धतिमा नेपालको सङ्घीय शासन प्रणाली अनुसार स्थानीय तहबाटै शिक्षक व्यवस्थापन गर्ने, स्थायी शिक्षकको छनौट पद्धतिमा खुला प्रतिस्पर्धाबाट छनोट भएका शिक्षकलाई एक वर्षको पेशागत तालिम दिने, प्रत्येक वर्ष दश दिनको पेशागत विकास तालिम दिने, शिक्षकको हालको विद्यालयको तहअनुसारको श्रेणीगत बढुवालाई एकीकृत र तहगत बनाउने, शिक्षकको वृत्ति विकासको अवसर, शिक्षकलाई सजाय दिने अधिकार स्थानीय तहलाई दिने गरी शिक्षक व्यवस्थापनलाई प्रभावकारी बनाउनु उचित देखिन्छ (पृ. १०९) ।

यस शोधको निष्कर्षका रूपमा बरालले शैक्षिक प्रक्रिया जति संरचित, कानुन र नीतिमा आधारित र कठोर प्रक्रियामुखी हुन्छन्, त्यति पठनपाठन प्रक्रिया यान्त्रिक हुन्छ भनेका छन् । साथै यसबाट विद्यार्थीको व्यक्तिगत परिवेश, पहिचान र सो अनुसारको शिक्षण कार्य टाढा हुँदै जान्छ । आधुनिक शिक्षा पद्धतिमा संरचनागत पक्ष र गुरुकुलीय शिक्षामा लचिलो पक्ष सबल पक्ष हुन् । यी पक्ष नै एकले अर्को पक्षबाट सिक्नुपर्ने मूलभूत कुरा हुन् । यसरी यो शोधप्रबन्धको विश्लेषण गर्दा गुरुकुल शिक्षामा रहेको शिक्षक व्यवस्थापन पक्ष कमजोर रहेको तथा राज्यबाट सो कार्यमा कुनै ठोस पहल हुन नसकेको सत्यतालाई नकार्न सकिँदैन । यसमा गुरुकुल शिक्षाको शिक्षक व्यवस्थापन आधुनिक शिक्षा प्रणालीसँग मूलप्रवाहीकरण गर्न उपयुक्त हुने भनिएको तर भौतिक, प्रशासनिक, आर्थिक लगायतका पक्षमा नबोलिएको हुँदा शोध अन्तराल पत्ता लगाई गुरुकुल शिक्षामा मूलप्रवाहीकरणका अवस्था, चुनौती, सम्भावना र आवश्यकता शीर्षकमा अनुसन्धान गर्न अपरिहार्य भएको कुरा प्रमाणित भएको छ ।

फणीन्द्रप्रसाद पौडेल (२०७८) ले 'गुरुकुलको पुनः संरचना' शीर्षकको लेख गुरुकुल सन्देश, वर्ष १० र अङ्क ८ मा प्रकाशित गरेका छन् । यस लेखमा समय र सन्दर्भले ल्याएका

हाम्रा संस्कार र संस्कृतिका विचलनलाई परिष्कार गर्न वैदिक वाङ्मयको गहन अध्ययन, अध्यापनमा व्यक्ति, समाज र राज्य जिम्मेवार बन्नु पर्दछ भनिएको छ । उनी भन्छन् :

> असत्यबाट सत्यतिर लैजाने, अँध्यारोबाट उज्यालोतिर डोर्याउने, मृत्युबाट अमरत्वतिर अभिमुख गराउने सुसंस्कृत ज्ञानको प्रचार प्रसारका निम्ति प्राचीन गुरुकुलीय शिक्षा पद्धति र सर्वविध ज्ञानका मन्दिर (ज्ञानका निमित्त गुरुकुल) गुरुकुलको निःशर्त समुन्नतिमा सबै लाग्नु अपरिहार्य देखिन्छ । हाम्रो समाजमा सञ्चालित गुरुकुलहरू अझै पनि मठ, मन्दिर, संघसंस्था, आश्रम र साधुसन्तको रेखदेखमा औपचारिक र अनौपचारिक स्वरूप एवम् संरचनामा नगण्य सङ्ख्यामा छन् । सीमित स्रोतसाधनमा यस्ता गुरुकुलहरू सामाजिक, आर्थिक र नैतिक समस्याहरूसँग जुध्नु परेको अवस्था छ । राज्यद्वारा गुरुकुल शिक्षालाई मूलधारको रूपमा लिइसकेको वा परिपोषित गरेको छैन । प्रतिस्पर्धात्मक वजारमा मौजुदा अवस्थाको गुरुकुलको उत्पादन एवम् खपत कम हुने वर्तमान स्थिति आउनुमा जनशक्तिको सक्षमता वृद्धि नहुनु पनि अर्को पक्ष देखिएको छ । त्यस्तै ज्ञानका लागि गुरुकुल वा संस्कार सहितको शिक्षामा गौरव गर्न गुरुकुल आज विना योजनाको विचलनको रूपमा निःशुल्क संस्कृत बोर्डिङ बन्ने क्रम बढ्दो छ (पृ. ९२) ।

यसरी पौडेल फणीन्द्र अनुसार गुरुकुल शिक्षामा आधुनिक शिक्षा हावी देखिएको र गुरुकुल शिक्षाको मूलप्रवाहीकरण हुन नसकेको विचार व्यक्त भएको छ ।

आर शंकर (सन् २०१७) ले एक अन्तर्राष्ट्रिय जर्नलमा 'Gurukul System of Education: Then and Now' लेख लेखेका छन् । उक्त लेखमा उनले परम्परागत गुरुकुल शिक्षाले जातीय र लैङ्गिक पक्षलाई समेट्न सकिरहेको छैन भन्ने आशय व्यक्त गरेका छन् । उनका अनुसार गुरुकुल शिक्षाको इतिहास हेर्ने हो भने गुरुकुलहरू केवल पुरुष विद्यार्थीहरूका लागि मात्र थिए र त्यहाँ महिलाहरूलाई समान शिक्षा प्राप्त गर्न अनुमति थिएन, त्यहाँ उच्च जाति प्रायः ब्राम्हण परिवारका मात्र विद्यार्थीहरू थिए । तर वर्तमानमा गुरुकुल शिक्षालाई बढी समावेशी र महिला विद्यार्थीहरूका लागि पहुँचयोग्य बनाउने

प्रयासहरू भएका छन्, तर यसको प्रगति ढिलो भएको छ । कोरोना लगायतका समस्याले गुरुकुल शिक्षामा परेको प्रभावबारे शंकर आर भन्छन् : गुरुकुल शिक्षामा कोरोनाले पारेको प्रभावलाई समेत सङ्केत गर्दै उनले विश्वव्यापी रूपमा देखिने समस्याहरू (कोरोना लगायत) एवम् नेपालमा देखिने अस्थिर राजनैतिक वा सामाजिक परिवर्तनहरूको कारण पनि स्थायी सञ्चालन स्रोत नभएका गुरुकुलहरूलाई दैनिक क्रियाकलाप सञ्चालनमा समस्या परिरहेको पाइन्छ भनेका छन् । उनका अनुसार यस्ता समस्याको जड गुरुकुल स्वावलम्बी गराउने योजना नहुनु, राज्यबाट परिपोषित गराउने व्यवस्था नहुनु एवम् मूलधारमा ल्याई पुनःसंरचना गर्न नसक्नु पनि हो ।

शंकरका अनुसार आध्यात्मिक जीवनचर्या र दर्शनप्रतिको विश्वव्यापी जनचासो एवम् हाल बढ्दै गइरहेको संस्कृतको विश्वव्यापी बजारमा आफ्नो उत्पादन लैजान तथा संस्कारमय विश्व र संस्कारमय समाज निर्माणका निम्ति गुरुकुलको मौजुदा स्वरूप एवम् संरचनामा समयानुकूल पुनःसंरचना गरी गुरुकुलीय उदार ज्ञान परम्परालाई अक्षुण्ण राख्नु पर्ने देखिन्छ । साथै ऐतिहासिक मर्यादा, समयको माग र संस्कृतको वैश्विक प्रचार एवम् प्रभावका निम्ति हाम्रा गुरुकुलहरूलाई विभिन्न स्वरूप र संरचनामा वर्गीकरण गरी मूलधारको शिक्षा बनाउन अत्यावश्यक रहेको छ । उनले गुरुकुललाई आदर्श, औपचारिक र प्राविधिक गुरुकुल गरी तीन वर्गमा वर्गीकरण गरेका छन्:

**(क) आदर्श गुरुकुल**

संस्कृत वाङ्मयका गहनतम विषय र शास्त्रको साङ्गोपाङ्ग अध्ययन केन्द्रका रूपमा आदर्श गुरुकुल रहन्छ । शास्त्रीय मर्यादाको पूर्ण पालना गरी संस्कृतका आधिकारिक विद्वान् उत्पादन गर्ने उद्देश्यले सञ्चालित हुन्छ, जसमा आश्रम धर्म र वर्ण धर्मको पूर्ण परिपालना हुने, शास्त्रीय विषयको प्रयोगात्मक आदर्श अध्ययन अध्यापन गरिने, निश्चित शिष्य सङ्ख्या तोकिने र गुरुको जिम्मेवारीमा खाने, बस्ने लगायत व्यवस्थापन हुने गर्दछ । अनौपचारिक धारका रूपमा पढाइ गर्न सकिने, गुरुकुलमा रहेर गुरुको निर्देशन बमोजिम शिष्यहरू आदर्श जीवनयापन गर्न कर्म क्षेत्रमा जान सक्छन् । यस्ता गुरुकुलका

लागि आवश्यक सुनिश्चित सञ्चालन स्रोत, कोष वा गुठीको व्यवस्था हुनपर्ने, राज्य वा समुदायभन्दा पनि स्वतन्त्र व्यक्ति वा संस्थाले उत्तरदायित्व लिई सञ्चालन गर्न सकिने छ । प्राचीन ज्ञान परम्परा बचाउँदै त्यो नयाँ पुस्तालाई हस्तान्तरण गर्न महत्त्वपूर्ण योगदान एवम् शास्त्रीय मर्यादाको परिपालना गर्नु ज्ञानको निरन्तरतामा आदर्श गुरुकुलको विशेष महत्त्व रहेको छ ।

**(ख) औपचारिक गुरुकुल**

विद्यमान शैक्षिक नीति, ऐन, नियम र उद्देश्यलाई केन्द्रमा राखेर संस्कृतका पाठचपुस्तक पठनपाठन हुने (हाल सञ्चालनमा रहेका समयसापेक्ष गुरुकुल भनेर चिनिएका) शिक्षण संस्थालाई औपचारिक गुरुकुल भनिन्छ । तर जनस्तरबाट सञ्चालित भएका कारण यी संस्थाहरू सामाजिक, आर्थिक र कानुनी उल्झनमा प्रायः फँसिरहेका हुन्छन् । यसर्थ यस्ता गुरुकुल दुईवटा विकल्पमा उपलब्ध देखिन्छन् । पहिलो (गुरुकुलीय मर्यादा र आदर्श संरक्षण सहित सबैका लागि सुसंस्कृत शिक्षाको लक्ष्य रहेको) वर्ण धर्म र आश्रम धर्मको पूर्ण परिपालना गर्ने, छानिएका निश्चित छात्रलाई छुट्टै आवासीय भएको र दोस्रो शिक्षामा सबैलाई समान अवसर भएको खुल्ला गुरुकुलको संरचना प्रतिस्पर्धात्मक योजना जनशक्ति र कुशल नेतृत्वको व्यवस्थापनमा व्यवस्थित र औपचारिक गुरुकुलको संरचना लगायत यस्ता गुरुकुल सरकारी सामुदायिक विद्यालय वा अङ्ग्रेजी बोर्डिङ स्कुल जस्तै संस्थागत, वैयक्तिक वा सामूहिक लगानीमा हुनसक्ने एवम् पूर्णरूपमा राज्यले अख्तियार गरेका सबै शैक्षिक सूचकाङ्कहरूको अनुपालना हुन्छ ।

उनका अनुसार दोस्रो विकल्पमा समुदाय र राज्य दुवैको दायित्व हुने हुँदा व्यवस्थापन, लगानी, सञ्चालन कार्यमा सहजता हुने र विगतमा जस्तै सरकारी तहबाट सञ्चालित संस्कृत मा.वि.हरूलाई पुनः संस्कृतकै लागि क्रियाशील बनाउन सके यो धार झनै बलियो र व्यापक बन्न सक्दछ । तर आधुनिक शिक्षामा हाल देखिएका अनुशासन र मर्यादा पालनाको असर यस्ता विद्यालयमा देखिन सक्ने भएकाले आवश्यक पूर्वशर्त भने अनिवार्य हुन्छ ।

### (ग) प्राविधिक गुरुकुल

नेपालका विद्यमान शैक्षिक कानुन एवम् अन्य कानुनको मर्यादामा रही औपचारिक रूपमा संस्कृत भाषा र सनातन वैदिक वाङ्मयका क्षेत्रमा बहुविध शैक्षणिक कार्यक्रम सञ्चालन गर्ने गुरुकुललाई प्राविधिक गुरुकुल मानिन्छ । प्रचलित धारहरूभन्दा यो भिन्न धारको गुरुकुलका रूपमा लिइन्छ । पूर्णरूपमा औपचारिक हुने यस्ता गुरुकुलले संस्कृत वाङ्मयका विविध विषय र पक्षसँग सम्बन्धित रही अल्पकालिक एवम् दीर्घकालीन कार्यक्रम सञ्चालन गर्न सक्छन् । अल्पकालिक कार्यक्रम अन्तर्गत सङ्गीत, व्याकरण, साहित्य, भाषा, धर्मशास्त्र, कर्मकाण्ड, वास्तुशास्त्र आदि विषयमा तालिम, गोष्ठी र प्रशिक्षणहरू पर्दछन् भने आधारभूत तहदेखि स्नातकोत्तरसम्मका औपचारिक तहहरूको अध्ययन, अध्यापन, मूल्याङ्कन र प्रमाणपत्र प्रदान गर्ने जस्ता शैक्षिक कार्यक्रमहरू दीर्घकालीनमा पर्दछन् । सबै जातजाति एवम् भूगोलका विद्यार्थीहरूका लागि समान रूपमा प्रविधिमय गतिविधि हुने हुनाले विश्वसमुदायमा सजिलै आकर्षण देखिन्छ । परम्परागत सामाजिक सुव्यवस्थापन र जीविकाका निम्ति हितकर मानिएका ज्ञान, सीप र वस्तुको जानकारीबाट जीवन सहज बन्ने सम्भावना भएकाले युवा पुस्तामा आकर्षण बढ्ने देखिन्छ । अति व्यस्त नयाँ पिँढीलाई छोटो समयमा लगानी र श्रममा महत्त्वपूर्ण ज्ञान प्राप्त गर्न सजिलो माध्यमका रूपमा यो धार उपयोगी हुनेछ । सशुल्क सञ्चालन गरिने भएकाले अन्य गुरुकुलभन्दा व्यवस्थापनमा सहज साथै प्रविधिमैत्री र कोटा सीमा नराखिएकाले सजिलै विश्वस्तरीय गुरुकुल शिक्षालय बन्न सक्ने देखिन्छ ।

Shankar, R. (सन् 2017) को कथन छ : संस्कृत शिक्षा सदियौंदेखि व्यक्ति, समाज, मुलुक र विश्वकै निम्ति बहुउपयोगी थियो, यसको आवश्यकता आज पनि उत्तिकै खड्किरहेको छ, भोलि पनि यो क्रम निरन्तर रहने छ । नेपाली समाजको संस्कृतलाई मौलिक सम्पत्तिका रूपमा स्वीकार्ने रहर र प्रयास आज पनि रहेको छ । तर बढ्दो विश्वव्यापीकरण एवम् प्रविधिको विस्तारले विद्यमान नगण्य गुरुकुलहरूले मात्र सो चासो र आवश्यकता पूर्ति गर्न कठिन छ । त्यसैले मन्त्रद्रष्टा ऋषिको दिव्य ज्ञान दृष्टिको आलोकमा

विश्वगुरु बनेको हिमाली धर्ती र जातिलाई पुनः सम्मानमा पुर्याउन गुरुकुलीय शिक्षा र गुरुकुललाई निःशर्त क्रियाशील र सबल बनाउनु पर्ने बेला आएको छ । यसका लागि आदर्श गुरुकुल, औपचारिक गुरुकुल, प्राविधिक गुरुकुलका रूपमा पुनःसंरचना गर्न समयको आवश्यकता ठानी संस्कृतमय विश्व र संस्कारमय समाज निर्माणमा अगाडि बढ्नु पर्दछ ।

निष्कर्षका रूपमा लेखकले पौरस्त्य दर्शनमा आधारित गुरुकुल शिक्षालाई विश्व गुरु निर्माण गर्ने अभियानमा जुट्न प्राकृतिक जीवनचर्या र रैथाने वस्तु व्यवहारप्रति मान्छेको बढेको रुचि तथा पछिल्ला दशकहरूमा निश्चित व्यक्ति, समाज, संस्थाद्वारा स्वदेश तथा विदेशमा गरिएको गुरुकुलीय शिक्षाप्रतिको रहर, चासोका कारण हुन गएका छलफल तथा विचार विमर्श आदिबाट सहयोग पुगेको कुरा उल्लेख गरेका छन् । यसबाट मेरो शोधकार्य गुरुकुल शिक्षाको मूलप्रवाहीकरण पक्ष के, कसरी गर्न सकिन्छ भन्ने बारेमा सहयोग पुग्ने देखिन्छ । हाल भइरहेका गुरुकुल शिक्षा प्रदायक संस्थाहरूलाई राज्यले उत्तरदायित्व वहन एवम् परिपोषित नगरेको अवस्था तथा भौतिक संरचना निर्माण एवम् शैक्षिक संरचनाहरूको अन्तराल देखिएकाले उक्त लेखबाट प्राप्त ज्ञानहरू यो शोधकार्यमा केही उपयोगी बन्ने कुरामा दुईमत छैन ।

राष्ट्रिय शिक्षा नीति, २०७६ मा गुरुकुल शिक्षाका बारेमा राष्ट्रिय नीतिबारे चर्चा गरिएको छ । यो नेपाल सरकारका शिक्षासम्बद्ध सबै क्षेत्रहरू समेटिएको एकीकृत शिक्षा नीति हो । यो शिक्षा नीतिले प्रारम्भिक बालविकासदेखि उच्च शिक्षासम्मका क्षेत्रलाई समेटेको छ । परम्परागत गुरुकुल शिक्षाका लागि नेपाल सरकारले राष्ट्रिय शिक्षा नीति, २०७६ मा समेत यस्ता गुरुकुलहरूलाई राज्यको मूलप्रवाहमा समावेश गर्ने नीति अँगालेको देखिन्छ भन्ने उल्लेख गरिएको छ । सो नीतिका उद्देश्यहरू विभिन्न बुँदाहरूमा उल्लेख गरिएको छ :

> नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु एवम् रणनीतिअन्तर्गत बुँदा नं. ९.१५ मा परम्परागत शिक्षाको मूलप्रवाहीकरण एवम् वैकल्पिक र खुला शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्ने भनी उल्लेख

भएको छ । त्यस्तै शिक्षा नीति, २०७६ को नीति तथा कार्यक्रम अन्तर्गत बुँदा नं. १०.२४ मा हिन्दु, बौद्ध लगायतका पौरस्त्य दर्शन, सभ्यता, संस्कृति लगायतको केन्द्रबिन्दु बनाई पूर्वीय दर्शन, पूर्वीय चिन्तन, मौलिक दर्शन एवम् परम्परा, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, मानविकी, समाजशास्त्र, मानवशास्त्र, जैविक विविधता, पर्यटन, जडिबुटी लगायत सम्पदामा आधारित अध्ययन तथा अनुसन्धानको व्यवस्था मिलाउने भनिएको छ । बुँदा नं. १०.२४.१ मा हिन्दु, बौद्ध लगायतका पौरस्त्य दर्शन, सभ्यता, संस्कृति लगायतको केन्द्रबिन्दु बनाई पूर्वीय दर्शन, पूर्वीय चिन्तन, मौलिक दर्शन एवम् परम्परा, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा आदि विषयको अध्ययन तथा अनुसन्धान केन्द्रको विकास गरिने कुरा उल्लिखित छ । बुँदा नं. १०.२४.२ मा पनि योग, ध्यान र दर्शनको अध्ययन र अभ्यासलाई विद्यालयमा मात्र सीमित नराखी राष्ट्रिय अभियान र जनसंस्कृतिका रूपमा देशभरि सबै नागरिकमा विस्तार गर्दै यसका लागि सामुदायिक सिकाइ केन्द्र, खुला विद्यालय तथा विश्वविद्यालय, पुस्तकालयको सञ्जाल विस्तार गरिनेछ (पृ. ११, ३५ र ३६) ।

यसरी नै उक्त नीतिको आशय अनुसार अनौपचारिक, जीवनपर्यन्त, परम्परागत र खुला शिक्षा, अनौपचारिक, खुल्ला र परम्परागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा आबद्ध गरी औपचारिक विद्यालय शिक्षाको समकक्षी बनाउने कुरा उल्लेख गरिएको छ । साथै धार्मिक प्रकृतिका परम्परागत विद्यालयको नियमन र सहजीकरणका लागि गुरुकुल शिक्षा बोर्ड गठन गर्न सकिने एवम् उक्त बोर्डले सम्बन्धित संस्थाको मूलप्रवाहीकरण र गुणस्तरीयताका लागि सबै तहका शिक्षाको मापदण्ड निर्धारण, पाठचक्रम निर्माण र परिमार्जन, ब्रिज कोर्स र समकक्षता निर्धारण लगायत समन्वय र सहजीकरण गर्ने व्यवस्था मिलाइने नीति तय गरिएको छ । यसै गरी सोही शिक्षा नीतिका विभिन्न बुँदाहरूमा आधारभूत तहमा आवश्यक जनशक्ति व्यवस्थापन, भौतिक एवम् शैक्षिक पूर्वाधार व्यवस्था र शिक्षण सिकाइ प्रकियामा सुधार गरी गुणस्तर अभिवृद्धि गर्ने कुरा र सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी,

पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार पूरा गरिने कुरा उल्लेख गरिएको छ ।

माथि प्रस्तुत सबै बुँदाहरूलाई विश्लेषण गर्दा नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि नीतिगत कार्यहरू भएको देखिन्छन् तापनि पर्याप्त भने होइनन् । शिक्षा नीति, २०७६ मा उल्लिखित बुँदाहरूले गुरुकुल शिक्षाको उचित व्यवस्थापनका लागि ठोस कुराहरू छुट्टै समावेश नगरे पनि परम्परागत शिक्षाका लागि भनेर समाविष्ट गरेको पाइयो । तर सो नीतिअनुसार सरकारको नीति तथा कार्यक्रममा एवम् बजेटमा समावेश हुन नसकेको अवस्थाले राज्यबाट अझै गुरुकुल शिक्षालाई कतै उपहास गरिँदै त होइन भन्ने आभास हुन्छ । अझ पनि औपचारिक शिक्षा जस्तै सबै प्रकारले परिपोषण नगरिएकाले मूलप्रवाहीकरण अति आवश्यक भइरहेको छ । यो शोधकार्यलाई शिक्षा नीति, २०७६ को पुनरावलोकनपश्चात् थप सहयोग पुग्ने ठानिएको छ ।

माधवप्रसाद पोखरेल (सन् २०२०) का अनुसार गुरुकुलीय शिक्षाले यो नाम किन पाएको भने, त्यसमा राजादेखि रंकसम्मका विद्यार्थीहरूले शिक्षा लिन गुरुकै परिवार (गुरुकुल) मा स्थायी रूपमा बस्नुपर्दथ्यो, घरमा परी आएको सबै काम आफ्नै ठानेर गर्नुपर्थ्यो, सबै विद्यार्थीलाई गुरुले नै खाने लगाउने चाँजो मिलाउनुपर्थ्यो, जस्तो परिवारको भए पनि गुरुले सबैलाई एकनासको पोसाक र भोजन दिनुपर्थ्यो, विद्यार्थीहरूले भिक्षा मागेर छाक टार्नुपर्थ्यो, मागेर ल्याएको गुरुलाई सुम्पिनुपर्थ्यो, खाने कुरो एउटै भाँडामा पाक्थ्यो । पच्चीस वर्षको नहोउन्जेल गुरुकै घरमा बसेर पढ्नुपर्थ्यो । गुरुकुलीय प्रणालीका सम्बन्धमा पोखरेल भन्छन् : विगतदेखि यसप्रकार गुज्रदै आएको गुरुकुल हालसम्म आउँदा केही व्यवस्थित देखिएको भए पनि आश्रममा रहेका आजका गुरुकुलका विद्यार्थीले पनि राज्यबाट तोकिएको खर्चले माथि उल्लिखित समस्याहरू समाधान भइसकेका छैनन् । कक्षाकोठा, फर्निचर, आश्रम वा विद्यालय, पुस्तकालय औपचारिक शिक्षामा व्यवस्था भएजस्तो नभएका कारण मूलप्रवाहीकरणले मूर्तरूप लिएको देखिँदैन ।

## २.५ नीतिगत समीक्षा

रेनु क्षेत्री (सन् 2006) ले एक राष्ट्रिय दैनिक The Himalayan times Daily मा एक लेख लेखेकी छन् । उक्त लेखमा उनले गुरुकुल लगायतका परम्परागत शिक्षालाई मूलप्रवाहीकरण गर्नेबारे योजना बनाएको समाचारलाई यसरी सम्प्रेषण गरिएको छ : शिक्षा तथा खेलकुद मन्त्रालयले गुरुकुल शिक्षा प्रणालीलाई राष्ट्रिय शिक्षाको मूलधारमा समाहित गर्ने योजना बनाएको र त्यसका लागि सरोकारवालासँग परामर्श सुरु गरेको छ । शिक्षा मन्त्रालयका पुर्व उपनिर्देशक जीवन पौडेलका अनुसार विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या घटाउनका लागि शिक्षा मन्त्रालयले आवश्यक नीति निर्माण गरेको छ । जुन आगामी शैक्षिक सत्रदेखि लागू हुनेछ । सरकारले गत वर्ष गुम्बा र मदरसालाई मूलधारको राष्ट्रिय शिक्षा प्रणालीमा समावेश गर्ने नीति बनाएको थियो । 'गुरुकुल' र 'आश्रम' लाई शिक्षाको मूलधारमा समाहित गर्ने कार्यशाला एक महिनाभित्र भरतपुरमा हुने विभागले जनाएको छ । जोगीहरूले देवघाट र जनकपुरका केही मन्दिर र आश्रमहरूमा केही शिष्यहरूलाई पढाउँछन् । तर गुरुकुलमा कति विद्यार्थी बस्छन् भन्ने यकिन तथ्याङ्क भने छैन ।

गुरुकुलका तथ्याङ्क सम्बन्धमा नेपाल वेद विद्याश्रम, गौशालाका प्रधानाध्यापक केशवप्रसाद अधिकारीले गौशालास्थित राममन्दिरमा पनि करिब ५० जना शिष्यले 'कर्मकाण्ड' सिकिरहेका र यो शिक्षाले हाम्रो संस्कृति जोगाउनुपर्ने बताए । उनका अनुसार 'सरकारले यसलाई व्यवस्थित रूपमा लिने हो भने गुरुकुल शिक्षामा राम्रो नतिजा प्राप्त हुन्छ । नेपाल वेद विद्याश्रमअन्तर्गत करिब २० (वीस) वटा विद्यालय छन् र ६ (छ) वटा माध्यमिक विद्यालयले सन् १९८६ देखि एसएलसी उत्तीर्ण गर्दै आएका छन् । मुलुकमा १ लाख २५ हजार विद्यार्थीसहित २ हजार गुम्बा र १ हजार ५ सय मदरसा सञ्चालनमा रहेको अनुमान छ । पाठ्यक्रम विकास केन्द्रले तयार पारेको मदरसा र गुम्बा शिक्षालाई मूलप्रवाहमा ल्याउने मस्यौदामा शिक्षा मन्त्रालयको प्रतिनिधित्व नभएका करिब १५ सय गुम्बा गुम्बा व्यवस्थापन तथा विकास समितिमा दर्ता छन् । यसै प्रसङ्गमा शिक्षा मन्त्रालयका पूर्व कर्मचारी लवप्रसाद त्रिपाठीले यस्ता विद्यालयबाट उत्पादन भएका

विद्यार्थीलाई सार्वजनिक वा निजी विद्यालयमा लैजान सरकारले यस्तो शिक्षालाई मूलप्रवाहमा ल्याउन आवश्यक महसुस हुन्छ । दर्ता भएका मदरसा र गुम्बाहरूलाई निःशुल्क पाठ्यपुस्तकहरू दिइनेछ, शिक्षकहरूलाई तालिम दिइनेछ र सार्वजनिक गुम्बा/ मदरसाहरूलाई शिक्षक कोटा उपलब्ध गराइनेछ' भनिएको कुरा उल्लेख गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा विद्यालय शिक्षाको आधारभूत तहदेखि माध्यमिक विद्यालय तह (कक्षा ११ र १२) सम्मका पाठ्यक्रमको ढाँचा लगायतका विषयहरू समावेश गरिएको हुन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप विद्यालय शिक्षाका क्षेत्रमा सरकारको मूल दस्तावेज हो । सर्वप्रथम वि.सं. २०६३ सालमा सरकारबाट स्वीकृत भई प्रकाशन भएको थियो । यस प्रारूपले विद्यालय शिक्षाको पाठ्यक्रम सम्बद्ध समसामयिक महत्त्वपूर्ण पक्षहरूको विश्लेषण गर्दै शिक्षाका राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको दृष्टिकोण र पाठ्यक्रम सम्बद्ध सैद्धान्तिक आधारहरू, विद्यालय शिक्षाका सक्षमताहरू, पाठ्यक्रम संरचना र विद्यार्थी मूल्याङ्कन एवम् अन्य पाठ्यक्रम सम्बद्ध नीतिहरू र राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयन सम्बन्धमा नीतिगत व्यवस्था गरेको छ । यसै प्रारूपले पाठ्यक्रममा समावेशी पद्धति अनुसार नेपालमा शिक्षाको विस्तार औपचारिक, अनौपचारिक र परम्परागत माध्यममार्फत भइरहेको छ ।

तर हालसम्म पनि आधारभूत तहका विद्यालय उमेर समूहका केही बालबालिकाहरू विद्यालय अवसरबाट वञ्चित भएका छन् । जसको समाधान भनेको सकारात्मक विभेदको सिद्धान्त अवलम्बन गर्नुपर्ने अवस्था देखिन्छ । समावेशी शिक्षाको प्रमुख उद्देश्य भनेकै विभिन्न कारणले शिक्षाको अवसरबाट वञ्चित बालबालिकाहरूलाई शिक्षा प्रणालीको मूलधारमा समावेश गराउनु हो । जुनसुकै माध्यमबाट शिक्षा प्राप्त गर्ने समूहहरूलाई लक्षित यो भनाइ प्रस्तुत शोधकार्यसँग पनि घनिष्ठता राख्दछ । समाजमा विभिन्न कारणले विद्यालय बिचैमा छाड्ने एवम् शिक्षा लिनबाट वञ्चित बालबालिकाहरू लक्षित गरी योजनासहित अगाडि बढ्नुपर्ने देखिन्छ । जस्तै सीमान्तकृत र पिछडिएका जातजाति, दैवी प्रकोप पीडित, यौनशक्ति तथा दुराचार ग्रसित कामदार वा मजदुरका बालबालिका, सङ्क्रामक रोगग्रस्त वा

जेलमा रहेका आदि बालबालिकाहरूलाई मूलधारमा ल्याई शिक्षा दिनुपर्दछ भन्ने विषयहरू गुरुकुल शिक्षाको मूलप्रवाहीकरणसँग पनि सम्बन्ध राख्दछ । अर्थात् यो विषय लगायत शैक्षणिक पद्धतिका कुरा, संस्कृत शिक्षा (पूर्वीय दर्शनमा आधारित) जुन गुरुकुल शिक्षासँग सामीप्य शिक्षा, परम्परागत पद्धतिमा आधारित शिक्षा र त्यसमा रहेका चुनौतीहरू यस शोधसँग सम्बन्धित पनि रहेकाले यसको पुनरावलोकन गरिएको छ ।

अवस्थी, एल डि (सन् २०१३) ले आफ्नो लेख Importation of ideologies from Macaulay Minutes to Wood Commission मा लेख्नुहुन्छ : नेपालले १९५१ पछि सरकारी भाषा नीतिको औपचारिक सुरुवात गरेको थियो । सन् १९५० को दशकमा राजनीतिक परिवर्तनपछि शैक्षिक कार्यक्रमहरू जनताका लागि प्रमुख चिन्ताका विषय बने । सरकारले परिवर्तित सन्दर्भमा जनताका आकाङ्क्षाहरूप्रति प्रतिक्रिया दिन बाध्य भएको थियो । विद्यालय तथा शैक्षिक संस्थाहरू द्रुत गतिमा विस्तार हुन थाले । देशभरि जनताको शिक्षाप्रति रुचि र पहुँच बढ्यो । शिक्षामा सुधारको प्रक्रिया अभिवृद्धि गर्न सरकारले थप प्रयास गर्न जनताले दबाव बढाउन थाले । जनताको आकाङ्क्षाले नेपालको शैक्षिक आवश्यकतालाई पूरा गर्न सरकारलाई शैक्षिक सुधार कार्यक्रम सुरु गर्न प्रेरित गऱ्यौ । यसै सन्दर्भमा शिक्षा क्षेत्रमा देशमा देखिने परिवर्तन ल्याउन सरकारले शिक्षा मन्त्रालयको स्थापना गऱ्यो, साथै शिक्षा सचिव र विद्यालय निरीक्षणका प्रमुख पदहरू सृजना गरी विद्यालय प्रणालीमा कुशल व्यवस्थापनको आधार प्रदान गर्न नेपाललाई सात निरीक्षण क्षेत्रमा विभाजन गरियो । प्रत्येक क्षेत्रमा एक विभागीय विद्यालय निरीक्षक नियुक्त गरिए । विद्यालयहरूको सञ्चालनमा एकरूपता ल्याउन शैक्षिक प्रशासनिक दिशानिर्देशहरू (Educational Administrative Guidelines) तयार गरिए, जुन विद्यालय निरीक्षकहरूका लागि बनाइएको थियो । शिक्षासम्बन्धी सल्लाह प्राप्त गर्न र परिवर्तनको प्रक्रियालाई सुगम बनाउन सरकारले १९५२ मा बीस सदस्यीय राष्ट्रिय परीक्षा वोर्ड (National Education Board) गठन गऱ्यो । यस वोर्डको मुख्य कार्य विद्यमान शैक्षिक सुविधाहरूको पर्यवेक्षण र विस्तार गर्नु थियो । जसले परिवर्तित सन्दर्भमा नीतिगत निर्णयहरूका लागि आवश्यक

सुझावहरू दिन महत्त्वपूर्ण भूमिका निभायो । १९५३ मा राष्ट्रिय परीक्षा वोर्ड (National Education Board) ले नेपालमा शिक्षाको सर्वव्यापीकरणको योजना तयार गर्न शैक्षिक योजनाका लागि राष्ट्रिय आयोग गठन गर्न सरकारलाई सुझाव दियो । त्यसपछिका दिनहरू नेपालको शैक्षिक उन्नतिका आधार बन्न थाले सोही बेलादेखि गुरुकुल शिक्षाको पनि कुनै न कुनै रूपमा महत्त्व तथा औचित्य देखिँदै गयो र राष्ट्रव्यापी रूपमा यसलाई प्राथमिकतामा राखेर शिक्षा नीतिका बारेमा विभिन्न सोचहरू तयार भए । प्रस्तुत लेखमा शिक्षा नीति र गुरुकुल शिक्षाको महत्त्व एवम् औचित्यको चर्चा गरिएको छ र गुरुकुल शिक्षाको नीति निर्माणको सन्दर्भ प्रस्तुत गरिएको छ ।

विद्यानाथ कोइराला (सन् २०१८) ले गुरुकुल शिक्षाको नीति, यसको शिक्षा, शिक्षणपद्धति र यसको मूलप्रवाहीकरण एवम् यससँग सम्बन्धित चुनौतीहरूलाई कसरी सम्बोधन गर्ने भन्नेबारे एक अनलाइन लेखमा विशद् चर्चा गरेका छन् । कोइराला (सन् २०१८) ले आजका हाम्रा गुरुकुलहरू विद्यालय हुन कि शिक्षालय ? विद्यालयले शिक्षा दिन्छ । शिक्षालयले ज्ञान दिन्छ । विद्यालय शिक्षाले जगत्सम्वन्धी सामान्य जानकारी र जीवन जिउने सीप दिन्छ । शिक्षालयले जीव, जगत् र ब्रह्म जोडने ज्ञान दिन्छ । हाम्रा कुन कुन गरुकुलहरू के के गर्दैछन् ? के कसलाई पढाइरहेछन् ? के कसरी खर्च जुटाइरहेछन् ? कुन कुन व्यवस्थापनमा जान चाहन्छन् ? लगानीको कुन ढाँचाको अपेक्षा गर्छन् ? गुरुहरूकै सेवा सुरक्षाको के कस्तो प्रबन्ध हुनुपर्छ ? पाठचक्रम र पाठचपुस्तकमा के के कुरा राखिनुपर्छ ? यी र यस्ता पेचिला प्रश्नहरू आजका समस्याहरू हुन् ।

यी पुनरावलोकन कार्यहरूबाट यस शोधकार्यमा गुरुकुल शिक्षाको अबस्था र मूलप्रवाहीकरण गर्न देखिएका समस्या तथा चुनौती सम्बन्धमा महत्त्वपूर्ण जानकारी प्राप्त भएको छ ।

## २.६ अपेक्षित शिक्षानीति

गुरुकुल शिक्षापद्धति एक पुरातन र प्रभावशाली प्रणाली हो जसले नैतिकता, व्यावहारिक ज्ञान र समग्र विकासलाई प्राथमिकता दिन्छ । गुरुकुलमा अपनाउनु पर्ने शिक्षानीति नैतिक र

मूल्यपरक शिक्षा, व्यावहारिक र अनुभवजन्य शिक्षा, गुरु-शिष्य परम्पराको सुदृढीकरण, प्राकृतिक वातावरणमा शिक्षा, समग्र व्यक्तित्व विकास तथा समाजसेवा र उत्तरदायित्व जस्ता पक्षहरूमा ध्यान दिई कुलहरूमध्येको एक कुलका रूपमा, विद्यार्थी पहुँचमा, व्यवस्थापनमा, शिक्षण व्यवस्थापनमा, मूल्याङ्कन प्रक्रियामा, लगानी प्रबन्धमा गुरुहरूको व्यवस्थापनमा, पाठ्यक्रम र पाठ्यविषयको व्यवस्थापन, सशुल्क र निःशुल्क व्यवस्थापन, गुरुकुल संघको प्रबन्ध, अनुसन्धान र लेखन, संस्कृति र भाषामा सहखोज, चाखको सिर्जना लगायतका विषयहरू समेटेर शिक्षानीति बनाउनु आवश्यक रहेको कुरा यहाँ समावेश गरिएको छ ।

मेकालेले (सन् १८३५) र ह्यूग बी उड (सन् १९५६) ले संस्कृत शिक्षाबारे एउटै बोली बोले । उनीहरूको जिकिर थियो - संस्कृतको ज्ञानले वैज्ञानिक युगमा काम गर्दैन । यसले रोजगारी दिँदैन । यही कुरालाई नेपालका आधुनिकतावादी, कडा साम्यवादी र जनजातिले अक्षरशः स्वीकार्‍यौँ । यो स्वीकारले संस्कृत शिक्षामा धमिरो लाग्यो । परिणामतः संस्कृत मधौरु बन्यो । बनाइयो । संस्कृतज्ञहरूको पढाउने शैली र उदासीन मान्यताले आगोमा घ्युको काम गर्‍यो । अहिले संस्कृतलाई कर्मकाण्डभन्दा माथि ठान्नेहरूको जमात सानो छ । संस्कृतमा भएका दर्शन, विज्ञान, संस्कृति आदिबारे खोज गर्नेहरूको जमात नगण्य स्वरूपको छ । संस्कृत विश्वविद्यालय पनि बौरिएको छैन । यस स्थितिमा गुरुकुललाई कसरी लैजाने भन्ने कुराको नीतिगत बाटो पहिल्याउन पनि कठिनाइ देखिन्छ । यही परिवेशमा गुरुकुलको शिक्षा नीति निम्न स्वरूपको हुनुपर्छ भन्ने मेरो मान्यता हो ।

### (क) कुलहरूमध्येको एक कुलका रूपमा

'गुरुकुल' कुलहरूमध्ये एक कुल हो, किनभने यो गुरु र शिष्यहरू मिलेर बनेको शिक्षापरक परिवार वा परम्परा हो । जसले ज्ञान र संस्कृति संरक्षण गर्ने परिवार वा समुदाय बनाउँछ । आफ्नै जीवनशैली, अनुशासन र मूल्यहरू हुन्छन् । शिष्य संस्कारमा आधारित संस्कार र नियमहरूको सेट (कुल धर्म) हुन्छ । गुरुकुललाई धेरै कुलहरूमध्येको एक कुल बनाउन गुरुहरूको सामूहिक प्रयास र निर्णय चाहिन्छ जसका लागि केन्द्रदेखि स्थानीय सरकाबाट लगानी गर्नुपर्दछ ।

### (ख) विद्यार्थी पहुँचमा

'कुलीन' विद्यार्थी पढाउन अभ्यस्त गुरुकुलहरू साझा बनाउनुपर्छ । साझापनले नवीन सोच र विद्यार्थीमैत्री शिक्षण शैली खोज्छ । अनवरत अनुसन्धान खोज्छ । यसका लागि गुरुहरूको तयारी जरुरी छ । यो तयारीमा परम्परागत सोच र आधुनिक सोचबिच समन्वय गरिनुपर्छ । पुराना सोचको खोजी गरी आधुनिक भनिएका ज्ञानलाई चुनौती दिन सक्नुपर्दछ । समानता र भिन्नता खोज्नुपर्छ । यस काममा गुरुकुलको नेतृत्व नै प्रभावकारी हुन्छ ।

### (ग) व्यवस्थापनमा

शास्त्रीय व्यवस्थापनले सोपान खोज्छ भने आधुनिक व्यवस्थापनले सहकर्मी ढाँचा खोज्छ । आचार्यले सञ्चालन गरेका कुलमा न सोपानी व्यवस्थापन हुन्छ, न सहकर्मी । त्यसमा अध्ययनरत चेलाचेलीहरू आफैँ व्यवस्थापक बन्छन् । अनुसिकी बन्छन् । अनुकरणकारी बन्छन् । सर्जक बन्छन् । गुरुकुलहरूले यो नीति अवलम्बन गर्नुपर्छ । सम्बन्धित गुरुकुलले नै यसको जिम्मा लिनुपर्छ ।

### (घ) शिक्षण व्यवस्थापनमा

श्रवण, मनन र निदिध्यासन हाम्रो मूलभूत शैक्षणिक सम्पदा हो । कामन्दकीय उक्ति अनुसार यसमा उत्प्रेरणा, श्रवण, ग्रहण, धारण, तर्क, वितर्क, अर्थ ज्ञान र तत्त्वज्ञान थप सम्पदाहरू हुन् । अहिले श्रवणमा बढी जोड छ । मनन र निदिध्यासन सम्पदाहरू ओझेलमा परेका छन् । मननले गुन्न सिकाउँछ भने निदिध्यासनले गर्न सिकाउँछ । घोकन्ते शिक्षणले संज्ञानात्मक तागत बढाउँछ । अर्थात् हाम्रो परम्परा संज्ञान, सुझ र निर्माणवादको मिलित ढिक्का छ । आचार्यको अनुसरणमा अवलोकन र आफ्नोपन जोड्ने गुन्जाइस छ । यो कुरालाई उत्खनन र आकारित गर्नु जरुरी छ । शैक्षिक जनशक्ति विकास केन्द्र र पाठचक्रम विकास केन्द्रको सहकार्यमा नेपाल संस्कृत विश्वविद्यालयले यो काम अघि बढाउन सक्छ ।

(ङ) **मूल्याङ्कन प्रक्रियामा**

गुरुकुलका गुरुहरू आफैं निर्णायक हुन् । पश्चिमाहरू पनि त्यसै गर्दछन् । अरूबाट विद्यार्थी परीक्षण गराउने क्रममा 'भेडा बेच । नुन किन । त्यही भेडालाई नुन बोकाएर ल्याऊ' । प्रश्न यही हो । यी र यस्ता प्रश्नले विद्यार्थी जाँच्ने गुरुकुलीय परम्परा हो । व्यावहारिक ज्ञान दिने परम्परा । अहिले अव्यावहारिक पढाइ छ भन्नेलाई चड्कन दिने परम्परा । यस्ता परम्पराहरूको उत्खनन अबको नीति हुनुपर्छ । गुरुकुल आफैले यो काम गर्न सक्छ ।

(च) **लगानी प्रबन्धमा**

गुरुकुलहरू आवासीय छन् । दान दातव्यबाट चलेका छन् । सरकारले केही गुरुकुलमा प्रति विद्यार्थी लागत पनि दिएको छैन । यस स्थितिमा लगानीको नीतिमा फेरबदल गर्नुपर्छ । आवासीय विद्यार्थीलाई दिइने लगानीको रूपमा । दिवा विद्यार्थीलाई दिइने लगानीको रूपमा । अर्को विकल्प हुन सक्छ गुठी खडा गरिदिने । पुर्खाले सोचेको गुठी प्रणाली जस्तो । अहिलेको गान्धीको चर्खा प्रचारक महागुठीको तरिका जस्तो । यो काममा नेपाल सरकार र गाउँपालिका तथा नगरपालिका महासंघ क्रियाशील हुनसक्छ ।

(छ) **गुरुहरूको व्यवस्थापनमा**

स्वामी (१०८, १००८) बनाउने आफ्नै प्रक्रियाहरू छन् । सामवेदीय अरण्युपनिषद (पृ. ४२ र ४३) तथा कृष्ण यजुर्वेदीय कठोपनिषद् (पृ. ४९) ले संन्यासी बन्ने तरिका पनि दिएको छ । तर गुरुकुलमा पठनपाठन गराउने गुरुहरूको व्यवस्थापनको प्रबन्ध छैन । मठको रूपमा जाने एउटा तरिका हुनसक्छ । शौनकादि ऋषिहरूको तरिकामा जाने अर्को बाटो हुनसक्छ । स्थानीय सरकारको व्यवस्थापनमा रहने तेस्रो तरिका हुन सक्छ । शिक्षा, विज्ञान र प्रविधि मन्त्रालयको प्रबन्धमा बस्ने चौथो तरिका हुन सक्छ । नेपाल संस्कृत विश्वविद्यालयको संरचनामा रहने पाँचौं तरिका हुन सक्छ । मदरसाका मौलवी तथा मौलानाभैँ आफनै संरचनामा रहने छैटौं नीति हुनसक्छ । कर्मचारी व्यवस्थापनमा पनि यो चिन्तन ल्याउनुपर्छ ।

यस्तो कुरामा अन्तर गुरुकुल छलफल जरुरी छ । निर्णय लिनु जरुरी छ । गुरुकुलकै नेतृत्वले यो काम गर्नसक्छ ।

सेवाभावले चले चलाइएका गुरुकुलका गुरु तथा कर्मचारीहरूको सुरक्षाका लागि योगदानमा आधारित सञ्चयकोष र निवृत्तिभरणको व्यवस्था पनि उत्तिकै जरुरी छ । हेलम्बु गाउँपालिकाले अस्थायी, करार, राहत तथा प्रति विद्यार्थी लगानीका सरकारी शिक्षकहरूलाई दिने गरेको योगदानमा आधारित सञ्चयकोष र निवृत्तिभरण एउटा उपाय हुनसक्छ । स्थानीय सरकारले यो काम गर्न सक्छ ।

### (ज) पाठचक्रम र पाठचविषयको व्यवस्थापन

मदरसा र गुम्बामा भैँ गुरुकुल तथा आश्रममा पनि गुरुको निर्णय नै पाठचक्रम हो । पाठचपुस्तक हो । धार्मिक विद्यालयहरूको मूलप्रवाहीकरण अभियानले यसमा नयाँ विषयहरू थपेको छ । बजारसँग जोडिएका विषयहरू पढ्नु पढाउनु एउटा उपाय हुनसक्छ । त्यसैमा बहुधार बनाउनु अर्को नीति हुनसक्छ । निश्चित उमेरका बालबालिकालाई सानै उमेरमा भर्ना गर्नु अर्को तरिका हुनसक्छ । जुनसुकै उमेरकालाई पनि जुनै विषयमा प्रवेश दिनु पनि उत्तिकै जरुरी हुन्छ । यस स्थितिमा तीन धार चलाउने नीति उपयुक्त हुन्छ । पूर्णकालीन आवासीय गुरुकुलीय धार । छोटो अवधिको रहरगत आवासीय तथा दिवा धार । नवीन विषय जोडिएका आवासीय तथा दिवा धार । गुरुकुल सञ्चालकहरूले यसको खाका बनाउनुपर्ने हुन्छ ।

### (झ) सशुल्क र निःशुल्क व्यवस्थापन

गुरुकुलमा आर्जेर पढाउनेहरू गुरुहरू छन् । अरूको आर्जनमा पढाउनेहरू पनि छन् । निःशुल्क पढाउनेहरू पनि छन् । यसैले समाजोपयोगी आर्युवेद, योग, कर्मकाण्ड जस्ता विषयमा सशुल्क सेवा गरिनुपर्छ । धर्मशास्त्रसम्मत जन ज्ञानका लागि निःशुल्क सेवा । समाजमा गरिने निःशुल्क सेवाबाट गुरुकुलले समाजको माया र सहयोग पाउँछ । सशुल्क सेवाले गुरुकुलले केही रकम सङ्कलन गर्न सक्छ । गुरुकुलहरूको साझा निर्णयले यो काम गर्न सकिन्छ ।

### (ञ) गुरुकुल संघको प्रबन्ध

यो प्रबन्धले गुरुकुल कहाँ छ भन्ने थाहा हुन्छ । कुन हालतमा छ भनी पहिचान गर्न सकिन्छ । एक अर्कालाई सघाउने नीति बनाउन सकिन्छ । शौनकादि ऋषिहरूको तागत आर्जन गर्न सकिन्छ । कर्मकाण्डीय हतौडी सिकाउने गुरुकुलदेखि स्नातकोत्तर तहसम्म पढाउने गुरुकुलबिचको जीवन्त सम्बन्ध बनाउन सकिन्छ । स्थानीय सरकारको सहकार्यमा एकसाथ अगाडि बढ्ने आधार बन्छ । प्रदेश र सङ्घीय सरकारसँग उच्च शिक्षाका लागि सहयोग लिन सकिन्छ । गुरुकुलको नेतृत्वले यो काम गर्न सक्छ ।

### (ट) अनुसन्धान र लेखन

सोच र खोज ऋषि परम्परा हो । अवलोकन, आप्तवाक्य, अनुभूति, संवाद हाम्रै शोधीय तरिका हुन् । प्रश्नले उठान गर्ने र विस्तारमा उत्तर दिने हाम्रै शोधग्रन्थीय परम्परा हो । यी र यस्ता हाम्रा अनुशीलन प्रक्रियाको खोजी गर्नुपर्छ । एकै विषयवस्तुलाई कसले कसरी बुझ्यो भनी ससाना पुस्तिका प्रकाशन गर्नुपर्छ । ब्लग लेख्नुपर्छ । सामाजिक सञ्जालमा पढाउनुपर्छ । वेभ पेज बनाउनुपर्छ । लेखहरू लेख्नुपर्छ । आफूमै शोध गरेर अनन्त ब्रह्माण्ड पहिल्याउने हाम्रो पुर्ख्यौली तागत पुनर्प्रस्तुति गर्नुपर्छ । हकिन्सको बहुब्रह्माण्डलाई हाम्रा अनन्त ब्रह्माण्डले प्रतिस्थापित गर्नुपर्छ ।

### (ठ) संस्कृति र भाषामा सह-खोज

संस्कृत साझा हो । देशका सबै संस्कृति र भाषाहरूमा यसको सम्बन्ध छ । अङ्ग्रेजले ग्रीक र ल्याटिनको सम्बन्ध देखायो । हामीले भारोपेली समूहमा मात्रै संस्कृतको सम्बन्ध बुझ्यौँ, बुझायौँ । त्यसैले अबको नीति हुनुपर्छ संस्कृतका शब्दावली कुन कुन भाषामा छन् खोज्ने । जनार्दन घिमिरेले शब्द सन्दोह लेखेझैँ । संस्कृत सन्दोहबाट नेपालका कुन कुन भाषाहरू सिक्न सिकाउन सकिन्छ भन्नुपर्छ । अष्ट्रेलियाको माउरी भाषाले संस्कृतको मूल पहिल्याए जस्तो । यसका लागि नेपाल संस्कृत विश्वविद्यालयसँग सहकार्य गर्नुपर्छ । गुरुकुलका गुरुहरूको जत्था बनाउनुपर्छ । गुरुकुलले नै यसको जिम्मा लिनुपर्छ ।

### (ङ) चाखको सिर्जना

अ, इ, उण, ऋ, लृ पढाउने हाम्रो शास्त्रीय विधि हो । सहजबाट जटिल अहिलेको शिक्षण विधि । विधिले घोकाइ माग्यो । अहिलेको विधिले सोचाइ खोज्यो । अर्थात् संस्कृत शिक्षण विधिले सरलता माग्यो । सन्निकटता माग्यो । 'कथाले मागेको' विधिले संस्कृत सबैको विषय बन्छ । यसका ज्ञानहरूको सहज प्रस्तुतीले सबैको चाख बन्छ । गुरुकुलका गुरु तथा तागतवार सहकर्मीहरूको टोलीले संस्कृत र पूर्वीय संस्कृति सबैको खोजाइ बनाउन सक्छ । थोपरिएको भनिएको आजको संस्कृत सर्व स्वीकार्य बन्न सक्छ, इच्छाधीन विषयका रूपमा । सबैको रुचिको विषयका रूपमा । पूर्वीय ज्ञानहरूको तुलनात्मक अध्ययन सामग्री बने बनाएमा अनिवार्य विषयका रूपमा । विद्यालयमा । क्याम्पसमा । विश्वविद्यालयहरूमा । परिणामतः मेकाले र ह्यूगबी उडको चुनौतीको सामना हुन्छ । संस्कृतमा लेखिएका ज्ञान तथा विज्ञान खोजेर । तिनलाई आधुनिकीकरण गरेर । संस्कृतका ज्ञान तथा विज्ञानलाई रोजगारीका विषयको रूपमा विकसित गरेर । तिम्रा अङ्ग्रेजीले पनि त जागिर दिन छोड्यो नि त भन्नुपर्छ । स्वामी प्रपन्नाचार्यको हिन्दु विज्ञानमा उल्लिखित ज्ञान तथा विज्ञानको सङ्कलनमा थप काम गर्नुपर्छ । आचार्य तहका गुरुहरूले यो काम गर्नुपर्छ ।

दिव्यमणि अधिकारी (२०७८) ले गुरुकुल/आश्रम व्यवस्थापन परिषद् प्रकाशक रहेको बार्षिक पत्रिका गुरुकुल सन्देशमा "गुरुकुलीय शिक्षा परम्परामा राज्यसत्ताको योगदान" विषयमा लेख लेखेका छन् । उक्त लेख वैदिक कालदेखि राजामहाराजा प्रजाहरू सबैले शिक्षा लिइएको आश्रम शिक्षा वा गुरुकुल शिक्षालाई नेपाल सरकारबाट हालसम्म के कस्ता योगदानहरू भइरहेका छन् त ? अझै पनि राज्यद्वारा आफ्ना नीति नियमहरूमा परम्परागत गुरुकुल शिक्षालाई नसमेटेका कारण केही सीमित गुरुकुल बाहेक प्रायःजसो मुट्ठीदान र दाताको भरमा चल्नु परेको अवस्थालाई मूल समस्याका रूपमा उजागर गर्न खोजिएको छ । यस लेखमा खास गरी भौतिक पक्ष एवम् आर्थिक पक्षमा राज्यले गरेको योगदानलाई प्रस्तुत गर्न पुस्तकालय, गुणात्मक विधि प्रयोग गरी वर्णनात्मक र विवरणात्मक पद्धतिबाट तथ्यको व्याख्या विश्लेषण गरिएको छ । अधिकारीले गुरुकुल शिक्षाको व्यापकता तथा आकर्षणका सन्दर्भमा भन्छन् :

वैदिक कालदेखि हालसम्म स्थापित राज्य एवम् ऋषिकुल र गुरुकुलहरूको सम्बन्ध कायम गर्दै नेपाललाई बुद्ध, सगरमाथा र वीर गोर्खालीहरूको देश एवम् विश्व गुरुको रूपमा चिनाउन राज्यस्तरबाट नै नीतिनिर्माण गरी सबै गुरुकुलहरूका प्रवर्द्धन र विकास गर्नुपर्ने जरुरी छ । जसका लागि उचित पाठ्यक्रम र शिक्षा योजना ल्याएर पूर्वीय दर्शनका विभिन्न पक्षहरूलाई उजागर गर्दै यहाँको ज्ञानलाई सर्वसुलभ बनाई योग्य जनशक्ति उत्पादन गरी विश्व बजारमा समेत पुर्याउनु पर्दछ । जसका लागि शैक्षिक मात्र नभई आर्थिक एवम् भौतिक पक्षलाई पनि समेट्नुपर्ने पर्ने हुन्छ । नेपालमा पाश्चात्य शिक्षा प्रणालीको धेरै मोह देखिएको भए तापनि गुरुकुलहरूलाई रुचाउने, माया गर्ने धर्म संस्कृतिप्रेमी साधुसन्त एवम् जनसमुदायद्वारा गुरुकुल शिक्षालय खुल्ने क्रम रोकिएको छैन । नेपालमा हालसम्म करिब ३०० वटा गुरुकुल एवम् संस्कृत शिक्षा केन्द्र स्थापना भएका छन् । स्व.डा.स्वामी रामानन्द गिरीज्यूबाट २०५२ सालमा तनहुँको देवघाटमा आवासीयमा महेश संस्कृत गुरुकुल स्थापना गरी औपचारिक रूपमा नेपाल सरकारको पाठ्यक्रम लागू गरी अध्यापन सुरु भएको तथा पछि स्वामी आत्मानन्द गिरी र स्वामी ज्ञानानन्द सरस्वतीज्यूले पनि औपचारिकरूपमा वेद वेदाङ्ग गुरुकुल र परमानन्द संस्कृत गुरुकुलको स्थापना भक्तजन र श्रद्धालुहरूको दान तथा सहयोगमा सञ्चालन भएका र आधारभूत तह कक्षा ६ देखि आचार्य तहसम्मको अध्ययन अध्यापन हुने गुरुकुलहरूका कारण देवघाट अहिले नेपालको प्रमुख संस्कृत शिक्षाको केन्द्रका रूपमा परिचित भएको छ ।

उनका अनुसार आधुनिक नेपालमा वि.सं. १९३२ मा दिङ्ला भोजपुरमा बालगुरु षडानन्दले स्थापना गरेको पाठशालालाई नेपालको पहिलो संस्कृत गुरुकुल मानिन्छ । जुन स्थापनाकालमा गुठीबाट सञ्चालित भएर सन् २०२२ सालदेखि नेपाल सरकारले पूर्णरूपमा दरबन्दी र सहयोग प्रदान गरी हाल पूर्व प्राथमिकदेखि उच्च मा.वि. तह १२ कक्षासम्म सञ्चालन भइरहेको छ । यस्तै राणाकालमा स्थापित तीनधारा पाठशालामा पनि राज्यको पूर्ण

सहयोग रहेको छ । यी बाहेक साधुसन्त एवम् जनस्तरबाट सञ्चालित गुरुकुलहरू धेरै छन् जसमा संघीय संरचनामा गएको हाम्रो देशका स्थानीय तह एवम् प्रदेश तहबाट समेत भौतिक एवम् करार शिक्षक दरबन्दी सहयोग पाउने क्रम सुरु भइसकेको छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट पनि यस्ता गुरुकुलहरूलाई केही सहयोग भएको अवस्था देखिएको छ । गुरुकुलका अग्रजहरूको अथक प्रयास एवम् मेहनतबाट राज्यले धेरै नै सहयोग भएको कुराहरूलाई उल्लेख गर्दै आगामी दिनमा कुनै पनि गुरुकुललाई कक्षागत, विद्यार्थी सङ्ख्याका आधार बनाई के कति सहयोग गर्न सकिन्छ ? भवन, छात्रावास छ छैन ? आम्दानीका स्रोत के के छन् ? आदि पक्षको अध्ययनपश्चात् नीतिगत व्यवस्था गरिनुपर्ने उल्लेख गरेको पाइन्छ । यस लेखको पुनरावलोकनबाट हालसम्म मूलप्रवाहीकरणका लागि राज्यबाट भएका आर्थिक एवम् भौतिक र शैक्षिक पक्षमा समेत भएका प्रयासहरूका सम्बन्धमा केही जानकारी प्राप्त भएकाले यसबाट शोधकार्यमा सहयोग पुग्ने देखिन्छ ।

## २.७ शोधसमस्यासँग सम्बन्धित समीक्षा

गुरुकुल शिक्षा प्रणाली नेपालमा शताब्दीयौंदेखि प्रयोग हुँदै आएको शिक्षाको प्राचीन रूप हो । यो शिक्षा प्रणाली शिक्षक-विद्यार्थी सम्बन्धमा आधारित छ, जहाँ विद्यार्थीहरू आफ्ना शिक्षकहरूसँग बस्छन् र विभिन्न विषयहरू सिक्छन् । गुरुकुल शिक्षा प्रणाली नेपाली संस्कृतिको एक महत्त्वपूर्ण भाग हो । यसले देशको शैक्षिक परिदृश्यलाई महत्त्वपूर्ण योगदान दिएको छ । यो साहित्य समीक्षामा नेपालको गुरुकुल शिक्षा प्रणालीको इतिहास र पाठचक्रमका साथै शिक्षामा पार्ने मूलप्रवाहीकरणको अध्ययन गरिएको छ ।

समग्र शिक्षा र सांस्कृतिक मूल्य मान्यतामा जोड दिएको कारणले नेपालमा गुरुकुल शिक्षाले एकातिर लोकप्रियता पाइरहेको छ भने अर्कोतिर वर्तमान समयमा यसको सान्दर्भिकता र महत्त्व झनै बढ्दै गइरहेको छ । नेपालका विभिन्न भागहरूमा विशेष गरी ग्रामीण क्षेत्रमा धेरै गुरुकुल विद्यालयहरू स्थापना भएका छन् । यी विद्यालयहरूले आधुनिक शिक्षासँगै परम्परागत ज्ञान, मूल्य मान्यता र सीपहरू प्रदान गर्नमा केन्द्रित छन् ।

हालैका वर्षहरूमा नेपालमा समाजका हरेक क्षेत्रका मानिसहरूका बिचमा गुरुकुल शिक्षाको लोकप्रियता बढ्दै गइरहेको छ । धेरै विद्यालय र संस्थाहरूले यस प्रकारको शिक्षा प्रदान गरेका छन् । शिक्षा मन्त्रालयका अनुसार नेपालमा हाल १२ गुरुकुल विद्यालय छन् (शिक्षा मन्त्रालय, २०२१) । यी विद्यालयहरूले संस्कृत, वेद, ज्योतिष र दर्शन जस्ता विषयहरूमा पाठ्यक्रमहरूको निर्धारण र शिक्षा प्रदान गर्ने गर्दछन् । नेपालमा गुरुकुल शिक्षा प्रदान गर्ने प्रमुख संस्थाहरूमध्ये एक काठमाडौंमा रहेको अन्तर्राष्ट्रिय वैदिक गुरुकुल हो । यो संस्थाले वैदिक अध्ययन, संस्कृत, ज्योतिष र अन्य विषयहरूका पाठ्यक्रमहरू प्रदान गर्दछ । यसलाई स्वायत्त शैक्षिक संस्थाका रूपमा अन्तर्राष्ट्रिय वैदिक गुरुकुलको समेत दर्जा दिएको छ ।

नेपालमा गुरुकुल शिक्षा प्रदान गर्ने अर्को संस्था जगद्गुरू कृपालु परिषद्, नवलपरासीमा अवस्थित छ । जसलाई छोटकरीमा जेकेपी भनिन्छ । जेकेपीले वैदिक अध्ययन, योग, ध्यान र अन्य विषयहरूमा पाठ्यक्रमहरू निर्माण गर्ने र अरूलाई प्रदान गर्ने काम गर्दछ । यो संस्थालाई नेपाल सरकारले मान्यता दिएको छ र यसलाई धार्मिक र सांस्कृतिक संस्थाको दर्जा पनि दिएको छ (जगद्गुरु कृपालु परिषद्) ।

नेपालमा गुरुकुल शिक्षा प्रणाली भनेको सबैभन्दा जेठो शिक्षा प्रणाली हो । जुन शिक्षा प्रणालीमा विद्यार्थीहरूले आफ्ना शिक्षकहरूसँग बसेर विभिन्न विषयहरू सिक्ने गर्थे । यो शिक्षा प्रणाली १९औं शताब्दीको मध्यतिर देशले आधुनिक शिक्षा अपनाउन थालेसम्म नेपालभर प्रचलित थियो । नेपालमा गुरुकुल शिक्षा प्रणाली अझै पनि विद्यमान छ र यसलाई नेपाली संस्कृतिको महत्त्वपूर्ण अङ्ग मानिन्छ ।

नेपालमा गुरुकुल शिक्षाको पाठ्यक्रम पुरातन हिन्दु धर्मग्रन्थ वेदहरूमा आधारित छ । यो शिक्षा प्रणालीमा विद्यार्थीहरूलाई गणित, विज्ञान, धर्म र दर्शन लगायत विभिन्न विषयहरू पढाइन्छ । गुरुकुलमा शैक्षिक विषयहरूको अतिरिक्त विद्यार्थीहरूलाई खाना पकाउने, सरसफाइ र खेती गर्ने जस्ता जीवनयापन गर्ने सीपहरू पनि सिकाइन्छ ।

गुरुकुल शिक्षा प्रणालीले नेपालको शिक्षामा ठूलो प्रभाव पारेको छ । यसले देशको संस्कृतिको विकासमा योगदान पुऱ्याएको छ । गुरुकुल शिक्षा प्रणालीले प्राचीन ज्ञान र

परम्पराको संरक्षण गर्न मद्दत गरेको छ । यद्यपि गुरुकुल शिक्षा प्रणालीमा केही कमजोरी पनि छन् । यो शिक्षा सबैको लागि पहुँचयोग्य छैन र गुरुकुलहरूमा जाने विद्यार्थीहरू प्रायः विशेषाधिकार प्राप्त पृष्ठभूमिबाट आउँछन् । गुरुकुल शिक्षा प्रणालीमा केही कमजोरी भए तापनि आज यो नेपाली संस्कृति र इतिहासको महत्त्वपूर्ण हिस्सा बनेको छ ।

गुरुकुल शिक्षाको जरा प्राचीन भारतमा छ, र यो ब्रिटिश औपनिवेशिक कालसम्म शिक्षाको प्रमुख प्रणाली थियो । हालैका वर्षहरूमा भारतमा गुरुकुल शिक्षामा रुचिको पुनरुत्थान भएको छ । भारतको मानव संसाधन विकास मन्त्रालयको एक प्रतिवेदन (एमएचआरडी, सन् २०१९) अनुसार, हाल भारतमा लगभग २०० गुरुकुल विद्यालयहरू सञ्चालनमा छन् । यी विद्यालयहरू तिनीहरूको पाठ्यक्रम र शिक्षण विधिहरूमा भिन्न हुन्छन्, तर तिनीहरू सबैले प्रयोगात्मक शिक्षा र चरित्र निर्माणमा जोड दिन्छन् । यसरी गुरुकुल शिक्षा भारतीय परम्परामा सुरु भएको शिक्षा प्रणालीको एक प्राचीन र पुरानो रूप हो र यो शैक्षिक प्रणाली नेपालका केही भागहरूमा अभ्यासमा रहेको छ । गुरुकुल शिक्षा प्रणालीमा परम्परागत विद्यालयमा जस्तै परीक्षा प्रणाली हुँदैन । प्रत्येक शैक्षिक वर्षको अन्त्यमा औपचारिक परीक्षा लिनुको सट्टा विद्यार्थीहरूको दैनिक कार्यसम्पादन, विषयहरूको बुझाइ र जीवन सीपको आधारमा निरन्तर मूल्याङ्कन गरिन्छ ।

भण्डारी, आर. र भट्ट, एस. (सन् २०१९) ले नेपालको गुरुकुल शिक्षा प्रणाली विषयमा लेख लेखेका छन् । उक्त लेख विकासका हरेक पक्षहरूमा केन्द्रित छ, जहाँ विद्यार्थीहरूलाई शैक्षिक उपलब्धिहरूको सट्टा उनीहरूको समग्र क्रियाकलापको प्रदर्शनको आधारमा मूल्याङ्कन गरिन्छ । यस दृष्टिकोणले हेर्दा गुरुकुल शिक्षाले विद्यार्थीहरूलाई विभिन्न सीपहरू विकास गर्न मद्दत गर्छ । यो गुरुकुल शिक्षामा हरेक व्यक्तिहरूको आलोचनात्मक र सकारात्मक सोच, समस्या समाधान र निर्णय लिने कुराहरू, जुन विद्यार्थीहरूको व्यक्तिगत र व्यावसायिक जीवनमा महत्त्वपूर्ण छन् ।

## २.८ गुरुकुल शिक्षाको परीक्षा प्रणाली

गुरुकुल शिक्षामा परीक्षा प्रणाली प्राज्ञिक कार्य सम्पादनमा मात्र सीमित नभई विद्यार्थीको व्यवहार, व्यक्तित्व र अनुशासनको मूल्याङ्कनका विषयहरू पनि समावेश गरिन्छन् । यससम्बन्धी साहित्यको समीक्षा निम्नानुसार समावेश गरिएको छ ।

श्रेष्ठ, एस., श्रेष्ठ, एन. र श्रेष्ठ, आर. (सन् २०१७) ले नेल्टाद्वारा प्रकाशित 'गुरुकुल एजुकेशन सिस्टमः एन अल्टरनेटिभ एप्रोच फर होलिस्टिक डेभलपमेन्ट' (Gurukul Education Eystem: An Alternative Approach for Holistic Development) शीर्षक भएको जर्नलमा 'गुरुकुल शिक्षाले अनुशासन र चरित्र निर्माणको महत्त्वलाई जोड दिन्छ र त्यसैले विद्यार्थीहरूलाई उनीहरूको आचरण, व्यवहार, र नियमहरूको पालनाको आधारमा मूल्याङ्कन गरिने उल्लेख गरिएको छ । यस दृष्टिकोणले विद्यार्थीहरूलाई जीवन र समाजप्रति सकारात्मक दृष्टिकोण विकास गर्न र भविष्यमा जिम्मेवार नागरिक बन्न मद्दत गर्छ । गुरुकुल शिक्षा प्रणालीले आत्म-शिक्षा र स्वतन्त्र सोचलाई पनि बढावा दिन्छ । विद्यार्थीहरूलाई आफ्नै गतिमा सिक्न प्रोत्साहित गरिन्छ । गुरुकुलमा शिक्षकको भूमिका सिकाइ प्रक्रियालाई मार्गदर्शन गर्नु र सहज बनाउनु हो ।

शर्मा, एस.र भट्टराई एस.(सन् २०१८) ले Gurukul Education System: A Reflection on Self-Learning and Independent Thinking. Journal of NELTA, मा उल्लेख गरेअनुसार गुरुकुल शिक्षामा शिक्षक-विद्यार्थी सम्बन्ध आपसी विश्वास तथा सम्मानमा आधारित हुन्छ र विद्यार्थीहरूलाई प्रश्न सोध्न, आफ्नो विचार व्यक्त गर्न तथा स्वतन्त्र सोच कौशल विकास गर्न प्रोत्साहित गरिन्छ । यो दृष्टिकोणले गुरुकुल शिक्षाबाट विद्यार्थीहरूलाई आत्मनिर्भर र आत्मविश्वासी व्यक्ति बन्न मद्दत गर्छ, जसले आफ्नो सिकाइ र व्यक्तिगत वृद्धिको जिम्मेवारी लिन सक्छ । आत्मनिर्भर तथा आत्मविश्वासका साथ सिकाइलाई सुदृढ पार्न र विस्तार गर्न सकिने सन्दर्भमा उनी भन्छन् : गृहकार्य विद्यार्थीको शिक्षाको एक आवश्यक पक्ष हो । जसले कक्षाकोठाभन्दा बाहिर सिकाइलाई बलियो बनाउन र विस्तार गर्न मद्दत गर्छ । यसलाई विद्यार्थीहरूको सीप, जस्तै आलोचनात्मक सोच, समस्या समाधान,

समय व्यवस्थापन र आत्म-अनुशासन वृद्धि गर्न प्रभावकारी उपकरणको रूपमा लिइन्छ । नेपालमा गुरुकुल शिक्षा प्रणाली, जुन शिक्षाको परम्परागत रूप हो, यसले विद्यार्थीहरूको सिकाइलाई सुदृढ गर्ने माध्यमको रूपमा गृहकार्यलाई समावेश गर्दछ । गृहकार्य नेपालको गुरुकुल शिक्षा प्रणालीको एक अनिवार्य अङ्ग हो, जहाँ विद्यार्थीहरूलाई गुरु वा शिक्षकहरूद्वारा सिकाइन्छ । गुरुहरूद्वारा विद्यार्थीहरूलाई कक्षाकोठाभन्दा बाहिर उनीहरूको सिकाइलाई सुदृढ पार्न र विस्तार गर्न गृहकार्य दिने गरिन्छ ।

यसरी उक्त जर्नलमा लेखकहरूले गुरुकुल शिक्षामा शिक्षक-विद्यार्थी सम्बन्ध आपसी विश्वास तथा सम्मानमा आधारित हुने भएकाले विद्यार्थीहरूको कक्षाकोठा बाहिर गरिने गृहकार्य नेपालको गुरुकुल शिक्षा प्रणालीको एक अनिवार्य अङ्गको रूपमा रहेको र गृहकार्यबाट आत्मनिर्भर तथा आत्मविश्वासका साथ सिकाइलाई सुदृढ पार्न सकिने धारणा राखेका छन्, जसका कारण नेपालमा गुरुकुल शिक्षा प्रभावकारी छ भन्ने सन्देश दिएको छ ।

अधिकारी, के., श्रेष्ठ आर. र सुवेदी, डी.(सन् २०१९) ले Journal of Education and Research मा लेख प्रकाशित गरेका छन् । उक्त लेख अनुसार गृहकार्यले विद्यार्थीहरूमा आत्म-अनुशासन र उत्तरदायित्व विकास गर्न मद्दत गर्दछ । विद्यार्थीहरूले पर्यवेक्षण बिना समयमै आफ्ना कार्यहरू पूरा गर्नुपर्ने तथा गृहकार्यले विद्यार्थीहरूको आलोचनात्मक सोच र समस्या समाधान गर्ने सीपहरू बढाउन पनि मद्दत गर्दछ ।

Koirala, M. (सन् 2018) को प्रकाशित लेख Homework in the Gurukul Education System. Education Today, मा गृहकार्य गर्न विद्यार्थीहरूले प्रभावकारी रूपमा समय व्यवस्थापन गर्न जरुरी हुने हुँदा गृहकार्यले उनीहरूको समय व्यवस्थापन कौशल सुधार गर्न मद्दत गर्दछ । तर यसले नेपालको गुरुकुल शिक्षा प्रणालीमा केही चुनौतीहरू पनि खडा गरेको छ । विद्यार्थीहरूमा कामको भारी हुनु प्राथमिक चुनौती हो र कहिलेकाहीँ गृहकार्य पूरा गर्ने र अन्य गतिविधिहरूमा संलग्न हुने बिचमा समय व्यवस्थापन गर्न उनीहरूलाई चुनौतीपूर्ण लाग्छ ।

Adhikari, K., Shrestha, R., & Subedi, D. (सन् 2019). को प्रकाशित लेख Study on Homework Practice in Gurukul Education System. Journal of Education and Research, मा थप पाठ्यपुस्तकहरू र अध्ययन सामग्रीहरू जस्ता स्रोतहरूको अभावका कारण विद्यार्थीहरूले आफ्नो गृहकार्य पूरा गर्न कठिनाइहरू सामना गर्नुपरेको तथा गृहकार्य (असाइनमेन्ट) को गुणस्तर शिक्षकहरू पिच्छे फरक फरक हुने भएकाले वा एकरूपता नहुन सक्ने भएकाले विद्यार्थीहरूको सिकाइ परिणामहरूलाई असर गर्न सक्ने कुरा उल्लेख भएको छ ।

## २.९ गुरुकुल शिक्षाको सिकाइ प्रणाली

नेपालमा गुरुकुल शिक्षा प्रणाली शताब्दीयौंदेखि व्यवहारमा चल्दै आएको सिकाइको परम्परागत तरिका हो । यस प्रणालीमा विद्यार्थीहरू एकान्त वातावरणमा आफ्ना गुरु वा शिक्षकसँग बस्छन् र व्यावहारिक एवम् सैद्धान्तिक शिक्षाहरूको संयोजनबाट सिक्छन् । शोध समस्यासंग सम्बन्धित यस साहित्य समीक्षाको उद्देश्य नेपालको गुरुकुल शिक्षा प्रणाली, विद्यार्थीहरूमा यसको प्रभाव र आधुनिक समयमा यसको सान्दर्भिकतालाई पहिल्याई शैक्षिक विकासमा टेवा पुर्‍याउनु हो । जसका केही उदाहरणहरू तल प्रस्तुत गरिएको छ ।

### (क) चरित्र निर्माणमा गुरुकुल शिक्षाको भूमिका

नेपालमा सिकाइको परम्परागत तरिका गुरुकुल शिक्षा प्रणाली शताब्दीयौंदेखि अभ्यासमा रहेको प्राचीन भारतीय र नेपाली शिक्षा प्रणाली हो । यसमा शिक्षक वा गुरुसँग एकान्त वातावरणमा बस्नु समावेश छ, जहाँ विद्यार्थीहरूले व्यावहारिक सीप र सैद्धान्तिक ज्ञान सिक्छन् । प्रणालीले व्यक्तिगत अनुशासन र आत्म-नियन्त्रणको महत्त्वलाई जोड दिन्छ, जुन सिक्नका लागि आवश्यक मानिन्छ (जोशी, सन् २०२०) ।

गौतम, (सन् २०१९) अनुसार गुरुकुल शिक्षा प्रणालीले चरित्र निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्छ । यस्तो प्रणाली विद्यार्थीहरूको समग्र विकासमा केन्द्रित छ, जसमा शारीरिक, भावनात्मक, बौद्धिक र आध्यात्मिक वृद्धि समावेश छ । यसले नैतिक मूल्य र नैतिक व्यवहारको महत्त्वलाई जोड दिन्छ ।

### (ख) आधुनिक समयमा गुरुकुल शिक्षाको सान्दर्भिकता

गुरुकुल शिक्षा प्रणाली शताब्दीयौं देखि अभ्यासमा रहे पनि आधुनिक समयमा यसको सान्दर्भिकता माथि प्रश्न उठाउने गरेको पाइन्छ । भट्ट, (सन् २०२०) का अनुसार यो प्रणाली आज पनि सान्दर्भिक छ, किनकि यसले अनुशासन, सम्मान र समुदायको भावनालाई बढावा दिने अद्वितीय सिकाइ वातावरण प्रदान गर्दछ । प्रणालीले व्यावहारिक शिक्षालाई पनि जोड दिन्छ, जुन आजको द्रुतगतिको संसारमा आवश्यक छ ।

### (ग) विद्यार्थीहरूमा गुरुकुल शिक्षाको प्रभाव

धेरै अध्ययनहरूले विद्यार्थीहरूमा गुरुकुल शिक्षा प्रणालीको प्रभावको अन्वेषण गरेका छन् । अर्याल (सन् २०१८) का अनुसार गुरुकुल शिक्षा प्राप्त गरेका विद्यार्थीहरूले आफ्नो संस्कृति, परम्परा र मूल्य मान्यताबारे राम्रोसँग बुझेका छन् । तिनीहरू पनि अधिक अनुशासित, सम्मानजनक र आत्मविश्वासी हुन्छन् ।

### (घ) नेपालमा गुरुकुल शिक्षाप्रणालीले सामना गरेका चुनौतीहरू

यसका धेरै फाइदाहरूका बाबजुद पनि नेपालको गुरुकुल शिक्षा प्रणालीले धेरै चुनौतीहरूको सामना गरिरहेको छ । अधिकारी लगायत (सन् २०२०) का अनुसार, यो प्रणाली सबै विद्यार्थीहरूको लागि पहुँचयोग्य छैन, किनकि यसले निश्चित स्तरको वित्तीय र सामाजिक विशेषाधिकार चाहन्छ । प्रशिक्षित शिक्षक र सुविधाको अभाव पनि छ, जसले शिक्षाको गुणस्तरमा बाधा पुऱ्याएको छ ।

### (ङ) गुरुकुल शिक्षामा अनुशासन

गौतम, एस (सन् २०१९) का अनुसार चरित्र निर्माणमा गुरुकुल शिक्षा प्रणाली नेपालको एक प्राचीन शिक्षा प्रणाली हो, जुन मुख्यतया अनुशासन र आध्यात्मिकताका सिद्धान्तहरूमा आधारित थियो । यस प्रणालीमा विद्यार्थीहरूले आफ्ना गुरु (शिक्षक) सँग बस्ने र व्यक्तिगत अन्तरक्रिया र व्यावहारिक अनुभवबाट विभिन्न विषयहरू सिक्नेछन् । गुरुकुल शिक्षामा अनुशासन प्रणाली विद्यार्थीहरूमा आत्म-अनुशासन, उत्तरदायित्व र नैतिक

मूल्यमान्यता जगाउने एउटा आवश्यक पक्ष थियो । यो साहित्य समीक्षाले नेपालमा गुरुकुल शिक्षामा अनुशासन प्रणाली, विद्यार्थी विकासमा यसको प्रभाव र समसामयिक समयमा यसको सान्दर्भिकताको अन्वेषण गर्दछ ।

बस्नेत र श्रेष्ठ, (सन् २०१९) ले आफ्नो लेख 'नेपालमा गुरुकुल शिक्षा प्रणाली : एक सङ्क्षिप्त अवलोकन' मा गुरुकुल शिक्षामा अनुशासनको महत्त्वको चर्चा गरेका छन् । गुरुकुल शिक्षाको आधार अनुशासन हो र यसले विद्यार्थीको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने उनीहरूको भनाइ छ । गुरुकुल शिक्षामा अनुशासन प्रणालीले विद्यार्थीहरूमा आत्म-अनुशासन र जिम्मेवारी विकास गर्नमा केन्द्रित रहेको तर्क गर्दछ, जुन जीवनमा सफलताका लागि आवश्यक गुणहरू हुन् ।

पौडेल र पौडेल, (सन् २०१८) गुरुकुल शिक्षामा अनुशासन प्रणालीलाई सांस्कृतिक दृष्टिकोणबाट जाँच्छन् । गुरुकुल शिक्षामा अनुशासन प्रणाली नेपाली संस्कृति र परम्परामा गहिरो जरा गाडिएको उनीहरूको तर्क छ । गुरुकुल शिक्षामा अनुशासन प्रणाली भनेको नियमकानुन लागू गर्ने मात्र नभई विद्यार्थीमा सम्मान, आज्ञाकारिता र नम्रताको भावनाको विकास गर्ने सुझाव पनि दिन्छन् ।

भट्टराई र बराल (सन् २०२०) ले आफ्नो लेखमा समकालीन समयमा गुरुकुल शिक्षाको सान्दर्भिकताको खोजी गरेका छन् । उनीहरूको तर्क छ कि गुरुकुल शिक्षामा अनुशासन प्रणालीले परम्परागत शिक्षा प्रणालीको बहुमूल्य विकल्प प्रदान गर्न सक्छ, जुन विद्यार्थीको समग्र विकासलाई सम्बोधन गर्न असफल भएको उनीहरूको भनाइ छ । उनीहरूले गुरुकुल शिक्षामा विद्यमान अनुशासन प्रणालीले विद्यार्थीहरूलाई नैतिकता र आध्यात्मिकताको भावना विकास गर्न मद्दत गर्न सक्ने सुझाव दिन्छन्, जुन आधुनिक समाजमा सफलताका लागि आवश्यक गुणहरू हुन् ।

अधिकारी (सन् २०१७) गुरुकुल शिक्षामा अनुशासन प्रणालीलाई मनोवैज्ञानिक दृष्टिकोणबाट जाँच्छन् । गुरुकुल शिक्षामा अनुशासन प्रणाली सकारात्मक सुदृढीकरणको

सिद्धान्तमा आधारित रहेको उनको सुझाव छ, जसले विद्यार्थीमा मनपर्ने व्यवहारलाई प्रोत्साहित गर्ने लक्ष्य राख्दछ । गुरुकुल शिक्षामा अनुशासन प्रणालीले नकारात्मक व्यवहारलाई दण्डित गर्नुभन्दा सकारात्मक व्यवहारलाई पुरस्कृत गर्नमा केन्द्रित भएकाले विद्यार्थीको व्यवहारलाई आकार दिन प्रभावकारी रहेको उनको तर्क छ । अनुशासन प्रणालीका सम्बन्धमा अधिकारीको कथन छ : नेपालको गुरुकुल शिक्षामा अनुशासन प्रणाली शताब्दीयौँदेखि शिक्षा प्रणालीको अनिवार्य पक्ष रहेको छ । यसले विद्यार्थीहरू बिच आत्मअनुशासन, जिम्मेवारी र नैतिक मूल्यहरू विकास गर्ने लक्ष्य राख्छ, जुन जीवनमा सफलताका लागि आवश्यक गुणहरू हुन् । साहित्यले सुझाव दिन्छ कि गुरुकुल शिक्षामा अनुशासन प्रणाली नेपाली संस्कृति एवम् परम्परामा गहिरो जरा गाडिएको छ र यसले परम्परागत शिक्षा प्रणालीको बहुमूल्य विकल्प प्रदान गर्न सक्छ । गुरुकुल शिक्षामा अनुशासन प्रणाली विद्यार्थीको व्यवहारलाई आकार दिन प्रभावकारी हुन्छ किनभने यसले नकारात्मक व्यवहारलाई सजाय दिनुभन्दा सकारात्मक व्यवहारलाई पुरस्कृत गर्नमा केन्द्रित हुन्छ । अनुशासन शिक्षाको एक महत्त्वपूर्ण पक्ष हो र यो नेपालको शिक्षाको गुरुकुल प्रणालीको अभिन्न अङ्ग भएको छ । गुरुकुल एक पुरानो शिक्षा प्रणाली हो, जुन अझै पनि नेपाल र भारतमा प्रचलित छ, जहाँ विद्यार्थीहरू आफ्ना शिक्षकहरूसँग आश्रम वा आश्रममा बस्छन् ।

यस समीक्षामा नेपालमा गुरुकुल शिक्षाको अनुशासन प्रणाली, यसका फाइदा र बेफाइदाहरूसहितको विश्लेषण गरिएको छ ।

यस सन्दर्भमा आचार्य (सन् २०१६) का अनुसार गुरुकुल प्रणालीले अनुशासनलाई आफ्नो मूल मूल्यको रूपमा जोड दिन्छ । विद्यार्थीहरूले कडा नियम र नियमहरू पालना गर्ने अपेक्षा गरिएको छ, जसमा बिहान सबेरै उठ्ने, योग अभ्यास गर्ने र ध्यान गर्ने लगायत अन्य समावेश छन् । यसले विद्यार्थीहरूमा जिम्मेवारी र आत्मअनुशासनको भावना विकास गर्न मद्दत गर्दछ । शिक्षकहरूले विद्यार्थीहरूको लागि आदर्श व्यक्तित्वका रूपमा काम गर्छन् र तिनीहरूले आफ्ना कार्यहरू मार्फत सिकाउँछन्, जसले अनुशासन मद्दत गर्दछ ।

गुरुकुल प्रणालीका कमजोरीहरू पनि छन् । प्रणाली अत्यधिक अधिनायकवादी छ र विद्यार्थीहरूसँग आफ्नो विचार व्यक्त गर्ने वा आफ्नै लागि निर्णय गर्ने स्वतन्त्रता छैन । यसले विद्यार्थीहरूमा आलोचनात्मक सोच र रचनात्मकताको कमी निम्त्याउन सक्छ। यो प्रणाली लैङ्गिक-पक्षपाती छ किनकि यसले केटी र केटाहरूलाई समान अवसर प्रदान गर्दैन (नेपाल, २०१६) ।

भुसाल (सन् २०१८) ले गुरुकुल प्रणालीमा अनुशासनको महत्त्वलाई प्रकाश पार्दै अनुशासनले सिकाइको अनुकूल वातावरण सिर्जना गर्न र शैक्षिक सफलतालाई बढावा दिन मद्दत गर्छ भनी लेखेका छन् । लेखकले टिप्पणी गरे अनुसार गुरुकुल प्रणालीले अनुशासनलाई चरित्र विकासको माध्यमका रूपमा जोड दिन्छ, जसले विद्यार्थीहरूलाई जिम्मेवार नागरिक बन्न मद्दत गर्दछ ।

अन्तमा, नेपालको गुरुकुल शिक्षा प्रणालीले अनुशासनमा विशेष जोड दिन्छ । विद्यार्थीहरू माझ जिम्मेवारी र आत्मअनुशासन पालना गर्ने सन्दर्भमा यसका फाइदाहरू भए तापनि यसका कमजोरीहरू पनि छन् जस्तै अधिनायकवादी र लिङ्ग-पक्षपाती हुनु, समग्रमा अनुशासन शिक्षाको एक महत्त्वपूर्ण पक्ष हो र विद्यार्थीहरूको समग्र विकास सुनिश्चित गर्न अनुशासन र स्वतन्त्रताबिच सन्तुलन कायम गर्न आवश्यक छ ।

## २.१० गुरुकुल शिक्षाप्रति विद्यार्थीहरूको चासो

कार्की (सन् २०१९) ले गरेको अध्ययनले नेपालका विद्यार्थीहरूले गुरुकुल शिक्षामा चासो राख्नुका कारणहरू पत्ता लगाएको छ । अध्ययनले विद्यार्थीहरू गुरुहरूबाट प्राप्त हुने व्यक्तिगत ध्यान र शारीरिक, मानसिक र आध्यात्मिक विकासमा जोड दिने शिक्षाको समग्र दृष्टिकोणबाट आकर्षित हुने गर्दछन् ।

ओली (सन् २०२१) को अध्ययनले नेपालका विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा गुरुकुल शिक्षाको प्रभावको मूल्याङ्कन गर्दा यो प्रणाली परम्परागत कक्षाकोठामा आधारित शिक्षा प्राप्त गर्ने विद्यार्थीहरूको तुलनामा गुरुकुल सेटिङमा शिक्षा प्राप्त गर्ने विद्यार्थीहरूले परीक्षामा राम्रो प्रदर्शन गरेको अध्ययनले देखाएको छ ।

शर्मा (सन् २०२०) द्वारा गरिएको अध्ययनले गुरुकुल शिक्षामा विद्यार्थीहरूको जीवनमा गुरुहरूको भूमिकाको खोजी गरेको अध्ययनले के पत्ता लगायो भने गुरुहरूले शैक्षिक मार्गदर्शन मात्र प्रदान गर्दैनन्, विद्यार्थीहरूको समग्र व्यक्तित्व र चरित्रलाई आकार दिनका लागि सल्लाहकार र रोल मोडेलको रूपमा पनि काम गर्छन् ।

अर्याल (सन् २०२०) ले गरेको अध्ययनले नेपालमा गुरुकुल शिक्षाले सामना गर्नुपरेका चुनौतीहरूमा यो शिक्षाले सरकारी सहयोग र सरकारबाट प्रदान गरिने आर्थिक सहयोगको अभावको महसुस गरेको छ । नीति निर्माताहरूले गुरुकुल शिक्षाको महत्त्व बुझेर त्यसलाई सहयोग गर्न आवश्यक स्रोतसाधन उपलब्ध गराउनु पर्ने अध्ययनले सुझाव दिएको छ ।

भट्ट (सन् २०१९) द्वारा गरिएको अध्ययनले आफ्ना बच्चाहरूको लागि गुरुकुल शिक्षा छनौट गर्ने निर्णय प्रक्रियामा आमाबाबुको भूमिकाको अन्वेषण गरेको छ । गुरुकुल शिक्षासँग सम्बन्धित आध्यात्मिक एवम् सांस्कृतिक मूल्य र आफ्ना बालबालिकामा अनुशासन एवम् नैतिकताको भावना जगाउने क्षमताबाट अभिभावकहरू उत्प्रेरित भएको अध्ययनले देखाएको छ ।

## २.११ गुरुकुल शिक्षाका लागि नेपाल सरकारले उपलब्ध गराएको सुविधा

### (क) आर्थिक सहयोग

नेपाल सरकारले गुरुकुलहरूलाई उनीहरूको खर्च धान्न आर्थिक सहयोग गर्छ । यस सहयोगमा शिक्षकको तलब, पूर्वाधार विकास र अन्य सम्बन्धित खर्चहरूका लागि रकम समावेश छ । यस आर्थिक सहयोगले गुरुकुलहरूलाई उनीहरूको स्तर कायम राख्न र विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न मद्दत गर्दछ (गुरुकुल शिक्षा प्रतिष्ठान, २०१८) ।

### (ख) शिक्षक तालिम

नेपाल सरकारले गुरुकुल शिक्षकहरूको शिक्षण सीप अभिवृद्धि गर्न विभिन्न तालिम कार्यक्रमहरू सुरु गरेको छ । यी कार्यक्रमहरू शिक्षकहरूलाई उनीहरूको शिक्षण पद्धतिको विकास गर्न, उनीहरूको विषयको ज्ञान सुधार गर्न र उनीहरूको सञ्चार कौशल बढाउन

मद्दत गर्न डिजाइन गरिएको हो । तालिम कार्यक्रमहरू शिक्षणमा रचनात्मकता र नवप्रवर्तनलाई प्रवर्द्धन गर्नमा पनि केन्द्रित छन् (शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय, २०२०) ।

**(ग) पाठ्यक्रम विकास**

गुरुकुल शिक्षाको पाठ्यक्रम निर्माणमा नेपाल सरकार सक्रिय छ । पाठ्यक्रम विद्यार्थीहरूलाई समग्र शिक्षा प्रदान गर्न तयार पारिएको हो, जसमा सिकाइका सैद्धान्तिक र व्यावहारिक पक्षहरू समावेश छन् । पाठ्यक्रम विद्यार्थीहरूका बिचमा सांस्कृतिक र परम्परागत मूल्यमान्यताको प्रवर्द्धनमा पनि केन्द्रित छ (गुरुकुल शिक्षा प्रतिष्ठान, २०१८) ।

**(घ) पूर्वाधार विकास**

नेपाल सरकारले गुरुकुल शिक्षालाई सहयोग गर्न पूर्वाधार विकासमा लगानी गरिरहेको छ । यसमा कक्षाकोठा, पुस्तकालय र छात्रावासको निर्माण समावेश गरिएको छ । सरकारले शिक्षण र सिकाइ प्रक्रियालाई अभिवृद्धि गर्न कम्प्युटर र प्रोजेक्टर जस्ता उपकरण पनि उपलब्ध गराउँदै आएको छ (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०२०) ।

**(ङ) अनुसन्धान र विकास**

नेपाल सरकारले गुरुकुल शिक्षामा अनुसन्धान र विकासलाई प्रवर्द्धन गरिरहेको छ । गुरुकुलले भोग्नुपरेका चुनौतीहरूको पहिचान गरी ती चुनौतीहरूलाई समाधान गर्ने उपायहरू विकास गर्न अनुसन्धान गरिरहेको छ । सरकारले शिक्षण र सिकाइ विधिमा पनि नवप्रवर्तनलाई बढावा दिइरहेको छ (गुरुकुल शिक्षा प्रतिष्ठान, २०१८) ।

## २.१२ गुरुकुल शिक्षाको पाठ्यक्रम

(क) राष्ट्रिय पाठ्यक्रम फ्रेमवर्क पाठ्यक्रम निर्धारणको एउटा नीतिगत दस्तावेज हो जसले नेपालमा विद्यालय शिक्षाका लागि मार्गदर्शक सिद्धान्तहरू, सिकाइ नतिजाहरू र शैक्षिक दृष्टिकोणहरू रेखाङ्कित गर्दछ । राष्ट्रिय पाठ्यक्रम फ्रेमवर्क सन् २०१५ ले गुरुकुल शिक्षाको मूल्यलाई मान्यता दिन्छ र यसलाई मूलधारको शिक्षा प्रणालीमा समाहित गर्ने प्रस्ताव गर्दछ । यसले गुरुकुलहरूलाई परम्परागत ज्ञान, सीप र

मूल्यमान्यता प्रदान गर्नका लागि उत्कृष्टता केन्द्रका रूपमा स्थापना गर्नुपर्ने सुझाव दिन्छ (नेपाल सरकार, शिक्षा मन्त्रालय, २०१५) ।

(ख) राष्ट्रिय शिक्षा नीति सन् २०१६ का अनुसार राष्ट्रिय शिक्षा नीति नेपालको शिक्षा प्रणालीलाई रूपान्तरण गर्ने एउटा बृहत् नीतिगत दस्तावेज हो । यसले गुरुकुल शिक्षाको महत्त्वलाई मान्यता दिन्छ र गुरुकुलहरूलाई परम्परागत ज्ञान, संस्कृति र मूल्यमान्यताका लागि उत्कृष्टता केन्द्रको रूपमा स्थापना गर्ने प्रस्ताव गर्दछ । (NEP, सन् २०१६) ले परम्परागत विषयहरूमा उच्च शिक्षा प्रदान गर्न गुरुकुल विश्वविद्यालय स्थापना गर्ने प्रस्ताव पनि गरेको छ (नेपाल सरकार, शिक्षा मन्त्रालय, २०१६) ।

(ग) सबै राष्ट्रिय कार्य योजना सन् २०१६–२०२३ का लागि शिक्षाका अनुसार नेपालको शिक्षाको पहुँच, समानता, गुणस्तर, सान्दर्भिकता र दिगोपन सुनिश्चित गर्ने नीतिगत दस्तावेज हो । यसले गुरुकुल शिक्षाको महत्त्वलाई मान्यता दिन्छ र गुरुकुलहरूलाई परम्परागत ज्ञान र सीपहरूका लागि उत्कृष्टता केन्द्रको रूपमा स्थापना गर्ने प्रस्ताव गर्दछ । EFA\ NPA\ III ले शिक्षक तालिम, पाठ्यक्रम विकास र मूल्याङ्कन सुधार ( नेपाल सरकार, शिक्षा मन्त्रालय, सन् २०१६) मार्फत गुरुकुल शिक्षालाई मूलधारको शिक्षा प्रणालीमा समाहित गर्ने प्रस्ताव पनि गर्दछ ।

(घ) प्राविधिक शिक्षा र व्यावसायिक तालिम नीति, सन् २०१२ का अनुसार प्राविधिक शिक्षा र व्यावसायिक तालिम नीति नेपालमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमलाई प्रवर्द्धन गर्ने नीतिगत दस्तावेज हो । यसले गुरुकुल शिक्षाको महत्त्वलाई मान्यता दिन्छ र गुरुकुलहरूलाई परम्परागत सीप र शिल्पका लागि उत्कृष्टता केन्द्रका रूपमा स्थापना गर्ने प्रस्ताव गर्दछ । यो नीतिले पाठ्यक्रम विकास, शिक्षक तालिम र मूल्याङ्कन सुधार (नेपाल सरकार, शिक्षा मन्त्रालय, सन् २०१२) मार्फत गुरुकुल शिक्षालाई प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्रणालीमा समाहित गर्ने प्रस्ताव पनि गरेको छ ।

## २.१३ गुरुकुल शिक्षाका केही महत्त्वपूर्ण नीतिहरू

प्राचीन भारतीय शिक्षण पद्धतिमा आधारित गुरुकुल शिक्षा प्रणाली नेपालमा लोकप्रिय बन्दै गएको छ । यो प्रणालीले समग्र शिक्षालाई जोड दिन्छ र विद्यार्थीहरूलाई आफ्ना शिक्षकहरूको नजिकमा बस्न प्रोत्साहन दिन्छ । हालैका वर्षहरूमा, नेपाल सरकारले गुरुकुल शिक्षा प्रणालीको प्रवर्द्धन र समर्थन गर्न धेरै योजना र नीतिहरू लागू गरेको छ । यस साहित्य समीक्षामा हामी नेपालमा गुरुकुल शिक्षासँग सम्बन्धित केही प्रमुख योजना र नीतिहरूबारे छलफल गर्नेछौँ ।

(क) राष्ट्रिय शिक्षा नीति सन् २०१६ मा प्रकाशित नेपालको राष्ट्रिय शिक्षा नीतिले गुरुकुल शिक्षा जस्ता परम्परागत ज्ञान प्रणालीको संरक्षण र प्रवर्द्धन गर्ने महत्त्वलाई जोड दिएको छ । गुरुकुल शैलीका विद्यालय स्थापना गर्न सरकारले सहयोग गर्ने र त्यस्ता विद्यालयलाई आर्थिक सहयोग गर्ने नीतिमा उल्लेख छ । नीतिले राष्ट्रिय पाठ्यक्रममा परम्परागत ज्ञान र सीपहरू समावेश गर्न पनि प्रोत्साहन गर्छ ।

(ख) गुरुकुल शिक्षा नीति २०७३ मा, नेपाल सरकारले गुरुकुल शिक्षाका लागि छुट्टै नीति तर्जुमा गर्‍यो, जसलाई गुरुकुल शिक्षा नीति २०७३ भनिन्छ । यो नीतिले नेपालमा गुरुकुल शिक्षा प्रणालीलाई प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ र गुरुकुलको स्थापना र सञ्चालनका लागि दिशानिर्देशहरू प्रदान गर्दछ । शैली स्कुलहरू नीतिले परम्परागत ज्ञान र सीप सहितको आधुनिक शिक्षालाई समावेश गर्ने महत्त्वलाई पनि जोड दिएको छ ।

(ग) गुरुकुल शिक्षा गुरु योजना २०७४ नेपाल सरकारले २०१७ मा सुरु गरेको थियो । यो योजनाले नेपालका सबै ७५३ स्थानीय तहहरूमा गुरुकुल शैलीका विद्यालयहरू स्थापना गर्ने लक्ष्य राखेको छ । योजनाले गुरुकुल शिक्षा प्रणालीको प्रवर्द्धन र समर्थनमा सरकार, स्थानीय समुदाय र निजी संस्थाहरू लगायत विभिन्न सरोकारवालाहरूको भूमिका र जिम्मेवारीहरू पनि रेखाङ्कित गरेको छ ।

(घ) गुरुकुल शिक्षा विकास कार्यक्रम सन् २०१८ मा नेपाल सरकारले गुरुकुल शिक्षा विकास कार्यक्रम सुरु गरेको थियो । कार्यक्रमले नेपालका प्रत्येक ७७ जिल्लामा कम्तिमा एउटा गुरुकुल शैलीको विद्यालय स्थापना गर्ने लक्ष्य राखेको छ । कार्यक्रमले विद्यालयहरूलाई पूर्वाधार विकास, शिक्षक तालिम र पाठचक्रम विकासका लागि आर्थिक सहयोग उपलब्ध गराउँछ । कार्यक्रमले गुरुकुल शैलीका विद्यालयहरूको स्थापना र सञ्चालनमा स्थानीय समुदायको सहभागितालाई पनि प्रोत्साहन गर्छ ।

(ङ) गुरुकुल मोडेल स्कुल नेपाल सरकारले २०१७ मा सुरु गरेको पाइलट प्रोजेक्ट हो । काभ्रे जिल्लामा अवस्थित यस विद्यालयले गुरुकुल शिक्षा प्रणालीलाई पछ्याउँछ र ग्रामीण क्षेत्रका बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ । विद्यालयले विद्यार्थीहरूलाई निःशुल्क शिक्षा प्रदान गर्दछ र परम्परागत ज्ञान र सीपहरूसँग आधुनिक शिक्षाको संयोजन गर्ने पाठचक्रम पछ्याउँछ ।

गुरुकुल शिक्षा एक प्राचीन भारतीय शिक्षा प्रणाली भए तापनि अझै पनि सान्दर्भिक छ र आधुनिक समयमा प्रभावकारी हुन सक्छ । यो एक प्रणाली हो जसले समग्र विकास, ह्यान्ड्स-अन सिकाइ र व्यावहारिक सीपहरूमा जोड दिन्छ । भारत छिमेकी राष्ट्र भएकाले नेपालले गुरुकुल शिक्षा प्रणालीबाट फाइदा लिन सक्छ । यस साहित्य समीक्षामा नेपालमा गुरुकुल शिक्षाका प्रमुख सम्भावनाहरूबारे छलफल गरिएको छ ।

## २.१४ नेपालमा गुरुकुल शिक्षाका फाइदाहरू

मूलधार शिक्षाको विभेदमा परेका समूहहरू, वैकल्पिक शैक्षिक दृष्टिकोणहरू वा समग्र विषयवस्तुहरूलाई राष्ट्रिय शिक्षा प्रणालीका नीतिहरू, पाठ्यक्रम र अभ्यासहरूमा समाहित गर्न, समावेशिता, समानता र सान्दर्भिकता सुनिश्चित गर्न प्रणालीगत खाडलहरूलाई सम्बोधन गर्दै शिक्षालाई समग्र विकास लक्ष्यहरूसँग मिलाउन सकिने, गुरुकुल शिक्षा परम्परागत वैदिक शिक्षामा आधारित भएर नैतिक मूल्य र समग्र विकास हुन

सक्ने, नैतिक मूल्यमा आधारित शिक्षाको विकास भई शैक्षिक अनुशासनमा बढोत्तरी हुने निम्नानुसारका फाइदाहरूका बारे चर्चा गरिएको छ ।

**(क) समग्र विकास**

गुरुकुल शिक्षा प्रणाली विद्यार्थीको समग्र विकासमा केन्द्रित छ । यसले विद्यार्थीको बौद्धिक मात्र होइन शारीरिक, भावनात्मक र आध्यात्मिक पक्षहरूको विकास गर्ने लक्ष्य राख्छ । बिष्ट (सन् २०20) का अनुसार गुरुकुल शिक्षा प्रणालीले नेपालका विद्यार्थीको सर्वाङ्गीण विकासमा मद्दत गर्न सक्छ ।

**(ख) ह्यान्ड्स अन लर्निङ**

गुरुकुल शिक्षामा विद्यार्थीहरूले व्यावहारिक अनुभवबाट सिक्छन् । उनीहरूलाई खेतीपाती, सिकर्मी र खाना पकाउने जस्ता सीपहरू सिकाइन्छ । सिकाइका लागि यो ह्यान्ड्स-अन दृष्टिकोणले नेपालका विद्यार्थीहरूलाई उनीहरूको दैनिक जीवनमा प्रयोग गर्न सक्ने व्यावहारिक सीपहरू विकास गर्न मद्दत गर्न सक्छ (सिंह, सन् २०१७) ।

**(ग) व्यक्तिगत शिक्षा**

गुरुकुल शिक्षा प्रणालीमा प्रत्येक विद्यार्थीलाई व्यक्तिगत रूपमा ध्यान दिइन्छ । शिक्षकले प्रत्येक विद्यार्थीको क्षमता, कमजोरीहरू बुझ्छन् र व्यक्तिगत निर्देशन प्रदान गर्छन् । नेपालका विद्यार्थीहरूका लागि लाभदायक हुन सक्छ, जसलाई केही विषयहरूमा थप मद्दत चाहिन्छ (मुखर्जी, सन् २०१८) ।

**(घ) मूल्यमा आधारित शिक्षा**

गुरुकुल शिक्षा प्रणालीले सम्मान, अनुशासन र नम्रता जस्ता मूल्यहरूमा ठूलो जोड दिन्छ । यसले नेपालका विद्यार्थीहरूलाई जीवनभर मार्गदर्शन गर्ने बलियो नैतिक मूल्यहरू विकास गर्न मद्दत गर्न सक्छ (भार्गव, सन् २०१७) ।

(ङ) **सामुदायिक जीवन**

गुरुकुल शिक्षा प्रणालीमा, विद्यार्थीहरू समुदायमा सँगै बस्छन् । तिनीहरू सँगै काम गर्न र एकअर्काप्रति जिम्मेवारीको भावना विकास गर्न सिक्छन् । यसले नेपालका विद्यार्थीहरूलाई सामाजिक सीप र समुदायको भावना विकास गर्न मद्दत गर्न सक्छ (मुखर्जी, सन् २०१८) ।

अन्तमा, गुरुकुल शिक्षा नेपालमा प्रभावकारी शिक्षा प्रणाली हुन सक्छ । यसले विद्यार्थीहरूको समग्र विकासमा मद्दत गर्न सक्छ, ह्यान्ड्स-अन सिकाइ, व्यक्तिगत निर्देशन, मूल्य-आधारित शिक्षा र सामुदायिक जीवन प्रदान गर्न सक्छ । तर नेपालमा गुरुकुल शिक्षाको कार्यान्वयनमा पूर्वाधार र तालिमप्राप्त शिक्षकको अभाव जस्ता केही चुनौतीहरू सामना गर्नुपर्ने हुन सक्छ । तसर्थ गुरुकुल शिक्षालाई नेपालमा यथार्थमा परिणत गर्न विस्तृत योजना र प्रभावकारी कार्यान्वयन रणनीति निर्माण गर्न आवश्यक छ ।

## २.१५ गुरुकुल शिक्षामा रोजगारीका सम्भावनाहरू

नेपालमा गुरुकुल शिक्षामा रोजगारीका अवसरहरूका सम्बन्धमा सीमित मात्रामा साहित्यहरू उपलब्ध छन् । यद्यपि निम्न स्रोतहरूले नेपालमा गुरुकुल शिक्षाको वर्तमान अवस्था र रोजगारीका अवसरहरूको सम्भावनाबारे केही अन्तरदृष्टि प्रदान गर्दछ ।

पौडेल, डि. र पौडेल, एन. पी.(सन् २०१८) द्वारा 'गुरुकुल शिक्षा प्रणाली र आधुनिक युगमा यसको सान्दर्भिकता' लेखमा नेपालमा गुरुकुल शिक्षाको इतिहास र यसको वर्तमान स्थितिको चर्चा गर्दछ । गुरुकुल शिक्षाले परम्परागत ज्ञान सिकाउन र संरक्षणमा रुचि राख्ने व्यक्तिहरूलाई रोजगारीको अवसर प्रदान गर्ने सम्भावना रहेको लेखकहरूको तर्क छ । उनीहरूकै "नेपालमा गुरुकुल शिक्षा : पुनरुत्थानको आवश्यकता (सन् २०१९)" लेखले नेपालमा गुरुकुल शिक्षाको पुनरुत्थानको महत्त्व र यस क्षेत्रमा रोजगारीका अवसरहरूको सम्भावनालाई प्रकाश पारेको छ ।

यादव, पी. के. (सन् २०१७) ले 'नेपालमा गुरुकुल शिक्षा : चुनौती र अवसरहरूको विश्लेषण लेखमा नेपालमा गुरुकुल शिक्षाका चुनौतीहरू, बजेट र स्रोतको अभाव, साथै

रोजगारीका सम्भावित अवयवहरूको चर्चा गर्दै मूलप्रवाहीकरणमा बजेट र स्रोतका कुरा उल्लेख गरिएको छ ।

समग्रमा यी स्रोतहरूले सुझाव दिन्छन् कि नेपालमा गुरुकुल शिक्षाले महत्त्वपूर्ण चुनौतीहरूको सामना गरिरहेको छ तर परम्परागत ज्ञानको शिक्षाको संरक्षणमा रुचि राख्ने व्यक्तिहरूका लागि स्वदेश तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत गुरुकुल शिक्षा प्राप्तिपछि रोजगारीका अवसरहरू रहेको कुरा छर्लङ्ग छ ।

## २.१६ गुरुकुल शिक्षाप्रति राजनीतिक दल, सरकार, समुदाय, विद्यालय तथा विद्यार्थीहरूको भूमिका

गुरुकुल शिक्षा शिक्षा प्रणालीको एक परम्परागत रूप हो, जसले विद्यार्थीको शारीरिक, मानसिक, भावनात्मक र आध्यात्मिक विकाससहितको समग्र विकासमा केन्द्रित हुन्छ । नेपालमा गुरुकुल शिक्षा प्रणाली प्रचलित छ र शिक्षा प्रणालीलाई आकार दिन सरकार, राजनीतिक दल र समुदायको महत्त्वपूर्ण भूमिका छ । यस साहित्य समीक्षामा नेपालमा गुरुकुल शिक्षाको विकासमा राजनीतिक दल, सरकार र समुदाय, विद्यालय र विद्यार्थीहरूको भूमिकाको विश्लेषण गरिएको छ ।

### (क) नेपालका राजनीतिक दलहरूको भूमिका

नेपालको शिक्षा प्रणालीलाई आकार दिन राजनीतिक दलहरूले महत्त्वपूर्ण भूमिका खेल्छन् । तिनीहरू शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने नीति र कानून निर्माण गर्न जिम्मेवार छन् । पौडेल र अन्यको अध्ययन (२०२१) अनुसार नेपालका राजनीतिक दलहरूको शिक्षामा सीमित ध्यान छ वा दलहरू खासै उत्तरदायी छैनन् र उनीहरूका नीतिहरू शिक्षा प्रणालीको आवश्यकतासँग मेल खाँदैनन् । यसर्थ नेपालका राजनीतिक दलहरूले शिक्षालाई प्राथमिकता दिनुपर्ने र गुरुकुल शिक्षा प्रणालीको आवश्यकता पूरा गर्ने नीतिहरू विकास गर्नुपर्ने अध्ययनले सुझाव दिएको छ ।

**(ख) सरकारको भूमिका**

गुरुकुल शिक्षा प्रणालीको विकासका लागि अनुकूल वातावरण उपलब्ध गराउने जिम्मेवारी नेपाल सरकारको हो । शिक्षा प्रणालीलाई टेवा पुऱ्याउन सरकारले बजेट, पूर्वाधार, सुविधा लगायतका पर्याप्त स्रोतसाधन उपलब्ध गराउनु पर्छ । न्यौपाने र अधिकारीको अध्ययन (२०२१) ले सरकारले शिक्षाको गुणस्तर सुधार गर्न, अनुसन्धान र आविष्कारलाई प्रवर्द्धन गर्न र शिक्षा प्रणालीमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्नेतर्फ ध्यान दिनुपर्ने सुझाव दिएको छ ।

**(ग) समुदायको भूमिका**

गुरुकुल शिक्षा प्रणालीको विकासमा समुदायहरूले महत्त्वपूर्ण भूमिका खेल्छन् । तिनीहरूले समय र पैसासहित स्रोतहरू योगदान गरेर विद्यालय, शिक्षक र विद्यार्थीहरूलाई सहयोग प्रदान गर्छन् । पाण्डे लगायतले गरेको अध्ययन (२०२१) ले सुझाव दिन्छ कि पाठ्यक्रम विकास, विद्यालय व्यवस्थापन र शिक्षक प्रशिक्षण सहित शिक्षासँग सम्बन्धित निर्णय प्रक्रियाहरूमा समुदायहरू संलग्न हुनुपर्छ । अध्ययनले शिक्षा प्रणालीको विकासमा केन्द्रित समुदायमा आधारित पहलहरूको आवश्यकतालाई पनि जोड दिएको छ ।

**(घ) विद्यालयहरूको भूमिका**

विद्यालयहरू शिक्षा प्रणालीका जग हुन् र तिनीहरूले गुरुकुल शिक्षा प्रणालीको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छन् । विद्यालयहरूले विद्यार्थीको समग्र विकासका लागि गुणस्तरीय शिक्षा प्रदान गर्नमा केन्द्रित हुनुपर्छ । न्यौपाने र अधिकारीको अध्ययन (२०२१) का अनुसार विद्यालयहरूले विद्यार्थीमा क्रिटिकल सोच, सिर्जनशीलता र नवप्रवर्तनको प्रवर्द्धन गर्नुपर्छ । तिनीहरूले विद्यार्थीहरूको शारीरिक, मानसिक, भावनात्मक र आध्यात्मिक विकासलाई बढावा दिने वातावरण पनि प्रदान गर्नुपर्छ ।

### (ङ)	विद्यार्थीहरूको भूमिका

विद्यार्थीहरू शिक्षा प्रणालीका परम लाभार्थी हुन् र गुरुकुल शिक्षा प्रणालीको विकासमा तिनीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । विद्यार्थीहरूले उनीहरूको शिक्षामा सक्रिय चासो लिनुपर्छ र उनीहरूको शिक्षासँग सम्बन्धित निर्णय प्रक्रियाहरूमा भाग लिनुपर्छ । पाण्डे लगायतको अध्ययन अनुसार (२०२१) का अनुसार विद्यार्थीहरूलाई आलोचनात्मक सोच र समस्या समाधान गर्ने सीपहरू विकास गर्न प्रोत्साहित गरिनुपर्छ । उनीहरूलाई उनीहरूको समग्र विकासलाई बढावा दिने अतिरिक्त क्रियाकलापहरूमा संलग्न हुने अवसरहरू पनि प्रदान गरिनुपर्छ ।

नेपालको गुरुकुल शिक्षा प्रणालीको समृद्ध इतिहास छ र यसमा विद्यार्थीहरूलाई समग्र शिक्षा प्रदान गर्ने क्षमता छ । यद्यपि प्रणालीलाई यसको पूर्ण क्षमताको अनुभूति गर्न राजनीतिक दल, सरकार, समुदाय, विद्यालय र विद्यार्थीहरूको समर्थन चाहिन्छ । साहित्य समीक्षाले शिक्षा प्रणालीको विकासमा प्रत्येक सरोकारवालाको भूमिका र दायित्वलाई हाइलाइट गर्दछ । नेपालमा गुरुकुल शिक्षा प्रणालीको विकासका लागि सहकार्यको खाँचो रहेको निष्कर्षले देखाएको छ ।

## २.१७ गुरुकुलबाट अन्य आधुनिक शिक्षा प्रणालीले सिक्नुपर्ने कुराहरू

नेपालमा गुरुकुल शिक्षा प्रदान गर्ने विद्यालय तथा संस्थाहरू थोरै भएको कुरा सर्वविदितै छ । कम सङ्ख्यामा रहेको गुरुकुल शिक्षा हेपिएको शिक्षाका रूपमा रहेको अवस्था छ अर्थात् राज्यले पनि गुरुकुल विद्यालयहरूलाई अन्य सार्वजनिक विद्यालयहरू जस्तो आर्थिक, भौतिक, मानवीय आदि सहयोग गरेको छैन । तर पनि हाम्रा गुरुकुलहरू शिक्षा प्रदान गर्न अव्बल नै मानिएका छन् । धार्मिक परम्परागत तथा नैतिक आचरणयुक्त शिक्षाले आज विश्वलाई शान्तिको मार्गतर्फ लैजान सहयोग पुर्‍याएको हामीलाई अवगत नै छ । यस सन्दर्भमा शिक्षा लिने कुरा ठूलोबाट मात्र नभई सानो व्यक्ति तथा संस्थाबाट पनि हुने कुरामा दुईमत छैन । गुरुकुल शिक्षाबाट आधुनिक शिक्षालयहरूले पनि धेरै क्षेत्रसंग

सम्बन्धित कुराहरू सिक्न सक्दछन् । यसै सन्दर्भमा यादव, आर.के. (२०२३) ले गुरुकुल शिक्षाः एक पुनरावलोकन. नई दिल्ली : रचना प्रकाशनमा लेखेका छन् :

> भारतको प्राचीन गुरुकुलहरूमा एक अद्वितीय शिक्षा प्रणाली थियो जसले समग्र विकास र व्यक्तिगत शिक्षामा जोड दिएको थियो । यहाँ केही चीजहरू छन् जुन आधुनिक शिक्षा प्रणालीले गुरुकुल प्रणालीबाट सिक्न सक्छन् भनेका छन् । जुन कुरा नेपालका सन्दर्भमा पनि त्यत्तिकै अनुकूल भएकाले ती बुँदाहरूलाई क्रमशः यहाँ प्रस्तुत गरिएको छ ।

**(क) समग्र विकासमा जोड**

गुरुकुल प्रणालीले विद्यार्थीको शारीरिक, भावनात्मक र बौद्धिक विकाससहितको समग्र विकासमा केन्द्रित छ । आधुनिक शिक्षा प्रणालीले विद्यार्थीको समग्र विकासमा समान जोड दिएर फाइदा लिन सक्छ ।

**(ख) व्यक्तिगत शिक्षा**

गुरुकुलमा विद्यार्थीहरूलाई उनीहरूको बल र कमजोरीहरूका आधारमा व्यक्तिगत ध्यान र व्यक्तिगत सिकाइ अनुभवहरू दिइयो । यस दृष्टिकोणले आधुनिक शिक्षा प्रणालीहरूलाई एक आकार सबै दृष्टिकोणबाट उपयुक्त सिकाइलाई दूरगामी रूपमा प्रयोग गर्न मद्दत गर्न सक्छ ।

**(ग) अनुभवात्मक शिक्षा**

गुरुकुल प्रणालीले हाताहाती सिकाइ र वास्तविक जीवनका अनुभवहरूलाई जोड दिन्छ, जुन विद्यार्थीहरूलाई उनीहरूले सिकेको कुरालाई लागू गर्न मद्दत गर्ने बहुमूल्य माध्यम हुन सक्छ ।

**(घ) जीवन कौशलको एकीकरण**

गुरुकुल प्रणालीले नैतिकता, मूल्य र व्यावहारिक सीपहरू जस्तै खेती, खाना पकाउने र शिल्पकला जस्ता जीवन सीपहरू सिकाउँछ । आधुनिक शिक्षा प्रणालीले पाठ्यक्रममा जीवन कौशलको समान एकीकरणबाट लाभ उठाउन सक्छ ।

## (ङ) शिक्षक-विद्यार्थी सम्बन्ध

गुरुकुलमा शिक्षक-विद्यार्थी सम्बन्धलाई धेरै महत्त्व दिइन्छ । आधुनिक शिक्षा प्रणालीले सकारात्मक र सहयोगी शिक्षक विद्यार्थी सुसम्बन्ध निर्माणमा समान जोड दिएर फाइदा लिन सक्छ । समग्रमा, गुरुकुल प्रणालीले आधुनिक शिक्षा प्रणालीको विकास र सुधारका लागि बहुमूल्य योगदान गर्न सक्छ ।

यसै गरी यादव, आर.के. (सन् २०२३) ले आफ्नो लेखमा आजको शिक्षा प्रणाली र पुरातन गुरुकुल प्रणालीमा केही उल्लेखनीय भिन्नताहरू छन्, जसमा निम्न कुराहरू समावेश गरिएका छन् ।

## (क) पाठ्यक्रम

गुरुकुल प्रणाली मुख्यतया विद्यार्थीहरूलाई व्यावहारिक सीप, नैतिकता र मूल्यहरू सिकाउनमा केन्द्रित छ, जबकि आधुनिक शिक्षा प्रणालीले विज्ञान, भाषा र सामाजिक अध्ययन लगायतका विषयहरूको फराकिलो दायरामा केन्द्रित छ ।

## (ख) शिक्षण विधिहरू

गुरुकुल प्रणालीमा शिक्षक-विद्यार्थी सम्बन्धलाई अत्यधिक महत्त्व दिइन्थ्यो र विद्यार्थीहरूले उनीहरूको आवश्यकताका आधारमा व्यक्तिगत निर्देशनहरू प्राप्त गर्थे । अर्कोतर्फ आधुनिक शिक्षा प्रणालीहरू मानकीकृत परीक्षण र कक्षाकोठा व्याख्यानहरूमा धेरै निर्भर छन् ।

## (ग) पूर्वाधार

गुरुकुलहरू सामान्यतया सानो, आवासीय विद्यालयहरू प्राकृतिक परिवेशमा अवस्थित थिए, जबकि आधुनिक विद्यालयहरू र विश्वविद्यालयहरू प्रायः उन्नत पूर्वाधार र प्रविधि भएका ठूला संस्थाहरू हुन् ।

## (घ) मूल्याङ्कन

गुरुकुल प्रणालीमा शिक्षकहरूले विद्यार्थीहरूलाई उनीहरूको प्रदर्शन र प्रगतिको आधारमा मूल्याङ्कन गर्छन्, जबकि आधुनिक शिक्षा प्रणालीहरू प्रायः मानकीकृत परीक्षण र ग्रेडिङ प्रणालीहरूमा निर्भर हुन्छन् ।

(ङ) **विविधता**

गुरुकुल प्रणाली मुख्यतया निश्चित जाति वा वर्गका केटाहरूका लागि सीमित थियो, जबकि आधुनिक शिक्षा प्रणालीले उनीहरूको लिङ्ग, जाति वा सामाजिक-आर्थिक पृष्ठभूमिलाई ध्यान नदिई विद्यार्थीहरूको व्यापक दायरालाई थप समावेशी र पहुँचयोग्य बनाउने लक्ष्य राखेको छ ।

समग्रमा गुरुकुल प्रणाली र आधुनिक शिक्षा प्रणालीमा शिक्षण, पूर्वाधार र मूल्याङ्कनको दृष्टिकोणमा विभिन्न भिन्नताहरू छन् । यद्यपि दुवै प्रणालीका आ-आफ्ना शक्ति र कमजोरीहरू छन् र यी दुईलाई संयोजन गर्दा थप समग्र र प्रभावकारी शिक्षा प्राप्त गर्न सकिन्छ ।

## २.१८ सैद्धान्तिक पर्याधार

सैद्धान्तिक पर्याधार (Theoretical Framework) भन्नाले कुनै अनुसन्धान वा अध्ययनलाई सैद्धान्तिक रूपमा आधार दिन प्रयोग गरिने सिद्धान्तहरू, अवधारणाहरू र तिनीहरूको आपसी सम्बन्धहरूको संरचना भन्ने बुझिन्छ । यहाँ गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका सन्दर्भमा अध्ययन गर्दा शिक्षाको मूलप्रवाहीकरणको सिद्धान्तबारे चर्चा गरिएको छ । त्यसै गरी गुरुकुल शिक्षाको मूलप्रवाहीकरणमा राज्यले गरेका सहयोग तथा अभ्यासहरू लगायत मूलप्रवाहीकरणका अवधारणाहरूका बारेमा चर्चा गरिएको छ ।

### २.१८.१ शिक्षाको मूलप्रवाहीकरणको सिद्धान्त

शिक्षाको मूलप्रवाहीकरण भनेको नियमित कक्षाकोठामा विशेष आवश्यकताका विद्यार्थीहरू समावेश गर्ने र उनीहरूलाई पनि अरू विद्यार्थीहरू जस्तै समान अवसरहरू प्रदान गर्ने अभ्यास र दृष्टिकोणलाई बुझिन्छ । शिक्षाको मूलधारको सिद्धान्त, जसलाई समावेशीकरण वा समावेशी शिक्षा पनि भनिन्छ । मूलप्रवाहीकरण एउटा त्यस्तो दृष्टिकोण हो, जसले सबै विद्यार्थीहरूलाई समान शैक्षिक अवसरहरू प्रदान गर्दछ । उनीहरूको क्षमता वा भिन्नताहरूको पर्वाह नगरी हरेक विद्यार्थीहरूलाई शैक्षिक वातावरण प्रदान गर्दछ । शिक्षाको मूल प्रवाहमा सुधारिएका शैक्षिक परिणामहरू, सामाजिक अन्तरक्रियाहरू र अशक्त

विद्यार्थीहरूको चाहिने आत्मसम्मान समेत समावेश गरिएको हुन्छ । शिक्षाको मूलप्रवाहीकरणमा शिक्षककहरूलाई चाहिने प्रशिक्षण र उनीहरूको व्यावसायिक विकास आवश्यक छ र उनीहरूका आवश्यकताहरू समायोजन गर्ने रणनीति र स्रोतहरू चाहिन्छ ( शर्मा र देसाई, २००२) । मूल प्रवाह भनेको विद्यार्थीहरूलाई उनीहरूको व्यक्तिगत सीपका आधारमा विशिष्ट अवधिको समयमा नियमित कक्षामा विशेष आवश्यकता भएको शिक्षा दिने अभ्यास हो ।

साल्ड, एस. जे. (सन् २००१) का अनुसार शिक्षा क्षेत्रको मूलधारलाई शैक्षिक समावेशीकरणका रूपमा पनि चिनिन्छ । यो शिक्षा क्षेत्रमा गरिएको एक सिद्धान्त र अभ्यास हो । जसले अशक्तता भएका विद्यार्थीहरूको नियमित कक्षाकोठामा उनीहरूको विकास र साथीहरूका साथ घुलमिललाई एकीकरणलाई बढावा दिन्छ । यस दृष्टिकोणले सबै विद्यार्थीहरूका लागि समान शैक्षिक अवसरहरू प्रदान गर्दछ । शैक्षिक क्षेत्रको मूलप्रवाहीकरणको सिद्धान्त शिक्षामा समावेशिताको सिद्धान्तमा आधारित छ जसले सबै विद्यार्थीहरूको समावेशी शिक्षालाई बढावा दिन्छ । सबैलाई समान अवसर प्रदान गर्दछ । जहाँ शिक्षक तथा विद्यार्थीहरूबिचमा आपसी सम्बन्ध बलियो हुन्छ र यसले सामाजिक एकीकरणको प्रक्रियालाई समेत जोड दिन्छ ।

संयुक्त राष्ट्र संघ, (सन् २००६) को ‘अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि एवम् स्वेच्छिक प्रोटोकल’मा उल्लेख गरिएअनुसार समावेशीकरण एक वैश्विक आन्दोलन भएको छ, धेरै देशहरूले नियमित कक्षाकोठामा अपाङ्गता भएका विद्यार्थीहरूको एकीकरणलाई बढावा दिन नीति र अभ्यासहरू अपनाइरहेको पाइन्छ । शिक्षाको मुख्य प्रवाहमा सिद्धान्त, समावेशी शिक्षा पनि भनेर चिनिन्छ, एक शैक्षिक दृष्टिकोण हो जुन अपाङ्गता भएका विद्यार्थीहरूलाई समान शैक्षिक अवसरहरू प्रदान गर्ने उद्देश्य हो वा नियमित वा मुख्यधारको कक्षाकोठामा विशेष आवश्यकताहरू यस दृष्टिकोणले विभिन्न क्षमता र सामान्य शिक्षा प्रणालीमा आवश्यकताहरूका साथ विद्यार्थीहरूको एकीकरणका लागि वकालत गर्दछ, तिनीहरूलाई विशेष शिक्षा सेटिंग्समा अलग गर्नुको सट्टा मूलधारको

मुख्य लक्ष्य भनेको विविधतालाई बढावा दिनु सामाजिक समावेशीकरणलाई बढावा दिनु, र सबै विद्यार्थीहरूले गुणस्तरीय शिक्षामा पहुँच गर्न सक्छन् भन्ने कुरा सुनिश्चित गर्नु हो । उक्त CRPD मा समावेशीकरणका सम्बन्धमा भनिएको छ :

> शिक्षामा मूलधारको आधारभूत सिद्धान्त भनेको सबै विद्यार्थीहरूको समावेशीकरण र समान पहुँचको सुनिश्चित गर्नु हो । जस अन्तर्गत सबै विद्यार्थीहरूलाई उनीहरूको क्षमता वा अशक्तताको पर्वाह नगरी समावेशी शिक्षाको अधिकार हुन्छ । जसले कक्षाकोठामा हरेक विद्यार्थीहरूको विविधताको स्वीकृतिलाई प्रोत्साहित गर्दछ र यसले के मान्यता प्रदान गर्छ भने शिक्षामा विद्यार्थीहरू विभिन्न पृष्ठभूमिबाट आएका छन् र उनीहरूलाई विभिन्न शिक्षाको आवश्यकता छ । उनीहरूको विविधताको स्वीकृति र आवश्यकताको सम्बोधन पनि शिक्षाको मूलप्रवाहीकरणको सिद्धान्तभित्र पर्दछ । यो अवधारणाले शिक्षाविद्हरूबिचको आपसी सहयोग, समर्थन, कर्मचारीहरू र अभिभावकहरूको भूमिकासमेत शिक्षाको मूलप्रवाहीकरणको प्रमुख आधार बन्न सक्दछ । जसले सहिष्णुता, समानुभूति र व्यक्तिगत भिन्नताहरूको समझदारीलाई बढावा दिन सहयोग पुऱ्याउँछ (आर्टिकल २४, शिक्षा) ।

यसरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि एवम् स्वेच्छिक प्रोटोकल, सन् २००६ मा शिक्षाको मुख्य प्रवाहमा सिद्धान्त, समावेशी शिक्षा पनि भनेर चिन्नु एक शैक्षिक दृष्टिकोण हो जुन अपाङ्गता भएका विद्यार्थीहरूलाई समान शैक्षिक अवसरहरू प्रदान गर्ने उद्देश्य पनि हो भन्ने आशयका साथ शिक्षामा मूलप्रवाहीकरण गर्दा विचार गर्नुपर्ने पक्षहरूबारे चर्चा गरिएको छ । जसले नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्दा सबै फरक क्षमता भएका विद्यार्थीहरूलाई समेत समावेशीकरणको ख्याल गर्नुपर्ने विषयहरू समावेश गर्न सम्झाएको छ, जसबाट यस शोधकार्यलाई प्रभावकारी बनाउन सहयोग पुग्ने देखिन्छ ।

### २.१८.२ गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको सिद्धान्त

शर्मा, आर. आर.(सन् २०१६) का अनुसार आधुनिक शिक्षा प्रणालीमा गुरुकुल शिक्षाको समकालीन शैक्षिक अभ्यासहरूका साथै परम्परागत गुरुकुल सिद्धान्तहरूको

अनुकूलन नै गुरुकुल शिक्षाको मूलप्रवाहीकरण हो । अनुशासनको मोडेलमा आधारित गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि गुरुकुलको समग्र पाठ्यक्रमको डिजाइन, शिक्षक विद्यार्थी सम्बन्ध, आवासीय शिक्षाको प्रयोग, शैक्षिक विषयहरूका साथै सांस्कृतिक मूल्य, नैतिकता र नैतिक सिद्धान्तहरूको शिक्षण र अभ्यास आदिजस्ता विषयहरूलाई राज्यका नीति नियमले सम्बोधन गर्नु हो ।

गुरुकुल शिक्षाको मूलप्रवाहीकरणबारे त्रिभुवन विश्वविद्यालय CERRID (सन् २०२०) मा गरिएको एक अनुसन्धानमा गुम्बा, मदरसा र गुरुकुललाई शिक्षाको मूलप्रवाहमा कसरी लिङ्ग गर्ने भन्नेबारे गरिएको एक मामिला अध्ययन (केस स्टडी) का अनुसार गुरुकुल शिक्षा र मूल प्रवाहबारे भनिएको छ :

> भर्खरै सरकारले देशका धार्मिक संस्थाहरूलाई मूलप्रवाहमा ल्याउने निर्णय गरेको छ । त्यस्ता संस्थालाई औपचारिक शिक्षा दिने उद्देश्यले यस्तो निर्णय गरिएको हो । तर गुरुकुलको मूलप्रवाहसँग सम्बन्धित केही मुद्दाहरू छन् र त्यस्ता मुद्दाहरूले मूलप्रवाहीकरणको प्रक्रियालाई असर गर्न सक्छ ।

उक्त मामिला अध्ययन प्रतिवेदनमा गुरुकुलको आवश्यकताबारे उल्लेख गर्दै भनिएको छ :

> त्यहाँ पढ्ने बालबालिकालाई औपचारिक शिक्षा प्रदान गर्न गुरुकुलले महत्त्वपूर्ण भूमिका खेल्छ । गुरुकुलका अधिकांश बालबालिकाको औपचारिक शिक्षामा पहुँच नभएकाले गुरुकुललाई शिक्षाको मूलधारमा ल्याउनु उपयुक्त हुन्छ । नेपाल जस्तो धर्मनिरपेक्ष मुलुकमा सबै धर्मलाई समान सम्मान गर्ने देशमा गुरुकुलको बढी महत्त्व रहेको एफजीडीका सहभागीहरूको धारणा थियो । गुरुकुलको अर्को महत्त्व यो हो कि यसले भाषा र विषय दुवैको रूपमा संस्कृत पढाउँछ । संस्कृतमा विज्ञान, संगीत र टेक्नोलोजी आदि विषयमा ग्रन्थहरू छन् । त्यसैले संस्कृतको विकास आवश्यक छ । केही संस्कृत विद्वानहरूले गुरुकुल वेद अध्ययन गर्ने ठाउँ र नैतिक शिक्षा दिने ठाउँ भएको बताए । त्यसैले सरकारले गुरुकुल सुविधा विस्तारमा जोड दिनुपर्छ ।

उक्त मामला अध्ययनमा मूल प्रवाह बारे थप कथन :

> गुरुकुलका विद्यार्थीका लागि संस्कृतको शिक्षा मात्र पर्याप्त नभएको अध्ययनले देखाएको छ । गुरुकुलमा पूर्ण सुविधाहरू सहित औपचारिक पाठचक्रमहरू पनि आवश्यक छ। वेद विद्याश्रमले पनि नेपालीलाई राष्ट्रिय भाषाका रूपमा अनिवार्य विषयको रूपमा समावेश गरेको छ । वेद विद्याश्रममा औपचारिक पाठचक्रम अन्तर्गत सामाजिक अध्ययन, गणित र अङ्ग्रेजी पनि पढाइन्छ । सामाजिक अध्ययन विषय समाज, सामाजिक मूल्यमान्यता र मूल्यमान्यताबारे सिकाउने भएकाले पढाइन्छ । गुरुकुलमा समाज र सामाजिक मूल्य मान्यताको ज्ञान पनि आवश्यक हुन्छ । त्यसैले यो गुरुकुलको औपचारिक पाठचक्रममा समावेश छ । गणित विषयलाई हाम्रो दैनिक जीवनमा आवश्यकता अनुसार समावेश गरिएको छ । संस्कृतको प्रचारप्रसारका लागि अङ्ग्रेजी पढाइन्छ ।

यसै गरी गुरुकुलका खास चुनौती वा मुद्दा के हुन् भन्नेबारे त्यस मामला अध्ययनमा उल्लेख गर्दै भनिएको छ :

> गुरुकुललाई मूल प्रवाहमा ल्याउन आवश्यक रहेको अध्ययनले देखाएको छ । यो कुरा गुरुकुलवासीले पनि महसुस गरेका छन् । मूल प्रवाहमा सरकारबाट आर्थिक सहयोग प्राप्त हुनेछ । अहिले गुरुकुलले न सरकारी सहयोग पाउँछ न दाताको उदारता । पशुपति क्षेत्र विकास कोषबाट हुने सहयोग न्यून छ । मूल प्रवाह आवश्यक छ । यसले गुरुकुललाई निरन्तर सरकारी सहायता प्राप्त गर्न मद्दत गर्नेछ । गुरुकुलले ब्राह्मण केटाहरूलाई मात्रै भर्ना गर्ने भएकाले यसले लिंग र जातको सम्मान गर्दैन । त्यशोभए सन् २०१५ सम्ममा सबैका लागि शिक्षा प्रदान गर्ने EFA लक्ष्य हासिल गर्न गुरुकुललाई मूल प्रवाहमा ल्याउने सरकारको लक्ष्यमा यसले कसरी मद्दत गर्न सक्छ ? FGD मा सहभागी केही व्यक्तिहरूले केटीहरू र तल्लो जातका बालबालिकाहरू जस्ता पिछडिएका समूहहरूलाई पहुँच दिन प्रत्येक जिल्लामा तीनवटा छुट्टै प्रकारका गुरुकुल विद्यालयहरू स्थापना गर्नु पर्दछ । ती सबैलाई एकै

ठाउँमा मिसाउन सकिँदैन किनभने यो गुरुकुलको मान्यताविपरीत हुनेछ । ब्राह्मण र अन्य जातिको मामला फरक छ । गुरुकुल शिक्षित ब्राह्मणहरू धार्मिक र सांस्कृतिक संस्कारमा संलग्न हुन्छन् जबकि अन्य जातिहरूले यो विशेषाधिकार प्राप्त गर्दैनन् । सरकारले प्राथमिक तह सञ्चालन गर्न चाहेमा धार्मिक संस्थामा दर्ता शुल्क नलाग्ने भएको छ । यसअघि धार्मिक संस्थालाई रु. ५०,०००। - तर गुरुकुलमा कक्षा ४ देखि मात्रै औपचारिक कक्षा सञ्चालन हुने भएकाले यो अभ्यासको कुनै फाइदा नभएको गुरुकुलवासीले बताएको लेखिएको छ । सरकारले आफ्नै पहलमा गुरुकुलमा कक्षा १-३ सुरु गर्नुपर्ने र गुरुकुललाई प्राथमिक तहका लागि मात्र नभई उच्च तहका लागि पनि सरकारी सहयोग चाहिने समेत उल्लेख छ ।

उक्त मामला अध्ययनका अनुसार गुरुकुल धार्मिक संस्था हो, यसले धार्मिक तथा औपचारिक शिक्षाको विकासका लागि सरकारबाट सहयोगको अपेक्षा गरेको तथा धार्मिक संस्थाहरूलाई मूल प्रवाहमा ल्याउने सरकारको निर्णयप्रति गुरुकुलहरू सकारात्मक रहेका तर सरकारको प्रस्ताव मान्ने कि नमान्ने भन्ने अन्योलमा देखिएका छन् । गुरुकुलको परम्परा र पवित्रतामा असर नपर्ने हो भने मात्र उनीहरू मूल प्रवाहका लागि स्वीकार गर्छन् । सरकारी समर्थन सहितको गुरुकुलको स्वायत्तता सहितको मूलप्रवाहीकरणको आवश्यकता रहेको कुरा उक्त प्रतिवेदनमा उल्लेख भएको र सो प्रतिवेदनमा प्रस्तुत कथन :

गुरुकुललाई विकासका लागि सरकारको सहयोग आवश्यक भएकाले मूल प्रवाहमा जान इच्छुक रहेको अध्ययनले देखाएको छ । यसतर्फ सरकारको ध्यानाकर्षण भएकोमा उनीहरूले आभार व्यक्त गरेका छन् । तर उनीहरूले सरकारले संस्कृत विश्वविद्यालयलाई सहयोग गरिरहेको तर संस्कृत विद्यालयलाई नदिएको टिप्पणी गरेका थिए । विद्यालय शिक्षाको आधार गुरुकुललाई सहयोगको सट्टा सरकारले विश्वविद्यालयलाई विभिन्न किसिमको सहयोग गरिरहनु भनेको तल्लो तह कमजोर हुनु हो भन्ने उनीहरूले बताएका छन् ।

**२.१८.३ गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यासहरू**

नेपालमा गुरुकुल शिक्षाका विद्यालयहरू र विद्यार्थीहरूलाई मूल प्रवाहमा ल्याउने मुख्य तरिकाहरू यी हुन् ।

(क) गुरुकुल पाठ्यक्रममा आधुनिक विषयहरू समावेश गर्ने गुरुकुल शिक्षालाई मूलधारमा ल्याउने एउटा तरिका भनेको विज्ञान, गणित र सामाजिक अध्ययन जस्ता आधुनिक विषयहरूलाई परम्परागत पाठ्यक्रममा समावेश गर्नु हो । श्रेष्ठ (२०१६) का अनुसार पाठ्यक्रमको आधुनिकीकरणले विद्यार्थीलाई आधुनिक रोजगारी बजारमा प्रतिस्पर्धा गर्न आवश्यक सीप र ज्ञानको विकास गर्न मद्दत गर्छ ।

(ख) द्विभाषी शिक्षाको प्रवर्द्धन गुरुकुल शिक्षालाई मूलधारमा ल्याउने अर्को तरिका द्विभाषी शिक्षालाई प्रवर्द्धन गर्नु हो, जहाँ पाठ्यक्रममा नेपाली र अङ्ग्रेजी दुवै सिकाइन्छ । भट्ट (सन् २०२०) का अनुसार द्विभाषी शिक्षाले गुरुकुलका विद्यार्थीहरूलाई आधुनिक संसारमा राम्रोसँग सञ्चार गर्न र आफ्नो जागिरको सम्भावना सुधार गर्न मद्दत गर्न सक्छ ।

(ग) गुरुकुल शिक्षकहरूको लागि प्रशिक्षण प्रदान गर्ने गुरुकुल विद्यालयहरूले आधुनिक मापदण्डहरू पूरा गर्ने उच्च गुणस्तरको शिक्षा प्रदान गर्न सक्ने सुनिश्चित गर्न शिक्षक प्रशिक्षण आवश्यक छ । महर्जन, (२०१८) का अनुसार शिक्षक तालिम कार्यक्रमले गुरुकुलका शिक्षकहरूलाई आधुनिक विषय पढाउन र आधुनिक शिक्षण विधि अपनाउन आवश्यक सीप विकास गर्न मद्दत गर्छ ।

(घ) गुरुकुल शिक्षामा प्रविधिलाई एकीकृत गर्ने गुरुकुल शिक्षामा प्रविधिलाई एकीकृत गर्नाले शिक्षण र सिकाइलाई बढाउन मद्दत गर्न सक्छ । उदाहरणका लागि, अडियो भिजुअल एड्सको प्रयोगले पाठहरूलाई थप आकर्षक र अन्तरक्रियात्मक बनाउन सक्छ । शर्मा, (सन् २०२१) का अनुसार गुरुकुल शिक्षामा प्रविधिलाई एकीकृत गर्नाले परम्परागत र आधुनिक शिक्षा प्रणालीबिच को खाडललाई कम गर्न मद्दत पुग्न सक्छ ।

(ङ) मूलधारका विद्यालयहरूसँगको सहकार्य मूलधारका विद्यालयहरूसँगको सहकार्यले गुरुकुल शिक्षालाई मूलधारमा ल्याउन मद्दत गर्न सक्छ । शर्मा, (सन् २०१९) का अनुसार, सहकार्यले गुरुकुल र मूलधारका विद्यालयहरू बिच स्रोत, ज्ञान र विशेषज्ञता आदानप्रदान गर्न मद्दत गर्न सक्छ, जसले गर्दा गुरुकुलका विद्यार्थीहरूको शिक्षाको गुणस्तरमा वृद्धि हुन्छ ।

### २.१८.४ गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउने सम्भाव्यता

चुनौतीका बाबजुद पनि आधुनिक शिक्षा प्रणालीमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउने चासो बढ्दो छ । कुमार र वार्श्ने, (सन् २०२०) को अध्ययन अनुसार विद्यार्थीहरूको शारीरिक, मानसिक र आध्यात्मिक आवश्यकताहरूलाई सम्बोधन गर्ने शिक्षामा थप समग्र दृष्टिकोणको आवश्यकता छ । यो लक्ष्य हासिल गर्न गुरुकुल शिक्षालाई आधुनिक शिक्षा प्रणालीमा समाहित गर्न सकिने उनीहरूको सुझाव छ ।

गुरुकुल शिक्षाले विद्यार्थीहरूको लागि आत्मअनुशासन, सञ्चार कौशल, भावनात्मक स्थिरता र बलियो नैतिकता एवम् नैतिक आधार विकास सहित धेरै फाइदाहरू छन् । तर यसले स्रोतसाधन र पूर्वाधारको कमीसँग सम्बन्धित चुनौतीहरू पनि सामना गरिरहेको छ । यी चुनौतीहरूको बावजुद, आधुनिक शिक्षा प्रणालीमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउने गरी शिक्षामा थप समग्र दृष्टिकोण प्राप्त गर्ने सम्भावना छ । गुरुकुल शिक्षालाई आधुनिक शिक्षा प्रणालीमा समाहित गर्ने सबैभन्दा प्रभावकारी तरिकाहरू खोज्न थप अनुसन्धान आवश्यक छ ।

गुरुकुल शिक्षा एक प्राचीन भारतीय शिक्षा प्रणाली हो । यो प्रणालीमा शिक्षक र विद्यार्थी बिचको व्यक्तिगत र अनुभवात्मक सम्बन्ध मार्फत ज्ञान प्रदान गर्ने विचारमा आधारित छ । भारतको छिमेकी राष्ट्र भएकाले नेपालले समान संस्कृति र परम्परा राखेको छ । त्यसैले नेपालमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउने विचार विभिन्न अनुसन्धानकर्ता र विद्वानहरूले खोजेका छन् । यस साहित्य समीक्षाको उद्देश्य यस शिक्षा प्रणालीलाई मूल प्रवाहमा ल्याउनका सम्भावित फाइदाहरू र चुनौतीहरूमा केन्द्रित भएर नेपालमा गुरुकुल शिक्षामा विद्यमान अध्ययनहरूको सिंहावलोकन प्रदान गर्नु हो ।

## २.१९ नेपालमा गुरुकुल शिक्षाका सम्भावित फाइदाहरू

धेरै अध्ययनहरूले सुझाव दिएका छन् कि गुरुकुल शिक्षाले नेपाली विद्यार्थीहरूलाई विभिन्न तरिकाले फाइदा पुर्याउने सम्भावना छ । पहिलो, गुरुकुल शिक्षाले विद्यार्थीहरूमा अनुशासन र आत्मनिर्भरताको भावना विकास गर्न मद्दत गर्न सक्छ । आचार्य, (२०१६) का अनुसार गुरुकुल प्रणालीले आत्मानुशासनमा ध्यान केन्द्रित गर्दछ र विद्यार्थीहरूमा जिम्मेवारीको भावना जगाउँछ, जसले उनीहरूलाई आफ्नो जीवनमा आत्मनिर्भर र आत्मनिर्भर बन्न मद्दत गर्न सक्छ । दोस्रो, गुरुकुल शिक्षाले नैतिक र आध्यात्मिक शिक्षालाई एकेडमिक ज्ञानसँग जोडेर शिक्षामा थप समग्र दृष्टिकोण प्रदान गर्न सक्छ । गुरुकुल शिक्षाले सत्यता, आदर र करुणा जस्ता मूल्यहरूको महत्त्वलाई जोड दिन्छ, जसले विद्यार्थीहरूको समग्र विकासमा मद्दत गर्न सक्छ (डंगोल, २०१६) । गुरुकुल शिक्षाले विद्यार्थीहरूलाई देशको इतिहास, परम्परा र रीतिरिवाजहरू सिकाएर नेपाली संस्कृति र परम्पराको संरक्षण गर्न मद्दत गर्न सक्छ । यसले नेपाली विद्यार्थीहरूमा राष्ट्रिय गौरव र पहिचान प्रवर्द्धन गर्न मद्दत गर्न सक्छ (आचार्य, २०१६) ।

शर्मा र अग्रवाल, (सन् २०२०) को अध्ययन अनुसार गुरुकुल शिक्षा प्राप्त गर्ने विद्यार्थीहरू आधुनिक शिक्षा प्राप्त गर्ने विद्यार्थीहरूको तुलनामा बढी आत्मअनुशासित, राम्रो सञ्चार कौशल र भावनात्मक रूपमा स्थिर बनाउँछ ।

मन्ना र रोय, (सन् २०१९) ले गरेको अर्को अध्ययनले गुरुकुल शिक्षाले विद्यार्थीहरूलाई बलियो नैतिक आधार विकास गर्न मद्दत गरेको छ, जुन जीवनमा सफलताको लागि अत्यावश्यक छ ।

त्यसै गरी गौतम र गौतम (सन् २०१८) को अध्ययनमा गुरुकुल शिक्षाले परम्परागत नेपाली संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्न मद्दत पुग्ने लेखकहरूको तर्क छ । यस अध्ययनले नेपाली संस्कृति र मूल्यमान्यतालाई गुरुकुल पाठचक्रममा समावेश गर्ने महत्त्वलाई उजागर गरेको छ, जसले विद्यार्थीहरूमा गौरव र पहिचानको भावना जगाउन मद्दत गर्न सक्छ ।

अध्ययनले गुरुकुल शिक्षामा थप समावेशी दृष्टिकोणको आवश्यकतालाई पनि जोड दिन्छ, जसले विभिन्न पृष्ठभूमिका विद्यार्थीहरूको विविध आवश्यकताहरू पूरा गर्न सक्छ ।

गुरुकुल शिक्षा प्रणालीले विद्यार्थीहरूको शारीरिक, मानसिक र आध्यात्मिक विकास सहितको समग्र विकासमा जोड दिन्छ । यो शिक्षाको लागि व्यक्तिगत दृष्टिकोणमा आधारित छ, जहाँ प्रत्येक विद्यार्थीले शिक्षकबाट व्यक्तिगत ध्यान प्राप्त गर्दछ । यस शिक्षा प्रणालीले नेपालका विद्यार्थीहरूका लागि धेरै सम्भावित फाइदाहरू छन्, विशेष गरी ग्रामीण क्षेत्रहरूमा जहाँ गुणस्तरीय शिक्षामा सीमित पहुँच छ । आचार्यको अध्ययन (२०१८) अनुसार नेपालको ग्रामीण विकासमा गुरुकुल शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । गुरुकुल शिक्षाले ग्रामीण क्षेत्रका विद्यार्थीको सीप र ज्ञानको विकासमा सहयोग पुर्याएर स्थानीय अर्थतन्त्रको विकासमा टेवा पुग्ने अध्ययनको तर्क छ । यस अध्ययनले गुरुकुल पाठचक्रममा समावेश गर्न सकिने परम्परागत सीप र ज्ञानलाई पुनर्जीवित गर्ने महत्त्वलाई पनि प्रकाश पारेको छ ।

गुरुकुल शिक्षा एक प्राचीन शिक्षा प्रणाली हो जसको जरा भारतीय उपमहाद्वीपमा छ । यो परम्परागत शिक्षा प्रणालीको एक रूप हो जुन प्राचीन भारतमा प्रचलित थियो, जहाँ विद्यार्थीहरूले आश्रम वा गुरुकुलहरूमा आफ्ना शिक्षकहरूसँग बस्ने र दर्शन, साहित्य, गणित र अन्य व्यावहारिक सीपहरू सहित विभिन्न विषयहरू सिकेका थिए । नेपालमा गुरुकुल शिक्षा प्रणालीले हालैका वर्षहरूमा गति लिइरहेको छ, अभिभावकहरूको बढ्दो रुचीका कारण आफ्ना छोराछोरीका लागि यस प्रकारको शिक्षा रोज्ने गरेको पाइन्छ ।

## २.२० नेपालमा गुरुकुल शिक्षाले सामना गरेका चुनौतीहरू

गुरुकुल शिक्षाका सम्भावित लाभका बाबजुद पनि नेपालमा यस शिक्षा प्रणालीलाई मूल प्रवाहमा ल्याउन धेरै चुनौतीहरू छन् । पहिलो, नेपालमा वैदिक अध्ययन, संस्कृत जस्ता विषयका लागि योग्य र दक्ष वा प्रशिक्षित गुरुकुल शिक्षकको अभाव छ । डंगोल, (सन् २०१६) का अनुसार नेपालमा गुरुकुल शिक्षाको समग्र दृष्टिकोण पढाउन सक्ने शिक्षकको अभाव छ । दोस्रो, नेपालमा गुरुकुल शिक्षालाई सहयोग गर्ने पूर्वाधार र स्रोतको अभाव छ ।

नेपालका अधिकांश गुरुकुलहरू ग्रामीण क्षेत्रमा अवस्थित छन् र उनीहरूमा विद्युत, पानी र सरसफाइ जस्ता आधारभूत सुविधाहरूको अभाव छ (आचार्य, सन् २०१६) । तेस्रो, गुरुकुल विद्यालयहरूको पाठ्यक्रम सधैँ मूलधारको शिक्षासँग मिल्दैन, जसले विद्यार्थीहरूलाई उच्च शिक्षा वा रोजगारी बजारमा परिवर्तन गर्न गाह्रो बनाउन सक्छ । चौथो, सरकारको मान्यता र सहयोगको अभाव जसले गर्दा गुरुकुल शिक्षा प्रदान गर्ने कतिपय संस्थालाई सरकारले मान्यता दिए पनि ती संस्थालाई आवश्यक सहयोग र बजेटको अभाव छ ।

अन्तमा गुरुकुल शिक्षाले हालैका वर्षहरूमा नेपालमा लोकप्रियता पाइरहेको छ, धेरै विद्यालय र संस्थाहरूले वैदिक अध्ययन, संस्कृत, ज्योतिष र अन्य विषयहरूमा पाठ्यक्रमहरू उपलब्ध गराउँदै आएका छन् । यद्यपि, यी संस्थाहरूले सामना गर्नुपर्ने धेरै चुनौतीहरू छन्, जसमा प्रशिक्षित शिक्षकहरूको अभाव र सरकारबाट मान्यता र समर्थनको कमी छ । प्राचीन शिक्षा अर्थात गुरुकुल शिक्षालाई प्रवर्द्धन र संरक्षण गर्न उल्लिखित गुरुकुल शिक्षाले बर्तमानमा सामना गरेका चुनौतीहरूलाई सम्बोधन गर्न आवश्यक छ ।

## २.२१ नेपालमा गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्न देखिएका चुनौतीहरू

गुरुकुल शिक्षाका धेरै फाइदाहरू भए पनि यसले थुप्रै चुनौतीहरूको सामना गरिरहेको अवस्था छ । गुरुकुल शिक्षालाई समर्थन गर्ने स्रोत र पूर्वाधारको अभाव एउटा प्रमुख चुनौती हो । चौधरी र शर्माको अध्ययन (सन् २०२१) अनुसार गुरुकुल शिक्षा पढाउन सक्ने योग्य तालिमप्राप्त शिक्षकको अभाव छ र धेरै विद्यालयमा त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक सुविधा र स्रोतको अभाव छ ।

गुरुकुल शिक्षा जसलाई परम्परागत भारतीय शिक्षा पनि भनिन्छ, हजारौं वर्षदेखि अस्तित्वमा छ । यो शिक्षाको एक रूप हो जसले विद्याथीहरूको शारीरिक, मानसिक र आध्यात्मिक विकास सहितको समग्र विकासलाई जोड दिन्छ । हालैका वर्षहरूमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउन भारत र विदेशमा नयाँ चासो देखा परेको छ । यस साहित्य समीक्षाले गुरुकुल शिक्षाको अनुसन्धानको वर्तमान अवस्था, यसका फाइदाहरू, चुनौतीहरू र यसलाई आधुनिक शिक्षा प्रणालीमा मूल प्रवाहमा ल्याउने सम्भावनाको खोजी गर्नेछ ।

यस साहित्य समीक्षाको उद्देश्य नेपालमा गुरुकुल शिक्षाको बढ्दो लोकप्रियताको बावजुद गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउनका चुनौतीहरूको विश्लेषण गर्नु हो । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**(क) मानकीकरणको अभाव**

गुरुकुल शिक्षा प्रणालीमा मानकीकरणको कमी छ, जसले गर्दा विभिन्न गुरुकुलहरूले प्रदान गर्ने शिक्षाको गुणस्तर मूल्याङ्कन गर्न गाह्रो हुन्छ ।

**(ख) सरकारी सहयोगको अभाव तथा आर्थिक अवरोधहरू**

कार्की र कोइरालाका अनुसार (सन् २०२०), नेपालमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउन सरकारी सहयोगको अभाव एउटा प्रमुख चुनौती हो । गुरुकुल शिक्षालाई वैकल्पिक शिक्षा प्रणालीका रूपमा मान्यता दिए पनि सरकारले यसलाई मूलधारको शिक्षा प्रणालीमा प्रवर्द्धन र समाहित गर्न खासै पहल गर्न सकेको छैन । यसर्थ गुरुकुल शिक्षा महँगो हुन सक्ने र नेपालका धेरै अभिभावकहरूले यसलाई वहन गर्न नसक्ने भएकाले गुरुकुल शिक्षाको पहुँच सीमित हुनसक्छ ।

**(ग) प्रशिक्षित तथा योग्य शिक्षकको अभाव**

सिंह र ठाकुर, (सन् २०१९) ले उनीहरूको अध्ययनमा पहिचान गरेको अर्को चुनौती गुरुकुल विद्यालयका अधिकांश शिक्षकहरू अप्रशिक्षित तथा संस्कृत विषयसंग विज्ञ नभएका हुँदा विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक सीपहरूको अभाव रहेको छ । कार्की र कोइराला, (सन् २०२१) अनुसार नेपालमा गुरुकुल शिक्षा प्रति आम मानिसहरूको त्यति सकारात्मक धारणा विकास हुन सकिरहेको छैन । मूलधारको शिक्षा प्रणालीले गुरुकुल शिक्षालाई न्यून मानेको छ र यो धारणाले गुरुकुल शिक्षालाई मूलधारको शिक्षा प्रणालीमा एकीकरण गर्न बाधा पुर्‍याएको छ ।

### (घ) सीमित पाठचक्रम

गुरुकुल शिक्षा मुख्यतया परम्परागत विषयहरूमा केन्द्रित छ र विषयहरूको विस्तृत दायरा प्रदान गर्दैन, जसले विद्यार्थीहरूलाई उपलब्ध अवसरहरूलाई सीमित गर्न सक्छ । सरकारले पनि गुरुकुल शिक्षाको पाठचक्रम समय सापेक्ष परिवर्तन तथा पाठचक्रम तयार गर्न स्वायत्त निकाय बनाउन चासो दिएको छैन ।

### (ङ) मूलधारको शिक्षा प्रणालीसँग एकीकरण

गुरुकुल शिक्षालाई मूलधारको शिक्षा प्रणालीसँग एकीकरण गर्नु चुनौतीपूर्ण छ किनभने दुई प्रणालीको दृष्टिकोण र दर्शन फरक छन् । गुरुकुल शिक्षाको यो साहित्य समीक्षाले विद्यार्थीहरूको व्यक्तिगत ध्यान, समग्र दृष्टिकोण र गुरुको भूमिकालाई गुरु तथा रोल मोडेलको रूपमा निभाएका कारणले नेपालका विद्यार्थीहरूमा गुरुकुल शिक्षा प्रति नयाँ चासो बढेको देखाउँछ । समीक्षाले नीति निर्माताहरूले गुरुकुल शिक्षाको महत्त्व बुझेर यसलाई समर्थन गर्न आवश्यक स्रोतहरू उपलब्ध गराउनु पर्ने आवश्यकतालाई पनि प्रकाश पारेको छ । समग्रमा गुरुकुल शिक्षामा नेपालका विद्यार्थीहरूका लागि अद्वितीय र बहुमूल्य शैक्षिक अनुभव प्रदान गर्ने क्षमता छ ।

नेपालमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउनका चुनौतीहरू धेरै छन् र तिनमा सरकारी सहयोगको अभाव, सीमित उपलब्धता, आर्थिक अभाव, योग्य शिक्षकको अभाव, नकारात्मक धारणा र कलंक समावेश छन् । यी चुनौतीहरूलाई सम्बोधन गर्न सरकारको प्रतिबद्धता र समर्थनको साथै शिक्षक, अभिभावक र विद्याथीहरू लगायत सबै सरोकारवालाहरूको संलग्नता आवश्यक पर्दछ ।

निष्कर्षमा, साहित्यले सुझाव दिन्छ कि नेपालमा गुरुकुल शिक्षाको पुनरुत्थानले शिक्षक, हेरचाहकर्ता र अन्य कर्मचारी सदस्यहरूका लागि रोजगारीका अवसरहरू सिर्जना गर्ने सम्भावना छ । गुरुकुल शिक्षाले विद्यार्थीहरूलाई एक अद्वितीय शैक्षिक अनुभव प्रदान गर्न सक्छ र देशको समग्र विकासमा योगदान दिन सक्छ । यद्यपि, गुरुकुल शिक्षाको

पुनरुत्थानसँग सम्बन्धित चुनौतीहरू पनि छन्, जस्तै पर्याप्त कोष र स्रोतको आवश्यकताले गुरुकुल शिक्षाका सम्भावित लाभका बाबजुद पनि नेपालमा यस शिक्षा प्रणालीलाई मूल प्रवाहमा ल्याउन धेरै चुनौतीहरू रहेकाले राज्यस्तरबाटनै यो समस्या समाधानमा पहल हुनुपर्ने जरुरी देखिन्छ ।

## २.२२ नेपालमा गुरुकुल शिक्षाका सम्भावना तथा आवश्यकता

चुनौतीहरूको बाबजुद पनि नेपालमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउने थुप्रै सम्भावनाहरू छन् । नेपाल सरकारले गुरुकुल शिक्षाको महत्त्वलाई बुझेर यसको प्रर्वद्धनका लागि विभिन्न पहल गरेको देखिन्छ । उदाहरणका लागि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नेपालमा गुरुकुल शिक्षाको प्रवर्द्धन र नियमन गर्न परम्परागत शिक्षा शाखा स्थापना गरेको छ । यसका साथै नेपालमा गुरुकुल शिक्षाको प्रर्वद्धनका लागि विभिन्न गैरसरकारी संस्था र सामाजिक सङ्घसंस्थाले पनि काम गरेका छन् । समग्रमा शिक्षा र सांस्कृतिक मूल्यमान्यतामा जोड दिएको कारणले नेपालमा गुरुकुल शिक्षाले लोकप्रियता पाइरहेको छ तर नेपालमा यसलाई मूल प्रवाहमा ल्याउन धेरै चुनौतीहरू छन्, जस्तै पूर्वाधार र तालिमप्राप्त योग्य शिक्षकको अभाव, गुरुकुल सञ्चालन गर्न आधारभूत रूपमा नै कमजोर आर्थिक पक्ष आदि । तैपनि नेपालमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउने धेरै सम्भावनाहरू छन् र सरकार एवम् सामाजिक सङ्घसंस्थाहरूले यसलाई प्रवर्द्धन गर्न पहल गरिरहेका छन् ।

गुरुकुल शिक्षा प्रणाली, जसलाई प्राचीन भारतीय शिक्षा प्रणालीमा आधारित गुरुकुल शिक्षालाई पछिल्लो समयमा नेपालमा पनि मूल प्रवाहमा ल्याउने चासो बढ्दै गएको छ । यस साहित्य समीक्षाको उद्देश्य वर्तमान परिदृश्य, चुनौती र सम्भावनाहरूलाई केन्द्रमा राखेर नेपालमा गुरुकुल शिक्षाको मूल प्रवाहको विश्लेषण गर्ने हो । वर्तमान परिदृश्यमा शिक्षा र सांस्कृतिक मूल्यमान्यतामा जोड दिएको कारणले नेपालमा गुरुकुल शिक्षाले लोकप्रियता पाइरहेको छ । नेपालका विभिन्न भागहरूमा विशेष गरी ग्रामीण क्षेत्रमा धेरै गुरुकुल विद्यालयहरू स्थापना भएका छन् । यी विद्यालयहरूले आधुनिक शिक्षासँगै परम्परागत ज्ञान, मूल्यमान्यता र सीपहरू प्रदान गर्नमा केन्द्रित छन् । नेपालका केही प्रमुख गुरुकुल

विद्यालयहरू स्वामी शिवानन्द गुरुकुल, गुरुकुलम् र हरे कृष्ण गुरुकुल हुन् जहाँ आधुनिक शिक्षा संगै गुरुकुललाई अगाडी बढाइएको छ ।

गुरुकुल शिक्षा भारतको एक प्राचीन शैक्षिक प्रणाली हो, जहाँ विद्यार्थीहरू गुरु वा शिक्षकको निर्देशनमा बस्छन् र अध्ययन गर्छन् । हालका वर्षहरूमा विशेषगरी नेपालमा, जहाँ यस प्रणालीसँग बलियो सांस्कृतिक सम्बन्ध रहेको छ, यस शिक्षा प्रणालीलाई पुनर्जीवित गर्ने चासो बढ्दै गएको छ ।

थापा, एस.र भट्टराई, एस. (सन् २०१८) द्वारा "नेपालमा गुरुकुल शिक्षाको पुनरुत्थानः चुनौतीहरू र अवसरहरू" शीर्षकको पेपरले नेपालमा गुरुकुल शिक्षाका चुनौतीहरू र अवसरहरूबारे चर्चा गरेको छ । गुरुकुल शिक्षाको पुनरुत्थानले शिक्षक, हेरचाहकर्ता र अन्य कर्मचारीका लागि रोजगारीका अवसरहरू सिर्जना गर्ने सम्भाव्यता रहेको उक्त लेखमा तर्क गरिएको छ ।

पौडेल, बी. र श्रेष्ठ, आर. (सन् २०१८) द्वारा "नेपालमा गुरुकुल शिक्षा प्रणाली : एक अवलोकन" शीर्षकको लेखले नेपालको गुरुकुल शिक्षा प्रणालीको एक सिंहावलोकन प्रदान गर्दछ । गुरुकुल शिक्षाले शिक्षक र अन्य कर्मचारीका लागि रोजगारीका अवसर सिर्जना गर्नुका साथै विद्यार्थीलाई अनुपम शैक्षिक अनुभव प्रदान गर्न सक्ने तर्क गरेको छ ।

एस. श्रेष्ठ (सन् २०१९) द्वारा 'नेपालमा गुरुकुल शिक्षाको पुनरुत्थान : समावेशी शिक्षाको लागि एक कदम' शीर्षकको कार्यपत्रले नेपालमा गुरुकुल शिक्षाको पुनरुत्थानले शिक्षक, हेरचाहकर्ता र अन्य कर्मचारी सदस्यहरूका लागि रोजगारीका अवसरहरू सिर्जना गर्न सक्ने तर्क गर्दछ । गुरुकुल शिक्षाले विद्यार्थीलाई समावेशी शैक्षिक अनुभव प्रदान गर्न सक्ने पनि पत्रले तर्क गरेको छ ।

केसी, एस. (सन् २०१९) द्वारा 'नेपालमा गुरुकुल शिक्षा प्रणालीमा रोजगारीका अवसरहरू' शीर्षकको पेपरले नेपालमा गुरुकुल शिक्षामा रोजगारीका अवसरहरूबारे चर्चा गरेको छ । गुरुकुल शिक्षाले शिक्षक, केयरटेकर र अन्य कर्मचारीका लागि रोजगारीको

अवसर सिर्जना गर्नुका साथै देशको सर्वाङ्गीण विकासमा पनि योगदान पुर्‍याउन सक्ने अखबारको तर्क छ ।

श्रेष्ठ, आर. र थापा, एस. (सन् २०२०) ले लेखेको 'नेपालमा गुरुकुल शिक्षा प्रणाली : चुनौती र अवसरहरू' शीर्षकको पेपरले नेपालमा गुरुकुल शिक्षाका चुनौती र अवसरहरूबारे चर्चा गरेको छ । गुरुकुल शिक्षाले शिक्षक तथा अन्य कर्मचारीका लागि रोजगारीको अवसर सिर्जना गर्नुका साथै देशको सर्वाङ्गीण विकासमा पनि योगदान पुर्‍याउन सक्ने उक्त पत्रको तर्क छ ।

समग्रमा, विद्यमान साहित्यले नेपालमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउने धेरै सम्भावनाहरू रहेको बताउँछ । यस शिक्षा प्रणालीमा ग्रामीण विकासको प्रवर्द्धन, परम्परागत संस्कृतिको संरक्षण र विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने क्षमता छ । यद्यपि पूर्वाधार र स्रोतसाधनको अभावका साथै शिक्षक तालिम र क्षमता अभिवृद्धिको आवश्यकता समेत सम्बोधन गर्नुपर्ने थुप्रै चुनौतीहरू छन् । तसर्थ, नेपालमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउने कुनै पनि प्रयासले यी कुराहरूलाई ध्यानमा राख्नुपर्छ ।

यस साहित्य समीक्षाको उद्देश्य यस विषयमा विद्यमान साहित्यको अन्वेषण गरिनेपालमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउने सम्भावनाको विश्लेषण गर्ने हो ।

## २.२३ नेपालमा गुरुकुल शिक्षाको मूल प्रवाहमा योगदान गर्ने पक्षहरू

गुरुकुल शिक्षा एक पुरानो शिक्षा प्रणाली हो । गुरुकुल शिक्षाका धेरै फाइदाहरू छन्, जसमा आध्यात्मिक, नैतिक र सांस्कृतिक मूल्यहरू, चरित्र निर्माण, अनुभवात्मक शिक्षा र समग्र विकासमा केन्द्रित छन् । भारतको नेशनल काउन्सिल अफ एजुकेसनल रिसर्च एण्ड ट्रेनिङ (एनसीईआरटी) ले गरेको अध्ययन अनुसार गुरुकुल विद्यालयमा पढेका विद्यार्थीहरूमा मुख्यधारका विद्यालयहरूमा पढेका विद्यार्थीहरूको तुलनामा उच्च स्तरको आत्मसम्मान, आत्मविश्वास र भावनात्मक बौद्धिकता थियो । यसबाहेक गुरुकुल विद्यालयमा पढेका विद्यार्थीहरूको शैक्षिक प्रदर्शन राम्रो रहेको र उच्च शिक्षा हासिल गर्ने सम्भावना बढी रहेको पाइएको छ ।

गुरुकुल शिक्षाका फाइदाहरूका अलावा यसले प्रशिक्षित शिक्षक र पूर्वाधारको अभाव जस्ता धेरै चुनौतीहरूको सामना गर्नुपरेको छ । तैपनि उचित लगानी र समर्थनको साथ, गुरुकुल शिक्षामा मूलधारको शिक्षाका लागि बहुमूल्य विकल्प प्रदान गर्ने क्षमता छ । गुरुकुल शिक्षा नेपाल, भारत र दक्षिण एसियाका अन्य भागहरूमा प्रचलित शिक्षाको एक प्राचीन रूप हो । शिक्षाको यो रूप एक गुरु वा शिक्षकसँग बस्न समावेश छ, जहाँ विद्यार्थीहरूलाई वेद, दर्शन, ज्योतिष र संस्कृतसहित विभिन्न विषयहरू पढाइयो । हालैका वर्षहरूमा नेपालमा यस प्रकारको शिक्षामा अभिभावकहरूको नयाँ चासो बढेको छ जसका कारण वालवालिकाहरूले गुरुकुल शिक्षा रोज्ने बढ्दो सम्भावना देखिँदा गुरुकुल शिक्षा प्रदान गर्न धेरै विद्यालय एवम् संस्थाहरू स्थापना भएका छन् । विद्यार्थीहरूले आश्रम वा गुरुकुलहरूमा आफ्ना शिक्षकहरूसँग बस्ने र दर्शन, साहित्य, गणित विषयहरू र अन्य व्यावहारिक अनुभव तथा सीपहरूसहित विभिन्न विषयहरू सिक्ने अवसर मिल्दछ ।

यसरी नेपालमा गुरुकुल शिक्षाको लोकप्रियता तथा तत्कालिन र दिर्घकालिन फाइदाहरूका कारण गुरुकुल शिक्षाको मूल प्रवाहमा निम्न लगायत विभिन्न कारकहरूलाई श्रेय दिन सकिन्छ ।

**(क) सांस्कृतिक सम्पदा**

नेपालको समृद्ध सांस्कृतिक सम्पदा छ, र गुरुकुल शिक्षा यसको अभिन्न अंग हो । नेपालका धेरै मानिसहरूले गुरुकुल शिक्षा प्रणालीलाई आफ्नो सांस्कृतिक सम्पदा जोगाउने र अर्को पुस्तामा हस्तान्तरण गर्ने माध्यमका रूपमा हेर्छन् ।

**(ख) समग्र शिक्षा**

गुरुकुल शिक्षा प्रणाली शिक्षाको लागि यसको समग्र दृष्टिकोणको लागि परिचित छ,जुन विद्यार्थीको शारीरिक, मानसिक र आध्यात्मिक विकास सहितको समग्र विकासमा केन्द्रित छ ।

**(ग) व्यक्तिगत ध्यान**

गुरुकुल शिक्षा प्रणालीमा, विद्यार्थीहरूले आफ्नाशिक्षकहरूबाट व्यक्तिगत ध्यान प्राप्त गर्छन् जसले उनीहरूलाई आफ्नै गति र आफ्नै शैलीमा सिक्न अनुमति दिन्छ ।

**(घ) धार्मिक र आध्यात्मिक शिक्षा**

गुरुकुल शिक्षाले धार्मिक र आध्यात्मिक शिक्षाको महत्त्वलाई जोड दिन्छ, जसलाई नेपालमा धेरै मानिसहरूले उच्च मूल्याङ्कन गर्छन् ।

**(ङ) अभिभावकीय छनौट**

नेपालमा धेरै अभिभावकहरूले आफ्नाछोराछोरीका लागि गुरुकुल शिक्षा रोजिरहेका छन् किनभने तिनीहरू विश्वास गर्छन् कि यसले मूलधारको शिक्षा प्रणालीभन्दा राम्रो शिक्षा प्रदान गर्दछ । शिक्षाप्रतिको समग्र दृष्टिकोण र सांस्कृतिक र आध्यात्मिक मूल्यमान्यतालाई जोड दिँदा गुरुकुल शिक्षा प्रणाली नेपालमा लोकप्रिय हुँदै गइरहेको छ । यद्यपि यसले मानकीकरणको अभाव, आर्थिक अभाव र प्रशिक्षित शिक्षकहरूको अभावजस्ता धेरै चुनौतीहरूको सामना पनि गर्दछ । यी चुनौतीहरूलाई सम्बोधन गर्नु भनेको नेपालको शिक्षा प्रणालीमा गुरुकुल शिक्षाले निरन्तर रूपमा सार्थक भूमिका खेल्ने सुनिश्चित गर्न महत्त्वपूर्ण हुनेछ ।

## २.२४ मूल प्रवाहमा प्रभाव पार्ने ज्ञान विज्ञानसँग सम्बन्धित वैदिक गुरुकुलको स्वरूप

वैदिक गुरुकुलमा सनातन धर्म अनुसार पाँच तत्व आगो, वायु, जल, पृथ्वी, आकास बाट बनेको वेद र शरीरको शिक्षा दिइन्थ्यो । जसमा निम्न प्रमुख शिक्षा थिए ।

**(क) वैदिक विज्ञान**

वैदिक विज्ञानमा चार वेद, उपनिषद्, मन्त्रोच्चारण, सनातन धर्मलाई भगवानको पूजा गर्न सिकाइएको थियो । मन्त्र जप गरेर दिव्य सिद्धि प्राप्ति वैदिक जपद्वारा हवन, यज्ञ गर्ने ।

**(ख) अग्नि विज्ञान धातु विज्ञान**

अग्निको उत्पति, अनि हतियारको सृष्टि र प्रयोग र हाम्रो शरीरको बाहिरी तथा भित्री अनि जपद्वारा बताइयो ।

(ग) **वायु विद्या (उडान)**

गुरुकुलमा हावाको चापका कारण बदलिँदो मौसम नियन्त्रण, हावाको गतिमा चल्ने हतियार र विमानको जानकारी गुरुकुलमा वायु मण्डलमा अन्य ग्रहको प्रभाव र वायुको विकारले मानव शरीरमा हुने रोगबारे पनि सिकाइएको थियो ।

(घ) **नेभिगेसन**

वर्षाको पानी भण्डारण र प्रयोग बारे जानकारी पानीले निको पार्नुहोस्, वर्षा नहुँदा वैदिक मन्त्र जप गरेर पृथ्वीमा पानीको अभाव हटाउनुहोस् । हरेक जीवित प्राणीका लागि पानीको पर्याप्त व्यवस्था गर्ने र दैनिक उपभोगका लागि कति पानी प्रयोग गर्ने भन्ने बारेमा र पानीमा चल्ने मेसिनको निर्माण र प्रयोग गुरुकुलमा बताइयो ।

(ङ) **पृथ्वी विज्ञान (पर्यावरण)**

पृथ्वीमा पर्यावरण सन्तुलन कायम राख्न मद्दत गुरुकुलमा पृथ्वीमा उत्पादन हुने खनिज, जडिबुटी बारे जानकारी दियो र कृषि र भण्डारण र जलस्रोतको प्रयोग आदिको लागि भूमिको भौगोलिक स्थान ।

(च) **अन्तरिक्ष विज्ञान**

अन्तरिक्षमा हुने खगोलीय घटनाको जानकारी, सौर्य मण्डलमा रहेका ताराहरूको जानकारी र अन्तरिक्षमा हुने खगोलीय घटनाहरूको पृथ्वीमा पर्ने असरबारे जानकारी गराइएको थियो । ग्रह र नक्षत्रहरूको चालबाट आउने समयको सही भविष्यवाणी गर्न सिकाइएको थियो ।

(छ) **आयुर्वेदिक ज्ञान**

विद्यार्थीहरूले शैक्षिक प्रमाणपत्रका लागि मात्रै नभएर गुरुकुलमा विभिन्न प्रकारका जडिबुटीबाट आयुर्वेदिक औषधि बनाउने विधि र उपचार सिकाइएको थियो र गुरुकुलका आचार्यहरूले आफ्ना शिष्यलाई आयुर्वेदिक औषधिहरूको यस्तो ज्ञान सिकाउनुभयो जसले उपचारलाई धेरै सजिलो र सजिलो बनायो ।

यी सबै पूर्वाध्ययनहरूमध्ये गुरुकुलमा शिक्षक व्यवस्थापनबारे बराल, खगराज( २०७७) को शोधमा गुरुकुल शिक्षामा शिक्षक व्यवस्थापनका बारेमा विस्तृत अध्ययन भएता पनि यसमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको सम्बन्धमा अध्ययन भएको छैन । साथै भट्टराई, गणेश (२०७८) को शोधमा गुरुकुल शिक्षामा पाठ्यक्रमका सम्बन्धमा विस्तृत अध्ययन भएतापनि गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको सम्बन्धमा अध्ययन भएको छैन । यद्यपि माथि उल्लिखित शोधकार्यहरूबाट प्रस्तुत शोधको अवधारणा निर्माणमा सहयोग पुगेको छ । अन्य पुनरवलोकन कोइराला, विद्यानाथ (२०७५), प्रभावकारी गुरुकुलीय शिक्षाको अपेक्षित नीति, ढकाल, वेणीमाधव (२०७५), वर्तमान समाजद्वारा अपेक्षित गुरुकुल शिक्षा लगायत थुप्रै सामग्रीहरू, फुटकर रचना र पत्रपत्रिकामा केवल मूलप्रवाहीकरणबारे फाट्टफुट्ट चर्चा मात्र गरेको पाइन्छ । यसरी यस शोधकार्य पूर्व नेपालमा गुरुकुलको मूलप्रवाहीकरणको अवस्था, चुनौती, अभ्यास, सम्भावना तथा आवश्यकताबारे अध्ययन भएको छैन । गुरुकुल शिक्षा केवल कर्मकाण्डी शिक्षा हो भन्ने आम मानिसहरूको धारणा अझैपनि विद्यमान रहेको अवस्थामा नेपालमा गुरुकुल शिक्षाको वर्तमान अवस्था पहिचान गरी यसलाई कसरी मूलप्रवाहीकरण गर्न सकिन्छ र यो कामका लागि के-कस्ता चुनौती, सम्भावना र आवश्यकताहरू रहेका छन् भन्ने विषयमा हालसम्म कुनै अध्ययन नहुनु र भएका अध्ययनहरू पनि पर्याप्त नहुनुले नेपालमा गुरुकुल शिक्षा आम जनसमुदायको रुचिको विषय बन्न सकिरहेको छैन । तसर्थ यही नै शोध रिक्तता हो र मेरो अध्ययन उक्त रिक्ततापूर्ति तर्फ लक्षित भई यही अनुसन्धान रिक्ततामा टेकेर प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## २.२५ निष्कर्ष

गुरुकुल शिक्षासँग सम्बन्धित यो साहित्य समीक्षामा गुरुकुल शिक्षाको परिचय, यसको सैद्धान्तिक समीक्षा, गुरुकुल शिक्षाको अनुभवजन्य समीक्षा र यसका नीतिगत पक्षहरूको समीक्षा, सम्बन्धित अनुसन्धान समस्याहरूसँग सम्वन्धित पुर्व अध्ययनहरूको समीक्षा एवम् गुरुकुल शिक्षामा देखिएका चुनौती र अवसरहरू जस्ता विभिन्न विषयहरूसँग सम्वन्धित पक्षहरूको पुर्वकार्यको समीक्षा गरिएको छ । यस अध्यायले गुरुकुल शिक्षाको मुख्य

उद्देश्य, गुरुकुल शिक्षाको सैद्धान्तिक पक्षहरू, यसको दार्शनिक आधार र यसले हाल सामना गरिरहेका चुनौतीहरू र सम्भावनाहरूको विश्लेषण गरेको छ ।

नेपालमा गुरुकुल शिक्षालाई हिन्दु धर्मको आस्थासँग जोडिएको परम्परागत वा धार्मिक शिक्षाको रूपमा हेरिन्छ । अध्ययनको निष्कर्षलाई आधार मान्ने हो भने नेपाल र भारत दुवैले गुरुकुल शिक्षालाई महत्त्व दिएको, यो सँग सम्वन्धित विभिन्न परिषद् र संस्थाहरूले यसको विकासको अनुसन्धान गरिरहेको, गुरुकुल शिक्षा ऐतिहासिकरूपमा महत्त्वपूर्ण भएको र समसामयिकरूपमा पनि यसको सान्दर्भिकता भएको शिक्षा प्रणाली हो भन्न सकिन्छ । माथीको पुर्वकार्यको समीक्षाले गुरुकुलका सिद्धान्तहरू, यसले सामना गरेका चुनौतीहरू, सम्भावित भविष्यका दिशाहरू, चरित्र र अनुशासनका पक्षहरू तथा यसका मूल्यहरूलाई उजागर गरेको छ ।

यस पूर्वकार्य समीक्षाले गुरुकुल शिक्षाले वेद, उपनिषद् र पुरातन शास्त्रहरू तथा ग्रन्थहरूका मर्मलाई आत्मसात् गरेको एवम् यो शिक्षामा यी ग्रन्थहरूको प्रभाव रहेको निष्कर्ष निकाल्न सकिन्छ । गुरुकुल शिक्षाले विद्यार्थीहरूको चरित्र विकासको महत्त्वलाई जोड दिने, शिक्षक र विद्यार्थीहरूबीचको विश्वास तथा सम्मानमा आधारित घनिष्ठ सम्बन्धलाई जोड दिने र यो गुरुकुल शिक्षा शारीरिक, बौद्धिक, भावनात्मक र आध्यात्मिक पक्षलाई जोड दिने शिक्षा हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

यस अध्यायमा समीक्षा गरिएका पूर्वकार्यले गुरुकुल प्रणालीको वैचारिक आधारको विश्लेषण गर्दै नेपालमा शिक्षाको प्रकृति, यसको संरचनाको महत्त्वलाई चित्रण गरेको छ । यसले विद्यार्थीको चरित्र विकास र नैतिक शिक्षाका पाटाहरू केलाएको छ । त्यस्तै आधुनिक शिक्षाले परम्परागत गुरुकुल मोडेललाई दिएको चुनौतीको व्याख्या गर्दै आधुनिक शिक्षाकै कारण गुरुकुल शिक्षा ओझेलमा परेको निष्कर्ष निकाल्न सकिन्छ । गुरुकुल शिक्षामा पाइने ऐतिहासिक र दार्शनिक मूल्यहरूलाई आधुनिक शैक्षिक अभ्यासहरूसँग सन्तुलनमा राख्ने हो भने गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्न सकिने र यसको सुधार गर्न मूलप्रवाहीकरणमा

देखिएका चुनौतीहरूको सम्वोधन र आवश्यकताहरूको पहिचान गरी त्यसको सम्वोधन गर्नुपर्ने निष्कर्ष निकालेको छ ।

नेपालको गुरुकुल शिक्षा प्रणालीलाई राम्ररी बुझ्ने र यसको मूलप्रवाहीकरण गर्ने हो भने विद्यार्थीहरूको चरित्र निर्माण एवम् नैतिक मूल्यहरूको अभिवृद्धि गर्नुपर्ने निष्कर्ष निकाल्न सकिन्छ । नेपालमा गुरुकुल शिक्षाको वर्तमान स्थितिको विश्लेषण, यसको कार्यान्वयनका चुनौती र अवसरहरू पहिचान गरेर नेपालमा गुरुकुल शिक्षालाई मुलप्रवाहीकरण गर्न सकिने तथ्य नै यो अध्यायको निष्कर्ष हो ।

यो अध्यायले गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि शैक्षिक पूर्वाधारहरूको कमी, प्रशिक्षित शिक्षकहरूको कमी रहेको, युवाहरू, विद्यार्थीहरू र अभिभावकहरूमा यो शिक्षा पुरातनवादी रहेको, रोजगारीको संभावना नरहेको शिक्षा हो भन्ने धारणा रहनु नै यसको प्रमुख चुनौती हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । गुरुकुल शिक्षा विद्यार्थीहरूको नैतिक र व्यावहारिक विकासको लागि एक ऐतिहासिक शिक्षा भए पनि वर्तमान व्यवस्थापनमा देखिएका समस्या यो शिक्षाप्रति राज्यले लिएको नीतिले यसको गुणस्तरमा ह्रास आएको निष्कर्ष निकालेको छ । तसर्थ, नेपालको शैक्षिक संरचनामा यसको दिगोपन, सान्दर्भिकता र मूलप्रवाहीकरणका लागि गुरुकुल शिक्षालाई आधुनिक शैक्षिक अभ्यासहरूसँग मिलाउने रणनीतिक प्रयासहरू आवश्यक रहेको निष्कर्ष यो अध्यायको रहेको छ ।

## तेस्रो अध्याय

# नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको वर्तमान अवस्था

### ३.१ विषयप्रवेश

यस अध्यायमा नेपालमा गुरुकुल शिक्षाको वर्तमान अवस्था, गुरुकुल शिक्षाको इतिहास, मूलप्रवाहीकरणको अर्थ यसका विशेषता, गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको प्रयत्न, अभ्यास, अभिप्राय र गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको वर्तमान स्थिति लगायत विषयका बारेमा संकलित तथ्याङ्क एवम् गुरुकुल शिक्षाका शैक्षिक केन्द्रहरू, त्यहाँ अध्यापन गर्ने शिक्षकहरू, व्यवस्थापन समितिका पदाधिकारीहरू एवम् गुरुकुल शिक्षाका क्षेत्रमा काम गर्ने नीति नियम निर्माण तहका महानुभावहरू, शिक्षा प्रेमी, समाजसेवी, साहित्य एवम् सांस्कृतिक विद् र राजनीतिक दलका नेताहरू समेतको अर्न्तर्वाताको विश्लेषण गरिएको छ ।

### ३.२ नेपालमा गुरुकुल शिक्षाको इतिहास

गुरुकुल एक परम्परागत शिक्षण विधि हो । Ghimire, R. (सन् 2020) ले परम्परागत गुरुकुल शैलीलाई शिक्षाको एउटा प्राचीन हिन्दू पद्धति हो भनेका छन् । यो प्रणालीमा विद्यार्थी (शिष्य) गुरु (शिक्षक)को सानिध्यमा रहँदै शिक्षा प्राप्त गर्दथे । यो शिक्षा प्रणाली वैदिक कालदेखि नै प्रचलित थियो र यसले नैतिक, आध्यात्मिक, बौद्धिक र व्यावहारिक ज्ञान प्रदान गर्नमा जोड दिन्थ्यो । यो पद्धतिको शिक्षण विधि गुरु शिष्य परम्परामा आधारित थियो। श्रवण मनन र निदिभ्यास आदि यसका शिक्षण विधि थिए ।

जुन शताब्दियौँदेखि भारतमा अभ्यास गरिएको छ. । गुरुकुल शिक्षामा गुरु ज्ञानको स्रोत हो र विद्यार्थीहरू उत्तम शिक्षा प्राप्त गर्न गुरुको नजिक रहने गर्दछन् । एक गुरुकुलको पाठचक्रममा सामान्यतया वैदिक साहित्य, संस्कृत, गणित र अन्य परम्परागत विज्ञान जस्ता विषयहरू समावेश गरिन्छन् र विद्यार्थीहरूलाई यी विषयहरूबारे व्याख्यान, पठन र अभ्यासका माध्यमबाट अध्ययन अध्यापन गराइन्छ । यो शिक्षा प्रणालीमा विद्यार्थीहरूको

इमानदारी र आत्मनियन्त्रणसहितको शारीरिक र मानसिक विकासका पक्षमा जोड दिइन्छ । शिक्षावल्लीको प्रथम मन्त्रमा वेदले अनुशासनका रूपमा चार शिक्षा दिएको छ : सत्यं वद । धर्मं चर । स्वाध्यायान्मा प्रमदः । प्रजातन्तुं मा व्यवच्छेत्मी । कृष्ण यजुर्वेद तैत्तरीयोपनिषद् तीन भागमा विभाजित छ : १. शिक्षावल्ली २. ब्रह्मानन्दवल्ली ३. भृगुवल्ली । शिक्षावल्लीको उपसंहार एघारौँ अनुवाक्मा छ, जो उपनिषद्को महत्त्वपूर्ण भाग हो । जसमा आचार्यले समावर्तन सभामा अन्तेवामी (वेदशास्त्रका विद्यार्थी) लाई आफ्नो अन्तिम उपदेश दिन्छन् ।

अन्तेवामीको अर्थ शिष्यले आचार्यका अगाडि आसन ग्रहण गरेर विश्वको शासनका शाश्वत सिद्धान्तलाई अनुशासनबद्ध रूपमा ग्रहण गर्दछ । यो शाश्वत सिद्धान्त वेद नै हो । त्यसबेला अन्तेवामी हुनुलाई एक उपासना मानिन्थ्यो ।

आचार्य शब्दका तीन अर्थ छन् : 'आचिनोति च शास्त्राणि' अर्थात् जसले शास्त्रलाई राम्ररी जान्दछ । आचारं स्थापयन्मणि - शास्त्रअनुकूलको आचरणका लागि अरूलाई प्रेरित गर्छ । 'स्वयं आचरतेन' आफूले पनि शास्त्रअनुकूल गर्छ । जसले स्वयं शास्त्रको अनुष्ठान गरेर आफ्नो जीवनमा लागु गर्छ, त्यो आचार्य बन्दछ ।

गुरुकुल भनेको गुरुको परिवार बस्ने ठाउँ वा शिक्षा हो । प्राचीन कालमा शिक्षकलाई गुरु वा आचार्य मानिन्थ्यो र त्यहाँ शिक्षा लिने विद्यार्थीलाई आफ्नो परिवार मानिन्थ्यो । आचार्य गुरुकुलमा पढाउनुहुन्थ्यो । गुरुकुलमा प्रवेश गर्न आठ वर्षको हुनु अनिवार्य थियो र मानिसहरू पच्चिस वर्षको उमेरसम्म यहाँ बसेर शिक्षा प्राप्त गरेपछि ब्रह्मचार्य लगायतका नियमहरूको पनि पालन गर्थे । विद्यार्थीहरू गुरुकुलमा भेला हुन्छन् र आफ्ना गुरुबाट वेद सिक्छन् । 'प्रजातन्तुं मा व्यवच्छेत्मी' प्रजासन्ततिलाई विच्छेद नगर । यहाँ प्रजासन्तति भन्नाले समाज र गुरुकुलबिचको सम्बन्धको सन्दर्भ हो । सामाजिक मान्यताका विपरीत पनि हरेक विद्यार्थीलाई समान व्यवहार गरिन्थ्यो, अर्थात् यहाँ अध्ययन गर्ने हरेक जातका विद्यार्थी, चाहे त्यो क्षेत्री होस् वा शूद्र परिवार, कुनै किसिमको भेदभाव थिएन । ब्राह्मणहरूको जस्तै अध्ययन गर्ने अधिकार शूद्रहरूलाई पनि थियो । गुरुकुलको मुख्य उद्देश्य ज्ञानको विकास र शिक्षामा ध्यान केन्द्रित गर्नु थियो । गुरुकुलमा धर्मशास्त्रको अध्ययनदेखि हतियार व्यवस्थापन

र प्रयोगसम्मको अध्ययनसमेत सिकाइन्थ्यो । गुरुकुललाई योग अभ्यास र यज्ञको अभिन्न अङ्ग मानिन्छ भन्नेमा कुनै शङ्का छैन । यहाँ हरेक विद्यार्थीले हरेक किसिमको काम सिक्छन् र पढाइ सकेपछि रुचि एवम् गुणका आधारमा काम रोज्छन् । उपनिषद्हरूमा लेखिएको छ कि मातृ देवो भव, पितृ देवो भव, आचार्य देवो भव, अतिथि देवो भव, अर्थात् संसारमा मातापिता, गुरु र अतिथि चार प्रत्यक्ष देवता हुन्, उनीहरूको सेवा गर्नुपर्छ । त्यसमध्ये पनि आमाको स्थान पहिलो, बुबाको दोस्रो, गुरुको तेस्रो र पाहुनाको चौथो स्थान हो । गुरुकुलमा सबैलाई समान सुविधा थियो । मनुस्मृतिमा भनिएको छ - हरेक दिन शास्त्रको अध्ययन गर्नुपर्छ । यसबाट निम्नानुसार फल प्राप्त हुन्छ :

बुद्धि वृद्धि करान्याशु धन्यानि च हितानि च

नित्यं शास्त्रं अवेक्षेत निगमांश्चैव वैदिकान् ।

अर्थात् बुद्धिले सोचेर गर्नुपर्ने सुभ र हितकारी कामहरू ढिलो नगरी तुरुन्तै गर्नुपर्छ । मानिसले आफ्नो जीवनमा सधैं धर्म, ज्ञान र सत्यको अध्ययन गर्नुपर्छ । वेद र शास्त्रहरू जीवनका मार्गदर्शक हुन् । तिनको नियमित अध्ययनले बुद्धि, नीति र आचरण शुद्ध हुन्छन् ।

पण्डित शब्दको अर्थ पण्डा आत्मबुद्धिः यस्य स पण्डितः । जसमा सही आत्मबुद्धि छ, त्यो पण्डित हो । गीतामा भनिएको छ -

यस्य सर्वे समारम्भाः कामसङ्कल्पवर्जिताः

ज्ञानाग्नि दग्ध कर्माणं तमाहः पण्डित बुधः ।

(भगवद्गीता अध्याय ४ (ज्ञानकर्म संन्यासयोग), श्लोक १९)

अर्थात् जसका सबै कार्यहरू इच्छारहित (कामना, सङ्कल्पबाट मुक्त) हुन्छन् र जसका कर्महरू ज्ञानरूपी अग्निद्वारा दग्ध भइसकेका छन् । त्यस मनुष्यलाई ज्ञानीहरूले 'पण्डित' भन्छन् ।

साथै मनुले मनुस्मृतिमा सबैले आफ्ना केटाकेटीलाई गुरुकुलमा पढाउनुपर्छ, कसैलाई शिक्षाबाट वञ्चित नगराउने, घरमा नराख्ने बताइएको पाइन्छ । गुरुकुलको इतिहासलाई बुझ्नका लागि वैदिक तथा पौराणिक, प्राचीन, मध्यकाल र आधुनिक कालसम्मलाई बुझ्न आवश्यक छ ।

### (क) वैदिक तथा पौराणिक काल

प्राचीन कालभन्दा पहिलाको समय गुरुकुलको वैदिक तथा पौराणिक काल हो । पूर्वीय वैदिक हिन्दु सनातन परम्परामा गुरुशिष्य परम्परासम्बन्धी चर्चा वैदिक, पौराणिक तथा आर्ष ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । त्यस बेलाको विद्यावंश परम्परालाई गुरुकुलले धानेको थियो । गुरुकुलको सञ्चालन ऋषि, महर्षि तथा आचार्यहरूबाट हुने भएकाले गुरुकुलको शिक्षक व्यवस्थापन पनि ऋषि, महर्षि तथा आचार्यहरूबाट नै हुने गर्थ्यो । वैदिक र पौराणिक ग्रन्थमा विभिन्न ऋषि महर्षिका आश्रमहरूको चर्चा गरिएको छ । वासुदेव कृष्ण शास्त्री (२०७६) का अनुसार पौराणिक कालमा शिक्षाको केन्द्र ऋषि, महर्षिको आश्रममा हुन्थ्यो । यस्ता आश्रमलाई गुरुकुल भनिन्थ्यो । यस्ता आश्रमहरूमा भगवान् शिव, देवगुरु बृहस्पति, दैत्यगुरु शुक्राचार्य (उशना), ऋषि महर्षिहरू परशुराम, धौम्य, द्रोण, सान्दीपनि, वशिष्ठ, विश्वामित्र, वाल्मीकि, भारद्वाज, दुर्वासा, कपिल, कण्व, जमदग्नि, अत्रि, गौतम, वामदेव, वेद, शौनक, अगस्त्य, दध्यङ्, कश्यप, राजर्षि जनक उल्लेखनीय थिए । पौराणिक कालका गुरुकुलहरूमा गणित, ज्योतिष, खगोल, भूगोल जस्ता विषयलगायत आध्यात्म विज्ञान, पदार्थ विज्ञानका साथै चौसट्ठी कला जस्ता विषयहरूमा शिक्षा दिइन्थ्यो । सनातन वैदिक साहित्यमा ६४ कला (विद्या) विषयमा व्यापक चर्चा भएको पाइन्छ । प्रत्येक गुरुकुलका आआफ्ना विशेषताहरू थिए । कुनै गुरुकुल वैदिक ज्ञानका लागि, कुनै गुरुकुल धनुर्विद्याका लागि, कुनै गुरुकुल शस्त्रअस्त्रका लागि, कुनै गुरुकुल ज्योतिषका लागि, कुनै गुरुकुल गणित एवम् खगोल विज्ञानका लागि प्रसिद्ध थिए । भीष्मले र कर्णले गुरु परशुरामबाट एक्लाएक्लै नै शिक्षा ग्रहण गरेका थिए ।

नारायणप्रसाद पोखरेल (२०७४) का अनुसार अर्जुन र श्रीकृष्णका एक एकवटा उत्तराधिकारी शिष्य थिए । महाभारतमा वर्णित भरद्वाजको आश्रममा पाञ्चाल नरेश द्रुपद र गुरु द्रोणले एकै साथ महर्षि भरद्वाजबाट धनुर्विद्याको शिक्षा प्राप्त गरेका थिए । महाभारतमा वर्णित आचार्य धौम्य र ऋषि सान्दीपनि गुरुकुल निकै प्रसिद्ध थिए । आचार्य धौम्यको आश्रम सेवा तथा संयमका लागि प्रसिद्ध थियो । शिष्यहरूलाई सुयोग्य बनाउनका लागि धौम्यले तप तथा योगसाधनामा लगाउँथे । महर्षि धौम्यको तपशक्तिको आशीर्वादबाट नै शिष्यहरूलाई शास्त्रको ज्ञाता बनाउन पर्याप्त हुन्थ्यो । गुरुभक्ति र आज्ञाकारितामा आरुणि र उपमन्यु धौम्य ऋषिका विश्वप्रसिद्ध शिष्य थिए । महाभारतकालमा महर्षि धौम्य पाण्डवहरूका पुरोहित पनि थिए । उदार बुद्धि भएका धौम्य वेदार्थका ज्ञाता तत्त्व थिए, पाण्डवले आफूलाई गुरु र पुरोहित मानेपछि उनले पनि कुन्ती कुमारहरूलाई आफ्नो यजमान बनाए ।

### (ख) प्राचीनकालीन गुरुकुल

प्राचीनकालमा गुरुकुल शिक्षा प्रणाली भारतमा आवासीय शिक्षा प्रणाली थियो । प्राचीन भारतीय संस्कृतिमा दुई कुलको परिकल्पना पाइन्छ, गुरुकुल र पितृकुल । बालक पितृकुल अर्थात् पिताको घरमा पैदा हुन्छ र त्यसपछि गुरुकुलमा जान्छ र पुनः पितृकुलमै फर्किन्छ ।

सत्यात् उत्पद्यते धर्मः दयाद्दानाद् विवर्धते

क्षमया तिष्ठते धर्मः क्रोधाद्धर्मो विनश्यति ।

अर्थात् सत्यबाट धर्मको उत्पत्ति हुन्छ, दया र दानबाट धर्मको वृद्धि हुन्छ, क्षमाले धर्मको स्थायित्व हुन्छ भने क्रोधले धर्म विनाश हुन्छ । यसबाट धर्मको सम्बन्ध जीवनपद्धतिसँग जोडिएको देखिन्छ । धर्मलाई स्वर्गसँग जोड्ने गरिन्छ तर स्वर्गको अर्थ हो, स्वः=प्रकाश र गः= गति । अर्थात् जहाँबाट प्रकाश प्राप्त हुन्छ, त्यही स्वर्ग हो । यसअनुसार आत्मप्रकाश नै स्वर्ग हो, अनात्मा अन्धकार हो । आत्मप्रकाशका लागि ज्ञान चाहिन्छ र त्यो ज्ञान गुरुकुलबाट प्राप्त हुन्छ भन्ने यसको आशय हो ।

कालिदासले आफ्नो रघुवंश (१।६) महाकाव्यमा पौरस्त्य जीवनशैलीका बारेमा यस्तो उल्लेख गरेका छन् :

शैशवेभ्यस्त विद्यानां यौवने विषयैषिणाम्

वार्धक्यं मुनिवृत्तीनां भोगेनान्ते तनुत्यजाम् ।

अर्थात् मानव शैशव अवस्थामा ज्ञान प्राप्त गर्न थाल्छ, यौवन अवस्थामा विषय या रागविरागमा लाग्छ, वृद्ध अवस्थामा मुनिवृत्ति ग्रहण गर्छ तर भोगले शरीर त्याग गर्दछ । यसबाट मानवको बाल्यकाल शिक्षा प्राप्त गर्नुपर्ने काल हो र त्यस बेला गुरुकुल आवश्यक हुन्छ भन्ने कुराको सङ्केत गरेको छ ।

के कुमार (२००४) का अनुसार शिक्षाको यो प्रणाली विद्यार्थीहरूको समग्र बौद्धिक, शारीरिक, आध्यात्मिक र नैतिक विकास लगायत चौतर्फी विकासमा केन्द्रित थियो । प्राचीनकालमा गुरुकुलहरू सामान्यतया ग्रामीण क्षेत्रमा अवस्थित थिए, जहाँ विद्यार्थीहरू प्रकृतिको नजिकमा बसेर जीवनको महत्त्वको बारेमा सिक्दथे । गुरुकुलमा विद्यार्थीहरूले सामान्यतया धेरै कलिलो उमेरमा आफ्नो शिक्षा सुरू गर्दथे र धेरै वर्षसम्म गुरुकुलमा आफ्नो अध्ययन पूरा नगरुञ्जेल र आफ्नो जीवन सुरु गर्न तयार नभएसम्म अध्ययन गरिरहन्छन् ।

प्राचीन समयमा गुरुकुलको पाठचक्रम धेरै व्यापक थियो र भाषा, गणित, विज्ञान, दर्शन, धर्म, कला, र संगीत जस्ता विषयहरू गुरुकुलमा समावेश थिए । विद्यार्थीहरूलाई कृषि, सिकर्मी र मेटलवर्किंग जस्ता व्यावहारिक सीपहरू पनि प्राचीन गुरुकुलमा सिकाइन्थ्यो ।

ए.एल.बाशम (सन् १९६७) का अनुसार प्राचीन गुरुकुलमा गुरु र विद्यार्थीबिचको सम्बन्ध धेरै पवित्र थियो । यो समयको गुरुकुलमा गुरुलाई बुबाको व्यक्तित्वको रूपमा हेरिन्थ्यो । विद्यार्थीहरूले गुरुलाई अत्यन्त आदर र आज्ञाकारिता देखाउँथे । विद्यार्थीहरूले पनि गुरुकुलमा आफनो जिम्मेवारी दैनिक कर्तव्यहरू समर्पणकासाथ पुरा गर्ने गर्दथे ।

अनन्त सदाशिव अल्तेकर (सन् १९३४) का अनुसार प्राचीन कालिन गुरुकुल शिक्षा प्रणालीले भारतीय इतिहासमा थुप्रै दार्शनिकहरू, वैज्ञानिकहरू, कलाकारहरू र योद्धाहरू,

केही ठूला दिमागहरू उत्पादन गरेको इतिहास पाइन्छ । प्राचीनकालमा यो शिक्षा विश्वभरका अन्य शैक्षिक प्रणालीहरूको तुलनमा निकै बलियो र प्रभावशाली थियो ।

### (ग) मध्यकालीन गुरुकुल

मध्यकालीन गुरुकुल शिक्षा प्रणालीको इतिहास पनि प्राचीनकालिन गुरुकुल भन्दा खासै भिन्न थिएन । मध्यकालीन गुरुकुलको रूप पनि उही पुरानो समयको जस्तै थियो । यो समयमा पनि विद्यार्थीहरू आवासीयरूपमै गुरुकुलमा बस्थे र गुरुसँगको सम्बन्ध पनि प्राचीनकालको जस्तै थियो ।

यो समयमा पनि गुरुकुलका विद्यार्थीहरूलाई भाषा, गणित, विज्ञान, दर्शन, धर्म, कला, र संगीत जस्ता विभिन्न विषयहरू नै सिकाइन्थ्यो । यसका अतिरिक्त यो समयमा पनि विद्यार्थीहरूलाई व्यावहारिक सीपहरू जस्तै कृषि, सिकर्मी, र धातु विज्ञान जस्ता विषयहरूपनि ज्ञान दिइन्थ्यो गुरु र विद्यार्थीविचको सम्बन्ध यो समयमा पनि धेरै पवित्र र सम्मानजनक थियो । गुरुलाई वुवा समान नै मानिन्थ्यो ।

एच एस भाटिया (सन् २०१०) का अनुसार मध्यकालीन गुरुकुल शिक्षा प्रणालीमा केही परिवर्तनहरू नभएका होइनन्, यो समयमा केही परिवर्तनहरू पनि भएका छन् । उदाहरणका लागि, यस अवधिमा गुरुकुललाई धार्मिक शिक्षामा बढी जोड दिइयो । यो अवधिमा केही नयाँ गुरुकुलहरू स्थापना गरियो, जसले विभिन्न धार्मिक शिक्षा प्रदान गर्ने कुरामा जोड दिइयो । मध्यकालीन गुरुकुल शिक्षा प्रणालीले यो समयमा भारतीय संस्कृति र परम्पराको संरक्षणमा पनि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यो समयमा गुरुकुलले विद्यार्थीहरूलाई भारतीय दर्शन, धर्म र संस्कृतिको बारेमा प्राथमीकतामा राखेर सिकाइएको थियो । यो समयको थप उपलव्धी भनेको गुरुकुलले सामाजिक न्याय र समानता जस्ता पक्षहरूलाई महत्त्व दिदैँ यो शिक्षामा सबै जाति, धर्म र आर्थिक पृष्ठभूमिका विद्यार्थीहरूले शिक्षा प्राप्त गर्ने अवसर पाएका थिए । मध्यकालीन गुरुकुल शिक्षाले भारत लगायत नेपालमा समेत समाज र संस्कृतिको निर्माणमा महत्त्वपूर्ण प्रभाव पारेको छ । यस प्रणालीले नेपाली तथा भारतीय संस्कृति र परम्पराको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

### (घ) आधुनिककालीन गुरुकुल

आधुनिककालमा गुरुकुल शिक्षाको पुरानो गुरुकुल शिक्षाको प्रणालीलाई धेरै परिवर्तन भएको छ । यो समयमा गुरुकुलले समग्र शिक्षाको अध्ययन प्रदान गर्ने लक्ष्य राखेका छ जुन शिक्षा गुरुकुलका समग्र विषयहरू पनि समेटदैं विद्यार्थीहरूको पूर्ण, शारीरिक, आध्यात्मिक र नैतिक विकासमा समेत केन्द्रित रहेको छ । यो समयमा पनि गुरुकुलमा आवासीय प्रणाली विद्यामान नै रहेको छ । अग्रवाल वी.के. का अनुसार यो समयमा गुरुकुलको पाठ्यक्रमले व्यापकता पाएको छ र यसमा भाषा, गणित, विज्ञान, दर्शन, धर्म, कला, र संगीत जस्ता विषयहरू समावेश गरिएका छन् र विद्यार्थीहरूलाई यसको अतिरिक्त व्यावहारिक सीप समेत सिकाइने गरिएको छ । यो कालमा गुरुकुलमा विद्यार्थीहरूको चरित्र निर्माणको पक्षलाई अलि बढी जोड दिइएको छ । यसका अतिरिक्त यो समयमा विद्यार्थीहरूको ध्यानको पक्ष, पूर्ण, शारीरिक, आध्यात्मिक, र नैतिक पक्ष, कडा चरित्रको विकास लगायतका पक्षहरूलाई आधुनिककालीन गुरुकुलले जोड दिएको छ । आधुनिक कालको गुरुकुल प्राचीन र मध्यकालीन गुरुकुलभन्दा अलि महँगो वनेको छ साथै यसका पाठ्यक्रममा थप परिमार्जन आवश्यक भए पनि यो समयसापेक्ष परिवर्तन हुन सकिरहेको छैन ।

## ३.२.१ गुरुकुल शिक्षाको इतिहासका सम्बन्धमा पूर्ववर्ती अध्ययनहरू

गुरुकुलीय शिक्षाका बारेमा कुनै कालखण्डमा सीमित नभई समग्र रूपमा विभिन्न अन्तर्वार्ताकारहरूले विभिन्न विचार प्रकट गरेका छन् । गुरुकुल शिक्षाका बारेमा गणेशप्रसाद घिमिरेले अन्तर्वार्ताका माध्यमबाट आफ्नो दृष्टिकोण प्रस्तुत गर्नु भएको छ । उनका अनुसार 'गुरु सुश्रूषया विद्या पुस्कलेन धनेन च' । अथवा विद्यया विद्या चतुर्थं नोपलभ्यते । अर्थात् विद्या प्राप्तिका लागि तीनवटा मात्र उपाय छन् । गुरुको सेवा गरेर, प्रचुर धनद्वारा र परस्पर विद्या प्रदान गरेर विद्या प्राप्त हुन्छ । विद्या प्राप्तिको चौथो उपाय नभएको उनका तर्क रहेको छ । उनका अनुसार गुरुकुल प्राचीन विद्या प्रदानको केन्द्र हो । यसमा सिदाबाट प्राप्त अन्नले गुरु र शिष्यको जीवनयापन हुने गरी विद्या प्रदान गरिन्छ । गुरुकुलमा शुल्क लिइँदैन । स्नातक भएपछि गुरु दक्षिणाको चलन रहेको छ । गुरुकुलमा आर्जित शिक्षा समाज, संस्कार,

परम्परा र मान्यतामा आधारित हुन्छन् । त्यसैले गुरुकुललाई आर्य सभ्यतामा विद्याको केन्द्र मानिएको छ ।

'सर्वत्र विजयं इच्छेत् शिष्यादिच्छेत् पराजयम्', अर्थात् गुरुले सबै स्थानमा विजय हासिल गर्न चाहन्छ । तर शिष्यसित उसले पराजयको अपेक्षा राखेको हुन्छ, यसलाई नै गुरुकुलमा प्रदान गरिने विद्या वा शिक्षाको उपादेयता मानिएको पाइन्छ । गुरुकुललाई शिक्षाको केन्द्र, सनातन परम्पराको भावभूमि, जीवनयापनको साधन र विद्याको केन्द्रका रूपमा स्वीकार गरिएको छ भन्ने उनको विश्लेषण रहेको छ ।

घिमिरेका अनुसार नेपालको शैक्षिक परम्पराको इतिहासमा पहिलो गुरुकुल मटिहानीस्थिति राजकीय संस्कृत माध्यमिक विद्यालयलाई मानिएको छ, जहाँ बालागुरु षडानन्दले अध्ययन गरेका थिए । उक्त गुरुकुल रामलाल दास (तस्मैया बाबा) ले वि.सं. १७५१ मा अनौपचारिकमा आरम्भ गरेका थिए भन्ने तथ्यलाई उनले उजागर गरेका छन् । यस हिसाबले यो गुरुकुल तीन सय वर्षभन्दा पुरानो हो । तस्मैया बाबाका शिष्य जयकृष्ण दास संस्कृत व्याकरणका विद्वान् थिए । तस्मैया बाबाले शिष्यलाई गुरुका रूपमा राखेर वि.सं. १७७५ मा औपचारिक रूपमा यो गुरुकुलको स्थापना गरेका हुन् । यसको २६ वर्षपछि वि.सं.१८०१ मा लक्ष्मीनारायण महाविद्यालयको स्थापना गरिएको हो । यस विद्यालयमा १०८ विद्यार्थीका लागि भोजन व्यवस्था गरेर महाविद्यालय र गुरुकुल चलाइएको पाइन्छ । यहाँ पर्वतीय विद्यार्थीको भान्सालाई 'क' मैथिल ब्राह्मणहरूको भान्सालाई 'ख' मटिहानीवासीको भान्सालाई 'ग' भन्ने चलन थियो । आज गणतन्त्रपछि त्यो व्यवस्थाको अन्त्य भएको छ । यो महाविद्यालयमा नेपालका विभिन्न ठाउँबाट मात्र नभई भारतका विभिन्न राज्यबाट अध्ययनका लागि विद्यार्थी आउने गर्थे । आज यो महाविद्यालय इतिहासका रूपमा सीमित देखियो ।

यसै सन्दर्भमा गुरुकुल परम्परा र आधुनिक शिक्षाको समृद्धि यात्राका बारेमा डा. भेषराज अधिकारीको अध्ययनलाई पनि समावेश गरिएको छ । उनका अनुसार संसारका सबै शास्त्रहरू दृष्टिविहीन मानिसको कौतूहलताबाट सुरु हुन्छन् । जुन दिन यो धर्तीमा

दृष्टिविहीन मानिस हुने छैनन्, त्यस दिन कुनै शास्त्रको जरुरत पर्दैन । अन्धो मानिस नै सबैभन्दा धेरै सूचना र ज्ञानका लागि उत्सुक हुन्छ । कुनै उपकरण बिना नै युद्धक्षेत्रको प्रत्यक्ष वर्णन गर्न महर्षि वेदव्यास गुरुकुलका शिष्य सफल हुनुका कारण योग शिक्षा भौतिक आँखा मात्र होइन, समय र अन्तरिक्ष भन्दा पनि पर देख्नसक्ने दिव्यदृष्टि विकास गर्न सक्ने शिक्षा हो भन्ने उनको तर्क रहेको छ । उक्त भनाइको मूल निष्कर्ष सही शिक्षाका माध्यमबाट उत्पादित विवेकशील मानवद्वारा नै सभ्य र सुसंस्कृत समाज निर्माण गर्न सकिन्छ भन्ने हो । उनका अनुसार श्रीभगवद्गीता केही चर्चित पात्रहरू गुरुकुलका उपज थिए । त्यहाँ गुरुकुल शिक्षाले जिज्ञासा बढाएको थियो । यही शिक्षाले ज्ञानको भोक जगायो । धर्मयुद्ध लड्नु पर्छ भनेर कृष्णले अर्जुनलाई उपदेश दिए, गुरुकुलबाट दीक्षित अर्जुनले अन्तत त्यसलाई स्वीकार गरे । राजपाटका निम्ति दाजुभाइबिच युद्ध भड्काइयो तर निमय अनुसार नै लडाइ सञ्चालित भयो । गुरुकुलले नियम पालना गर्न सिकायो । आज्ञाकारिता अनुशरण गरायो । चरित्र निर्माण गऱ्यो । परम्परा र सभ्यताको सम्मान गर्न ज्ञान दिलायो । सभ्य र सुसंस्कृत समाजका निम्ति योगदान गर्न पढायो । यस धर्तीमा लामो अन्तरालमा शिक्षाको माध्यमबाट विज्ञान तथा प्रविधिका क्षेत्रमा ठूलो विकास भएको छ । डा. अधिकारीको उक्त कथनबाट गुरुकुल शिक्षा सबैभन्दा पुरानो, नैतिकवान, क्षमतावान र नियमद्वारा बाँधिएको शिक्षाको रूपमा लिन सकिन्छ ।

उनका अनुसार द्रोणाचार्यको गुरुकुलबाट सुशिक्षित अर्जुन सर्वश्रेष्ठ धनुर्धारी थिए । यसको अर्थ निरन्तरको अभ्यासबाट जस्तोसुकै कार्य सफल हुन सक्छ भन्ने बुझेका अर्जुन रातको समयमा पनि धनुर्विद्या सिक्थे । गुरुले एक रात यो कार्य थाहा पाए तर रोकेनन्, बरु अर्जुनको सीप हासिल गर्ने उत्कण्ठ चाहना बुझेर उनका गुरु मौन बसेका थिए । उनले अर्जुनप्रति विश्वास गरे । गुरुले शिष्यको लगाव बुझेर त्यसलाई प्रोत्साहित गर्नुपर्छ भन्ने कुरा यसबाट स्पष्ट हुन्छ । गुरुकुलमा अर्जुन असाध्यै मिहिनेत गर्दथे । अर्जुनले युद्धनीति, कूटनीति, राजनीति आदिको कुशल प्रयोग गरी कुरुक्षेत्रमा विजयी बनेर पाँचगाउँ होइन सिंगो राज्य नै हासिल गर्न सफल भए । अयोध्या नरेश पुत्र रामचन्द्रसहित उनका भाइहरूको चर्चा गर्ने हो

भने धर्म, कर्तव्य, राजनीति र धनुर्विद्याका बारेमा गुरुकुलमा शिक्षा आर्जन गरेको पाइन्छ । गुरुकुलमा को व्यक्ति कुन परिवारबाट आयो भन्ने कुरा नहेरी सबैलाई समान व्यवहार गरिन्थ्यो । राजा दशरथको आज्ञा पालनका खातिर चौध वर्ष वनवास बसेका रामचन्द्र राजा जनककी छोरी सीताका लागि धनुकाँड ताँदोमा चढाउने प्रतिष्पर्धामा भाग लिए र सफल भए । शरीरको आठ ठाउँ बाङ्गो भएकाले भौतिकरूपमा कुरूप देखिने अष्टाबक्र ऋषिलाई सुरुमा खासै वास्ता गरिएको थिएन तर पछि नजीक दार्शनिकको विद्वत्ताबाट वशीभूत भई उनैलाई गुरु थापेर राजा जनकले दीक्षा लिए, विदेह कहलाए । ज्ञानको भोक जागेर जनकले जनकपुरमा विश्वका हजारौँ दार्शनिकहरूलाई शास्त्रार्थ गराए । डा. अधिकारीका अनुसार यी सबै परिणामको जग गुरुकुल हो र अनुशासन, आज्ञापालन र ज्ञानप्रति समर्पणभाव गुरुकुल शिक्षाका महत्त्वपूर्ण विशेषता हुन् भन्ने उनको तर्क रहेको छ ।

डा. हृदयरत्न अनुसार अनुसार प्रेमपूर्वक जिन्दगी पढ्न जापान, कोरिया, इन्डोनेसिया, भियतनाम आदि क्षेत्रबाट जम्बूद्वीप भारत वर्षमा पढ्न आउने प्रचलन विगतमा थियो । यो भारत वर्ष जम्मुदिपमा अध्ययन गर्ने भनेको गुरुकुल शिक्षा हो । विहारहरू र गुम्बाहरूमा शिक्षा दिने कार्य अलि पछि थालिएको हो । त्यसपछि मात्र नालन्दा तक्षशिला University बनेको र ती University बनाउने भनेका गुरुकुल सिष्टमकै व्यक्तिहरू नै हुन् । समाजलाई हजारौं वर्षसम्म फैलाएर लगेको एवम् समृद्ध समाज बनाएको पनि गुरुकुल शिक्षाले नै हो । आजको शिक्षा प्रणालीभन्दा गुरुकुल शिक्षा प्रणाली नै राम्रो रहेको उल्लेख गर्दै यस सन्दर्भमा उनी भन्छन् :

> पहिलेको गुरुकुल शिक्षा परम्पराको कुरा गर्ने हो भने त्यो प्रणाली आजको समयभन्दा धेरै गुणा राम्रो थियो । त्यहाँबाट शिक्षा पाएपछि विद्यार्थीहरूले समाजका लागि केही न केही गर्न थाले । पहिलेका जमानामा विद्यार्थीका लागि अहिलेको जस्तो बेन्च डेस्क, भवन आदि ठूला सुविधा थिएनन् । अहिले पनि त्यसबेला विद्यार्थीले गुणस्तरीय शिक्षा लिन्थे तर आजको शिक्षा ले घरको काममा योगदान दिन सकेको छैन । त्यसबेला खेतमा खेती गर्ने समय आएपछि सबै गुरुकुलहरू निश्चित समयका

लागि बन्द हुन्थ्यो । ताकि सबै बालबालिकाले आफ्ना आमाबुवालाई आफ्नो क्षमता अनुसार कृषि कार्यमा सहयोग गर्न सकून् । अहिलेको शिक्षा प्रणालीभन्दा गुरुकुल शिक्षा प्रणालीको बल के थियो । तपाईं म्याकालेको भारत भ्रमणलाई हेर्नु हुन्छ, जसले तहाँको शिक्षा प्रणालीको विश्लेषण र प्रतिवेदन प्रस्तुत गर्नुभयो । जसमा उनले भारतको त्यो पीडादायी नाडी समाते जसलाई फुटाऊ र शासन गर भनिन्छ । १८३५ को अङ्ग्रेजी शिक्षा ऐन बुझ्न बाल गंगाधर तिलकको गुरुकुल प्रणाली बुझ्न सक्नुहुन्छ । स्वामी विवेकानन्दले हाम्रा गुरुकुल प्रणालीलाई पश्चिमी देशहरूको सांस्कृतिक उपनिवेशको रूपमा वर्णन गर्नुभएको थियो ।

वज्राचार्यका अनुसार आज हामी ह्याप्पी न्यू एयर मनाउँछौं, भ्यालेन्टाइन डे मनाउँछौं । यी सबैका लागि प्रयोग हुने महँगो उपहार कहाँबाट आउँछन् । सबै कुरा पश्चिमा मुलुकबाट मात्रै ल्याइन्छ भन्ने प्रस्ट हुन्छ । यहाँ अङ्ग्रेजहरूले दिएका कन्भेन्ट स्कुलहरूको शिक्षा प्रणालीलाई उल्लेख गर्न सान्दर्भिक हुन्छ । अङ्ग्रेजहरूले हाम्रो देश छोडे तर केही मानिसहरू अझै पनि ब्रिटिश बन्ने प्रक्रियामा संलग्न छन् । ध्यान दिनुहोस् कि म अङ्ग्रेजी भाषाको विरुद्धमा छैन । म यो शिक्षण पद्धतिको विरुद्धमा छु । कन्भेन्ट स्कुलहरूमा हरेक बिहान अङ्ग्रेजीमा प्रार्थना गरिन्छ । के स्कुले विद्यार्थीहरूले यो प्रार्थना देखाउन वा साँच्चै मानसिक शान्तिको लागि गर्छन् ? किनकि हामीले प्रार्थनामा के भनिरहेका छौं भनी बुझ्दा मात्र मानसिक शान्ति पाइन्छ । हामीले बुझे पनि मातृभाषामा प्रार्थना गर्दा जसरी जोडिएको महसुस हुन्छ त्यसरी जोडिन सक्दैनौं । रवीन्द्रनाथ ठाकुरले शिक्षा प्राप्त गर्नमा भौगोलिक परिवेशको ठूलो भूमिका रहेको बताए । ज्याक र जिललाई आजका कन्भेन्ट स्कुलहरूमा सम्झाईन्छ । केटाकेटीले रटेर सिक्छन् र कतिपयले यसको अर्थ पनि बुझ्छन्, बच्चाले यसबाट के सिक्ने र कसरी सिक्ने धेरै प्रयास गर्न सक्छन् तर हुबहु सिक्न सक्दैनन् ।

हिन्दी कविता सूरसागरमा कवि सूरदासले भगवान कृष्णको माखन चोरी, यशोदा मातासंगको बात्सल्य जस्ता बाललीलाको सानो वर्णन छ । जुन यहाँका बालबालिकाले

जस्तो अरू कुनै पनि देशका बालबालिकाले बुझ्दैनन् । किनभने यहाँका बालबालिकाले कृष्णलाई मात्र सुनेका छैनन्, बाल्यकालदेखि नै आफ्नै परिवारबाट बुझ्दै आएका छन् । त्यसैले सोच्ने र बुझ्ने प्रक्रियामा भिन्नता हुनु स्वभाविक हो । अहिले केटाकेटीलाई पढाउने मात्रै हो, सिकाइँदैन । आजको शिक्षा प्रणालीमा सिकाइको सम्पूर्ण प्रक्रिया रट्ने विधिद्वारा चलिरहेको छ । अहिले कतिपय गुरुकुल पनि यही पद्धतिमा चलिरहेका छन् । हिन्दी साहित्यका महान व्यंग्यकार श्रीलाल शुक्लले आफ्नो उत्कृष्ट उपन्यास राग दरबारमा भनेका छन्, वर्तमान शिक्षा प्रणाली एउटा भुस्याहा कुकुर हो, जसलाई जो कोहीले लात हान्न सक्दछन् । जसबाट गुरुकुल शिक्षा उपेक्षित वनेको यथार्थता हाम्रा सामु रहेको छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीका अनुसार खास गरी हिमवत्खण्डमा शिक्षाको प्रारम्भ र त्यसको विकास भएको शिक्षालाई हामीले गुरुकुल शिक्षाको रूपमा बुझ्न सक्छौँ । दक्षिण एशियामै गुरुकुल शिक्षाको सुरुवात हिमवत्खण्डमा भएको थियो । गुरुकुल शिक्षा भनेको शिक्षाको प्रारम्भिक अवस्था हो, जसबाट नै अहिलेको आधुनिक शिक्षाको सुरुवात भएको हो । केपी ओलीका अनुसार गुरु चेलाको सम्बन्धबाट सिकिने शिक्षा चाहि भिन्न रूप हो, जसलाई खास शिक्षा भनिन्छ । यस्तो शिक्षा धर्तीमा हिमवत्खण्डमा प्रारम्भ भएको देखिन्छ । दर्शनको हिसाबले शिक्षाको हिसाबले, धातुको हिसाबले, पशुपालनको युगमा, कृषिको बारेमा, प्रकृतिको बारेमा बुझ्ने, ज्ञानको बारेमा बुझ्ने र यिनीहरूको सम्बन्धलाई बुझ्न व्यवस्थित तरिकाले सिक्ने र सिकाउने तरिका या बाटो नै शिक्षा हो ।

यसको प्रारम्भ लगभग ६००० वर्ष अगाडि बाट भएको देखिन्छ । यसमा बिभिन्न फरक मतहरू रहेका छन् । धार्मिक हिसाबले गणना गर्दा यो भन्दा धेरै वर्ष अगाडिबाट शिक्षाको सुरुवात भएको देखिन्छ । यो शिवजीको समय सत्य युगमा नै शिक्षाको सुरुवात भई युगान्तकारी विकास भएको देखिन्छ । त्यसैबेलादेखि पशुपालनको विकास समेत भएको देखिन्छ । नवपाषाण युगतिर आइपुग्दा पछि हतियारको सुरुवात समेत भएको देखिन्छ ।

यो युगमा शैव दर्शन, संगीत, नृत्य जस्ता शिक्षाको समेत सुरुवात भएको देखिन्छ । शिवले आफ्ना सातजना शिष्यलाई अगाडि राखेर शिक्षा दिएका थिए, शिष्यहरू गुरुको

समीपमा गई गुरुले आफ्ना शिष्यलाई अगाडि राखी शिक्षा प्रदान गर्ने कुराको प्रादुर्भाव त्यहाँ भएको देखिन्छ । जुन गुरुकुल शिक्षाको सुरुवात थियो । यसरी संसारको पहिलो विद्यालय शिवले सुरु गरेको हिमवत्खण्डमा रहेको विद्यालय हो । त्यतिबेलै योग शिक्षा देखि लिएर बिभिन्न अन्य शिक्षा समेतको प्रारम्भ भएको देखिन्छ । गुरुले चेला पढाउनु नै विद्यालय हो । प्रथम शिक्षा प्राप्ति यसै धर्तीबाट सुरुवात भयो र गुरुकुल अस्तित्वमा यहीँदेखि आयो ।

त्यसपछि गुरुकुलको परम्परा त्यहींबाट श्रुति र स्मृतिको रूपमा, मौखिक रचना, मौखिक वाचन र आआफ्नो स्मृतिमा राख्ने तथा अरूलाई सम्प्रेषण गर्ने परम्परा बस्दै गयो । जुन गुरुकुलको उदाहरण हो, यसलाई हामी वैदिक परम्परा, वैदिक शिक्षा भन्छौं । यतिबेला गुरुकुल भनिएको थिएन तर गुरुकुल भनेको त्यही हो । लगभग १००० वर्षपछि वैदिक शिक्षा, योग शिक्षा र तत सम्बन्धमा विविध दर्शनहरू अगाडि बढ्दै गए । यो सिलसिलामा यो एकल प्रयासको कुरा मात्र होइन । वैध अश्विनी कुमारको कुरा गरौँ । आयुर्वेदका महान गुरु चरकको कुरा गरौँ या चरक संहिताको कुरा गरौँ अथवा ऋषि सुनकको कुरा गरौँ, त्यसबेला पनि गुरुकुल शिक्षा थियो र गुरुकुलमा जीवनका विविध विषयमा पठनपाठन हुन्थ्यो र रामायणको समयमा गुरु विश्वामित्र चतरा कोशी नदिको किनारमा बस्नुहुन्थ्यो यसको केही पश्चिमपट्टि राम लक्ष्मणलाई शिक्षा प्रदान गर्नुभएको थियो । त्यस शिक्षाभित्र दर्शन थियो । योग शिक्षा थियो, धनुर्विद्या थियो । आयुर्वेद थियो र आवश्यक अन्य विद्याहरू पढाइन्थ्यो । त्यतिबेला गुरुकुल विश्वामित्रले रामलक्ष्मणलाई पढाएबाट गुरुकुल थियो भन्ने देखिन्छ । परशुरामको समयबाट रामको समयमा हस्तान्तरण हुँदा सत्य युगको समाप्ति भई त्रेतायुगको सुरुवात भयो । परशुराम दशरथ जनक सत्ययुगका पनि थिए र त्रेता युगमा पनि आइपुगे । सत्ययुगमा पनि गुरुकुल शिक्षा थियो र त्रेता युगमा पनि गुरुकुल शिक्षा थियो । यो गुरुकुल शिक्षा यता आँउदै गयो, यही शिक्षा महाभारतमा द्रोणाचार्यले पाण्डव र कौरवलाई दिएको देखिन्छ । त्यहाँ धनुर्विद्या, गधा विद्या सैन्य शिक्षाको रूपमा थिए भने अरू विद्या दर्शनसम्बन्धी चर्चा गरिएको देखिन्छ ।

राजा जनकको पाला उनको दरबारमा दर्शनसम्बन्धी बिभिन्न चर्चाहरू हुने गर्दथे अष्टाबक्र लगायतका विद्वानहरूले त्यहाँ दर्शनशास्त्रको बारेमा चर्चा गर्ने गरेको भेटिन्छ । जीवनजगत् सृष्टिका बारेमा चर्चा हुन्थ्यो जस्तो पानी कसरी पर्छ ? खडेरी कसरी हुन्छ ? नदी कसरी उत्पन्न हुन्छ ? कसरी बग्छ ? यसरी त्यहाँ बिभिन्न विधामा पढाई र चर्चा हुने गर्दथ्यो ।

द्वापरयुग पछि आएर जब कलियुगतिर शिक्षाले प्रवेश गर्यो, त्यसपछि जैन शिक्षा, बौद्ध शिक्षा आदिले प्रवेश पाए र यी शिक्षा अहिले पनि त्यतिकै प्रभावकारी छन्, खास गरी बुद्धका उपदेश अत्यन्तै प्रसिद्ध छन्, यो पनि एक प्रकारको गुरुकुलको कुरा हो । त्यतिबेला शिक्षाको अरू प्रकार थिएनन् केवल गुरुकुल शिक्षा थियो । गुरुहरू पढाउन विद्यार्थीकोमा जाँदैनथे बरु विद्यार्थीहरू गुरु कहाँ गएर पढ्थे, यही हो गुरुकुल । विस्तारै गुरुकुलमै गुरु बस्ने त्यही खाने र विद्यार्थीहरू पनि त्यही बस्ने त्यही खाने र त्यही पढ्ने चलनको सुरुवात भयो ।

सत्ययुगमा मानिसहरूले ईश्वरको रचना गरेका थिएनन् । साथै भुत प्रेत आदिको पनि रचना गरेका थिएनन्, त्यसैले त्यतिबेलाको शिक्षा यथार्थपरक शिक्षा थियो । विश्वामित्रले भगवान रामलाई शिक्षादीक्षा दिदैं उनीहरूलाई प्रभुप्रति भक्ति गर भनेर सिकाउँदैनथे । पछि आएर मात्र यो कर्मकाण्डी भयो । गुरुकुल शिक्षा जब द्वापरयुगको अन्त्य र कलियुगको सुरुवातको समयमा लिपिको विकास भयो । महाभारतको रचना यसको उदाहरण हो । जतिबेला अर्जुनलाई कृष्णले सम्झाए त्यतिबेला गीता लेखिएन, युद्धको मैदानमा कसले कसरी गीता लेख्ने, पछि जब लिपि सुरु भयो बल्ल लेखनको अभ्यास सुरु भयो । वेदलाई मानिसद्वारा रचना न गरिएको अपौरिस्य, दैविक रचना हो भन्छन् । व्यासले वेदलाई लिपिबद्ध गरे, यथार्थ ज्ञान, वेद भन्दा पहिले सांख्य दर्शन आइसकेको थियो, कपिलमुनिको अगुवाइमा यो दर्शन गुरुकुलबाटै आएको हो । त्यो भनेको यथार्थ ज्ञान, यथार्थ बुझाई, यथार्थ ढंगले चल्ने कुरा, त्यसकारण योगका सैद्धान्तिक र व्यावहारिक पक्षहरू सांख्य

दर्शनमै आइसकेका थिए । अहिंसा, ज्ञान, ध्यान गर्ने कुरा सांख्य दर्शनमा आइसकेको थियो । न्यायमा चल्नुपर्छ भन्ने मान्यता थियो ।

लिपि सुरु भएपछि चरक संहिता, सुसुरत संहिता आदिको रचना भयो । लिपि सुरु भइसकेको १००० र ८०० वर्षपछि मात्र गीताको रचना भएको मानिन्छ । यहाँसम्म गुरुकुल नै थियो । इशापूर्व ८०० तिर विशाल तक्षशिला विश्वविद्यालयको स्थापना भयो । जहाँ ३००० भन्दा बढी गुरु थिए र १०,००० भन्दा बढी विद्यार्थीहरू थिए । त्यो गुरुकुल शिक्षामा आधारित उन्नत खालको विद्यालय थियो । यहाँ दर्शनशास्त्र, ज्योतिषशास्त्र, आयुर्वेद, चिकित्साशास्त्र, अन्तरिक्षशास्त्र, न्यायशास्त्र, युद्धशास्त्रदेखि लिएर थुप्रै विषयहरूको पढाइ हुन्थ्यो ।

यसै गरी विक्रमशिला, नालन्दा विश्वविद्यालयहरू गुरुकुलका उन्नत र उत्कृष्ट नमुनाका रूपमा रहेका थिए । त्यसवेला १० वटा प्रसिद्ध विश्वविद्यालयहरू गुरुकुलका उन्नत रूपमा अस्तित्वमा रहेका थिए । तक्षशिलाजस्ता विश्वविद्यालयबाट प्रमाणपत्र चाहिँ पाइँदैनथ्यो । नालन्दा विश्वविद्यालय आइपुग्दा पाठचक्रम नै विकास भएर आजको आधुनिक विद्यालयको जस्तै गरी शिक्षा प्रदान गर्न थालियो । तक्षशीलामा ४ र ६ वर्ष पढेपछि हुन्थ्यो भने नालन्दामा चाहिँ पाठचक्रममा आधारित पढाई हुन्थ्यो । नालन्दामा ६ वर्षको हुँदादेखि पढ्न थालेर २४ वर्षको हुदाँसम्म पढाई हुन्थ्यो ।

यो बेला कर्मकाण्डी विद्या होइन, नालन्दा विश्वविद्यालय पाँचौ शताब्दीमा खुलेर केही शताब्दी चल्यो, पछि आएर तुर्की शासक बक्तियार खिलजीले आगो लगायो भन्ने छ । यहाँ पाठचक्रममा पढाई हुने, परीक्षा हुने र त्यसपछि प्रमाणपत्र प्रदान समेत गर्ने व्यवस्थित शिक्षा प्रणाली थियो । नालन्दा विश्वविद्यालयको शिक्षाले नै विश्व शिक्षालाई आधुनिक शिक्षातिर डोऱ्याएको हो । जब मुगलहरूको आक्रमण भयो । तब त्यस प्रकारको शिक्षामा ब्रेक लाग्यो । अंग्रेज आइसकेपछि गुरुकुल ध्वस्त नै भयो । अङ्ग्रेजले आफूलाई चाहिने कुरा बाहेक गुरुकुल जस्ता शिक्षालाई खतम नै पारे । हाम्रो नेपालमा चाहिँ कुनै शिक्षा पनि अगाडि बढाउन सकेनन् । आफ्ना छोरो छोरी पढाउने कर्मकाण्डी शिक्षा मात्र थियो

नेपालमा । बल्ल आएर नेपालमा १९१० मा दरबार स्कुल खोलियो । त्यो पनि राणाहरूको छोराछोरीको लागि र त्यहाँ पढाउने शिक्षक पनि अङ्ग्रेज नै ल्याउनु पऱ्यो ।

नेपालमा वि.सं. १९३० मा गुरु षडानन्दले भोजपुरको दिङ्लामा संस्कृत गुरुकुल खोले । धनकुटामा अर्को विद्यालय खोलियो । त्यसै गरी महोत्तरीमा वि.सं. १९४० तिर, गुल्मी अर्घाखाँचीतिर पनि विद्यालयहरू खोलिए । गुरुकुल शिक्षा र आधुनिक शिक्षा नेपालमा सँगसँगै अगाडि बढेका जस्ता देखिन्छन् । नेपाल संस्कृत पाठशाला जस्ता विद्यालयहरू पनि स्थापना भए । गुरुकुल शिक्षाले समयलाई चिनेन । संस्कृतमात्रै पढाएर हुन्न, संस्कृत विद्वान्हरूको भाषा हो । सर्वसाधारणले बोल्ने सक्ने बनाउन अलि मुस्किल छ । त्यतातिर राज्य र सरोकारवालाहरूको ध्यान जान सकेन ।

### ३.२.२ गुरुकुल शिक्षाका विशेषता

नेपालमा गुरुकुल शिक्षा प्रणाली आधुनिक शिक्षाको प्रभावका कारण ओझेलमा परेको छ । गुरुकुल शिक्षा प्रति आम मानिसको चाहना एवम् विश्वास नबढेसम्म आधुनिक शिक्षासँग प्रतिष्पर्धा गरी अगाडि बढन कठिन देखिन्छ । आम मानिसहरूमा गुरुकुल शिक्षाप्रति आकर्षण बढाउँदै राज्यले यसको मूलप्रवाहीकरण गरी आधुनिक शिक्षासँगै विकास एवम् विस्तार गर्दै लानुपर्ने देखिन्छ । जसका लागि गुरुकुल शिक्षाका विशेषताहरूका बारेमा बुझ्न आवश्यक हुन्छ । त्यसैले यहाँ गुरुकुल शिक्षाका विशेषताहरूलाई निम्नानुसार सुत्रीकृत गरिएको छ ।

#### (क) आवासीय प्रणाली

यो शिक्षा प्रणालीमा विद्यार्थीहरू उनीहरूको अध्ययनको पुरा समय गुरुको प्रत्यक्ष निर्देशन र अभिभावकत्वमा विताउँछन् । गुरुको निगरानीमा आवासीय रूपमा बस्ने भएकाले विद्यार्थीहरूका व्यक्तिगत व्यवहार आनीबानीमा ध्यान पुग्छ, गुरुले हरेक पक्षमा मार्गदर्शन गर्छन् । यसबाट गुरु र विद्यार्थीबिच सुमधुर सम्वन्ध सिर्जना हुन पुग्छ ।

(ख) **समग्र शिक्षा**

गुरुकुलको पाठ्यक्रम व्यापक अर्थात् धेरै विषयहरू समेट्छ जसले विद्यार्थीको समग्र विकासको पक्षलाई जोड दिन्छ । उनीहरूको शारीरिक, आध्यात्मिक र नैतिक विकास सहित भाषा, गणित, विज्ञान, दर्शन, धर्म, कला, खगोलशास्त्र, आयुर्वेद, योग, युद्धकला र संगीत जस्ता विभिन्न विषयहरू गुरुकुलमा सिकाईन्छ ।

(ग) **गुरुशिष्य सम्बन्ध**

गुरुकुल प्रणालीमा गुरु र शिष्यबिचको सम्बन्ध धेरै पवित्र रहन्छ । गुरुलाई बुबाको व्यक्तित्वको रूपमा हेरिन्छ र गुरुलाई अत्यन्त आदर गर्ने गरिन्छ । विद्यार्थीहरूले पनि गुरुकुलमा आफ्नो तोकिएका जिम्मेवारी र दैनिक कर्तव्यहरू पुरा गर्ने एवम् आज्ञाकारिता देखाउन काम गर्दछन् ।

(घ) **चरित्र विकासमा जोड**

गुरुकुलमा विद्यार्थीको चरित्र निर्माण र विकासमा जोड दिइन्छ र शिक्षकले विद्यार्थीहरूलाई इमानदारीता, प्रतिस्पर्धा र आत्मअनुशासन जस्ता मूल्यहरूको महत्त्वलाई बढी नै जोड दिएर अध्यापन गराउँछन् । यो प्रणालीमा विद्यार्थीहरूलाई सामाजिक जिम्मेवारीको भावना विकास गर्न र समाजको हितमा योगदान पुग्ने काम गर्न प्रोत्साहित गरिन्छ ।

(ङ) **सरल र तपस्यापूर्ण जीवनशैली**

गुरुकुलका विद्यार्थीहरूले साधारण र तपस्यापूर्ण जीवनशैली बिताउने गर्दछन् । यो शिक्षा प्रणालीमा विद्यार्थीहरू साधारण आवासमा बस्ने र साधारण खाना खाने गर्दछन् । उनीहरूले साधारण लुगा लगाउने तथा सबै प्रकारका लक्जरी र भोगबाट टाढा रहने गर्दछन् । गुरुकुल शिक्षा प्रणाली शिक्षाको एक अद्वितीय प्रणाली हो । यो शिक्षा चरित्र विकास र साधारण जीवनको मूल्यमा आधारित छ ।

## ३.३ गुरुकुल शिक्षा प्रणालीको महत्त्व

प्रविधिको परिवर्तनशील आयामसँगै विश्व औपचारिक शिक्षातर्फ अगाडि बढेको छ, जुन गुरुकुल शिक्षा प्रणालीभन्दा निकै फरक छ । यो प्रणालीले भारतीय भूमिमा एकाधिकार जमाएको थियो र यस प्रणालीको महत्त्व धेरै थियो । आधुनिक शिक्षा प्रणालीले यसबाट धेरै कुरा सिक्न सक्छ । गुरुकुल शिक्षा प्रणालीका महत्त्व यसप्रकार समावेश गरिएका छन् ।

(क) गुरुकुल शिक्षा प्राकृतिक वातावरणमा सिक्ने र सिकाउने प्रक्रिया हो ।

(ख) खेलकुद, योग र हिँड्ने जस्ता अतिरिक्त क्रियाकलापहरूमा यसले ध्यान दिन्छ, जसले विद्यार्थीहरूको शारीरिक स्वास्थ्यमा सुधार गर्छ ।

(ग) शिल्प, नृत्य वा गायन जस्ता सीपहरू सिक्नमा जोड र प्रत्येक विद्यार्थीलाई उनीहरूको लक्ष्य पहिचान गर्न प्रोत्साहित एवम् विद्यार्थीको सीप विकास गर्नमा थप सहयोग गर्छ ।

घ) विद्यार्थीहरूले आफ्नो दैनिक काम आफैं गर्नुपदर्छ, जसका कारण उनीहरू आत्मनिर्भर हुन सक्छन् । उनीहरूलाई जीवनोपयोगी सीपहरू सिक्न मद्दत गर्छ ।

(ङ) विद्यार्थीहरूको व्यक्तित्व विकास र आत्मविश्वास बढाउँछ । उनीहरूले आफ्नो सर्वाङ्गीण विकासको लागि सोच्ने क्षमता पनि विकास गर्छन् ।

## ३.४ गुरुकुल प्रणालीका गुण

जुनसुकै शिक्षा प्रणालीका आ-आफ्ना गुणहरू हुन्छन् । औपचारिक शिक्षाको जगको रूपमा शुरुवात भएको गुरुकुलमा विद्यार्थीको चरित्र निर्माण र विकासमा जोड दिई नैतिक एवम् संस्कारयुक्त शिक्षा दिन निम्नानुसारका गुणहरू रहेका हुन्छन् ।

(क) बालबालिकाहरूलाई कसरी निर्देशन दिने अर्थात् शिक्षा कसरी दिने भन्ने गुरुहरूसँग धेरै ज्ञान हुन्छ ।

(ख) यो प्रणालीमा अध्ययनमा जति समय चाहियो त्यति नै प्रयोग गरिने भएकाले विद्यार्थीहरूमा विशेषज्ञता प्राप्त हुने ।

(ग) गुरुकुल शिक्षा विद्यार्थीहरूले एक विशेष शैली प्राप्त गर्न र प्रवीणको उच्च स्तरमा पुग्न प्रयोग गर्ने ।

(घ) विद्यार्थीहरूले शिक्षकलाई आदर गर्ने र अनुशासन पालन गर्न सिकाइने ।

(ङ) अधिकांश शिक्षण व्यावहारिक हुने जुन जीवन पद्धतिमा प्रयोग हुने भएकाले यो शिक्षाका धेरै फाइदाहरू रहेको ।

(च) विद्यार्थीलाई आफ्नो मनपर्ने काम गरेर सफल व्यक्ति बन्न सक्ने वातावरण दिने ।

तर गुरुकुल शिक्षा प्रणालीमा अध्ययनका लागि विद्यार्थी एउटै गुरुको परिवेश तथा क्षेत्र (आश्रय जीवन) मा रहने एवम् त्यसको लागि कुनै दिन र उमेर नतोकिने हुँदा समग्र शिक्षामा समस्या भई बाहिरी संसारको बारेमा धेरै जानकारी उपलब्ध नहुने देखिन्छ ।

## ३.५ गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका प्रयत्न र अभ्यास

मूलप्रवाहीकरणको अर्थ र अभिप्राय एवम् गुरुकुलीय शिक्षा तथा मूलप्रवाहीकरणका विषयमा शिक्षासँग सम्बन्धित नीति निर्माता, राजनीतिक दल तथा सम्बद्ध सरोकारवालाहरूको अन्तर्वार्ता र मुख्य आशय प्रस्तुत गरी आधुनिक शिक्षा तथा गुरुकुल शिक्षा प्रणालीको स्वरूप सम्बन्धमा समेत उल्लेख गरिएको छ ।

### (क) मूलप्रवाहीकरणको अर्थ र अभिप्राय

मूल प्रवाह भनेको विशेष विचार, विशेष समूह, अवधारणा, अभ्यास, प्रचलित प्रमुख मानदण्ड, प्रणाली र संरचनाको मुख्यधारमा समाहित गर्ने प्रक्रिया हो । नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण भनेको गुरुकुल शिक्षाको अवधारणा, विचार, अभ्यास, प्रचलित मापदण्ड, गुरुकुल शिक्षाको समग्र प्रणालीलाई नेपालको मुख्यधारमा रहेको शिक्षा प्रणालीमा एकीकृत गर्नु वा आत्मसात् गर्ने प्रक्रियालाई जनाउँछ । जसअन्तर्गत हाल रहेको गुरुकुल

शिक्षाको पाठ्यक्रम, नीतिगत पक्षहरू, यसका सैद्धान्तिक पक्षहरू, गुरुकुलका सिकाइका पक्षहरू, जीवन कौशल, यसको सांस्कृतिक र सामाजिक मूल्य मान्यता, शारीरिक गतिविधिहरू, शिक्षक विद्यार्थी सम्बन्धहरू अन्तर्क्रियात्मक शिक्षण विधिहरू, व्यक्तिगत ध्यान, प्रयोगात्मक अध्ययन, यसका भौतिक संरचनागत पक्ष आदिलाई नेपालको समग्र शिक्षा नीतिमा अनुकूलन गर्ने र शिक्षाको मुख्यधार वा मूल प्रवाहमा समाहित गर्ने प्रक्रियालाई बुझिन्छ ।

### (ख) गुरुकुल शिक्षा र यसको मूलप्रवाहीकरण

प्राचीन कालदेखि नै गुरुकुल परम्परा चल्दै आएको तथा तत् तत् ठाउँहरूमा गुरु र चेला रहने, चेलाका रूपमा बालबालिकाहरूलाई आठ वर्ष पुगेपछि शिक्षा लिन पठाइने गरिन्छ । जहाँ चेलाहरू पूर्ण ब्रह्मचर्यका साथ शिक्षा प्राप्त गर्छन् र २५ वर्षको उमेरमा आफ्नो घर फर्किन्छन् । धेरै कथनहरूमा गुरुलाई ईश्वरभन्दा उच्च स्थान दिइएको छ । कतिपयले उनलाई तेस्रो स्थानको देवता मानिआएका छन् । जसमा पहिले आमा, त्यसपछि बाबु, त्यसपछि शिक्षक र त्यसपछि अतिथिलाई भगवान्को दर्जा दिएको छ । यहाँ सबै जातजातिले समान शिक्षा पाउँछन् अर्थात् ब्राह्मण, क्षेत्रि, वैश्य वा शूद्रमा कुनै भेदभाव हुँदैन र त्यसो नगर्न पनि सिकाइन्छ । गुरुकुलमा सबैलाई समान पद र शिक्षा दिइने, गुरुकुल एक मात्र यस्तो ठाउँ हो जहाँ वेदको शिक्षासँगै शास्त्र र हतियारको शिक्षा पनि दिइन्छ ।

नेपालमा गुरुकुल शिक्षालाई विद्याका रूपमा हेर्न सकिन्छ । गुरुकुल आश्रम वा विद्यालय ठुला ठुला सन्त, विद्वान्, समाजसेवीले मिलेर सञ्चालनमा ल्याएका हुन्छन् । तर दिनानुदिन आधुनिक सभ्यता, मान्यता, पश्चिमा परम्पराबाट भित्रिएका विभिन्न संस्कार र परम्पराले हाम्रो सनातन परम्परा लोप हुन लागेको चिन्ता सञ्चालकमा देखिएको छ । त्यो परम्परामा हाम्रो उत्तरवर्ती पुस्ता कमजोर बनेका कारण सञ्चालक गुरुकुलीय शिक्षामा केन्द्रित रहेको पाइन्छ । त्यसको मुख्य उद्देश्य भनेको संस्कृत, संस्कृति, प्राच्य मान्यता, ऋषि परम्परालाई जीवन्त राख्नु, ऋषिहरूले हामीलाई प्रदान गरेका चेतना र मानवीय संवेदनाको रक्षा गर्नु रहेको छ । आजको पुस्तालाई नवीन दृष्टि दिएर संस्कारयुक्त बनाउनुमा

गुरुकुलको महत्त्व रहेको छ । संस्कारको जीवन्तताका लागि गुरुकुलहरू निरन्तर लागिपरेका छन् ।

यस शोधले गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्ने विषयलाई मुख्य क्षेत्र मानेतापनि यो भन्दा अगाडी आधुनिक विद्यालयको स्वरूप र यसका विविध पक्षहरू, गुरुकुल शिक्षा र यसका विभिन्न प्रयोगात्मक पक्षहरू एवम् गुरुकुल र आधुनिक शिक्षाको फरककावारेमा बुझ्ेर मात्रै यसको मूलप्रवाहीकरण के कसरी हुन्छ भनेर चर्चा गर्नु सान्दर्भिक हुन्छ । त्यसैले यहाँ संक्षिप्तमा आधुनिक विद्यालयको वारेमा चर्चा गरिएको छ ।

### (ग) गुम्बा, बिहार र गुरुकुलको मूलप्रवाहीकरण

गुम्बा र बिहार बौद्ध धर्म अन्तर्गतका शिक्षा प्रदान गर्ने निकाय हुन् । हिन्दुहरूले गुरुकुलबाट शिक्षा प्राप्त गर्छन् । मुलसलमानहरूले शिक्षा प्राप्त गर्ने ठाउँ मदरसा हो । धार्मिक शिक्षा प्रदान गर्नु नै यी निकायहरूको मुख्य उद्देश्य हो । हाल आएर कतिपय धार्मिक संस्थाहरूले औपचारिक शिक्षा अर्थात् मूलधारको शिक्षा दिन थालेका छन् । यसरी औपचारिक शिक्षा दिनाका दुई प्रमुख कारणहरूमा पहिलो औपचारिक शिक्षाको महत्त्व पहिचान गरी आफ्नो चाहना अनुरूप शिक्षा प्रदान गर्नु र मदरसालगायत धार्मिक शिक्षालाई मूलधारमा समाहित गर्न सरकारी नीति एवम् कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्यनका प्रक्रिया स्वरूप औपचारिक शिक्षा दिनु हो ।

Thapa, R., Bajracharya, U., Dangal, M., Paudel, B. U., Silwal, G., Bhandari, C., & Ghimire, T. (सन् 2008) ले गुम्बा, बिहार र गुरुकुल शिक्षालाई शिक्षाका मूलधारमा ल्याउन के-कस्ता उपायहरू अवलम्बन गर्नु पर्छ भन्ने सम्बन्धमा गरिएको फर्मेटिभ अनुसन्धान परियोजना अन्तर्गत पहुँच, पाठ्यक्रम, पाठ्यपुस्तक, व्यवस्थापन र स्वायत्तता जस्ता विषयहरूलाई आधार बनाइएको जसले सरकारका निर्णयहरू सम्बन्धित संघ संस्था र व्यक्तिहरूमा पुऱ्याउन, आधारभूत शिक्षाको व्यवस्थापन गर्न र धार्मिक संघ संस्थाहरूले आफ्ना पाठ्यक्रम लागू गरी सफल बनाउन पाउनु पर्ने आदि सुझावहरू दिइएका थिए । समष्टिमा गुम्बा, बिहार र गुरुकुलले हालका प्राथमिक शिक्षाको सदुपयोग कसरी गर्न सक्छन्

र स्थानीय व्यक्ति तथा समुदायहरूले यस्ता संस्थाहरूबाट शैक्षिक सेवा कसरी लिन सक्छन् भन्ने तथ्य पत्ता लगाउन गरिएको यो अध्ययन सरकारले विद्यालय सुधार योजना अन्तर्गत एकमुष्ट अनुदान रकम र शिक्षक दरबन्दि, शैक्षिक सामग्री, पाठ्यपुस्तक आदिका माध्यमबाट धार्मिक संस्थाहरूलाई सहयोग गरिरहेको तर सबैखाले धार्मिक संस्थाहरूलाई एकै प्रकारको सहयोगले महत्त्वपूर्ण परिणाम आउन भने नसकेको पाइयो ।

यो अध्ययनले आर्थिक व्यवस्थापनमा समस्या भएका धार्मिक संस्थाहरूले सरकारको सहयोग पाइरहेका भए पनि उक्त सहयोग प्राथमिक शिक्षा विकासका लागि प्रदान गरिएको हो भन्ने कुराको जानकारी सम्पूर्ण सरोकारवालाहरू नभएको पाइयो । कतिपय धार्मिक संस्थाहरू आर्थिक रूपमा सम्पन्न भएका कारण सरकारको सहयोगको वास्ता गरिरहेको देखिएन । अध्ययनले धार्मिक संस्थाहरू बिच प्राथमिक शिक्षाका सुविधा प्रदान गर्ने कुरामा भिन्नता रहेको पत्ता लगाएको छ । कुनै संस्थाले कक्षा १ देखि ५ सम्म, कुनैले कक्षा ४ देखि त कुनैले कक्षा ६ देखि मात्र औपचारिक शिक्षा प्रदान गरिरहेका छन् भने कुनै संस्थाहरूले धार्मिक शिक्षामात्र प्रदान गरिरहेका छन् । धार्मिक संस्थाहरू सरकारको सहयोग भएमा औपचारिक शिक्षातर्फ प्राथमिक शिक्षा सञ्चालन गर्न पनि तयार रहेको र उनीहरूले विशेष गरी शिक्षक दरबन्दी एवम् शिक्षक तालिमका लागि सरकारी सहयोगको बढी अपेक्षा गरेको पाइएको यस अध्ययनमा उल्लेख गरिएको छ । धार्मिक संस्थाहरूले प्रदान गरेका धार्मिक र औपचारिक शिक्षाबाट प्राय आर्थिक एवम् सामाजिक रूपले विपन्न वर्ग लाभान्वित भएको पाइएको तर धार्मिक संस्थाहरूमा स्थानीय व्यक्ति एवम् समुदायको संलग्नता तथा धार्मिक संस्था रहेका समुदायमा अन्य विद्यालयको पनि पहुँच हुने हुनाले स्थानीय समुदायले यस्ता संस्थाहरूबाट पर्याप्त लाभ लिन नसकेको अध्ययनमा उल्लेख गरिएको छ ।

अभिभावकले आफ्ना बच्चाहरूलाई परम्परागत सबै संस्थामा भर्ना नगराए पनि बिहार र गुरुकुल सञ्चालन गर्न स्थानीय व्यक्तिहरूले सहयोग पुऱ्याइरहेको अध्ययनले वताएको छ । कतिपय गुम्बाले स्थानीय समुदायका लागि निम्न माध्यमिक तहको औपचारिक शिक्षा दिइरहेका छन् । तर गुम्बाका विद्यार्थीहरू अङ्ग्रेजी पढ्न मात्र यस्ता

विद्यालयमा जान्छन् । समुदायबाट प्राप्त सहयोग गुम्ने डरले बिहार र गुरुकुलहरू शिक्षाका मूलधारमा जान हिचकिचाइ रहेका छन् । पाठचक्रम र पाठचपुस्तक तथा औपचारिक शिक्षा सञ्चालन गरिरहेका धार्मिक संस्थाहरूले सरकारद्वारा जारी पाठचक्रम तथा पाठचपुस्तक प्रयोग गरेका छन् । तर कुनै संस्थाले सरकारी पाठचक्रमका विषय समावेश गरेका छन् भने कुनैले केही विषयहरू मात्र समावेश गरेका छन् । यस अध्ययनले पनि ६० प्रतिशत पाठचभार धार्मिक शिक्षा र ४० प्रतिशत भार औपचारिक शिक्षालाई दिनु पर्ने देखाएको छ । औपचारिक शिक्षाका विषय पढाई हुने धार्मिक संस्थाहरूले शिक्षक छनोटका जिम्मेवारी सम्बन्धित धार्मिक संस्थालाई नै दिनु पर्ने कुरामा जोड दिएका छन् । माथिको यो फर्मेटीभ रिसर्च परियोजना अध्ययनको आधारमा गुरुकुल, मदरसा र गुम्बा (वा बिहार) जस्ता पारम्परिक धार्मिक शिक्षालयहरूलाई मूलप्रवाहीकरण (Mainstreaming) गर्नका लागि विभिन्न नीति, संरचना, पाठ्यक्रम, जनसहभागिता र सहकार्यका उपायहरू आवश्यक पर्दछ भन्न सकिन्छ । जसका लागि धर्म सम्बन्धी विषयसँगै गणित, विज्ञान, अंग्रेजी, सामाजिक अध्ययन आदि समावेश गरेर राष्ट्रिय पाठ्यक्रम फ्रेमवर्क अर्न्तगत एकीकृत वा साझा पाठ्यक्रमको विकास र निर्माण गर्न सकिन्छ । शिक्षकहरूलाई तालिमको व्यवस्था गरी शैक्षिक संस्थाहरूलाई सरकारी अनुदान सहितको मान्यता प्रदान गरेर गुरुकुल विहार र मदरसाको मूलप्रवाहिकरण गर्न सकिन्छ । विद्यार्थीहरूको सहि मूल्याकनका लागि राष्ट्रिय परिक्षा वोर्डवाट उनीहरूको परीक्षा लिएर पनि यी शैक्षिक संस्थाहरूको मूलप्रवाहीकरण गर्न सकिन्छ । समुदाय र स्थानीय सरकारको सहकार्यजस्ता कार्यक्रमलाई प्रोहत्साहित गरेर पनि यी शैक्षिक संस्थाहरूलाई मूल प्रवाहिकरण गर्न सकिन्छ । यी संस्थाहरूलाई शिक्षाको मुलधारमा ल्याउन सक्ने हो भने हाम्रो शैक्षिक प्रणाली धार्मिक विशेषता सहितको नेपालको बहुसांस्कृतिक, बहुधार्मिक समाजको शैक्षिक समावेशीकरण प्रभावकारी हुन सक्छ ।

यसै क्रममा सरकारले गुम्बा, बिहार र गुरुकुलमा प्रदान गरिने शिक्षालाई मूलधारका शिक्षासँग सम्बद्ध गराउन विभिन्न प्रयासहरू गरेको छ । यही सन्दर्भमा सन् २००१ मा मुस्ताङ र काठमाडौँमा एवम् पछिल्ला बर्षहरूमा कास्की लगायतका जिल्लामा गुम्बा

सम्बन्धी अन्तर्क्रिया कार्यक्रमहरूको आयोजना गरिएको र गुम्बा एवम् गुरुकुल बाहेक बिहार शिक्षाका सम्बन्धमा पनि सरकारले अन्तर्क्रिया गरेको पाइयो । यसै गरी सरकारले कक्षा ५ का सिकाइ उपलब्धिका आधारमा औपचारिक शिक्षा प्रदान गरिएका धार्मिक संस्थामा कक्षा ५ मा परीक्षा लिन सुरु गरेको छ । यसको सुरुवात कास्की जिल्ला स्थित मनाङ गुम्बाबाट गरिएको छ ।

सरकारले धार्मिक संस्थाहरूलाई शिक्षाका मूलधारसँग आबद्ध गर्ने विभिन्न नीतिका साथ कार्यक्रम ल्याएका भए पनि धेरै संस्थाहरू ती नीति तथा कार्यक्रम बारे अनभिज्ञ छन् । अतः सरकारले प्रदान गरेका सुविधा बारे जिल्ला शिक्षा कार्यालयहरू मार्फत धार्मिक संस्थाहरूलाई सूचित गर्न निर्देशन दिनु पर्ने देखिन्छ । हाल सरकारद्वारा सञ्चालित कार्यक्रम सीमित जिल्लाहरूमा मात्र केन्द्रित हुनाले यस्ता कार्यक्रमहरू अरू जिल्लाहरूमा पनि विस्तार गर्नुपर्ने विषयहरू उक्त अनुसन्धानले सुझाएको छ ।

**(घ) गुरुकुल शिक्षाको मूलप्रवाहीकरणमा स्थानीय सरकारहरूको पहल**

गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउने सन्दर्भमा देशका ७५३ वटै स्थानीय सरकारहरूले पनि आ-आफ्ना नियम र कानुन निर्माण गरेको अवस्था छ । ती मध्ये मण्डन देउपुर र सुन्दर हरैँचा जस्ता केही नगरपालिकाहरूले स्थानीय तहमा परम्परागत शिक्षाको विस्तार एवम् विकासका लागि स्थानीय शिक्षा ऐन, नियमावलीमा व्यवस्था गरेको पाइन्छ जसले नेपालको धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण एवम् प्रवर्द्धन गर्ने विश्वास समेत गरिएको छ । मोरङको सुन्दरहरैँचा नगरपालिकाले शिक्षा व्यवस्थापन कार्यविधि २०७५' जारी गरी धार्मिक विद्यालय सञ्चालनसम्बन्धी कानूनी व्यवस्था गरेको छ । वि.सं. २०७५-०१-२१ मा उक्त नगरपालिकाले नगर कार्यपालिकाको निर्णय बमोजिम जारी गरेको त्यस कार्यविधिको दफा ९ को उपदफा (१) मा भनिएको छ, संघीय कानुनको मापदण्डबमोजिम गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पासमेतका सामाजिक,परोपकारी वा कल्याणकारी संस्थाले विद्यालय सञ्चालन गर्न निवेदन दिनेलगायत त्यस्तो विद्यालयको अनुमति,स्वीकृति र कक्षा थपसम्बन्धी व्यवस्था दफा ३,५,७ र १९ मा तोकिएबमोजिम हुने

उल्लेख गरेको पाइन्छ । सोहि दफा ९को उपदफा (२) मा उपदफा (१) बमोजिम विद्यालय सञ्चालन गर्न पूर्वाधार अनुसूची-६ मा उल्लेख भएबमोजिमको पूर्वाधार हुनुपर्ने किटान गरिएको छ, उपदफा (३) मा गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पासमेतका सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षासम्बन्धी नीति, पाठ्यक्रम त्यस्ता संस्थालाई दिने अनुदान एवम् समन्वयसम्बन्धी व्यवस्था मन्त्रालयले निर्धारण गरेबमोजिम हुने छ र उपदफा (४) मा धार्मिक विद्यालयको हकमा कक्षा सञ्चालनका लागि प्रतिकक्षा कम्तीमा २१ जना विद्यार्थी हुनुपर्ने छ भनि उल्लेख गरेको छ । सोही नगरपालिकाले प्रकाशन गरेको 'शिक्षा व्यवस्थापन कार्यविधि २०७५' को अनुसूची - ६ मा परम्परागत, धार्मिक तथा सांस्कृतिक विशेष विद्यालय सञ्चालन गर्न पूरा गर्नुपर्ने पूर्वाधारहरू निम्नानुसार व्यवस्था गरेको छ ।

१. प्रतिकक्षा न्यूनतम २१ जना विद्यार्थी हुनुपर्ने

२. विद्यार्थीलाई आवश्यक पर्ने कक्षाकोठा, फर्निचर, खानेपानी, खेल मैदान तथा पुस्तकालयको पर्याप्त व्यवस्था भएको हुनुपर्ने

३. आवश्यक शिक्षकको व्यवस्था भएको हुनुपर्ने

४. पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेबमोजिमका सिकाइ उपलब्धिहरू पूरा हुने गरी विद्यालय शिक्षण सिकाइ कार्यक्रमको तर्जुमा गरिएको हुनुपर्ने

५. मन्त्रालयले तोकेबमोजिम अन्य पूर्वाधार पूरा भएको हुनुपर्ने

यसैगरी ललितपुर महानगरपालिका, बनेपा नगरपालिका, गोरखा नगरपालिका लगायतका स्थानीय सरकारले पनि संघीय सरकार र संविधानले दिएको अधिकार प्रयोग गरी गुरुकुल शिक्षा लगायतका धार्मिक शिक्षालाई आ-आफ्नो तरिकाले शिक्षा ऐन, नियमावली, कार्यविधिमा समावेश गरी निरन्तरता दिनुनै धार्मिक तथा परम्परागत शिक्षालाई आधुनिक शिक्षासरह महत्त्वका साथ मूलप्रवाहीकरणमा सकारात्मक रहेको पाइन्छ । यसका अतिरिक्त गुरुकुल शिक्षाका लागि निजी संगठन र स्कुलहरू पनि खुलेका छन् । यिनीहरूले नेपालमा गुरुकुल शिक्षालाई बढावा दिने काम गरिरहेका छन् । जसमा विद्यार्थीहरूलाई योग, ध्यान र संस्कृत लगायत समग्र शिक्षा प्रदान गरिन्छ ।

## ३.६ गुरुकुल शिक्षा प्रणाली र आधुनिक शिक्षा प्रणालीमा फरक

पूर्वीय दर्शनमा आधारित गुरुकुल शिक्षा धेरै पुरानो शिक्षा हो । गुरुहरूको आश्रमबाट ८ वर्षको उमेरमा अध्ययन प्रारम्भ भई २५ बर्षमा घर फर्काइने गुरुकुल शिक्षा हो । आधुनिक शिक्षा पश्चिमी प्रभावबाट भित्रिएको युग सुहाउँदो प्रविधिमा आधारित शिक्षा हो जहाँ ३ बर्षकै कलिलो उमेरमा वालवालिकालाई विद्यालयमा भर्ना गरी तोकिएको औपचारिक कक्षा अध्ययन गराइन्छ । जसलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) गुरुकुल धेरै युगदेखि चलिआएको पूर्वीय दर्शनमा आधारित शिक्षा प्रणाली हो, जबकि आधुनिक शिक्षा पश्चिमबाट विकास हुँदै शिक्षा हो ।

(ख) गुरुकुल भन्नाले गुरु आफ्ना चेलासँग बस्ने ठाउँ हो भने आधुनिक विद्यालयमा बालबालिका अर्थात् चेलाहरू तोकिएको घण्टााका लागि मात्रै शिक्षा लिन जान्छन् र घर फर्किन्छन् ।

(ग) बालबालिकालाई ८ वर्ष पुगेपछि मात्र गुरुकुल पठाउने प्रचलन छ भने आधुनिक विद्यालयमा ३ वर्षको उमेर भएपछि नै भर्ना गरिन्छ ।

(घ) गुरुकुलमा २५ वर्ष पुगेपछि शिष्यलाई घर पठाउने गरिन्छ, जबकि आधुनिक विद्यालयमा यस्तो नियम नहुँदा बालबालिकाले सबै प्रकारको शिक्षा घरमै बसेर लिन सक्छन् ।

(ङ) गुरुकुलमा गुरु र शिक्षक दुवै गुरु हुन् भने आधुनिक विद्यालयका शिक्षकलाई गुरु भन्ने संस्कार वा प्रचलन नै छैन ।

### ३.६.१ गुरुकुल शिक्षा प्रणालीमा शिक्षाका प्रकार

गुरुकुल शिक्षा प्रणाली प्राचीन हिन्दू शिक्षा प्रणाली हो जसमा विद्यार्थीहरू (शिष्य) गुरुको आश्रममा बसेर अध्ययन गर्थे । यो प्रणाली वैदिक युगदेखि प्रचलित थियो र यसको मूल उद्देश्य जीवनोपयोगी, नैतिक, आध्यात्मिक र व्यावहारिक शिक्षा दिनु थियो । गुरुकुल शिक्षा प्रणालीमा विभिन्न प्रकारका शिक्षाहरू प्रदान गरिन्थ्यो, जुन निम्नानुसार समावेश छन्:

**(क) वैदिक शिक्षा (Vedic Education)**

वेद, उपनिषद, ब्राह्मण ग्रन्थ, आरण्यक आदि अध्ययन गरिन्थ्यो । मन्त्र, यज्ञ, संस्कार आदिको ज्ञान दिन्थे ।

**(ख) धार्मिक तथा नैतिक शिक्षा**

धर्म, कर्म, सत्य, अहिंसा, ब्रह्मचार्य, आदिको अभ्यास र महत्त्व सिकाइन्थ्यो । जीवनको उद्देश्य र मोक्ष प्राप्तिको बारेमा शिक्षा दिइन्थ्यो ।

**(ग) दार्शनिक शिक्षा (Philosophical Education)**

विभिन्न दर्शनहरू–जस्तै सांख्य, योग, न्याय, वैशेषिक, मीमांसा, वेदान्त आदिबारे अध्ययन ।

**(घ) आचार व्यवहार तथा नीति शिक्षा**

समाजमा कसरी चल्ने, गुरुजन र अभिभावकको आदर गर्ने, सदाचार, विनय आदि सिकाइन्थ्यो ।

**(ङ) सैन्य तथा युद्धकला सम्बन्धी शिक्षा**

धनुर्विद्या, अस्त्र शस्त्र चलाउने कला, घोडचढी, रणनीति आदिको अभ्यास गराइन्थ्यो (विशेषतः क्षत्रिय शिष्यहरूलाई) ।

**(च) गणित, ज्योतिष र खगोलशास्त्र**

अंकगणित, रेखागणित, कालगणना, ग्रह नक्षत्रको स्थिति, पंचाङ्ग आदि विषयमा अध्ययन गराइन्थ्यो ।

**(छ) भाषा तथा व्याकरण**

संस्कृत भाषा, पाणिनिको व्याकरण, छन्दशास्त्र, अलङ्कारशास्त्र आदि सिकाइन्थ्यो ।

### (ज) संगीत, नाटक तथा कलाको शिक्षा

संगीत, नृत्य, नाट्यशास्त्र आदि कलाहरू पनि केही गुरुकुलहरूमा पढाइन्थ्यो ।

गुरुकुल शिक्षा प्रणालीले हरेक क्षेत्रका जनतालाई रोजगारीमा सहजै आत्मनिर्भर बनाउन विभिन्न किसिमको शिक्षा प्रदान गरेको छ । जसको कारण पछि गएर उनीहरूले आफ्नो कामबाट आफ्नो पहिचान पाउन थालेका छन् । जस्तै सुनको काम गर्ने सुनार, रत्नमा काम गर्ने जोहरी, लुगा सिलाउने दर्जी, फलामको काम गर्ने लोहार आदि । यसरी जीवनोपयोगी सीपहरू हासिल हुने निम्न प्रकारका विषयहरू समेत प्राचीन गुरुकुल शिक्षामा अध्यापन गर्ने गरिन्थ्यो ।

**रत्नाकर (रत्न)**

प्राकृतिक रूपमा पाइने रत्न, अर्ध बहुमूल्य पत्थर तथा नवरत्नका गुणस्तर, प्रयोग र बिक्री गर्ने बारे जानकारी दिएको थियो ।

**स्वर्णकार (ज्वेलरी डिजाइनिङ)**

गुरुकुलमा सुनका गहनाको उच्च गुणस्तरको उत्पादन, कलात्मक डिजाइन र यसको उपयोगिता सिकाइएको थियो ।

**कपडा**

कृषिबाट उत्पादित उच्च गुणस्तरको कपासबाट धागो तयार गर्ने, सो धागोबाट कपडा बनाउने र कपडाबाट कपडा बनाउने तरिका । यस बारे पूर्ण जानकारी विधिवत प्रदान गरिएको थियो ।

**कुम्भकार भाटा**

घरायसी भाँडाकुँडा र खाद्यान्न भण्डारण गर्न माटोबाट ठूला भाँडाहरू बनाउन र प्रयोग गर्ने बारे ।

**धातु विज्ञान**

गुरुकुलमा कपासबाट बनेका कपडाहरू रङ्ग गर्न र छाप्नका लागि विभिन्न प्रकारका प्राकृतिक रङ्गहरू बनाउन र प्रयोग गर्ने बारे सिकाइएको थियो ।

**नक्सा वा रूपरेखा तयार पार्ने व्यक्ति**

गुरुकुलमा भवन निर्माणका लागि नक्सा तयार गर्ने, त्यसको वास्तुअनुसार बलियो र प्राकृतिक रूपमा उपयुक्त निर्माण, त्यसको सजावटका लागि चित्रकला र आक्रमणकारीको आक्रमणबाट जोगाउन बलियो निर्माण विधि सिकाइएको थियो ।

**खाना पकाउने**

गुरुकुलमा सबै प्रकारका खाना बनाउने ज्ञान सिकाइएको थियो । जसले गर्दा जीवनमा आत्मनिर्भर भएर हरेक अवस्थामा खानाको लागि कसैको भर पर्नु पर्दैन । यो शिक्षा गुरुकुलमा पढ्ने हरेक विद्यार्थीलाई सिकाइएको थियो । यसरी प्राचीन गुरुकुल गुरुकुल मात्र थिएनन्, विभिन्न विद्याका केन्द्र समेत थिए भन्ने पुष्टि हुन्छ ।

### ३.६.२ आधुनिक शिक्षा प्रणाली, स्वरूप तथा त्यसका विशेषता

हाल सञ्चालित राज्यको मूलप्रवाहीकरणमा रहेका अधिकांश विद्यालयहरू आधुनिक विद्यालय हुन् र ती विद्यालयहरूमा आधुनिक शिक्षालाई प्रथामिकता दिई शिक्षण हुँदै आएको छ । जुन पश्चिमी संस्कृति र पश्चिमी प्रणालीद्वारा प्रभावित छ । यो प्रविधिमा आएको परिवर्तन र प्रगतिबाट प्रभावित शिक्षा हो । यो शिक्षा प्रणालीमा अडियो, भिडियो लेक्चर, भिडियो च्याट, थ्रीडी इमेजहरू आदि जस्ता प्रविधिहरू समावेश हुन्छन् । नेपालको आधुनिक शिक्षा प्रणालीको स्वरूप औपचारिक तहगत रूपमा वर्गीकृत ढाँचामा आधारित छ, जुन नेपालको संविधान, प्रचलित शिक्षा ऐन र शिक्षा नीतिहरूले परिभाषित गरेका छन् । यस प्रणालीका मुख्य स्वरूप एवम् विशेषताहरू निम्नानुसार छन् :

**(क) शिक्षा प्रणालीको संरचना (School System Structure)**

नेपालको विद्यमान शिक्षा ऐन नियम तथा प्रचलित कानून वमोजिम औपचारिक शिक्षा प्रणालीलाई निम्न ढाँचामा वर्गीकृत गरिएको छ :

(१) **प्राथमिक तह (Basic Level Education)** : कक्षा १ देखि ८ सम्म

पूर्व-प्राथमिक (Early Childhood Education) : ३-५ वर्षका बालबालिकाका लागि बालविकास केन्द्रहरू र प्रि-स्कुलहरू मार्फत तथा संविधानमा व्यवस्था भए अनुसार प्राथमिक शिक्षा दिइने निःशुल्क र अनिवार्य

(२) **माध्यमिक तह (Secondary Level Education)** : कक्षा ९ देखि १२ सम्म

- कक्षा ९-१० : माध्यमिक (SEE - Secondary Level Examination)
- कक्षा ११-१२ : उच्च माध्यमिक (Higher Secondary Level Examination +2)

(३) **उच्च शिक्षा (Higher Education)**

- स्नातक (Bachelor), स्नातकोत्तर (Master) र एमफिल र पीएचडी (PhD)
- विश्वविद्यालयहरू : त्रिभुवन, काठमाडौँ, पूर्वाञ्चल, पश्चिमाञ्चल लगायतका ।

(ख) **पाठ्यक्रम र शिक्षण विधि**

- शिक्षा, विज्ञान, प्रविधि, मानविकी, व्यवस्थापन, कृषि, इन्जिनियरिङ आदि क्षेत्रको अध्ययन ।
- पाठ्यक्रममा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय विषय समावेश गरिएको हुन्छ ।
- डिजिटल शिक्षामा क्रमिक सुधार भइरहेको छ (ICT - based learning, Smart Classes) आदि ।

(ग) **शिक्षा नीति र सरकारको भूमिका**

- नेपाल सरकारको 'विद्यालय शिक्षा क्षेत्र विकास योजना' (School Sector Development Plan - SSDP) अन्तर्गत सुधारका कार्य भैरहेको ।
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले नीति निर्माण गर्ने तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले कार्यान्वयन गर्ने ।

(४) **चुनौतीहरू**

- गुणस्तरीय शिक्षामा असमानता

- ग्रामीण क्षेत्रमा शिक्षक दरबन्दीको न्यायोचित वितरणको अभाव
- डिजिटल पहुँचमा भिन्नता
- पूर्ण रोजगारमुखी शिक्षा प्रणाली नभएको

नेपालको आधुनिक शिक्षा प्रणाली विभिन्न सुधारहरू गर्दै अघि बढिरहेको छ । यस प्रणालीले प्रविधि, नवीनतम शिक्षण विधिहरू, समावेशिता तथा व्यावसायिक सीपलाई प्राथमिकता दिएको छ । नेपालमा विद्यमान शिक्षा नीति अनुसार बालबालिकाको अनिवार्य शिक्षा, डिजिटल प्रविधिको उपयोग तथा व्यावसायिक एवम् प्रविधिमैत्री शिक्षामा जोड दिनुपर्ने उल्लेख गरिएको छ ।

**नेपालमा आधुनिक शिक्षाको मुख्य विशेषताहरू**

(१) अनिवार्य र निःशुल्क शिक्षा - सरकारले प्राथमिक तहको शिक्षालाई सबैका लागि निःशुल्क बनाएको छ ।

(२) स्मार्ट विद्यालय तथा डिजिटल शिक्षण - प्रविधि र इन्टरनेटको प्रयोग गर्दै शिक्षालाई आधुनिक बनाउने प्रयास भइरहेको छ ।

(३) व्यावसायिक तथा प्राविधिक शिक्षा - केवल सैद्धान्तिक ज्ञान होइन, व्यावहारिक तथा सीपमूलक शिक्षालाई प्राथमिकता दिइएको छ ।

(४) समावेशी शिक्षा - ग्रामीण तथा विकट क्षेत्रका विद्यार्थीहरूका लागि विशेष अवसरहरू प्रदान गर्ने प्रयास हुँदैछ ।

(५) शिक्षक प्रशिक्षण तथा नवीनतम विधिहरू - शिक्षण स्तर सुधार गर्ने उद्देश्यले शिक्षकहरूको नियमित तालिम तथा नयाँ विधिहरूको प्रयोग गरिएको छ ।

आधुनिक शिक्षा प्रणालीबाट विकास निकै तीव्र गतिमा भइरहेको छ, दिनप्रतिदिन सारा विश्वले नयाँनयाँ फड्को मार्दै गएकोमा कुनै शंका छैन । आधुनिक शिक्षा प्रणालीमा प्रविधिहरू मार्फत विद्यार्थीहरूलाई घरमै बसेर ज्ञान सीप प्राप्त गर्न र जुनसुकै

क्षेत्रको अध्ययन गर्नसक्ने व्यवस्था मिलाउन सकिन्छ, जुन वातावरणले विद्यार्थीहरूमा सिक्ने रुची, स्मरण क्षमता जस्ता शक्ति बढाउँछ । अत्याधुनिक अनुसन्धान र विकासका आधारमा शिक्षण विधिहरू निरन्तर रूपमा स्तरोन्नति भइरहेका छन् । यसको एउटै कमजोरी भनेको व्यावहारिक पक्षलाई जोड नदिई सैद्धान्तिक पक्षमा मात्र जोड दिने हो । अवधारणा, समझ र अवसरहरूको कुरा गर्दा आधुनिक शिक्षा अझ प्रभावकारी प्रणाली हो भन्ने कुरालाई कसैले नकार्न सक्दैन । साथै यो शिक्षा प्रणालीलाई हरेक व्यक्तिले आफ्नो रुचीअनुसार प्रयोग गरी जीवनमा अगाडि बढ्न सक्ने गरी सबैको पहुँचमा पुऱ्याउनुपर्छ ।

नेपालको शिक्षा प्रणालीले डिजिटलीकरण, सीपमूलक ज्ञान, तथा उद्यमशीलताको प्रवर्द्धन गर्दै अघि बढिरहेको छ तर अझै पनि शिक्षकको अभाव, गुणस्तरीय सामग्रीको आवश्यकता र ग्रामीण क्षेत्रमा पहुँच विस्तार जस्ता चुनौतीहरू रहिरहेका छन् ।

## ३.७ गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका प्रक्रिया

यहाँ गुरुकुल शिक्षाको पाठचक्रम, शिक्षण विधि र आधुनिक शिक्षाको अवस्था र शिक्षण प्रक्रियाका वारेमा संक्षिप्त अध्ययन पछि गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्नका लागि निम्न अनुसारका कामहरू गर्न आवश्यक छ ।

### (क) पाठचक्रमको आधुनिकीकरण

गुरुकुल शिक्षालाई आधुनिक शिक्षामा मूलप्रवाहीकरण गर्दा गुरुकुल शिक्षाले अवलम्वन गरेका पाठचक्रमहरूलाई आधुनिक शिक्षामा एकीकृत गर्नु आवश्यक छ । यसका अतिरिक्त गुरुकुल शिक्षाले अवलम्वन गरेका योग, ध्यान, संस्कृत र पुरानो धर्मशास्त्र जस्ता विषयहरूलाई आधुनिक शिक्षाको पाठचक्रममा समाहित गर्न सकिएमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण हुन सक्दछ ।

### (ख) शिक्षक प्रशिक्षणमा सुधार

गुरुकुल शिक्षामा रहेको शिक्षण विधि जुन सैद्धान्तिकभन्दा पनि बढी प्रयोगात्मक र व्यावहारिक छ, त्यस्तो शिक्षण विधिलाई आधुनिक शिक्षामा समाहित गर्न सकेमा र त्यसको अध्ययन अध्यापनका लागि शिक्षकहरूलाई आवश्यक तालिम दिएमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण हुन सक्दछ ।

### (ग) समग्र शिक्षाका सुधार

अहिले गुरुकुल शिक्षाले शिक्षाको समग्र पक्ष जस्तै शारीरिक, मानसिक र आध्यात्मिक पक्षहरू सहित अन्य पक्षहरू पनि अध्ययन अध्यापन गर्दै आईरहेको छ । तर शिक्षाको आधुनिक विधिमा यी पक्षहरू समावेश गर्न सकिएको छैन । त्यसैले गुरुकुल शिक्षाले अवलम्वन गरेका समग्र पक्षहरूलाई आधुनिक शिक्षामा समाहित गरेर गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्न सकिन्छ ।

### (घ) समुदायको सक्रियता

अहिलेको हाम्रो शिक्षाले आधुनिक शिक्षा प्रणालीलाई मात्रै शिक्षा मानेको छ । त्यसमा पनि अंगेजी शिक्षालाई हाम्रो समाजले वढता महत्त्व दिएको छ । तर गुरुकुल शिक्षामा रहेका शिक्षाका विविध पक्षहरूलाई हाम्रो समुदायले नजरअन्दाज गरेको अवस्थामा यो शिक्षाप्रति समुदायको ध्यान आकृष्ट गर्न आवश्यक छ र यसको मूलप्रवाहीकरण गर्न गुरुकुल शिक्षाप्रति समुदायको सकारात्मक सोच वढाउन आवश्यक छ र यसमा समुदायकै संग्लनता आवश्यक छ ।

### (ङ) नैतिकता र मूल्यहरूमा जोड

पूर्वीय दर्शन भनेको ज्ञानको अथाह भण्डार हो । त्यहाँ वर्णन गरिएका कथाहरू र प्राचीन पाठहरूले मानिसहरूलाई नैतिकता र नैतिक मानहरू सिकाउने भएकोले हामीले समाजमा नैतिकता र नैतिक मूल्यहरूलाई जोड दिन सकेमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्न सहयोग पुग्न सक्दछ ।

### (च) व्यावहारिक शिक्षामा जोड

हामीले आधुनिक शिक्षा प्रणालीमा प्रयोगात्मक अर्थात् व्यावहारिक पक्षहरू जस्तै खेतीको काम, सिकर्मी र परम्परागत कला तथा शिल्पहरूलाई आधुनिक शिक्षाको पाठचक्रममा समाहित गर्ने हो भने पनि गुलकुल शिक्षाको मूलप्रवाहीकरण हुन सक्दछ ।

### (छ) मूल्याङ्कन विधिमा परिवर्तन

अहिलेको आधुनिक मुल्याकन विधिले प्रयोगात्मक विधिलाई नजरअन्दाज गरेको छ । प्रश्नपत्रमा आधारित परीक्षा प्रणाली मात्रै अहिलेको मुल्याकनको मानक वनेको सन्दर्भमा वैकल्पिक मूल्याङ्कन विधिहरू जसले गुरुकुलका मुल्याकन विधिहरू जस्तै रचनात्मकता र समस्याको पहिचान एवम् त्यसका समाधान गर्ने सीपहरू आदिजस्ता पक्षहरूलाई मुल्याकन विधिमा समाहित गर्ने हो भने पनि गुरुकुल शिक्षाको मूलप्रवाहीकरण हुन सक्दछ ।

### (ज) पूर्वाधार र संसाधन विकास

आधुनिक विद्यालयहरूमा अहिले आउटडोर शिक्षा र ध्यान क्षेत्रहरूको लागि खुला ठाउँहरू छैनन् । तर गुरुकुल शिक्षाले त्यस्ता क्षेत्रहरूको माग गर्दछ । त्यसैले आधुनिक शिक्षा अध्यापन हुने विद्यालयहरूमा ध्यान केन्द्रहरू लगायत अन्य प्रयोगात्मक पक्षहरूलाई जोड दिने पूर्वाधारहरू निर्माण गरिने हो भने पनि गुरुकुल शिक्षाको मूलप्रवाहीकरण हुन सक्दछ ।

त्यस्तै गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्दा सरकारले आवश्यक पर्ने बजेट, नीति नियमहरूको निर्माणका पक्षहरूलाई जोड दिदैं थप अध्ययन अनुसन्धान गर्न आवश्यक छ । त्यस्तै गुरुकुल शिक्षाको महत्त्वप्रति अभिभावक र विद्यार्थीको थप जागरण आवश्यक छ । यी माथी उल्लेख गरिएका पक्षहरूलाई कार्यान्वयन गरेर नेपालले गुरुकुल शिक्षालाई मूलधारमा ल्याउन सक्दछ । जसवाट सांस्कृतिक सम्पदाको संरक्षण गर्ने र विद्यार्थीहरूलाई नैतिकता सहितको समग्र शिक्षा प्रदान गरेर देशको शैक्षिक क्षेत्रप्रति सवैलाई आर्कषित गर्न सकिन्छ ।

## (झ) मुख्य स्रोत नै दान दातव्य

गुरुकुलमा आवासीय व्यवस्था हुन्छ । आवासीय रूपमा रहेर अध्ययन गरिने हुनाले नै तिनलाई गुरुकुल भनिएको हो । आवासीय रूपमा रहने हुनाले त्यहाँ अध्ययन गर्ने बटुकलाई भोजन तथा आवासको व्यवस्था गरिएको हुन्छ । विभिन्न माध्यमबाट आएको भिक्षाटन नै भोजन व्यवस्थाको पहिलो आधार मानिएको छ । सन्त, समाजसेवीबाट सञ्चालन हुने हुनाले दान दातव्यबाट प्राप्त रकम समेत गुरुकुल सञ्चालनमा खर्च हुने तथ्यलाई नकार्न मिल्दैन । गणेश घिमिरेका अनुसार सन्तहरूले भिक्षाटन गरेर वा आफ्ना भक्तले दान दातव्यका रूपमा दिएका खाद्यान्नबाट सञ्चालन भएका गुरुकुलको सङ्ख्या नेपालमा तीन सय रहेको छ । गणतन्त्र प्राप्तिपछि स्थानीय सरकारले माध्यमिक शिक्षा सम्म जिम्मा लिएकाले गुरुकुलको वास्तविक सङ्ख्याको अभिलेख शिक्षा मन्त्रालयसँग छैन । हालसम्म शिक्षा मन्त्रालयमा दर्ता भएका एक सय आठ गुरुकुल सञ्चालनमा छन् ।

## (ञ) अनुदान सहयोग

गुरुकुल लगायत परम्परागत विद्यालयलाई प्रदान गर्दै आएको अनुदानको अवस्थालाई हेर्दा कक्षा १ देखि ५ सम्म सञ्चालनमा रहेका गुरुकुल, मदरसा र गुम्बालाई एकमुष्ठ वार्षिक तीन लाख रूपैयाँ अनुदान प्राप्त हुने गरेको छ । कक्षा ६ देखि ८ सम्म सञ्चालनमा रहेका विद्यालयका लागि पाँच लाख र कक्षा ९ र १० एवम् कक्षा ९ देखि १२ सञ्चालनमा रहेका गुरुकुल, मदरसा र गुम्बा हरेकलाई वार्षिक रु.१० लाखको व्यवस्था नेपाल सरकारले गरेको छ । साथै कक्षा १ दखि ८ सम्म सञ्चालनमा रहेको विद्यालयलाई रु.८ लाख, कक्षा ६ देखि १० वा कक्षा ६ देखि १२ सञ्चालित विद्यालयलाई रु.१५ लाख र कक्षा १ देखि १० वा १२ सम्म सञ्चालन भएका विद्यालयलाई रु.१८ लाख अनुदान उपलव्ध गराउने । तर कुनै एक तहमात्र सञ्चालित छ भने सो तहको मात्र अनुदान उपलव्ध गराउने व्यवस्था रहेको छ । यो व्यवस्था शिक्षा मन्त्रालयमा दर्ता भएका गुरुकुल र शिक्षालयका हकमा मात्र प्रयोग गरिएको छ । पाठ्यक्रम विकास केन्द्रले गुरुकुल, मदरसा र गुम्बा गरी तीन भागमा वर्गीकरण गरेको छ । सरकारी अनुदान पाएका गुरुकुलले पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको पाठ्यक्रमलाई

आधार मानेर शिक्षा दिनुपर्छ । कतिपय गुरुकुल दर्ता नभएका कारण तिनीहरू दान दातव्यबाट सञ्चालित छन् ।

गुरुकुलमा असल संस्कारयुक्त संस्कृति र परम्परालाई जीवन्त राख्ने उद्देश्य राखिएको हुन्छ । यी मान्यतालाई केन्द्रमा राखेर नागरिकलाई असल शिक्षा प्रदान गर्ने भावनालाई जीवन्त बनाइएको हुन्छ । खास गरी देशभरका गुरुकुल सरकारी अनुदानबाट सञ्चालन हुन सक्ने अवस्थाका छैनन् । दान दातव्य नै गुरुकुल सञ्चालनको पहिलो आधार र स्रोत हो ।

नेपालमा सनातन परम्परा र विश्वशान्तिको कामनासहित महर्षि फाउन्डेसनले बेलाबेला यज्ञ अनुष्ठान गर्दै आएको छ । समाजमा बढ्दै गएको हिंसा, मानवमा क्षय हुँदै गएको मानवीय भावना, दिनानुदिन विश्व हातहतियारको चपेटामा परेर शान्ति क्षीण भएको तर्क उनीहरूको छ । उनीहरू यसमा मानिसको मस्तिष्क र हृदय अशान्त बन्दै गइरहेको तर्क अघि सार्छन् र मानिसमा आपराधिक गतिविधि र अमानुषिक व्यवहारले घर गरिरहेको छ भन्ने उनीहरूको मत रहेको छ । मानिसको यो व्यवहारलाई भौतिक सम्पन्नताले निर्मूल पार्न सक्दैन । त्यसका लागि आध्यात्मिक चेतना नै बलियो हुन्छ भन्ने भावनालाई महषिर् फाउन्डेसनले जोड दिने गरेको छ । त्यसकै फलस्वरूप महर्षि फाउन्डेसनले नेपालमा आजकल गुरुकुललाई दक्षिणा दिने गरेको छ । गुरुकुलमा अध्ययन गर्ने ससाना बटुकहरू पनि यज्ञको विधि विधान, संस्कार, संस्कृति र परम्पराबाट नचुकून् भन्ने धारणालाई ध्यानमा राखिएको छ । गुरुकुलद्वारा विश्व शान्ति तथा राष्ट्र शान्तिका लागि दैनिक प्रातःकालमा यज्ञ सम्पन्न गर्ने प्रचलन अहिले पनि कायम नै रहेको छ ।

यज्ञ गरेबापतको रकमलाई फाउन्डेसनले दक्षिणाका रूपमा मानेको छ । एउटा यज्ञका लागि मासिक ५५ हजार र दुई यज्ञका लागि मासिक एक लाख १० हजार दिने व्यवस्था मिलाइएको छ । आजसम्म उक्त संस्थाले नेपालमा ९० गुरुकुलमा यो व्यवस्था मिलाएको छ । मन र चित्तलाई शान्त पार्नका लागि संस्कृतमा शास्त्री वा आचार्य गरेर ध्यान सिकेका विद्यार्थीलाई उक्त संस्थाले ध्यान शिक्षकका रूपमा गुरुकुलमा पठाउने गरेको

छ । उक्त ध्यान शिक्षकलाई दक्षिणा बापत २५ हजार रूपैयाँ महर्षि फाउन्डेसनले दिने गरेको छ । विद्यालयमा गएका ध्यान शिक्षकले विद्यालयको अध्ययनलाई समेत सहयोग पुऱ्याउने गरेका छन् । महर्षि फाउन्डेसनले दिने दातव्य अनुदान नभई यज्ञ सम्पन्न गरेबापतको दक्षिणा हो । महर्षि फाउन्डेसनको दातव्यले गुरुकुलहरूलाई भरथेग सहयोग गरेको छ । यो सहयोग सामान्यतया गुरुकुलीय शिक्षाको एक आयाम बनेर आएको पाइन्छ । गुरुकुलको विकासका लागि नभई यज्ञ विधान र विश्व शान्ति नै फाउन्डेसनको मुख्य अभिप्राय रहेको पाइन्छ ।

नेपाल संस्कृत विश्वविद्यालयको उपप्राध्यापक तथा महेश संन्यास आश्रम गुरुकुलका प्राचार्य कमल सुवेदीका अनुसार महेश सन्यास आश्रममा २०५० सालमा डा. रामानन्द स्वामीजीले स्थापना गर्नुभएको हो । ३० वर्षको समय अवधिका एउटा वैदिक सनातन धर्म संस्कृति सभ्यताको जगेर्ना गर्ने मूल उद्देश्य लिएर काम गरिरहेको छ । महेश संन्यास आश्रममा गुरुकुल अन्तर्गत कक्षा ६ देखि १२ सम्म पठनपाठन हुन्छ भने नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत शास्त्री र आचार्यको पढाइ हुने गर्छ । राष्ट्रियतामाथि भैरहेका दिनानुदिनका अतिक्रमण देखेर डा. रामानन्द स्वामीले हाम्रो धर्म संस्कृति सभ्यतालाई जोगाउने हेतुले यो गुरुकुलको स्थापना गर्नुभएको हो । विद्यार्थीहरू कक्षा ६ मा भर्ना भएर आचार्य तहसम्म निःशुल्क रूपमा आवासीय रूपमा यहाँ अध्ययन गर्न पाउँछन् ।

६६ जिल्लाका विद्यार्थीहरू ५ कक्षा पास भइसकेपछि प्रवेश परीक्षा पास गर्ने विद्यार्थीहरू यहाँ पढ्छन् र पछि १२ कक्षा पास भएका विद्यार्थीलाई समेत हामीले शास्त्री तहमा भर्ना लिन्छौं । यो गुरुकुलमै उपाध्याय ब्राह्मणका वटुकहरूमात्र पढ्छन् जसले सञ्चालन गरेका छन् जसले हामीलाई दान गरिरहेका छन् तिनका वटुकहरू मात्र यहा पढ्छन् । आफूभन्दा माथिका दाजुहरूले आफ्ना साना भाइहरूलाई पढाउँछन् । कक्षा ६ देखि १२ सम्म हामीसँग पूर्णकालीन ६/७ जना गुरुहरू छन् । अरू आन्तरिक स्रोतबाटै जो शास्त्री र आचार्यमा पढ्छन् । तिनीहरूले नै तल्लो कक्षामा पढाउने व्यवस्था गरेका छौ, उहाहरू कसैले निशुल्क पढाउँछन् भने कसैलाई थोरै छात्रवृति उपलब्ध गराउँछौ । नेपाल संस्कृत

विश्वविद्यालयले ३ जना शिक्षक प्रदान गरेको छ । यहा जीवन पढाइन्छ । जन्मदेखि मृत्युसम्मका कुराहरूमात्रै यहा सिकाईन्न ,यँहा त मृत्यु पश्चातका कुराहरू नि सिकाइन्छन् । ऋषिमुनीहरूले तथा शास्त्रले जे सिकाएका छन् त्यो कुरा सिकाउने थलो हो गुरुकुल । गुरुको समीपमा २४ घण्टा रहेर शिक्षा आर्जन गर्ने थलो गुरुकुल हो । जीवन पढाउने ठाँउमा क्रेडिट आवरका कुरै हुन सक्दैन २४ घण्टा ३६५ दिननै पढाउनुहुन्छ यँहा । यँहाको दैनिकी बिहान ४ बजे देखि बेलुकी १० बजेसम्म हुन्छ । यँहा कक्षा १२ सम्म नेपाल सरकारकै पाठ्यक्रम पढाइन्छ र थप वेद, कर्मकाण्ड, वेदाङग, व्याकरण र कृषि शिक्षाको रूपमा खेतबारीमा समेत काम गर्न सिकाउँछौ ।

शिक्षा विकास तथा समन्वय इकाइबाट कुनै शिक्षक प्राप्त गरेका पनि छैनौ, माग गरेका पनि छैनौ, किनकि सामुदायिक शिक्षकका बिभिन्न संघ संगठनहरू छन् जुन राजनीति गर्छन् त्यसैले हामीले माग नगरेका । दरबन्दी दियो भने स्वीकार गर्छौ । स्थानीय निकायबाट हुने तालिम गोष्ठीमा हामीले हाम्रा शिक्षकहरू पठाउँछौं, अन्य संघ सस्थाहरूले पनि तालिम दिने गरेका छन । हामीलाई भवन तथा फर्निचर र अन्य भौतिक पूर्वाधारको कुनै समस्या छैन । साइन्स विषय नपढाइने भएकाले साइन्स ल्याब हामीलाई जरुरत छैन । कम्प्युटर पढाई हुन्छ । यहा बाइक बनाउन सक्ने विद्यार्थी पनि छ हामीकहाँ । अभिभावकसँग वर्षमा कम्तिमा हामी २ पटक अभिभावक भेला गर्छौ र विद्यार्थीको घरायसी वातावरण पनि बुझ्छौ । दैनिक शिक्षण पाठ योजना बनाएरै पढिन्छ । वार्षिक कार्य पात्र पनि बनाउँछौ । अभिलेख प्रणाली आर्थिक शाखाले हेर्छ सरकारी अडिटरले अडिट गर्छ । सामुदायिक विद्यालय जस्तै हामीले मार्कसिट देखि चारित्रिक प्रमाण पत्र पनि प्रदान गर्ने गरेका छौ ।

त्यस्तै राम जानकी गार्गी कन्या गुरुकुल विद्यालय देवघाट, चितवनका प्रधानाध्यापक खेमनाथ चालिसेका अनुसार यसका अलावा सरकारका तर्फबाट एकमुष्ठ वार्षिक अनुदान १० लाख उपलब्ध गराइएको, छ । खेलकुदका लागि समेत केही रकम व्यवस्था गरिएको छ । अन्य सहयोगका लागि प्रदेश तथा स्थानीय तहमा पत्राचार भइरहेको छ । स्थानीय तह भरतपुर महानगरपालिका बाट ४० लाख र प्रदेशबाट निर्माणकार्यका लागि १० लाख पनि

प्राप्त भएको छ । शिक्षक तालिम सम्बन्धमा यहाँका शिक्षकहरूलाई सरकारी सामुदायिक विद्यालयमा जस्तो लामो तालिम नभए पनि छोटो छोटो तालिमको व्यवस्था भएको छ । यहाँका शिक्षक, कर्मचारीलाई मासिक ३ लाख आवश्यक भएको जुन ठूलो समस्या रहेको छ । यस सम्बन्धमा सरकारले तलब व्यवस्था गर्न सके राम्रो हुने उनको सुझाव रहेको छ ।

## ३.८ गुरुकुल शिक्षाको पाठचक्रम

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले माध्यमिक तहको पाठचक्रमका लागि पाठचक्रम विकास केन्द्रको स्थापना गरेको छ । उक्त विकास केन्द्रले तीन तहको पाठचक्रम निर्धारण गरेको छ । साधारण माध्यमिक, संस्कृत माध्यमिक र गुरुकुल । साधारण विद्यालयमा नेपाली, अंग्रेजी, गणित, विज्ञान र सामाजिक शिक्षालाई अनिवार्य मानिएको छ । संस्कृत माध्यमिक विद्यालयमा नेपाली, अंग्रेजी, गणित, विज्ञान र सामाजिक शिक्षा अनिवार्य विषयका रूपमा स्वीकृत विषय हुन् । संस्कृत माध्यमिक विद्यालयमा तीन सय पूर्णाङ्कको संस्कृत अध्ययन हुने गरेको छ । गुरुकुलमा विज्ञान नभई चार सय पूर्णाङ्कको संस्कृत अध्ययन हुने गरेको छ । अङ्ग्रेजी अध्ययन गर्न नचाहने विद्यार्थीका लागि गुरुकुल र संस्कृत माध्यमिक विद्यालयमा अवसर अनिवार्य वैकल्पिक संस्कृत रचना अध्ययन हुने गर्दछ । यसका साथै नेपाल सरकारले गुम्बा र मदरसाका लागि पनि छुट्टै पाठचक्रमको व्यवस्था गरेको छ ।

## ३.९ नेपालमा गुरुकुल शिक्षाको वर्तमान अवस्था

नेपालमा शताब्दीयौँदेखि प्रयोग हुँदै आएको गुरुकुल शिक्षा प्रणाली शिक्षक-विद्यार्थी सम्बन्धमा आधारित छ । जसमा विद्यार्थीहरू आफ्ना शिक्षकहरूसँगै बस्ने, विभिन्न विषयहरू सिक्ने र विशेष गरी जीवनोपयोगी तथा व्यावहारिक ज्ञानसमेत हासिल गर्ने शिक्षापद्धति हो । नेपाली संस्कृतिको एक महत्त्वपूर्ण भागको रूपमा रहेको यस गुरुकुल शिक्षा प्रणालीले देशको शैक्षिक परिदृश्यलाई ठुलो योगदान दिएको छ ।

समग्र शिक्षा र सांस्कृतिक मूल्यमान्यतामा जोड दिएको कारणले नेपालमा गुरुकुल शिक्षाको सान्दर्भिकता र लोकप्रियता बढ्दो छ । नेपालका विभिन्न भागहरूमा विशेष गरी

ग्रामीण क्षेत्रमा धेरै गुरुकुल विद्यालयहरू स्थापना भएका छन् । निजी, गुठी र धार्मिक संघसंस्थाहरूका पहलमा खोलिएका यी विद्यालयहरूले आधुनिक शिक्षासँगै परम्परागत ज्ञान, मूल्यमान्यता र सीपहरू प्रदान गर्नमा केन्द्रित छन् ।

हालैका वर्षहरूमा आधुनिक शिक्षामा नैतिक एवम् अनुशासन पक्ष अलि कमजोर देखिएकाले नेपालमा गुरुकुल शिक्षाको लोकप्रियता झन बढ्दै गइरहेको छ । शिक्षा मन्त्रालयका अनुसार नेपालमा जम्मा ११५३ वटा परम्परागत विद्यालयहरू मध्ये ३४ वटा गुरुकुलहरू (३ प्रतिशत) सञ्चालनमा छन् । आधारभुत तह कक्षा १-५ मा ३४ वटा, कक्षा १-८ मा ३४ वटा, माध्यमिक तह कक्षा १-१० मा ११ वटा र कक्षा १-१२ मा जम्मा ७ वटा विद्यालयहरू सञ्चालनमा छन् । कतिपय गुरुकुलहरू हाल सम्म पनि अनुमति नलिइ सञ्चालन भएका छन् भने कतिपयले शैक्षिक सूचना व्यवस्थापन प्रणाली नभरेको कारण हरेक वर्ष सङ्ख्यामा विविधता रहेको पाईन्छ । हाल नेपालमा गुरुकुल शिक्षामा छात्रा १०११ र छात्र २३४७ गरी जम्मा ३३५८ जना विद्यार्थीहरू अध्ययनरत छन् (IEMIS, 2078) ।

माथि उल्लिखित गुरुकुल विद्यालयहरूले संस्कृत, वेद, ज्योतिष र दर्शन जस्ता विषयहरूका पाठ्यक्रमका आधारमा शिक्षा प्रदान गर्छन् । नेपालमा गुरुकुल शिक्षा प्रदान गर्ने प्रमुख संस्थाहरू मध्ये काठमाडौंमा रहेको अन्तर्राष्ट्रिय वैदिक गुरुकुल हो । यो संस्थाले वैदिक अध्ययन, संस्कृत, ज्योतिष, र अन्य विषयहरूका पाठ्यक्रमहरू निर्माण गरी अन्य विद्यालयहरूलाई समेत प्रदान गर्दछ । जसलाई स्वायत्त शैक्षिक संस्था (अन्तर्राष्ट्रिय वैदिक गुरुकुल) को दर्जा दिएको छ ।

नेपालमा गुरुकुल शिक्षा प्रदान गर्ने अर्को संस्था जगद्गुरु कृपालु परिषद, नवलपरासीमा अवस्थित छ । जसलाई छोटकरीमा जेकेपी भनिन्छ । जेकेपीले वैदिक अध्ययन, योग, ध्यान, र अन्य विषयहरूमा पाठ्यक्रमहरू निर्माण गर्ने र अरूलाई प्रदान गर्ने काम गर्दछ । यो संस्थालाई नेपाल सरकारले मान्यता दिएको छ र यसलाई धार्मिक र सांस्कृतिक संस्थाको दर्जा पनि दिएको छ (जगद्गुरु कृपालु परिषद्) ।

नेपालमा गुरुकुल शिक्षा प्रणाली भनेको सवैभन्दा जेठो शिक्षा प्रणाली हो । जुन शिक्षा प्रणालीमा विद्यार्थीहरूले आफ्ना शिक्षकहरूसँग बसेर विभिन्न विषयहरू सिक्ने गर्थे । यो शिक्षा प्रणाली १९औं शताब्दीको मध्यतिर देशले आधुनिक शिक्षा अपनाउन थालेसम्म नेपालभर प्रचलित थियो । नेपालमा गुरुकुल शिक्षा प्रणाली अझै पनि विद्यमान छ र यसलाई नेपाली संस्कृतिको महत्त्वपूर्ण अंग मानिन्छ ।

नेपालमा गुरुकुल शिक्षाको पाठचक्रम पुरातन हिन्दू धर्मग्रन्थ वेदहरूमा आधारित छ । यो शिक्षा प्रणालीमा विद्यार्थीहरूलाई गणित, विज्ञान, धर्म र दर्शन लगायत विभिन्न विषयहरू पढाइन्छ । गुरुकुलमा शैक्षिक विषयहरूको अतिरिक्त, विद्यार्थीहरूलाई खाना पकाउने, सरसफाइ र खेती गर्ने जस्ता जीवनयापन गर्ने सीपहरू पनि सिकाइन्छ । गुरुकुल शिक्षा प्रणालीले नेपालको शिक्षामा ठूलो प्रभाव पारेको छ । यसले देशको संस्कृतिको विकासमा योगदान पुऱ्याएको छ । गुरुकुल शिक्षा प्रणालीले प्राचीन ज्ञान र परम्पराको संरक्षण गर्न मद्दत गरेको छ । यद्यपी गुरुकुल शिक्षा प्रणालीमा केही कमजोरी पनि छन् । यो शिक्षा सबैको लागि पहुँचयोग्य छैन र गुरुकुलहरूमा जाने विद्यार्थीहरू प्रायः विशेषाधिकार प्राप्त पृष्ठभूमिबाट आउँछन् । गुरुकुल शिक्षा प्रणालीमा केही कमजोरी भएता पनि आज यो नेपाली संस्कृति र इतिहासको महत्त्वपूर्ण हिस्सा बनेको छ ।

गुरुकुल शिक्षा भारतमा सुरु भएको शिक्षा प्रणालीको एक पुरानो रूप हो र यो शैक्षिक प्रणाली नेपालका केही भागहरूमा अभ्यासमा रहेको छ । गुरुकुल शिक्षा प्रणालीमा परम्परागत विद्यालयमा जस्तै परीक्षा प्रक्रिया हुँदैन । प्रत्येक शैक्षिक वर्षको अन्त्यमा औपचारिक परीक्षा लिनुको सट्टा, विद्यार्थीहरूको दैनिक कार्यसम्पादन, विषयहरूको बुझाइ र जीवन सीपको आधारमा निरन्तर मूल्याङ्कन गरिन्छ । गुरुकुल शिक्षा प्रणाली समग्र विकासमा केन्द्रित छ, जहाँ विद्यार्थीहरूलाई शैक्षिक उपलब्धिहरूको सट्टा उनीहरूको समग्र प्रदर्शनका आधारमा मूल्याङ्कन गरिन्छ । यो दृष्टिकोणले विद्यार्थीहरूलाई आलोचनात्मक सोच, समस्या समाधान र निर्णय लिने क्षमता लगायतका विभिन्न सीपहरू विकास गर्न मद्दत गर्छ, जुन उनीहरूको व्यक्तिगत र व्यावसायिक जीवनमा महत्त्वपूर्ण छन् भनी (भण्डारी, २०१९)

लगायतले आफ्नो *Journal of Research in Social Sciences*, Volume 9, Issue 2, pages 14–23, मा लेखेका छन् ।

तर नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण नभैसकेकोले यसको सञ्चालनका विभिन्न रूपबाट भइरहेको छ । जस्तै आंशिक सरकारी अनुदान तथा पूर्ण निजी प्रयासबाट चन्दा, मुठी दान सङ्कलन आदिबाट यी गुरुकुल सञ्चालित छन् भन्ने कुरो सर्वविदितै छ । कतिपय गुरुकुल मानापाथीले चलेको तीतो सत्यलाई संजय पन्थी (२०७७) ले यसरी प्रस्तुत गरेका छन् । गुरुकुलमा कतिपय स्थलमा सरकारले उपलब्ध गराउँदै आएको अनुदान बन्द हुँदा अप्ठ्यारो अवस्था आएको कुरो एक लेखमा गुरूप्रसाद सुवेदी (२०७७) को भनाइ छ । विद्यालय र साविकका उच्च माध्यमिक तहका समकक्षी गुरुकुललाई उपलब्ध गराइदै आएको अनुदान संघीयतासँगै बन्द गरिँदा तनहुँ स्थित देवघाटका गुरुकुल मारमा परेका छन् । विद्यालय तहका लागि एक र साविकका उच्च माध्यमिक तहका लागि दुई शिक्षक बराबरको अनुदान वापत एकमुष्ट रकम बार्षिक ७ लाख रूपैयाँसम्म उपलब्ध गराउँदै आएको भए पनि पछिल्लो समय उक्त अनुदान बन्द गरिएको हो । यसले गर्दा दशकौँ देखि सञ्चालनमा रहेका देवघाटका गुरुकुलहरू मारमा परेका छन् ।

## ३.१० गुरुकुल शिक्षाको परीक्षा प्रणालीको अवस्था

गुरुकुल शिक्षामा परीक्षा प्रणाली प्राज्ञिक कार्य सम्पादनमा मात्र सीमित नभई विद्यार्थीको व्यवहार, व्यक्तित्व र अनुशासनको मूल्याङ्कनको विषय पनि समावेश गरिन्छ । एस श्रेष्ठ (२०१७) लगायतले गुरुकुल शिक्षाले अनुशासन र चरित्र निर्माणको महत्त्वलाई जोड दिन्छ, र त्यसैले विद्यार्थीहरूलाई उनीहरूको आचरण, व्यवहार र नियमहरूको पालनाको आधारमा मूल्याङ्कन गरिन्छ । यस दृष्टिकोणले विद्यार्थीहरूलाई जीवन र समाजप्रति सकारात्मक दृष्टिकोण विकास गर्न र भविष्यमा जिम्मेवार नागरिक बन्न मद्दत गर्छ । पि आर शर्मा (२०१८) का अनुसार गुरुकुल शिक्षा प्रणालीले आत्म-शिक्षा र स्वतन्त्र सोचलाई पनि बढावा दिन्छ । विद्यार्थीहरूलाई आफ्नै गतिमा सिक्न प्रोत्साहित गरिन्छ । गुरुकुलमा शिक्षकको भूमिका सिकाइ प्रक्रियालाई मार्गदर्शन र सहज बनाउनु हो । गुरुकुल शिक्षामा,

शिक्षक-विद्यार्थी सम्बन्ध आपसी विश्वास र सम्मानमा आधारित हुन्छ, र विद्यार्थीहरूलाई प्रश्न शोध्न, आफ्नो विचार व्यक्त गर्न र स्वतन्त्र सोच कौशल विकास गर्न प्रोत्साहित गरिन्छ । यो दृष्टिकोणले गुरुकुल शिक्षावाट विद्यार्थीहरूलाई आत्मनिर्भर र आत्मविश्वासी व्यक्ति बन्न मद्दत गर्छ, जसले आफ्नो सिकाइ र व्यक्तिगत वृद्धिको जिम्मेवारी लिन सक्छ ।

तोयानाथ अधिकारी (२०१९) गुरुकुल शिक्षा प्रणालीको एक अनिवार्य अंग गृहकार्य विद्यार्थीहरूको सिकाइलाई सुदृढ गर्ने माध्यम हो । जसले कक्षाकोठाभन्दा बाहिर सिकाइलाई बलियो बनाउन र विस्तार गर्न मद्दत गर्छ । यसलाई विद्यार्थीहरूको सीप, आलोचनात्मक सोच, समस्या समाधान, समय व्यवस्थापन र आत्म-अनुशासन वृद्धि गर्न प्रभावकारी उपकरणको रूपमा लिइन्छ । गृहकार्यले विद्यार्थीहरूमा आत्म-अनुशासन र उत्तरदायित्व विकास गर्न मद्दत गर्दछ । किनकि उनीहरूले पर्यवेक्षण बिना समयमै आफ्ना कार्यहरू पूरा गर्न आवश्यक छ । गृहकार्यले विद्यार्थीहरूको आलोचनात्मक सोच र समस्या समाधान गर्ने सीपहरू बढाउन पनि मद्दत गर्दछ । किनकि उनीहरूले आफ्ना कार्यहरू पूरा गर्न स्वतन्त्र रूपमा सोच्न आवश्यक छ ।

एम कोइराला (२०१८)का अनुसार गृहकार्यले विद्यार्थीहरूको समय व्यवस्थापन कौशल सुधार गर्न मद्दत गर्दछ किनकि उनीहरूले समयमै आफ्ना कार्यहरू पूरा गर्न प्रभावकारी रूपमा समय व्यवस्थापन गर्न आवश्यक छ । यसले नेपालको गुरुकुल शिक्षा प्रणालीमा केही चुनौतीहरू पनि खडा गरेको छ । उनका अनुसार विद्यार्थीहरूमा कामको भारी हुनु प्राथमिक चुनौती हो र कहिलेकाहीँ गृहकार्य पूरा गर्नका साथै अन्य गतिविधिहरूमा संलग्न हुनु पर्दा समय व्यवस्थापनमा चुनौतीपूर्ण हुन्छ । साथै पाठ्यपुस्तकहरू र अध्ययन सामग्रीहरू तथा स्रोतहरूको अभावका कारण विद्यार्थीहरूले आफ्नो गृहकार्य पूरा गर्न कठिनाइहरूको सामना गर्न सक्छन् । यसबाहेक गृहकार्य (असाइनमेन्ट) को गुणस्तर शिक्षकहरूमा एकरूप नहुन सक्छ, जसले विद्यार्थीहरूको सिकाइ परिणामहरूलाई असर गर्नसक्छ (अधिकारी, २०१९) लगायतले आफ्नो Journal of Education and Research, Volume 9, Issue 1, spanning pages 27–36 मा बताएका छन् ।

## ३.११ नेपालमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउन देखिएका समस्याहरू

गुरुकुल शिक्षा, जसलाई परम्परागत भारतीय शिक्षा पनि भनिन्छ, जुन हजारौं वर्षदेखि अस्तित्वमा छ । यो शिक्षाको त्यसतो रूप हो जसले विद्यार्थीहरूको शारीरिक, मानसिक र आध्यात्मिक विकास सहितको समग्र विकासलाई जोड दिन्छ । हालैका वर्षहरूमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउन भारत लगायत अन्य देशहरूमा नयाँ चासो देखा परेको छ । यस साहित्य समीक्षाले गुरुकुल शिक्षाको अनुसन्धानको वर्तमान अवस्था, यसका फाइदाहरू, समस्याहरू र यसलाई आधुनिक शिक्षा प्रणालीमा मूल प्रवाहमा ल्याउने सम्भावनाको खोजी गर्नेछ । शर्मा र अग्रवाल (२०२०) को अध्ययन अनुसार गुरुकुल शिक्षा प्राप्त गर्ने विद्यार्थीहरू आधुनिक शिक्षा प्राप्त गर्ने विद्यार्थीहरूको तुलनामा बढी आत्म-अनुशासित, राम्रो सञ्चार कौशल र भावनात्मक रूपमा स्थिर थिए । मन्ना र रोय (२०१९) ले गरेको अर्को अध्ययनले गुरुकुल शिक्षाले विद्यार्थीहरूलाई नैतिकवान र नैतिक आधार विकास गर्न मद्दत गरेको छ, जुन सफल जीवनको लागि अत्यावश्यक छ । गुरुकुल शिक्षाका धेरै फाइदाहरू भए पनि यसले थुप्रै चुनौतीहरूको सामना पनि गर्दछ । गुरुकुल शिक्षालाई सहयोग/ समर्थन गर्ने स्रोत र पूर्वाधारको अभाव एउटा प्रमुख समस्या/चुनौती हो । चौधरी र शर्माको अध्ययन (२०२१) अनुसार गुरुकुल शिक्षा पढाउन तालिमप्राप्त शिक्षकको अभाव छ र धेरै विद्यालयमा त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक सुविधा र स्रोतको अभाव छ ।

## ३.१२ गुरुकुल शिक्षाको सिकाइ प्रणालीको अवस्था

नेपालमा गुरुकुल शिक्षा प्रणाली शताब्दीयौंदेखि व्यवहारमा चल्दै आएको सिकाइको परम्परागत तरिका हो । यस प्रणालीमा विद्यार्थीहरू एकान्त वातावरणमा आफ्ना गुरु वा शिक्षकसँग बस्छन् र व्यावहारिक एवम् सैद्धान्तिक शिक्षाहरूको संयोजनबाट सिक्छन् । यस साहित्य समीक्षाको उद्देश्य नेपालको गुरुकुल शिक्षा प्रणाली, विद्यार्थीहरूमा यसको प्रभाव र आधुनिक समयमा यसको सान्दर्भिकता रहेको छ ।

### गुरुकुल शिक्षामा अनुशासन

चरित्र निर्माणमा गुरुकुल शिक्षा प्रणाली नेपालको एक प्राचीन शिक्षा प्रणाली हो, यो अनुशासन र आध्यात्मिकताका सिद्धान्तहरूमा आधारित छ । यस प्रणालीमा विद्यार्थीहरूले आफ्ना गुरु (शिक्षक)सँग बस्ने र व्यक्तिगत अन्तरक्रिया र व्यावहारिक अनुभवबाट विभिन्न विषयहरू सिक्छन् । गुरुकुल शिक्षामा अनुशासन प्रणाली विद्यार्थीहरूमा आत्म-अनुशासन, उत्तरदायित्व र नैतिक मूल्यमान्यता जगाउने एउटा आवश्यक पक्ष हो ।

नेपालको गुरुकुल शिक्षामा अनुशासन प्रणाली शताब्दीयौंदेखि शिक्षा प्रणालीको अनिवार्य पक्ष रहेको छ । यसले विद्यार्थीहरूबिच आत्म-अनुशासन, जिम्मेवारी र नैतिक मूल्यहरू विकास गर्ने लक्ष्य राख्छ, जुन सफल जीवनको लागि आवश्यक गुणहरू हुन् । गुरुकुल शिक्षामा अनुशासन प्रणाली विद्यार्थीको व्यवहारलाई आकार दिन प्रभावकारी हुन्छ किनभने यसले नकारात्मक व्यवहारलाई सजाय दिनुभन्दा सकारात्मक व्यवहारलाई पुरस्कृत गर्नमा केन्द्रित हुन्छ । अनुशासन शिक्षाको एक महत्त्वपूर्ण पक्ष हो र यो नेपालको गुरुकल शिक्षा प्रणालीको अभिन्न अंग भएको छ । गुरुकुल एक पुरानो शिक्षा प्रणाली हो जुन अझै पनि नेपाल र भारतमा प्रचलित छ, जहाँ विद्यार्थीहरू आफ्ना शिक्षकहरूसँग आश्रममा बस्छन् । यस साहित्य समीक्षामा हामी नेपालमा गुरुकुल शिक्षाको अनुशासन प्रणाली, यसका फाइदा र बेफाइदाहरू सहितको विश्लेषण गरिएको छ ।

## ३.१३ गुरुकुलको वर्तमान अवस्थाबारे विभिन्न अन्तर्वार्तादाता

गुरुकुलको वर्तमान अवस्थाबारे विभिन्न अन्तर्वार्तादाताले दिएका विचारहरू यहाँ प्रस्तुत गरिएको छ । नेपाली काङ्ग्रेसका नेता कृष्णप्रसाद पौडेलले अन्तर्वार्तामा हाल संसारभरि गुरुकुलको सान्दर्भिकता बढिरहेको अवस्था छ भन्ने विचार राख्दै भन्नुहुन्छ;

> हाल नेपालमा मात्रै नभएर विश्वमै गुरुकुल शिक्षाको सान्दर्भिकता बढेको पाइन्छ । वर्तमान समयमा पाश्चात्य देशहरूमा समेत संस्कृत शिक्षाको पढाइ गरिएको, लण्डनमा समेत कृष्ण भगवानको प्रवचन दिइनु आदिले पनि यो शिक्षाको गरिमा र

महत्त्व उजागर भएको छ । यसबाट हामीले सिक्नुपर्ने देखिन्छ । साथै उनका अनुसार वेदले छोएका विषय क्षेत्र धेरै रहेको र हामीले भिन्न भिन्न सीपका कुराहरू, राजनीतिका कुराहरू आदि सिकाई रहेका छैनौं । हाम्रा गुरुकुलले यी विषयहरूलाई पढाउन सकेका छैनन् । भारतका कतिपय विश्वविद्यालय, अमेरिकाका विश्वविद्यालयले यी विषयहरू पढाइरहेका छन् । हामीले यी विषयवस्तुका साथै हाम्रा परम्परा, हाम्रा सभ्यताका कुरा दर्शनका कुरा, साहित्यका कुरा मिसाएर पढाउने व्यवस्था गर्नुपर्छ । जसले गर्दा हाम्रो गुरुकुल शिक्षाको महत्त्व बढ्दै जान्छ, साथै हामीले वास्तुशास्त्रीका कुराहरू पनि वास्ता गरेनौं । पाश्चात्य शिक्षा प्रणालीमा रहेका आधुनिक प्रविधिका कुराहरूलाई गुरुकुलमा सम्बोधन गर्न सकेनौं । हामीमा अल्पज्ञान भंयकरम भयो । हामीले हाम्रो घोषणापत्रमा यी सबै विषयहरू समेटेका छौं ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्गदेनका अनुसार गुरुकुलको स्थापना पछिल्लो समयमा आएर केही हदसम्म बढ्दै गइरहेको देखिन्छ । यो शिक्षाको पुर्नस्थापनाको प्रयासहरू भइरहेका छन् । तर त्यो पर्याप्त छैन । व्यक्तिगत र सामूहिक तहमा प्रयास भए पनि मुख्य रूपमा सरकारी तहबाटै हुनुपर्ने हो । भोलि हाम्रो ठाँउमा कर्मकाण्ड गर्ने मानिस नभेटिएला भन्ने सोचले मात्र ती नयाँ गुरुकुलहरू व्यक्तिगत र सामूहिक प्रयासमा स्थापना भईरहेका हुन जस्तो लाग्छ । जुन कुरो गुरुकुल शिक्षाको पुर्नस्थापनाको लागि पर्याप्त छैनन् । संस्कृतको प्रवर्द्धन गर्ने उद्देश्यसाथ गुरुकुल स्थापना र सञ्चालन हुनुपर्दछ । संस्कृत शिक्षासँग आधुनिक शिक्षालाई जोडेर लानुपर्छ । गुरुकुलको विकास सँगसँगै सामुदायिक विद्यालयमा गुरुकुल र संस्कृत शिक्षालाई जोडेर लानुपर्छ ।

संस्कृत पढेर पश्चिमाहरू वैज्ञानिक बन्ने तर हामीहरू चाँहि संस्कृत पढ्दा मूर्ख बनिन्छ भन्ने सोचका पार्टीहरू पनि यो देशमा छन् । उनीहरूले यस विषयमा जनतासँग क्षमा याचना गरी संस्कृत शिक्षालाई अगाडि बढाउन भूमिका खेल्न आउनुपर्छ । सरकारले गुरुकुल शिक्षामा लगानी बढाउने कार्य गर्नु पर्दछ । गुरुकुलहरूमा राज्यले नाममात्रको सहयोग गरेको देखिन्छ । हामी पश्चिमा शिक्षातिर मुर्खतापूर्ण रूपमा दौडिरहेका छौं । जसरी

कस्तुरी आफ्नो नाभिमा बासना बोकेर जंगलमै भौतारिरहेको हुन्छ त्यसरी नै हामी मूर्ख बनिरहेका छौं । अहिले दुनियाँलाई के महसुस भइरहेको छ भने संस्कृत नै सबै भाषाको मूल रहेछ र पाँच दश हजार वर्ष पहिला लेखिएका ग्रन्थहरूमा आजको विज्ञानको दर्शन संस्कृतमा छ ।

पश्चिमाहरूले यो बुझेका छन् तर हामीहरूले नबुझेर यो शिक्षा अनावश्यक भनेर हिँडिरहेका छौं । लिङ्गदेनका अनुसार हाम्रो शास्त्रमा पुष्पक विमानको बारेमा कति वर्ष अगाडि कुरा गरिएको थियो र पश्चिमा समाजले यसको परिकल्पना गरेको कति समय भयो? जेट विमानको आविश्कार भयो, त्यो धेरै समय भएको छैन उनीहरू वैज्ञानिक भए । तर हाम्रो शास्त्रमा त्यति पुरानो समयको पुष्पक विमानको सोच रुढीवादी र कल्पना मात्र हो भन्ने भाष्य निर्माण भयो ।

अभिभावक पश्चिमा शिक्षातिर आकर्षित भए । आधुनिक शिक्षाबाट पछाडि फर्कने कुरा त होइन तर त्यो शिक्षा पनि हाम्रै शास्त्रको जगमा विकास भएको हो । महाभारतमा धृतराष्ट्रले युद्धमा के भै रहेको छ भन्ने कुरो प्रत्यक्ष प्रसारण गरेका होइनन् ? के त्यो आधुनिक विकासको जग होइन ? हो यी सबै कुराको जग हाम्रो अवधारणा र विचार नै हुन् । हामी त संस्कार संस्कृति र अवधारणाका धनी मानिस हौं ,अहिले आएर हामी पँगु बनिरहेका छौं भन्ने नजानी नजानी हामी हाम्रो आफ्नै भाषा र ज्ञान विज्ञानलाई घृणित नजरले हेरिरहेका छौं । गुरुकुलीय शिक्षा र यसको चिन्तनबारे हाम्रो यस्तो अवस्था हुनु अनौठो हो भन्ने उनको आशय देखिन्छ ।

शिक्षाविद् भेषराज शर्माका अनुसार नेपालमा गुरुकुल परम्परामा बुद्ध शिक्षालाई पनि जोड्दै यहाँको प्राचीन गुरुकुलीय शैक्षिक अवस्था सुन्दर थियो भन्ने विचार राख्नुहुन्छ । उनका अनुसार शान्तिका अग्रदूत बुद्धका अहिंसा, मैत्री, करुणा जस्ता सन्देशहरूको प्रचार प्रसार तथा बुद्ध दर्शनलाई सङ्गठित रूप दिन प्राचीन नालन्दा विश्वविद्यालयको ठूलो योगदान रहेको छ । पाँचौंदेखि तेह्रौं शताब्दीसम्म प्रचलनमा रहेको यो शैक्षिक केन्द्र एक महाविहारको रूपमा परिचित थियो । यसमा बुद्धवाद, वेद सहित चिकित्सा विद्या, व्याकरण, संस्कृत, कला

आदि अध्ययन अध्यापन गराइन्थ्यो । यो विश्वविद्यालय गुरुकुल परम्पराको आस्थाको उच्च केन्द्र थियो । यसले गुरुकुल शिक्षाको विस्तार र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको थियो । यहाँ वुद्ध दर्शनको पवित्र अर्चना, परम्परा र संस्कारको प्रतिविम्ब हुन्थ्यो ।

वुद्धवादका पाँच निषेधहरू जस्तै : हत्या नगर्नु, नचोर्नु, झुठ नबोल्नु, व्यभिचार नगर्नु र मादक पदार्थ सेवन नगर्नु भन्ने कुरा शिष्यहरूमा बताइन्थ्यो र पालना गर्न लगाइन्थ्यो । यसलाई बौद्ध दर्शनमा आधारित कानूनको प्रथम प्रयासको रूपमा लिइन्छ । यसको लोकप्रियता र ज्ञान प्रसारबाट डराएकाले त्यसलाई डढाएर खरानी पारे । यस विश्वविद्यालयमा अध्ययन अध्यापनको मुख्य माध्यम पाली भाषा थियो तर संस्कृत भाषाको ज्ञान पनि अति आवश्यक थियो । बुद्ध दर्शनसमेत मानवीयता प्रवर्तनमा यो विश्वविद्यालयको अद्वितीय योगदान रहेको छ । गुरुकुलबाट आधुनिक शिक्षा प्रणालीले के कुरा ग्रहण गर्ने भन्ने विषयले स्थान पाउनु स्वाभाविक हो । यी तथ्यहरूलाई उजागर गर्दै उनले गुरुकुलले सांस्कृतिक शिक्षा प्रदान गर्दै प्रकृति र मानिसलाई नजिक बनेको र योग सिकाएर व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यमा जोड दिएको विषयहरूलाई उनले गहिरो ढंगले विश्लेषण गर्नु भएको छ । उनको विचारमा विद्यार्थीको सरल जीवनशैली, साधा जीवन उच्च विचारको भावना, जीवनको व्यावहारिक अवस्थाको बारेमा ज्ञान प्रदान गर्ने थलोको रूपमा उनले गुरुकुललाई विवेचना गर्नु भएको छ । उनका अनुसार मानिस सामाजिक प्राणी हो भन्ने मूल्यलाई स्थापित गर्न गुरुकुल शिक्षाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको र यो शिक्षाले आधुनिक शिक्षा प्रणालीमा विज्ञान तथा प्रविधिको विकासमा ठूलो योगदान गरेको उनको तर्क रहेको छ । वर्तमान शिक्षाले प्रविधि, विद्युतीय प्रणाली, कम्प्युटर र ग्याजेटको ज्ञान दियो । आधुनिक शिक्षा पद्धतिमा प्रविधिको उच्च प्रयोग छ । ई बुक्स, भिडियो व्याख्यान, दूर शिक्षा, थ्रीडी इमेज जस्ता कुराबाट ज्ञान दिइन्छ र सिकाइन्छ तर गुरुकुलमा यी सबै पक्षहरूको केही न केही अभाव रहेको उनको तर्क छ ।

त्यसै गरी लुम्बिनी विश्वविद्यालयका पूर्व उपकुलपति हृदयरत्न वज्राचार्य पनि गुरुकुल र बुद्ध धर्मको सम्बन्ध तथा बुद्ध धर्मले विश्वमा शान्ति कायम गर्न खेलेको

भूमिकाका बारेमा बताउनुहुन्छ । शिक्षाविद् एल पी भानु शर्माका अनुसार अहिलेको गुरुकुलको अवस्था गौरव गर्न लायक छैन । यसको मूलप्रवाहीकरण हुन बाँकी छ । अहिले हामीले नेपालको गुरुकुलमा जुन लगानी गरेका छौ, तर त्यहाँ जो विद्यार्थी अध्ययन गरिरहेको छ । त्यहाँ उसले गौरव बोध गर्न सकिरहेको छैन । आफू हेपिएर पढेको महसुस गरिरहेको अवस्था रहेको छ । त्यसैले यदि गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्ने हो भने यो क्षेत्रको लगानीको बारेमा राज्यका तीन वटै तहले सोच्ने वेला आएको छ र गुरुकुल शिक्षालाई समाजले हेर्ने दृष्टिकोण बदल्नुपर्ने अवस्था सिर्जना गर्न सक्नु पर्दछ र यो शिक्षालाई कर्मकाण्डी र संस्कृत शिक्षाको मात्रै बुझाईमा सीमित राखिनु हुदैन । गुरुकुल शिक्षा प्रति अन्य मेधावी विद्यार्थीहरूलाई समेत आकर्षण गराउनुपर्ने तर्क उनको रहेको छ । तर आज गुरुकुल शिक्षामा कमजोर व्यवस्थापन भएको र राज्यको लगानी कम भएका कारण विद्यार्थीमा हीनताबोध रहेको अवस्था छ ।

गुरुकुल सञ्चालनको मुख्य उद्देश्य भनेको प्राच्य परम्परालाई जीवन्त राख्नु हो । यो परम्परामा नेपाली समाज र समाजका यावत् क्रियाकलाप मानवीय हुनुपर्छ । मदरसा र गुम्बा शिक्षालाई नेपाल सरकारले सक्दो सहयोग दिएको छ । गुरुकुलमा त्यस किसिमको अवस्था देखिँदैन । गुरुकुललाई जीवन्त बनाउन र त्यसमा रहेको जनशक्तिलाई नेपालको शिक्षा नीतिसँग जोड्न अनिवार्य छ । पाठचक्रम विकास केन्द्रबाट स्वीकृत गरिएको पाठचक्रम अध्यापन गराएर मूल शिक्षाको धारमा गुरुकुललाई ल्याउने सरकारको शिक्षा नीति देखिन्छ, जसले गुरुकुल, गुम्बा र मदरसालाई समेट्न खोजेको देखिन्छ । आज सरकारी विद्यालयमा शिक्षाको अवस्था कमजोर बन्नु, गुरुकुल, गुम्बा र मदरसा शिक्षा बढ्दै जानुले नेपालको शिक्षा नीति नै दोषपूर्ण हो कि□? भन्ने संकेत देखाएको छ ।

हृदय रत्न बज्राचार्यका अनुसार अहिलेका ऐन नियममा गुरुकुललाई कसरी व्यवस्था गरिएको छ भन्ने कुरा हेर्नुपर्यो । व्यवस्था नगरेको भए गर्नु पर्‍यो । गुरुकुलीय रोष्टमबाट हाम्रो देश समाज व्यक्तिहरूले लाभ लिए । देश बन्यो समाज बन्यो व्यक्तिहरू बने अहिले पनि त्यही रूपमा लग्ने हो भने गुरुकुललाई बचाउनु पर्यो । त्यो बचाउने काम राज्यको हो ।

कसरी निरन्तर रूपमा लिएर जाने भन्ने कुरामा राज्यले नीति नियम बनाइदिनुपर्यो । सांगठनिक रूपमा पनि कसरी लैजाने भनेर छलफलमा ल्याउनु पर्यो । यसको आर्थिक श्रोत साधनको व्यवस्था कसरी गर्ने भन्नेमा ध्यान दिनुपर्यो । मेरो सुझाव भनेको यसलाई राज्यसँग धेरै जोडनु हुदैन । अहिलेको राज्यको संरचना भनेको पहिलाको गुरुकुलीय राज्य परिवेश भन्दा धेरै फरक भइसक्यो । राज्य बढि हावी भयो भने गुरुकुलको अस्तित्व हराउन सक्छ । गुरुकुललाई माया गर्ने त्यसको महत्त्व बुझ्ने व्यक्तिहरूको सहयोग संरक्षकत्व रहनु पर्दछ । यसले कहिँकतै गुरुकुलका नाममा संकीर्णता फैलाउने हो कि अतिबादि तिर गएको छ कि भन्ने विषयमा राज्यले अनुगमन गरिरहनु पर्दछ । यसको संरक्षणमा, गुरुकुल सम्बन्धि अनुसन्धान गर्ने कार्य, आधुनिक जमाना अनुसारका पूर्वाधार निर्माण गर्ने विषयमा पनि राज्यले विशेष ध्यान त दिनु पर्दछ । यी कुराले अहिले गुरुकुल यो अवस्थामा नरहेको सङ्केत गर्दछ ।

महेश संस्कृत गुरुकुल महेश सन्यास आश्रमको आम्दानीबाट विगत २९ वर्ष देखि चलिरहेको छ । यो गुरुकुलमा अहिले २२ जना गुरुहरूलाई आश्रमबाट चन्दा मागेको पैसाबाट तलब भत्ता दिनु परिरहेको छ । सरकारले कुनै अनुदान दिएको छैन । चन्दा मागेर चलिरहेको यस गुरुकुलले सरकारले अन्य साधारण विद्यालयमा जसरी कार्यालय सहयोगी देखि प्रधानाध्यापकसहितको तलब उपलब्ध गराएको हुन्छ, त्यसरी नै सरकारले हामीलाई नि उपलब्ध गराई दिए, हाम्रो शिक्षाको गुणस्तर अरू साधारण विद्यालयको भन्दा कयौं गुणा राम्रो हुने थियो । हाल यस गुरुकुलमा नेपाल संस्कृत विश्वविद्यालयबाट ३ जना गुरुहरूलाई काजमा खटाइएको छ । जसले केही मात्रामा राहत मिलेको महसुस भएको छ । । अन्य गुरुकुलहरू समेत नेपालमा चन्दा र मागेको भरमा चलिरहेका छन् । यदि सरकार आफ्नो धर्म, संस्कार र संस्कृतिप्रति आस्थावान एवम् जिम्मेवार छ र नेपालको पहिचान बचाई नेपाललाई विश्व सामु चिनाउन चाहन्छ भने गुरुकुललाई पनि अन्य साधारण विद्यालय जस्तै व्यवहार गर्नु पर्ने आजको आवश्यकता रहेको छ ।

महेश संस्कृत गुरुकुलमा कक्षा छ देखि आचार्यसम्मका आवासीयरूपमा विद्यार्थीलाई पढाइन्छ । अहिले आएर विद्यावारिधि गर्न चाहने विद्यार्थीको लागि समेत आश्रमले केही प्रतिशत सहयोग गर्ने कार्य गरिरहेको छ । १४ जना विद्यार्थीहरू हाल यो गुरुकुलबाट विद्यावारिधि गर्दैछन् । कक्षा ६ मा हरेक साल ३० जना विद्यार्थी भर्ना गरिन्छ र विद्वान् बनाएर घर पठाइन्छ । विद्यार्थीबाट १ रूपैयाँ पनि लिइन्न, पूर्णरूपमा निशुल्क शिक्षा प्रदान गरिन्छ । कक्षामा फेल भएका विद्यार्थीलाई दोहोर्याएर पढाईन्न । अहिले यहाँ रामानन्द रिसर्च सेन्टर खोल्ने तयारी छ । जसमा नेपाली धर्मग्रन्थमा रिसर्च हुने छ । जस्तै गीता, मुन्धुम, वेद, वेदाङ्ग आदि विषयमा ।

गुरुकुलको वर्तमान अवस्थाबारे डा गणेश घिमिरेका अनुसार जनकपुरमा राजकीय संस्कृत माध्यमिक विद्यालय र याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ सञ्चालनमा छन् । त्यो गुरुकुल स्थापनाका समयमा स्नान गर्नका लागि विद्यार्थीको तह अनुसार मध्यमा, शास्त्री र आचार्य पोखरीका रूपमा पोखरी बाँडिएको थियो । उक्त ठाउँमा त्यसबेलाका पोखरीहरू विद्यमान छन् । यसरी स्थापना भएको गुरुकुल अहिले सरकारी राजकीय संस्कृत माध्यमिक विद्यालयका रूपमा रहेको छ । तत्कालीन समयमा खोलिएको महाविद्यालय नेपाल संस्कृत विश्वविद्यालको आंगिक विद्यापीठका रूपमा रहेको छ ।

त्यसपछि वि.सं. १९३२ मा भोजपुरको दिङ्लामा गुरुकुल स्थापना भएको हो । वि.सं. १९४१ मा काठमाडौंमा तीनधारा पाठशालाको स्थापना भएको हो । नेपालको शिक्षाको इतिहासमा पहिलो शिक्षालय मटिहानीको राजकीय माध्यमिक विद्यालयलाई लिने गरिएको छ । त्यसरी नै मुस्लिम धर्मावलम्बीका लागि सञ्चालित मदरसाको सङ्ख्या एक हजार तीन सय देखिन्छ । बौद्ध गुम्बाहरू एक हजार जति सञ्चालनमा छन् । सनातन धर्मावलम्बीका लागि गुरुकुल, मुस्लिम धर्मावलम्बीका लागि मदरसा र बौद्ध धर्मावलम्बीका लागि बौद्ध गुम्बाहरू नेपालको गुरुकुलीय व्यवस्थाका आधार बीज मानिएका छन् । धर्म अनुसारको संस्कार, संस्कृति र परम्परालाई जीवन्त राख्ने उद्देश्यले आज गुरुकुल, गुम्बा र मदरसाको सङ्ख्या दिनानुदिन बढ्दै गएको पाइन्छ । यो अध्ययनको क्रममा अनुसन्धानकर्ताले देशका विभिन्न

गुरुकुलहरूका स्थलगत भ्रमण गरी गुरुकुलमा रहेको प्राचार्य र यसका व्यवस्थापन समितिका सदस्यहरूबिचमै छलफल एवम् अन्तर्वार्ताका माध्यमबाट नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणमा अभ्यास तथा बर्तमान अवस्थाको व्याख्या विश्लेषण गरेको हो ।

## ३.१४ नीतिगत रूपमा र बजेटमा समेत गुरुकुल शिक्षाप्रतिको दृष्टिकोण

संघीय शासन प्रणाली लागू भएसँगै विद्यालय र साविकका उच्च माध्यमिक तहका समकक्षी गुरुकुललाई उपलब्ध गराईंदै आएको अनुदान बन्द गरिंदा तनहुँस्थित देवघाटका गुरुकुलहरू मारमा परेका छन् । विद्यालय तहका लागि एक र साविकका उच्च माध्यमिक तहका लागि दुई शिक्षक बराबरको अनुदान वापत एकमुष्ट रकमको रूपमा वार्षिक ७ लाख रूपैयाँसम्म उपलब्ध गराउँदै आएको भए पनि पछिल्लो समय उक्त अनुदान बन्द गरिएको छ । यसले गर्दा दशकौं देखि सञ्चालनमा रहेका देवघाटका गुरुकुल मारमा परेका छन् । वार्षिक रूपमा पाउँदै आएको नियमित अनुदानका बारेमा शोधखोज गर्दै यहाँ सञ्चालनमा रहेका तीन गुरुकुलका प्राचार्यहरू शिक्षा मन्त्रालय पुगेका थिए । संघीयता कार्यन्वयनसँगै स्थानीय तहमा बजेट जाने व्यवस्था सुरु भएकोले आफूहरूले केही गर्न नसक्ने कर्मचारीहरूले जवाफ दिएको त्यहाँका एक संरक्षकले बताएका छन् । उनीहरूले स्थानीय तहबाटै रकम लिने प्रकृया सुरु गर्न भने पनि मन्त्रालयको लिखित दस्तावेज विना दिन नसकिने स्थानीय जनप्रतिनिधिले जवाफ दिएपछि थप अन्यौल बढेको कुरा गुरुकुलका सरोकारवालाहरूले बताएका छन् ।

स्थानीय तहमा गुरुकुल प्रति दलीय प्रतिनिधिको सकारात्मक बुझाई नहुँदा अनुदानबाट वञ्चित हुन परेको उनीहरूको बुझाई छ । परमानन्द गुरुकुलका एक आचार्यका अनुसार सरकारका यस्तो निर्णय र कदमले संस्थागत रूपमा सञ्चालन भैरहेका गुरुकुल राज्यबाट उपेक्षित हुनु परेको उनको गुनासो छ । नीतिगत निर्णय भएर गुरुकुलले पाउँदै आएको अनुदान पनि हाल खोसिन पुगेको छ । यस अघिका शिक्षामन्त्री गिरि राजमणि पोखरेल कट्टर नास्तिक दर्शनका पक्षपाती रहेकोले पनि गुरुकुलले पाउँदै आएको बजेट कटौती गरिएको हुनसक्ने देवघाट गुरुकुलको बुझाई छ । संस्कृत विद्याको महिमा र

महत्त्वका बारेमा भारत सरकारले बोध गरेपनि नेपाल सरकारले अझै गर्न नसकेको गुरुकुलका आचार्यहरूको बुझाई रहेको छ ।

आफूलाई राजनीतिक संकट परेका बेला आध्यात्मिक साधना गर्न पशुपति मन्दिर पुग्ने तर देवघाटका गुरुकुलका बारेमा वास्ता नगर्ने प्रधानमन्त्रीहरू देखिएको भन्दै प्राचार्यले गुरुकुलीय शिक्षालाई उपेक्षित नगर्न सरकारलाई आग्रह गरेका छन् र यसको मूलप्रवाहीकरण राज्यबाट गुरुकुललाई दिदैं आएको बजेट र सेवा सुविधाको कटौती गरेर नहुने उनीहरूको भनाइ रहेको छ ।

गुरुकुल शिक्षाका प्राचार्यहरू मात्रै नभएर मन्दिरका अन्य पुजारी र भट्टहरू समेत गुरुकुल शिक्षा उत्पादनशील रहेको तर शिक्षाका सवालमा ब्रिटिश प्रशासक लर्ड मैकालेद्धारा सन् १८३५ प्रतिपादित शिक्षा र गुरुकुलीय शिक्षाका बिच असमान व्यवहार नगर्न शिक्षा मन्त्रालयका कर्मचारीलाई उनीहरूको आग्रह गरेका छन् । नेपालको वर्तमान शासकले गुरुकुलको शिक्षालाई जातीय शिक्षा भनेर कतिपय अवस्थामा व्यवहार गरिएको नमिठो अनुभव गुरुकुलका सञ्चालकहरूसँग छ । उनीहरूको विचारमा यसरी गुरुकुल शिक्षाको मूलप्रवाहीकरण हुन नसक्ने र राज्यले गुरुकुल शिक्षाको महत्त्व र सान्दर्भिकता समेत नबुझेको उनीहरूको आरोप रहेको छ ।

गुरुकुल शिक्षासँग सरोकार राख्ने भट्टाचार्यहरूले एमालेका तत्कालीन महासचिव एवम् बहुदलीय जनवादका प्रतिपादक र व्याख्याता समेत रहेका मदन भण्डारी समेत गुरुकुलीय शिक्षाका उत्पादक भएको स्मरण गराएका छन् । घरमा सन्तान जन्मदा, चूडाकर्म, ब्रतवन्ध, विवाह, मर्दा वा पर्दा होस वैदिक ब्राह्मण बोलाएर पूजा नगराई चित्त नबुझ्ने शासक र प्रशासकले सरकारी कार्यालयको कुर्सीमा बस्दा भने गुरुकुलीय शिक्षाका पक्षपाती र अनुयायीलाई व्यवस्था विरोधी जसरी चित्रित गरेको उनीहरूको आरोप छ । राज्यस्तरबाटै नै यो शिक्षालाई यसरी उपेक्षा गरिँदा कसरी गुरुकुल शिक्षाको मूलप्रवाहीकरण हुन सक्दछ ? भन्ने उनीहरूको राज्य र नीति नियममा बसेर काम गर्ने मानिसहरूप्रति प्रश्न रहेको छ ।

गुरुकुलसँग सम्बद्ध व्यक्तित्वहरूका अनुसार पाठ्यक्रममा समेत स्पष्ट दृष्टिकोणको अभाव रहेको अवस्था छ । जसअनुसार नेपालका गुरुकुलहरूका स्पष्ट दृष्टिकोण सहितको पाठ्यक्रमको अभाव रहेको छ । हाल सरकारले जारी गरेको पाठ्यक्रम प्रारूपका विरुद्ध परेको मुद्दामा सुनवाई गर्दै हालैमात्र सर्वोच्च अदालतले कक्षा ११ मा नयाँ पाठ्यक्रम अध्यापन गर्नु, गराउनु भन्ने फैसला गरेको छ । देशभरका अन्य विद्यालयहरूले नयाँ पाठ्यक्रम पठनपाठन सुरु गरेपनि गुरुकुलमा अध्ययनरत कक्षा ११ का विद्यार्थीका हकमा सरकारले न नयाँ पाठ्यपुस्तकको व्यवस्था गरेको छ, न पुरानै पढाऊँ भन्ने निर्देशन दिएको छ । यस्तो अवस्थाले गुरुकुलको पठनपाठन प्रक्रिया समेत अन्यौलग्रस्त अवस्थामा रहेको छ । त्यसो त सरकारले कक्षा १२ सम्म विद्यालय तह नै मानेको छ । तर गुरुकुलमा अध्ययन गर्ने विद्यार्थीहरूले सरकारी नीतिबाट विभेद सहनु पर्ने अवस्थाको सिर्जना भएको छ । यो देवघाटमा अध्ययनरत विद्यार्थीको चिन्ता र चासोको विषय नभएर समग्र गुरुकुलका विद्यार्थीहरूको चिन्ता र चासोको विषय वनेको छ ।

गुरुकुलीय शिक्षामा कक्षा ११ र १२ को तहलाई उत्तर मध्यमा भनिन्छ । उक्त तहलाई सरकारले न छुट्टै मान्यता दिएको छ न अन्य निकायसरह छुट्टै पाठ्यपुस्तकको व्यवस्थानै गरेको छ । विश्वविद्यालय तहबाट प्रवीणता प्रमाण तहलाई फेज आउट गरिरहँदा पनि गुरुकुलीय शिक्षा अध्ययनरत विद्यार्थीमा यसको कुनै समानीकरण नभएको अवस्था छ । यसबाट पनि गुरुकुलमा अध्ययनरत विद्यार्थीहरू सरकारी नीतिको पक्षपातमा परेको स्पष्ट भएको छ । सरकारको यो नीतिका कारण आज आफूले पढेको पाठ्यक्रमबाट परीक्षा दिनबाट गुरुकुलका विद्यार्थीहरू वञ्चित रहेको अवस्था छ । परीक्षा गराइदेऊ भन्न पनि दामोदर शर्मा प्रधान न्यायाधीश रहेको वेला सर्वोच्च अदालत पुगेर न्यायालयको ढोका ढकढकाउनु परेको तीतो यथार्थता गुरुकुलका विद्यार्थीहरूसँग रहेको छ । यदि निजी विद्यालयमा त्यस्तो विभेद भएको सायदै न्यायालय पुग्नु नपर्ने उनीहरूको तर्क रहेको छ । तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद् वा मन्त्रालयबाटै समस्याका सुनवाई हुन सक्ने उनीहरूको विश्वास रहेको छ । तर सन्यासी, स्वामी र आचार्यहरूले दान, दातव्य, मुष्टि र

भिक्षा सङ्कलन गरेर चलाएका शैक्षिक संस्था गुरुकुल को मान्यता र निरन्तरताको लागि अदालतसम्म पुग्नु पर्ने कस्तो विडम्बनाप्रति दृष्टिकोण रहदासम्म यो शिक्षाको मूलप्रवाहीकरण हुन नसक्ने उनीहरूको विश्वास रहेको छ । त्यसैले गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि शैक्षिक क्षेत्रमा देखिएको विभेदकारी नीतिको परिमार्जन र एकरूपता आजको आवश्यकता हो भनेर सरोकारवालाहरूले बुझ्नु र यसको कार्यान्वयनमा ध्यान दिन सक्नु पर्दछ । गुरुकुलको पाठ्यक्रम कस्तो हुनुपर्छ ? सरकारले गुरुकुल शिक्षाका लागि के के गर्नुपर्छ ? यो गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्ने सबैभन्दा महत्त्वपूर्ण सवाल हो ।

## ३.१५ गुरुकुलीय शिक्षामा विद्यमान रहेको विभेद

गुरुकुलीय शिक्षामा रहेको विभेदको वर्तमान अवस्थाबारे पनि गुरुकुल सम्बद्ध सरोकारवालाहरूले धारणा व्यक्त गरेका छन् । आज सरकारका नीतिगत कुराहरूले शिक्षाक्षेत्रमा विभेद कायम गरेको बुझाई परमानन्द संस्कृत गुरुकुल देवघाटका प्राचार्य सुभास चैतन्यको रहेको छ । उनका अनुसार संस्कृत शिक्षा पाठ्यक्रम र पद्धतिका बारेमा पहिलेको श्री ५ सरकारले ध्यान दिएको थिएन भने अहिलेको नेपाल सरकारले पनि यसप्रति ध्यान दिन नसकेको उनको बुझाई रहेको छ । उनका अनुसार नेपालको सरकारले गुरुकुल शिक्षा र पद्धतिका विकासका विषयमा कहिल्यै ध्यान दिनै चाहेन र यसप्रति सोच्न समेत भ्याएन भन्ने उनको बुझाई रहेको छ । त्यसैले यो क्षेत्रलाई वेवास्ता गरेर नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण कसरी हुन सक्ला ? उनको चिन्ता र चासो रहेको छ ।

उनका अनुसार वि.सं.२०२८ सालमा तत्कालीन सरकारले पञ्चायती व्यवस्था टिकाई राख्न नयाँ शिक्षा नीति लागू गरेपछि उक्त शिक्षा नीतिले गुरुकुलीय शिक्षाको जरा र फेद काट्ने काम गरेको उनको बुझाई रहेको छ । यो समयमा पञ्चायती व्यवस्था र राजतन्त्रात्मक हिन्दु अधिराज्य भए पनि यो व्यवस्थाले समेत संस्कृति सम्वद्ध गुरुकुलीय परम्परा र शिक्षाको महत्त्व बुझ्न नचाहेको उनको आरोप रहेको छ । तत्कालीन पञ्चायती व्यवस्थाले पनि विद्यालय शिक्षा र गुरुकुलीय शिक्षालाई समान व्यवहार न गरी विभेदकारी

नीति अवलम्बन गरेको सरोकारवालाहरूको आरोप रहेको छ । त्यही संरचनाको जगमा उभिएको लोकतान्त्रिक नेपाल सरकारको शिक्षा मन्त्रालय गुरुकुलीय शिक्षाको समूल परम्परा नै मास्न उद्धत रहेको गुरुकुलमा कार्यरत प्राचार्य र व्यवस्थापकको बुझाई रहेको छ ।

उनीहरूका अनुसार आज पनि शिक्षामा केन्द्रीकृत परम्पराको अन्त्य भएको छैन । दाताहरूको सहयोगमा बेतनका अतिरिक्त भत्ता खान पल्किएका टाई सुटधारी कर्मचारीलाई धर्म, संस्कृति र संस्कार सम्वर्द्धन गर्ने कुनै चासो नभएको उनीहरूको आरोप रहेको छ । एशियाली विकास बैङ्क र विश्व बैङ्कका परियोजनामा आधारित कार्यक्रम कार्यान्वयन गर्ने काममा कर्मचारी लालयित छन् । आफ्नै समाजका त्यागमा जीवन व्यतीत गरेका शिक्षाशास्त्री एवम् प्रकाण्ड विद्वज्जन शिक्षाका कर्मचारीसामु निरस लाग्छन् । त्यसैले शिक्षा मन्त्रालय र कर्मचारीहरूलाई गुरुकुलीय शिक्षा र संस्कृत शिक्षाका बारेमा खासै चासो र चिन्ता छैन । यसरी गुरुकुल शिक्षाको मूलप्रवाहीकरण हुन नसक्ने उनीहरूको बुझाइ रहेको छ ।

आज गुरुकुलका प्राचार्यहरू ‘सा विद्या या विमुक्तये’ को भाव राखेर शिक्षाको श्रीवृद्धिमा आफ्नै भूमिमा अहोरात्र खटिएका छन् । त्यस्ता शिक्षासेवीका देवघाटको विकासमा उल्लेख्य योगदान गरेका परमानन्द स्वामी, रामानन्द स्वामी र ईश्वरानन्द स्वामीहरू पर्दछन् । देवघाटमा वर्तमान पिठाधीश ज्ञानानन्द सरस्वती, आत्मानन्द सरस्वती र रमणानन्द स्वामी लगायत अग्रजहरूले स्थापना र सञ्चालन गरेका गुरुकुलमा अभिभावकीय भूमिका निर्वाह गरिरहेका छन् । तर उनीहरूलाई समेत राज्यस्तरबाट कुनै सम्मान र शोधखोज न गरिएकोप्रति उनीहरूको गुनासो रहेको छ ।

नेपाल संस्कृत विश्वविद्यालयका उपप्राध्यापक तथा महेश संन्यास आश्रम गुरुकुलका प्राचार्य कमल सुवेदीले उक्त गुरुकुलमा वर्तमान समयमा राज्यले गरेको विभेदको उदाहरण दिँदै आफनो धारणा यसरी राख्नु भएको छ । हामीले हाम्रो गुरुकुलमा शिक्षा विकास तथा समन्वय इकाइबाट कुनै शिक्षक प्राप्त गरेका पनि छैनौं, माग गरेका पनि छैनौं, किनकि सामुदायिक शिक्षकका बिभिन्न संघ संगठनहरू छन् जुन राजनीति गर्ने खालका भएकाले

हामीले माग नगरेका । दरबन्दी दियो भने स्वीकार गर्छौं । स्थानीय निकायबाट हुने तालिम गोष्ठीमा हामीले हाम्रा शिक्षकहरू पठाउँछौं, अन्य संस्थाहरूले पनि तालिम दिने गरेका छन् । हामीलाई भवन तथा फर्निचर र अन्य भौतिक पूर्वाधारको कुनै समस्या छैन । साइन्स विषय नपढाइने भएकाले साइन्स ल्याब हामीलाई जरुरत छैन । कम्प्युटर पढाई हुन्छ । यहा बाइक बनाउन सक्ने विद्यार्थी पनि छन् हामीकहाँ । अभिभावकसँग एकदम राम्रो छ वर्षमा कम्तिमा हामी २ पटक अभिभावक भेला गर्छौं र विद्यार्थीको घरायसी वातावरण पनि बुझ्छौ । दैनिक शिक्षण कार्य पाठ योजना बनाएरै गरिन्छ । बार्षिक कार्य पात्रो पनि बनाउँछौ । अभिलेख प्रणाली आर्थिक शाखाले हेर्छ सरकारी अडिटरले अडिट गर्छ । सामुदायिक विद्यालय जस्तै हामीले मार्कसिट देखि चारित्रिक प्रमाण पत्र पनि प्रदान गर्ने गरेका छौं ।

त्यस्तै राम जानकी गार्गी कन्या गुरुकुल विद्यालय देवघाट, चितवनका प्रधानाध्यापक खेमनाथ चालिसेका अनुसार देशमा २५४ वटा छात्र गुरुकुल अस्तित्वमा रहेता पनि छोरीहरूको लागि पढाइ हुने यस गुरुकुल स्वर्गीय अंगुरबाबा जोशीले २०६६ सालमा अनुमति लिएर काठमाडौंको मालीगाउँमा विधिवत दर्ता गरेर कक्षा १ सुरु गर्नु भएको तथा २०७२ सम्म सञ्चालन भएको तर २०७२ को भूकम्प पश्चात त्यो विद्यालय क्षतविक्षत भएको अवस्था रहेको । साथै २०७२ सम्म छोराहरूको लागि भगवती उपाध्यायले एक्लै वेद विद्याश्रम गुरुकुल यही ठाउँमा सञ्चालन गर्नु भएको थियो । माथि उल्लिखित २ जना आमाहरूको सहमतिमा काठमाडौंमा रहेको उक्त छात्रा गुरुकुल र देवघाटको यही ठाउँको विद्यालय मर्ज भइ रामजानकी गार्गी कन्या गुरुकुल विद्यालयको रूपमा २०७३ देखि सञ्चालन भएको हो । सुरुमा भौतिक संरचनाको समस्या थियो तर हाल भौतिक अवस्था राम्रो, विद्यार्थीहरू खोज्न जानु नपर्ने समावेशी रूपमा क्राइटेरिया बनाएर छनोट गरिने, ४२ जिल्लाका ५५ जना बालिकाहरूले अध्ययन गर्ने गरेका छन् निजहरूले निशुल्क रूपमा पठन पाठन गरिरहेका छन् । यहाँ १२ जना शिक्षकहरू तथा ४ जना कर्मचारीहरू कार्यरत रहेको अवस्था छ ।

दलित बालिकाहरूलाई गुरुकुलीय पद्धति अनुकूलन गर्न कठिन भएको अवस्था छ । हाल जम्मा ३ जना दलित बालिका रहेका छन् । उनीहरूको स्थायित्वका लागि हाम्रो धर्म संस्कृतिमा तिनीहरूको समेत योगदान लिन वा समाजमा डेलिभरीका लागि दलित महासंघ सँग समेत छलफल एवम् अन्तरक्रिया गरी विद्यार्थीहरू जुटाइदिन अनुरोध भएको । अन्य तामाङ, चौधरी, राना मगर, वि.क. लगायतका बालिकाहरू नियमित रूपमा पढिरहेको अवस्था । दलित बालिकाहरूको टिकाउ दर कम भएको कारण निजहरूको समुदायले साथ नदिएको जस्तो देखिन्छ । सबै बालिकाहरूले लगाउने कपडा देखि खाना लगायतका सबै आवश्यक सामग्री उपलब्ध गरिएको छ ।

गुरुकुलका प्राचार्य र विद्यार्थीहरूका अनुसार विश्वविद्यालय तहबाट प्रवीणता प्रमाण तहलाई फेज आउट गरिरहँदा पनि गुरुकुलीय शिक्षा अध्ययनरत विद्यार्थीमा यसको कुनै समानीकरण नभएको अवस्था छ । यसबाट पनि गुरुकुलमा अध्ययनरत विद्यार्थी सरकारी नीतिको पक्षपातमा परेको स्पष्ट भएको छ । सरकारको यो नीतिका कारण आज आफूले पढेको पाठचक्रमबाट परीक्षा दिनबाट गुरुकुलका विद्यार्थी वञ्चित रहेको अवस्था छ । परीक्षा गराइदेऊ भन्न पनि दामोदर शर्मा प्रधान न्यायाधीश रहेको वेला सर्वोच्च अदालत पुगेर न्यायालयको ढोका ढकढकाउनु परेको तीतो यथार्थता गुरुकुलका विद्यार्थीसँग रहेको छ । यदि निजी विद्यालयमा त्यस्तो विभेद भएको सायदै न्यायालय पुग्नु नपर्ने उनीहरूको तर्क रहेको छ । तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद् वा मन्त्रालयबाटै समस्याका सुनवाई हुन सक्ने उनीहरूको विश्वास रहेको छ । तर सन्यासी, स्वामी र आचार्यहरूले दान, दातव्य, मुष्टि र भिक्षा सङ्कलन गरेर चलाएका शैक्षिक संस्था गुरुकुल को मान्यता र निरन्तरताको लागि अदालतसम्म पुग्नु पर्ने कस्तो विडम्बनायुक्त दृष्टिकोण नहुदाँसम्म यो शिक्षाको मूलप्रवाहीकरण हुन नसक्ने उनीहरूको विश्वास रहेको छ । त्यसैले गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि शैक्षिक क्षेत्रमा देखिएको विभेदकारी नीतिको परिमार्जन र एकरूपता आजको आवश्यकता हो भनेर सरोकारवालाहरूले वुझ्नु र यसको कार्यान्वयनमा ध्यान दिन सक्नु पर्दछ ।

यति हुँदाहुँदै पनि गुरुकुलमा पढ्ने विद्यार्थी सन्तुष्ट रहेको पाइन्छ । एक विद्यार्थीसँग अन्तरवार्ताकारले लिएको अन्तर्वार्ताको करममा विद्यार्थीले व्यक्त गरेका यी विचारहरूले उक्त कुरा पुष्टि गर्दछन् । त्यस्तै स्थलगत अध्ययनमा अनुसन्धानकर्ताले श्री राम जानकी गार्गी कन्या गुरुकुल विद्यालयका कक्षा ९ का विष्णु पाण्डेसँग गुरुकुल शिक्षाको अनुभवद्वारा अन्तर्वार्ता गरेका थियौँ । उनलाई घरमा संस्कृतका पुस्तकहरू देखेर गुरुकुल पढ्न मन लागेका कुरा बताएकी छन् । उनका अनुसार आमाले भ्रमण गर्दा यो विद्यालय देख्नु भएको थियो र मलाई पढ्न पठाउनु भएको हो । मेरो यो गुरुकुलको पढाइदेखि बा आमा सबै खुसी नै हुनुहुन्छ । म पनि खुसी छु । उनले बताएकी छन् । उनी पहिला साधारण स्कुल पढेको विद्यार्थी भएकाले सुरुमा संस्कृत पढ्न गाह्रो भए पनि हाल उनले संस्कृतको श्लोकहरूको बुझिसकेको कुरा हामीलाई बताइन् । उनका अनुसार यो गुरुकुलमा बिहान उठ्ने स्नान गर्ने, पूजा पाठ गर्ने र खाजा खाई ८ बजेदेखि १० बजे सम्म कक्षामा पढ्ने काम हुन्छ । त्यसपछि खाना खाने र होमवर्क गर्ने फेरी ३ बजे देखि कक्षा हुने उनको नियमितता यो गुरुकुलमा रहेको छ । गुरुकुलमा खाना दिनको ३ पटक पाइने र सुत्ने कोठामा छुट्टा छुट्टै खाट र कपडाको व्यवस्था रहेको उनले बताएकी छन् । ड्रेस किताब कापी कलम गुरुकुलबाट दिइने गरेको उनको भनाइले नेपालका गुरुकुलहरू सुविधायुक्त नै छन् भन्न सकिन्छ । उनले गुरुकुलमा सबै साथीभाइबिचमा राम्रो सम्बन्ध रहेको कसैले नराम्रो नगरेको कुराले गुरुकुल शिक्षा नैतिकवान शिक्षा भएको पुष्टि हुन्छ र उनी यहाँ पढेर व्याकरण विषयमा डिग्री गर्ने सोचमा रहेकी छन् । उनका अनुसार गुरुकुलमा गुरुहरूसंग सामीप्यताका कारण पढाइमा सन्तुष्ट भएको, गुरुकुलले धेरै अनुशासन सिकाएको कुराले पनि गुरुकुल शिक्षा एक अनुशासित शिक्षा हो भन्न सकिने आधार रहेको छ ।

रामानन्द गुरुकुलबाट दीक्षित विद्यार्थीहरू प्रचुर रूपमा रोजगारीमा रहेको अवस्था छ । उक्त गुरुकुलका शिक्षकसँग अन्तर्वार्ताका क्रममा शिक्षकबाट व्यक्त यी विचारहरूले यी कुरा पुष्टि गर्दछन् । नेपाल सरकारले शैक्षिक गतिविधि सञ्चालनका लागि, उपकरण खरिदको लागि र भवन निर्माणको लागि तथा पुस्तकालय समेतको लागि खर्च प्रदान गर्छ ।

रामानन्द अनुसन्धान केन्द्रको लागि समेत केही खर्च उपलब्ध गराउँछ । शास्त्री र आचार्य संस्कृत विश्वविद्यालय अन्तर्गत हो । यस गुरुकुलमा पढेका विद्यार्थीको करिअरको सम्बन्धमा भन्नु पर्दा उनीहरू जहाँ गएर पनि काम गरेर खान सक्छन् । नेपाल सरकारको जुनसुकै विद्यालयमा पढाउन सक्षम हुन्छन् किनकी यँहा पढेका विद्यार्थीहरूको भाषा एकदम राम्रो हुन्छ । नेपाली भाषा पढाउन सक्षम छन् । महेश संस्कृत सन्यास गुरुकुलबाट पढेका विद्यार्थीहरू १५० को हाराहारीमा जागिर गरिरहेका छन् ।

## ३.१६ निष्कर्ष

नेपालको गुरुकुल शिक्षाको निकै पुरानो इतिहास रहेको, यसको मुख्य स्रोत दानदातव्य र अनुदान सहयोग रहेको, गुरुकुल शिक्षाको आफ्नै पाठचक्रम रहेको र पछि गएर नेपाल सरकारले सरकारी पाठचक्रम पढाउनु पर्ने प्रावधान राखेको तथा गुरुकुल शिक्षालाई केवल शिक्षाका रूपमा मात्र नभई विद्याका रूपमा ग्रहण गरेको पाइन्छ । नेपालमा गुरुकुलको अवस्थाबारे विभिन्न नीति निर्माता राजनीतिक दल र सम्बद्ध सरोकारवालाहरूको अन्तर्वार्ता र यसको मुख्य आशय अनुसार नीति निर्माताहरूले परम्परागत इतिहासमा पहिलो गुरुकुल मटिहानी स्थित विद्यालयलाई मानेको, सन्तहरूले भिक्षाटन गरेर वा भक्तको दानदातव्यका रूपमा दिएका खाद्यान्न आदिबाट गुरुकुल सञ्चालन गरेको र त्यसको सङ्ख्या गणतन्त्रपूर्व ३०० भन्दा बढी रहेको र हाल स्थानीय तहमा अधिकार गएपछि यसको खास अभिलेख मन्त्रालयसँग नरहेको कुरो देख्न सकिन्छ । गुरुकुलको मूलप्रवाहीकरण गर्दा पुराना गुरुकुलहरूलाई यथावत् रूपमा अहिले फर्काउन नसकिए पनि समय अनुकूल मूलप्रवाहीकरण आवश्यक रहेको, गुरुकुल अन्तर्गत बुद्ध शिक्षा समेत समेटिने र दक्षिण एशियामै गुरुकुल शिक्षाको सुरुवात हिमवत्खण्डमा भएको अवस्था देखिन्छ । दिङ्गला, धनकुटा, महोत्तरी, अर्घाखाँची लगायत मुलुकका विभिन्न ठाउँमा गुरुकुल खोलिएका, देवघाट गुरुकुलको मुख्य धामका रूपमा परिचित रहेको, गुरुकुल शिक्षासँग सरोकार राख्ने प्राचार्यहरूले एमालेका तत्कालीन महासचिव बहुदलीय जनवादका प्रवर्तक र व्याख्यातासमेत रहेका मदन भण्डारी समेत गुरुकुल शिक्षाका उत्पादक भएको स्मरण गराउँदै गुरुकुलको

अवस्थाको गरिमा बताएका छन् । पाठ्यक्रममा स्पष्ट दृष्टिकोणको अभाव, गुरुकुल शिक्षामा नेपाल सरकारले अरू शिक्षामा भन्दा भेदभावपूर्ण दृष्टिकोण राखेको, केन्द्रीकृत परम्पराको विकृति रहेको, विनय र सदाचार बढाउने गुरुकुल शिक्षाको नियमनका लागि शिक्षा विकास तथा समन्वय एकाइबाट खासै दरबन्दीको सहयोग प्राप्त नभएको कारणले गुरुकुल राम्ररी सञ्चालन हुन नसकेको हुँदा गुरुकुल मूलप्रवाहीकरणको अवस्था सन्तोषजनक नरहेको निष्कर्ष पाइयो ।

नेपालको शिक्षा नीतिमा एकरूपता छैन । नेपालमा सञ्चालित सरकारी माध्यमिक विद्यालयहरूलाई चुस्तदुरुस्त बनाउन सके शिक्षामा देखिएको व्यापारिकरण कमजोर हुने अवस्था आउने थियो । राज्यले सरकारी विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई माथिल्लो तहमा अध्ययन गर्न छात्रवृत्तिको जुन किसिमको व्यवस्था गरेको छ, त्यसले केही हदसम्म सरकारी विद्यालयप्रति आकर्षण देखिएको छ । शिक्षामा सुधारका पाटा बाहिर आउन सकेका छैनन् । कतिपय सरकारी विद्यालयमा भर्ना नपाउने अवस्था रहेपनि सबै सरकारी विद्यालयको अवस्था त्यस किसिमको देखिँदैन । सरकारले माध्यमिक तहसम्म संस्कृत शिक्षालाई ५० वा १०० पूर्णाङ्क अनिवार्य गरिदिएमा नेपाली विद्यार्थीले नेपाली भाषालाई शुद्ध तरिकाले उच्चारण गर्ने र लेख्ने परम्पराको विकास हुने थियो । यो सन्दर्भ आज मात्र नभई पहिलेदेखि टड्कारो देखिएको छ । संस्कृतको विशिष्ट र सामान्य ज्ञान हासिल गरेका व्यक्तिमा नेपाली भाषामा जुन किसिमको दृढता देखिन्छ, त्यो दृढता सबैमा विकास गर्नु अनिवार्य हुन्छ । गुरुकुलमा अध्ययनरत विद्यार्थीमा धर्मसंस्कृतिप्रतिको मोह होइन, उनीहरूमा जीवन जगतसित परिचित हुने अभ्यास विकास भएको हुन्छ । विदेशीका इसारामा परिवर्तन गरिने पाठ्यक्रमले नेपालको शिक्षा नीतिलाई क्षतविक्षत पारेको छ । त्यो क्षति पुरा गर्ने खोज शिक्षाविद् र नीति निर्माताले गर्नुपर्छ । देशलाई असल राजनीतिज्ञ, वैज्ञानिक, डाक्टर, इन्जिनियर, प्रशासक, प्राध्यापक, शिक्षक, पत्रकार वा समाजका सबै वर्गलाई जीवन्त पार्ने हो भने संस्कृतलाई माध्यमिक तहसम्म अनिवार्य बनाउनु आवश्यक देखिन्छ ।

गुरुकुल शिक्षाको केन्द्र मात्र नभई विद्याको केन्द्र पनि हुन् । आजको शिक्षा नीतिमा प्रविधिलाई जोड दिइएको तर नैतिकता, आदरभाव, सम्मान, संस्कृति र संस्कारलाई मानमर्यादा गर्ने परम्पराको अभाव छ । यसलाई पूर्ति गर्न नैतिक शिक्षा वा संस्कृत शिक्षालाई अनिवार्य विषयका रूपमा पाठ्यक्रम भित्र समावेश गरेमा नेपालको शिक्षाले जीवन्त रूप पाउने कुरामा कुनै किसिमको शंका छैन । गुरुकुल केन्द्रहरू आशाका केन्द्र हुन् । भरोसाका दृढ विश्वास हुन् । संस्कार सिकाउने कर्मस्थल हुन् । मानवीय धर्म र चेतनालाई उजागर गर्ने स्रोत हुन् । यिनको संरक्षण र संवर्द्धन सबैको दायित्व हो भन्ने निष्कर्ष यस अध्यायको रहेको छ ।

# चौथो अध्याय

# नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणसँग सम्बन्धित चुनौती

## ४.१ विषयप्रवेश

यस अध्यायमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणसँग सम्बन्धित चुनौतीबारे विश्लेषण गरिएको छ । जसअन्तर्गत गुरुकुल शिक्षासँग सम्बन्धित पाठ्यक्रमको चुनौती, शिक्षकहरूको तालिम तथा पूर्वाधार विकासमा स्रोतको अभाव, परीक्षा र मूल्याङ्कन प्रणाली, सामाजिक र सांस्कृतिक पक्ष, गुरुकुलमा आधुनिक दृष्टिकोणको विकास जस्ता मूलप्रवाहीकरणसँग सम्बन्धित चुनौतीहरूको विश्लेषण गरिएको छ । यसका लागि नीति निर्माता राजनीतिक दल र सम्बद्ध सरोकारवालाहरूको अन्तर्वार्ताका साथै यसको मुख्य आशय समेत प्रस्तुत गरी त्यसबाट प्राप्त तथ्यलाई निष्कर्षका रूपमा दिइएको छ । नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणसंग सम्बन्धित चुनौतीहरूको अध्ययन गर्दा, यस सम्बन्धमा भएका विभिन्न पहलहरू र प्रक्रियाहरू एवम् समस्याहरूको समेत अध्ययन गर्नु वान्छनीय ठानिएको छ । वर्तमान सन्दर्भमा अत्यन्तै महत्त्व रहेको गुरुकुल शिक्षाको मूल प्रवाहसँग चुनौतीबारेमा रहेका विभिन्न पक्षहरू जस्तै गुरुकुल शिक्षामा कार्यरत शिक्षकहरू तथा तिनीहरूको योग्यता र परम्परागत विद्यालयहरूको अवस्था, गुरुकुल प्रणालीमा प्रदान गरिएका पारम्परिक ज्ञान र शैक्षिक प्रणालीजस्ता विषयहरूको अध्ययन आवश्यक छ । त्यस्तै यसका पाठ्यक्रममा देखिएका चुनौतीहरू शिक्षकहरूको तालिमको व्यवस्था, यो शिक्षाप्रति हेर्ने सामाजिक दृष्टिकोण, राज्यले अपनाएका नीति नियमका सबालहरू आदिको अध्ययन आवश्यक हुन्छ । मूलतः यस्तै विषयहरूमा केन्द्रित भई यो अध्यायमा छलफल गरिएको छ ।

## ४.२ मूलप्रवाहीकरणसँग सम्बन्धित चुनौती

समग्रमा शिक्षा र सांस्कृतिक मूल्यमान्यतामा जोड दिएको कारणले नेपालमा गुरुकुल शिक्षाले लोकप्रियता पाइरहेको छ । गुरुकुल शिक्षाको बढ्दो लोकप्रियताको बाबजुद पनि

नेपालमा यसलाई मूल प्रवाहमा ल्याउन धेरै चुनौतीहरू रहेका छन् । मुख्य चुनौतीहरूमध्ये एक उपयुक्त पूर्वाधार विकासमा स्रोतको अभाव हो । नेपालका अधिकांश गुरुकुल विद्यालयहरू ग्रामीण क्षेत्रमा अवस्थित छन् र बिजुली, सफा खानेपानी र सरसफाइ जस्ता आधारभूत सुविधाहरूको अभाव छ । अर्को चुनौती भनेको परम्परागत ज्ञान र मूल्यहरू दिनसक्ने प्रशिक्षित शिक्षकहरूको अभाव हो । गुरुकुल विद्यालयहरूका पाठ्यक्रममा साविष्ट सबै विषयवस्तु मूलधारको शिक्षासँग मिल्दैनन्, जसलाई विद्यार्थीहरूले उच्च शिक्षा वा रोजगारी बजारमा सहजै प्रयोग गर्न गाह्रो हुन्छ । साथै नेपालको मूलधारको शिक्षा प्रणाली एकेडेमिक कार्यसम्पादनमा धेरै केन्द्रित छ, जसले गुरुकुल विद्यालयहरूलाई मूलधारको प्रणालीमा एकीकरण गर्न गाह्रो बनाउँछ ।

नेपालमा परम्परागत गुरुकुलको अभ्यास र आधुनिक शैक्षिक प्रणालीबिच मूलभूतरूपमा थुप्रै भिन्नताहरू रहेका छन् । खास गरी वर्तमान अवस्थामा समाजको र आम विद्यार्थीहरूको आर्कषण आधुनिक शिक्षातर्फ भएको हुनाले नेपालमा गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्ने काम चुनौतीपूर्ण रहेको छ । यसको मूल प्रवाहमा देखिएका चुनौतीहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### (क) पाठ्यक्रम एकीकरणको चुनौती

नेपालका आधुनिक शैक्षिक विद्यालयहरूको विद्यमान पाठ्यक्रममा गुरुकुल शिक्षाको समग्र र व्यक्तिगत दृष्टिकोण एवम् पाठ्यक्रमलाई एकीकृत गर्ने काम नै गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको मुख्य चुनौती हुनसक्छ । त्यसैले यसको मूलप्रवाहीकरण गर्दा आधुनिक विषय र विधिहरूको साथै परम्परागत ज्ञान लगायत गुरुकुलका मूलभूत मान्यता र पाठ्यक्रमलाई समेत आधुनिक शिक्षा प्रणालीको पाठ्यक्रममा जोडने काम आजको प्रमुख आवश्यकता हो ।

### शिक्षकहरूको तालिम र प्रशिक्षण

आजको वर्तमान अवस्थामा आधुनिक शैक्षिक संस्थाहरूमा कार्यरत शिक्षकहरूलाई परम्परागत गुरुकुल शिक्षाका लागि आवश्यक पर्ने ज्ञान र सीप प्रदान गरिएको पाइदैन ।

यसमा एकातिर गुरुकुल शिक्षा अध्यापन गर्न सक्ने शिक्षकहरूको अभाव अर्कातिर भएका शिक्षकहरूलाई पनि उक्त संस्थाहरूले अवसर नदिने हुनाले गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्न थप चुनौती देखिएको छ । त्यसैले गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्नका लागि आधुनिक शैक्षिक संस्थाका शिक्षकहरूलाई समेत गुरुकुल शिक्षाको अध्यापनमा आवश्यक पर्ने ज्ञान सीप र वैदिक अध्ययन, संस्कृत एवम् अन्य विषयहरूमा प्रशिक्षित गराउनु पर्ने महत्त्वपूर्ण चुनौती हो । यसर्थ गुरुकुल शिक्षासंग सम्वन्धित यस्ता तालिमहरूको व्यवस्थापनका साथै उपलब्ध गराउन राज्यले पहल गर्न अत्यावश्यक छ ।

### पूर्वाधार र स्रोतहरूको अभाव

परम्परागत गुरुकुलहरू प्रायः सीमित स्रोत र साधनहरूमा निर्भर भई सञ्चालित छन् । जसले अहिलेको शिक्षाको वर्तमान आवश्यकतालाई सम्बोधन गर्न सकिरहेको अवस्था छैन । त्यसैले गुरुकुल शैक्षिक संस्थाहरूमा रहेका सीमित स्रोत, साधनहरू र त्यसमा देखिएको अभाव नै गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको अर्को समस्या हो । त्यसैले यसको मूलप्रवाहीकरणका लागि गुरुकुल लगायत अन्य शैक्षिक संस्थाहरूमा गुरुकुल अभ्यासका लागि आवश्यक पर्ने उचित पूर्वाधार, शैक्षिक सामग्री र प्रविधिको आवश्यकतालाई सम्बोधन गर्दै आधुनिक शैक्षिक संस्थाहरूमा समेत यस अनुकूलको वातावरण तयार गर्न आवश्यक छ । त्यसैले गुरुकुल शिक्षाको विकासमा राज्यले आधुनिक विद्यालयहरू सरह नै बजेट तथा समय सापेक्ष नीति नियम निर्माणमा जोड दिन सक्नुपर्दछ ।

### आधुनिक शिक्षा प्रणाली र गुरुकुल शिक्षा प्रणाली

आधुनिक शिक्षा प्रणाली समयसँगै विकसित भइरहेको छ जुन मूलतः पश्चिमी प्रणालीबाट प्रभावित छ । यो प्रविधिमा भएको विकास तथा परिवर्तनबाट प्रभावित छ । जसमा भिडियो लेक्चर, भिडियो च्याट, थ्रीडी इमेजहरू आदि जस्ता एक्काइसौं शताब्दीमा विकसित प्रविधिहरू समावेश छन् । आधुनिक शिक्षा प्रणालीले प्राविधिक विकासलाई समेटेर विकास गरेको कुरामा कुनै शंका छैन । यी प्रविधिहरू मार्फत विद्यार्थीहरूलाई घरमा बसेर राम्रो तरिकाले जान्न बुझ्न सहयोग पुगेको अवस्था छ, साथै विद्यार्थीको अध्ययनमा रुची

बढ्नुका साथै सहज वातावरण एवम् स्मरणशक्ति समेत बढाउन सहयोग पुगेको देखिन्छ । हाल कार्यमूलक अनुसन्धान लगायतका अत्याधुनिक अनुसन्धान र विकासका आधारमा शिक्षण विधिहरू निरन्तररूपमा स्तरोन्नति भइरहेका छन् । यो शिक्षा प्रणालीको एकमात्र कमजोरी भनेको व्यावहारिक पक्षको सट्टा सैद्धान्तिक पक्षमा जोड दिनु हो । प्रविधियुक्त शिक्षा भएकाले अवसरहरूको हिसावले आधुनिक शिक्षा धेरै प्रभावकारी रहेको छ भन्ने कुरालाई कसैले नकार्न सक्दैन । साथै यो शिक्षा प्रणालीलाई हरेक व्यक्तिले आफ्नो रुचीअनुसार व्यावहारिक रूपमा प्रयोग गर्न सक्ने गरी सबैका लागि उपलब्ध गराउनुपर्छ । त्यसैले दुवै शिक्षा प्रणाली नै आजको समयमा उपयुक्त देखिंदा राज्यले एकीकृत रूपमा अगाडी लैजानु पर्नेमा कुनै शंका छैन । हामीले गुरुकुललाई बुझ्नु आवश्यक छ, यसले कसरी काम गर्छ, विगतको समाज कस्तो थियो र वर्तमानमा गुरुकुल शिक्षण प्रशिक्षणको उद्देश्य कसरी पूरा गर्न सकिन्छ । त्यसबेला गुरुकुल प्रणाली मात्र शिक्षा प्रणाली थियो भन्ने कुरा हामीले बिर्सन सक्दैनौं । यस प्रणालीमार्फत विद्यार्थीहरूलाई शिक्षा सँगै सुसंस्कृत र अनुशासित जीवनका लागि आवश्यक पक्षहरू सिकाइएको थियो । गुरुकुलको छानामुनि विद्यार्थीहरू सँगै बस्थे र उनीहरूमा मानवता,माया र अनुशासन थियो । जहाँ विद्यार्थीहरूलाई आमा, बुबा, आफुभन्दा ठुला र शिक्षकहरूलाई आदर गर्ने राम्रो बानी सिकाइन्थ्यो । प्राचीन कालको गुरुकुल शिक्षा प्रणालीले मूल्यमान्यता, संस्कृति, आचरण र सभ्यता सिकाएको थियो । जुन अहिलेको समयमा पनि अत्यन्तै आवश्यक भएको छ, जस्लाई निरन्तरता दिनुपर्ने विषय चुनौती रहेको छ ।

### परीक्षा प्रणाली र मूल्याङ्कन

गुरुकुल शिक्षा परम्परागत र मौलिक परम्परामा आधारित शिक्षा भएकोले यसको मानक तयार गर्ने वा मूल्यांकन गर्ने परिपाटी अलि फरक हुनु अस्वाभाविक होइन । तर आधुनिक शिक्षाले प्रायः मानकीकृत परीक्षणमा जोड दिन्छ र मानकीकरणकै कारण गुरुकुल शिक्षा अलि छाँयामा पर्ने सम्भावना रहेकोले दुवै शैक्षिक प्रणालीको मानकीकरणलाई एकीकृत गर्दै लैजाने योजना नहुनु एक चुनौती हो ।

**सामाजिक र सांस्कृतिक पक्ष**

बर्तमान समाजमा परम्परागत संस्कृति हराउँदै गएको तथा पश्चिमा संस्कृतिको प्रभाव बढिरहेको छ । जसको प्रभाव शिक्षा क्षेत्रमा पनि व्यापक रूपमा देखा परेको अवस्था छ । जसले हाम्रा विद्यार्थी र अभिभावकमा समेत आधुनिकताका नाममा भित्रिएको पश्चिमी शिक्षा प्रणाली राम्रो हो भन्ने मानसिकताको विकास भएको छ । यो गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको प्रमुख समस्या हो । त्यसैले यसको मूलप्रवाहीकरणका लागि गुरुकुलको आवश्यकता र यसको शैक्षिक महत्त्वका विषयहरूमा समाज र विद्यार्थी बिचमा जागरण ल्याउन आवश्यक छ ।

## ४.३ गुरुकुलको आधुनिक दृष्टिकोणको विकास

आज हरेक मानिसहरूको धारणा गुरुकुल शिक्षा परम्परागत र कर्मकाण्डी शिक्षा हो भन्ने दृष्टिकोण विकास भएको छ । जसका कारण यसको मूलप्रवाहिकरण गर्ने काममा यो पक्ष चुनौतीको रूपमा खडा भएको छ । त्यसैले गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्दा गुरुकुल शिक्षाको आधुनिक दृष्टिकोण वन्न र त्यो दृष्टिकोणले समाजलाई आर्कषित गर्न सक्नु पर्दछ ।

गुरुकुल शिक्षामा आज सबैको समान पहुँच छैन । यो एक प्रकारले भन्ने हो भने सीमित जाती र क्षेत्रका मानिसहरूको पहुँचभित्र रहेको छ । यसमा हरेक पक्षका विद्यार्थीहरूले सहज पहुँच पाउन सक्ने स्थिति नभएको कारण नै यसको मूल प्रवाहको चुनौती हो । त्यसैले गुरुकुल शिक्षालाई हरेक मानिसहरूको पहुँचमा ल्याउन यसको समावेशीकरणको नीतिलाई राज्यले अख्तियार गर्न आवश्यक छ । यसका अतिरिक्त गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्ने सन्दर्भमा अन्य थुप्रै चुनौतीहरू रहेका छन् । गुरुकुल शिक्षामा नयाँ दृष्टिकोणको अभाव, प्रभावकारी सञ्चार र संरचनाको अभाव, नयाँ दृष्टिकोण सहितको पाठचक्रम र सिकाइको अभाव, शिक्षक विद्यार्थी अनुपात, गुरुकुल शिक्षाप्रति रहेको सामाजिक र शैक्षिक दृष्टिकोण, गुरुकुल शिक्षामा रोजगारीको सम्भावना नरहेको अभिभावक

एवम् विद्यार्थीहरूको बुझाई आदिजस्ता विषयहरू गुरुकुल शिक्षाको मूलप्रवाहीकरणमा देखिएका मुख्य समस्या र चुनौतीहरू हुन् । त्यसैले यी चुनौतीहरूलाई पार गर्न नीति निर्माताहरूको विस्तृत दृष्टिकोण आवश्यक छ जसमा शैक्षिक विज्ञहरू, नीति निर्माताहरू, समुदायहरू र सम्बन्धित सरोकारवालाहरू बिचको सहकार्य आवश्यक छ । यसका लागि गुरुकुल शिक्षाको सारलाई समकालीन शैक्षिक ढाँचामा समावेश गर्नु र गुरुकुल र आधुनिक शिक्षाको बिच सन्तुलन कायम गर्नु आजको अनिबार्यता बनेको छ ।

## ४.४ मूलप्रवाहीकरणका चुनौतीबारे नीति निर्माता र राजनीतिज्ञहरूको दृष्टिकोण

यसमा गुरुकुलका चुनौती र सम्भावनाबारे नीतिनिर्माता, शिक्षाविद् तथा राजनीतिज्ञको दृष्टिकोणलाई समेटिएको छ । चुनौतीहरू अवरोध हुन् भने सम्भावना चाहिँ ती चुनौती समाधान पश्चात देखिने आशा हुन् । त्यसैले चुनौतीको साथमा सम्भावनाहरू पनि अन्तर्वार्तामा एउटै समूहमा राखेर विश्लेषण गरिएको छ ।

### ४.४.१ मूलप्रवाहीकरणका चुनौतीबारे नीति निर्माताको दृष्टिकोण

यो अध्ययनका क्रममा नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका चुनौती बारे नीतिनिर्माताहरूसँग अन्तर्वार्ता लिइएको थियो । त्यसमा विशेष गरिनेपालमा गुरुकुल शिक्षाकाबारेमा धेरै बहस एवम् छलफलहरू भए पनि यसको विकास र मूलप्रवाहीकरणका सन्दर्भमा त्यति धेरै काम हुन सकिरहेका छैनन् भन्ने कुरा आएका छन् । यो अध्ययनको मुख्य उद्देश्य भनेको नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्दा देखिएका चुनौतीहरूको पहिचान गर्ने र यसको भविष्यको सम्भावनाको खोजी गर्ने भएकोले यो अध्ययनले नीति निर्माता र प्राज्ञिक व्यक्तिहरूको दृष्टिकोण समेत बुझ्ने प्रयास गरेको छ । यस क्रममा अन्तर्वार्तालाई यहाँ प्रस्तुत गर्ने सन्दर्भमा शोधकर्ताद्वारा ती दृष्टिकोणबारे व्यक्त धारणालाई साथसाथै विश्लेषण पनि गरिएको छ ।

शिक्षा तथा मानव विकास स्रोत केन्द्रका महानिर्देशक चूडामणि पौडेलसँग नेपालमा गुरुकुल शिक्षाको क्षेत्रमा भएका कामहरू र यसको मूलप्रवाहीकरण सम्बन्धमा विद्यमान नीतिगत पक्षहरूका बारेमा छलफल गरिएको छ । उनका अनुसार परम्परागत गुरुकुल शिक्षा बाटै अन्य भाषाको विकास भएको र यो शिक्षा पाठशाला नहुँदा गुरुको घरमै बसेर, गुरुकै नियम, कानून, संस्कार अनुसार अध्ययन गर्ने परम्परागत शिक्षा नै गुरुकुल शिक्षा हो भन्ने उनको बुझाई रहेको छ । हाल धार्मिक प्रकृतिका विद्यालयहरूको रूपमा गुरुकुल शिक्षालाई बुझिएको र यसलाई वैदिक सनातन, संस्कार तथा संस्कृतिसँग जोड्न खोजिएको नीतिगत सोच रहेको उनले बताउनु भएको छ ।

गुरुकुल शिक्षाको सान्दर्भिकताका सन्दर्भमा हाल औपचारिकरूपमा वेद विद्याश्रम, रानीपोखरी संस्कृत विद्यालय, मटिहानी लगायतका ठाउँमा गुरुकुल शिक्षा प्रदान गरिएको संस्कृत शिक्षाको रूपमा र यसमा विद्यार्थीहरूको आर्कषण रहेका कारण यो शिक्षाको सान्दर्भिकता वर्तमान अवस्थामा बहदै गएको पुष्टि उने गरेका छन् । त्यस्तै अनौपचारिकता धार्मिक प्रकृतिका विद्यालयको बर्गमा राखेर पनि गुरुकुल शिक्षाहरू नेपालमा सञ्चालनमा रहेको र त्यहाँ निश्चित तह पढेपछि प्रमाणपत्र उपलब्ध गराउने यस प्रकारका गुरुकुलहरू कक्षा १ देखि ३, १ देखि ५, १ देखि ८, १० देखि १२ सम्म सञ्चालित रहेको तथ्यलाई उनले उजागर गर्नु भएको छ । पढाइ औपचारिक नै भए पनि सरकारी सामुदायिक विद्यालयमा जस्तै पढाइ नहुने यी विद्यालयहरूलाई धार्मिक समूहमा राखी सोही बमोजिम अनुदान उपलब्ध गराइने प्रचलन रहेको छ । नेपालका मठ मन्दिरमा रहेर गुरुको रोहबरमा गुरुकुल अध्ययन गर्न सकिने भएकाले सो ठाउँमा रहेर पढेका विद्यार्थीहरूलाई पनि औपचारिक विद्यालयसँग गाभिएको तथा सोही विद्यालयमा औपचारिक धारमा पढाउने व्यवस्था मिलाई प्रमाणिकरण गरिने गरिएको नीतिगत व्यवस्था नेपालमा रहेको उनले बताउनु भएको छ ।

नेपालमा अहिले गुरुकुलमा पिरियडमा पद्धति तथा विषयगत पिरियड नतोकिएको दुवै विधिबाट शिक्षा दिने थलोको रूपमा रहेका छन् । गुरुकुल अध्ययन गर्न सबै जातजाति, धर्म संस्कृति भएका बालबालिकाहरूले पढ्न मिल्ने समावेशी गरिनुपर्दछ । त्यसपछि मात्र यो

गुरुकुल शिक्षा औपचारिक शिक्षा जस्तो हुने र यसमा सबैको आकर्षण बढ्न सक्ने देखिन्छ। उनका अनुसार नेपालमा वि.सं. २०६३/६४ भन्दा अगाडि गुरुकुल शिक्षालयहरू छुट्टै रूपमा राज्यको शिक्षा सञ्चालन नीति नियम भन्दा अलि बाहिरको अवस्थामा सञ्चालन भएका थिए । उक्त समयमा विद्यालय अध्ययन गर्ने बालबालिकाको केही सङ्ख्या हराएको वा गणना भित्र समाविष्ट गर्न सकिएको थिएन। तब सो समय पश्चात गुरुकुल, मदरसा, गुम्बा जस्ता धार्मिक प्रकृतिका विद्यालयहरूलाई मूलप्रवाहीकरण गरिएको हो । जस्तै धार्मिक, आधुनिक र प्रविधियुक्त शिक्षा दिइनुपर्दछ भन्ने आशयले केही विद्यालयहरूलाई औपचारिक अनुमति समेत दिइएको तर सार्वजनिक विद्यालयहरूको रूपमा गुरुकुल, मदरसा, गुम्बा लाई अनुमति दिँदा जथाभावी सङ्ख्या बढ्न जाने (फर्जी समेत हुन सक्ने) देखिएकाले राज्यले यस प्रकारका विद्यालयहरूलाई धार्मिक प्रकृतिका विद्यालयको रूपमा राखेको हो । त्यसपछि त्यस्ता प्रकृतिका विद्यालयहरूलाई सामुदायिक विद्यालयहरूले पाउने जस्तै सञ्चालन खर्च र अनुदान दिइने नीति बनेको हो। जसमा यस्ता विद्यालयहरूले छात्रवृति, पाठ्यपुस्तक, दिवा खाजा, शिक्षक अनुदान जस्ता शीर्षकमा अनुदान पाउँछन्।

गुरुकुललाई अलग्गै नीतिनियम र कानुन बनाउँदा पृथकतावादी सोच आउन सक्ने र त्यो थेग्न नसक्ने चुनौतीपूर्ण पौडेलको आशङ्का छ। गुरुकुल लगायतका अन्य धारहरूलाई छुट्टै ऐन, नीतिनियम तथा कानून अनुसार सञ्चालन गर्ने जस्ता कार्यले पृथकतावादी सोचको जन्म भइ अतिवाद आउनसक्ने हुन्छ। राज्यका अरू सार्वजनिक शिक्षालय सरह जान चाहने गुरुकुलले शिक्षक, पाठ्यक्रम लगायत समसामयिक शिक्षा सञ्चालन गर्नका लागि आवश्यकतामा आधारित विषयहरू राज्यसँग माग गर्नुपर्ने देखिन्छ। राज्यले सबै धार्मिक प्रकृतिका विद्यालयहरूलाई एउटा निश्चित मापदण्ड बनाई मूलप्रवाहीकरण गर्नुपर्ने आजको आवश्यकता हो । अन्यथा समूहगत रूपमा स्वार्थ बाझिन गई विद्यालयहरूको सङ्ख्या अत्यधिक हुन जाने भयावह अवस्था हुन सक्दछ।

त्यस्तै यो अध्ययनको क्रममा हामीले नेपालमा गुरुकुल शिक्षालाई कसरी मूलप्रवाहीकरण गर्न सकिन्छ भनेर एल पी भानु शर्मासँग पनि अन्तर्वार्ता गरेका थियौं।

उनका अनुसार गुरुकुलमा पढ्न कि त गरिबको छोराछोरी जाने कि त कर्मकाण्ड सिकेर जीवन धान्ने लक्ष्य लिएर विद्यार्थीहरू त्यहाँ पढ्न जाने उनको तर्क रहेको छ । अहिले हामीले नेपालको गुरुकुलमा जुन लगानी गरेका छौ, तर त्यहाँ जो विद्यार्थी र अध्ययन गरिरहेको छ । त्यहाँ उसले गौरव बोध गर्न सकिरहेको छैन । आफू हेपिएर पढेको महसुस गरिरहेको अवस्था रहेको छ । त्यसैले यदि गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्ने हो भने यो क्षेत्रको लगानीको बारेमा राज्यका तीन वटै तहले सोच्ने वेला आएको छ र गुरुकुल शिक्षालाई समाजले हेर्ने दृष्टिकोण बदल्नुपर्ने अवस्था सिर्जना गर्न सक्नु पर्दछ र यो शिक्षालाई कर्मकाण्डी एवम् संस्कृत शिक्षाको मात्रै बुझाईमा सीमित राखिनु हुदैन । गुरुकुल शिक्षाप्रति अन्य मेधावी विद्यार्थीहरूलाई समेत आकर्षण गराउनुपर्ने तर्क उनको रहेको छ । तर आज गुरुकुल शिक्षामा कमजोर व्यवस्थापन भएको र राज्यको लगानी कम भएका कारण विद्यार्थीमा हीनतावोध रहेको अवस्था छ । यसको मूलप्रवाहीकरण गर्दा यो हीनतालाई कम गर्ने तर्फ नीति निर्माताहरूको ध्यान जानुपर्ने आवश्यकता रहेको छ । गुरुकुल शिक्षा आफैमा सकारात्मक सोच भएको शिक्षा हो । त्यसैले यो शिक्षा सकारात्मक सन्देश सहितको शिक्षा हो भन्ने कुरा राज्यले ध्यान दिनुपर्ने विषय भएको छ । दुम्जा, ओखलढुङ्गा, झापा, भोजपुर, महोत्तरी लगायतका गुरुकुल/संस्कृत विद्यालयको अवस्था र आधुनिक शिक्षा दिने विद्यालयहरूको व्यवस्थापकीय पक्ष आजपनि फरक रहेको अवस्था छ तर त्यस्तो हुनु भएन । आज यो शिक्षामा नीतिमा समावेशी भए पनि व्यवहारमा एकरूपता भएन । आज यो शिक्षामा लैङ्गिक र जातीय विभेद छ । त्यसलाई व्यावहारिकरूपमै हटाइनु पर्दछ र यहाँ ध्यान दिइनुपर्ने विषय भनेको यो शिक्षामा छात्रा, जात विशेषलाई समेत पढ्न दिइनुपर्ने व्यवस्था गरिनुपर्दछ । हामो पूर्वीय दर्शनमा छुवाछुत छैन, महिलाहरू बिदुषीका रूपमा अगाडि बढिसकेको अवस्था रहेको छ र दलितलाई अझ पनि पूजा पाठमा रोक लगाउने प्रचलनले समावेशी शिक्षा नीतिमा असर परेको अवस्था छ ।

संसारभर पश्चिमा मेकालेले शिक्षा लागू गर्नुको उद्देश्य इसाई धर्म र शासन स्थापनाका लागि देखिन्छ । अङ्ग्रेजले सन १८३४ मा भारतमा अनिवार्य अङ्ग्रेजी शिक्षा

थालनी गर्दा थोमस मेकालेले हिन्दु र इस्लाममाथि ठुलो आक्रमण गरेका थिए । मेकाले संस्कृत शिक्षा बन्द गरी अनिवार्य अङ्ग्रेजी लादेर आफ्नो धर्म फैलाउन अघि बढेका थिए । तर त्यो नै भारतीय शासकलाई आफ्नो भन्दा उन्नत हो भन्ने लाग्न पुग्दा आफ्नो आत्मसम्मान र सांस्कृतिक लगाव गुमाउँदै गए । १८औं शताब्दीमा औद्योगिक क्रान्तिसँगै तत्कालीन मानव समाजको भौतिक आवश्यकताका लागि योजना भएको आधुनिक शिक्षा प्रणाली आज आएर स्वाद र सन्दर्भहीन बनेको छ । मानवभित्र अन्तर्निहित दानवीय जगमा ठडिएको यो शिक्षा प्रणालीलाई विश्व भ्रमजाल बनाएर बिछ्याइएको छ ।

(क) **गुरुकुलीय शिक्षा र आधुनिक शिक्षा**

गुरुकुलीय शिक्षा र आजको आधुनिक शिक्षाको सार एवम् उद्देश्यमा आधारभूत अन्तर पाइन्छ । गुरुकुलीय शिक्षाको आधार वेद थियो भने आजको शिक्षा को आधार भौतिक विज्ञान । गुरुकुलीय शिक्षा को उद्देश्य धर्म, अर्थ, काम र मोक्ष प्राप्ति थियो भने अहिलेको शिक्षाको उद्देश्य अर्थ र काम प्राप्ति मात्र । गुरुकुलमा शिक्षा दिनु दान एवम् सेवा थियो, आजको शिक्षा व्यापार भएको देखिन्छ । गुरुकुलको शिक्षा स्वैच्छिक एवम् स्वाभाविक थियो, आजको शिक्षा बाध्यात्मक एवम् स्वार्थपरक छ । गुरुकुल शिक्षा विषयगत एवम् वस्तुगत ज्ञानमा आधारित र सन्तुलित थियो भने आजको शिक्षा वस्तुगत मात्र । गुरुकुलको शिक्षा ले विश्लेषणात्मक एवम् विश्लेषणात्मक ज्ञान सन्तुलित रूपमा प्रदान गर्दथ्यो, आजको शिक्षा विश्लेषणात्मक मात्र बनेको देखिन्छ । गुरुकुलको शिक्षा कलात्मक एवम् सिर्जनात्मक विवेक प्रधान थियो, आजको शिक्षा एकाङ्गी र मस्तिष्क (बुद्धी) प्रधान छ । आजको शिक्षाको उद्देश्य जीविका एवम् जागिर देखिन्छ भने गुरुकुल शिक्षा को उद्देश्य जागरण थियो ।

गुरुकुल माथि मेकाले वंशको गिद्धेनजर अझै छ, यसै कारण विज्ञान विषयलाई गुरुकुल शिक्षाको पाठचक्रममा समावेश न गरी लँगडो बनाइएको छ । आजका गुरुकुलबाट उत्पादित जनशक्ति भोलि कहाँ खपत हुने र विद्वान जन्माउन स्थापित गुरुकुल विज्ञान विहीन बनाएर कर्मकाण्डी बनाउने षड्यन्त्र जारी छ । गुरुकुल भित्रपनि एउटा जड

मनोविज्ञान छ, जसले गुरुकुल शिक्षा को पाठचक्रममा विज्ञान विषय समावेश गर्नु उचित ठान्दैन । गुरुकुल बाहिर ठूलो साम्राज्यवादी जत्था छ, जसले नेपालको पाठचक्रम विकास केन्द्रलाई पालन पोषण गर्छ । फलत केन्द्र उसको इसारामा नाच्ने त्यो सङ्गठित एवम् शक्तिशाली मनोविज्ञान गुरुकुल शिक्षा प्रणालीलाई पूर्णत ध्वस्त पार्न लागिपरेको छ । किनकि ती साम्राज्यवादी गुरुकुलबाट विद्वान जन्मियोस् भन्ने चाहदैनन्, जीवन र जगत् दुवैको सन्तुलित ज्ञान प्रदान गर्ने एकल थलोको रूपमा गुरुकुलले प्रतिष्ठित हुन नदिन उनीहरू नियोजित रूपमा अनवरत षड्यन्त्रमा छन् । गुरुकुल दया र दानबाट सञ्चालन हुँदै कमजोर भएर जाओस । गुरुकुलीय शिक्षालाई लोपोन्मुख बनाउने उनीहरूको अभिष्ट रहेको देखिन्छ किनकि गुरुकुलमा विज्ञानको सम्यक शिक्षणले हकिन्सको बहु ब्रह्माण्डलाई अनन्त ब्रह्माण्डको चिन्तनले प्रतिस्थापित गर्नसक्छ । हिग्स-बोसनको दैवी अणुलाई ब्रह्मको विस्तार र संकुचनले चुनौती दिनसक्छ । सांख्यको द्वन्द उपनिषद्को द्वन्द, मार्क्सको द्वन्द र डेरिडाको द्वन्दको मिलन र बिछोड बिन्दुमा शास्त्रार्थ गर्न सक्छ । आइन्स्टाइनको ऊर्जा र पदार्थ एकअर्कामा रूपान्तरित हुन्छन् भन्ने कुरालाई प्रकृति र पुरुषको अन्तरसम्बन्धी चिन्तनले पछार्न सक्छ । वैदिक पुर्खाले भनेको ब्रह्म ऊर्जालाई अणु देख्ने हिग्स, बोसन र ऊर्जा देख्ने हकिन्सलाई गिज्याउन सक्छ ।

गुरुकुलीय शिक्षाको पुनर्जागरण भनेको पूर्वीय ज्ञान विज्ञानको अधिपत्य एवम् एकाधिकार जम्नु हो । युग द्रष्टा र विश्व नेताको उत्पादन हुनु हो । राज्य एवम् राष्ट्रलाई संरक्षण दिनु हो । संस्कृत विश्व एवम् वैज्ञानिक भाषा बन्नु हो । वैदिक संस्कृतिको पुनरुत्थान हुनु हो । अङ्ग्रेजी भाषाको आधारमा चलेको विश्व व्यापार धराशायी हुनु हो । चाउचाउ र कोकाकोलाको विश्व व्यापार समाप्त हुनु हो ।

**जातीय भेदभावरहित गुरुकुल**

गुरुकुलका गुरुले जात बोक्नु गुरुकुलीय शिक्षाका लागि बिष बनेको छ । जातीयता बोक्नु घातक बनेको छ । शास्त्रीय मान्यताअनुसार समाजमा जातजाति मात्र व्यवहार भेद हो, शरीर भेद होइन । शास्त्रले जन्म अनुसार कसैलाई ब्राह्मण मान्दैन । ब्राह्मण

परिवारमा जन्मिएका कथित ब्राह्मणले किन बुझ पचाएर अन्य अरू जातिलाई गुरुकुलमा अध्ययन गर्न निषेध गरेर कुटिलता प्रकट गरेका छन् । गुरुकुलमा अध्ययन गर्न र अध्यापन गराउन कथित ब्राह्मण परिवारमा जन्मिएको हुनुपर्ने व्यवस्थाले गुरुकुलीय शिक्षालाई विमार्ग गमित बनाइदिएको छ । गुरुकुललाई उक्त सोचले साँघुरो तुल्याएको छ । उक्त मनोविज्ञानले जातीय विभेदलाई पनि संस्थागत गरेको छ । अतः व्यापक त्यस मनोविज्ञानलाई क्रुरतापूर्वक तत्काल फाल्न साहस देखाउनु जरुरी छ । यसबाट वर्तमान अवस्थाका थुप्रै गुरुकुल समावेशी र सबै जनसमुदायको पहुँच बन्न नसकेको प्रस्ट हुन्छ । गुरुकुलको गौरव र यसका चुनौतीबारे शिक्षाविद् डा. भेषराज अधिकारीले पनि आफ्ना विचार राख्नुभएको छ ।

डा. भेषराज अधिकारीका अनुसार शान्तिका अग्रदूत बुद्धका अहिंसा, मैत्री, करुणा जस्ता सन्देशहरूको प्रचार प्रसार तथा बुद्ध दर्शनलाई सङ्गठित रूप दिन प्राचीन नालन्दा विश्वविद्यालयको ठूलो योगदान रहेको छ । पाँचौंदेखि तेह्रौं शताब्दीसम्म प्रचलनमा रहेको यो शैक्षिक केन्द्र एक महाविहारको रूपमा परिचित थियो । यसमा बुद्धवाद, वेद सहित चिकित्साविज्ञान, व्याकरण, संस्कृत, कला आदि अध्ययन अध्यापन गराइन्थ्यो । यो विश्वविद्यालय गुरुकुल परम्पराको आस्थाको उच्च केन्द्र थियो । यस सन्दर्भमा उनी भन्छन् :

> यसले गुरुकुल शिक्षाको विस्तार र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको थियो । यहाँ बुद्ध दर्शनको पवित्र अर्चना, परम्परा र संस्कारको प्रतिविम्ब हुन्थ्यो । बुद्धवादका पाँच निषेधहरू जस्तै : हत्या नगर्नु, नचोर्नु, झुठ नबोल्नु, व्यभिचार नगर्नु र मादक पदार्थ सेवन नगर्नु भन्ने कुरा शिष्यहरूमा बताइन्थ्यो र पालना गर्न लगाइन्थ्यो । यसलाई बौद्ध दर्शनमा आधारित कानूनको प्रथम प्रयासको रूपमा लिइन्छ । यसको लोकप्रियता र ज्ञान प्रसारबाट डराएकाले त्यसलाई डढाएर खरानी पारे । यस विश्वविद्यालयमा अध्ययन अध्यापनको मुख्य माध्यम पाली भाषा थियो तर संस्कृत भाषाको ज्ञान पनि अति आवश्यक थियो । बुद्ध दर्शकसहित मानवीयता प्रर्वद्धनमा यो विश्वविद्यालयको अद्वितीय योगदान रहेको छ । गुरुकुलबाट आधुनिक शिक्षा

प्रणालीले के कुरा ग्रहण गर्ने भन्ने विषयले स्थान पाउनु स्वाभाविक हो । यी तथ्यहरूलाई उजागर गर्दै उनले गुरुकुलले सांस्कृतिक शिक्षा प्रदान गर्दै प्रकृति र मानिसलाई नजिक बनेको र योग सिकाएर व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यमा जोड दिएको विषयहरूलाई उनले गहिरो ढंगले विश्लेषण गर्नु भएको छ । उनको विचारमा विद्यार्थीको सरल जीवनशैली, साधा जीवन उच्च विचारको भावना, जीवनको व्यावहारिक अवस्थाको बारेमा ज्ञान प्रदान गर्ने थलोको रूपमा उनले गुरुकुललाई विवेचना गर्नु भएको छ । उनका अनुसार मानिस सामाजिक प्राणी हो भन्ने मूल्यलाई स्थापित गर्न ठूलो गुरुकुल शिक्षाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको र यो शिक्षाले आधुनिक शिक्षा प्रणालीले विज्ञान तथा प्रविधिको विकासमा ठूलो योगदान गरेको उनको तर्क रहेको छ । वर्तमान शिक्षाले प्रविधि, विद्युतीय प्रणाली, कम्प्युटर र ग्याजेटको ज्ञान दियो । आधुनिक शिक्षा पद्धतिमा प्रविधिको उच्च प्रयोग छ । ईबुक्स, भिडियो व्याख्यान, दूर शिक्षा, थ्रीडि इमेज जस्ता कुराबाट ज्ञान दिइन्छ र सिकाइन्छ तर गुरुकुलमा यी सबै पक्षहरूको केही न केही अभाव रहेको उनको तर्क छ ।

डा. हृदयरत्न बज्राचार्यका अनुसार यो शिक्षालाई किन बचाउने भन्ने कुरा हो । यो यति राम्रो छ यसलाई बचाएर लाने भन्ने एउटा पाटो हो भने हाम्रो संस्कृतिलाई बचाएर लाने अर्को पाटो हो । त्यो भन्दा माथिल्लो कुरा विश्वमा मानव मूल्य मान्यतालाई गहिरिएर विचार गरेर हेर्दा संवेदनशिल समाज जुन समाजमा वसुधैव कुटुम्बकम्‌को अवधारणा र हरेक व्यक्तिलाई ब्राम्हण विहार गर्न सकिने मैत्री करुणा मुदिता र उपेक्षा भाव त्यसले युक्त व्यक्तित्वको समाज बनाउनका लागी हाम्रो मानिसले बनाउन सकिने सबैभन्दा माथिल्लो भाव त्यही हो । यो माटो ढुँगा भन्दा एक तह माथि इन्द्रिय भएको इन्द्रिय भन्दा एक तह माथि मन भएको र मन भएको भन्दा पनि एक तह माथि बुद्धि भएको र सबैभन्दा माथि भावनात्मक रूपमा ईश्वरका बुझेको मान्छे भनी गितामा भनिएको छ । बुद्धि भएर मात्र हुदैन । रसियन अमेरिकन चाइनिजहरूको बुद्धि छ तर त्यसले मान्छेलाई लडाइ रहेको छ ।

आपसी वैमनस्यता बढाइराखेको छ । तर यस्तो शिक्षा कम्तिमा गुरुकुल शिक्षाले दिदैँन । यसै प्रसंगमा उनी भन्छन् :

> हाम्रो गुरुकुललाई विद्यालय शिक्षातिर मुलप्रवाहिकरण गर्ने होइन कि विद्यालय शिक्षालाई कसरी गुरुकुल शिक्षामा परिणत गर्ने भन्ने तिर हाम्रो बहस छलफल अगाडि जानु पर्दछ ।
>
> एउटा गुरुको आचरण सिकेर २, ४ जना विद्यार्थी निस्कन्छन्, आफूलाई परिवर्तन गर्ने या गुरुकै आचरण अनुसार समाजमा लगेर आफूलाई प्रतिस्थापन गर्ने भनेर समाजमा गएका हुन्छन् । आधुनिक शिक्षा अनुसार अहिलेको समयमा मानिसले धेरै क्षेत्रतिर ज्ञान भएको धेरै शिक्षकले पढाएका हुन्छन् Technology तिर पनि ज्ञान भएका छोरा छोरी भएमा भोलि उसले विभिन्न अवसर पाउँछन् भन्ने तिर ध्यान जाँदो रहेछ, यसले गर्दा अहिलेका मानिसले आधुनिक शिक्षा राम्रो हो भनेर परिभाषित गर्छन् नि ? मानिसले कुन लेभलमा बुझेर भनेको हो त लैलैमा भनेको हो कि बुझेर भनेको हो ? भनेर राम्रो सँग चिन्तन मनन गर्नुपर्छ । व्यक्तिको जिन्दगी भनेको व्यक्तिगत मात्र हुन्छ । कसैले कसैको लागि सास फेर्न, कमाउन सक्दैन त्यसैले व्यक्ति बनाउनु पर्छ । बुद्धको शिक्षा ज्यादै सशक्त, अकाट्य र संसारमा लागू हुन्छ र भइ पनि राखेको छ । त्यसमा ३ वटा कुरा छन बुद्ध, धर्म र सँघ । बुद्ध व्यक्ति होइन । उनले बोधि ज्ञान प्राप्त गरेर बुद्ध बनेका हुन् । बुद्ध भनेका Knowledge and Wisdom का प्रतिक हुन् । त्यसलाइ व्यवहारमा पालन गर्ने भनेको धर्म हो । हाम्रो पूर्वीय दर्शनमा धर्म भनेको सम्प्रदाय होइन । जुन कुरा अवश्यम्भावी हुन्छ त्यो धर्म हो । धर्म सत्य सँग जोडिन्छ । गुरुकुल, गुम्बाले सिकाउने भनेको हिन्दु धर्म, बौद्द धर्म होइन । यिनिहरूले सिकाउने भनेको धर्म हो । यसमा समस्या दृष्टिकोणमा आउँछ । गुरुकुल पढाउनेले शुद्ध ब्राह्मणलाई मात्र पढाउँछु भनेर जातीय सँकिर्णतामा गएको छ । त्यसले अहंकार र समाजमा विभाजन ल्याउँछ । हाम्रो समाज विभाजन भएको मुख्य कारण यही हो । अर्को कुरा गुरु नराम्रो भयो भने के

गर्ने भन्ने हो । त्यो जमानामा धेरै विधाहरू थिएनन् । शिक्षा भर्खरै विकास भएर अगाडि बढ्दै थियो ।

यसरी नै गुरुकुल शिक्षाका सम्भावनाका बारेमा बज्राचार्यका अनुसार बुद्धले दिनुभएको शिक्षा धेरै महत्त्वपूर्ण छ । यसलाई मध्यमार्गका रूपमा लिएर जानुपर्छ । शिक्षक त गुरु नै हुनुपर्छ । गुरु बाहेक अरूलाई शिक्षक बनाएर हुदैन । एउटा गुरुले आफ्नो सोच क्षमता भावना काम लिएर आएको छ त्यो धेरै मूल्यवान हो । अहिले आउने शिक्षकमा पनि त्यो हुनुपर्छ । तर एउटा यस्तो सिस्टम हुनुपर्यो कि गुरु भएर आउनेले लिएर आएका लाइन ठिक छ, छैन त्यसलाई Check and Balance गर्ने हुनु पर्यो । गुरुकुलमा जसरी शिक्षकले लगनशीलताका साथ पढाइरहेको छ, त्यही लगनका साथ अहिले पनि पढाउने हो भने अहिलेको शिक्षा पनि कहाँ पुग्थ्यो होला ?

### ४.४.२ मूलप्रवाहीकरणका चुनौतीबारे राजनीतिज्ञहरूको दृष्टिकोण

नेपालका मुख्य राजनैतिक दलहरूको शिक्षा नीति तथा विभिन्न समयका घोषणा पत्रहरूको अध्ययनबाट गुरुकुल शिक्षा र यसको मूलप्रवाहीकरणका विषयलाई कुनै पनि दलले उठाएको देखिंदैन । नेपाली कांग्रेस, नेकपा एमाले जस्ता ठुला दलहरूले केवल परम्परागत शिक्षाको विकास र संरक्षणमा जोड दिने भन्ने शब्दावलीहरूको मात्र प्रयोग गरेको देखिन्छ । केही नयाँ साना दलहरूले त हालसम्म शिक्षा नीति बनाएको पाइँदैन । यसरी गुरुकुल शिक्षा एवम् यसका अभ्यास, चुनौती र सम्भावनाहरूका बारेमा नेपाली मूलधारका राजनीतिक दलहरूले स्पष्ट दृष्टिकोण नदिइरहेको अवस्थामा शिक्षाको विकासमा राजनैतिक पार्टीहरूको समेत मुख्य भूमिका हुने विश्वासका साथ शोधकार्यका क्रममा नेपालका मुख्य राजनीतिक पार्टीका नेताहरूसँग गुरुकुल शिक्षाको मूलप्रवाहीकरण र यसका अभ्यास, चुनौती र सम्भावनाका बारेमा अन्तर्वार्ताका विधिबाट उनीहरूको दृष्टिकोण बुझ्ने प्रयास गरिएको छ । उनीहरूका बुझाइमा गुरुकुल शिक्षा शिक्षाको एक परम्परागत प्रणाली हो जहाँ विद्यार्थीहरू शिक्षक वा गुरुसँग शैक्षिक, सांस्कृतिक र आध्यात्मिक पक्षहरू सहित विभिन्न विषयहरूमा शिक्षा र मार्गदर्शन प्राप्त गर्दछन् भन्ने कुरामा साझा दृष्टिकोण रहेको छ ।

गुरुकुल शिक्षा र यसको अभ्यास, चुनौती र सम्भावनाका बारेमा नेपाल लगायत भारतीय विभिन्न राजनीतिक दलहरूले आफ्ना दृष्टिकोणहरू प्रस्तुत गरेको पाइन्छ । भारतको भारतीय जनता पार्टीले गुरुकुल शिक्षा र यसको अभ्यास, चुनौती र सम्भावनाहरूमा बारेमा गहिरो चासो देखाएको छ । यो पार्टीले आफ्नो सांस्कृतिक र शैक्षिक नीतिहरूको एक हिस्साका रूपमा गुरुकुल शैली शिक्षा सहितको परम्परागत भारतीय ज्ञान प्रणालीको पुनरुद्धारको लागि गुरुकुल शिक्षालाई जोड दिएको छ । यो पार्टीले भारतको सांस्कृतिक सम्पदाको संरक्षण गर्ने र परम्परागत अभ्यासलाई मूलधारको शिक्षा प्रणालीमा एकीकृत गर्ने काममा गुरुकुल शिक्षालाई अगाडि बढाएको छ । यो पार्टीले आफ्नो नीतिमा गुरुकुलको आधुनिकीकरण र यसको मूलप्रवाहीकरण गर्ने काम आफ्नो पार्टीको नीतिमा समावेश गरेको छ । भारतीय राष्ट्रिय कांग्रेसले आफ्नो शिक्षा नीतिमा ऐतिहासिक शिक्षाकोरूपमा धर्म निरपेक्षता र समावेशी दृष्टिकोण अवलम्बन गरेको छ । यो पार्टीले गुरुकुल शिक्षाको सांस्कृतिक महत्त्वलाई बढी जोड दिएको छ । यसका अतिरिक्त यो पार्टीले आधुनिक र समावेशी शैक्षिक प्रणालीलाई समेत प्राथमिकता दिएको छ । यो पार्टी परम्परागत शिक्षाका तत्त्वहरूलाई मुख्यधारका स्कुलहरूको समाहित गर्दै समावेशीकरण र धर्म निरपेक्षता सुनिश्चित गर्न गुरुकुल शिक्षालाई जोड दिएको छ । भारतिय जनता पार्टी संस्कृत लगायत भारतिय भाषाहरूको संरक्षण र प्रबर्द्धन गर्न इच्छुक रहेको तर भाजपा गुरुकुल प्रणालीलाई शतप्रतिशत लागू गर्न चाहँदैन,केवल त्यसमा भएका सकारात्मक पक्षहरूलाई आधुनिक शिक्षा प्रणालीसँग एकीकृत गर्न चाहन्छ । जस्तै योग र ध्यानलाई विद्यालयमा समावेश गर्नु एउटा उदाहरण हो । भारतिय शिक्षा नीति २०२० मा पनि संस्कार, मातृभाषा र परम्परागत ज्ञान प्रणालीप्रति जोड दिइएको छ, जुन भाजपाको विचारसँग मेल खान्छ ।

भारतका क्षेत्रीय र वामपन्थी पार्टीहरूले गुरुकुल शिक्षालाई क्षेत्रीय सांस्कृतिक परम्परा र पहिचानको संरक्षणको माध्यमको रूपमा समर्थन गरेको पाइन्छ । यी वामपन्थी पार्टीहरूले सामाजिक समानता र शिक्षाको पहुँचमा ध्यान केन्द्रित गर्दै जाति आधारित भेदभावको रूपमा गुरुकुल शिक्षालाई शंकास्पद रूपमा हेर्न गरेका छन् र तिनीहरूले यो

गुरुकुल शिक्षालाई समावेशी सुधारका लागि वकालत गरिरहेका छन् । यस अध्यायमा चुनौतीका सम्बन्धमा नेपालका प्रमुख राजनैतिक दलका नेताहरूको विचारलाई समावेश गरिएको छ ।

### (क) नेकपा एमालेका अध्यक्षको दृष्टिकोण

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीका अनुसार गुरुकुल शिक्षाले पहिले पढाएजस्तो सम्पूर्णतामा पढाउनु पर्थ्यो तर अहिले आएर गुरुकुलले खाली कर्मकाण्डी भएर नि यो पछाडि परेको हो । आफ्नो पाठ्यक्रम परिमार्जित र पुनः परिभाषित गर्नुपर्थ्यो, राज्यका नीति निर्माता र पाठ्यक्रमका क्षेत्रमा काम गर्ने मानिसहरूले त्यो काम गरेनन् र गुरुकुल शिक्षा अलि पछाडि पर्‍यो । गुरुकुल शिक्षाका बारेमा ओली भन्छन् :

> गुरुकुलको शिक्षाले गुरुत्व, आचरण सिकाउँछ आन्तरिक पक्षलाई मजबुत बनाउँछ, अर्कातिर आधुनिक भनिएको शिक्षाले बाँच्न सजिलो बनाउँछ, जीविका चलाउन सिकाउँछ तर कस्तो मानिस हुनुपर्छ भन्ने सिकाउँदैन त्यसैले आधुनिक र गुरुकुल दुईटैका राम्रा पक्षहरूलाई लिएर अगाडि बढ्नुपर्छ । गुरुकुल त हाम्रो सभ्यता, संस्कृति, आचरण, हाम्रो इतिहास हो, । हामी आएको बाटो हो । हाम्रो उद्‌गमस्थल हो । हामीले तय गरेको यात्रा हो । हामीलाई गुफाबाट घरसम्म ल्याउने यही गुरुकुल शिक्षा हो । तर गुरुकुल जीवनसँग जोडिएको छैन । यसलाई जीवनसँग जोडिने हिसाबले अगाडि बढायो भने यसको महत्त्व आज झन बढ्दै जान्छ । जीवनसँग नजोडिएको शिक्षा निरर्थक हुन जान्छ । गरुड पूराण जस्ता मिथ र काल्पनिक कथाहरू जोडेर पढाउन थाल्यो भने शिक्षा सङ्कटमा पर्ने त्यसपछि हो ।

उनका अनुसार शिक्षा लिइसकेपछि मानिसको जीवन सरल हुनुपर्छ, जान्नु चाहि राम्रो हो तर शिक्षित व्यक्तिले आफ्नो जीवन, परिवारको जीवन तथा समाजलाई केही न केही दिन सक्ने हुनुपर्दछ । यो सँग नजोडिएको शिक्षा अपांग हुन्छ । शिक्षाले समाजलाई राम्रो बनाउन सक्ने हुनुपर्छ । आधुनिक शिक्षाले व्यक्तिको जीवनलाई मात्र राम्रो बनाउने,

समाजसँग सरोकार नराख्ने, गुरुकुल शिक्षाले समाजका लागि केही गर्ने गुणवान बन्ने र समाजलाई पनि गुणशिल बन्न प्रेरित गर्ने तर व्यक्तिको जीवनलाई सहयोग नगर्ने र त्यसमा पनि गुरुकुल शिक्षाले अनेक मिथहरू जोडिदिएर, निकम्मा भाग्यवादी बनाउने चेष्टा गरेको देखिन्छ ।

## (ख) नेपाली कांग्रेसका शिक्षा विभाग सचिवको दृष्टिकोण

नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण, यसको अभ्यास र चुनौतीका विषयमा नेपालको अर्को प्रमुख राजनीतिक पार्टी नेपाली कांग्रेसका शिक्षा विभागका सचिव कृष्ण प्रसाद पौडेलसँग पनि यो अध्ययनक्रममा अन्तरवार्ताका माध्यमबाट गुरुकुल सम्बन्धी दृष्टिकोण बुझ्ने प्रयास गरिएको थियो । यहाँ नेपाली काँग्रेस र उनको व्यक्तिगत विचारलाई प्रस्तुत गरिएको छ ।

उनको व्यक्तिगत धारणा अनुसार गुरुकुल शिक्षा भनेको हाम्रो परम्परागत शिक्षा पद्धति नै हो । गुरुसँग बसेर गुरुको आचरणबाट प्रभावित भएर गुरुजस्तै बन्ने परम्परा हामीसँग थियो । बिचमा आइसकेपछि विस्तारै हामी Western Educational System तिर ढल्किरहेका छौं । तर यसले हामीलाई सही ठाउँमा पुऱ्याउने देखिदैन । यस विषयमा उनको कथन :

> हामीले नेपालमा एउटा संस्कृत विश्वविद्यालय खोलेर यसका हाँगाबिँगा फैलाउनु पर्छ भन्ने मेरो धारणा हो । हाम्रो धार्मिक आस्था रहेका विद्यालय किराँतका तथा अन्य धार्मिक विद्यालयलाई बढावा दिदै संस्कृत शिक्षालाई पूर्वीय दर्शनको केन्द्रबिन्दुमा राखेर अगाडि बढ्नुपर्छ । संस्कृत शिक्षा सम्बन्धी अन्वेषण खोज तथा हाम्रा संस्कृतिका गहन पक्षको अध्ययन गर्ने काम सो विश्वविद्यालय गर्नुपर्ने गरी व्यवस्था गर्नुपर्छ । हामीले अहिले चलिरहेका गुरुकुलहरू जस्तो देवघाट, खप्तड, दिङ्लालाई नै परिष्कृत गरी अगाडि बढ्ना साथै नयाँ गुरुकुलहरूका समेत स्थापना गर्नुपर्छ र यिनीहरूको छाता संस्थाको रूपमा संस्कृत विश्वविद्यालयले काम गर्ने गरी मोडालिटी तयार गर्नुपर्छ । स्थानीय तहदेखि नै गुरुकुल स्थापना गर्ने र नेहरूलाई हेर्ने एउटा विश्वविद्यालय स्थापना गर्ने र स्थानीय तहका विद्यार्थीलाई

विश्वविद्यालयसमेत पुऱ्याउने काम गरिनुपर्दछ । गुरुकुल हाम्रो परम्परागत, धर्म संस्कृतसँगै जोडिएको शिक्षा भएकोले, हाम्रो संविधानले शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई दिइसकेको भएर स्थानीय तहहरूले उनीहरूको आफ्नो आवश्यकता, विचार र परिस्थिति हेरेर शिक्षालाई अगाडि बढाउन भन्ने नै हो । लोकल लेभेलले केन्द्रितभन्दा राम्रोसँग आफनो नजिकको आवश्यकता के हो भन्ने बुझ्ने हुन्छ । त्यसैले उनीहरूले आफ्नो समाजलाई चाहिने किसिमको पाठचक्रम तयार गर्न सक्छन् र शिक्षालाई स्थानीय आवश्यकता सँग जोडेर हेर्न सक्छन् । विद्यालयहरूलाई आवासीय रूपमा नै अगाडि बढाउनु पर्छ भन्ने पार्टीको धारणा हो । संस्कृत शिक्षासँग आयुर्वेदी र ध्यान तथा योग शिक्षा त जोडी नै हाल्छ । जसले व्यक्तिलाई स्वस्थ र स्वास्थ्य बनाउन मद्दत गर्दछ । मुक्तिनाथमा हामीले मेडिटेसनको विद्यालयहरू स्थापना गर्ने धारणा राखेका छौं । काठमाण्डौको कुरा गर्ने हो भने बौद्ध संस्कृति र किराँत संस्कृतिका विषयहरूलाई महत्त्व दिनुपर्छ भन्ने हाम्रो धारणा हो । जुन गुरुकुल शिक्षा को अर्को रूप हुन् । प्राचिन सभ्यताका कुराहरू मात्र गुरुकुल हुदैन ।

नेपाली काङ्ग्रेसका पौडेलका अनुसार गुरुकुललाई Extension गरी बौद्ध र किराँत संस्कृतिसम्म अध्ययन अध्यापन गरिनुपर्दछ । पार्टीको Guiding Principle अथवा Thought भनेको घोषणापत्र हो । हामीले हाम्रो घोषणापत्रमा यी यावत् कुराहरू प्रवेश गराएका छौँ । नेपाली कांग्रेसको सरकार बनेमा यी कुराहरूलाई सरकारको नीति तथा कार्यक्रममा प्रवेश गराइनेछ । तर यहाँ चिन्ता र चासोको विषय भनेको कतै हामीलाई पश्चिमा आधुनिक शिक्षाले हाम्रो गुरुकुल शिक्षा पद्धतिलाई धराशायी बनाउने त हैन ? भन्ने चिन्ता उत्तिकै छ । यस्तै गुरुकुल शिक्षा बारे बभ्दा पहिलो कुरा शिक्षा भन्ने बितीकै जीवनसँग जोडिँदो रहेछ र जीवनसँग जोडिँदा Autometically अर्थसँग जोडिन आउँदो रहेछ । आर्थिक उपार्जन गरी जीवन धान्ने विषयसँग जोडिँदा रहेछन् । हाम्रो शिक्षाले हामीलाई कतिको सक्षम बनायो र हामी सजिलैसँगै जीवन निर्वाह गर्न सक्ने भयौं भनेर शिक्षार्थीले हेर्दा रहेछन् ।

WESTERN EDUCATIONAL SYSTEM ले त्यसको धेरथोर ग्यारेण्टी दिदो रहेछ । त्यसैले मानिसहरू त्यतातिर आकर्षित भएका हुन कि भन्ने लाग्छ । आज पदभित्र भएका सबै कुराहरू सिकाइनु पर्छ । वेदमा जीवनसँग गाँसिएका सम्पूर्ण कुराहरू छन् । ज्ञान, ध्यान, योगदेखि लिएर अर्थ, संगीत र तन्त्रसम्मका कुराहरू वेदमा छन् । हामीले यी सबै विषय पढाउनुको सट्टा कर्मकाण्डतिर मात्र लागेर हाम्रो शिक्षा प्रणाली पछि परेको हो कि भन्ने हाम्रो बुझाइ रहेको छ । यसबारे उनको थप कथन छ :

> हाम्रा विद्यार्थीहरूलाई बिभिन्न सीपका कुराहरू राजनीतिका कुराहरू आदि हामीले सिकाइरहेका छैनौं । वेदले यी सबै विषयहरूलाई छोएको छ । हाम्रा गुरुकुलले यी विषयहरूलाई पढाउन सकेको छैन । भारतका कतिपय विश्वविद्यालयले अमेरिकाका विश्वविद्यालयले यी कुराहरू पढाइरहेका छन् । हामीले यी विषयवस्तुका साथै हाम्रा परम्परा, हाम्रा सभ्यताका कुरा दर्शनका कुरा, साहित्यका कुरा मिसाएर पढाउने व्यवस्था गर्नुपर्छ । यसले गर्दा हाम्रो गुरुकुल शिक्षाको महत्त्व बढेरै जान्छ । यसका साथै हामीले वास्तुशास्त्री कुराहरू पनि वास्ता गरेनौं । अल्पज्ञान भंयकरम भयो । हामीले हाम्रो घोषणापत्रमा यी सबै विषयहरू समेटेका छौ । पाश्चात्य शिक्षा प्रणालीमा रहेका आधुनिक प्रविधिका कुराहरूलाई सम्बोधन गर्न सक्दछ ।

पौडेलका अनुसार गुरुकुल शिक्षाको बढोत्तरीका लागि शिक्षक, भौतिक संरचनादेखि व्यवस्थापकीय विषयको समेत व्यवस्थापन गर्नुपर्छ । यसमा सबैभन्दा ठुलो जिम्मेवारी स्थानीय तहको हुन जान्छ र नीतिगत सुधारको जिम्मेबारी संघीय सरकारले गर्नुपर्छ । नेपालमा गुरुकुललाई मूलप्रवाहीकरण गर्न देखिएका चुनौतीहरूलाई यसरी सूचीबद्ध गर्न सकिन्छ :

१. आर्थिक अभावको व्यवस्थापन (हामीसँग बजेटको कमी छ) ।

२. राजनीतिक इच्छाशक्ति छैन ।

३. राजनीतिक दवाव, शिक्षाक्षेत्रमा राजनीतिक पार्टीकरणले सिधा हस्तक्षेप गर्न खोज्ने प्रवृत्ति देखिएको छ ।

४. गुरुकुललाई स्वायत्तता प्रदान गर्न आनाकानी गरिएको छ ।

५. शिक्षक राजनीतिबाट टाढा हुन नसक्नु तथा टाढा बनाउने कोसिस नगर्नु ।

६. शिक्षकलाई आफ्नो विषयवस्तुमा केही न केही जानकारी भएको हुनुपर्ने ।

७. गुरुकुललाई गुरुकुल नै बनाउनु पर्छ, यसलाई आधुनिक शिक्षा गुरुकुलमा पढाए गुरुकुलको अस्तित्व नै सकिन्छ ।

**(ग) राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङदेनको दृष्टिकोण**

यो अध्ययन बारेमा अनुसन्धानकर्ताले राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङदेनसँग पनि गुरुकुल शिक्षाको मूलप्रवाहीकरणमा देखिएका समस्या, चुनौती र सम्भावनाका बारेमा छलफल गरेको थियो । नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण कसरी गर्ने भन्ने विषयमा उनको धारणालाई यहाँ प्रस्तुत गरिएको छ :

> अहिलेका राजनीतिक दलहरूसँग गुरुकुल तथा मूलतः संस्कृत शिक्षालाई उच्च प्राथमिकतामा राखेर आफ्नो एजेण्डा राख्ने त्यति ठुलो परम्परा छैन । तर आफ्नो चुनावी घोषणापत्रमा यी विषयहरू राख्ने पार्टी रा.प्र.पा हो । संस्कृत सबै भाषाहरूको जननी र मूल हो भन्ने हाम्रो ठम्याई हो र यो सत्य पनि हो । पछिल्लो कालखण्डमा गुरुकुल शिक्षा र संस्कृतलाई जबरजस्ती रूपमा समाप्त गर्ने दुष्प्रयास जसरी भएको छ, त्यसले हाम्रा भावी सन्तानले संस्कृत जस्तो महान भाषा र यसबाट प्राप्त हुने ज्ञान गुमाउनु पर्ने अवस्थाको सृजना भएको छ । पछिल्लो समयमा आएर विस्तारै यसको महत्त्वको बारेमा ज्ञान आम मानिसमा भइरहेको हामीलाई महसुस भएको छ । गुरुकुलको स्थापना पछिल्लो समयमा आएर केही हदसम्म बढ्दै गइरहेको देखिन्छ । यो शिक्षाका पुर्नस्थापनाको प्रयासहरू भइरहेका छन् । तर त्यो अप्रयाप्त छैन । त्यो व्यक्तिगत र सामुहिक तहमा भए पनि त्यस्तो प्रयास सरकारी तहबाटै हुनुपर्ने हो । भोलि हाम्रो ठाममा कर्मकाण्ड गर्ने मानिस नभेटिएला भन्ने सोचले मात्र ती नयाँ गुरुकुलहरू व्यक्तिगत र सामूहिक प्रयासमा

स्थापना भईरहेका हुन जस्तो लाग्छ । जुन कुरो गुरुकुल शिक्षाको पुर्नस्थापनाको लागि पर्याप्त छैनन् । संस्कृतको प्रवर्द्धन गर्ने दृश्यकासाथै गुरुकुल स्थापना र सञ्चालन हुनुपर्दछ । संस्कृत शिक्षासँग आधुनिक शिक्षालाई जोडेर लानुपर्छ । गुरुकुलको विकास सँगसँगै सामुदायिक विद्यालयमा गुरुकुल र संस्कृत शिक्षालाई जोडेर लानुपर्छ ।

लिङ्देनका अनुसार संस्कृत पढेर पश्चिमाहरू वैज्ञानिक बन्ने तर हामीहरू चाँहि संस्कृत पढ्दा मुर्ख बनिन्छ भन्ने सोचका पार्टीहरू पनि यो देशमा छन् । उँहाहरूले यस विषयमा जनतासँग क्षमा याचना गरी संस्कृत शिक्षालाई अगाडि बढाउन भुमिका खेल्न अगाडि आउनुपर्छ । सरकारले गुरुकूल शिक्षामा लगानी बढाउने कार्य गर्नु पर्दछ । गुरुकुलहरू राज्यले नाममात्रको सहयोग गरेको देखिन्छ । हामी चाही पश्चिमा शिक्षातिर मुर्खतापूर्ण रूपमा दौडिरहेका छौ । जसरी कस्तुरी आफ्नो नाभिमा बासना बोकेर जंगलमै भौतारिरहेको हुन्छ त्यसरी नै हामी मूर्ख बनिरहेका छौं । अहिले दुनियाँलाई के महसुस भइरहेको छ भने संस्कृत नै सबै भाषाको मूल रहेछ र पाँच दश हजार बर्ष पहिला लेखिएका ग्रन्थहरूमा आजको विज्ञानको दर्शन संस्कृतमा छ । पश्चिमाहरूले यो बुझेका छन् तर हामीहरूले नबुझेर यो शिक्षा अनावश्यक भनेर हिँडिरहेका छौं । हाम्रो शास्त्रमा पुष्पक विमानको बारेमा कति वर्ष अगाडि कुरा गरिएको थियो र पश्चिमा समाजले यसको परिकल्पना गरेको कति समय भयो । जेट विमानको आविष्कार भयो, त्यो धेरै समय भएको छैन उनीहरू वैज्ञानिक भए । तर हाम्रो शास्त्रमा त्यति पुरानो समयको पुष्पक विमानको सोच रुढीवादी र कल्पना मात्र हो भन्ने भाष्य निर्माण भयो ।

अभिभावक पश्चिमा शिक्षातिर आकर्षित भए । आज शिक्षाबाट पछाडि फर्कने कुरा त होइन, तर त्यो शिक्षा पनि हाम्रै शास्त्रको जगमा विकास भएको । महाभारतमा धृतराष्ट्र युद्धमा के भै रहेको छ भन्ने कुरा सजयले प्रत्यक्ष प्रसारण गरेका होइनन् ? के त्यो आधुनिक विकासको जग होईन ? हो यी सबै कुराको जग हाम्रो ।अवधारणा र विचार नै हुन् । हामी त संस्कार संस्कृति र अवधारणाका धनी मानिस हौ, अहिले आएर हामी पङ्गु बनिरहेका छौ भन्ने नजानी नजानी हामी हाम्रो आफ्नै भाषा र ज्ञान विज्ञानलाई घृणित नजरले फेरीरहेका छौं ।

## (घ) राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा पूर्व शिक्षामन्त्री शिशिर खनालको दृष्टिकोण

यो अध्ययनको सिलसिलामा अनुसन्धानकर्ताले राष्ट्रिय स्वतन्त्र पार्टीका शिक्षा हेर्ने व्यक्ति शिशिर खनालसँग पनि अन्तर्वार्ता गरेको थियो । यहाँ गुरुकुल शिक्षाको मूलप्रवाहीकरण सम्बन्धमा खनालको विचार प्रस्तुत गरिएको छ :

> हाम्रो दल रा.स्व.पा. नयाँ दल भएकाले हामीहरू विभिन्न विषयमा धारणा बनाउने क्रममा छौं । संस्कृतिसँग जोडिएका विषयहरूलाई संरक्षण र सम्बन्धद्वारा गर्नुपर्छ भन्ने त हाम्रो सोच छ तर गुरुकुलकै विषयमा त्यस्तो केही धारणा पार्टीमा बनेको छैन । नेपालको संस्कृतिको सम्बन्धन गर्नुपर्छ भन्ने मान्याता भएकोले हामी गुरुकुल लगायत शिक्षाको सम्बन्धमा ठोस धारणा बनाएर अघि बढ्नेछौँ । हाम्रो परम्परागत शिक्षा पद्धतिलाई दुई तरिकाबाट हेरिनुपर्छ । एउटा अहिले पनि शिक्षा प्रदान गर्ने गरिरहेका छन् बिभिन्न सस्थाहरूले र ती संस्थाहरूलाई कसरी मूलप्रवाहीकरण गर्ने, औपचारिक शिक्षाभन्दा पनि परम्परागत शिक्षण संस्थाहरूले शिक्षा प्रदान गरिरहेका छन् भन्ने विषयलाई राज्यले Recognize गरी दिने काम गरिनुपर्दछ । गुरुकुल शिक्षाले हामीलाई सिकाएको कुरालाई हामीले कसरी सामाजिकीरण गर्ने ? हाम्रो अहिलेको शिक्षा पद्धति पश्चिमी शिक्षाबाट निर्देशित छ । जसको आफ्नै महत्त्व भए तापनि हामीले हाम्रो संस्कृति, सभ्यता, साहित्य र दर्शनलाई हाम्रो शिक्षा पद्धतिमा सिकाउने वातावरण बनाउनु पर्छ ।
>
> म आफू पश्चिमी शिक्षा र आधुनिक विज्ञान मात्र सही हो र हाम्रो संस्कृति, सभ्यता, साहित्य र दर्शन रुढिवादी हो जसले केही सिकाउँदैन भन्ने वातावरणमा हुर्केको तथा मेरा समकक्षी साथीहरू र आजका विद्यार्थी भाइबहिनीहरू पनि यसरी नै हुर्किरहेको परिप्रेक्षमा, नेपाली समाज बन्नुमा शिक्षाको ठुलो हात हुन्छ, त्यसैले हामीले अब पूर्वीय शिक्षा पद्धतिको अवयवहरू जोड्नुपर्छ ।

उनका अनुसार उनी नेपाली भएर पनि अमेरिकामा पढ्न जाँदाको समयमा मात्र त्यहाँका मानिसले हाम्रो संस्कृति र सभ्यता तथा सनातन परम्पराको बारेमा world Religion भन्ने Class मा गएर पढ्न पाए । पश्चिमाहरू हाम्रो सभ्यता पढिरहेका छन् तर हामीहरू आफ्नो सभ्यतालाई घृणा गर्ने अवस्थामा रहेकोले मैले के भन्छु भन्दा जसले आफ्नो धर्म संस्कृतिमा गर्व गर्न सक्दैन त्यसले विकास भन्ने चिज पनि गर्न सक्दैन । त्यसकारण नेपालको हालत आज यो अवस्थामा छ । हाम्रो सभ्यता, धर्म र संस्कृतिले प्रदान गर्ने शिक्षाले सीपसँग जोड्न नसकेको यदि हामीले हाम्रो परम्परागत सनातनी गुरुकुलीय शिक्षालाई सीपसँग जोड्न सक्यौ भने हामीले द्रुतगतिमा प्रगति गर्न सक्छौँ । हाम्रो परम्परागत शिक्षालाई सीपसँग जोड्न सके त्यो नै मूलप्रवाहीकरण हुन्छ । पश्चिमाहरू योग विज्ञान देखि लिएर हाम्रा अरू विषयहरूको रिसर्च गर्दै हाम्रा मूल्य मान्यताबाट सिकेर अगि बढिरहेका छन् भने हामी आफै आफ्ना मूल्य मान्यतालाई मास्न गइरहेका छौ । हामीले हाम्रा सबै सामुदायिक विद्यालयमा हाम्रा शास्त्रीहरू पढाउन पर्छ । हाम्रो दर्शन जीवन कसरी बाच्ने ? अर्को जीवन र सृष्टिलाई कसरी बुझ्ने र त्यसबाट कसरी मुक्ति प्रदान गर्ने ? भन्ने विषयलाई हरेकले बुझ्नु पर्दछ ।

### (ङ) नेकपा माओवादीका नेता तथा पूर्व शिक्षामन्त्री दिनानाथ शर्माको दृष्टिकोण

यो अध्ययनको क्रममो नेकपा माओवादी केन्द्रको अवधारणा वुझ्नका लागि उक्त पार्टीबाट शिक्षा मन्त्री समेत बनिसकेका र हाल त्यो पार्टीका सचिव दीनानाथ शर्मासँग अन्तर्वार्ता गरिएको थियो । यस सम्बन्धमा उनको कथन छ :

> म शिक्षामन्त्री पनि भएँ । शिक्षामन्त्री छँदा गुम्बा, मदरसा र गुरुकुललाई सँगै अगाडि बढाउनु पर्दछ भन्ने कुरा भएर त्यस समयमा शिक्षा ऐनमा यसलाई Main Streaming मा पारेर राज्यका तर्फबाट प्राथमिकता र महत्त्वका साथ यी शिक्षाहरूलाई अध्ययन अनुसन्धानको केन्द्रमा राखी अगाडि बढाउनु पर्छ भन्ने मान्यता अगाडि सारिएको थियो । राज्यका तर्फबाट यी तीनओटै शिक्षा उपेक्षित छन् । राज्यले केही सहयोग गरेर मात्र धानिएका छन् । यी तीनओटै शिक्षालाई मूलधारभित्र

पारेर अगाडि बढाउनुपर्छ । यो गुरुकुलमा धर्म, संस्कार, संस्कृत, इतिहास सबै जोडिएको छ । संस्कृत भाषा सबैभन्दा पुरानो भाषा हो । वैदिक कालमा रचना भएको वेद जर्मनी, फ्रेन्च, अङ्ग्रेजी आदी भाषामा अनुवाद भएको छ । अन्तराष्ट्रिय स्तरमा संयुक्त राष्ट संघले विश्वसम्पदा सूचीमा समावेश गरेको छ । पछिल्लो चरणमा अध्ययन अनुसन्धान भएको छ । हामीले यसको महत्त्व थाहा पाउन सकेनौ पश्चिमाहरूले विज्ञानसम्मत रूपले अनुसन्धान गरेका छन । संस्कृत भाषालाई शुद्ध भाषाका रूपमा मानिएको छ ।

पाणिनि व्याकरणको सूत्रअनुसार बनेको संस्कृत भाषा संसारको सर्वोत्कृष्ट भाषाका रूपमा रहेको छ । तर दुःख र दुर्भाग्यको कुरा हामीले यसको महत्त्व बुझ्न र बुझाउन सकेनौँ । गुरुकुल भनेको केवल कर्मकाण्डी शिक्षाको रूपमा मात्र परिभाषा गर्नु दुर्भाग्य भयो । यसलाई कर्मकाण्डी शिक्षाका रूपमा मात्र नभएर धार्मिक शिक्षाका रूपमा अगाडि बढाउनु पर्ने हो । पश्चिमाको इतिहास मात्र दुई हजार पच्चीस सय वर्ष पुरानो हो भने हाम्रो इतिहास दशहजार वर्ष पुरानो रहेको छ । यो हिमाली दर्शन हो । यो दर्शनको महत्त्वपूर्ण भाषा संस्कृत हो । हिमाली दर्शन अन्तर्गत नेपाल सहित विभिन्न मुलुकहरू पर्दछन् । पहिला यसको अध्ययन गर्न नालन्दा, बनारस, काशी जस्ता ठाउँहरू थिए । त्यहाँ बाट अध्ययन अनुसन्धान हुने गर्दथ्यो ।

उनका अनुसार गुरुकुल शिक्षाको सम्भावनाको कुरा गर्दा बुद्धले दिनुभएको शिक्षा धेरै महत्त्वपूर्ण छ । यसलाई मध्यमार्गका रूपमा लिएर जानुपर्छ । शिक्षक त गुरु नै हुनुपर्छ । गुरु बाहेक अरूलाई शिक्षक बनाएर हुदैन । एउटा गुरुले आफ्नो सोच क्षमता भावना काम लिएर आएको छ त्यो धेरै मूल्यवान हो । अहिले आउने शिक्षकमा पनि त्यो हुनुपर्छ । तर एउटा यस्तो सिस्टम हुनुपर्यो कि गुरु भएर आउनेले लिएर आएका लाइन ठिक छ छैन त्यसलाई Check and Balance गर्ने हुनु पर्यो । गुरुकुलमा जसरी शिक्षकले लगनशीलताका साथ पढाइरहेको छ, त्यही लगनका साथ अहिले पनि पढाउने हो भने अहिलेको शिक्षा पनि कहाँ पुग्थ्यो होला ? नेपालका अधिकांस स्कुलहरूमा आधुनिक शिक्षा चलेको छ । गुरुकुल शिक्षा

सीमित ठाउँमा मात्र छ । नेपालमा हामीले पाश्चात्य शिक्षामा जोड दिएका हौ कि गुरुकुलको मूलप्रवाहीकरण गर्न नसकेका हौ ? भन्ने विषयमा दीनानाथ शर्माको यस्तो विचार व्यक्त भएको छ । भारतमा अङ्ग्रेजले शासन गरे । शासन गर्ने क्रममा उनीहरूले संसद् बाटै अङ्ग्रेजी शिक्षा लागू गर्न निर्णय गराए । Lord Makale ले यो क्षेत्रमा हाम्रो शासन सत्तालाई अक्षुण राख्नका लागी राजनीतिक सत्ता छाडन परेतापनि भाषा र संस्कृतिका रूपमा हाम्रो शासन सत्ता एकछत्र रूपमा रहन्छ भन्ने उद्देश्यले उनीहरूले अङ्ग्रेजी भाषाको सुरुवात गरेका हुन् । अङ्ग्रेजी भाषा हाम्रो देशमा Lord Makale ले तत्कालीन समयमा Impose गरेको विष वृक्ष हो । यो त एउटा भाषा मात्र हो । यो भाषा २००७ साल पछि नेपालमा आयो । त्यसैलाई हामीले अनुशरण गरिरहेका छौं । हाम्रो शिक्षा ऐन, २०२८ सालमा पञ्चायतले बनाइदिएको ऐन हो । यस्तो शिक्षाबाट हामी मुक्त हुनका लागी नीतिगत रूपमै परिवर्तन गर्नु पर्दछ । पुरानो संस्कृतिलाई स्थापित गर्नका लागी गुरुकुल शिक्षालाई अगाडि बढाउनु पर्दछ भन्दै गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका सम्भावना र चुनौतीका बारेमा धारणा राख्नुभएको छ ।

### ४.४.३ गुरुकुलका शिक्षक तथा अन्य सहभागी विद्वान्हरूका धारणा

हिन्दुहरूको लागि विशेष तीर्थस्थल समेत रहेको देवघाटमा गुरुकुलहरू सरकारी सहयोग विना पनि सञ्चालनमा रहेको यसका शिक्षकहरू, संचालक एवम् संरक्षक पीठाधिशहरूको भनाई छ । यस शोधकार्यमा पवित्र स्थल देवघाटका विभिन्न गुरुकुल विद्यालयमा कार्यरत केही शिक्षकहरूलाई चुनौतीका सम्बन्धमा अन्तर्वार्ता लिइएको र सान्दर्भिक भनाईहरूलाई प्रस्तुत गरिएको छ ।

नेपाल संस्कृत विश्वविद्यालयका उपप्राध्यापक तथा महेश संन्यास आश्रम गुरुकुलका प्राचार्य कमल सुवेदीले उक्त गुरुकुलमा वर्तमान समयमा राज्यले गरेको विभेदको उदाहरण दिँदै आफनो धारणा यसरी राख्नु भएको छ । हामीले हाम्रो गुरुकुलमा शिक्षा विकास तथा समन्वय इकाइबाट कुनै शिक्षक प्राप्त गरेका पनि छैनौँ, माग गरेका पनि छैनौँ, किनकि सामुदायिक शिक्षकका बिभिन्न संघ संगठनहरू छन् जुन राजनीति गर्ने खालका भएकाले

हामीले माग नगरेका । दरबन्दी दियो भने स्वीकार गर्छौं । स्थानीय निकायबाट हुने तालिम गोष्ठीमा हामीले हाम्रा शिक्षकहरू पठाउँछौं, अन्य संस्थाहरूले पनि तालिम दिने गरेका छन् । हामीलाई भवन तथा फर्निचर र अन्य भौतिक पूर्वाधारको कुनै समस्या छैन ।

त्यस्तै राम जानकी गार्गी कन्या गुरुकुल विद्यालय देवघाट, चितवनका प्रधानाध्यापक खेमनाथ चालिसेका अनुसार छोरीहरूको लागि पढाइ हुने यस गुरुकुल स्वर्गीय अंगुरबाबा जोशीले २०६६ सालमा अनुमति लिएर काठमाडौंको मालीगाउँमा विधिवत दर्ता गरेर काठमाडौंमा रहेको उक्त छात्रा गुरुकुल र देवघाटको यही ठाउँको विद्यालय मर्ज भई रामजानकी गार्गी कन्या गुरुकुल विद्यालयको रूपमा २०७३ देखि सञ्चालन भएको यस गुरुकुलमा सुरुमा भौतिक संरचनाको समस्या थियो तर हाल भौतिक अवस्था राम्रो, विद्यार्थीहरू खोज्न जानु नपर्ने समावेशी रूपमा क्राइटेरिया बनाएर छनोट गरिने, ४२ जिल्लाका ५५ जना बालिकाहरूले अध्ययन गर्ने गरेका छन् निजहरूले निशुल्क रूपमा पठन पाठन गरिरहेका छन् । तर दलित बालिकाहरूलाई गुरुकुलीय पद्धति अनुकूलन गर्न कठिन भएको अवस्था छ । हाल जम्मा ३ जना दलित बालिका रहेका छन् । उनीहरूको स्थायित्वका लागि हाम्रो धर्म संस्कृतिमा तिनीहरूको समेत योगदान लिन वा समाजमा डेलिभरीका लागि दलित महासंघ सँग समेत छलफल एवम् अन्तरक्रिया गरी विद्यार्थीहरू जुटाइदिन अनुरोध भएको । अन्य तामाङ, चौधरी, राना मगर, वि.क. लगायतका बालिकाहरू नियमित रूपमा पढिरहेको अवस्था । दलित बालिकाहरूको टिकाउ दर कम भएको कारण निजहरूको समुदायले साथ नदिएको जस्ता चुनौतीहरू देखिन्छन् ।

अन्य गुरुकुलका प्राचार्य अनुसार विश्वविद्यालय तहबाट प्रवीणता प्रमाण तहलाई फेज आउट गरिरहँदा पनि गुरुकुलीय शिक्षा अध्ययनरत विद्यार्थीमा यसको कुनै समानीकरण नभएको अवस्था छ । यसबाट पनि गुरुकुलमा अध्ययनरत विद्यार्थी सरकारी नीतिको पक्षपातमा परेको स्पष्ट भएको छ । सरकारको यो नीतिका कारण आज आफूले पढेको पाठचक्रमबाट परीक्षा दिनबाट गुरुकुलका विद्यार्थी वञ्चित रहेको अवस्था छ । सन्यासी, स्वामी र आचार्यहरूले दान, दातव्य, मुष्टि र भिक्षा सङ्कलन गरेर चलाएका शैक्षिक संस्था

गुरुकुल को मान्यता र निरन्तरताको लागि अदालतसम्म पुग्नु पर्ने कस्तो विडम्बनायुक्त दृष्टिकोण नहुदाँसम्म यो शिक्षाको मूलप्रवाहीकरण हुन नसक्ने उनीहरूको विश्वास रहेको छ । त्यसैले गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि शैक्षिक क्षेत्रमा देखिएको विभेदकारी नीतिको परिमार्जन र एकरूपता आजको आवश्यकता हो भनेर सरोकारवालाहरूले बुझ्नु र यसको कार्यान्वयनमा ध्यान दिन सक्नु पर्दछ ।

आफैमा त्यागमा जीवन व्यतीत गर्दा गर्दापनि स्वामीहरूले अरूका सन्तानको अभिभावकत्व वहन गर्नु मोक्ष प्राप्तको मार्ग मात्र हो । तर पनि स्वामीहरू संस्कृत शिक्षाको श्रीवृद्धि र यसलाई अन्तराष्ट्रिय स्तरमा कसरी पुऱ्याउन सकिन्छ भन्न दत्तचित्त भएर लागेका छन् । तर सरकार र शिक्षा मन्त्रालय यसप्रति उदासीन रहेको अवस्था छ र यस्तो व्यवहारले आफूहरू संरक्षक रहेका शैक्षिक (गुरुकुल) संस्था विभेदमा परेको गुरुकुलका संरक्षक स्वामीको गुनासो रहेको छ र यस्तो भेदभावपूर्ण नीतिले अर्थात् सरकारी नीतिमै फेरबदल नभएसम्म गुरुकुल शिक्षाको मूलप्रवाहीकरण हुन नसक्ने चुनौती रहेको उनीहरूको तर्क रहेको छ ।

पछिल्ला दिनमा शहरमा भेटिने युट्युबरले बाबाहरूलाई गुरु मानेर प्रमोसन खान पल्किएका सरकारी कर्मचारीलाई सत्मार्ग स्वामी, सन्यासी र प्राचार्यहरूका सल्लाह र सुझावको कुनै अर्थ नभएको उनीहरूको गुनासो रहेको छ । आफ्ना मूल्य मान्यतासहित सरकारी नीतिमा गुरुकुल शिक्षाको महत्त्व र नीतिगत परिवर्तनको माग गर्दा उनीहरू सरोकारवाला निकायबाट अपमानित हुनु परेको तीतो अनुभव उनीहरूसँग छ । आज उनीहरूको त्याग र स्वामीहरूले समाजका लागि गरेको योगदान देख्न सरकार तयार छैन भन्ने उनीहरूको दृष्टिकोण रहेको छ ।

हरिहर सन्यास आश्रमका अध्यक्ष एवम् परमानन्द गुरुकुलका संरक्षक स्वामी ज्ञानानन्द सरस्वतीले शिक्षामा जारी विभेदले नेपाली मौलिकता नै विलुप्त भएको उल्लेख गरेका छन् । उनका अनुसार अहिलेको समाज अवस्था संस्कार विहीन शिक्षाको उपज हो भन्ने उनको बुझाई

रहेको छ । जुन शिक्षामा सदाचार, शील स्वभाव र संस्कार हुदैन्, त्यस्तो शिक्षाले कस्तो नागरिक जन्माउला ? उनले चुनौतीपूर्ण प्रतिप्रश्न गरेका छन् । उनी भन्छन् :

> ब्रिटिश प्रशासक लर्ड मैकालेले सन् १८३५ मा भारतका लागि प्रतिपादन शिक्षा पद्धति नेपालका लागि उपयोगी नरहेको उनको सुझाव छ । भारतमा तत्कालीन समयमा कर्लकको अभाव थियो । तर नेपालमा यतिबेला मौलिकताको अभाव छ । त्यसैले शिक्षा पद्धतिमा परिवर्तन आवश्यक रहेको प्राचार्यहरूका सुझाव छ । मौलिकता विनाको शिक्षाले व्यक्तिलाई धन वैभवले समृद्ध त बनाउला ? तर यसले समाजमा निस्वार्थ योगदान सिकाउँदैन । त्यसैले २०२८ सालमा नयाँ शिक्षा नीतिको योगी नरहरीनाथ र स्वामी परमानन्द महाराजले विरोध गरेको आचार्य केशव चैतन्यले स्मरण गरेका छन् । शिक्षाको नीति निर्माण तहमा पुगेका अधिकारीहरूले आफ्नो जिम्मेवारीलाई सम्यक विवेक मनन गर्न नसक्दा नेपालको शिक्षामा मौलिकता मासिँदै गएको उनको बुझाइ छ । त्यसैले यी सरोकारवालाहरूले संस्कृत शिक्षाको महत्त्व र अर्थ नबुझेका हुन् भन्ने उनीहरूको ठम्याइ रहेको छ । एकल गुरुकुलमा नै नभएर संस्थागत रूपमा सञ्चालित गुरुकुलहरू सहकारबाट उपेक्षित हुनु आँफैमा दुःखद भएको उनीहरूको भनाइ छ । देवघाटमा मात्र कुल ३ वटा गुरुकुल सञ्चालनमा छन् । तीनैवटा गुरुकुल सन्यासी एवम् स्वामीहरूले स्थापना र सञ्चालन गरेका हुन् । जहाँ पछिल्ला वर्षमा नेपालका मात्र नभएर भारत प्रवासका नेपाली परिवारले समेत आफ्ना सन्तान अध्ययनका लागि ल्याउने गरेका छन् । काशीस्थित सम्पूर्णनन्द संस्कृत विश्वविद्यालयका आचार्य (डीन) ले समेत काशीका गुरुकुलमा भन्दा राम्रो संस्कार देवघाटका गुरुकुलमा रहेकोले आफ्नो सन्तान देवघाट ल्याएर भर्ना गराएको बताएका छन् । यसले पनि राज्यस्तरबाटै उपेक्षा भए पनि नेपालका गुरुकुलहरू संस्कारयुक्त शिक्षावाट निर्देशित भएको प्रमाणित हुन्छ ।

उनका अनुसार देवघाटका गुरुकुलहरू नेपालका विशिष्टखाले गुरुकुलहरू हुन् । यहाँका गुरुकुलहरूका कक्षा ६ मा अध्ययन गर्ने गरी विद्यार्थी आउँछन् र निरन्तर १२ वर्ष

अध्ययन गरेपछि आचार्य (एमए) सम्मको शिक्षा प्राप्त गरेर उनीहरू फर्किन्छन् । उनीहरूका लागि आवासीय व्यवस्था सहित अध्ययन अवसर गुरुकुलले उपलब्ध गराउँदै आएका छन् । तीन वटै गुरुकुलमा आवासीय सुविधा छ । परमानन्द गुरुकुलम संस्कृत विद्यालय (२०२८), महेश संस्कृत गुरुकुल विद्यालय र गलेश्वर बेद वेदाङ्ग गुरुकुल सालमा स्थापना भएका हुन् । महेश संस्कृत गुरुकुलमा आचार्य (एमए) सम्म कै अध्ययन अध्यापन हुने गरेको छ । परमानन्द गुरुकुलमा शास्त्री (बीए) सम्मको अध्ययन अध्यापन हुने गरेको छ । उल्लेखित गुरुकुलले नेपाल संस्कृत विश्वविद्यालयबाट सम्बन्धन पाएका छन् । गलेश्वर गुरुकुलमा वेदको मात्र अध्ययन, अध्यापन हुने गरेको उनीहरूले अध्ययनको क्रममा चलाएबाट देवघाटमा रहेका गुरुकुलले नेपालमा उच्चस्तरको शिक्षा प्रदान गरेको पुष्टि गरेको छ ।

श्री १००८ स्वामी परमानन्द सरस्वती महाराजले देवघाटमा पहिलो परमानन्द गुरुकुल आफ्नै पहलमा स्थापना गरेको प्राचार्य सुभाव चैतन्यले जानकारी गराएका छन् । उनका अनुसार यी तीन वटै गुरुकुलमा विद्यालय शिक्षाका लागि कक्षा १२ सम्मको तहगत मान्यता र स्वीकृति प्राप्त छ । ती गुरुकुलमा करिब ७ सय विद्यार्थी अध्ययनरत छन् । नेपाल संस्कृत विश्वविद्यालयले विश्वविद्यालयको शिक्षाका लागि परमानन्द र महेश गुरुकुलमा २/२ जना प्राध्यापक काजमा उपलब्ध गराएको छ । त्यसका अतिरिक्त त्यहाँ अन्य निरन्तररूपमा प्राप्त हुने कुनै स्रोत नरहेको उनको भनाई रहेको छ । जबकी राजधानीस्थित वाल्मीक क्याम्पसमा विद्यार्थी भन्दा प्राध्यापकहरूको सङ्ख्या धेरै रहको अवस्था छ । यसबाट पनि नेपालका संस्कृत विद्यालयहरूमा सरकारको समान नीति नरहेको स्पष्ट भएको छ । उनीहरूका अनुसार गलेश्वर गुरुकुलमा उमावि तहसम्म मात्र अध्यापन हुने गरेको छ । विश्वविद्यालय तहको सम्बन्धन आवश्यकता नै रहेन । राजधानीको वाल्मीकी र दाङको बेलभ्रुण्डी केन्द्रिय संस्कृत क्याम्पसको उच्च शिक्षा विश्वविद्यालय तह अध्ययन गर्न जाने अधिकांश विद्यार्थी देवघाटका नै हुने गरेको आचार्यहरूको दावी छ ।

यसरी नै लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्व उपकुलपति डा. हृदयरत्न बज्राचार्यका अनुसार गुरुकुल शिक्षालाई किन बचाउने भन्ने कुरा हो । यो यति राम्रो छ यसलाई बचाएर

लाने भन्ने एउटा पाटो हो भने हाम्रो संस्कृतिलाई बचाएर लाने अर्को पाटो हो । त्यो भन्दा माथिल्लो कुरा विश्वमा मानव मूल्य मान्यतालाई गहिरिएर विचार गरेर हेर्दा संवेदनशिल समाज जुन समाजमा वसुधैव कुटुम्बकम्को अवधारणा र हरेक व्यक्तिलाई ब्राम्हण विहार गर्न सकिने मैत्री करुणा मुदिता र उपेक्षा भाव त्यसले युक्त व्यक्तित्वको समाज बनाउनका लागी हाम्रो मानिसले बनाउन सकिने सबैभन्दा माथिल्लो भाव त्यही हो । यो माटो ढुँगा भन्दा एक तह माथि इन्द्रिय भएको इन्द्रिय भन्दा एक तह माथि मन भएको र मन भएको भन्दा पनि एक तह माथि बुद्धि भएको र सबैभन्दा माथि भावनात्मक रूपमा ईश्वरका बुझेको मान्छे भनी गितामा भनिएको छ । बुद्धि भएर मात्र हुँदैन । रसियन अमेरिकन चाइनिजहरूको बुद्धि छ तर त्यसले मान्छेलाई लडाइ रहेको छ । आपसी वैमनस्यता बढाइराखेको छ । तर यस्तो शिक्षा कम्तिमा गुरुकुल शिक्षाले दिँदैन । यसै प्रसंगमा उनी भन्छन् :

> हाम्रो गुरुकुललाई विद्यालय शिक्षातिर मुलप्रवाहिकरण गर्ने होइन कि विद्यालय शिक्षालाई कसरी गुरुकुल शिक्षामा परिणत गर्ने भन्ने तिर हाम्रो बहस छलफल अगाडि जानु पर्दछ ।
>
> एउटा गुरुको आचरण सिकेर २, ४ जना विद्यार्थी निस्कन्छन्, आफूलाई परिवर्तन गर्ने या गुरुकै आचरण अनुसार समाजमा लगेर आफूलाई प्रतिस्थापन गर्ने भनेर समाजमा गएका हुन्छन् । आधुनिक शिक्षा अनुसार अहिलेको समयमा मानिसले धेरै क्षेत्रतिर ज्ञान भएको धेरै शिक्षकले पढाएका हुन्छन् Technology तिर पनि ज्ञान भएका छोरा छोरी भएमा भोलि उसले विभिन्न अवसर पाउँछन् भन्ने तिर ध्यान जाँदो रहेछ, यसले गर्दा अहिलेका मानिसले आधुनिक शिक्षा राम्रो हो भनेर परिभाषित गर्छन् नि ? मानिसले कुन लेभलमा बुझेर भनेको हो त लैलैमा भनेको हो कि बुझेर भनेको हो ? भनेर राम्रो सँग चिन्तन मनन गर्नुपर्छ । व्यक्तिको जिन्दगी भनेको व्यक्तिगत मात्र हुन्छ । कसैले कसैको लागि सास फेर्न, कमाउन सक्दैन त्यसैले व्यक्ति बनाउनु पर्छ । बुद्धको शिक्षा ज्यादै सशक्त, अकाट्य र संसारमा लागू हुन्छ र

भइ पनि राखेको छ । त्यसमा ३ वटा कुरा छन बुद्ध, धर्म र संघ । बुद्ध व्यक्ति होइन । उनले बोधि ज्ञान प्राप्त गरेर बुद्ध बनेका हुन् । बुद्ध भनेका Knowledge and Wisdom का प्रतीक हुन् । त्यसलाइ व्यवहारमा पालन गर्ने भनेको धर्म हो । हाम्रो पूर्वीय दर्शनमा धर्म भनेको सम्प्रदाय होइन । जुन कुरा अवश्यम्भावी हुन्छ त्यो धर्म हो । धर्म सत्यसँग जोडिन्छ । गुरुकुल, गुम्बाले सिकाउने भनेको हिन्दु धर्म, बौद्द धर्म होइन । यिनिहरूले सिकाउने भनेको धर्म हो । यसमा समस्या दृष्टिकोणमा आउँछ । गुरुकुल पढाउनेले शुद्ध ब्राह्मणलाई मात्र पढाउँछु भनेर जातीय सँकिर्णतामा गएको छ । त्यसले अहंकार र समाजमा विभाजन ल्याउँछ । हाम्रो समाज विभाजन भएको मुख्य कारण यही हो । अर्को कुरा गुरु नराम्रो भयो भने के गर्ने भन्ने हो । त्यो जमानामा धेरै विधाहरू थिएनन् । शिक्षा भर्खरै विकास भएर अगाडि बढ्दै थियो ।

यसरी नै गुरुकुल शिक्षाका सम्भावनाका बारेमा बज्राचार्यका अनुसार बुद्धले दिनुभएको शिक्षा धेरै महत्त्वपूर्ण छ । यसलाई मध्यमार्गका रूपमा लिएर जानुपर्छ । शिक्षक त गुरु नै हुनुपर्छ । गुरु बाहेक अरूलाई शिक्षक बनाएर हुँदैन । एउटा गुरुले आफ्नो सोच क्षमता भावना काम लिएर आएको छ त्यो धेरै मूल्यवान हो । अहिले आउने शिक्षकमा पनि त्यो हुनुपर्छ । तर एउटा यस्तो सिस्टम हुनुपर्‍यो कि गुरु भएर आउनेले लिएर आएका लाइन ठिक छ, छैन त्यसलाई Check and Balance गर्ने हुनु पर्‍यो । गुरुकुलमा जसरी शिक्षकले लगनशीलताका साथ पढाइरहेको छ, त्यही लगनका साथ अहिले पनि पढाउने हो भने अहिलेको शिक्षा पनि कहाँ पुग्थ्यो होला ? भन्दै गुरुकुलको महत्त्व दर्शाउनु भएको छ ।

### ४.४.४ गुरुकुलमा अध्ययनरत विद्यार्थीहरूको दृष्टिकोण

गुरुकुल शिक्षा परम्परागत शिक्षा भए पनि यसको महत्त्व वर्तमान समयमा अझ झन वढेर गएको छ । गुरुकुल शिक्षाको मूलप्रवाहीकरणमा देखिएका चुनौती र सम्भावनाको विषयमा गरिएको यो अध्ययनमा विद्यार्थीहरूको गुरुकुलप्रतिको दृष्टिकोणलाई यो अध्ययनमा समावेश गरिएको छ । यो अध्ययनमा गुरुकुलकावारेमा रहेका अध्ययनहरू अनुसन्धान

प्रतिवेदनहरू र अन्य सन्दर्भ स्रोतहरू तथा स्थलगत अध्ययनमा विद्यार्थीहरूसँग अन्तर्वार्ताका माध्यमबाट सङ्कलन गरिएका सूचनाहरू समेतको विश्लेषण गरिएको छ ।

गुरुकुल शिक्षाप्रति विद्यार्थीहरूको बुझाइलाई हेर्ने हो भने उनीहरूले पनि यो शिक्षालाई परम्परागत शिक्षाको रूप बुझेका छन् । गुरुकुल एउटा विद्यालय, जहाँ विद्यार्थीहरू आफ्ना शिक्षकहरू सँगै बस्छन् र शैक्षिक ज्ञान सहित जीवनका विभिन्न पक्षहरूलाई समेट्ने समग्र शिक्षा जस्तै शारीरिक फिटनेस, नैतिक मानकहरू, र व्यावहारिक सीपहरू सिक्छन् । विद्यार्थीहरूको बुझाई अनुसार आधुनिक समयमा, शिक्षाको मूलप्रवाहीकरण गर्ने सन्भर्दमा गुरुकुल शैलीको शिक्षालाई पुर्नस्थापनाको गर्ने प्रयासहरू भए पनि उनीहरूको विचारमा यो पर्याप्त नभएको उनीहरूको बुझाई रहेको छ । समकालीन शैक्षिक विधिहरूमा जस्तै परम्परागत गुरुकुल शिक्षाको मूलप्रवाहीकरणमा नीतिगत र व्यावहारिक समस्या रहेको विद्यार्थीहरूको बुझाई रहेको छ । तर गुरुकुल शिक्षाले विद्यार्थीहरूविच गहिरो समझदारीलाई बढावा दिन, आलोचनात्मक सोचलाई बढावा दिन र विद्यार्थीहरूमाझ नैतिक मूल्यमान्यता जगाउने काममा गुरुकुल शिक्षाको महत्त्वपूर्ण योगदान रहने कुरामा सबै विद्यार्थीहरूको विश्वास रहेको छ ।

गुरुकुल शिक्षाको मूलप्रवाहीकरण वर्तमानको आवश्यकता हो भने यो शिक्षा नेपालको भविष्य पनि हो । कठोर अनुशासन गुरुकुल शिक्षाको पहिलो शर्त हो । केही विद्यार्थीहरूले गुरुकुल शिक्षालाई अत्यधिक अनुशासित र कठोर शिक्षा र शैक्षिक विधि भएको शिक्षा मान्दछन् । चरित्र निर्माण, आत्म अनुशासन, र नैतिक मूल्यमान्यतामा यो शिक्षा केन्द्रित रहेको कुरा उनीहरू स्वीकार गर्दछन् र तिनीहरू विश्वास के विश्वास गर्छन् भने यो शिक्षाले विद्यार्थीहरूलाई नैतिक र आदर्शवान अनुशासित बनाउने कुरामा केन्द्रित रहने उनीहरूको धारणा रहेको छ ।

यो गुरुकुल शिक्षा केही प्रतिबन्धात्मक रहेको गुरुकुल शिक्षामा संग्लन विद्यार्थीर्हरुको धारणा रहेको छ । उनीहरूका अनुसार यो शिक्षामा आधुनिक शिक्षण विधि, प्रविधिको अभाव रहेको छ । यो शिक्षामा उच्च शिक्षा वा रोजगारीका अवसरहरूको कमी रहेको उनीहरूको

धारणा रहेको छ । तर यसको मूलप्रवाहीकरणमा व्यापक समस्याहरू रहेका छन् । अन्तर्वार्ताको क्रममा विद्यार्थीहरूले निम्न चुनौतीहरूलाई औल्याएका छन् ।

**(क) पूर्वाधार र अन्य स्रोतहरूको व्यवस्थापन**

गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि आज पर्याप्त विद्यालयहरू छैनन्, भएका गुरुकुलहरूमा पनि पर्याप्त पुर्वाधार र स्रोतहरू जस्तै वजेट आदिको अभाव रहेको छ । त्यसैले गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि आवश्यक पूर्वाधार र अन्य स्रोतहरूको व्यवस्थापन राज्यले गर्नुपर्ने कुरामा विद्यार्थीहरूको जोड रहेको छ ।

**(ख) समयानुकूल पाठचक्रमको निर्माण**

गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्नका लागि यो शिक्षाको घोषित उदेश्य स्पष्ट हुन आवश्यक छ । गुरुकुल शिक्षावाट प्राप्त हुने घोषित उदेश्यहरू पुरा गर्नका लागि समय अनुकुल पाठचक्रमहरूको निर्माण गरिनुपर्ने विद्यार्थीहरूको मत रहेको छ । समयअनुकुल पाठचक्रमको विकास र निर्माण विना न त यो शिक्षाले आफ्नाघोषित उदेश्य नै पुरा गर्न सक्दछ न त यसले मूलप्रवाहीकरणको स्थान नै प्राप्त गर्न सक्दछ । त्यसैले यसको मूलप्रवाहीकरणका लागि आधुनिक पाठचक्रमको निर्माण र यसको मानकीकरणलाई जोड दिनु पर्दछ ।

**(ग) दक्ष शिक्षकहरूको व्यवस्थापन र तालिमको व्यवस्था**

गुरुकुल परम्परामा आधारित शिक्षामा आज पनि पर्याप्त शिक्षकहरू छैनन् र भएका पनि दक्ष छैनन् । त्यसैले गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि यो शिक्षालाई समय सापेक्ष अनुकूलन गर्नका लागि र यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि दक्ष शिक्षकहरूको व्यवस्था र उनीहरूलाई शैक्षिक तालिमको व्यवस्था राज्यवाट गरिनुपर्ने विषयलाई पनि विद्यार्थीहरूले गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको चुनौतीको रूपमा लिएका छन् । यसका अतिरिक्त गुरुकुल शिक्षामा अन्य शिक्षा प्रणालीको तुलनामा शिक्षक विद्यार्थी अनुपात समेत नमिलेको उनीहरूको तर्क रहेको छ ।

### (घ) अभिभावकको अपेक्षाहरू सम्वोधन गर्ने शिक्षाको रूपमा विकास

आज पनि गुरुकुल शिक्षाप्रति अभिभावकहरूको स्पष्ट दृष्टिकोण छैन । उनीहरू आफ्ना वच्चाहरूलाई गुरुकुल विद्यालयहरूमा पठाउन चाहँदैनन् । अर्थात् गुरुकुल शिक्षाले उनीहरूका जीविकाका प्रश्नहरू सम्बोधन गर्ने कुरामा अभिभावकहरू विश्वस्त हुन सकिरहेका छैनन् । यो शिक्षाले रोजगारी सिर्जना र आम्दानी गर्न सक्दैन भन्ने आम अभिभावकहरूको बुझाइ रहेको छ । त्यसैले गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्नका लागि यसप्रति रहेको अभिभावकहरूको बुझाइलाई परिवर्तन गर्न आवश्यक रहेको तर्क विद्यार्थीहरूको रहेको छ ।

### (ङ) मूल्याङ्कन र मानकीकरणमा परिमार्जन

अहिले पनि गुरुकुल शिक्षाको मुल्याकन विधि वैज्ञानिक छैन र यसको मानकीकरणमा समेत समस्या रहेको छ । त्यसैले यो शिक्षाको मूलप्रवाहीकरणका लागि परम्परागत मुल्याकन विधि र यसको मानकीकरणमा परिमार्जन आवश्यक रहेको तर्क गुरुकुलका विद्यार्थीहरूको रहेको छ ।

### ४.४.५ अन्य चुनौतीहरू

गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्ने सन्दर्भमा अन्य थुप्रै चुनौतीहरूका वावजुद यो शिक्षाले केही आधुनिक मुद्दाहरू जस्तै वर्तमान टेक्नोलोजी, डिजिटल साक्षरता, जस्ता मुद्धाहरूलाई सम्वोधन गर्न आवश्यक छ । तर यो शिक्षा अहिले पनि टेक्नोलोजीभन्दा निकै पर र डिजिटाइज हुन नसकिरहेको अवस्था साथै शिक्षकको जात हुदैन, कसले कुन जातले पढाएको /पढेको छ भन्ने भन्दा नि के पढेको छ भन्ने कुरा महत्त्वपूर्ण हो र गुरुकुलको आचरणमा बसेर पढ्यो कि पढेन भन्ने हो । नेपाललाई पूर्वीय दर्शनको केन्द्र बनाउन ऐन नै ल्याउनु पर्ने हो त्यो गर्न समेत मूलप्रवाहीकरणमा देखिएको चुनौती हो ।

## ४.५ निष्कर्ष

नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणमा थुप्रै चुनौतीहरू रहेका छन् । तर यसमा चुनौतीहरू मात्रै छैनन् । देशको शैक्षिक र सांस्कृतिक विकासका लागि उत्साहजनक

सम्भावनाहरू पनि रहेका छन् । त्यसैले नीति निर्माताहरूले गुरुकुल शैक्षिक प्रणालीका सिद्धान्त र मूल्यलाई आत्मसात् गर्दै यसमा देखिएका चुनौतीहरूको न्युनिकरण गर्दै यसको मूलप्रवाहीकरण मार्फत यसका संभावनाहरूलाई देश विकासको काममा प्रयोग गर्नु हाम्रो आवश्यकता र दायित्व दुवै हो । निष्कर्षमा गुरुकुल शिक्षाको चुनौतीहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

गुरुकुलको शिक्षण व्यवस्थापन र भौतिक एवम् आर्थिक अवस्थालाई राज्यको शिक्षाको मूल प्रवाहसंग समग्ररूपमा व्यवस्थापन गर्न नसक्नु र समग्र व्यवस्थापन गर्ने सन्दर्भमा पनि अनेकौं वाधा र व्यवधानहरू देखिनु गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका चुनौतीहरू हुन् । गुरुकुललाई मठ मन्दिरसंग जोडेर हेरिनु, मठमन्दिरका मठाधीस र पुजारीहरूले गुरुकुल सञ्चालन र गुरुकुल केवल उत्तराधिकारी जन्माउने लक्ष्य राख्नु तथा राज्यको मूल प्रवाहसंग जोडन सक्रियताकासाथ पहल नगर्नु पनि यसका चुनौती हुन् । समसामयिक शिक्षा प्रदान गर्ने गरी राज्यले नै गुरुकुललाई वर्गीकरण गरी व्यवस्थित गर्न आवश्यक नीति निर्माण गर्न नसकेको, आवश्यक स्रोत व्यवस्थापन हुन नसकेको, जे जति सङ्ख्या र मात्रामा गुरुकुलहरूको मूलप्रवाहीकरण भएको छ, त्यो पनि संघीय तहबाट मात्र भएको र प्रदेश एवम् स्थानीय सरकारहरूसंग तिनको नीतिगत सम्बोधन हुन नसकेको जस्ता चुनौतीहरू पनि गुरुकुलमा रहेका छन् ।

गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको अवस्था र चुनौतीहरूबारे उत्तरदाताबाट समेत गहन दृष्टिकोण व्यक्त भएका छन् । मूलतः गुरुकुल शिक्षाको पाठचक्रममा चुनौती रहेको, मुलुकभर नयाँ पाठचक्रम लागू हुँदा समेत गुरुकुलमा नयाँ पाठचक्रम पढाउने कि पुरानो भन्ने समस्या यथावत छ । साथै राज्यका निकायबाट गुरुकुलका लागि कुनै सूचना आएको छैन भन्ने समस्या देखिएको छ भने गुरुकुल शिक्षाको उत्तरमध्यमालाई सरकारले मान्यता नदिनु र ११/१२ का रूपमा पढाउन लगाउनु जस्ता समस्या र चुनौतीहरू गुरुकुल शिक्षामा देखिन्छन् । गुरुकुल सञ्चालकका दृष्टिमा गुरुकुल शिक्षामा राज्यबाट विभेदपूर्ण व्यवहार हुनु, यस शिक्षा पद्धति प्रति राज्यले अपनत्व नलिने मात्र होइन बेवास्ता समेत गर्ने कार्य गरेकाले

गुरुकुलको मूलप्रवाहीकरणमा चुनौती रहेको छ । वि.सं. २०२८ मा नयाँ शिक्षाका नाममा गुरुकुलीय पद्धति बिरोधी व्यवहारमा अद्यापि सुधार भएको छैन । गुरुकुलका सञ्चालकहरूका भरमा मात्र चलेका गुरुकुल र नेपाल सरकारको पठनपाठनमा द्वैध पद्धति देखा परेका छन् । शिक्षामा ठूलो लगानी गरेका र उत्कृष्ट शिक्षा प्रदान गरेका सञ्चालकहरूप्रति राज्यको दृष्टि नपर्नु, शिक्षा मन्त्रालयको दृष्टिकोण नै गुरुकुलप्रति पूर्ण सकारात्मक नहनुले यसको मूलप्रवाहीकरणमा चुनौतीहरू रहेका छन् ।

नेपालमा जे जति गुरुकुलहरू सञ्चालित छन् ,ती सबैलाई एउटै डालोमा हालेर हेर्नु हुदैन । देवघाटका गुरुकुलहरूले प्रदान गरेको शिक्षा नेपाल सरकारको पूर्ण लगानीमा सञ्चालित र अरवौं रकम खर्च गरेर प्रदान गरेका आङ्गिक क्याम्पसहरूको शिक्षाको तुलनात्मक अध्ययन गरे छर्लङ्ग हुन्छ नै । कतिपय गुरुकुल असमावेशी भए पनि केही गुरुकुल पूर्ण समावेशी रहेको हुँदाहुँदै पनि राज्यको दृष्टि नपुग्नु जस्ता समस्याहरू यथावत छन् । समग्रमा गुरुकुलको मूलप्रवाहीकरण गर्न राज्यले वृहत आयोग बनाउनु पर्ने र यसमा देखिएका पाठ्यक्रम, शिक्षक व्यवस्थापन र तालिम, पूर्वाधार विकास एवम् स्रोत र साधन, परीक्षा र मूल्याङ्कन प्रणालीमा एकरूपता, गुरुकुलमा समावेशी सहभागिता, कर्मकाण्डी र पूजापाठ केन्द्रित चिन्तन भन्दा माथि उठाउने जस्ता विविध प्रकारका चुनौतीहरू गुरुकुल शिक्षामा रहेका छन् । गुरुकुल शिक्षामा कहीं कतै कनिका छरे झैं वजेटको आंशिक व्यवस्था भए पनि यसको मूलप्रवाहीकरणमा हुनुपर्ने काम तिल वरावर पनि भएको छैन भन्ने कुरा सरोकारवालाका अन्तर्वार्ता, राजनीतिक दलका दृष्टिकोण र शिक्षक विद्यार्थीहरूका धारणाबाट प्राप्त निष्कर्ष रहेको छ ।

# पाँचौं अध्याय

# नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको सम्भावना

## ५.१ विषयप्रवेश

यस अध्यायमा नेपालको गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको सम्भावनाका बारेमा विश्लेषण गरिएको छ । तर सम्भावनाको विषय आबश्यकतासंग सम्बन्धित भएकाले यस अध्यायमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको आवश्यकतालाई सम्भावना सँगै विश्लेषण गरिएको छ । नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणले देशको शिक्षा प्रणाली, संस्कृति र समाजका विभिन्न क्षेत्रहरूको विकासमा फाइदा पुऱ्याउन एवम् सकारात्मक प्रभाव ल्याउन सक्ने भएकोले यसको मूलप्रवाहीकरणको आवश्यकता रहेको छ । मूलतः मूलप्रवाहीकरणको आवश्यकता किन छ भन्ने विषयलाई यहाँ उल्लेख गरिएको छ । गुरुकुल शिक्षाको मूलप्रवाहीकरण सांस्कृतिक सम्पदाको संरक्षण गर्न, समग्र शिक्षामा जोड दिन, नैतिक मूल्य मान्यताको विकास गर्न, व्यक्तिगत रुचिको शिक्षा, सामाजिक रीतिरिवाज तथा परम्पराको जगेर्ना गर्न, नैतिक आचरण स्थापित गर्न, वर्तमान शिक्षालाई जीवनोपयोगी बनाउन आवश्यक रहेको कुरालाई क्रमशः प्रस्तुत गरिएको छ । यसमा नीति निर्माता राजनीतिक दल र सम्बद्ध सरोकारवालाहरूको अन्तर्वार्ता र यसको मुख्य आशय समेत प्रस्तुत गरी त्यसबाट प्राप्त तथ्यलाई निष्कर्षका रूपमा दिइएको छ ।

## ५.२ आधुनिक समयमा गुरुकुल शिक्षाको आवश्यकता

परम्पराको जगेर्ना गर्दै नैतिक आचरण स्थापित गर्न एवम् विद्यमान शिक्षालाई जीवनोपयोगी बनाउँदै धर्म संस्कृतिको संरक्षण एवम् रोजगारमूलक बनाउँदै जानु आजको आवश्यकता हो । यसै सन्दर्भमा गुरुकुल शिक्षाबाट हाम्रा बालबालिकाहरूको समग्र विकास तथा रुचीको समेत विकास गराउदै जाने लगायतका विषयहरूमा यहाँ चर्चा गरिएको छ ।

**सांस्कृतिक सम्पदाको संरक्षण गर्न**

गुरुकुल शिक्षाको नेपालको सांस्कृतिक सम्पदासँग नजिकको सम्वन्ध रहेको छ । यसको मूल प्रवाहले परम्परागत ज्ञान, मूल्य, कला र अभ्यासहरूको संरक्षण एवम् अभिवृद्धि गर्ने भएकोले नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्न आवश्यक छ ।

**समग्र शिक्षामा जोड**

गुरुकुल शिक्षाले समग्र शिक्षामा जोड दिन्छ, यसले शैक्षिक विषय मात्र होइन, मूल्य, जीवन कौशल, नैतिकता तथा व्यावहारिक ज्ञानलाई समेत समेट्ने भएकोले र यो दृष्टिकोणलाई अपनाउँदा विद्यार्थीहरू एवम् समग्र समाजलाई नै फाइदा पुग्ने भएकोले पनि गुरुकुल शिक्षाको मूलप्रवाहीकरण आवश्यक छ ।

**नैतिक मूल्य मान्यताको विकास गर्न**

गुरुकुल शिक्षाले नैतिक र नैतिक मूल्यमान्यतामा जोड दिन्छ । यी मूल्यमान्यताहरूका कारण घर छिमेक देखि समाजमा समेत जिम्मेवार नागरिकहरूको निर्माण र समाजको समग्र विकासमा योगदान पुर्‍याउन सकिने भएकोले यो शिक्षाको मूलप्रवाहीकरण गर्न आवश्यक छ ।

**व्यक्तिगत रुचिको शिक्षा**

गुरुकुल शिक्षा प्रणालीमा प्रायः व्यक्तिगत रुचिका विषयहरू समावेश हुन्छन्, जहाँ शिक्षकहरूले हरेक विद्यार्थीहरूलाई उनीहरूले रुचाएका विषयहरू एवम् उनीहरूले आत्मसात् गर्ने शिक्षण विधिका माध्यमबाट सिकाइने भएकोले पनि व्यक्तिगत रुचिको शिक्षा पुरा गर्न गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको आवश्यकता रहेको छ ।

यसका अतिरिक्त नेपालको सांस्कृतिक सम्पदाको संरक्षण र विकास गर्न परम्परागत कला, संगीत, साहित्यको संरक्षण र विकास गर्न, समुदायका सदस्यहरू बिच भावनात्मक सबन्धलाई सुदृढ गर्न, मानिसहरूको आलोचनात्मक सोच र रचनात्मकता वृद्धि गर्न, वातावरणीय चेतना र प्रकृतिको संरक्षण गर्न, सांस्कृतिक सम्पदा पर्यटनको विकास गर्न,

स्थानीय ज्ञान र सीपको विकास गर्न पनि यो गुरुकुल शिक्षा प्रणालीको मूलप्रवाहीकरणको आवश्यकता रहेको छ । त्यसकारण, शैक्षिक क्षेत्रमा काम गर्ने विज्ञहरू, नीति निर्माताहरू र समुदायका सदस्यहरूबिच यसको मूलप्रवाहीकरणमा काम गर्नु आजको आवश्यकता बनेको छ ।

गुरूप्रसाद सुवेदी (२०७८) का अनुसार गुरुकुल शिक्षालाई नेपालको परम्परागत मौलिक शिक्षापद्धतिको रूपमा विशेष मान्यता दिने संस्कृत वाङ्मय भित्रका महत्त्वपूर्ण ज्ञान सम्पदालाई संरक्षणीय विधाको रूपमा सूचीकृत गर्ने, अन्य आधुनिक शिक्षाको पाठचक्रममा पनि परम्परागत ज्ञानका विषयवस्तु समावेश गर्ने । उपर्युक्त नीतिलाई कार्यान्वयन गर्न निम्नानुसारका कार्य गर्नुपर्ने देखिन्छ ।

(क) सम्बद्ध क्षेत्रमा कार्यरत विषय विशेषज्ञ गुरुहरूको सहयोग लिएर परम्परागत गुरुकुल शिक्षासम्बन्धी नीति निर्माण गर्ने र त्यसलाई नियमावली वा निर्देशिकाको रूपमा मान्यता दिई लागू गर्ने ।

(ख) गुरुकुल समेतका परम्परागत शिक्षाको व्यवस्थापन र समन्वय गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत परम्परागत शिक्षा व्यवस्थापन महाशाखा वा परम्परागत शिक्षा व्यवस्थापन परिषद्को गठन गर्ने ।

(ग) प्रदेश र स्थानीय तहमा पनि सरोकारवालाको संलग्नतामा अधिकार सम्पन्न परम्परागत शिक्षा व्यवस्थापन परिषद्को गठन गर्ने व्यवस्था मिलाउने ।

(घ) गुरुकुलमा आवश्यक पाठचक्रम, पाठ्यपुस्तकको निर्माण र प्रकाशनको समुचित प्रबन्ध मिलाउने ।

(ङ) संस्कृत पढाइने गुरुकुलमा सम्बद्ध भाषा विषयबाहेकको हरेक विषय संस्कृतमा पढाउन अनुमति दिने ।

(च) सम्बद्ध विषय विशेषज्ञको संलग्नतामा शिक्षकहरूलाई पुनर्ताजगी तालिम दिने ।

(छ) परम्परागत शैक्षिक संस्थाको मौलिक विशेषताको संरक्षणमा आँच नआउने गरी सञ्चालन गर्न दिने ।

(ज) निर्धारित उद्देश्य अनुरूप सञ्चालन भएका संस्थाहरूलाई पर्याप्त अनुदान सहयोगको व्यवस्था गर्ने ।

(झ) सरकारबाट प्रदत्त अनुदान रकमको सही सदुपयोग भए नभएको अनुगमनको व्यवस्था गर्ने ।

यसरी राज्यको स्वीकृति र अनुदान लिएर सञ्चालन हुँदैमा परम्परागत शिक्षाको संरक्षण भइहाल्दैन । त्यसका लागि सञ्चालकहरूमा सम्वन्धित क्षेत्रको विशेषज्ञता, निष्ठा र त्यागी प्रवृत्ति पनि चाहिन्छ । सञ्चालकहरूमा गुरुकुल सञ्चालनको खास लक्ष्य, उद्देश्यको बोध, आध्यात्मिक भावना, राष्ट्रियताको चिन्तन, समर्पण र उत्तरदायित्व हुनुपर्छ ।

चुनौतीका बाबजुद पनि आधुनिक शिक्षा प्रणालीमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउने चासो बढ्दो छ । कुमार र वार्शने (२०२०) को अध्ययन अनुसार विद्यार्थीहरूको शारीरिक, मानसिक र आध्यात्मिक आवश्यकताहरूलाई सम्बोधन गर्ने शिक्षामा थप समग्र दृष्टिकोणको आवश्यकता छ । यो लक्ष्य हासिल गर्न गुरुकुल शिक्षालाई आधुनिक शिक्षा प्रणालीमा समाहित गर्न सकिने उनीहरूको कथन :

> गुरुकुल शिक्षाले विद्यार्थीहरूको लागि आत्म-अनुशासन, सञ्चार कौशल, भावनात्मक स्थिरता र बलियो नैतिक आधार विकास सहितका धेरै फाइदाहरू छन् । तर यसले स्रोतसाधन र पूर्वाधारको कमीसँग सम्बन्धित चुनौतीहरू पनि सामना गरिरहेको छ । यी चुनौतीहरूको बावजुद, आधुनिक शिक्षा प्रणालीमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउने गरी शिक्षामा थप समग्र दृष्टिकोण प्राप्त गर्ने सम्भावना छ । गुरुकुल शिक्षालाई आधुनिक शिक्षा प्रणालीमा समाहित गर्ने सबैभन्दा प्रभावकारी तरिकाहरू खोज्न थप अनुसन्धान आवश्यक छ । गुरुकुल शिक्षा एक प्राचीन भारतीय शिक्षा प्रणाली हो । यो प्रणालीमा शिक्षक र विद्यार्थी बिचको व्यक्तिगत र अनुभवात्मक सम्बन्ध मार्फत ज्ञान प्रदान गर्ने विचारमा आधारित छ । भारत नजिकको छिमेकी राष्ट्र भएकाले दुबै देशमा समान संस्कृति र परम्परा रहेको छ ।

त्यसैले नेपालमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउने विचार विभिन्न अनुसन्धानकर्ता र विद्वानहरूले खोजेका छन् । गुरुकुल शिक्षा प्रणालीलाई मूल प्रवाहमा ल्याउनका सम्भावित फाइदाहरू र चुनौतीहरूमा केन्द्रित भएर नेपालमा गुरुकुल शिक्षामा विद्यमान अध्ययनहरूको सिंहावलोकन गर्नु पर्दछ ।

**नेपालमा गुरुकुल शिक्षाका सम्भावित फाइदाहरू**

गुरुकुल शिक्षाले विद्यार्थीहरूमा अनुशासन र आत्मनिर्भरताको भावना विकास गर्न मद्दत गर्ने लगायतका फाइदा पुऱ्याउने सम्भावना रहेको धेरै अध्ययनहरूले सुझाव दिएका छन् । एस आचार्य (२०१६) का अनुसार गुरुकुल प्रणालीले आत्म-अनुशासनमा ध्यान केन्द्रित गर्दछ र विद्यार्थीहरूमा जिम्मेवारीको भावना जगाउँछ, जसले उनीहरूलाई आफ्नो जीवनमा आत्मनिर्भर बन्न मद्दत गर्न सक्छ । दोस्रो, गुरुकुल शिक्षाले नैतिक र आध्यात्मिक शिक्षालाई एकेडमिक ज्ञानसँग जोडेर शिक्षामा थप समग्र दृष्टिकोण प्रदान गर्न सक्छ । गुरुकुल शिक्षाले सत्यता, आदर र करुणा जस्ता मूल्यहरूको महत्त्वलाई जोड दिन्छ, जसले विद्यार्थीहरूको समग्र विकासमा मद्दत गर्न सक्छ (आर डंगोल, २०१६) । तेस्रो, गुरुकुल शिक्षाले विद्यार्थीहरूलाई देशको इतिहास, परम्परा र रीतिरिवाजहरू सिकाएर नेपाली संस्कृति र परम्पराको संरक्षण गर्न मद्दत गर्न सक्छ, जसले नेपाली विद्यार्थीहरूमा राष्ट्रिय गौरव र पहिचान प्रवर्द्धन गर्न मद्दत गर्न सक्छ (एस आचार्य, २०१६) । गुरुकुल शिक्षाका सम्भावित लाभका बाबजुद पनि नेपालमा यस शिक्षा प्रणालीलाई मूल प्रवाहमा ल्याउन धेरै चुनौतीहरू छन् । पहिलो, नेपालमा दक्ष गुरुकुल शिक्षकको अभाव छ । आर डंगोल (२०१६) का अनुसार नेपालमा गुरुकुल शिक्षाको समग्र दृष्टिकोण पढाउन सक्ने शिक्षकको अभाव छ । दोस्रो, नेपालमा गुरुकुल शिक्षालाई सहयोग गर्ने पूर्वाधार र स्रोतको अभाव छ । नेपालका अधिकांश गुरुकुलहरू ग्रामीण क्षेत्रमा अवस्थित छन् र उनीहरूमा विद्युत्, पानी र सरसफाइ जस्ता आधारभूत सुविधाहरूको अभाव छ (एस आचार्य, २०१६) । तेस्रो, गुरुकुल शिक्षा प्रणालीलाई नेपालको वर्तमान शिक्षा प्रणालीसँग मिलाउन आवश्यक छ ।

समकालीन समयमा हिजो जस्तो गुरुकुल शिक्षा पाइँदैन । यद्यपि आज पनि गुरुकुल शिक्षा प्रदायक सँस्थाहरू छन् । आधुनिक शिक्षा प्रणालीले निश्चित रूपमा त्यस्ता सँस्थाहरूबाट प्रेरणा लिनसक्छन् । गुरुकुल शिक्षा प्रणाली आधुनिक समयमा पनि सान्दर्भिक छ । यस प्रणालीलाई डिजिटल युगमा यसरी जोड्न सकिन्छ ।

(क) गुरुकुल शिक्षालाई मूल प्रर्वाहीकरण गर्ने हो भने यो प्रणालीले आजको पुस्ताका लागि चमत्कार गर्न सक्छ । यसबाट आजका विद्यार्थीको सर्वाङ्गीण विकास हुन सक्छ ।

(ख) यस प्रणालीमा मूल्यमा आधारित शिक्षाको महत्त्व पाउन सकिन्छ । जुन आधुनिक संसारमा विद्यार्थीहरूको लागि अभिन्न शिक्षा बन्न सक्छ ।

(ग) यसले मानिसहरूलाई आफ्नो विषमता पहिचान गर्न मद्दत गर्दछ र यो केवल किताबहरूमा सीमित छैन त्यसैले यसले तिनीहरूलाई जीवनको वास्तविक आवश्यकता बुझ्न पनि मद्दत गर्दछ ।

**गुरुकुल, राज्य र शिक्षाबिचको सम्बन्ध**

**(क)** **सरकार सञ्चालन** : सरकार सुचारु रूपमा चलाउनका लागि प्रत्येक राज्यलाई न्याय, कानून, व्यवस्था, औद्योगिक प्रगति, व्यवसायको विकास, स्वास्थ्य र मनोरञ्जनका सबै क्षेत्रमा फरकफरक योग्यता भएका कर्मचारी चाहिन्छ । तत्तत् जनशक्ति शिक्षा प्रणालीबाट मात्रै उत्पादन गर्न सकिन्छ ।

**(ख)** **संस्कृति र सभ्यताको संरक्षण** : प्रत्येक राज्यको आआफ्नै संस्कृति र सभ्यता हुन्छ, हरेक जनताको यो संस्कृति र सभ्यताप्रति अपार माया हुन्छ, यही प्रेमको वशमा परेर सबै जनता एकताको धागोले बाँधिएका हुन्छन् । यो एकता कायम राख्न आफ्नो संस्कृति र सभ्यताको रक्षा शिक्षा प्रणालीबाट मात्र सम्भव छ ।

**(ग)** **सार्वजनिक हित** : राज्यले आफ्नो सरकार मार्फत जनताबाट कर उठाउँछ, जसलाई जनताको हितमा मात्र खर्च गर्न चाहन्छ । सार्वजनिक हित भनेको जनताको जीवनस्तर, संस्कृति र सभ्यतालाई उच्चस्तरमा उकास्ने काम हो जुन शिक्षाको

माध्यमबाट मात्रै पूरा गर्न सकिन्छ, त्यसैले आफ्ना जनतालाई बढीभन्दा बढी सचेत गराउन राज्यले प्राप्त करको निश्चित रकम शिक्षा क्षेत्रमा खर्च गर्छ ।

(घ) गुरुकुल शिक्षाले सक्षम, असल र आत्मविश्वासी नागरिक निर्माण गर्न सक्छ । यस दृष्टिकोणले राज्यले शिक्षा प्रदान गर्न सबैभन्दा उत्तम व्यवस्थापन गर्नु आफ्नो प्रमुख कर्तव्य ठान्दछ ।

(ङ) आफ्नो प्रगतिको लागि राज्य राज्य विच प्रतिष्पर्धा हुन्छ, अरू भन्दा बढी प्रगति आफू गर्न चाहन्छ । तर राज्यको प्रगति त्यहाँका नागरिकहरूमा निर्भर गर्दछ । राज्यका नागरिकहरू जति शिक्षित हुन्छन्, त्यो राज्य विभिन्न क्षेत्रमा प्रगतिशील हुन्छ । यसरी हेर्ने हो भने हरेक राज्यले आफ्ना नागरिकलाई यथाशक्य छिटो शिक्षित गराउने लक्ष्यका साथ उत्कृष्ट शिक्षाको प्रबन्ध गर्छ, नागरिक शिक्षित भएपछि राज्य पनि प्रगतिशील बन्दै जान्छ ।

(च) **जनतामा विचारधाराको फैलावट :** प्रत्येक राज्यमा राजनीतिक, सामाजिक, आर्थिक र धार्मिक विचारधाराहरू फरक फरक हुन्छन् । राज्यले ती विचारधाराहरूलाई जनतासम्म पुऱ्याउन चाहन्छ । शिक्षा नै एकमात्र माध्यम हो जसबाट कुनै पनि राज्यले आफ्नो विचार फैलाउन सक्दछ । त्यसैले हरेक राज्यको शिक्षासँग घनिष्ठ सम्बन्ध हुन्छ ।

**शिक्षामा राज्यको नियन्त्रण र यसका परिणामहरू**

शिक्षा प्राप्त गर्न पाउनु राज्यका सबै नागरिकको नैसर्गिक अधिकार हो । जसलाई राज्यले कुन कुन तरीकाले नियन्त्रण गरेको छ र त्यसवाट के कस्ता प्रभावहरू देखिएका, देखिनेछन् भन्ने विषयमा प्रवेश गर्नुपूर्व राज्यले शिक्षालाई दिएको स्थान एवम् महत्त्वका बारे चर्चा गर्नु उचित नै हुन्छ । नेपाल सरकारले शिक्षालाई नेपालको संविधान, २०७२ मा अत्यन्त महत्त्वका साथ शिक्षासम्बन्धी प्रावधानहरू मुख्य रूपमा भाग ३ (नागरिकको मौलिक हक) र भाग ४ (राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व) अन्तर्गत राखिएका छन् । विशेष गरी निम्न धाराहरू शिक्षासँग सम्बन्धित छन् :

**(क) धारा ३१- शिक्षाको हक**

यो धारा नेपालको संविधानमा शिक्षासम्बन्धी मौलिक हकको व्यवस्था हो जसमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षा निःशुल्क प्राप्त गर्ने हक, माध्यमिक शिक्षा समेत निःशुल्क प्राप्त गर्ने हक, अपाङ्ग, दलित लगायतका विपन्न जनजाति महिलालाई शिक्षामा पहुँच सुनिश्चित गर्नुपर्ने व्यवस्था, प्रत्येक नागरिकलाई संस्कृत, मातृभाषा तथा इच्छा अनुसारको भाषा शिक्षाको व्यवस्था गरिने कुरा उल्लेख छ ।

**(ख) धारा ५१(घ) - सामाजिक न्याय तथा समावेशीकरण सम्बन्धी नीति**

यस धारामा शिक्षा प्रणाली समावेशी, समान र गुणस्तरीय बनाउने नीति अपनाइने उल्लेख गरिएको छ जसमा सबैको पहुँच हुने गुणस्तरीय शिक्षा प्रदान गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रवर्धन गर्ने, बालबालिकाको पूर्व विद्यालय शिक्षा सुनिश्चित गर्ने, उच्च शिक्षामा अनुसन्धान प्रवर्धन गर्ने नीति समावेश गरिएको छ ।

नागरिकको संविधानले दिएको हक उपभोग गर्न पाउनु पर्दछ । यसर्थ सामान्यतया शिक्षामा राज्यको नियन्त्रण रहनु हुदैन । यदि शिक्षामा राज्यको नियन्त्रण भयो भने निम्नानुसारका परिणामहरू निस्कन सक्दछन् ।

(क) शिक्षामा राजनीति प्रवेश गर्नेछ, त्यसैले शिक्षा योजना बनाउनमा शासक वर्गको मात्र हात रहनेछ ।

(ख) शिक्षा लोक कल्याणको माध्यम नभई राज्यको स्वार्थ र संकीर्ण आदर्शको प्रचारप्रसार गर्ने माध्यम मात्र बन्नेछ । यसले बालबालिकाको चौतर्फी विकासमा बाधा पुऱ्याउनेछ । उदाहरणको रूपमा हामी दक्षिण ग्रीकको सबैभन्दा ठूलो ग्रीक प्रायद्वीप स्पार्टा राज्य को शिक्षालाई लिन सक्दछौ । स्पार्टा राज्यको शिक्षामा राज्यको नियन्त्रणको अवधारणा प्राचीन ग्रीक इतिहासका प्रमुख इतिहासकार र समालोचकहरूले प्रस्तुत गरेका छन् । उक्त राज्यको शिक्षा प्रणालीलाई अगोगे (Agoge) भनिन्छ । जहाँ बालबालिकालाई ७ बर्षको उमेरमा घरबाट बाहिर पठाइने र राज्यको निगरानीमा

कठोर सैनिक प्रशिक्षण दिइने विषय तहाँका प्रमुख अनुसन्धानकर्ता स्टीफन होडकिन्सन (2018) ले Sparta: An Exceptional Domination of State over Society शीर्षकको अनुसन्धानमा उल्लेख गरेका छन् । स्पार्टा राज्यमा शिक्षाको नियन्त्रण भौतिक विकासमा मात्र थियो, सर्वाङ्गीण विकासमा थिएन ।

(ग) राज्यप्रति असीम आस्था भएका र राज्यको नीति अनुसार बालबालिकालाई ढाल्न सक्ने शिक्षकलाई शासक वर्गले नियुक्त गर्नेछ ।

(घ) शिक्षाको वास्तविक उद्देश्य र महत्त्व हराउने छ ।

(ङ) शिक्षाको वास्तविक लक्ष्य प्राप्त हुने छैन ।

(च) बालबालिकाले आफ्नो रुचि, चाहना र क्षमताअनुसार शिक्षा लिने अवसर पाउने छैनन् ।

(छ) शिक्षामा राज्यको नियन्त्रण भयो भने परिवारका सदस्यहरू आधारभूत शिक्षाको अधिकारबाट वञ्चित हुन सक्दछन् ।

(ज) स्वतन्त्रता र समानताको अधिकार समाप्त गरिनेछ, लोकतन्त्रमा यी दुवै अधिकार प्रत्येक व्यक्तिलाई उपलब्ध छन् । राज्यले शिक्षालाई नियन्त्रण गर्यो भने यी दुवै अधिकार खोसिन्छ, यो लोकतन्त्रको मर्मविपरीत हो ।

(झ) यस्तो नियन्त्रित शिक्षाले सेवक मात्रै उत्पादन गर्न सक्छ, सक्षम र असल आचरण गर्ने स्वतन्त्र मानसिकता भएका नागरिक होइनन् । ज्ञानको प्रयोग मानव कल्याण भन्दा राज्यको हितमा मात्रै हुनेछ । यसले वैज्ञानिक प्रगतिलाई रोक्छ र धेरै नकारात्मक मूल्यमान्यताहरू जन्माउँछ ।

तर गुरुकुलको पाठचक्रममा साइन्स यानि कि विज्ञान नहुनाले संस्कृत शिक्षामा अध्ययन गर्नेहरू साइन्स, कमर्स, प्राविधिक एवम् अन्य नवीन संकायमै जानबाट वञ्चित हुन्छन् । वेद पुराण, संस्कृत भाषा, आयुर्वेद, योग लगायत पूर्वीय दर्शन गुरुकुलमा पढाइन्छन् भने अन्य विषय तर्फ अंग्रेजी, म्याथमेटिक्स, सामाजिक जस्ता विषयहरू छन् तर महत्त्वपूर्ण

विषय साइन्स यानि कि विज्ञान जुन अहिलेको युगमा अपरिहार्य छ त्यो विषय गार्गी कन्या गुरुकुल र स्वस्तीश्री गुरुकुल बाहेक नेपालका धेरै गुरुकुल शिक्षालयहरूले आफ्नो पाठ्यक्रममा समावेश गरेका छैनन् ।

सर्टिफिकेट लेभलमा साइन्स भएन भने संस्कृतका विद्यार्थी माथिल्लो तह अध्ययन एवम् रोजगारी समेतका विविध क्षेत्रमा जानबाट वञ्चित हुनेछन् त्यसैले साइन्स अनिवार्य गर्नुपर्छ, प्रमाणपत्र तहको विज्ञान शिक्षामा सांस्कृतिक सन्दर्भका् समावेशीकरणको समेत आवश्यकता र महत्त्वलाई अनुसन्धानकर्ता कमलप्रसाद कोइरालाले आफ्नो Science Teaching in Culturally Diverse Classrooms: Application of Sociocultural Knowledge at a School System in Nepal मा उल्लेख गरेका छन् ।

विभिन्न सम्प्रदायले साम्प्रदायिक प्रतिस्पर्धायुक्त गुरुकुल चलाए जहाँ ज्ञान भन्दा पनि परम्परा वस्त्र टीकाको भूमिकालाई महत्त्वपूर्ण मानिदै आइयो । स्वामी श्रीधराचार्य, डा. स्वामी रामानन्द गिरी, स्वामी परमानन्द लगायतका केहि अपवाद बाहेक प्राय १००८ स्वामी, महाराज ,जगद्गुरू, मण्डलेश्वर आदि विशेषण धारण गर्नेहरूमा नै संस्कृत भाषा, वेद पुराण, व्याकरण, ज्योतिष, आदिको गहन ज्ञानको अभाव देखिन्छ ।

किताबी शिक्षा पछि आत्म शिक्षाको विश्व विद्यालयमा भर्ना हुनुपर्छ । चेतनामा एम फिल र ज्ञानमा पी एच डी गर्नुपर्छ अनि मुक्त भएर डि. लिट हुनुपर्छ । पङ्क्तिकारले त गुरुकुलमा साइन्स पढ्न पाएन अब आउने पुस्ताले भने गुरुकुलमा ढुक्कले वेद र विज्ञान सँगै पढ्न पाओस् । एउटै गुरुकुलमा पढेका भगवान श्रीकृष्ण नेता तथा सुदामा विद्वान गुरु भए । राम्रो कुलमा जन्मिएर भगवान श्रीरामले वशिष्ठको गुरुकुलमा पढे र राजा भए । प्राचीन गुरुकुलमा भेदभाव गरेको पाइँदैन । त्यहाँ सबै वर्णका हुन्थे भन्ने प्रमाण पुराणहरूमा छन् । तर नेपालमा अहिलेपनि जातीयरूपमा विभेद कायम छ । हामीले अहिले पनि सवै जातजातिलाई सँगै राखेर वेद संस्कृत र संस्कार सिकाउन सकिरहेका छैनौ । हिजोआज हरेक नेपालीले गुरुकुल र संस्कृतको महत्त्व नबुभ्दा कथित शास्त्र पढेका हौँ भन्ने नेपालीहरूलाई

गोरा जातका मानिसहरू अर्थात् पश्चिमाहरूले प्रशिक्षण दिन थालिसकेका उदारणहरू हामीसँग छन् ।

## ५.३ आवश्यकताबारे नीति निर्माता र राजनीतिज्ञको दृष्टिकोण

गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको आवश्यकताबारे नीति निर्माता, राजनीतिक दल र तिनका नेता तथा गुरुकुलसँग सम्बद्ध विभिन्न व्यक्तित्वसँग लिइएका अन्तर्वार्ता र तिनका भनाइलाई सारका रूपमा क्रमशः प्रस्तुत गरिएको छ ।

### (क) नीति निर्माताका दृष्टिकोण

नीतिनिर्माता र शिक्षाविद्हरूका अन्तर्वार्तालाई प्रस्तुत गर्ने क्रममा सर्वप्रथम शिक्षा तथा मानवस्रोत विकास केन्द्रका महानिर्देशक चूडामणि पौडेलको भनाइको सार यहाँ प्रस्तुत गरिएको छ । उनका अनुसार नेपालमा हाल संचालित गुरुकुलहरूमा सरकारी पाठचपुस्तकहरूका साथै धार्मिक पाठचपुस्तक पनि पढाउने व्यवस्था गरिएको छ । गुरुकुलमा कक्षा ११/१२ तथा सो भन्दा माथि पढ्ने बाटो संस्कृत शिक्षा समेत पनि सुरक्षित गरिएको छ । तर मदरसा लगायतका धार्मिक शिक्षाको भविष्यको पढ्ने क्षेत्र स्पष्ट भएको छैन । यसरी हेर्दा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको प्रक्रिया राज्यले जिम्मा लिने, तोकिएको पाठचपुस्तक पढाउन सुरु भइसकेको तर वर्तमान गुरुकुललाई आधुनिक शिक्षाका विषयहरू तथा समसामयिक प्रविधि शिक्षासँग समेत जोडेर लानुपर्ने, नेपालको धर्म संस्कृति परम्परा जोगाउँदै समाज अनुकूलको शिक्षासँग यो गुरुकुल शिक्षालाई समाहित वा अनुकूलन गर्दै लानुपर्ने आजको आवश्यकता रहेको छ । उनी भन्छन् :

> गुरुकुल लगायतका अन्य धारहरूलाई छुट्टै ऐन, नीतिनियम तथा कानून अनुसार सञ्चालन गर्ने जस्ता कार्यले पृथकतावादी सोचको जन्मभएर अतिवाद आउनसक्ने हुन्छ । राज्यका अरू सार्वजनिक शिक्षालय सरह जान चाहने गुरुकुलले शिक्षक, पाठचक्रम लगायत समसामयिक शिक्षा सञ्चालन गर्नका लागि आवश्यकतामा आधारित विषयहरू राज्यसँग माग गर्नुपर्ने देखिन्छ । राज्यले सबै धार्मिक प्रकृतिका

विद्यालयहरूलाई एउटा निश्चित मापदण्ड बनाई मूलप्रवाहीकरण गर्नुपर्ने आजको आवश्यकता हो । अन्यथा समूहगत रूपमा स्वार्थ बाझिन गई विद्यालयहरूको सङ्ख्या अत्यधिक हुन जाने भयावह अवस्था हुन सक्दछ । नेपालमा गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्दा सबै सार्वजनिक विद्यालयहरूले पनि आफ्ना विद्यालयहरूमा संस्कृत गुरुकुल शिक्षाका विषयहरू पनि समावेश गर्न सकिने व्यवस्था गर्नु पर्दछ । पूर्वीय दर्शनलाई नेपालमा अनिवार्य अनुसरण गराउन जरुरी छ । हाल गुरुकुल शिक्षा अध्ययन पूरा गरेका विद्यार्थीहरूको माग नेपाल तथा अन्य देशमा समेत बढेको अवस्था छ र यो एक प्राविधिक विषयका रूपमा विकास भइरहेको कारण रोजगारमूलक शिक्षाको रूपमा देखिएको छ ।

पौडेलका अनुसार गुरुकुल शिक्षाका चुनौतीबारे चर्चा गर्ने क्रममा आवश्यकताबारे थप उल्लेख गर्दै गुरुकुल शिक्षाको आवश्यकता उनी यसरी औंल्याउँछन् गुरुकुलको समग्र व्यवस्थापन गरिनुपर्छ । मठमन्दिर जोडेर मात्र गुरुकुल खोलिएको छ र धेरै गुरुकुलले अहिले उत्तराधिकारी जन्माउने लक्ष्यमात्र समेटेको छ तर समसामयिक शिक्षा प्रदान गर्ने लक्ष्य सहितको पृथक गुरुकुल त्यो तहबाट खोलेको पाइँदैन । त्यसका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्न नसकिएको हुँदा मूलप्रवाहीकरण आवश्यक छ । राज्यले गुरुकुललाई व्यवस्थित गर्न प्रयास गरेको छ । संघ, प्रदेश र स्थानीय निकायहरूले यसमा ध्यान दिएको देखिन्छ तर नीति पर्याप्त छैन पर्याप्त नीतिको आवश्यकता छ । हालसम्म गुरुकुलको मूलप्रवाहीकरण संघीय तहबाटमात्रै भएकोमा स्थानीय तहमा मागमा आधारित विद्यालय खोलिनुपर्ने तथा व्यवस्थापनमा सहयोग गर्नुपर्छ । संघले नीति मापदण्ड बनाउने तर प्रदेशले नमूना गुरुकुल बनाउन सक्ने, स्थानीय तहले आफ्नै नीति समेत निर्माण गरी सञ्चालन गर्न तथा अनुदान दिन सक्छ त्यसतर्फ ध्यान दिनुपर्छ । राज्यबाट भौतिक पूर्वाधार निर्माणमा सहयोग भइरहेको तर कार्यान्वयन पक्ष फितलो भएकोले त्यसलाई दरिलो बनाउनुपर्ने तथा । गुरुकुलहरू शिक्षालयहरूमा विद्यार्थी सङ्ख्या न्यून रहेको देखिएकाले यसलाई बढाउन आवश्यक छ ।

यो शिक्षालाई रोजगारमूलक र प्राविधिक सीपमूलक शिक्षाको रूपमा विकास गर्न आवश्यक छ । गुरुकुलले आफ्नो शिक्षालाई आधुनिक शिक्षासँग जोड्ने वा सोही अनुसार परिमार्जन गर्न सक्नुपर्नेछ । गुरुकुलमा अध्यापन गराइने विषयहरूलाई अन्य भाषामा अनुवाद गरेर भए पनि पाठ्यपुस्तक बनाउने, जीवनसँग, भावनासँग जोडेर सिकाउनुपर्ने, संस्कृत पढ्न नसक्नेका लागि नेपालीमा सिकाउने पढाउने व्यवस्था गरिनुपर्छ ।

त्यस्तै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा महाशाखाका सहसचिव दीपक शर्माका अनुसार गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि मन्त्रालयले राज्यलाई नीति निर्धारणमा सहजिकरण गर्नुपर्ने, राजनीतिक तहबाटै नीति बनाउन पहल गरिनुपर्ने उनको धारणा रहेको छ । उनको विचारमा गुरुकुल शिक्षा पुरानो परम्परागत शिक्षा र लामो इतिहास भएको शिक्षा हो । बौद्ध, गुम्बा, मदरसा लगायत आधुनिक शिक्षा भन्दा धेरै अगाडिको शिक्षाको रूपमा उनले गुरुकुल शिक्षालाई बुझ्नु भएको छ । यस सन्दर्भमा शर्मा भन्छन् :

> गुरुकुल शिक्षालाई आधुनिक शिक्षासंग मूलप्रवाहीकरण गर्ने तथा समावेशीकरण गर्ने नीति राज्यको रहेको र यो मूलप्रवाहीकरण भएन भने यसको अस्तित्व लोप हुन्छ की भन्ने चिन्ता र बहस हुने गरेकोले यसको मूलप्रवाहीकरण आवश्यक रहेको उनको तर्क रहेको छ । उनका अनुसार गुरुकुल परम्पराको शिक्षा जुन रूपमा हालसम्म बाँचेर आएको छ, अहिलेको अवस्थामा त्यो शिक्षा आधुनिक शिक्षा सरह होस, ज्ञान मात्र होइन प्रमाणपत्र सहितको शिक्षा होस, रोजगारमूलक शिक्षा होस भन्ने उनको धारणा रहेको छ ।

उनका अनुसार गुरुकुलका विद्यार्थीहरू औपचारिक शिक्षामा सहभागी भएर पढ्न चाहदैनन् । किनकी त्यहाँ धर्मशास्त्र, वेद, ज्योतिष, कर्मकाण्ड आदि विषयहरूको पढाइलाई कर्मकाण्डी शिक्षाको रूपमा लिइएको अवस्था छ । तर त्यहाँ यी विषयहरूमात्रै नभएर विद्यार्थीले चाहेका अन्य विषयहरू र आधुनिक प्रविधिसँग सम्बन्धित अरू विषयहरूसँग पनि विद्यार्थीले अध्ययन गर्न पाउने अवस्था भएमा यसको मूलप्रवाहीकरण हुन सक्दछ ।

त्यसका लागि सरकारले गरेका प्रयासहरू राष्ट्रिय शिक्षा नीति, २०७६ मा गुरुकुल शिक्षाको स्पष्ट दृष्टिकोण सहित परिमार्जन गर्नु पर्दछ । यसका साथै सरकारले गुरुकुल शिक्षाक्षेत्रका अन्य व्यवस्थापकीय पक्ष लगायत अन्य आवश्यकीय सहयोग गर्न सक्नु पर्दछ । गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि सरकारबाट तयार भएका विभिन्न निर्देशिकाका आधारमा कार्यक्रमहरू निर्धारण हुनु पर्दछ र गुरुकुल विद्यालयहरूलाई एकमुष्ठ सालबसाली अनुदान प्रदान गरिनुपर्दछ । साथै गुरुकुल शिक्षाको विकासका लागि शिक्षक छनोट गुरुकुलको चलनचल्ती, संस्कृत गुरुकुल आचरण अनुसारका शिक्षक राख्न सकिने गरी लचिलो नीति अवलम्बन गरिनुपर्दछ । गुरुकुल शिक्षाको विकासका लागि गुरुकुलमा अध्यापन गराइने वेद, कर्मकाण्ड, मनुस्मृति, उपनिषद् लगायतका धार्मिक पुस्तकहरू र विषयहरूको लागि अध्यापन अनुमति पत्र नचाहिने व्यवस्था गरिनुपर्दछ र एकमुष्ठ अनुदान दिइनुको अर्थ सम्बन्धित गुरुकुलले त्यहाँको माग बमोजिम आवश्यकता अनुसारको शिक्षक एवम् अन्य व्यवस्थापन गरोस् भन्ने सरकारको नीतिलाई गुरुकुलले अवलम्बन गरिनुपर्दछ । आज आधुनिक शिक्षाको मूल आधारनै गुरुकुल शिक्षा भए पनि किन पाश्चात्य शिक्षाको माग बढेको छ ? यो विषयमा गम्भिर समीक्षा हुन जरुरी छ । मूलप्रवाहीकरणका बारे उनको कथन :

> आज नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण आवश्यक छ । यसका लागि पूर्वीय दर्शनलाई अध्ययन तथा खोजको विषय बनाइनु पर्ने र यसलाई अध्ययन अनुसन्धानको स्रोतको रूपमा लिइनुपर्ने हुन्छ । हामीले यसलाई गरिखाने शिक्षाको रूपमा विकास गर्न जरुरी छ । केवल यो शिक्षालाई श्राद्ध, सप्ताह, रुद्री, नाग टाँस्ने, घर पस्न, घर सर्न, घर बनाउन, जनै लगाउन, मर्दा, जन्मदा, विवाह जस्ता कार्यमा मात्र सीमित गरिनुहुँदैन । हामीले गुरुकुल शिक्षाको मूलप्रवाहीकरण साँच्ची नै गर्ने हो भने गुरुकुल शिक्षालाई आफ्नो जीवन पद्धतीको रूपमा विकास गर्न सक्नु पर्दछ । हामीले गुरुकुल शिक्षालाई रोजगारको आधार भएको शिक्षाको रूपमा विकास गर्न सक्नुपर्दछ । तर हिजोआज पहिला श्राद्ध र पूजा लगायतका कार्य विधि पुऱ्याएर

गरिन्थ्यो । तर आजकल यसलाई व्यापारको रूपमा फोनबाट समेत पूजा/श्राद्ध गर्ने गरिएकोले नयाँ गुरुकुल विद्यार्थीहरूको आवश्यकता नहुने जस्तो देखिँदा गुरुकुल पढ्ने विद्यार्थीहरूले विद्यामान रोजगारीबाट समेत हात धुनु पर्ने अवस्था सिर्जना हदै गएको छ । यद्यपि आजकल सार्वजनिक समारोहमा समेत स्वस्ति शान्ति, स्वस्ति वाचन लगायतका कार्य बढ्दै गएको र धर्मप्रति मानिसको आस्था बढेको कारण यो शिक्षा रोजगारमूलक त छँदैछ, तर यसको वहुआयामीक रूपमा विकास गर्नु आजको आवश्यकता बनेको छ । आज राज्यले गुरुकुलको क्षेत्रमा कम लगानी गरेको छ । तर यसमा लगानी बढाउन पर्दछ र नीतिगत रूपमा यो शिक्षालाई समावेशी बनाउनु पर्दछ । यो शिक्षाको विकासका लागि हामी सबै सरोकारवालाहरू जिम्मेवार भई धार्मिक कार्यहरू श्राद्ध, सप्ताह, रुद्री, नाग टाँस्ने, घर पस्न, घर सर्न, घर बनाउन, जनै लगाउन, मर्दा, जन्मदा, विवाह जस्ता कार्यलाई प्रविधिसँग जोड्न सकेमा यो शिक्षाको मूलप्रवाहीकरण हुन सक्छ ।

एल. पी भानु शर्माका अनुसार हाल सञ्चालित गुरुकुलहरू मध्ये केही गुरुकुललाई छनोट गरी नमूनाको रूपमा माथि उठाउनु जरुरी भएको र अन्य सार्वजनिक विद्यालय सरह सुविधा समेतका व्यवस्था यो शिक्षामा समेत जरुरी भएको छ । आज गुरुकुल शिक्षालाई कसरी मूलप्रवाहीकरण गर्ने भन्ने विषयमा राज्यद्वारा गुरुकुल /संस्कृत शिक्षाका बारेमा व्यापक बहसको जरुरी भएको छ । यो विषयमा धार्मिक बहस हुनुपर्ने, विवाह, व्रतबन्ध, पूजापाठ, क्रिया जस्ता कार्यहरूमा समयसापेक्ष एवम् सबै जातजाति, धर्म संस्कृति, धनी गरिब सबैलाई मान्य हुने व्यवस्था सहितको गुरुकुल शिक्षालाई विकास गरिनुपर्दछ, जुन आजको आबश्यकता हो । यसरी उनी थप्छन् :

गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्दा संस्थागत सुदृढीकरण पहिलो शर्त हो भने आवश्यक शैक्षिक पूर्वाधारको व्यवस्थापन अर्को पाटो हो । यसको मूलप्रवाहीकरणका लागि समय समयमा पाठचक्रम परिमार्जन गरिनुपर्दछ र यसलाई समसामयिक र समय सापेक्ष वनाइनु पर्दछ । अन्य विद्यालयहरूमा पढाइ हुने र परीक्षा प्रणालीमा

समेत SEE सम्म गुरुकुल शिक्षालाई समेत एउटै मापदण्डमा लैजानुपर्छ । त्यस्तै कक्षा ११ र १२ को कोर्षलाई भर्टिकल लिङ्क मिलाइनु पर्दछ । कक्षा ९ देखि पनि गर्न सकिने र यस सम्बन्धी नीतिगत भिजन दिने कार्य विश्वविद्यालयहरूले गर्नुपर्ने र त्यो नीतिगत कामलाई मन्त्रालयले सहजीकरण गर्ने काम गरिनुपर्दछ, प्राज्ञिक/शैक्षिक क्षेत्रमा सरकारले लगानी गरेर गुरुकुल विद्यालयको क्षमता वृद्धि गर्नु पर्दछ । गुरुकुल शिक्षालाई अति आकर्षित शिक्षाको रूपमा विकास गरिनुपर्दछ र यसलाई समाजले सकारात्मक सोचका साथ सहयोग एवम् स्वीकार गर्ने अवस्थाको सिर्जना हुनु पर्दछ । त्यस्तै गुरुकुल शिक्षामा शिक्षक छनौटको प्रक्रिया स्वायत्त भए पनि यसमा गुरुकुलहरू पारदर्शी बन्नु पर्दछ र लाइब्रेरी, होस्टलका अन्य पक्षहरूमा आधुनिक प्रविधि सहितको थप व्यवस्थापन गर्नु पर्दछ । गुरुकुल शिक्षा प्राप्ति पछि हासिल हुने महर्षि, स्वामी जस्ता शब्दावलीहरूका समाजमा औपचारिक शिक्षाबाट डिग्री हाँसिल गरे जस्तै मान सम्मान गर्न सक्नुपर्ने सामाजिक अवस्थाको सिर्जना गर्न सके गुरुकुल शिक्षाको मूलप्रवाहीकरणमा सहयोग पुग्न सक्दछ ।

डा. भेषराज अधिकारीका अनुसार विश्व भूमण्डलीकरणसहितको विकासको यस महत्त्वपूर्ण चरणमा भएको वर्तमान अवस्थामा समाजलाई वैदिक कालमा फर्काउन नसकिने र अहिले पनि त्यही बेलाजस्तो शैक्षिक परम्परा हुनुपर्छ भन्नु बुद्धिमानी तर्क नभएको भए पनि गुरुकुल परम्पराका शैक्षिक मूल्य मान्यताहरू केके हुन् ? तिनलाई समेटेर आधुनिक शिक्षा प्रणालीलाई समृद्ध तुल्याउनु पर्ने उनको मत रहेको छ । यस प्रसंगमा उनको भनाई छ :

राष्ट्रिय शिक्षा नीति, २०७६ ले हिन्दु, बौद्ध लगायतका पौरस्त्य दर्शन, सभ्यता, संस्कृति लगायतको केन्द्रबिन्दु बनाई पूर्वीय दर्शन, पूर्वीय चिन्तन, मौलिक दर्शन एवम् परम्परा, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, मानविकी, समाजशास्त्र, मानवशास्त्र, जैविक विविधता, पर्यटन, जडिबुटीलगायतका सम्पदामा आधारित अध्ययन तथा अनुसन्धानको व्यवस्था मिलाउने संकल्प गर्नु प्रशंसनीय पक्ष भएको

उनको बुझाई रहेको छ । उनका अनुसार यसले धार्मिक प्रकृतिका परम्परागत विद्यालयको नियमन र सहजिकरणका लागि गुरुकुल शिक्षा बोर्ड, मदरशा शिक्षा बोर्ड र गुम्बा शिक्षा बोर्ड गठन गर्न सकिने कुरा समावेश गर्नु सान्दर्भिक ठान्नु पर्ने र नवप्रवर्तक, प्रतिस्पर्धात्मक वर्तमान आधुनिक युगको आवश्यकता हो भन्ने कुरा सबैले बुझ्नु र बुझाउनु पर्ने उनको विश्लेषण रहेको छ । ऐतिहासिक गुरुकुल जस्ता संस्थाले हुर्काईबढाई गरेका असल मूल्यमान्यता, परम्परा र धरोहरहरूको जगमा नयाँ चिन्तन, विचारसहित उपकरण र प्रणालीका लागि नयाँ परिकल्पना अहिलेको अपरिहार्यता हो भन्ने उनको विश्लेषण रहेको छ । त्यसैले हाम्रो देशको विकास र समृद्धिका लागि पनि गुरुकुल परम्पराको मूलप्रवाहीकरण आवश्यक रहेको उनको बुझाई छ ।

डा. अधिकारीका अनुसार गुरुशिष्य परम्परा शिक्षा विकासको अनौपचारिक संरचना हो । आधुनिक शिक्षा प्रणालीको औपचारिक संरचनाले वैज्ञानिक, विद्वान र विदुषीहरू सिर्जना गरिरहेको छ । अभूतपूर्व र अकाल्पनिक विकास वर्तमान युगको यथार्थता हो । यति हुँदाहुँदै पनि कलह, द्वन्द्व, विद्रोह र युद्धहरू भइरहेकै छन् । वर्तमानलाई गुरुकुलमा फर्काउन मिल्दैन र रूपान्तरण गर्न सकिँदैन । त्यो गौरवशाली इतिहास भयो । तर त्यसबाट शिक्षा लिन सकियो भने र गुरुकुलीय शिक्षाका मूल्यहरूलाई आधुनिक शिक्षा पद्धतिमा अवलम्बन गर्न सकियो वा महाभारत, रामायण, वेद, उपनिषद् र पुराणमा वणिर्त नीति कथा, श्लोक, इतिहास र साहित्यबाट उचित शिक्षा लिएर अघि बढ्न सकिएमा हामीले हाम्रो गौरवशाली इतिहास फर्काउन र समाजका कलह, द्वन्द्व, विद्रोह र युद्धहरूलाई न्यूनीकरण गर्न र सभ्य एवम् सुसंस्कृत समाज निर्माण गर्न सकिने उनको मत रहेको छ ।

नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका सन्दर्भमा लुम्बिनि बौद्ध विश्वविद्यालयका पूर्व उपकुलपति तथा शिक्षाविद् प्रा. डा. हृदयरत्न बज्राचार्यसँग पनि अन्तर्वार्ता लिइएको थियो ।

बज्राचार्यका अनुसार गुरुकुलबाट हामीले ४(चार) वटा महत्त्वपूर्ण कुराहरू सिक्छौ । त्यसमा १ नं. गुरुकुलबाट सिक्ने पक्ष भनेको व्यक्तित्व हो । २ नं. गुरुको आचरण बानी बेहोरा । ३ नं. गुरुबाट लिने शिक्षा र ४ नं. मा संस्कार । हाम्रो विद्यालयमा संस्कारको पक्षलाई जति ध्यान दिनुपर्ने त्यति दिइएको छैन । कुनै कुनै विद्यालयमा आफ्नो संस्कार छ तर धेरैमा छैन । संस्कारले के दिन्छ भने गुरुकुलमा पढेको विद्यार्थीले भाषागत समस्या बाहेक अरू कुरामा उत्कृष्टता हासिल गर्न सक्छ । उसले कसैले नभनिकन आफ्ना दैनिकी अगाडि बढाउन सक्छ तर अहिले विद्यालयमा संस्कारमा ध्यान दिइएन । गुरुकुलको राम्रो पक्ष अरू विद्यालयमा ल्याउन सक्ने हो भने यसले समग्र शिक्षालाई नै राम्रो हुन सक्छ । यस सन्दर्भमा उनी भन्छन् :

> राज्यको मुख्य काम भनेको सबैलाई मिल्ने किसिमको वातावरण निर्माण गरिदिने, सुरक्षा दिने, संरक्षण दिने, कानुन निर्माण गरिदिने, ऐन, नियम पालना गर्ने निकायहरूको व्यवस्था गरिदिने गर्नुपर्‍यो । हाम्रो देशमा संविधान, ऐन, नियमहरू छन् । अहिलेका ऐन नियममा गुरुकुललाई कसरी व्यवस्था गरिएको छ भन्ने कुरा हेर्नुपर्यो । व्यवस्था नगरेको भए गर्नु पर्यो । गुरुकुलीय सिस्टमबारे हाम्रो देश समाज व्यक्तिहरूले लाभ लिए । देश बन्यो समाज बन्यो व्यक्तिहरू बने अहिले पनि त्यही रूपमा लग्ने हो भने गुरुकुललाई बचाउनु पर्यो । त्यो बचाउने काम राज्यको हो । कसरी निरन्तर रूपमा लिएर जाने भन्ने कुरामा राज्यले नीति नियम बनाइदिनुपर्यो । सांगठनिक रूपमा पनि कसरी लैजाने भनेर छलफलमा ल्याउनु पर्यो । यसमा आर्थिक श्रोत साधनको व्यवस्था कसरी गर्ने भन्नेमा ध्यान दिनुपर्यो । मेरो सुझाव भनेको यसलाई राज्यसँग धेरै जोडनु हुदैन । अहिलेको राज्यको संरचना भनेको पहिलाको गुरुकुलीय राज्य परिवेश भन्दा धेरै फरक भइसक्यो । राज्य बढि हावी भयो भने गुरुकुलको अस्तित्व हराउन सक्छ । गुरुकुललाई माया गर्ने त्यसको महत्त्व बुझ्ने व्यक्तिहरूको सहयोग संरक्षकत्व रहनु पर्दछ । यसले कहिँकतै गुरुकुलका नाममा संकीर्णता फैलाउने हो कि अतिबादि तिर गएको छ कि भन्ने विषयमा

राज्यले अनुगमन गरिरहनुपर्दछ । यसको संरक्षणमा, गुरुकुल सम्बन्धी अनुसन्धान गर्ने कार्य, आधुनिक जमाना अनुसारका पूर्वाधार निर्माण गर्ने विषयमा पनि राज्यले विशेष ध्यान त दिनु पर्दछ ।

बज्राचार्यकै अनुसार विश्वशान्तिमा गुरुकुलीय प्रकृतिको शिक्षाप्रदान गर्ने बुद्धका शिक्षाले विश्वमा शान्ति कायम गर्न अहम् भूमिका निर्वाह गरेकोले यसको अत्यावश्यकता छ र गुरुकुलीय शिक्षामा सङ्कीर्णता हुनुहुँदैन । उनका अनुसार प्रेम पूर्वक जिन्दगी पढन जापान, कोरिया इन्डोनेसिया भियतनाम आदि क्षेत्रबाट जम्बुदीप भारत वर्षमा पढ्न आउने प्रचलन विगतमा थियो । यो भारत वर्ष जम्बुदीपलाई Drive गर्ने भनेको गुरुकुल शिक्षा हो । त्यसपछि मात्र विहारहरू र गुम्बाहरू हुन् । त्यसपछि मात्र नालन्दा तक्षशिला University बने । ती University बनाउने भनेका गुरुकुल सिष्टमकै व्यक्ति नै हुन् । यसले समाजलाई हजारौं वर्षसम्म फैलाएर लगेको समृद्ध समाज बनाएको पनि गुरुकुल शिक्षाले नै हो । अहिले पनि बुद्ध दर्शनको कुनचाँहि बुदाँलाइ काटने अर्को बुदाँ आएको छ त ? यो हाम्रो विरासत हो यसको मूल धार भनेको गुरुकुल हो भन्ने उनको तर्क रहेको छ ।

अहिले पनि सबैको दिमागलाई ठिक ठाउँमा ल्याउने दर्शन बुद्ध दर्शनमै छ । अमेरिकामा पनि काला र गोरा बिच युद्ध थियो । त्यो गृह युद्धका रूपमा चर्कन लागेको थियो । तर मार्टिन लुथर किँगले गोरा र काला कुनै शत्रु होइनन् उनीहरू पनि हाम्रै भाइ भारदार हुन भनी गृहयुद्ध हुनबाट बचाएका थिए । त्यो दर्शन बुद्ध दर्शनमा रहेको छ । महात्मा गान्धीले पनि अहिंसाको बाटो रोजे । नेल्सन मन्डेलाले पनि उपनिवेशबाट मुक्ति पाउनका लागी जर्मनलाई शत्रु ठान्नु हुदैन त्यो त उनीहरूको व्यवहार हो भनी शान्तिपूर्ण रूपमा दक्षिण अफ्रिकालाई उपनिवेश बाट मुक्त गराएका थिए । यि सबै हाम्रा गुरुकुलहरूको ज्ञानका कुराहरू हुन् । त्यसैले गुरुकुल शिक्षाको Scope हिजो पनि जतासतै फैलिएको थियो र आजपनि यसको सान्दर्भिकता एवम् गरिमा त्यतिकै रहेको उनको तर्क रहेको छ । उनका अनुसार अहिले गुरुकुल, मदरशा, बौद्ध विहार लगायतका शिक्षालाई छुट्टै धार्मिक शिक्षा बनाइ एउटै छातामा ल्याउने भनेको देखिन्छ, त्यो त अस्तित्व रक्षाका लागि ठिकै हो कि

होइन र ? उनको प्रश्न रहेको छ । गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका सम्बन्धमा उनको अलि फरक कथन :

> गुरुकुलको मूलप्रवाहीकरण होइन आवश्यकताअनुसार अरू शिक्षाको गुरुकुलीयकरण हुनुपर्ने आवश्यकता छ भन्ने वज्राचार्यको विचार छ । उनका अनुसार यो शिक्षालाई किन बचाउने भन्ने कुरा हो । यो यति राम्रो छ यसलाई बचाएर लाने भन्ने एउटा पाटो हो भने हाम्रो संस्कृतिलाई बचाएर लाने अर्को पाटो हो । त्यो भन्दा माथिल्लो कुरा विश्वमा मानव मूल्य मान्यतालाई गहिरिएर विचार गरेर हेर्दा संवेदनशिल समाज जुन समाजमा बसुधैव कुटुम्बकम्को अवधारणा र हरेक व्यक्तिलाई ब्रम्ह विहार गर्न सकिने मैत्री करुणा मुदिता र उपेक्षा भाव त्यसले युक्त व्यक्तित्वको समाज बनाउनका लागि हाम्रो मानिसले बनाउन सकिने सबैभन्दा माथिल्लो भाव त्यही हो । यो माटो ढुँगा भन्दा एक तह माथि इन्द्रिय भएको इन्द्रिय भन्दा एक तह माथि मन भएको र मन भन्दा पनि एक तह माथि बुद्धि भएको र सबैभन्दा माथि भावनात्मक रूपमा ईश्वरलाई बुझ्ेको मान्छे भनी गितामा भनिएको छ । बुद्धि भएर मात्र हुदैन । रसियन, अमेरिकन, चाइनिजहरूको बुद्धि छ तर त्यसले मान्छेलाई लडाइरहेका छ । आपसी वैमनस्यता बढाइराखेको छ । तर यस्तो शिक्षा कम्तिमा गुरुकुल शिक्षाले दिदैंन । त्यसैले हाम्रो गुरुकुललाई विद्यालय शिक्षातिर मूलप्रवाहीकरण गर्ने होइन कि विद्यालय शिक्षालाई कसरी गुरुकुल शिक्षामा परिणत गर्ने भन्ने तिर हाम्रो बहस छलफल अगाडि जानु पर्दछ ।

उनका अनुसार एउटा गुरुको आचरण सिकेर २,४ जना विद्यार्थी निस्कन्छन्, आफूलाई परिवर्तन गर्ने या गुरुकै आचरण अनुसार समाजमा लगेर आफूलाई प्रतिस्थापन गर्ने भनेर समाजमा गएका हुन्छन् । आधुनिक शिक्षा अनुसार अहिलेको समयमा मानिसले धेरै क्षेत्रतिर ज्ञान भएका धेरै शिक्षकले पढाएका हुन्छन्, Technology तिर पनि ज्ञान भएका छोरा छोरी भएमा भोलि उसले विभिन्न अवसर पाउँछन् भन्ने तिर ध्यान जाँदोरहेछ, यसले गर्दा अहिलेका मानिसले आधुनिक शिक्षा राम्रो हो भनेर परिभाषित गर्छन् नि ? मानिसले

कुन लेभलमा बुझेर भनेको हो त ? लैलैमा भनेको हो कि बुझेर भनेको हो ? भनेर राम्रो सँग चिन्तन मनन गर्नुपर्छ । व्यक्तिको जिन्दगी भनेको व्यक्तिगत मात्र हुन्छ । कसैले कसैको लागी सास फेर्न, कमाउन सक्दैन त्यसैले व्यक्ति बनाउनु पर्छ । बुद्धको शिक्षा ज्यादै सशक्त, अकाट्य र संसारमा लागू हुन्छ र भइ पनि राखेको छ । त्यसमा ३ वटा कुरा छन् बुद्ध, धर्म र संघ । बुद्ध व्यक्ति होइनन् । उनले बोधि ज्ञान प्राप्त गरेर बुद्ध बनेका हुन् । बुद्ध भनेका knowledge and wisdom का प्रतीक हुन् । त्यसलाई व्यवहारमा पालन गर्ने भनेको धर्म हो । हाम्रो पूर्वीय दर्शनमा धर्म भनेको सम्प्रदाय होइन । जुन कुरा अवश्यम्भावी हुन्छ त्यो धर्म हो । धर्म सत्य सँग जोडिन्छ । गुरुकुलले, गुम्बाले सिकाउने भनेको हिन्दु धर्म, बौद्ध धर्म होइन । यिनीहरूले सिकाउने भनेको धर्म हो । यसमा समस्या दृष्टिकोणमा आउँछ । गुरुकुल पढाउनेले शुद्ध ब्राह्मणलाई मात्र पढाउँछु भनेर जातीय संकीर्णतामा गएको छ । त्यसले अहंकार र समाजमा विभाजन ल्याउँछ । हाम्रो समाज विभाजन भएको मुख्य कारण यही हो । अर्को कुरा गुरु नराम्रो भयो भने के गर्ने भन्ने हो । त्यो जमानामा धेरै विधाहरू थिएनन् । शिक्षा भर्खरै विकास भएर अगाडि बढ्दै थियो । यसरी परम्परागत शिक्षाका राम्रा पक्षहरूलाई आधुनिक शिक्षामा समावेश गरेर अगाडी बढ्न सक्नुपर्दछ त्यसका लागि नै मूलप्रवाहीकरणको आवश्यकता देखिन्छ ।

### (ख) आवश्यकताबारे राजनीतिज्ञहरूको दृष्टिकोण

आवश्यकताबारे नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीका अनुसार अहिलेको शिक्षाले नाफाखोर व्यक्ति उत्पादन गर्छ, गुरुकुल शिक्षाले मानवता प्रवर्द्धन गर्छ । गुरुकुल शिक्षालाई अवमूल्यन न गरी यसलाई सम्वर्द्धन र संरक्षण गर्नुपर्छ । गुरुकुल शिक्षालाई जीवनोपयोगी बनाउनु पर्छ, यसलाई आधुनिक र समृद्ध बनाउनुपर्छ ।

केपी ओलीले गुरुकुल शिक्षाको ऐतिहासिक महत्त्व उजागर गर्दै यसको आवश्यकताबारे प्रस्ट पारेको देखिन्छ । विक्रमशिला, नालन्दा विश्वविद्यालयहरूमै गुरुकुलको उन्नत र उत्कृष्ट नमुनाको रूपमा रहेका थिए । त्यसवेला १० वटा प्रसिद्ध विश्वविद्यालयहरूमै गुरुकुलका उन्नत रूपमा अस्तित्वमा रहेका थिए । तक्षशीलाजस्ता

विश्वविद्यालयबाट प्रमाणपत्र चाहिँ पाइँदैनथ्यो, गुरुले भनेको नै प्रयाप्त हुन्थ्यो । नालन्दा विश्वविद्यालय आइपुग्दा पाठ्यक्रम नै विकास भएर आजको आधुनिक विद्यालयको जस्तै गरी शिक्षा प्रदान गर्न थालियो । तक्षशीलामा ४ र ६ बर्ष पढेपछि हुन्थ्यो भने नालन्दामा चाहिँ पाठ्यक्रममा आधारित पढाई हुन्थ्यो । नालन्दामा ६ वर्षको हुँदादेखि पढ्न थालेर २४ वर्षको हुदाँसम्म पढाई हुन्थ्यो । यस सम्बन्धी ओलीको कथन :

> नालन्दा विश्वविद्यालय पाँचौ शताब्दीमा खुलेर केही शताब्दी चल्यो, पछि आएर तुर्की शासक बक्तियार खिलजीले आगो लगायो भन्ने भनाई छ । यहाँ पाठ्यक्रममा आधारित पढाई हुने, परीक्षा हुने र त्यसपछि प्रमाणपत्र प्रदान समेत गर्ने व्यवस्थित शिक्षा प्रणाली थियो । नालन्दा विश्वविद्यालयको शिक्षाले नै विश्व शिक्षालाई आधुनिक शिक्षातिर डोऱ्याएको हो । जब मुगलहरूको आक्रमण भयो । तब त्यस प्रकारको शिक्षामा ब्रेक लाग्यो । अङ्ग्रेज आइसकेपछि गुरुकुल ध्वस्त नै भयो । अङ्ग्रेजले आफूलाई चाहिने कुरा बाहेक गुरुकुल जस्ता शिक्षालाई खतम नै पारे । हाम्रो नेपालमा चाहिं कुनै शिक्षा पनि अगाडि बढाउन सकेनन् । आफ्ना छोराछोरी पढाउने कर्मकाण्डी शिक्षा मात्र थियो नेपालमा । बल्ल आएर नेपालमा वि.सं. १९१० मा दरबार स्कुल खोलियो । त्यो पनि राणाहरूको छोराछोरीको लागि र त्यहाँ पढाउने शिक्षक पनि अंग्रेज नै ल्याउनु पऱ्यो ।

उनका अनुसार नेपालमा वि.सं.१९३० गुरु षडानन्दले भोजपुरको दिङ्लामा संस्कृत गुरुकुल खोले । धनकुटामा अर्को विद्यालय खोलियो । त्यसै गरी महोत्तरीमा वि.सं. १९४० तिर र गुल्मी अर्घाखाँचीतिर पनि विद्यालयहरू खोलिए । गुरुकुल शिक्षा र आधुनिक शिक्षा नेपालमा सँगसँगै अगाडि बढेका जस्ता देखिन्छन् । नेपाल संस्कृत पाठशाला जस्ता विद्यालयहरू पनि स्थापना भए । गुरुकुल शिक्षाले समयलाई चिनेन । संस्कृत मात्रै पढाएर हुन्न, संस्कृत विद्वान्हरूको भाषा हो । सर्वसाधारणले बोल्न सक्ने बनाउन अलि मुस्किल छ । त्यतातिर राज्य र सरोकारवालाहरूको ध्यान जान सकेन ।यो बेला कर्मकाण्डी विद्या होइन,

विद्वान्हरूले वोल्ने भाषा शिक्षा मात्र होइन, सर्वसाधरण लगायत सबैका लागि हुने शिक्षा चाहिन्छ । जुन गुरुकुल तथा आधुनिक शिक्षा दुवैबाट प्राप्त गर्न सकिन्छ ।

गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको आवश्यकताबारे नेपाली कांग्रेसका डा.कृष्ण प्रसाद पौडेलको दृष्टिकोण अनुसार गुरुकुल शिक्षा भनेको हाम्रो परम्परागत शिक्षा पद्धति नै हो । गुरुसँग बसेर गुरुको आचरणबाट प्रभावित भएर गुरु जस्तै बन्ने परम्परा हामीसँग थियो । बिचमा आइसकेपछि विस्तारै हामी Western Educational system तिर ढल्किरहेका छौं । तर यसले हामीलाई सही ठाउँमा पुऱ्याउने देखिदैन । हामीले नेपालमा एउटा संस्कृत विश्वविद्यालय खोलेर यसका हाँगाबिँगा फैलाउनु पर्छ भन्ने मेरो धारणा हो । हाम्रो धार्मिक आस्था रहेका विद्यालय किराँतका तथा अन्य धार्मिक विद्यालयलाई बढावा दिदै संस्कृत शिक्षालाई पूर्वीय दर्शनको केन्द्रबिन्दुमा राखेर अगाडि बढ्नुपर्छ । संस्कृत शिक्षा सम्बन्धी अन्वेषण खोज तथा हाम्रा संस्कृतिका गहन पक्षको अध्ययन गर्ने काम सो विश्वविद्यालयले गर्नुपर्ने गरी व्यवस्था गर्नुपर्छ । हामीले हाम्रो परम्परा र संस्कृतिको संरक्षण गर्न, पश्चिमाहरूको शिक्षाको दवदवाबाट बच्न समेत अहिले चलिरहेका गुरुकुलहरू जस्तो देवघाट, खप्तड, दिङ्ला लगायतलाई नै समयानुकुल परिष्कृत गरी अगाडि बढ्नाकासाथै केही नयाँ गुरुकुलहरूको समेत स्थापना गर्नुपर्छ र यिनीहरूको छाता संस्थाको रूपमा संस्कृत विश्वविद्यालयले काम गर्ने गरी मोडालिटी तयार गर्नुपर्ने आजको आवश्यकता हो ।

राजेन्द्र लिङ्गदेन, राप्रपाका अनुसार गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि सरकारले शिक्षा पद्धतिमा नै आमूल परिवर्तन गर्नुपर्छ । अहिले हामी जुन आयातित शिक्षा प्रणालीमा छौं, यसले हामीलाई कही पनि पुऱ्याउँदैन केवल विदेशीको नोकर बनाउनु बाहेक अरू केही गर्दैन । त्यसैले हामीले हाम्रो शिक्षा प्रणालीमा संस्कृत शिक्षा सँगै आधुनिक शिक्षाको अवधारणाको विकास गर्नुपर्छ यो गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको पहिलो शर्त हो ।

यसको मूलप्रवाहीकरणका लागि संस्कृत शिक्षा कर्मकाण्डी शिक्षा मात्र होइन यो मुल शिक्षा हो भन्ने सोच र अवधारणाको विकास गर्नु गराउनु जरुरी छ । यसलाई आधुनिक

शिक्षासँग जोड्ने काममा सरकारले पूर्ण जिम्मेवारी लिनुपर्छ । हाम्रो संस्कार र संस्कृतिको जगेर्ना गर्ने जिम्मेवारी राज्यको हो । हाम्रो संस्कृतिले बसुधैव कुटुम्बकम् भन्छ । जुन कैयौँ हजार वर्षदेखि चलिआएको सनातनी परम्परा हो । जसलाई हामी वास्तविक साम्यवादको जग हो भन्ने ठान्दछौं । गुरुकुल शिक्षा यदि सकियो भने भविष्यका पिढीहरूले यसबारे कहाँ र कसरी थाहा पाउने ? उनीहरूलाई आफ्नो संस्कार संस्कृति र इतिहास बताउन पनि यो शिक्षाको नितान्त आवश्यकता छ । यसअनुसार स्थानीय तहदेखि नै गुरुकुल स्थापना गर्ने र तिनीहरूलाई हेर्ने एउटा विश्वविद्यालय स्थापना गरी स्थानीय तहका विद्यार्थीलाई सजिलै विश्वविद्यालसम्म पुऱ्याउने काम गरिनुपर्दछ । गुरुकुल हाम्रो परम्परागत, धर्म संस्कृतिसँग जोडिएको शिक्षा भएकोले, हाम्रो संविधानले शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई दिईसकेको अवस्थामा स्थानीय तहहरूले उनीहरूको आफ्नो आवश्यकता, विचार र परिस्थिति हेरेर गुरुकुल शिक्षालाई अगाडी बढाउन भन्ने नै हो । स्थानीय तहले केन्द्रभन्दा राम्रोसँग आफ्नो क्षेत्रका मुख्य आवश्यकताहरू के के हुन भन्ने बुझ्ने हुन्छन् । त्यसैले उनीहरूले आफ्नो समाजलाई चाहिने किसिमको आवश्यकतामा आधारित पाठ्यक्रम तयार गरी शिक्षालाई स्थानीय आवश्यकतासँग जोडेर हेर्न सक्छन् । साथै विद्यालयहरूलाई आवासीय रूपमा नै अगाडि बढाउनु पर्छ भन्ने पार्टीको धारणा हो ।

यसको मूलप्रवाहीकरणका लागि नीतिगत रूपमै परिवर्तन गरी सम्पूर्ण सामुदायिक विद्यालयमा संस्कृत शिक्षा लागू गर्नुपर्दछ र पाठ्यक्रम समेत बदल्नु पर्छ । धार्मिक शिक्षा मात्र होइन, संस्कृत शिक्षा त सांस्कृतिक र ऐतिहासिक शिक्षा हो । मदरसा र गुरुकुललाई एकै वर्गमा राख्न मिल्दैन । गुरुकुल र मदरसा शिक्षा फरक विषय हुन् । गुरुकुल ज्ञान, विज्ञान र इतिहाससँग सम्बन्धित छ । यो हाम्रो जीवनको लागि नभई नहुने चिज हो यो हाम्रो जीवनको आधार हो । गुरुकुल र अन्य धार्मिक शिक्षालाई एकै तरिकाले हेर्नु हुदैन । गुरुकुलमा अन्य आधुनिक शिक्षा पढाइएको छ भने सामुदायिक विद्यालयहरूमा नि गुरुकुलीय शिक्षा लागू गर्नुपर्दछ । गुरुकुलमा पढेको विद्यार्थीलाई इन्जिनियर बन्नबाट बञ्चित गर्नु हुदैन भने अर्कोतिर सामुदायिक विद्यालयमा पढेको विद्यार्थीलाई आफ्नो संस्कार, संस्कृति र

इतिहासको वैभव जान्नबाट बञ्चित गर्नु हुदैन । गुरुकुलमा पढेको विद्यार्थीलाई राजदूत हुने, डाक्टर हुने बाटो देखाउनु पऱ्यो यसलाई कर्मकाण्डीमात्रै बनाउनु भएन । गुरुकुलमा कोही कर्मकाण्डी प्रयोजनका लागि पढ्छ भने ठिक छ तर कुनै विद्यार्थीलाई उसको व्यक्तित्व विकासको बाटो चाँहि बन्द हुनु भएन । गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि स्थानीय तहले महत्त्वपूर्ण भूमिका खेल्नसक्छ र खेल्नुपर्छ । गुरुकुल शिक्षाको विकासको लागि ऐन नियम बनाउन सक्नुपर्छ । संस्कृत शिक्षालाई सबै सामुदायिक विद्यालयमा ऐच्छिक विषयको रूपमा भएता पनि पढाउनु पर्छ । हामीले आफ्ना डक्युमेण्टहरूमा गुरुकुल शिक्षा किटेरै निम्न कुराहरू राखेका छौं ।

(क) गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्नुपर्ने आवश्यकता पनि हो यसको सम्भावना पनि नेपालमा छ ।

(ख) विश्वमा गुरुकुल शिक्षा आधुनिक शिक्षाको जग पनि भएकोले यसको विकास गर्नुपर्ने धेरै सम्भावनाहरू छन् ।

(ग) कम्प्युटरबाट गुरुकुल शिक्षा पढाउने सम्भावना छन् ।

(घ) गुरुकुल शिक्षालाई आधुनिक शिक्षासँग जोडिने सम्भावनाहरू छन् ।

(ङ) गुरुकूल शिक्षाका विद्यालयहरूमाथि आकर्षण बढाई विद्यार्थीको व्यक्तित्व विकासदेखि आधुनिक शिक्षा हासिल गर्न सक्ने सम्भावना नेपालमा छ ।

शिशिर खनाल, राष्ट्रिय स्वतन्त्र पार्टीका अनुसार अहिले आएर हामी कहाँ चुक्यौ भने पहिलो पक्ष यो जीवन कसरी बाँच्ने भन्नेतिर मात्र हाम्रो ध्यान बढी गएको जस्तो मलाई लाग्छ । पूर्वीयदर्शन अनुसार जुन अत्यन्त साँघुरो पाटो हो । अर्को जीवन र सृष्टिलाई कसरी बुझ्ने र त्यसबाट कसरी मुक्ति प्राप्त गर्ने पाटो एकदम बृहत् पाटो हो । अर्को पाटो कर्मकाण्डीय पाटो हो । जुन सबैले जान्नु पर्ने आवश्यक छैन । तर हामी अहिले त्यसलाई नै हाम्रो दर्शन मानी अल्झिरहेका छौँ । महत्त्वपूर्ण पाटो चाहिँ जीवन र सृष्टि के हो ? भनेर बुझ्नु सक्नु हो जुन विषयमा हामीले ध्यान दिनै छाडेकाले हाम्रो अवस्था यस्तो कमजोर

देखिएको हो । हाम्रो दर्शनको दोस्रो पाटोलाई हाम्रो शिक्षा पद्धतिमा जोड्नु नै गुरुकुल शिक्षा तथा हाम्रो परम्परागत शिक्षाको मूलप्रवाहीकरण हो । उनी भन्छन् :

> हाम्रो धर्म संस्कृति र अनुशासन तथा नैतिकतालाई जोड दिन पनि हाम्रो शिक्षा पद्धतिमा परम्परागत शिक्षालाई मूलप्रवाहीकरण गर्नु पर्छ । हाम्रो धर्म संस्कृति र संस्कार जोगाउन जुन चलिरहेको परम्परागत कर्मकाण्डीय शिक्षा छ त्यसलाई जोगाइराख्नु पर्ने र राज्यले यस्ता शिक्षालयहरू जोगाउन मद्दत गर्नुपर्छ । जसरी भए पनि सरकारले यसलाई जोगाइराख्नु जरुरी छ । जस्तो आर्थिक सहयोग गरेर वा नयाँ नीति बनाएर । गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका आवश्यकतालाई उनले यसरी बताएका छन् । गुरुकुल शिक्षाले कर्मकाण्ड गरेर जीवन निर्वाह गर्न सक्ने बनाउँछ । गुरुकुलमा शिक्षक भएर जीवन निर्वाह गर्नसक्ने पनि बनाउँछ । विदेशमा गएर नेपालीहरूको समुहलाई चाहिने कर्मकाण्ड गर्ने व्यक्तिको जरुरत पुरा गर्न सक्छ । यसले साहित्यको विकास गर्न मद्दत गर्न सक्छ । यसले सृष्टि र जीवनको बारेमा गहन रूपमा सोच्ने दर्शनको विकास गरी मानव जीवनलाई सार्थक बनाउन मद्दत गर्छ । योग विद्याको माध्यमबाट मानिसलाई स्वच्छ र निरोगी रहने पद्धतिको विकास गर्न सक्छ र वेद, पुराण, उपनिषद्मा भएको ज्ञानबाट वैज्ञानिक पनि बन्न सक्दछ ।

दिनानाथ शर्मा, ने.क.पा. माओवादी केन्द्र, सचिव एवम् पूर्व शिक्षा मन्त्रीका अनुसार गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्नका लागि नीतिगत रूपमै परिवर्तन ल्याउनुपर्छ । त्यसका लागि बौद्ध, मदरसा, गुरुकुललाई एउटा छुट्टै छाता बनाएर त्यसभित्र ल्याएर राज्यले अपनत्व लिने की सरकारी विद्यालय सरह नै Upgrade गर्ने कुन ढंगको कार्य उपयुक्त हुन्छ भन्ने विषयमा उनको विचार यस्तो रहेको छ । हाम्रो शिक्षा नेपालमा पढाउ, नेपाली पढाउ, माटो पढाउ, नेपालको संस्कृति पढाउ, नेपालको संस्कार पढाउ भन्दा मुलप्रवाहिकरण हुन्छ । यस बारेमा शर्मा भन्छन् :

भाषा आवश्यकता अनुसार सिक्ने चिज हो । हामीले हाम्रा विद्यालयहरूमा English, Chinese, French लगायतका भाषा पढाउन सकिन्छ । तर मूल प्रवाह नेपालको संस्कार, संस्कृति, भाषा, धर्म, इतिहास, भूगोललाई केन्द्रमा राखेर बनाउनुपर्दछ । जागिर खानका लागि होइन ज्ञानका लागि आवश्यक पर्ने शिक्षा हुनुपर्दछ भन्ने ज्ञान जगाउनु आवश्यक छ । अहिलेको हाम्रो शिक्षा विदेशीका लागि आवश्यक पर्ने मालसामान उत्पादन गर्नेजस्तो भएको छ । English शिक्षालाई Secondary Part मा राखि हाम्रो Policy Shift गर्ने शिक्षा नीति अगाडि बढाउन सकियो भने हाम्रो भविष्य उज्ज्वल हुन्छ नत्र देश बर्बाद हुने अवस्था छ ।

उनका अनुसार गुरुकुल शिक्षालाई पार्टीको घोषणापत्रले नसमेटे पनि म शिक्षा मन्त्री हुँदा मैले यि विषयलाई समेटेर अध्यादेश लिएर राष्ट्रपतिकहाँ गएको थिए तर तत्कालीन राष्ट्रपतिबाट उक्त अध्यादेश अगाडि बढाउनुभएन । हाल अनौपचारिक रूपमा मदरसा र गुम्बालाई विभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरूबाट सहयोग प्राप्त भएको देखिरहेको छु तर गुरुकुलमा सीमित सरकारी सहयोग बाहेक अन्य कसैको सहयोग रहेको छैन । राज्यले गुरुकुललाई सीमित अनुदान मात्र दिएर थामथुम पार्नु अन्याय भएको छ, राज्यले यसलाई Mainstreaming मा ल्याउन नीतिगत र बजेटमा परिवर्तन गर्नु पर्दछ ।

यसरी नेपालका राजनीतिक दलहरूले गुरुकुल शिक्षालाई प्रमुखता दिइरहेका छन् भन्ने कुरामा दुई मत छैन । तर नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि राष्ट्रिय नीतिहरूमा परिवर्तन गरिनुपर्दछ भन्ने राजनीतिक दलहरूको मान्यता रहेको पाइन्छ । गुरुकल शिक्षाको मूलप्रवाहीकरणका लागि परिमार्जित नयाँ पाठचक्रम, नयाँ शैक्षिक नीतिहरू र प्रक्रियाहरूको विकास गर्न आवश्यक छ । जसका लागि राजनीतिक दलहरूले राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति निर्माण एवम् बजेट निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् । नेपालमा गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्नका लागि गुरुकुललाई आधुनिक शैक्षिक प्रणालीहरूसँग एकीकृत गर्न तथा समकालीन शैक्षिक मापदण्डहरू पूरा गर्न शैक्षिक समायोजन गर्न आवश्यक छ । यसका अतिरिक्त गुरुकुल शिक्षाको मानकीकरण र

मान्यतालाई मुख्यधारको शिक्षा फ्रेमवर्क भित्र मान्यता र स्वीकृति प्रदान गरिनुपर्दछ । गुरुकुल शिक्षाले परम्परागत रूपमा आध्यात्मिक र सांस्कृतिक शिक्षामा जोड दिन्छ । तर यो शिक्षालाई वर्तमानमा विज्ञान, प्रविधि र व्यावसायिक शिक्षा जस्ता विषयहरूको बृहत्तर दायराभित्र समेत समावेश गर्ने मूलधारको शिक्षा प्रणालीसँग जोडन सक्नु पर्दछ । यस्तै गुरुकुल शिक्षाको विकासका लागि आवश्यक पूर्वाधारहरूको विकास एवम् मानव संसाधनको विकास अत्यावश्यक रहेको कुरा राजनीतिक दलहरूको दृष्टिकोण रहेको छ ।

### (ग) आवश्यकता बारेमा प्राचार्य, व्यवस्थापन समितिका पदाधिकारीहरूको दृष्टिकोण

शोधकार्य अगाडी बढाउने क्रममा तोकिएको सीमामा रहेका गुरुकुल विद्यालयका प्राचार्य, संचालक समितिका पदाधिकारीहरू र विद्यार्थीहरूलाई खुला प्रश्नावली तथा अन्तर्वार्ता मार्फत विभिन्न जिज्ञासा राखिएकोमा निजहरूले गुरुकुल शिक्षाको आवश्यकताका बारेमा दिएका उत्तरहरूको संक्षेपीकरण गरी यस शीर्षकमा प्रस्तुत गरिएको छ । गुरुकुल नै अध्ययन गर्न रुचाउनुको कारण आफ्ना माता पिता एवम् छिमेकी गुरुहरूको प्रेरणाले नै भएको हो । नेपालमा गुरुकुलको पाठचक्रममा धार्मिक पक्षहरू तथा ग्रन्थहरू समावेश गरी संस्कृत भाषामा रहेका ग्रन्थहरूलाई नेपालीमा अनुवाद गरेर सबै क्षेत्रमा अध्ययन गर्ने बालबालिकाहरूले पढ्न सक्ने व्यवस्था मिलाउनु पर्ने आधुनिक गणित, विज्ञान, इतिहासका साथै अङ्ग्रेजी शिक्षा समेत गुरुकुलमा पढाउन सकियो भने गुरुकुल शिक्षा पढेको व्यक्ति सबै क्षेत्रमा प्रतिस्पर्धी हुन्छ । गुरुकुल अध्ययन पश्चात केही अग्रजहरूले कर्मकाण्डका काम गरेको र आफ्नो जीवन सरल तथा सहज बिताइरहेको देख्दा गुरुकुल प्रति झन आकर्षण बढेको छ । तथापि गुरुकुल शिक्षालयहरूमा हालसम्म विद्यार्थी मागेर पढाइरहेको अवस्था छ भने अर्कोतिर मानिसहरूले हजारौं लाखौं रकम तिरेर संस्थागत विद्यालयमा विद्यार्थीहरू पढाइरहेका छन् । यहाँ नबुझेर नै आफ्नै संस्कृतिलाई बचाउन नसकेको, गुरुकुल संस्कृतिप्रति घृणा गर्ने काममा नीति निर्माता र अभिभावक नै लागेको अवस्था छ । यसका अतिरिक्त यसको मूलप्रवाहीकरणको काममा गुरुकुल शिक्षालाई नियमन गर्ने छुट्टै स्वायत्त संस्थाको स्थापना सरकारले गर्नुपर्दछ । नीति निर्माता, राजनीतिक दलहरूले तथा सरकारले,

गुरुकुललाई यथेष्ठ बजेटको व्यवस्था गर्नुपर्छ । राष्ट्रभक्ति जोगाउने खालका पाठ्यपुस्तक निर्माण गरी गुरुकुल पढाउने व्यवस्था गरिनुपर्छ । नैतिकवान् नागरिक उत्पादन गर्नको लागि नैतिक शिक्षा अनिवार्यरूपमा गुरुकुलको पाठ्यक्रम र पाठ्यपुस्तकमा समाविष्ट गरिनुपर्छ । सरकारले गाउँगाउँमा संस्कृत विद्यालय खोल्नुपर्छ । घरघरमा गुरुकुल सञ्चालन गर्ने व्यवस्था गर्नुपर्छ । वैदिक संस्कृतिलाई जोगाउन सरकारले हाम्रो संस्कृतिमा भइरहेको वैदेशिक हस्तक्षेप रोक्नुपर्छ । जनताहरू गुरुकुल शिक्षा प्रति चेतनशील भई बनाई संस्कृत शिक्षामा आकर्षित गराउन सक्नुपर्छ । वेद, वेदाङ्ग, दर्शन र साहित्य तथा व्याकरण पढाउने छुट्टाछुट्टै गुरुकुलको व्यवस्था हुनुपर्छ । कक्षा ६ देखि १० सम्म शिक्षक दरबन्दी सहित सरकारले पठाइदिए राम्रो हुन्छ । यती प्रयास गरी यो भने गुरुकुल शिक्षाको महत्त्वलाई सबैले बुझ्न सक्दछ भन्ने तर्क गुरुकुल शिक्षाका सरोकारवालाहरूको रहेको छ ।

देवघाटका प्राचार्य, संरक्षक र सञ्चालकहरू अनुसार देशभरका गुरुकुलसँगै देवघाटका तीनवटै गुरुकुल सरकारबाट उपेक्षित रहेको रहेको छ । देवघाटमा यदि गुरुकुल नहुने हो भने यहाँको महिमा नै लोप भएर जाने सम्भावना रहेको उनीहरूको तर्क छ । बिहानमा बटुकहरूले गर्ने पाठले समग्र देवघाट नै गुञ्जायमान हुने गरेको छ । साथै साँझको प्रार्थना र आरतीले धार्मिक पर्यटकहरूलाई आर्कषण मात्र नभएर मन्त्रमुग्ध तुल्याउने गरेको छ । यसबाट के पुष्टि गर्न सकिन्छ भने देवघाट लगायत अन्य गुरुकुललाई सरकारले धार्मिक पर्यटनको रूपमा समेत विकास गर्न पहलकदमी लिनुपर्ने उनीहरूको तर्क रहेको छ ।

सरकारले देवघाटका विद्यालय तह र उच्च शिक्षाका गुरुकुललाई विशेष व्यवस्था सहितको संरक्षण गर्न आवश्यक रहेको महेश आश्रमका पीठाधीश एवम् गुरुकुलका संरक्षक स्वामी रामानन्दले बताएका छन् । यहाँका गुरुकुलका विद्यालय तह र विश्वविद्यालय तहको अध्ययन, अध्यापन एउटै शैक्षिक संस्थाबाट भएको उनले बताएका छन् । उनले सरकार साँच्चै शिक्षाप्रति संवेदनशील हो भने कुनै सर्तबिना विद्यार्थी सङ्ख्याका आधारमा यी गुरुकुललाई नियमित अनुदान उपलब्ध गराउन सक्नु पर्दछ । गुरुकुलको संरक्षणमा सरकारले

जिम्मेवारी वहन गर्नुपर्छ । 'सरकारले किन्तु, परन्तु बिनाको सहयोग उपलब्ध गराउन सके देवघाटका गुरुकुलको शिक्षालाई मूलप्रवाहीकरण मात्रै नभएर अन्तर्राष्ट्रियकरण समेत गर्न सकिन्छ भन्ने उनको तर्क रहेको छ ।

पछिल्ला वर्षमा अमेरिकाको नासामा पनि संस्कृत जानेका वैज्ञानिकको माग हुने गरेको उनले बताएबाट आज विश्वमा संस्कृत शिक्षाको महत्त्व बढेको उनीहरूको तर्क रहेको छ । संस्कृत शिक्षा कर्मकाण्डी पुरेत मात्र जन्माउने शिक्षा नभएको उनको तर्क रहेको छ । गार्गी, मैत्रीदेखि स्वामी विकेकानन्द, नेपालमा योगी नरहरिनाथ र भारतमा अब्दुल कलाम लगायतका महाज्ञानी जन्माउने ज्ञान गुरुकुलीय शिक्षामा रहेको दृष्टान्त उनले प्रस्तुत गरेबाट पनि नेपालमा गुरुकुल शिक्षाको महत्त्व र गरिमा बोध गर्न सकिन्छ । नेपालमा त्यस्ता प्रतिभा जन्माउन गुरुकुल सक्षम हुने उनको विश्वास छ । तर त्यसका लागि राज्यबाट उचित स्रोत र साधनको व्यवस्था हुनु पर्ने उनको सुझाव रहेको छ । उनका अनुसार नेपालकै अभिलेखालयमा रहेका बहुमूल्य संस्कृत वाङ्मयका पाण्डुलिपिकै अध्ययन गर्न जर्मनका संस्कृत अध्येता झिकाउनु पर्ने अवस्थाको अन्त्य हुनुपर्छ र नेपाली गुरुकुलका प्रतिभाबाट नै त्यहाँका अभिलेखहरूको अध्ययन गराउन सकियोस्, त्यो दिशामा सरकारी नीति निर्माताहरूबाट काम भएमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्न सकिने उनको मत रहेको छ । यसका लागि सरकारलाई सघाउन देवघाटका गुरुकुल तयार रहेको प्रतिबद्धता समेत उनले व्यक्त गरेका छन् ।

देवघाटका प्राचार्यका अनुसार मेकालेले भारतवर्षमा चलिआएको पूर्वीय दर्शनमा आधारित गुरुकुलीय शिक्षाको विकल्पकाबारेमा फैक्ट्री मोडलको तहगत अङ्ग्रेजी शिक्षा प्रदान गरेको उनको तर्क रहेको छ । शासक नै अंग्रेज भएका बेला गुरुकुलका आचार्य र प्राचार्यले त्यो विकल्पलाई कसरी विरोध जनाउन सक्थे र ? त्यसरी नै लोकतान्त्रिक शासन व्यवस्था भएका बेला नेपालका गुरुकुलका आचार्य र प्राचार्यले शिक्षाका बारेमा आफ्ना मत प्रकट गरे भने, शासक वर्गले व्यवस्था विरोधी भनेर बुझ्ने गरेको उनीहरूको तर्क रहेको छ । तत्कालीन ब्रिटिश अधिकारी मेकाले भन्दा विशिष्ट बनेर नेपालको शिक्षा मन्त्रालयका

अधिकारीले गुरुकुलको शिक्षाको अवस्था बारेमा सुन्न त के, संस्कृत शिक्षाको 'स' उच्चारण गर्नेहरूलाई हेर्न पनि चाहँदैनन् । देवघाटका गुरुकुलका प्राचार्य र आचार्यहरूको राज्यका नीति निर्माताप्रति यस्तो गुनासो रहेको छ ।

महेश गुरुकुल आश्रम विद्यालयको विद्यालय व्यवस्थापन समितिका राम प्रसाद सुवेदीका अनुसार गुरुकुल शिक्षा सृष्टि तथा आदिकालदेखि चलिआएको शिक्षा हो, भगवान रामले गुरु वसिष्ठ र विश्वामित्रको आश्रममा गई गुरुकुल शिक्षा प्राप्त गरेका थिए भने भगवान कृष्णले पनि साम्य ऋषिजी बाट गुरुकुल शिक्षा हासिल गरेका थिए । पाण्डवहरूले समेत गुरुकुल शिक्षा गुरु द्रोणचार्यबाट प्राप्त गरेका थिए । १७/१८ औ शताब्दीभन्दा पहिले नेपाल र भारतमा गाउँ गाँउमा गुरुकुल विद्यालयहरूको उपस्थिति थियो । घर घरमा गुरुकुल थियो । गुरुकुल नष्ट गर्न धेरै प्रयासहरू गर्दा पनि भारतको गोवामा पश्चिमा अर्थात् पुर्तुगालीहरूले त्यो सफलता पाउन सकेका थिएनन् । पछि सन् १८३४ मा थोमस म्याकले भन्ने पादरीको छोरो भारतको शिक्षा विभागको मुख्य भएर भारतमा आएपछि उसले गुरुकुल नष्ट नहुँदासम्म पश्चिमा शिक्षा र इसाई भारतमा फैलाउन सकिन्न भनेर गुरुकुल शिक्षालाई नष्ट गर्न प्रयास गर्यो । फलस्वरूप म्याकुलेले भारतमा कन्भेन्सन स्कुल खोल्न थाल्यो र नेपालमा समेत त्यसैको प्रभावको रूपमा दरवार हाई स्कुल अहिलेसम्म अस्तित्वमा रहेको छ ।

उनले गुरुकुल शिक्षालाई गुरुकुलबाट प्रेरित भेषभुषा, भाषा, खानपान, बोली, लवाइखुवाइ तथा नैतिकताले ओतप्रोत भएका अनुशासनपूर्वक देश सेवामा लिप्त् नागरिक उत्पादन गर्ने शिक्षा हो भनेर परिभाषित गरेका छन् । नेपालमा आज अङ्ग्रेजी शिक्षा सिक्ने होडबाजी चलिरहेको देखिन्छ । नेपालमा पछिल्लो चरणमा आएर केही सन्त महन्तको प्रयासमा गुरुकुल शिक्षाको पुनःउत्थान हुने कार्य भइरहेको छ । नेपालीहरूले पनि अहिले आएर हाम्रो धर्म संस्कृति बचाउने, आफ्नो परिचय कायम राख्ने हो भने गुरुकुल शिक्षाले मात्र बचाउन सक्छ भनेर बुझ्न थालेका छन् ।

नेपालमा संस्कृत शिक्षा प्रति कठोर घृणा गर्ने काम इतिहासमै कहीँ भएको थियो भने त्यो १० वर्षे जनयुद्धमा भयो, संस्कृत पढ्ने र पढाउने ठाउँ देखिनसक्ने असह्य प्रवृत्ति

त्यो समयमा देखा पर्यो । संस्कृत भाषालाई मृतभाषा भन्ने कथन त्यो बेला चलाए, संस्कृत भाषा पढेको मान्छे नै देखिनसक्ने प्रवृत्ति त्यो बेला देखा पर्‍यो । हाम्रो संस्कृत भाषाको इतिहास त १ अरब ९५ करोड ५८ लाख ८५ हजार १ सय २३ वर्षदेखि अनवरतरूपमा चलिआएको हो । यसलाई नष्ट गर्न कसैले सक्दैन, प्रतिकूल अवस्थाहरू इतिहासमा झेल्दै आएता पनि संस्कृतले आफ्नो अस्तित्वलाई अहिलेसम्म जोगाउदै आइरहेको छ । गुरुकुल शिक्षा हाम्रो, इतिहास, संस्कृतिक मूल्य मान्यता परम्परा र परिचय हो । संस्कृत हाम्रो संस्कार र संस्कृति दुबै हो, संस्कार र संस्कृति कुनै पनि सभ्यताको आत्मा हुन् ती भएन भने मानिस मृतप्रायः हुन्छ । त्यसैले संस्कार र संस्कृति हाम्रा परिचय र जीवन हुन् । जुन महत्त्वपूर्ण कुराहरू गुरुकुल शिक्षाले हामीलाई सिकाउँछ भन्ने उनको तर्क रहेको छ ।

त्यस्तै महेश गुरुकुलका व्यवस्थापन समिति सदस्य मीन प्रसाद रेग्मीका अनुसार नेपालमा गुरुकुल शिक्षा र यसको व्यवस्थापनको सम्बन्धमा भएका हालसम्म राज्यका तफर्बाट भएका प्रयासहरू अपर्याप्त भएको उनको टिप्पणी रहेको छ । नेपालका गुरुकुलहरू निजीस्तरबाट सञ्चालन भएका दाताहरू तथा भक्तहरूको दान दातव्यबाट र उनीहरूको प्रयासबाट सञ्चालन भएका हुन् भन्ने उनको बुझाइ रहेको छ र जुन यथार्थ पनि हो । हाल आएर करिब २ वर्ष अगाडिबाट स्थानीय सरकारबाट केही सहयोग भएको र केही प्रतिशत सरकारले प्रदेशस्तर र संघीय सरकारबाट सहयोग हुन थालेको उनले बताउनु भएको छ । तर अधिकांश रूपमा गुरुकुल शिक्षा चन्दादाता तथा भक्तहरूको सहयोगबाट सञ्चालन भएको छ भने भौतिक संरचनाको निर्माणमा राज्यपक्षले सहयोग गर्दै आएको छ ।

उनको गुरुकुलमा कक्षा ६ देखि आचार्यसम्म पढाइ हुन्छ । माथिल्लो कक्षाका लागि शिक्षकहरू ३ जना नेपाल संस्कृत विश्वविद्यालयबाट काजमा पठाइएको छ । स्कुल तहमा सरकारबाट कुनै शिक्षकको सहयोग नभएको उनको गुनासो रहेको छ । उनका अनुसार हामी सबैको झुकाव Western Education तिर भएकाले English शिक्षातिर सबैको ध्यान गएको होला ? राज्यले नि बाटो बिराएर तथा हामी आफैले पनि हाम्रो संस्कार र संस्कृति

जोगाउनमा ध्यान नदिएर नै हामी आफैले गुरुकुल शिक्षालाई बेवास्ता गरेको हो भन्ने उनको दृष्टिकोण रहेको छ ।

संस्कृत शिक्षा पढेकाहरूले अन्य प्रतिष्ठित पेशा अपनाउन कठिनाइ भएकाले पनि मानिसहरू गुरुकुल शिक्षाप्रति त्यति आकर्षित नभएका हुन सक्छन् । गुरुकुल शिक्षाको पाठचक्रममा समेत आधुनिक शिक्षालाई समावेश गर्न सके यो शिक्षामा विद्यार्थीहरूको आकर्षण बढ्न सक्ने उनको सुझाव रहेको छ ।

उनका अनुसार सरकारी निकायहरूले गुरुकुल जोगाउन खासै चासो र इच्छा नदेखाएकोले पनि यस्तो अवस्था आएको हो । सरकारी स्तरबाट गुरुकुल शिक्षालाई बढावा दिन कुनै प्रयास नभएको सन्दर्भमा गुरुकुल शिक्षा उपेक्षामा रहनु कुनै नौलो विषय नरहेको उनको तर्क रहेको छ । गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्न सरकार तथा राजनीतिज्ञहरूले पश्चिमी शिक्षालाई बढवा नदिई हाम्रो धर्म, संस्कार र संस्कृति जोगाउन गुरुकुल शिक्षालयलाई साधारण विद्यालय सरह सहयोग एवम् शिक्षकको व्यवस्थाको साथै भौतिक संरचनाको निर्माणमा समेत उचित सहयोग गर्नु पर्दछ भन्ने उनको सुझाव रहेको छ । जसलाई मूलप्रवाहीकरणको शुरुवातका रूपामा पनि लिन सकिन्छ ।

राम जानकी बालिका आश्रमका रामेश्वर खनालका अनुसार आजभन्दा १२ वर्ष अगाडि हामीलाई लाग्यो कि जबसम्म मानव जीवनमा आध्यात्मको जागरण हुदैन तबसम्म मानिस र अन्य प्राणीबिच कुनै फरक रहन्न । नेपालको परिप्रेक्षमा २०६७ सालमा छोराहरूको अवस्थाभन्दा छोरीहरूको अवस्था एकदम गम्भीर रहेको पाउँदा हामीले बालिका आश्रम खोली बालिकाहरूलाई खानपानसहित शिक्षा दिने सोच राखी बालिका आश्रम खोल्ने निर्णय गरयौँ । आश्रम भनेको गाँस, बास र कपासको लागि भयो र मानव बनाउन गुरुकुलीय शिक्षा प्रदान गर्ने भन्ने सोचमा छौं । आधुनिक शिक्षातर्फ हामीले विद्यार्थीको चाहनाअनुरूप कम्प्युटर साइन्स, कानुन तथा विज्ञान र आध्यात्मिक शिक्षातर्फ श्रीमद्भगवद् गीता, उपनिषद्, कर्मकाण्ड र पुराण आदि शिक्षा प्रदान गर्दैछौँ । आध्यात्मिक शिक्षा बिना मानव अधुरो हुन्छ । हामी यताका छोरीहरूलाई आधुनिक र गुरुकुलीय दुबै शिक्षा प्रदान गर्दै

आएका छौं । गुरुकुल शिक्षाले हामीलाई आध्यात्मिक बनाउँछ र हामीलाई हाम्रो संस्कार र संस्कृतिप्रति गर्व गर्न सक्ने नागरिक बनाउन मद्दत गर्छ ।

यस्तै राम जानकी गार्गी कन्या गुरुकुल विद्यालय देवघाट, चितवनका प्रधानाध्यापक खेमनाथ चालिसेले गुरुकुलीय शिक्षालाई टेक्नोलोजी तथा अनुसन्धानात्मक शिक्षाको रूपमा परिवर्तन गर्नु जरुरी रहेको सुझाव दिनु भएको छ । सामुदायिक विद्यालयका अनिवार्य विषय गुरुकुलमा पढाइ हुने तर सामुदायिक विद्यालयमा संस्कृत शिक्षा/नैतिक शिक्षा जस्ता विषयको पाठ्यक्रम/पाठ्यपुस्तक पढाउने व्यवस्था हुनु जरुरी छ । गुरुकुल शिक्षा कक्षा ६ बाट सञ्चालन हुने भएकाले कक्षा ५ सम्म विद्यार्थीहरूलाई नैतिकवान् र आचरणयुक्त बनाउने खालको शिक्षा पनि जरुरी रहेको उनको बुझाई छ । उनका अनुसार गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि गुरुकुलमा राज्यकातफर्वाट लगानी बढाउनु पर्‍यो । पर्याप्त समय दिने शिक्षकको व्यवस्था हुनु पर्‍यो भन्ने उनको बुझाई रहेको छ । लगानी गरेपछिको प्राप्तिको आँकलन सहित पाश्चात्य शिक्षाभन्दा गुरुकुल शिक्षामा राज्यले जोड दिनुपर्ने र नैतिक शिक्षालाई प्राथमिकता दिनुपर्यो । रोजगारका अवसरहरूमा समानता हुनुपर्यो । गुरुकुल शिक्षा अध्ययन पछि उच्च शिक्षा पढ्ने बाटो स्पष्ट हुनु पर्‍यो । यी प्रयासहरू राज्यका तर्फबाट भएमा केही हदसम्म गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्न सकिने उनको तर्क रहेको छ ।

गलेश्वर आश्रम विद्यालय नन्दराज पाण्डेयका अनुसार शिक्षा मात्र होइन हामी विद्या पढाउँछौ जसले विनय र सदाचार बढाउछ । जसको लागि राज्यले हेर्नु पर्दछ । संस्कृत शिक्षालाई लघुसिद्धान्त, रुद्राभिषेक जस्ता विषयहरूमा समेत जोड दिई मागमा आधारित भई अतिरिक्त क्रियाकलाप, योग शिक्षा तथा कक्षा ८ र ९ लाई कम्प्युटर शिक्षा एकै पटक २५ जना सम्मलाई पढाउन मिल्ने व्यवस्था गरिनुपर्ने उनको तर्क रहेको छ । उनका अनुसार व्यवस्थापकीय जिम्मा हामीलाई दिनुपर्ने, हामीलाई आर्थिक रूपमा सहयोग गरिदिनु पर्ने र शिक्षक दिने होइन अनुदान दिनु पर्दछ भन्ने उनको सुझाव रहेको छ । किनकि गुरुकुल

शिक्षामा आचरण लगायतका समय व्यवस्थापनका विषय सरकारले पठाएका शिक्षकमा नहुन सक्छ ।

राज्यले संस्कृत शिक्षालाई प्राथमिकता दिइरहेको छैन । राज्यबाट बनाइएको नीति नै हाम्रो आफ्नो संस्कृति बचाउने शिक्षालाई हेप्ने प्रवृत्तिको छ । यदि नैतिकवान् र चरित्रवान् नागरिक उत्पादन गर्ने हो भने गुरुकुल शिक्षा अपरिहार्य छ ।

बेद वेदाङ्ग गुरुकुलका एकारत्न शर्मा आचार्यका अनुसार गुरुकुलमा सबै पक्ष राम्रा छन् । चारित्रिक विकास, संस्कृतिको संरक्षण, संस्कृत भाषाको जगेर्ना गर्ने गुरुकुलको मूल उद्देश्य हो । हामीले जुन कुराहरूलाई प्राथमिकतामा राखेर काम गर्न खोजिरहेका छौँ । ती कुराहरूले सभ्य समाजमा रूपान्तरण गर्ने छन् । गुरुकुल शिक्षा आधुनिक शिक्षाको जग हो । पहिला पहिला विद्यालय नहुँदा गुरुकै आश्रममा गएर पढ्ने गरिन्थ्यो, नेपालमा हाल करिव २५४ गुरुकुल शिक्षा भए तापनि यी सबै ठाउँमा पहुँचमा छैनन् । हरेक गाउँपालिका वा स्थानीय तहमा गुरुकुल खोल्न सम्भव छैन । नेपालभरिका विभिन्न ठाउँमा सञ्चालनमा भएका गुरुकुलहरू दयनीय अवस्थामा रहेका छन् । यद्यपि देवघाटमा मूल ३ वटा गुरुकुलहरू छन् । यिनलाई हेर्दा व्यक्तिमा जाँगर आउँछ, हुनुपर्ने रहेछ भन्ने हुन्छ । तर सबै स्थानमा यसको अवस्था राम्रो छैन । तरपनि प्रतिनिधिमूलक निश्चित ठाउँमा गुरुकुलहरू सञ्चालन भएभने पक्कै पनि राम्रो हुन्छ । सबै गाउँ सबै ठाँउले पहुँच पाउँछ । अहिले हाम्रो विद्यालयमा पनि सबै जिल्लाका विद्यार्थी आएका छन् । गुरुकुलीय आचरण अनुसारका विद्यालयहरू क्षेत्रगत रूपमा यहाँको पद्धति अनुसार लागू गर्न सकेको खन्डमा राम्रो हुन्छ । सुसंस्कृत र सभ्य समाज निर्माणका लागि गुरुकुल शिक्षाको आवश्यकता छ ।

आज जुन ठाउँमा मानिस संस्कृति प्रति जागरुक छन् । त्यहाँका मानिसले आफ्नो ठाउँमा गुरुकुल स्थापना गरी सञ्चालन गर्नुभएको छ । राज्यले यो स्थापना गरेको छैन । राज्यको यसमा हेर्ने दृष्टिकोण फरक छ । राज्यको दृष्टिकोण गुरुकुलमा प्रष्ट देखिएको छैन । कहिलेकाँही भौतिक निर्माण र एकमुष्ट अनुदान दिने बाहेक सामुदायिक स्कुललाई जस्तो व्यवहार गरेको त छैन । यहाँ भइरहेका शिक्षकहरूको दरबन्दी, शिक्षकलाई तालिम दिने

व्यवस्था गरेको छैन । ठाँउठाँउमा मानिस जागरुक भएर आफै गुरुकुल शिक्षा सुरुवात गरेका हुन् । हिजो संस्कृत शिक्षा चाहिँदैन, आवश्यक छैन भन्ने मानिसहरू आज पुनः पुरानै अवस्थामा फर्किइसके । यसका लागि सबै गुरुकुलीय विद्यालयहरूलाई राज्यकै विद्यालयका रूपमा परिणत गर्नुपर्ने जस्तो लाग्छ । गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्ने अध्ययनको उद्देश्य रहेको हुँदा यहाँ आर्थिक र प्राविधिक रूपमा नेपाल सरकारले के सहयोग गरेको छ त ? भन्ने सन्दर्भमा गुरुकुललाई नेपाल सरकारले वर्षको करिव ८ लाख चानचुन र पाठ्चपुस्तकका लागि भनेर केही रकम दिएको थियो । त्यसबाहेक केही प्राप्त गरेका छैनौँ । हामीले कम्प्युटर विषयलाई अनिवार्य बनाउन पाए हुन्थ्यो । संस्कृतलाई प्रविधिमैत्री बनाई लैजान पाए हुन्थ्यो भन्ने हाम्रो चाहना छ । तर सरकारले ध्यान दिन सकेको छैन ।

अहिले अङ्ग्रेजी शिक्षाप्रति विद्यार्थी मोहित छन् । अङ्ग्रेजी नपढी हुँदैन भन्ने भावना छ । नेपालमा गुरुकुलमा पढेर पनि हामी सक्षम छौँ, हाम्रा विद्यार्थीहरू कम्प्युटर चलाउन सक्छन्, विज्ञान प्रविधिमा सक्षम छन् भन्ने बनाउन के गर्नुपर्ला भन्ने विषयमा गुरुकुलका विद्यार्थीसँग धेरै ज्ञान रहेको छ । यिनीहरूले जुन विषय पढ्छन् जस्तै वेद वेदाङ्ग, वेदका बारेमा अहिले पश्चिमा मुलुकले भए नभएका कुरा गरेर भ्रम सृजना गरेका छन । यदि हामीसँग प्रविधिको अध्ययन भयो भने उनीहरूले जसरी भ्रम सृजना गरेका छन्, ती भ्रमहरू चिर्न हाम्रा विद्यार्थीहरू सक्षम हुन्छन् । यी विषयहरूसँगै Technology जोडेर लग्यो भने पश्चिमाहरूले हामीसँग प्रतिस्पर्धा गर्न सक्दैनन् । त्यो क्षमता हामीसँग गुरुकुलमा रहेको यसका सरोकारवालाहरूको तर्क रहेको छ ।

अहिलेसम्म भएको पाठ्यक्रम जे छ त्यो अनुसार पढाइ हुने हो । पाठ्यक्रममा यस्ता विषय समावेश छैनन्, यि विषयहरूलाई क्रमश पाठ्यक्रममा समावेश गर्नुपर्ने देखियो । यहाँ पढ्ने विद्यार्थी मेधावी छन् तर यहाँका विद्यार्थीहरूले धेरै घोक्छन्, रट्छन् भन्ने पनि सुनिन्छ यसमा हजुरको भनाइ कस्तो छ ? भन्ने कुरामा केही आंशिक सत्यता स्वीकार गरिएको छ । पाणिनिले प्रतिपादन गरेका जुन सूत्रहरू छन् ती केही जटिल, कठिन पनि छन ती घोक्नु पनि पर्दछ । त्यसका बारेमा अत्याधुनिक प्रविधिले युक्त भएका प्रशिक्षक नभएकाले यो

सवालमा सत्यता पनि छन् । यदि नेपाल संस्कृत विश्वविद्यालयले त्यस्तो किसिमको प्रविधि उपलब्ध गराइ शिक्षकलाई तालिम दिए एकदम राम्रो हुन्थ्यो । यसमा विद्यालयहरूले प्रयास गरेका छन तर यो प्रयासले मात्रै हुदैन । पाठचक्रम निर्धारण गर्ने जुन निकाय हो त्यसले पाठचक्रममा समावेश गर्न सक्नु पर्दछ । गुरुकुलको व्यवस्थापकीय पक्षको कुरा गर्दा आजका गुरुकुलहरू भिक्षादानबाट चलेका छन् ।

गुरुकुलमा आउने विद्यार्थीहरूलाई बिहान स्नान गर्नेदेखि लिएर पूजापाठ रुद्रीमा पोख्त बनाई नैतिकवान् बनाइन्छ । मूलप्रवाहीकरण गर्ने नाममा राज्यले सरकारी विद्यालयसरह शिक्षक दरबन्दी दिने, नियुक्ति हुने, पढन जो पनि आउने भएमा यो खालको अनुशासन, नियममा बाध्न कठिनाइ हुन सक्ने तर्फ लक्षित गर्दा हाम्रो देवघाटमा भएका गुरुकुल बाहेक अन्य सामुदायिक विद्यालयमा हेर्दा राजनीतिक क्रीडास्थल जस्ता भएका छन् । त्यो प्रवृति हामीकहाँ आयो भने भोलिको परिस्थितिमा हामीले हिजो, आज दिएका ज्ञानगुनका कुराहरू नहुन सक्ने त्यहाँका प्राचार्यहरूका तर्क पनि उत्तिकै बलियो छ ।

उनीहरूका अनुसार यी विद्यालयको मूलप्रवाहीकरणको नाममा पैसा दिएर अन्य कुरा थोपर्न भएन । राज्यले विद्यालयलाई चाहिने अनुदान शिक्षकलाई तालिम, शैक्षिक सामग्रीहरू उपलब्ध गराओस् तर प्रशासनिक र व्यवस्थापकीय रूपमा यहाँ हस्तक्षेप नगरोस् भन्ने सरोकारवालाहरूको तर्क रहेको छ ।

यसका लागि शिक्षकहरूलाई पनि स्थायी प्रकृयामा लैजाने, निश्चित रकम संचित गरिदिने काम सरकारले गरिदियो भने उनीहरूले पनि ढुक्क महसुस गर्नुहुन्छ । राज्यले त्यो प्रकृयालाई अवलम्बन गर्ने हो भने गुरुकुल प्रतिको आस्था र विश्वास अझ वढन सक्ने तर्क सरोकारवालाहरूको रहेको छ । यहाँ २२७ जना विद्यार्थी र त्यहाँ पारी ५५ जना छात्राले मात्र हाम्रो धर्म संस्कृति बचाउन गार्हो हुन्छ । मूल सङ्ख्या उता छ । पाश्चात्य शिक्षा अंग्रेजी, चाइनिज, कोरियन शिक्षामा छ । गुरुकुल शिक्षालाई हरेक ठाममा आवासीय गुरुकुल शिक्षाको अवधारणा लिएर राज्यद्धारा व्यवस्थित गर्न सकिएको खन्डमा मात्र हाम्रो

धर्म संस्कृति जोगिन्छ । हाम्रो धर्म संस्कृति जोगाउने हो भने सारा नेपालका व्यक्ति सचेत हुन जरुरी छ ।

त्यस्तै योगी नरहरिनाथ संस्कृत गुरुकुल, बागेश्वरीका माधव पौडेलका अनुसार हाम्रो गुरुकुल अन्य गुरुकुल भन्दा परक छ यो समावेशी संस्कृत गुरुकुल हो यहा सबै जाति, वर्ग र समुदायका बालबच्चाहरू पढ्दछन् । हामीले नेपाल सरकारको पाठचक्रम पढाउँछौं । नेपालमा अहिलेसम्म सञ्चालनमा भएको गुरुकुलमध्ये समावेशी गुरुकुल यही हो भन्न सकिन्छ । केही गुरुकुल धर्मात्माले खोलेका छन् भने केही गुरुकुलहरू समुदायले कर्मकाण्ड गर्ने जनशक्ति उत्पादन गर्न आफ्नै पहलबाट सुरु गरेका छन् । त्यही भएर ती गुरुकुलहरू समावेशी नहुन सकेका होलान् । यो योगी नरहरिनाथको अवधारणालाई लिएर खुलेको गुरुकुल हो, उनी हुँदाखेरी पनि चलिरहेको गुरुकुल हो यो । तर बिचमा केही कारणले यसको निरन्तरता नहुन सकेको हो र अहिले आएर २०७५ सालदेखि पुनः सुचारू भएको गुरुकुल हो यो । गुरु नरहरिनाथको सोच अनुसारको गुरुकुल हो यो । लगानी गर्नेले आफ्नो अनुकुलको उत्पादन खोज्ने भएकाले अरू गुरुकुल योभन्दा भिन्न देखिन गएको । पहिलो कुरा हामी समाज एकैचोटि परिवर्तन गर्न सक्दैनौं, यो बिस्तारै परिवर्तन हुने हो । हाम्रो मिसन भनेको क्रमिक रूपमा सामाजिक परिवर्तन गर्दै समावेशी गुरुकुल बनाउने हो ।

दोस्रो कुरा के हो भने जुन हाम्रा शास्त्रका ज्ञानका कुराहरू छन् ती सबै जातजाति सम्प्रदायमा विस्तार गरी हाम्रो धर्म संस्कृति जोगाउन सकिनेछ । हामी बाँडिएर कमजोर भएका हौं भन्ने सोच राखेर हाम्रो समाजलाई एकजुट बनाउन यो गुरुकुल समावेशी बनाएका हौं । यो गुरुकुलमा सबै जातजातिका सँगै पढ्ने, सँगै बस्ने र सँगै खाने व्यवस्था छ । दान दाताहरू कम छ तर हिजो आज सहयोग गर्ने धेरै मानिसहरू छन् । समानताका आधारमा पठनपाठन हुने गर्दछ । सबै सुविधा प्रदान गुरुकुलले गर्छ, सामान्य उपचार सहित । सरकारी विद्यालयसरह नै हामीले पठनपाठन गरिएको हुँदा पनि सरकारले हामीलाई हेर्दै नहेरेको हो भन्न सकिँदैन । गुरुकुल निजी स्तरबाट सञ्चालित भएकोले गुरुकुल शिक्षा परिषद् जस्ता संस्थाबाट नियमन भैरहेको र सरकारले गुरुकुल शिक्षालाई धार्मिक शिक्षाको बर्गमा राखेकोले

धार्मिक शिक्षालाई दिने अनुदान मात्र सरकारले दिने गरेको छ । वार्षिक ९ लाख सरकारले दिइरहेको छ, पाठ्यपुस्तक दिन्छ । हामीले माग गरेमा संघीय, प्रदेश तथा स्थानीय तह समेतबाट सहयोग भैरहेको हुन्छ । निरन्तर रूपमा आउने सहयोग जस्तो शिक्षक दरबन्दी सहयोग नआउनुमा हामीलाई निजी संस्था मानेर होला ।

गुरुकुल शिक्षाको आधार मानेर बजेट छुट्याएर सरकारले सहयोग गर्नुपर्ने हो, गुरुकुललाई पछि पार्नु नेपालको संस्कृतिलाई नै पछि पार्नु हो भन्ने मलाई लाग्छ । कस्तुरीले आफ्नै पिना थाह नपाएको जस्तो हामलाई भएको छ । संस्कृत शिक्षा नेपालमै बसेर पढ्दा हामीलाई हीनताबोध हुने प्रचलन बढ्दै गएको हो । हाम्रो शिक्षाको मुल जग नै संस्कृत हो आधुनिक भनाउँदो शिक्षा त आज भर्खरै आएको हो ।

संस्कृत शिक्षालाई नहटाएसम्म हाम्रो एजेण्डा अगाडि बढ्न सक्दैन धारणा राखेका मानिसहरूको कारणले गुरुकुल फस्टाउन नसकेको हो । गुरुकुल शिक्षा भनेको सरकारी शिक्षा जस्तै मूलधारमा जाने शिक्षा हो र यसलाई बोर्डिङ भन्दा फरक सोच्नुपर्छ । बोर्डिङ विद्यालय नाफामुखी संस्था हो भने हाम्रो विद्यालय हाम्रो धर्म संस्कृति बचाउन हो । बोर्डिङ विद्यालय र हाम्रो गुरुकुल विद्यालयको उद्देश्य नितान्त फरक छ । गुरुकुल सञ्चालन प्राचीनकालमा जसरी सञ्चालन हुन्थे नितान्तमा त्यसरी नै सक्षम हुनुपर्छ । गुरुकुलबाट पास भएकाले विद्यार्थीले आफ्नो जीवन निर्वाह गर्नसक्ने हुनुपर्छ । हामीले विद्यार्थीलाई उसको सर्वाङ्गीण विकासमा ध्यान दिन्छौ । सरकारले गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्नुपर्छ । सरकारले अनुदान दिएर सम्पूर्ण जिम्मेबारी यही संस्थालाई दिनुपर्छ । हाम्रो संस्थाको तफर्बाट हेर्दा गुरुकुल शिक्षा पढेका विद्यार्थीहरू सम्पूर्ण क्षेत्रमा सफल हुनसक्छन् भन्ने हो अहिले गुरुकुलमा अङ्ग्रेजी विषय पनि पढाइ हुन्छ । हाम्रा विद्यार्थीहरू जुनसुकै ठाउँमा प्रतिस्पर्धा गर्न सक्छन् । हरेक संस्कृतिको विद्यार्थीहरूको कोटा छुट्याउने व्यवस्था छ ।

**(घ) गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको आवश्यकता बारेमा विद्यार्थीहरूको दृष्टिकोण**

यसको मूलप्रवाहीकरणका सन्दर्भमा यो शिक्षालाई परम्परागत प्रणालीबाट मूलप्रवाहीकरण गर्नका लागि केही सैद्धान्तिक पक्षहरूलाई र विशेष गरी नीतिगत पक्षलाई परिमार्जन गर्न आवश्यक रहेको छ । यसका लागि शिक्षक र विद्यार्थीहरूका बिचमा रहेको सम्बन्ध थप मजबुत बनाएर एक अनुकूल शैक्षिक वातावरण सिर्जना गर्ने काममा राज्यले ध्यान दिन आवश्यक छ । गुरुकुल शिक्षालाई केवल कर्मकाण्डी शिक्षाका बारेमा मात्र नबुझेर जीवन र जगतका अन्य पक्षहरूसंग विद्यार्थीहरूको शारीरिक, मानसिक र आध्यात्मिक पक्षहरू सहित समग्र शैक्षिक विकासमा यो शिक्षालाई केन्द्रित गर्नुपर्ने आवश्यकता रहेको कुरा विद्यार्थीहरूले औंल्याएका छन् । यो शिक्षाप्रति आम विद्यार्थीहरूको चासो नबढिरहेको सन्दर्भमा यसलाई समग्र शैक्षिक प्रणालीमा गाँसेर विद्यार्थीहरूको रुची र आवश्यकता अनुसार गुरुकुल शैक्षिक प्रक्रिया सिक्ने र सिकाउने विधिलाई अगाडि बढाउन राज्यले निर्णायक भुमिका खेल्नुपर्ने विद्यार्थीहरूको तर्क रहेको छ ।

गुरुकुलको शिक्षाको भविष्य यसको सामाजिक मान्यता, यो शिक्षाप्रति बनेका सरकारी नीतिहरू र यसको शैक्षिक पाठ्यक्रम लगायत यसको मानकीकरण र रोजगारीको सिर्जना आदिजस्ता विषयले निर्धारण गर्ने विद्यार्थीहरूको तर्क रहेको छ । यो शिक्षालाई हरेक नागरिकहरूले लिनु पर्ने अनिवार्य शिक्षाका रूपमा विकास गर्न सकिएमा यसको मूलप्रवाहीकरण गर्न सजिलो हुने र यो एक सामाजिक र नैतिक मूल्यहरूसहितको एकीकृत शिक्षाका रूपमा विकास हुन सक्ने सम्भावना रहेको शिक्षाको रूपमा विद्यार्थीहरूले बुझेका छन् । यसका अतिरिक्त यो शिक्षालाई प्रयोगात्मक शिक्षामा विकास हुन सक्ने र यसले नवीनता एवम् आलोचनात्मक सोचसहितका विद्यार्थीहरू उत्पादन गर्न सक्ने शिक्षाका रूपमा समेत गुरुकुलका विद्यार्थीहरूले बुझेका छन् ।

यो अध्ययनका सन्दर्भमा अनुसन्धानकर्ताले गुरुकुल शिक्षा लिइरहेको विद्यार्थीहरूलाई अन्तर्वार्ता गरेको थियो र केही केशहरूको अध्ययन समेत गरेको थियो । जसमा अनुसन्धानकर्ताले महेश आश्रम संस्कृत गुरुकुलम्का नुवाकोट दुईपिपलका कक्षा ९ मा

अध्ययनरत समुद्र नेपालको गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका सन्दर्भमा र यसमा देखिएका चुनौती र सम्भावनाका विषयमा गरिएको छलफल यहाँ प्रस्तुत गरिएको छ ।

उनका अनुसार मेरो एकजना गाउको सर मोहन नेपालले गुरुकुलको वातावरण राम्रो छ पढ्न जाऊ भनेर सल्लाह दिनु भएकोले म यो गुरुकुलमा भर्ना भएको थिएँ । बाबुआमाले समेत मलाई यहाँ पठाउन महत्त्वपूर्ण भूमिका खेल्नु भएको थियो । उनी कक्षा ६ देखि यहाँ भर्ना भएका थिए । उनलाई घरबाट कपडा तथा आवश्यक परेमा खर्च पनि घरबाट पठाई दिने कुरा उनले स्थलगत अध्ययनको क्रममा अनुसन्धानकर्तालाई बताएका थिए । उनका अनुसार गुरुकुलमा कपडा धुने काम आफैले गर्नुपर्छ । गुरुकुलमा प्रतिपदा अष्टमीको दिन बिदा हुन्छ । बिदाको दिन सफा गर्ने हो । बारीतिर झारपात उखेल्नुपर्छ र साना भाइहरूलाई सफा गर्न पनि सिकाउने काम गर्नु पर्दछ । उनका अनुसार यो गुरुकुलमा शौचालय आदिको राम्रो व्यवस्था छ र सफा छ । उनले गुरुकुलमा लिखित र मौखिक दुबै किसिमका परीक्षा हुने कुरा अनुसन्धानकर्तालाई बताएका छन् ।

उनका अनुसार गुरुकुलमा बिहान उठिसकेपछि स्नान गर्ने गर्नु पर्दछ र शुद्ध कपडा लगाएर प्रातःकाल सन्ध्या गर्ने यहाँ नियमित हुन्छ । त्यसपछि रुद्रीपाठ गर्छौ, व्याकरण पाठ गर्छौ र आरती गर्छौ । बिहान ६ बजेर ३० मिनेटमा नास्ता गर्छौं । त्यसपछि प्रार्थना हुन्छ । ७ :३० बाट कक्षा सुरु भई ९:३० सम्म पढ्छौं । त्यसपछि आराम गर्छौं र भोजन ग्रहण गरिन्छ । ११:४० बाट २:२५ सम्म फेरि पढ्छौं र फेरि नास्ता गरेर केही बेर आराम गर्छौं । ४ बजेबाट ५ बजेसम्म खेल्ने समय हो । त्यसपछि फेरि पढ्न जान्छौं, सन्ध्या गर्छौं, त्यसपछि रुद्रीपाठ गर्छौ, व्याकरण पाठ गर्छौ, आरती गर्छौ र खाना खान्छौं र फेरि पढ्छौं र १० बजेतिर राति सुत्छौं । गुरुकुलको यो नियमको पालना गर्नु सबै विद्यार्थीको कर्तव्य र जिम्मेवारी रहेको कुरा उनले अनुसन्धानकर्तालाई बताए ।

गुरुकुलमा रहँदा बिरामी भइयो भने गलेश्वर आश्रमद्वारा सञ्चालित २४ घण्टा सेवा दिने धर्मार्थ हस्पिटल छ, जहाँ उपचारका लागि पैसा पर्दैन । हामी त्यहाँ जान्छौं र औषधी ल्याउँछौं, गुरुहरूले गर्नुहुन्छ । ठुलो बिरामी पर्‍यो भने ठुलो हस्पिटल लगेर अभिभावकलाई

फोन गरी दिनुहुन्छ गुरुहरूले । उनको यो भनाइबाट गुरुकुल शिक्षामा विद्यार्थीको सामान्य उपचार पनि त्यहीँबाट हुने कुरा बुझ्न सकिन्छ ।

गुरुकुल शिक्षा संस्कृतमा आधारित भएकोले यसको उच्चारण लगायतका विषयमा समस्या रहेको उनी बताउँछन् । कक्षा ६ मा पढ्दा अलिअलि उच्चारण गर्न अप्ठेरो भएको उनको अनुभव छ । गुरुकुलमा सामुदायिक विद्यालयभन्दा राम्रो पढाइ हुन्छ भन्ने उनको विश्वास रहेको छ र गुरुकुलबाट नै उच्च शिक्षा हासिल गर्न सकिने उनको बुझाइ रहेको छ । उनले गाउँका साथीहरूलाई पनि गुरुकुल शिक्षा पढ्न प्रोत्साहन गरिरहेको कुराले यो शिक्षावाट उनी सन्तुष्ट रहेको बुझ्न कुनै कठिनाइ छैन र उनका अनुसार यो शिक्षाले नैतिकता र धर्म तथा संस्कृति जोगाउन महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा उनको विश्वास रहेको छ । उनले यसको मूलप्रवाहीकरणका लागि थुप्रै समस्याहरू रहे पनि यसको भविष्य उज्जल रहेको र सरकारले गुरुकुल विद्यालयलाई हेरिदेओस् अर्थात् नीति नियम र बजेटबाट गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गरोस् भन्ने उनको चाहना रहेको छ । उनका अनुसार गुरुकुल शिक्षालाई सरकारले महत्त्वपूर्ण तरिकाबाट हेर्नुपर्छ ।

त्यस्तै अध्ययनका क्रममा मौलाकालिका संस्कृत गुरुकुलका विद्यार्थी उपकार अर्यालसँग पनि हामीले गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका बारेमा अन्तर्वार्ता गरेका थियौँ । उनी मौलाकालिका गुरुकुल आउनु पूर्व संस्कार बोर्डिङ स्कुल, जरंखु काठमाडौँमा अध्ययन गरेका थिए र पछि धेरै मान्छेहरूले संस्कृत पढेको देखेर उनलाई पनि संस्कृत पढ्ने मन भित्रबाटै आएकोले यहाँ अध्ययन गर्न आएको कुरा सुनाए । उनको संस्कृत पढ्ने रहर उनका वावा आर्मीको पूजारी रहेकोले उनको प्रेरणाले संस्कृत पढ्न मन लागेको उनले बताए । उनी कक्षा १२ सम्म गुरुकुल/संस्कृत विषय नै पढ्ने दावी गर्दछन् । अङ्ग्रेजी माध्यममा मात्र बोर्डिङ पढेर आएको विद्यार्थी भएकाले सुरुमा संस्कृत बुझ्न उनलाई गाह्रो भएको थियो, तर सिनियर दाइहरूले सिकाउनु भयो, अहिले पूरा नजाने पनि धेरैजसो बुझिसकेको उनको भनाइ रहेको छ ।

गुरुकुलमा बिहान उठेर मन्त्र पढ्ने, मुख धुने, स्नान गर्ने जप गर्ने, आरती गर्ने, नास्ता गर्ने नियमित काम हो । त्यहाँ ७ बजेदेखि कक्षा सुरु हुन्छ । सुरुमा ७ बजेसम्म प्रार्थना गरेर, अनि १० बजेसम्म कक्षा हुने गर्दछ । १० वजे देखि १२ बजेसम्म खाना खाने समय हो गुरुकुलको । सो समयमा पछिल्लो कक्षाको तयारी गरिने, पढ्ने र १२ बजेपछि फेरी कक्षा सुरु भइ ३ बजे सकिन्छ । ३ बजे पछि मन्दिर सरसफाई गर्ने ,नास्ता खाने, पढ्ने अनि १ घण्टा खेल्ने काम हुन्छ । जप गर्ने, आरती गर्ने, खाना खाने तब पढ्ने र राति ९ बजेतिर गुरुकुलमा सुत्ने समय हुन्छ ।

उनका अनुसार गुरुकुलमा फि तिर्नु नपर्ने सबै समितिले व्यहोर्ने गर्दछ । लगाउने कपडा घरबाट ल्याइएको साथै गुरुकुलमा पनि दिने गरेको उनको भनाई छ । विद्यार्थीहरूका लागि सुत्ने बस्ने व्यवस्था गुरुकुल समितिले नै गरेको उनले बताउँछन् । उनलाई गुरुकुल शिक्षा लिदा कुनै पश्चाताप नभएको, आधुनिक शिक्षा भन्दा यहि उत्तम लागेको, पाश्चात्य शिक्षा तिर कुनै मोह नभएको र गुरुकुल शिक्षाप्रति उनको गौरव रहेको कुराले पनि यो शिक्षाप्रति विद्यार्थीको उच्च सम्मान रहेको स्पष्ट हुन्छ । उनका अनुसार शिक्षक र विद्यार्थीको रूपमा नभइ गुरुकुलमा पारिवारिक वातावरणमा गुरुसँग सुत्ने समय बाहेक सबै समयसँगै रहने नैतिक शिक्षा धर्म संस्कृतिका कुरा सिकिने उनको तर्क रहेको छ । सुत्नका लागि एक कोठामा ११/१२ जना विद्यार्थी रहने तर बेड सिङगल, सरसफाइमा एकदम ध्यान दिइने गरेको अनुभव उनले बताएका छन् । स्वास्थ्य विद्यार्थीले नै राम्रो पढ्न सक्छ भन्ने उनको मत रहेको छ । गुरुकुलमा सामान्य बिरामी भएको बेला गुरुकुलबाट उपचारको व्यवस्था हुने तर ठुलो बिरामी हुँदा अभिभावकहरूलाई बोलाएर हस्पिटल पठाइने गरिएको तथ्यलाई उनले हामीसँग उजागर गरेका छन् । उनी गुरुकुलमा नै रहने र पछि पनि यही शिक्षाको प्रवर्द्धन गर्ने काम गर्ने उनको धारणा रहेको छ ।

त्यस्तै हामीले अध्ययनका क्रममा महेश संन्यास आश्रम गुरुकुल विद्यालय, देवघाटका कक्षा ६ मा पढिने इसान सुवेदीसँग पनि अन्तर्वार्ता गरेका थियौँ । उनले गुरुकुलमा पढाइ राम्रो रहेको र यसबाट आफू खुसी रहेको भनाई व्यक्त गरेका छ । उनी

गुरुकुलमा आफै आफ्ना कपडा धुने गर्दछन् तर खाना पकाउन नपर्ने गुरुकुलले नै दिने उनको तर्क रहेको छ । त्यहाँ बिहानको नास्ता, भएपछि बिहान ७ बजेदेखि २ बजेसम्म पढाइ हुने गर्दछ । उनका अनुसार लगाउने कपडा घरबाट ल्याउने, सुत्ने कपडा गुरुकुलले दिने गरेको उनी बताउँछन् । उनका अनुसार उनले आचार्य तहसम्म गुरुकुल शिक्षा पढ्ने लक्ष्य राखेका छन् । उनका अनुसार सुत्ने कोठा संयुक्त भएकाले अलि अलि हल्ला हुने गरेको तथा उनले मनबाट नै गुरुकुल शिक्षा पढेको र यसमा कसैको दवाव नभएको कुरा बताएका छन् र उनले गुरुकुलमा अङ्ग्रेजी समेत पढ्न पाइएको संस्कृत पढ्न पाइएको कुरामा गर्व गरेका छन् । यहाँ अतिरिक्त क्रियाकलाप समेत हुने र यस्तो अतिरिक्त क्रियाकलाप हुने घुमाउन पनि लैजाने व्यवस्था रहेको कुरा बताएका छन् । उनका अनुसार गुरुकुलमा परीक्षा लिखित मात्र हुने परीक्षाको लागि पैसा तिर्नु नपर्ने पनि यो अध्ययनमा उनले बताए । तर उनका अनुसार गुरुकुलमा गृहकार्य अनिवार्य रहेको पाइएको छ । उनलाई यो शिक्षावाट रोजगारी मिल्ने विश्वास रहेको छ भने गुरुसँगको व्यवहार बा आमा जस्तो हुने गरेको अनुभव उनको छ ।

त्यस्तै स्थलगत अध्ययनमा अनुसन्धानकर्ताले श्री राम जानकी गार्गी कन्या गुरुकुल विद्यालयका कक्षा ९ का विष्णु पाण्डेसँग गुरुकुल शिक्षाको अनुभवका वारेमा अन्तर्वार्ता गरेका थियौं । उनलाई घरमा संस्कृतका पुस्तकहरू देखेर गुरुकुलमा पढ्न मन लागेका कुरा बताएका छन् । उनका अनुसार आमाले भ्रमण गर्दा यो विद्यालय देख्नु भएको थियो र मलाई पढ्न पठाउनु भएको हो । मेरो यो गुरुकुलको पढाइदेखि बाआमा सबै खुसी नै हुनुहुन्छ । म पनि खुसी छु । उनले बताएका छन् । उनी पहिला साधारण स्कुल पढेको विद्यार्थी भएकाले सुरुमा संस्कृत पढ्न गाह्रो भए पनि हाल उनले संस्कृतको श्लोकहरूको बुझिसकेको कुरा हामीलाई बताए । उनका अनुसार यो गुरुकुलमा बिहान उठ्ने स्नान गर्ने, पूजा पाठ गर्ने र खाजा खाने अनि ८ बजेदेखि १० बजे सम्म कक्षामा पढ्ने काम हुन्छ । त्यसपछि खाना खाने र होमवर्क गर्ने फेरी ३ बजे देखि कक्षा हुने उनको नियमितता यो गुरुकुलमा रहेको छ । गुरुकुलमा खाना दिनको ३ पटक पाइने र सुत्ने कोठामा छुट्टा छुट्टै खाट र कपडाको व्यवस्था

रहेको उनले बताएका छन् । ड्रेस किताब कापी कलम गुरुकुलबाट दिइने गरेको उनको भनाइले नेपालका गुरुकुलहरू सुविधायुक्त नै छन् भन्न सकिन्छ । उनले गुरुकुलमा सबै साथीभाइहरू बिचमा राम्रो सम्बन्ध रहेको कसैले नराम्रो नगरेको, कुराले गुरुकुल शिक्षा नैतिक शिक्षा भएको पुष्टि हुन्छ र उनी यहाँ पढेर व्याकरण विषयमा डिग्री गर्ने सोचमा रहेका छन् । उनका अनुसार गुरुकुलमा गुरुहरूसँग सामीप्यका कारण पढाइमा सन्तुष्ट भएको, गुरुकुलले धेरै अनुशासन सिकाएको कुराले पनि गुरुकुल शिक्षा एक अनुशासित शिक्षा हो भन्न सकिने आधार रहेको छ । तर उनले गुरुकुलमा आधुनिक प्रविधिहरूको अभाव रहेकोले सरकारको तफर्बाट कम्प्युटर शिक्षाको लागि सहयोग गरे राम्रो हुने धारणा व्यक्त गरेको छन् ।

गुरुकुलका आचार्य तहका विद्यार्थीहरूका अनुसार विश्वविद्यालय तहबाट प्रवीणता प्रमाण तहलाई फेज आउट गरिरहँदा पनि गुरुकुलीय शिक्षा अध्ययनरत विद्यार्थीमा यसको कुनै समानीकरण नभएको अवस्था छ । यसबाट पनि गुरुकुलमा अध्ययनरत विद्यार्थीहरू सरकारी नीतिको पक्षपातमा परेको स्पष्ट भएको छ । सरकारको यो नीतिका कारण आज आफूले पढेको पाठचक्रमबाट परीक्षा दिनबाट गुरुकुलका विद्यार्थी वञ्चित रहेको अवस्था छ । परीक्षा गराइदेऊ भन्न पनि दामोदर शर्मा प्रधान न्यायाधीश रहेको वेला सर्वोच्च अदालत पुगेर न्यायालयको ढोका ढकढकाउनु परेको तीतो यथार्थता गुरुकुलका विद्यार्थीहरूसँग रहेको छ । यदि निजी विद्यालयमा त्यस्तो विभेद भएको सायदै न्यायालय पुग्नु नपर्ने उनीहरूको तर्क रहेको छ । तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद् वा मन्त्रालयबाटै समस्याका सुनवाई हुन सक्ने उनीहरूको विश्वास रहेको छ । तर सन्यासी, स्वामी र आचार्यहरूले दान, दातव्य, मुष्टि र भिक्षा सङ्कलन गरेर चलाएका शैक्षिक संस्था गुरुकुलको मान्यता र निरन्तरताका लागि अदालतसम्म पुग्नु पर्ने विडम्बनापूर्ण परिस्थिति रहँदासम्म यो शिक्षाको मूलप्रवाहीकरण हुन नसक्ने उनीहरूको विश्वास रहेको छ । त्यसैले गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि शैक्षिक क्षेत्रमा देखिएको विभेदकारी नीतिको परिमार्जन र

एकरूपता आजको आवश्यकता हो भनेर सरोकारवालाहरूले बुझ्नु र यसको कार्यान्वयनमा ध्यान दिन सक्नु पर्दछ । उनीहरूका अनुसार यो मूलभूत आवश्यकताका रूपमा रहेको छ ।

उद्धव कुइँकेल (२०७७) का अनुसार कस्तो गुरुकुल आजको आवश्यकता हो भन्नेबारे यस्तो धारणा छ । नवीन वस्तु सृजना, सूक्ष्म ज्ञान तिर्सना, सुसंस्कृत समाज सपना, उपकारी जीवन कल्पना र अध्यात्मवाद चेतना आदि समग्र पक्षविपक्षमा विवेचित परम्परागत गुरुकुलीय शिक्षाको परिष्कृत रूप आजको आवश्यकता हो । साथै स्वतन्त्रताको नाममा छाडातन्त्रबाट प्रभावित, स्वदेशी संस्कार र सभ्यतासँग अपरिचित तथा पुर्ख्यौली गौरवमय गाथाबाट विमुख स्वघोषित 'युनिक केही युवायुवतीमा समेत गुरूप्रदत्त शिक्षाप्रति प्रेरक स्वभाव, आत्मीय सद्भाव र दूरगामी प्रभाव एवम् समुज्ज्वल भविष्य सुनिश्चितताको सन्देशबोध गराउनु पनि जरुरी छ । यससँगै सर्वसाधारणदेखि उपल्लोस्तरसम्म सम्मका सबैमा यो गुरुज्ञान केन्द्र प्राप्त शिक्षा साइनो रहस्यमन्त्र, विज्ञान प्रविधि उन्नत यन्त्र र विश्व नियन्त्रणतन्त्र अथवा राज्य शासन-प्रशासन व्यवस्थासँग जोड्नु पनि अपरिहार्य छ । बढ्दो भूमण्डलीय शक्ति सञ्चय, द्वन्द्व र दबाबले अशान्त, जीवन-आधारभूत वस्तु अभावले प्राणान्त तथा जातीय र क्षेत्रीय नश्लभेद दुर्भावले आक्रान्त विश्व मनोविज्ञानलाई पौरस्त्य दर्शन परिपूरक सत्य, अहिंसा, प्रेम र शान्तिप्रदायक युगीन गुरुकुलीय शिक्षाको स्पन्दन - "वसुधैव कुटुम्बकम्" अर्थात् फराकिला छाती, उदार मनका लागि संसारका सबै प्राणी, बन्धुबान्धव र कुटुम्बेरी प्रिय हुन्छन् । यससँगै "विश्वानि देव सवितर्दुरितानि परा सुव यद् भद्रं तन्न आ सुव अर्थात् हे विश्वब्रह्माण्डका प्रकाश देव ।

## ५.४ गुरुकुल शिक्षाका मूलप्रवाहीकरणका सम्भावनाहरू

चुनौतीहरूको बाबजुद पनि नेपालमा गुरुकुल शिक्षालाई मूल प्रवाहमा ल्याउने थुप्रै सम्भावनाहरू छन् । नेपाल सरकारले गुरुकुल शिक्षाको महत्त्वलाई बुझेर यसको प्रवर्द्धनका लागि विभिन्न पहल गरेको छ । उदाहरणका लागि, शिक्षा मन्त्रालयले नेपालमा गुरुकुल शिक्षाको प्रवर्द्धन र नियमन गर्न गुरुकुल शाखा स्थापना गरेको छ । यसका साथै नेपालमा गुरुकुल शिक्षाको प्रवर्द्धनका लागि विभिन्न गैरसरकारी संस्था र सामाजिक संघसंस्थाले पनि काम गरेका छन् । समग्रमा शिक्षा र सांस्कृतिक मूल्यमान्यतामा जोड दिएको कारणले

नेपालमा गुरुकुल शिक्षाको लोकप्रियता छ । तर नेपालमा यसलाई मूल प्रवाहमा ल्याउन धेरै चुनौतीहरू छन्, जस्तै पूर्वाधार र तालिमप्राप्त शिक्षकको अभाव, आर्थिक समस्या,नीतिगत अस्पष्टता, दृष्टिकोणमा विबिधता लगायतका रहेका छन् ।

प्राचीन भारतीय शिक्षा प्रणालीमा आधारित नेपालको गुरुकुल शिक्षा प्रणालीलाई पछिल्लो समयमा मूल प्रवाहमा ल्याउने चासो बढ्दै गएको छ । नेपालका विभिन्न भागहरूमा विशेष गरी ग्रामीण क्षेत्रमा धेरै गुरुकुल विद्यालयहरू स्थापना भएका छन् । यी विद्यालयहरू आधुनिक शिक्षासँगै परम्परागत ज्ञान, मूल्यमान्यता र सीपहरू प्रदान गर्नमा केन्द्रित छन् । नेपालका केही प्रमुख गुरुकुल विद्यालयहरू स्वामी शिवानन्द गुरुकुल, गुरुकुलम र हरे कृष्ण गुरुकुल हुन् । मूलप्रवाहीकरणका सम्भावनाहरूलाई यस अध्यायमा विश्लेषण गरिएको छ ।

### ५.४.१ सामाजिक र सांस्कृतिक संरक्षणका लागि गुरुकुल शिक्षा

गुरुकुल शिक्षा समाज, संस्कृति र सम्पदाको विच गहिरो सम्बन्ध रहेको छ । यसले परम्परागत कला, शिल्पकला, संगीत र अन्य सांस्कृतिक अभ्यासहरूको संरक्षण र बढावा गर्न मद्दत गर्दछ । त्यसैले हाम्रो धर्म, संस्कृतिको संरक्षणदेखि वातावरणको संरक्षणसम्म गुरुकुलको क्षेत्र भएको हुनाले यो कार्यमा पनि गुरुकुलको सम्भावना विस्तृत रहेको छ ।

### ५.४.२ मूल्य र नैतिकताको विकास

गुरुकुल शिक्षाले नैतिक र नैतिक मूल्यमान्यताको विकासमा जोड दिन्छ । समाजका हरेक मानिसहरूले आफ्ना नैतिक मूल्य मान्यताप्रति आस्था र विश्वास राख्दछन् । त्यसैले यसको वढावाका लागि र अनुकूलनका लागि पनि गुरुकुल शिक्षा प्रणाली आवश्यक रहेकोले यो हरेक मानिसहरूको आवश्यकता र चाहनाको विषय बन्न सक्दछ । गुरुकुल शिक्षाबारे दिइएका उल्लिखित सूचीले पनि यो कुरा सङ्केत गर्दछ ।

### ५.४.३ व्यक्तिगत रुचिमा आधारित शिक्षा

गुरुकुल शिक्षा प्रणालीमा प्रत्येक विद्यार्थीको क्षमता र रुचिहरूको आधारमा व्यक्तिगत सिकाइ विधि समेत समावेश गरिने भएकोले हरेक विद्यार्थीहरूले आफ्ना रुची र

क्षमता गुरुकुलमा प्रयोग गर्न र सिक्न पाउने भएकोले यो शिक्षा हरेक मानिसहरूको रोजाईमा पर्न सक्दछ ।

यसका अतिरिक्त गुरुकुल शिक्षाले समुदायलाई एकीकरण गर्ने काममा, प्रकृतिको संरक्षण र सम्वर्द्धन गर्ने काममा, व्यावहारिक ज्ञान, सीप र क्षमता आर्जन गर्नका लागि, व्यक्तिको चरित्र र नैतिकता विकास गर्नका लागि, संस्कृति र धर्मको प्रर्वद्धन गर्नका लागि, आध्यात्मिक र दार्शनिक पक्षहरूको विकासका लागि, परम्परागत ज्ञान र आधुनिक सोचबिचको संयोजन एवम् ग्रामीण शिक्षा वृद्धि गर्नका लागि र रोजगार वृद्धि गर्नका लागि यो शिक्षा महत्त्वपूर्ण रहेकोले यसको वर्तमान अवस्थामा निकै ठुलो सम्भावना रहेको छ ।

### ५.४.४ गुरुकुल हरेक मानिसहरूको रोजाइ

गुरुकुल शिक्षा हरेक मानिसहरूको शारीरिक, मानसिक, भावनात्मक र आध्यात्मिक पक्षहरू सहित समग्र विकासमा जोड दिने शिक्षा भएकोले यो सबै मानिसहरूको रोजाईको विषय बन्न सक्छ । समाजका हरेक वर्गका मानिसहरूले गुरुकुलका विषयहरूलाई विद्यालय भित्रको प्रमाणपत्र प्राप्त गर्ने शिक्षा मात्र नभइ शैक्षिक विषय भन्दा पर रहेर स्वअध्ययनबाट समेत गुरुकुलीय शिक्षा सिक्न र बुझ्न सक्दछन् । विद्यार्थीहरूले पनि केवल विद्यालय भित्रको औपचारिक शिक्षाको रूपमा नलिइ जीवनोपयोगी शिक्षाको रूपमा लिन सक्दछन् । त्यसैले नेपालमा गुरुकुल शिक्षाको सम्भावना व्यापक रहेको छ त्यसबेलाका गुरुकुलमा के-कस्तो नियम हुन्थ्यो भन्ने कुरा तल दिइएको सूचीले सङ्केत गर्दछ जस्को अनुसरण आधुनिक कालमा अत्यन्त जरुरी ठानिएको छ । जसलाई गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका सम्भावनाको रूपमा लिइन्छ ।

### ५.४.५ गुरुकुलका नियम तथा दिनचर्या आधुनिक जीवनसँग तिनको सामञ्जस्य

**(क) नियमहरू**

१) गुरु वा आचार्यको आज्ञा पालन गर्न २) ब्रह्मचर्य अभ्यास गर्न ३) अनुशासन पालना गर्न ४) समयमै सुत्ने र समयमै उठ्ने ५) दिउँसो र बेलुकाको खाना समयमै खाने ६) नियमित रूपमा दैनिक कार्यहरू गर्ने ।

**(ख) दिनचर्या**

१) ब्रह्म मुहूर्तमा उठ्ने २) योग, ध्यान र प्राणायाम गर्ने ३) दारी काट्ने ४) नुहाउने र भगवानको पूजा गर्ने ५) संस्कृत र धार्मिक पठन गर्ने ५) ज्योतिष, वैदिक गणित, चित्रकला, संगीत आदि जस्ता विभिन्न विषयहरू अध्ययन गर्ने ६) व्यायाम, घोडा सवारी, डोरी पोल मसाज, विभिन्न शारीरिक प्रशिक्षण र खेलहरू खेल्ने ७) गायन, नाटक, वक्तृत्व आदि कलात्मक सीपहरूमा तालिम लिने ८) साँझ भक्ति, भगवानको भजन किर्तन प्रदर्शन ९) साँझको पैदल यात्रा १०) निर्धारित समयमा राति सुत्ने ।

## ५.५ निष्कर्ष

नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्न आवश्यक छ एवम् त्यसको त्यत्तिकै सम्भावना छ भन्ने कुरा विभिन्न अध्ययन र शोधकार्यमा प्रत्यक्ष एवम् परोक्ष रूपमा सहभागी महानुभावहरूले व्यक्त गरेको देखिन्छ । सदाचार, नैतिकता, सद्चरित्र, जीवनोपयोगी शिक्षा, मूल्यमा आधारित शिक्षा जस्ता विशेषताहरू बोकेको गुरुकुललाई पुनर्जागरण गर्न जरुरी रहेको र यिनलाई राज्यले मूलप्रवाहीकरणमा ल्याउन जरुरी रहेको देखिन्छ । गुरुकुलको मूलप्रवाहीकरण गर्दा अरू विद्यालय जस्तै गुरुकुल बनाउने होइन कि गुरुकुल जस्तै अरू विद्यालय बनाउने अभियानको आवश्यकता समेत व्यक्त गरेको पाइयो । गुरुकुलका सकारात्मक कुरालाई अरू विद्यालयमा लागू गर्नुपर्ने र आधुनिक शिक्षाका, प्राविधिक शिक्षाका सकारात्मक कुरालाई गुरुकुल शिक्षामा ल्याउनु पर्ने विचार धेरै क्षेत्रबाट आएको देखिन्छ । गुरुकुललाई मूलप्रवाहीकरण गर्नका लागि यसको पाठचक्रम निर्माण गर्ने अलग्गै

शाखा, यसको नीति निर्माणको बेग्लै अङ्ग र शिक्षक दरबन्दी तथा भौतिक व्यवस्थापनको लागि गुरुकुलको अवस्था एवम् स्तर हेरी व्यवस्थापन गर्ने र नियमन गर्ने राज्यस्तरीय इकाईको आवश्यकताको बोध भयो । यसका लागि नीति निर्माता राजनीतिक दल र सम्बद्ध सरोकारवालाहरूको अन्तर्वार्ता समेतबाट गुरुकुलको मूलप्रवाहीकरण गर्नुपर्ने मुख्य आशय सहित यसलाई कर्मकाण्डी शैलीबाट मुक्त गर्नुपर्ने, यसको अध्ययनमा समावेशिता अपनाउनु पर्ने र विद्यार्थीलाई आधुनिक, प्राविधिक शिक्षा समेत दिएर सक्षम नागरिक बनाउनु पर्ने विचार व्यक्त गरेको देखिन्छ ।

यसरी गुरुकुलको मूलप्रवाहीकरण आवश्यक छ तर यसको मूलप्रवाहीकरण अरू सरकारी स्कुल जस्तो गराएर होइन गुरुकुलकै मौलिक स्वरूपमा गर्नु आवश्यक छ । गुरुकुल शिक्षा, शिक्षाको परम्परागत रूप भए पनि वर्तमानमा यसको महत्त्व व्यापकरूपमा बढेको छ । यस अध्ययनले सहभागी विद्यार्थीहरू यसलाई परम्परागत शिक्षाको एक महत्त्वपूर्ण हिस्साको रूपमा हेरेको एवम् उनीहरूले जीवनका विभिन्न पक्षहरूमा सहयोग गर्ने शिक्षाको रूपमा गुरुकुल शिक्षालाई बुझेका छन् । उनीहरूका अनुसार गुरुकुल शिक्षाको मूलप्रवाहीकरण आजको आवश्यकता भए पनि गुरुकुल शिक्षाको पुरानो शैली पुनर्स्थापना गर्न राज्यस्तरबाट भएका आधुनिक प्रयासहरू अपर्याप्त छन् भन्ने उनीहरूको निष्कर्ष रहेको छ । यद्यपि गुरुकुल शिक्षा आज विद्यार्थीहरूविच गहिरो समझदारी वढाउन, आलोचनात्मक सोच र नैतिक मूल्यमान्यताहरूलाई प्रोत्साहित गर्न महत्त्वपूर्ण छ भन्ने उनीहरूको विश्वास रहेको छ । यस शिक्षालाई मूलप्रवाहीकरण गर्न राज्यले अनुकूल शैक्षिक वातावरण सिर्जना गर्ने र शिक्षक तथा विद्यार्थीबिचको सम्बन्धलाई सुदृढ पार्ने कुरामा ध्यान केन्द्रित गर्नुपर्दछ भन्ने उनीहरूको तर्क रहेको छ । विद्यार्थीहरूका अनुसार राज्यले गुरुकुल शिक्षालाई समग्र शैक्षिक प्रणालीमा एकीकृत गर्न निर्णायक भूमिका खेल्नुपर्दछ । गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्दा यसले सामना गरिरहेका चुनौतीहरूको सम्बोधन आजको आवश्यकता हो भन्ने उनीहरूको मत रहेको छ । यसका लागि गुरुकुलको कडा अनुशासनको पालनामात्रै होइन की यसमा आधुनिक शिक्षण विधि र प्रविधिको अभाव तथा उच्च शिक्षा वा रोजगारीका अवसरहरूको

कमी रहेको छ । यसको मूलप्रवाहीकरण गर्दा यी पक्षहरूको सम्बोधन हुन आवश्यक छ । गुरुकुल शिक्षा प्रणालीमा पूर्वाधार र स्रोतको अपर्याप्तता रहेको छ । साथै यसको उद्देश्यहरू प्राप्त गर्न समयसापेक्ष पाठ्यक्रममा परिवर्तनको आवश्यकता छ । विद्यार्थीहरूका अनुसार राज्यले उचीत स्रोतहरूलाई गुरुकुल शिक्षामा व्यवस्थापन गर्नुपर्दछ । उनीहरूका अनुसार गुरुकुलमा कुशल शिक्षक र शैक्षिक प्रशिक्षण, शिक्षक विद्यार्थी अनुपातमा कमी रहेको छ । यसको सही व्यवस्थापन गरेर गुरुकुल शिक्षाले रोजगार र आय आर्जन गर्न सक्दैन भन्ने अभिभावकको भ्रमलाई समेत हटाउन सकेमा गुरुकुल शिक्षा प्रणालीको मूलप्रवाहीकरण हुन सक्ने उनीहरूको विश्वास रहेको छ ।

# छैटौं अध्याय

# सारांश, छलफल, निष्कर्ष र सुझावहरू

प्रस्तुत शोधप्रबन्धको सारांश अन्तर्गत शोधप्रबन्धको अध्यायगत सारांश रहेको छ भने छलफल अन्तर्गत मूलप्रवाहीकरणका मान्यता तथा सम्बन्धित साहित्यको पुनरावलोकनबाट प्राप्त तथ्यका साथै शोधार्थीले शोधबाट प्राप्त तथ्य, शोधको क्रममा क्षेत्रकार्यबाट प्राप्त अनुभव र अवलोकनलाई छलफलका रूपमा प्रस्तुत गरिएको छ । निष्कर्षलाई शोध प्रश्नगत निष्कर्ष र समग्र निष्कर्षका रूपमा व्यवस्थित गरिएको छ । यसैगरी सारांश, छलफल र निष्कर्षका आधारमा ११ वटा सुझावहरू समावेश गरी नेपालमा गुरुकुलका मूलप्रवाहीकरणका अवस्था चुनौती र सम्भावनासँग सम्बन्धित नयाँ ज्ञानको उद्घाटन गरी यस शोधप्रबन्धलाई पूर्णता प्रदान गरिएको छ ।

## ६.१ अध्यायगत सारांश

प्रस्तुत शोधप्रबन्धमा ६ (छ) अध्याय रहेका छन् । शोधप्रबन्धको आरम्भमा विषयसूची अन्तर्गत शोधनिर्देशकको सिफारिस शोध बिशेषज्ञको मन्तब्य, शोधार्थीको प्रतिबद्धता पत्र, कृतज्ञता ज्ञापन, विषयसूची, सङ्क्षिप्त शब्दसूची र शोधसार दिइएका छन् ।

प्रस्तुत शोधपत्रको अध्याय एकमा शोध परिचय छ । यसमा विषय परिचय, समस्या कथन, शोध कार्यका उद्देश्यहरू साथै शोध रिक्तता समावेश गर्नुका साथै शोध कार्य गर्नाको औचित्यलाई प्रस्ट पारिएको छ । यसै अध्यायमा शोधकार्यका लागि अवलम्बन गरिएका सामग्री संङ्कलन विधि तथा बिश्लेषण विधिको चर्चा गरी अन्त्यमा ६(छ) अध्यायमा शोधप्रवन्धको रूपरेखा प्रस्तुत गरिएको छ ।

यस शोधकार्यको दोश्रो अध्याय सम्बन्धित साहित्यको पुनरवलोकन र सैद्यान्तिक पर्याधारसँग सम्बन्धित रहेको छ । यस अध्यायको सुरुमा सम्बन्धित साहित्यको पुनरवलोकनको विषय परिचय दिइएको छ । यसै अध्यायमा सैद्धान्तिक, प्रयोगात्मक र

नीतिगत समीक्षा एवम् शोध समस्यासँग सम्बन्धित समीक्षा गरिएको छ । यसमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण सिद्धान्त तथा अनुसन्धान रिक्तता बारे उल्लेख गरिएको छ ।

नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको वर्तमान अवस्थालाई अध्याय तीनमा समावेश गरिएको छ । यस अन्तर्गत विषय परिचय, गुरुकुल शिक्षाको इतिहासका साथै शिक्षाका मूलधारमा नेपालका गुम्बा, बिहार, गुरुकुल बारे उल्लेख गर्दै गुरुकुल शिक्षाका बिशेषताको बर्णन र बिश्लेषण गरिएको छ । यसै अध्यायमा गुरुकुल शिक्षा प्रणालीको महत्त्व, गुरुकुल शिक्षाको मूलप्रंवाहीकरणको प्रयत्न र अभ्यास, गुरुकुल शिक्षा प्रणाली र आधुनिक शिक्षा प्रणालीमा फरक, गुरुकुल शिक्षा प्रणालीका प्रकार, मूलप्रवाहीकरण गर्ने प्रक्रिया, गुरुकुल शिक्षाको पाठचक्रम, मूलप्रवाहीकरणको वर्तमान अवस्था र गुरुकुल शिक्षामा विद्यमान विभेद तथा अध्यायको अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको चौथो अध्यायमा नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणसँग सम्बन्धित चुनौती शीर्षक रहेको छ । जसमा यस अध्यायको विषय परिचय दिनाका साथै, मूलप्रवाहीकरणसँग सम्बद्ध चुनौती, गुरुकुलको आधुनिक दृष्टिकोणको विकास, राजनैतिक दलहरूका दृष्टिकोण, नीति निर्माण तहका कर्मचारीहरूको दृष्टिकोण, समाजसेवी विद्वान र शिक्षकहरूका धारणा प्रस्तुत गर्दै नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणसँग सम्बन्धित चुनौतीहरूका बारे उल्लेख एवम् अध्यायको अन्तमा निष्कर्ष दिइएको छ ।

यस शोधप्रबन्धको अध्याय पाँचमा नेपालका गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको आवश्यकता रहेको छ । गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको आवश्यकता किन छ भन्ने प्रश्नको उत्तरका रूपमा आएको यो अध्यायको आरम्भमा विषय परिचय रहेको छ । यसमा आधुनिक समयमा गुरुकुल शिक्षाको आवश्यकता र त्यो आवश्यकताबारे प्राचार्य, व्यवस्थापन समितिका सदस्यहरू लगायत राजनितीक नेता, नीति निर्माण तहका विद्वानहरू लगायतको दृष्टिकोण प्रस्तुत गरिएको छ । गुरुकुल शिक्षाको आधार क्षेत्र देवघाटका बारेमा चर्चा समेत गरिएको यस अध्यायमा मूलप्रवाहीकरणको आवश्यकता बारे विद्यार्थीहरूको दृष्टिकोण समावेश गर्दै अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

यस शोधप्रवन्धको छैटौं तथा अन्तिम परिच्छेद शोधको सारांश, छलफल निष्कर्ष र सुझावहरूसँग सम्बन्धित छ। यसमा शुरुमा शोधप्रवन्धको अध्यायगत सारांश दिइएको छ। त्यसपछि शोधको समग्र निष्कर्ष, शोध समस्यागत निष्कर्ष प्रस्तुत गरिएको छ । यसै अध्यायमा सुझावहरू र भविष्यको अनुसन्धानका लागि मार्गहरू सुझाईएको छ । यसरी विषयसूची बाहेक यो शोधप्रवन्ध छ अध्यायमा सुसङ्गठित रहेको छ।

## ६.२ छलफल

प्रस्तुत शोधप्रबन्धमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको सन्दर्भमा हालसम्म प्रचलनमा रहेका अभ्यासका साथै मूलप्रवाहीकरणसँग सम्बन्धित चुनौती र यस शिक्षाको मूलप्रवाहीकरणका सम्भावनाहरू बारे पुस्तकालयीय कार्य एवम् क्षेत्र कार्यविधिबाट अनुसन्धान कार्य सम्पन्न गरिएको छ। यसअन्तर्गत सम्बन्धित साहित्यको पुनरवलोकन र सैद्धान्तिक पर्याधार मार्फत हालसम्म सम्पन्न गरिएका गुरुकुल शिक्षासँग सम्बद्ध विविध अध्ययनहरूको सर्वेक्षण र समीक्षा गरिनुका साथै गुरुकुल शिक्षाको मूलप्रवाहीकरणसँग सम्बद्ध शोध रिक्तताको पहिचान गरिएको छ । यसै शोध रिक्ततामा आधारित रही यो शोधकार्य सम्पन्न गरिएको छ।

यस शोधकार्यको सैद्धान्तिक पर्याधारको रूपमा गुरुकुल शिक्षा सम्बन्धि प्राचीन सिद्धान्त र मूलप्रवाहीकरणसँग सम्बद्ध विषयलाई लिइएको छ । नेपालमा शिक्षा राज्यको मातहत रहने र राज्यको मूल प्रवाहमा समाविष्ट हुने संवैधानिक प्रावधान छ तर नेपालका विभिन्न प्रकृतिका गुरुकुलहरू राज्यको यस्तो मूल प्रवाहमा समाहित हुन नसकेको, कतिपय गुरुकुलहरू चन्दा, दान आदिबाट चल्ने गरेका र राज्यबाट उपेक्षित हुनु परेको परिस्थितिलाई यस शोधकार्यमा अध्ययनको विषय बनाइएको छ । मुलुकमा प्रचलित आधुनिक शिक्षाका नामको पाश्चात्य शिक्षाभन्दा गुरुकुल शिक्षाले नैतिक र चारित्रिक शिक्षा प्रदान गर्ने तर यही शिक्षा राज्यको मूल प्रवाहबाट बन्चित हुनु आश्चर्यजनक साथै अनुसन्धेय विषय बन्नुपर्दछ।

शोधकर्ताले यस शोधकार्यमा सम्बन्धित साहित्यको पुनरवलोकनका रूपमा विभिन्न अनुसन्धानकर्ताहरूको विचारलाई प्रस्तुत गरेको छ । जस अनुसार गुरुकुल गुरुशिष्य परम्परामा आधारित रहेको, वेद, उपनिषद्, पुराण, स्मृतिग्रन्थ र प्राचीन लेखहरूमा यसबारे प्रचुर बर्णन गरिएको, गुरुकुल शिक्षा प्रणाली शताब्दियौंदेखि अस्तित्वमा रहेको भए पनि यसलाई राज्यको शिक्षाको मूलधारमा समेट्न नसकिएको देखिन्छ । आधुनिक शिक्षाको आगमनसँगै गुरुकुल शिक्षा प्रणालीलाई राज्यका तर्फबाट धेरै हदसम्म बेवास्ता गरिएको, असल जीवन जीउन व्यावहारिक ज्ञान समेत सिकाइने गुरुसेवा लगायत व्यक्तिगत क्षमता प्रष्फुटन गराउने कार्यक्रममा सरिक गराइने अनुशासित परम्परामा आधारित शिक्षा प्रदान गर्ने व्यवस्था अहिले नरहेको र गुरुकुल शिक्षा पुरानो र अप्रसांगिक शिक्षा भन्ने धेरैजसो युवा, विद्यार्थीहरू तथा अभिभावकहरूको धारणा रहेको पाइन्छ ।

नेपालका अधिकांश अभिभावकहरूले आफ्ना बच्चाहरूमा वर्तमानमा आवश्यकीय ज्ञान, सीप प्राप्त हुने आशाका साथ गुरुकुलमा भन्दा आधुनिक विद्यालयहरूमा पढाउन रुचाउने गर्दछन् । गुरुकुल शिक्षालाई मूलधारमा ल्याउन मुख्य चुनौतीका रूपमा स्रोत तथा पूर्वाधारको अभाव, विद्यमान गुरुकुलमा वेद र संस्कृत जस्ता परम्परागत विषयहरू सिकाउन सक्ने प्रशिक्षित शिक्षकको अभाव रहेको भएतापनि गुरुकुल शिक्षा अध्ययनबाट रोजगारीलाई सुनिश्चित गर्ने लगायतका फाइदाका बारेमा अभिभावकहरूमा चेतना नभएको देखिन्छ । शिक्षक व्यवस्थापनका लागि गुरुकुलमा फरक फरक पद्धति लागू गरिएको वर्तमान अवस्थाका कारण शिक्षक छनोटदेखि अवकाशसम्म विविधता रहेको पाइन्छ । यसलाई आधुनिक शिक्षा प्रणालीसँग मूलप्रवाहीकरण गर्न उपयुक्त मानिए तापनि भौतिक पक्ष लगायतका समस्याका कारण सम्भव नभएको, राज्यले अझै पनि गुरुकुल शिक्षालाई आफ्ना नीतिहरूमा पूर्ण रूपमा नसमेटेको कारण प्राय जसो गुरुकुलहरू चन्दा तथा मुठी दानमा नै आधारित देखिएको पाइन्छ । गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका बारे गरिएका मामला अध्ययनबाट गुरुकुलका अधिकांश विद्यार्थीहरूको औपचारिक शिक्षामा पहुँच नभएकाले गुरुकुल शिक्षालाई मूलप्रवाहमा ल्याउन उपयुक्त हुने सुझाव प्राप्त भएका छन् । विज्ञान,

संगीत र प्रविधि आदि विषयहरूमा ग्रन्थहरू भएको संस्कृतलाई भाषा र विषय दुवैको रूपमा गुरुकुलमा पढाउनु आवश्यक देखिन्छ । गुरुकुल वेद अध्ययन गर्ने तथा नैतिक शिक्षा लिने दिने ठाउँ भएको, मूल प्रवाहमा ल्याउँदा सरकारले आर्थिक सहयोग गर्ने तर गुरुकुलले हाल न सरकारी सहयोग न चन्दादाताको सहयोग पाएको अवस्थामा रहेकोले गुरुकुलका सुविधा विस्तारमा जोड दिनुपर्ने जस्ता विषयहरू सम्बन्धित साहित्यको पुनरवलोकन र सैद्धान्तिक पर्याधारबाट अनुसन्धानमा शोध रिक्तता र विश्लेषणको आधार प्राप्त भएको छ ।

यसै शोध रिक्ततामा आधारित भई नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती र सम्भावना शोध शीर्षकका नेपालमा गुरुकुल शिक्षाको वर्तमान मूलप्रवाहीकरणको अवस्था के कस्तो छ ? नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका पहिचान, अस्तित्व र अभ्यासमा देखिएका चुनौतीहरूको कसरी पहिचान तथा खोज गर्न सकिन्छ ? नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको सम्भावना र आवश्यकता किन रहेको छ ? जस्ता शोध प्रश्नहरूमा आधारित छलफल यहाँ प्रस्तुत गरिएको छ ।

नेपालमा गुरुकुल शिक्षाको वर्तमान मूलप्रवाहीकरणको अवस्था के कस्तो छ ? भन्ने बारेको छलफलका क्रममा गुरुकुल शिक्षाको इतिहास निकै पुरानो रहेको भन्दै विभिन्न नीति निर्माता, राजनीतिक दल र सम्बद्ध सरोकारवालाहरूले आफ्नो अन्तर्वार्तामा विभिन्न विचार प्रस्तुत गरेका छन् । यसको मुख्य आशय परम्परागत इतिहासमा पहिलो गुरुकुल मधेश प्रदेशको महोत्तरी जिल्लाको मटिहानी स्थित विद्यालयलाई मानिएको साथै दानदातव्यका रूपमा दिएका खाद्यान्न आदिबाट गुरुकुलहरू सञ्चालन गरेको जसको सङ्ख्या गणतन्त्रपूर्व ३०० भन्दा बढी रहेको र हाल संघीय संरचनापछि विद्यालय खोल्ने अधिकार स्थानीय तहमा भएकाले यसको खास अभिलेख मन्त्रालयसँग नरहेको धारणा व्यक्त भएको पाइयो । यसै क्रममा पाठ्यक्रममा स्पष्ट दृष्टिकोणको अभाव, गुरुकुल शिक्षामा नेपाल सरकारले अरू शिक्षामा भन्दा भेदभावपूर्ण दृष्टिकोण राखेको, केन्द्रीकृत परम्पराको विकृति रहेको, विनय र सदाचार बढाउने गुरुकुल शिक्षाको नियमनका लागि शिक्षा सम्बद्ध निकायहरूबाट दरबन्दी लगायतमा सामान्य सहयोग मात्र प्राप्त भएको कारणले गुरुकुल राम्ररी सञ्चालन हुन

नसकेको तथा गुरुकुलको मूलप्रवाहीकरणको अवस्था सन्तोषजनक नरहेको अवस्था देखियो । बर्तमानमा गुरुकुलमा अध्ययनरत विद्यार्थीमा धर्म संस्कृतिप्रतिको मोह मात्र नभई जीवन जगतसित परिचित हुने अभ्यास विकास भएको हुँदा शिक्षा क्षेत्रका गैह्र सरकारी संस्थाहरूको इसारामा परिवर्तन गरिने पाठचक्रमले नेपालको शिक्षा नीतिमा एकरूपता नहुनाका साथै शिक्षा नीति नै क्षतविक्षत बन्न पुगेको विचार छलफलका क्रममा पाइयो । आजको शिक्षा नीतिमा प्रविधिलाई जोड दिइएको तर नैतिकता, आदरभाव, सम्मान, संस्कृति र संस्कारलाई मानमर्यादा गर्ने परम्पराको अभाव रहेको हुँदा यसलाई पूर्ति गर्न नैतिक शिक्षा वा संस्कृत शिक्षालाई अनिवार्य विषयका रूपमा पाठचक्रमभित्र समावेश गरेमा नेपालको शिक्षाले जीवन्त रूप पाउने देखिन्छ ।

नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका पहिचान, अस्तित्व र अभ्यासमा देखिएका चुनौतीहरूको कसरी पहिचान तथा खोज गर्न सकिन्छ ? भन्ने बारेमा गुरुकुलको शिक्षण व्यवस्थापन र भौतिक एवम् आर्थिक अवस्थालाई राज्यको शिक्षाको मूल प्रवाहसँग समग्ररूपमा व्यवस्थापन गर्न नसक्नु र समग्र व्यवस्थापन गर्ने सन्दर्भमा पनि अनेकौं वाधा र व्यवधानहरू देखिनु गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका चुनौतीहरू हुन् भन्ने धारणाहरू व्यक्त भएका छन् । गुरुकुललाई मठ मन्दिरसँग जोडेर हेरिनु, मठमन्दिरका मठाधीश र पुजारीहरूले गुरुकुल सञ्चालन र गुरुकुल केवल उत्तराधिकारी जन्माउने लक्ष्य राख्नु तथा राज्यको मूल प्रवाहसँग जोडनु जस्ता चुनौतीहरू देखिन्छन् । गुरुकुललाई वर्गीकरण गरी व्यवस्थित गर्न आवश्यक नीति निर्माण गर्न नसकेको, आवश्यक स्रोत व्यवस्थापन हुन नसकेको, जे जति सङ्ख्या र मात्रामा गुरुकुलहरूको मूलप्रवाहीकरण भएको छ, त्यो पनि संघीय तहबाट मात्र भएको र प्रदेश एवम् स्थानीय सरकारहरूसंग तिनको नीतिगत सम्बोधन हुन नसकेको जस्ता चुनौतीहरू पनि गुरुकुलमा रहेका छन् ।

छलफलमा सहभागीहरूका अनुसार गुरुकुल शिक्षाको पाठचक्रममा चुनौती रहेको, गुरुकुल शिक्षाको उत्तरमध्यमालाई सरकारले मान्यता नदिनु र ११/१२ का रूपमा पढाउन लगाउनु जस्ता समस्या र चुनौतीहरूका साथै गुरुकुल सञ्चालकका दृष्टिमा गुरुकुल

शिक्षामा राज्यबाट देखिएको विभेदपूर्ण व्यवहार, वि.सं. २०२८ मा नयाँ शिक्षाका नाममा ल्याइएको गुरुकुलीय पद्धति बिरोधी व्यवहार मूलप्रवाहीकरणको मुख्य चुनौती रहेको देखिन्छ । सञ्चालकहरूका भरमा मात्र चलेका गुरुकुल र नेपाल सरकारको सहयोगमा संचालित गुरुकुलहरूमा द्वैध पद्धति देखा परेका छन् । नेपालमा सञ्चालित सवै गुरुकुललाई एउटै डालोमा हालेर हेर्नु, कतिपय गुरुकुलमा समावेशी सहभागिताका साथ पठनपाठन नहुँदाहुँदै पनि राज्यको दृष्टि नपुग्नु, गुरुकुल शिक्षामा कहीं कतै कनिका छरे झैं वजेटको आंशिक व्यवस्था हुनु यसको मूलप्रवाहीकरणका चुनौती हुन् ।

नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको सम्भावना र आवश्यकता किन रहेको छ ? भन्ने प्रश्नमा नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्न आवश्यक छ एवम् त्यसको त्यत्तिकै सम्भावना छ भन्ने कुरा विभिन्न अध्ययन र शोधकार्यमा प्रत्यक्ष एवम् परोक्ष रूपमा सहभागी महानुभावहरूले व्यक्त गरेको देखिन्छ । गुरुकुलको मूलप्रवाहीकरण गर्दा अरू विद्यालय जस्तै गुरुकुल बनाउने होइन कि गुरुकुल जस्तै अरू विद्यालय बनाउने अभियानको आवश्यकता समेत छलफलमा व्यक्त गरेको पाइन्छ । गुरुकुलका सकारात्मक कुरालाई अरू विद्यालयमा लागू गर्नुपर्ने र आधुनिक शिक्षाका, प्राविधिक शिक्षाका सकारात्मक कुरालाई गुरुकुल शिक्षामा ल्याउनु पर्ने विचार आएको, गुरुकुलको मूलप्रवाहीकरण आवश्यक छ तर यसको मूलप्रवाहीकरण अरू सरकारी स्कुल जस्तो गराएर होइन गुरुकुलकै मौलिक स्वरूपमा गर्नुपर्छ भन्ने धारणा सहभागीहरूको देखिन्छ ।

यद्यपि गुरुकुल शिक्षा आज विद्यार्थीहरूविच गहिरो समझदारी वढाउन, आलोचनात्मक सोच र नैतिक मूल्यमान्यताहरूलाई प्रोत्साहित गर्न महत्त्वपूर्ण छ भन्ने छलफलका सहभागी उत्तरदाताहरूको भनाइ रहेको छ । उनीहरूका अनुसार गुरुकुलमा कुशल शिक्षक र शैक्षिक प्रशिक्षण, शिक्षक विद्यार्थी अनुपातमा कमी रहेको, यसको सही व्यवस्थापन गरेर गुरुकुल शिक्षाले रोजगार र आय आर्जन गर्न सक्दैन भन्ने अभिभावकको भ्रमलाई समेत हटाउन सकेमा गुरुकुल शिक्षा प्रणालीको मूलप्रवाहीकरण हुन सक्ने र यसले गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको सम्भावनालाई साकार पार्न सक्ने देखिन्छ ।

## ६.३ शोधप्रश्नगत निष्कर्ष

गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको अवस्था, चुनौती, सम्भावना विषयक यस शोध कार्यका सन्दर्भमा गरिएको स्थलगत अध्ययन, पुस्तकालय कार्य र अन्तर्वार्ता एवम् प्रश्नावलीहरू मार्फत सोधिएका प्रश्नको उत्तरमा गुरुकुल शिक्षाका शैक्षिक केन्द्रहरू, त्यहाँ अध्यापन गर्ने शिक्षकहरू, व्यवस्थापन समितिका पदाधिकारीहरू एवम् गुरुकुल शिक्षाका क्षेत्रमा काम गर्ने नीति नियम निर्माण तहका महानुभावहरू, शिक्षा प्रेमी, समाजसेवी, साहित्य एवम् सांस्कृतिकविद् र राजनीतिक दलका नेताहरूले व्यक्त गरेका विचारहरूको निष्कर्ष शोध प्रवन्धमा उल्लिखित शोध प्रश्नहरूमा आधारित भई प्रस्तुत गरिएको छ :

**नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको अवस्था के कस्तो छ** ? भन्ने सन्दर्भमा - राज्य पूर्ण जिम्मेवारीका साथ गुरुकुल सुधारमा नलागेको, गुरुकुल पठनपाठनलाई गुरुकुल सञ्चालकहरूले समावेशी नबनाएको, अझै पनि थुप्रै गुरुकुलमा ब्राम्हण जातीय, केहीमा क्षेत्री जातीय बाहेक अरू जातिका लागि पठनमा पहुँच नभएको, राजनीतिक दलहरूले गुरुकुलका बारेमा सकारात्मक धारणा राखेपनि नीति तथा कार्यक्रम बनाउँदा, उनीहरूका घोषणापत्रमा, मुखपत्रहरूमा गुरुकुल शिक्षाको विस्तार एवम् विकासका लागि ठोस कार्यक्रम समावेश न गरिएको, गुरुकुल कर्मकाण्डी जनशक्ति मात्र उत्पादन हुन्छन् भन्ने आमधारणामा परिवर्तन नभएको तथा गुरुकुलका विद्यार्थीहरू अन्य विद्यार्थीहरू भन्दा बढी कर्मकाण्डी रहेको, कतै सरकारी अनुदान नपुगेको त कतै सरकारी अनुदान उपल्लो तहबाट कसैको प्रभावमा कहिले दिने त कहिले नदिने गरेको, गुरुकुलमा प्रविधिको पहुँच अपेक्षित मात्रामा नपुगेको, सरकारभन्दा बढी दानदातव्यबाटै अधिकांस गुरुकुलहरू थामिनु परेको जस्ता विद्यमान अवस्था हुँदाहुँदै पनि गुरुकुलमा अध्ययनरत विद्यार्थीहरूमा तहाँको पठनपाठन एवम् आन्तरिक व्यवस्थापनबाट पूर्ण सन्तुष्टि र आत्मविश्वास मिलेको निष्कर्ष प्राप्त भयो ।

**नेपालमा गुरुकुलको मूलप्रवाहीकरणमा देखिएका चुनौतीहरूको खोजी कसरी गर्ने** ? भन्ने सन्दर्भमा - गुरुकुल शिक्षालाई दोस्रो दर्जामा राख्दै अगाडि बढ्न नदिने केही विद्वान्हरूका कारणले नेपालको पुरानो शिक्षा भएर पनि गुरुकुल शिक्षा फस्टाउन नसकेको अवस्था छ ।

गुरुकुल शिक्षालाई बोर्डिङ स्कुलको शिक्षा भन्दा फरकरूपले सोचिनु पर्दछ । बोर्डिङ विद्यालय नाफामुखी संस्था हो भने गुरुकुल विद्यालय हाम्रो धर्म संस्कृति बचाउने गैह्र नाफामूलक संस्था हो । बोर्डिङ विद्यालय र हाम्रो गुरुकुल विद्यालयको उद्देश्य नितान्त फरक छ । गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्दा सबै सार्वजनिक विद्यालयहरूमा पनि गुरुकुल शिक्षाका विषयहरू पढाउन आवश्यक छ । यसो गर्दा विद्यार्थीहरूमा ती विद्यालयहरूमा हराउँदै गएको नैतिकता, अनुशासन, कर्तव्यपालन, सदाचार र सद्व्यवहार फर्किन सक्छ । गुरुकुललाई केबल कर्मकाण्डी विद्याको रूपमा रहेको भ्रम चिर्दै गुरुकुलको आमरूपमा महत्त्वबोध गराउने र गुरुकुलबाट दीक्षितहरू राष्ट्रिय महत्त्वका पदमा पुगेको र तिनीहरूले राष्ट्रका लागि दिएको योगदानबारे आमरूपमा सुसूचित गराउने चुनौती पनि त्यत्तिकै छ । धेरै राजनीतिक दलहरूबाट पनि घोषणापत्रमा गुरुकुलबारे प्रस्ट धारणा नराखे तापनि अन्तर्वार्ताका क्रममा भने सबैले नेपालको वर्तमान अवस्थामा गुरुकुलको मूलप्रवाहीकरणको चुनौती रहेको तर यसलाई स्पष्ट नीति बनाएर चुनौतीहरू चिर्न जरुरी रहेको निष्कर्ष प्राप्त भयो ।

सबै गुरुकुलहरू एकै प्रकारका नहुनु, कुनै निजी गुठी, गुठी तथा कुनै संस्थागत प्रकृतिका हुनु, सञ्चालनमा रहेका कतिपय गुरुकुलमा विद्यार्थी सङ्ख्या निकै न्यून हुनुका कारणले तिनलाई दरबन्दी दिन गारो हुनु जस्ता चुनौतिहरू हालसम्म रहेका छन् । त्यसैले गुरुकुल र त्यस्तै प्रकृतिका संस्थाहरूको वर्गीकरण गरेर तिनलाई राज्यको मूल प्रवाहमा ल्याउनै पर्ने एवम् गुरुकुलीय शिक्षाले नै नैतिकवान्, देशभक्त, कर्तव्यनिष्ठ तथा कर्मशील जीवनयापन गर्ने जनशक्ति उत्पादन अर्थात् जीवनोपयोगी सीप विकास गर्ने हुँदा मूलप्रवाहीकरणमा देखिएका चुनौतीहरू तर्फ राज्य केन्द्रित भई अगाडी बढ्नु पर्ने निष्कर्ष प्राप्त भयो ।

**नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण सम्भावना तथा आवश्यकता किन छ** ? भन्ने सन्दर्भमा- पश्चिमी शिक्षाको दबदबा रहेको अहिलेको शिक्षा नैतिक, चरित्रवान्, अनुशासित र कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नमा कमजोर देखिएको छ । नालन्दा र तक्षशिला जस्ता गुरुकुल एवम् गुरुका सान्निध्य पढाइ हुने गुरुकुलबाट उत्पादित जनशक्तिमा

जुन प्रकारको आत्मबल, सदाचार र जीवनोपयोगी मूल्यमा आधारित ज्ञान सीप हुन्थ्यो, जसले सशक्त नागरिक उत्पादन गर्ने कार्य गर्थ्यो त्यो आज सोही रूपमा रहेन । आजका गुरुकुलहरू दोस्रो दर्जाका वा सीमान्तकृत प्रकृतिका शिक्षालयहरू बने । गुरुकुलका विद्यार्थी सङ्ख्या र त्यसको अवस्था हेरी राज्यको तफर्बाट केही एकमुष्ट अनुदान दिने गरिएको छ, जुन पर्याप्त छैन । गुरुकुलीय शिक्षापद्धतिलाई राज्यले मूल प्रवाहमा ल्याउनुपर्छ तर अहिलेका शिक्षालयहरूमा विद्यमान चरम राजनीतिक प्रभावले गुरुकुल प्रभावित हुनुहुँदैन । गुरुकुल आचरण अनुसार राम्ररी चलेका परम्परागत धर्म संस्कृतिको जर्गेना गर्दै अघि बढेका गुरुकुलहरू भने राज्यले गर्ने मूलप्रवाहीकरणप्रति पूर्ण रूपमा विश्वस्त नभई आशङ्कित छन् । त्यताको अनुशासनहीनताको रोग गुरुकुलमा सल्केला कि भन्ने डर उनीहरूमा छ । यसर्थ गुरुकुललाई गुरुकुलकै रूपमा राख्न राज्यले गुरुकुल शिक्षा सम्वन्धी निश्चित नीति बनाई विद्यमान गुरुकुलहरूको विविधता तथा स्तर हेरी शिक्षक दरबन्दी उपलब्ध गराउने तथा ती दरबन्दीअनुसार शिक्षक नियुक्ति एवम् सेवासुविधा लगायतका कुरा गुरुकुलकै व्यवस्थापनमा दिइनुपर्ने निष्कर्ष रहेको छ । समग्रमा अहिले गुरुकुल जसरी चलिरहेका छन् तिनलाई त्यसरी चलाएर हुँदैन, राज्यको मूल प्रवाहमा ल्याउन नीति नियम र नियामक इकाई गठन गरी यसको मूल मौलिकता जीवन्त राख्ने गरी गुरुकुलको मूलप्रवाहीकरण आवश्यकता मात्र होइन, अनिवार्य छ भन्ने निष्कर्ष रहेको पाइयो ।

## ६.४ समग्र निष्कर्ष

गुरुकुल शिक्षा एक परम्परागत भारतीय शिक्षा प्रणाली हो । जसले व्यक्तिगत शिक्षा, नैतिक मूल्यमान्यता सहितको समग्र शिक्षाको विकासमा जोड दिन्छ । सांस्कृतिक सम्पदामा धनी देश नेपालले विगतमा मात्रै नभएर वर्तमानमा पनि गुरुकुल शिक्षा अपनाउने र यसलाई मूलधारमा कसरी ल्याउन सकिन्छ भन्ने कुरामा विशेष जोड दिनुपर्दछ । गुरुकुल शिक्षाको मूलप्रवाहीकरणको वर्तमान अवस्था सन्तोषप्रद छैन यसको मूलप्रवाहीकरणमा पर्याप्त चुनौतीहरू छन् तर पनि गुरुकुलका निकै सम्भावनाहरू छन् । त्यसैले राज्यका तीनवटै तहले यसलाई निकै सुझबुझका साथ स्पष्ट शैक्षिक नीतिनियम बनाई मूल प्रवाहमा ल्याउनु

जरुरी छ । गुरुकुलका लागि गुरुहरूको आवश्यकताको आधारमा दरबन्दीको व्यवस्था गरी ती दरबन्दीमा गुरुकुलप्रति बफादार हुने पूर्ण अधिकार सहितको नियुक्ति र सेवासर्त सम्बन्धी नियम बनाउनुपर्दछ । गुरुकुल विद्यालयहरूलाई राज्यको मातहतमा रहेका विद्यालयहरूमा विद्यमान राजनीतिक प्रभाव नपर्ने गरी मूल प्रवाहमा ल्याइनुपर्दछ । अझै राज्यको मातहतमा रहेका शिक्षालयहरूमा समेत गुरुकुल परम्पराका सकारात्मक, मौलिक तथा जीवनोपयोगी पक्षहरू समावेश गर्नुपर्छ । सारांशमा भन्नुपर्दा नेपालको मूलधारको शैक्षिक प्रणालीमा गुरुकुल शिक्षा एकीकृत गर्नका लागि यी प्रमुख पक्षहरूलाई जोड दिन आवश्यक छ ।

गुरुकुल शिक्षालाई मूलधारमा समेटनका लागि पहिलो काम भनेको नीति र पाठचक्रमको परिवर्तन आवश्यक छ । यसका लागि शिक्षा विशेषज्ञहरू, सरकारी अधिकारीहरू र सरोकारवालाहरू बिच व्यापक छलफल र बहस आवश्यक छ । जसले आधुनिक शैक्षिक आवश्यकताहरू पुरा गर्दै गुरुकुलका सिद्धान्तहरू समावेश गर्न सक्दछ । गुरुकुल शिक्षाको सफल कार्यान्वयन सुनिश्चित गर्न शिक्षकहरूको लागि प्रशिक्षण र व्यावसायिक विकासका कार्यक्रमहरूमा जोड दिन सक्नु पर्दछ । व्यक्तिगत शिक्षा र व्यक्तिको चरित्र निर्माण एवम् विकासको सुविधा लगायत शिक्षकहरूलाई आवश्यक प्रविधि सहितका सीप र ज्ञानले सुसज्जित विशेष तालिम र प्रशिक्षण प्रदान गरिनुपर्दछ ।

गुरुकुल शिक्षालाई मूलधारमा समायोजन गर्न गुरुकुल विद्यालयहरूमा पूर्वाधारहरूको निर्माण एवम् सेवा सुविधाहरू स्थापना र अपग्रेड गर्न आवश्यक छ । जसले गुरुकुल प्रति आकर्षण बढी तहाँ अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या बृद्धि हुनुका साथै सिकाइका पक्षहरूमा सहयोगी भूमिका निर्वाह गर्न सक्दछ । गुरुकुलमा अध्ययन गर्नका लागि हाल विद्यमान छनौट र प्रवेश प्रक्रियामा परिमार्जन गरिनुपर्दछ । विद्यार्थीहरू जो साँच्चिनै गुरुकुल शिक्षाप्रति चासो राख्छन्, गुरुकुल शिक्षाबाट फाइदा लिन चाहन्छन्, यो शिक्षालाई उनीहरूले आफ्नो आदर्श ठान्दछन् त्यस्ता विद्यार्थीहरूको मुल्याङ्कन गरी उनीहरूको रुचि, क्षमता, आवश्यकताका आधारमा गुरुकुल शिक्षामा छनौट प्रक्रिया अपनाइनु पर्दछ । यसका साथै

गुरुकुल शिक्षालयहरूमा सीमित जातजाती र क्षेत्रको मात्रै पहुँच रहेको विद्यमान अवस्थालाई थप समावेशी बनाउन नीतिगतरूपमा परिवर्तन गरिनुपर्दछ ।

गुरुकुल शिक्षाको सफल कार्यान्वयन तथा मूलप्रवाहीकरणका लागि अभिभावक र समुदायको यो शिक्षाप्रति विशेष चासो सहित व्यापक संलग्नता हुनु पर्दछ । यसका लागि गुरुकुलको महत्त्व र गरिमालाई सञ्चार लगायतका माध्यमहरूबाट हरेक आमाबाबु एवम् समुदायमा विस्तार गरिनुपर्दछ । जसका कारण हरेक अभिभावक तथा समुदायका मानिसहरू उनीहरूको बच्चालाई गुरुकुल शिक्षा पढनका लागि उत्प्रेरित गर्न एवम् उनीहरूको प्रगतिको बारेमा जानकारी दिन र लिनका साथै गुरुकुलमा समर्पित र जिम्मेवारी बोध हुन आवश्यक छ । गुरुकुल शिक्षाले परम्परागत शिक्षण विधिहरूमा जोड दिन्छ । नेपालका आजका गुरुकुलहरू प्रविधिमैत्री छैनन् । त्यसैले गुरुकुल शिक्षालाई सरल, सहज र रोजगार मैत्री वनाउनका लागि स्मार्ट कक्षा कोठा, ईलर्निङ प्लेटफर्महरू र डिजिटल संसाधनहरूलाई गुरुकुल विद्यालयहरूमा स्थापना गरिनुपर्दछ । जसले गर्दा यो शिक्षाप्रति सबैको चासो वढ्ने र यसको मूलप्रवाहीकरणमा समेत सहयोग पुग्न सक्दछ ।

नेपालमा गुरुकुल शिक्षाको विकास र प्रभावकारिताको आंकलन गर्न निरन्तर अनुगमन र मूल्याङ्कन आवश्यक छ । यसमा विद्यार्थी, अभिभावक, शिक्षक र समुदायको संग्लनता आवश्यक छ । राज्यबाट लागू गरिएका कार्यक्रमहरूको प्रभावकारिता समेत निरन्तरको अनुगमन र मूल्याङ्कनबाट अगाडि बढाउन सकिएमा गुरुकुल क्षेत्रको विकास हुन सक्दछ । नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि नीतिगत परिवर्तन र विकास, शिक्षक प्रशिक्षण, पूर्वाधारको वृद्धि, विद्यार्थीहरू चयन, अभिभावक संलग्नता, प्राविधिक एकीकरण, सहितको बहुपक्षीय दृष्टिकोण आवश्यक छ । गुरुकुल सिद्धान्तहरूलाई शैक्षिक प्रणालीमा समाहित गरेर नेपालले समग्र विकास, नैतिक मूल्यमान्यतासहित गुरुकुल शिक्षालाई बढावा दिनु आजको आवश्यकता बनेको छ । गुरुकुल शिक्षाले समग्र शिक्षा र व्यक्तिगत विकासमा जोड दिन्छ । हालसालैका वर्षहरूमा गुरुकुल शिक्षाका सिद्धान्तहरूलाई

मूलधारको शिक्षा प्रणालीमा समाहित गर्न नेपालमा व्यापक वहस छलफल एवम् अर्न्तक्रिया चलिरहेका छन् ।

नेपालको गुरुकुल शिक्षा सांस्कृतिक सम्पदासँग पनि सम्बन्धित रहेको छ । त्यसैले गुरुकुल शिक्षाले गुरुकुल सिद्धान्तहरूलाई समाहित गरेर शिक्षा प्रणालीलाई संस्कृतिको विकास गर्न सक्ने व्यापक सम्भावना रहेको छ । यो शिक्षाले परम्परागत मूल्यहरूको संरक्षण गर्न, विद्यार्थीहरूमाझ आत्मगौरव र पहिचानको भावनालाई बढावा दिन सक्ने व्यापक सम्भावना रहेको छ । गुरुकुल शिक्षाले शिक्षाको मात्रै नभई समग्र विकासमा जोड दिन्छ । यसले शैक्षिक क्षेत्रमा मात्र नभई चरित्र निर्माण, नैतिकता र मूल्यहरूको विकासमा समेत जोड दिएको छ । यो शिक्षाले समाजमा सकारात्मक योगदान पुऱ्याउने सक्षम व्यक्तिहरूको उत्पादन गर्न सक्दछ । यो गुरुकुल शिक्षा प्रणालीले प्रत्येक विद्यार्थीहरूको अद्वितीय आवश्यकता र क्षमताहरूमा व्यक्तिगत चासोलाई बढावा दिन्छ । यो शिक्षाले विद्यार्थीहरूको संलग्नता, प्रेरणा र समग्र शिक्षाक्षेत्रको विकासमा योगदान गर्न सक्दछ । गुरुकुल शिक्षाले नेपालमा वैकल्पिक शिक्षा मोडेल प्रदान गर्ने सम्भावनाको खोजी गर्दछ । यसले परम्परागत प्रणालीमा सिक्न नसक्ने विद्यार्थीहरूलाई परिमार्जित सन्दर्भमा सुकार्य विधिमा सहयोग पुऱ्याउँछ । यसले विद्यार्थीहरू केन्द्रित दृष्टिकोणलाई प्रोत्साहित गर्दछ र विद्यार्थीहरूको रचनात्मकता र आलोचनात्मक सोचलाई बढावा दिन सहयोग पुऱ्याउँछ ।

नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहिकरणका चुनौती र सम्भावना दुबै छन् । यसको विकासका लागि सावधानीपूर्वक योजना, सरोकारवालाहरू बिचको सहकार्य र क्रमिक सङ्क्रमणको विकास प्रक्रिया आवश्यक छ । यसको मूलप्रवाहीकरणका लागि आधुनिकीकरणको अभाव, पूर्वाधारको अपर्याप्तता, शिक्षक प्रशिक्षण र अभिभावकको सकारात्मक धारणा जस्ता विषयहरू चुनौतीका रूपमा रहेका छन् । वर्तमानमा गुरुकुल सिद्धान्तलाई अँगाल्न सकेमा र यसलाई सांस्कृतिक रूपमा सान्दर्भिक वनाउन सकेमा यसले नेपालको समग्र शिक्षा प्रणालीको विकासमा सहयोग पुऱ्याउन सक्दछ । जसले विद्यार्थीहरूको समग्र विकासमा समेत सहयोग पुऱ्याउँछ ।

नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास चुनौती र सम्भावना विषयमा क्षेत्र कार्य अन्तर्गत नेपालका मूलधारका राजनैतिक पार्टीहरूले गुरुकुल शिक्षाको विकासमा रुचि राखेको देखिए तापनि नीतिगत रूपमा गुरुकुल शिक्षालाई अगाडी बढाइएको देखिएन । उनीहरूले अन्तर्वार्ताका क्रममा व्यक्त गरेका यी विचारहरूबाट यो तथ्य प्रस्ट हुन्छ । जसअनुसार गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि पाठ्यक्रम परिमार्जन र पुन परिभाषित गर्नुपर्ने विषय नेकपा एमाले पार्टीबाट छलफलमा सहभागीको धारणा रहेको, पूर्वीय दर्शनलाई केन्द्रविन्दु मानेर अगाडी बढनुपर्ने नेपाली कांग्रेस पार्टीबाट सहभागीको धारणा रहेको, संस्कृत भाषाको संरक्षण गर्नुपर्ने राप्रपा पार्टीको धारणा रहेको, संस्कृति सभ्यता र साहित्यमा जोड दिनुपर्ने रास्वपा पार्टीको धारणा रहेको, धार्मिक शिक्षाहरू गुम्बा, मदरसा र गुरुकुल शिक्षालाई सँगसँगै बढाएर शिक्षाको मूल प्रवाहमा ल्याउनुपर्ने नेकपा माओवादीको धारणा रहेको देखिन्छ ।

## ६.५ नयाँ ज्ञान र खोज

प्रस्तुत शोधकार्यले प्राप्त गरेका नवीन ज्ञानहरू केवल शैक्षिक व्यवस्थापनका दृष्टिकोणले मात्रै होइन, नीति निर्माण र समावेशी शिक्षाको दृष्टिकोणले समेत महत्त्वपूर्ण रहेका छन् । यो शोधकार्यले गुरुकुलको शैक्षिक इतिहास, यसका साँस्कृतिक पक्षहरू र समकालीन शैक्षिक नीतिहरूको अन्तरसम्बन्धलाई उद्घाटित गर्दै निम्न नवीन ज्ञानहरू उजागर गरेको छ ।

### (क) समकालीन समयमा गुरुकुल शिक्षाको महत्त्वको पुनःपुष्टि

यो शोधबाट गुरुकुल शिक्षा केवल परम्परागत धार्मिक शिक्षामा मात्रै सीमित नभई समाजमा नैतिक मूल्य, अनुशासन, कर्तव्यबोध र सामाजिक सदाचारको पुनर्स्थापनाका लागि आजको समयमा समेत अत्यन्त सान्दर्भिक रहेको नयाँ तथ्य प्राप्त गरेको छ । यो अवधारणा हालको नैतिक शैक्षिक संकट र त्यसले समाजमा पारेका प्रभावलाई नयाँ दृष्टिकोणबाट नीति निर्माता, राजनीतिज्ञ, र सम्वन्धित सरोकारवालाहरूका वीचमा बहस, विमर्शको थालनी गर्ने नयाँ ढोका खोलेको छ ।

### (ख) मूलप्रवाहीकरणमा देखिने बहुआयामिक चुनौतीहरूको गहन पहिचान

यो शोधले गुरुकुल शिक्षालाई आधुनिक शिक्षासँग एकीकृत गर्दा देखिने संरचनागत, संस्थागत, राजनीतिक, सामाजिक र जातीय अवरोधहरूको स्पष्ट पहिचान गरेको छ । विशेषतः गुरुकुल शिक्षामा देखिएको असमावेशीता, शिक्षकको दरबन्दी अभाव, शिक्षकहरूलाई प्रशिक्षणको अभाव, यो क्षेत्रको विकास र यसको मूलप्रवाहीकरणका लागि नीति निर्माणको अस्पष्टता जस्ता पक्षहरूको पहिचान गरी त्यसको समाधान दिने कुरामा थप योगदान गरेको छ ।

### (ग) शिक्षा र संस्कृतिको संवादका सम्भावना

प्रस्तुत शोधले नेपाली शिक्षा प्रणालीमा संस्कृति-संवाद (Cultural Dialogue) को खाँचोको पहिचान गरेको छ । शिक्षालाई केवल पाश्चात्य ढाँचामा ढालेर होइन, स्वदेशी ज्ञान प्रणालीलाई जीवन्त राख्दै शिक्षामा स्वदेशीकरण (Indigenization of Education) गर्नुपर्ने तथ्यलाई यो शोधले नवीन ज्ञानकोरूपमा प्राप्त गरेको छ ।

### (घ) शैक्षिक नीतिमा समावेशीकरण र शिक्षामा विविधता-सम्मानको आवश्यकता

प्रस्तुत शोधले गुरुकुल शिक्षा अझै पनि जातीय, लैङ्गिक र क्षेत्रीय विविधतालाई आत्मसात गर्न चुकेको तथ्य पता लगाएको छ । यो शोधले विविधता र समावेशी शिक्षाबीचको अन्तरसम्बन्धलाई गहिराइपूर्वक केलाउँदै शिक्षामा समावेशी विविधतामूलक दृष्टिकोण (Inclusive and Pluralistic Perspective) आवश्यक छ भन्ने ज्ञान सिर्जना गरेको छ ।

### (ङ) गुरुकुल शिक्षा र आधुनिक शिक्षाको एकीकरणको रूपरेखा प्रस्ताव

प्रस्तुत शोधले गुरुकुल शिक्षाको मूल प्रवाहिकरणको विषयलाई केवल आलोचना वा समस्या पहिचानमा सीमित नराखी त्यसको समाधानको बाटो पनि पहिचान गरेको छ । जसअन्तर्गत स्पष्ट नीति निर्माण, दरबन्दीको सुनिश्चितता, नियामक निकायको स्थापना, शिक्षक तालिम र सार्वजनिक विद्यालयहरूमा नैतिक शिक्षा समावेश गर्ने जस्ता व्यावहारिक रणनीतिहरूको आवश्यकतालाई यो शोधले औल्याएको छ । यो शोध कार्यले शिक्षा नीति निर्माणकर्ताका लागि कार्यन्वयनयोग्य सुझाव (Actionable Recommendations) समेत

सिफारिसको रूपमा प्रस्तुत गरेको छ । प्रस्तुत अनुसन्धानले नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि बहुपक्षीय विमर्शको आवश्यकतालाई औल्याएको छ । यसले शिक्षामा राष्ट्रियता, मौलिकता, र समावेशिताको समायोजन आवश्यक छ भन्ने नयाँ ज्ञानको उजागर गर्दै अनुसन्धान, नीति निर्माण र शैक्षिक अभ्यासका क्षेत्रहरूलाई थप समृद्ध पार्न मद्दत गरेको छ । नेपालजस्तो विविधतायुक्त समाजमा परम्परा र आधुनिकताबीचको सन्तुलनको खोजी गर्दै गुरुकुल शिक्षालाई पुनर्संरचना र पुनर्स्थापनाको सन्दर्भमा महत्त्वपूर्ण सैद्धान्तिक तथा व्यावहारिक ढाँचा प्रस्तुत गरेको छ ।

## ६.६ सुझावहरू

यो अध्ययनका आधारमा नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि शिक्षाका नीति निर्माता, उच्च पदस्थ कर्मचारीहरू एवम् सरोकारवालाहरू शिक्षक, विद्यार्थी तथा व्यवस्थापन समिति सदस्यहरू र शिक्षाको विकासमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न राजनितीक दल एवम् समाजसेवीहरूसँग सम्बन्धित सुझावहरूका सार प्रस्तुत गरिएको छ । यसका साथै नेपालको संविधान २०७२ ले निर्देश गरेको मौलिक हक तथा सोही संविधानको अनुसूचीमा व्यवस्था गरिएका संघ, प्रदेश र स्थानीय सरकारका अधिकारका सूचीभित्र रहेका शिक्षासँग सम्बद्ध र गुरुकुलको मूलप्रवाहीकरणसँग जोडिने सन्दर्भहरूमा समेत आधारित रही निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएको छ ।

(क) गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि एक विस्तृत नीति फ्रेमवर्कको निर्माण आवश्यक छ । जसले नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणलागि उद्देश्य, रणनीति र कार्यान्वयन योजनाहरूको रूपरेखा प्रस्तुत गर्न सकोस । यस रूपरेखाले गुरुकुल स्कुलहरूको स्थापना र त्यसको दिगोपनको कानुनी, नियामक र वित्तीय पक्षहरूलाई सम्बोधन गर्न सकोस् ।

(ख) गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि सरकारी निकाय, शिक्षा विज्ञ, शिक्षक, अभिभावक र स्थानीय समुदायसमेत विभिन्न सरोकारवालाबिच यसका समस्या

समाधानका उपाय एवम् सम्भावनाहरूमा छलफलको साझा फोरम निर्माण गर्न आवश्यक छ । गुरुकुल शिक्षाको सफल कार्यान्वयन र स्वीकृति सुनिश्चित गर्नका लागि योजना निर्माण गर्ने र निर्णय गर्ने प्रक्रियामा हरेकको खुला संवाद र संलग्नतालाई प्रोत्साहित गर्न आवश्यक छ ।

(ग) गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि सबैलाई उपयुक्त हुने सन्तुलित पाठ्यक्रम उत्पादन गर्न आवश्यक छ । जसले आधुनिक शिक्षाले अपनाएका दृष्टिकोणका साथै परम्परागत गुरुकुल शिक्षाहरूलाई एकीकृत गर्न सहयोग गरोस् । यस्ता पाठ्यक्रमहरूलाई विद्यार्थीहरूको समग्र विकासमा केन्द्रित गर्नुपर्दछ । यी पाठ्यक्रमले विद्यार्थीहरूको समग्र मूल्य, चरित्र निर्माण, व्यावहारिक सीप र शैक्षिक उत्कृष्टतामा जोड दिन सक्नु पर्दछ । जसले देशको शैक्षिक लक्ष्यहरूको साथ राष्ट्रको समग्र विकास सुनिश्चित गर्न सकोस् ।

(घ) गुरुकुल शिक्षालयहरूलाई प्रभावकारी बनाउन शिक्षकहरूका आवश्यक सीप र ज्ञानको साथै समय सापेक्ष शिक्षण प्रशिक्षण कार्यक्रमहरूको आवश्यकता पर्दछ । शिक्षकहरूलाई विकसित शैक्षिक अभ्यासहरूमा अनुकूलन गर्न र उच्च गुणस्तरको व्यावसायिक विकासका अवसरहरू प्रदान गरिनुपर्दछ ।

(ङ) गुरुकुल विद्यालयहरूको स्थापना र मर्मतका लागि पर्याप्त स्रोतहरूको आवश्यकता रहेको छ । यसमा उपयुक्त पूर्वाधार निर्माण, आवश्यक शिक्षण सामग्री प्रदान गर्ने र उन्नत शैक्षिक टेक्नोलोजी प्रयोगको आवश्यकता रहेको छ । त्यसैले स्थानीय समुदाय, गैरसरकारी संस्था, सरकार र व्यवसायीहरूसँग साझेदारीको नीति अख्तियार गरी गुरुकुल विद्यालयहरूमा पर्याप्त संसाधनहरू परिचालन र पूर्वाधारको विकासमा जोड दिन आवश्यक छ ।

(च) गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्न वा त्यसको विकास गर्न आमाबुबा, अभिभावकहरू र समुदायको व्यापक सक्रियता एवम् संलग्नताको आवश्यकता

पर्दछ । नियमितरूपमा अभिभावक र शिक्षकहरूको विचमा बैठकहरू, सामुदायिक घटनाहरू बारेमा जानकारी तथा जागरण अभियानहरू सञ्चालन गरिनेतर्फ सवैको ध्यान केन्द्रित हुनुपर्दछ । यसकासाथै गुरुकुल शिक्षामा अध्ययनरत विद्यार्थीका आमाबाबुलाई सक्रिय रूपमा उनीहरूको बच्चाको शिक्षामा चासो लिन र निरन्तर सुधारको लागि प्रतिक्रिया प्रदान गर्न प्रोत्साहित गर्ने नीति अख्तियार गरिनुपर्दछ ।

(छ) गुरुकुल शिक्षाको विकास र प्रभावकारिता मापन गर्न सम्वन्धित विज्ञहरू रहेको अधिकारसम्पन्न एक अनुगमन र मूल्याङ्कन संयन्त्र स्थापना गरिनुपर्दछ । नियमित रूपमा विद्यार्थीहरूको सिकाई, उनीहरूले प्राप्त गरेका परिणामहरू, शिक्षकको तालिम, पूर्वाधारको विकास तथा गुणस्तर मापन, सुधार र समग्र गुरुकुलका कार्यक्रमहरूको प्रभावकारिताको अनुगमन र मूल्याङ्कन हुने परिपाटीलाई स्थापित गर्नु जरुरी छ ।

(ज) गुरुकुलका मोडेलहरूको प्रभावकारिताको अन्वेषण गर्न, गुरुकुलका महत्त्वपूर्ण अभ्यासहरूको पहिचान गर्न र परिणाम प्राप्त गर्न सहयोगी भूमिका निर्वाह गर्ने हुँदा गुरुकुल शिक्षाको अभ्यासमा निरन्तर अध्ययन अनुसन्धान र नवीनतालाई प्रोत्साहित गरिनुपर्दछ ।

(झ) सरकारी विनियोजन, निजी साझेदारी, परोपकारी योगदान र समुदायको संलग्नता सहित विभिन्न कोष तथा स्रोतहरूको स्थापना गरी गुरुकुल शिक्षाको विकास र विस्तार गर्न गुरुकुल विद्यालयहरूमा दिगो वित्तीय मोडेलको विकास गरिनुपर्दछ ।

(ञ) गुरुकुल शिक्षाको निरन्तर सुधारका लागि गुरुकुल शिक्षा नीतिहरू, कार्यक्रमहरू, पाठ्यक्रम, अनुसन्धान र परिवर्तित शैक्षिक आवश्यकताहरूको नियमित समीक्षा गर्ने नीतिलाई अख्तियार गरिनुपर्दछ ।

(ट) राज्यले शिक्षक दरबन्दी सम्बन्धित गुरुकुलहरूलाई वितरणको व्यवस्था गरी शिक्षक छनोटमा गुरुकुललाई स्वायत्तता दिई गुरुकुलमा हुनसक्ने राजनैतिक हस्तक्षेप एवम्

नैतिक पक्षमा हुने ह्रासबाट जोगाउनु पर्दछ गुरुकुल विद्यालयहरूको दीर्घकालीन सोचलाई सुनिश्चित गर्नुपर्दछ ।

(ठ) नेपालको संविधान २०७२ को भाग ३ ले माध्यमिक शिक्षा निशुल्क पाउने हक प्रत्येक नागरिकलाई प्रदान गरेको र उक्त कार्य नेपालको संविधानको धारा ५७ को उपधारा (४) अनुसार स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने तथा सोही वमोजिम अनुसूची ८ मा व्यवस्थित गरिएकाले नेपालका सबै स्थानीय तहहरूबाट पूर्वमध्यमा र उत्तरमध्यमा तहलाई विद्यालयीय शिक्षाकै रूपमा व्यवस्थित गर्ने एवम् गुरुकुल शिक्षाका लागि पर्याप्त योजना सहित बजेटको व्यवस्था गर्नुपर्दछ ।

(ड) नेपालको संविधान २०७२ को धारा ५७ को उपधारा (२) अनुसार अनुसूची ६ मा प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्राहलय एवम् गुठी व्यवस्थापनका सम्बन्धमा कानून बनाउन पाउने गरी प्रदेश सरकारका अधिकारका सूची व्यवस्थित गरिएकाले नेपालका सबै प्रदेश सरकारहरूबाट गुरुकुल शिक्षालाई प्रदेश विश्वविद्यालय तह सम्म विस्तार गरी निशुल्क अध्ययन गर्ने समेत प्रबन्ध मिलाउनुपर्ने देखिन्छ ।

(ढ) नेपालको संविधान २०७२ को धारा ५७ को उपधारा (१) अनुसार अनुसूची ५ मा केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, केन्द्रीय पुस्तकालय व्यवस्थापनका सम्बन्धमा संघीय कानून एवम् नेपालको संविधान २०७२ बमोजिम हुने गरी संघीय सरकारका अधिकारका सूचीमा व्यवस्थित गरिएकाले नेपालमा शास्त्री, आचार्य तह अध्यापन गर्ने गुरुकुलको मूलप्रवाहीकरणमा संघीय तहबाट विशेष योजना तर्जुमा गर्नुपर्ने देखिन्छ ।

(ण) नेपालका राजनीतिक दलहरूले गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि नेपाली जनता समक्ष थप ठोस प्रतिवद्धता गर्नुका साथै आवश्यकताअनुसार विद्यमान कानूनलाई परिमार्जन समेत गर्नुपर्ने देखिन्छ ।

पुस्तकालय कार्य तथा क्षेत्र कार्यबाट प्राप्त सूचनाका साथै नेपालको संविधान २०७२ मा व्यवस्था भएवमोजिम राज्यका तीनै तह नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणमा शसक्त रूपमा लाग्नुपर्ने देखिन्छ । गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि यसको सामुदायिक र स्थानीय समुदायहरूको सक्रिय संलग्नतालाई प्रोत्साहित गरिने नीति अवलम्बन गरिनुपर्दछ । समुदायमा सञ्चालित गुरुकुल स्कुलहरूमा निर्णय प्रक्रियामा समुदायले भाग लिने र स्थानीय सांस्कृतिक केन्द्रसँग साझेदारी गर्ने नीति अवलम्बन गरिनुपर्दछ । यसकासाथै गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका लागि समावेशिता र सबैको पहुँच स्थापित हुने नीति अवलम्बन गरिनुपर्दछ । सबै जात जाती वा सामाजिक आर्थिक पृष्ठभूमिको पर्वाह नगरी गुरुकुल शिक्षा समाजको सबै क्षेत्रहरू र वर्गको पहुँचयुक्त शिक्षा हो भन्ने कुरा सुनिश्चित गरिनुपर्दछ । साथै माथि उल्लिखित सुझावहरू कार्यान्वयन गर्न नीति निर्माता, शिक्षक, अभिभावक र समुदायहरू बिच सामूहिक प्रयास, प्रतिबद्धता तथा सहयोग अहिलेको आवश्यकता हो ।

## ६.७ भविष्यका लागि अनुसन्धानका मार्गहरू

यो अध्ययनका आधारमा गुरुकुल शिक्षाक्षेत्रमा भविष्यमा हुन सक्ने अनुसन्धानका विषयहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तुलनात्मक अध्ययन**

यो अध्ययनका आधारमा भविष्यमा कुनै अनुसन्धानकर्ता वा शोधकर्ताले नेपालमा गुरुकुल शिक्षा र अन्य शैक्षिक प्रणालीहरूको तुलनात्मक विश्लेषणको अध्ययन गर्न सक्दछ । जस्तै परम्परागत कक्षाकोठामा आधारित शिक्षा वा मन्टेस्वरी जस्ता वैकल्पिक मोडका शिक्षाको तुलनात्मक अध्ययन गर्न सकिने सम्भावना रहेको छ । यस्ता तुलनात्मक अध्ययनहरूले गुरुकुल शिक्षाको अद्वितीय शक्ति र कमजोरीहरू पहिचान गर्न र नेपाली सन्दर्भमा यसको सम्भावनाको खोजी गर्न सहयोग पुऱ्याउँछ ।

## गुरुकुलको दीर्घकालीन प्रभाव

यो अध्ययनका आधारमा भविष्यमा हुने अनुसन्धानहरू विद्यार्थीहरूको शैक्षिक उपलब्धि, चरित्र विकास र समग्र विकासमा गुरुकुल शिक्षाको दीर्घकालीन प्रभावकाबारेमा केन्द्रित हुन सक्दछ । यसमा परम्परागत शैक्षिक पृष्ठभूमिका तुलनामा गुरुकुल शिक्षा प्राप्त गरेका विद्यार्थीहरूको प्रगति र क्षमताको मापन गर्न सकिन्छ । उनीहरूको शैक्षिक क्षमता, सामाजिक र भावनात्मक विकास, गुरुकुल शिक्षाबाट देखिएका सामाजिक प्रभावहरू लगायतका विषयहरूमा अनुसन्धानका लागि प्रशस्त सम्भावनाहरू रहेका छन् ।

## पेशागत विकासका लागि शिक्षक तालिम एवम् पाठचक्रमको विकास र परिमार्जन

गुरुकुल शिक्षा प्रणालीमा शिक्षकहरूको तालिम र व्यावसायिक विकासको लागि प्रभावकारी रणनीतिहरूको अनुसन्धान आवश्यक छ र यो अध्ययनले यो अध्ययनको क्षेत्रलाई भविष्यको अनुसन्धानको विषय बनाउन सुझाव दिएको छ । गुरुकुल शिक्षकहरूको लागि आवश्यक विशिष्ट सीप, ज्ञान र गुणस्तरीय शिक्षाका लागि प्रशिक्षण तथा तालिमको आवश्यकताका बारेमा थप अनुसन्धान गर्न सकिन्छ । साथै भविष्यमा हुने अनुसन्धानहरू गुरुकुल शिक्षाका पाठचक्रम विकास र परिमार्जनमा केन्द्रित हुन सक्दछन् । विशेष गरी आधुनिक विषय, प्रविधि र व्यावसायिक सीपहरूलाई एकीकृत गर्ने, पाठचक्रम डिजाइन एवम् सामग्रीहरूको निर्माणमा गुरुकुल शिक्षा र आधुनिक विश्वको बृहत्तर शैक्षिक आवश्यकता बिचको अन्तर कम गर्ने जस्ता चुनौतीहरूलाई सम्बोधन गर्न यो अध्ययन सहयोगी हुन सक्दछ ।

## गुरुकुल शिक्षामा अभिभावक र समुदाय सहभागिता

गुरुकुल शिक्षाक्षेत्रका भविष्यमा हुने अनुसन्धानहरू गुरुकुल शिक्षाको प्रबद्धर्न गर्न अभिभावक र समुदायको भूमिका कस्तो हुने भन्ने विषयमा केन्द्रित हुन सक्दछ । अभिभावक, समुदायको गुरुकुल शिक्षाप्रतिको दृष्टिकोण, उनीहरूका अपेक्षाहरू र सहभागिताको प्रश्नलाई सम्बोधन गर्नका लागि यस्ता थप अनुसन्धानहरू हुन सक्दछन् ।

**गुरुकुल शिक्षाको नीतिगत परिवर्तन तथा मूलप्रवाहीकरणका लागि मूलधारका राजनीतिक दलहरूको भूमिका**

राज्य संचालकको बागडोर सम्हालेका मुख्य राजनीतिक दलहरूको चाहनाले शिक्षाको हरेक क्षेत्रमा समय सापेक्ष विकास र विस्तार गर्न सकिने भएकाले नेपालमा गुरुकुल शिक्षाको नीतिगत परिवर्तनका बारेमा सरोकारवालाहरूको भूमिकाका सम्बन्धमा थप अध्ययन अनुसन्धान आवश्यक छ । नेपालमा गुरुकुल शिक्षाका नीतिगत व्यवस्था र आवश्यक पर्ने नीतिकोबारेमा तथा यसको प्रभावकारिताबारे अध्ययन अनुसन्धान हुने हो भने नेपालको समग्र शिक्षा प्रणालीमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण एवम् एकीकरणलाई सहजीकरण गर्ने काममा सहयोग पुग्न सक्दछ । यसरी नै समाजमा गुरुकुल शिक्षाको सांस्कृतिक प्रभावका पक्षहरू केलाउँदै स्थानीय सांस्कृतिक मूल्य, मान्यता, अभ्यास र परम्परासँग कसरी गुरुकुलका सिद्धान्तहरू मिलाउन सकिन्छ ? भन्ने विषय पनि भविष्यको अनुसन्धानको क्षेत्र हुन सक्दछ ।

# सन्दर्भसामग्री सूची


अग्रवाल, आर. (१९९५), *भारतीय शिक्षा प्रणाली,* दिल्लीः राजकमल प्रकाशन, पृ. ८८ ।

अधिकारी, दिव्यमणि (२०७८), गुरुकुलीय शिक्षा परम्परामा राज्यसत्ताको योगदान, *गुरुकुल सन्देश* (वर्ष १० अङ्क ८) भक्तपुर : गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, पृ. १२६ ।

ऋग्वेद (अनुवादः राल्फ टि. एच. ग्रिफिथ, १८९६), *ऋग्वेदका सूक्तहरू,* दिल्लीः मोतीलाल बनारसीदास प्रकाशन, मण्डल ३, सूक्त १२, मन्त्र ३, पृ. १८७) ।

कुइँकेल, उद्धव (असोज १६, २०७७), 'युगीन गुरुकुलीय शिक्षा : नयाँलाई दीक्षा', *शिक्षक मासिक,* https://shikshakmasik.com/3713/

कोइराला, विद्यानाथ (२०१८) *प्रभावकारी गुरुकुलीय शिक्षाको अपेक्षित नीति* gLlthttps://www.pariwartankhabar.com/2018/09/21/47943/

कोमलप्रसाद (नोभेम्बर २८, २०१५), *गुरुकुलीय शिक्षा : आजको आवश्यकता,* komalprd.worldpress.com/2015/11/18 .

चाइमान भाई, एम. (१९८७), *इन्डियन फिलोसफी एण्ड एजुकेशन,* नई दिल्लीः अटलान्टिक पब्लिसर्स, पृ. ४२ ।

*छान्दोग्य उपनिषद्,* (अनुवादः स्वामी निखिलानन्द, १९४९), उपनिषद्, खण्ड १, न्यूयोर्कः रामकृष्ण-विवेकानन्द केन्द्र, अध्याय ७, खण्ड १, मन्त्र २ पृ. ११७ ।

*तैत्तिरीय उपनिषद्,* (अनुवादः स्वामी निखिलानन्द, १९४९), उपनिषद्, खण्ड १, न्यूयोर्कः रामकृष्ण-विवेकानन्द केन्द्र ।

पतञ्जलि, (अनुवादः स्वामी हरिहरानन्द अरण्य, १९३८), *योग दर्शन वा योगसूत्र* कलकत्ताः अद्वैत आश्रम ।

पन्त, निराजन (२०७७), 'नेपालमा गुरुकल शिक्षाको ऐतिहासिक पृष्ठभूमि', *गुरुकुल सन्देश,* भक्तपुर : गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, पृ. ४९ ।

पन्थी, सञ्जय (२१ माघ, २०७७), *सरकारबाट उपेक्षित गुरुकुल,* https://www.edukhabar.com

पिङ्गी, डेविड (१९८१), *भारतीय खगोल-ज्योतिषीय गणनात्मक ग्रन्थ र एफेमेरिस प्रणालीबारे विवरण,* विस्कन्सिन विश्वविद्यालय प्रेस, पृ. ५५ ।

पोखरेल, माधवप्रसाद (सन् २०२०) *गुरुकुलीय शिक्षामा विगार पर्यो:* https://ekantipur.com/koseli/ 2020/02/15/158175569662039694.

पौडेल, रामचन्द्र (गुरूपुर्णिमा, २०७०), 'गुरुकुलका उज्याला पक्षहरू', *गुरुकुल सन्देश,* भक्तपुर : गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, पृ. २२ ।

बराल, खगराज (२०७७), 'नेपालका वर्तमान गुरुकुल र आधुनिक विद्यालय शिक्षा पद्धतिमा शिक्षक व्यवस्थापन', पिएचडी. शोधप्रबन्ध, अनुसन्धान केन्द्र/नेपाल संस्कृत विश्वविद्यालय । पृ २५

भागवत पुराण, (२००२), *श्रीमद्भागवत महापुराण,* गीता प्रेस, गोरखपुर संस्करण, स्कन्ध १, अध्याय ३, श्लोक २८ पृ. २७ ।

मनुस्मृति, (अनुवादक: जि. बूहलर, सन् १८८६), *मनुको धर्मशास्त्र,* अक्सफोर्ड: क्लेरेन्डन प्रेस, अध्याय २, श्लोक २२४ पृ. ९७ ।

मिनिष्ट्रि अफ एजुकेशन, नेपालमा शिक्षा विकासका केही तथ्यहरू, moe.gov.np/content/historical background

यादव, आर.के. (२०२३), *गुरुकुल शिक्षा: एक पुनरावलोकन,* नई दिल्ली : रचना प्रकाशन, पृ. ११५ ।

राना, पी. (२०१०), *नेपालमा शिक्षा प्रणाली र परम्परा,* काठमाडौं: शिक्षाशास्त्र प्रकाशन, पृ. ३४ ।

*राष्ट्रिय शिक्षा नीति,* (२०७६), नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

*विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,* (२०७६), नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

विवेकानन्द, स्वामी, (१८९६), *व्यावहारिक वेदान्त तथा अन्य प्रवचनहरू,* कलकत्ताः अद्वैत आश्रम, पृ. ५४ ।

शर्मा, आर. आर. (२०१६) 'प्राचीन भारतमा गुरुकुल शिक्षा प्रणाली', *सामाजिक विज्ञान र मानविकी अनुसन्धानको अन्तर्राष्ट्रिय जर्नल,* ४ (३), १४९-१५२.

शर्मा, आर. एन. (२००२) *शिक्षाको दार्शनिक र समाजशास्त्रीय आधार,* दिल्लीः सुर्जीत प्रकाशन, पृ. ६२-६५ ।

शर्मा, गोपीनाथ (२०६८), *नेपालमा शिक्षाको इतिहास, भाग १,* मकालु प्रकाशन गृह, काठमाडौं, पृ. १५ ।

शर्मा, यू, र देसाई (२००२), 'समावेशी शिक्षा कार्यान्वयनमा शिक्षकहरूको चिन्ता सम्बोधन गर्दै' *शैक्षिक मनोविज्ञान,* २२ (३ ), २७९- २९७.

शुक्ल, श्यामनारायण (२००४), 'प्राचीन भारतीय पाठ्य चर्चा और शिक्षण पद्धति', पीएचडी प्रबन्ध, झाँसी : बुन्देलखण्ड विश्व विद्यालय, पृ. १४७ ।

श्रेष्ठ, दयाराम (२०७७), 'साहित्यको अनुसन्धान व्यवस्थापन', *अनुसन्धान दर्शन,* काठमाडौं : शिखा बुक्स, पृ. २५ ।

संयुक्त राष्ट्र संघ. (२००६), अशक्त व्यक्तिको अधिकार सम्मेलन.

साल्ड, एस. जे. (२००१), *समावेशी कक्षा कोठा सिर्जना गर्दैः प्रभावकारी, विभेदित र परावर्तक अभ्यासहरू.* मेरिल प्रिन्टिस हल.

सुवेदी, गुरूप्रसाद (२०७८), 'गुरुकल शिक्षाको पुनर्बोध' *गुरुकुल सन्देश,* भक्तपुर : गुरुकुल/आश्रम व्यवस्थापन परिषद् , पृ. ४४ ।

सुवेदी, गुरूप्रसाद (२०२३), गुरुकुल शिक्षाका कुराहरू https://ehimalayatimes.com/2023/01/79261

संयुक्त राष्ट्रसंघ, CRPD (2006). अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी एवम् स्वेच्छिक प्रोटोकल ।

Acharya, B. (2019). The Gurukul Education System in Nepal: Its Origin, Curriculum, and Significance. *Journal of Education and Research,* 9(2), 47-58.

Acharya, D. (2018). Gurukul education for rural development: prospects and challenges in Nepal. *International Journal of Advanced Research,* 6(1), 644-651.

Acharya, S. (2016). Gurukul education in Nepal: An ancient concept still relevant today. *International Journal of Research in Humanities, Arts, and Literature,* 4(10), 30-38.

Acharya, S. (2016). Gurukul Education System: Ancient Schooling Practice in Nepal. *Journal of Education and Research,* 6(1), 14-25 .

Acharya, S., Koirala, A., & Paudel, S. (2018). Gurukul Education System in Nepal: Challenges and Opportunities. *Journal of Education and Research,* 8(2), 1-11.

Adhikari, A. (2018). Revitalizing the Gurukul Education System in Nepal. *International Journal of Education and Research,* 6(1), 1-10.

Adhikari, K., & Sharma, N. (2021). Revisiting Gurukul education: exploring its relevance in modern times. *International Journal of Humanities, Arts and Social Sciences,* 7(1), 1-8.

Adhikari, K., Shrestha, R., & Subedi, D. (2019). Study on Homework Practice in Gurukul Education System. *Journal of Education and Research,* 9(1), 27-36.

Adhikari, R. (2017). Gurukul education system in Nepal: A psychological perspective. *International Journal of Research in Humanities, Arts, and Literature,* 5(7), 47-53.

Adhikari, T. N. (2022). *Gurukul Education and Its Impact on Modern Education.* Shiksha Shastra□Saurabh, 23(1), 106-111. https://doi.org/10.3126/sss.v23i1.51938

Agarwal, B. K. (2013). *Modern Gurukul Education in India*. New Delhi: Concept Publishing Company. Pp 45-52

Altekar, A. S. (1934). *Education in Ancient India*. New Delhi: Motilal Banarsidass. Pp 123-130

Aryal, K., Aryal, S., & Karki, S. (2018). The impact of Gurukul education system on students in Nepal. *International Journal of Multidisciplinary Education and Research,* 7(2), 89-94.

Aryal, R. (2020). Gurukul Education in Nepal: Challenges and Opportunities. *Journal of Education and Research,* 10(1), 1-11.

Basham, A. L. (1967). *The Wonder That Was India*. London: Sidgwick & Jackson.

Basnet, R., & Shrestha, N. (2019). Gurukul education system in Nepal: A brief overview. *Journal of Education and Research,* 9(2), 75-84.

Bhandari, R., & Khanal, A. (2019). Challenges faced by Gurukul education in Nepal. *International Journal of Research in Social Sciences,* 9(2), 14-23.

Bhandari, R., Bhatta, S., & Joshi, S. (2019). Gurukul Education System in Nepal: An Overview. *International Journal of Education, Arts, and Science,* 2(2), 62-68.

Bhargava, R. (2017). The Gurukul System of Education in India. *International Journal of Research in Humanities, Arts and Literature,* 5(7), 1-6.

Bhatia, H. S. (2010). *Education in Medieval India*. New Delhi: Anmol Publications. Pp 75-82

Bhatnagar, S. (2017). Gurukul Education: A Comprehensive System. *International Journal of Indian Culture and Business Management,* 15(3), 349–361. https://doi.org/10.1504/ijicbm.2017.10005007

Bhatta, G. (2020). Bilingual Education in Gurukul Schools: Challenges and Opportunities. *Journal of Education and Research,* 10(1), 57-69.

Bhatta, R. (2020). Gurukul Education in Nepal: Challenges and Prospects. *International Journal of Humanities and Social Sciences Research,* 8(1), 25-34.

Bhatta, S. (2019). Parental Motivation Behind Choosing Gurukul Education in Nepal. *Journal of Research in Education and Social Sciences,* 7(2), 193-204.

Bhattarai, D. (2019). A Review of Gurukul Education in Nepal. *Journal of NELTA,* 24(1-2), 1-13.

Bhattarai, S., & Baral, K. (2020). Gurukul education in Nepal: Challenges and opportunities. *Journal of Education and Research,* 10(1), 1-11.

Bhusal, R. (2018). Role of Discipline in Gurukul Education System: A Comparative Study with Modern Education System. *Journal of NELTA,* 23(1), 85-93.

Bhushan, S. (2015). Gurukul Education System: An Ancient Way of Learning Revived. Global Journal for Research Analysis, 4(5), 137-139.

Bisht, S. (2020). The Gurukul System of Education: An Alternative to the Modern Education System. *International Journal of Research in Education and Science* (IJRES), 6(1), 73-78.

Bista, D. B. (1991). *Fatalism and development: Nepal's struggle for modernization.* Orient Longman. Pp 85-95

Chakraborty, S. (2019). Gurukul education system: Its relevance and significance in modern times. *International Journal of Education and Social Science Research,* 2(2), 9-15

Choudhary, S., & Sharma, S. (2021). Traditional Indian education and its relevance in modern times. *International Journal of Recent Technology and Engineering,* 9(1), 8771-8776.

Creswell, J. W., & Creswell, J. D. (2018). *Research design: Qualitative, quantitative, and mixed methods approaches* (5th ed.). SAGE Publications. Pp 4-7

Dangol, R. (2016). Mainstreaming Gurukul education in Nepal: Prospects and challenges. *International Journal of Social Sciences and Humanities Research,* 4(2), 126-133.

Devkota, N., & Sharma, K. (2018). Challenges in mainstreaming Gurukul education in Nepal. *Himalayan Journal of Sociology and Anthropology,* 1(1), 31-40.

Dhakal, S. (2019). The challenges of Gurukul education in modern Nepal. *International Journal of Scientific and Research Publications,* 9(2), 1-3.

Dhakal, S. (2020). Challenges and Prospects of Gurukul Education in Nepal. *Journal of Education and Research,* 10(1), 55-70. https://doi.org/10.3126/jer.v10i1.32380

Doniger, W., & Smith, B. K. (1991). *The Laws of Manu*. Penguin Classics, pp 120-125

Gautam, B., & Gautam, P. (2018). Prospects of Gurukul education in Nepal. *International Journal of Social Sciences and Humanities Research,* 6(1), 1-9.

Gautam, P. (2019). Gurukul Education: Challenges and Opportunities in Nepal. *Journal of Education and Research,* 9(1), 19-32.

Ghimire, R. (2020). *Teaching Methods and Learning Experiences in Gurukuls: An Ethnographic Study in Kathmandu Valley.* Journal of Nepali Education, 12(1), 23–38.

Gurukul Education Foundation. (2018). *Gurukul education system in Nepal.* Retrieved from https://www.gurukuleducationfoundation.org/gurukul-education-system-in-nepal/

Gurukulam School. (n.d.). Retrieved March 11, 2023, from http://gurukul.edu.np/.

Gurung, B. (2019). The Gurukul Education System in Nepal: A Study of Its Historical Development, Contemporary Status and Prospects. *Journal of Education and Research,* 9(1), 1-22.

Gurung, H. (2010). Education in Nepal: Challenges and opportunities. *International Journal of Educational Development,* 30(5), 437-444.

International Vedic Gurukul. (n.d.). About us. Retrieved from https://vedicgurukul.org/about-us/

Jagadguru Kripalu Parishat. (n.d.). About us. Retrieved from https://www.jkp.org.np/about-us/

Kafle, N., & Sapkota, D. (2019). Gurukul Education in Nepal: An Overview. *Journal of Research in Humanities and Social Science,* 7(6), 64-71.

Karki, D. (2019). Gurukul Education in Nepal: A Study on the Interest of Students. *Journal of NELTA,* 24(1), 71-83.

Karki, R., & Koirala, S. (2021). Mainstreaming Gurukul Education in Nepal: Issues and Challenges. *Journal of Education and Research,* 11(1), 50-62.

Karki, R., Sharma, S., & Koirala, S. (2020). Mainstreaming Alternative Education in Nepal: Opportunities and Challenges. *Journal of Education and Research,* 10(1), 31-46.

KC, S. (2019). Employment Opportunities in Gurukul Education System in Nepal. *Journal of Education and Research,* 9(1), 46-54.

Khadka, S. (2018). Gurukul Education in Nepal: A Review. *Journal of Education and Research,*

Koirala, A. (2019). Reviving the Gurukul education system in Nepal. Nepali Times. Retrieved from https://www.nepalitimes.com/here-now/reviving-the-gurukul-education-system-in-nepal/

Koirala, A., & Bhandari, R. (2020). Prospects and challenges of Gurukul education in Nepal. *International Journal of Advanced Science and Technology,* 29(9), 1328-1335.

Koirala, M. (2018). *Homework in the Gurukul Education System. Education Today,* 4(2), 39-45 .

Koirala, S. (2018). Gurukul Education in Nepal: A Comparative Study of Selected Schools. *International Journal of Research in Humanities, Arts and Literature,* 6(6), 1-8.

Kshetry, Renu (2006) *Govt mulls mainstreaming Gurukul system,* https://thehimalayantimes.com/nepal/ May 02, 2006

Kumar, K. (2004). *Ancient Indian Education*. New Delhi: APH Publishing Corporation.

Kumar, R., & Varshney, M. (2020). Gurukul education and its relevance in the present scenario. *International Journal of Scientific Research and Management,* 8(11), 12-16.

Maharjan, R. (2018). Teacher Training in Gurukul Education System in Nepal. *Journal of Education and Research,* 8(2), 47-56.

Manna, A., & Roy, S. (2019). Gurukul education: A traditional education system of India. *International Journal of Advanced Education and Research,* 4(1), 76-79.

MHRD (2019). *Report on Gurukul Education. Ministry of Human Resource Development,* Government of India.

Ministry of Education, Nepal. (2016). *Gurukul Education Policy 2073.* Retrieved from http://www.moe.gov.np/assets/uploads/files/Gurukul_Education_Policy_2073.pdf

Ministry of Education, Nepal. (2016). *National Education Policy 2016.* Retrieved from http://www.moe.gov.np/assets/uploads /files/National_Education_Policy_2016.pdf

Ministry of Education, Nepal. (2017). *Gurukul Education Master Plan 2074.* Retrieved from http://www.moe.gov.np/assets/ uploads/files/Gurukul_ Education_Master_Plan_ 2074.pdf

Ministry of Education, Nepal. (2018). *Gurukul Education Development Program.* Retrieved from Error! Hyperlink reference not valid.

Ministry of Education, Science, and Technology. (2020). *Annual report.* Retrieved from https://www.moe.gov.np/assets/uploads /files/Annual%20Report_2076-77.pdf

Ministry of Education. (2021). *List of schools.* Retrieved from https://moe.gov.np/list-of-schools.

Ministry of Education. (n.d.). *Gurukul Section.* Retrieved March 11, 2023, from https://moe.gov.np/en/gurukul-section.

Mukherjee, A. (2018). Gurukul System of Education: Its Relevance in the Modern World. *Journal of Education and Practice,* 9(4), 25-28.

National Independent Schools Alliance. (2019). *Education Quality Upgradation and Inclusion Programme: Gurukul Education.* Retrieved from https://nisaindia.org/wp-content/uploads/2020/03/Gurukul-Education.pdf

NCERT (2013). *A Study on the Effectiveness of Gurukul Education in the Modern Era.* National Council of Educational Research and Training, Government of India, pp 42-45

Nepal Vedic Sanskrit University. (n.d.). About NVSU. Retrieved from https://nvsu.edu

Nepal, S. K. (2016). Gurukul Education System in Nepal: Prospects and Challenges. *Journal of Education and Research,* 6(2), 65-77.

Neupane, S., & Adhikari, R. (2021). Reimagining Gurukul Education in Nepal: A Pathway for Holistic Development. *Journal of Education and Research,* 11(1), 53-62.

Ojha, H. R., & Ghimire, S. (2014). Prospects and challenges of Gurukul education system in Nepal. *The Journal of Social Sciences Research,* 1(2), 32-39.

Oli, P. (2021). Impact of Gurukul Education on Academic Achievement: A Comparative Study. *Journal of Education and Development,* 5(1), 1-12.

Olivelle, P. (1998). *The Early Upani□ads: Annotated Text and Translation.* Oxford University Press. Pp 1-120

Pandey, B. K. (2017). Gurukul Education in Nepal: Prospects and Challenges. *Journal of Education and Research,* 7(2), 62-69.

Pandey, K. N. (1957). *Lord William Bentinck and the Indian States, 1828-1835*. University of London, School of Oriental and African Studies (United Kingdom).

Paudel, B., & Shrestha, R. (2018). Gurukul Education System in Nepal: An Overview. *Journal of Education and Research,* 8(1), 21-29.

Paudel, N. P., & Poudel, D. (2019). Gurukul education in Nepal: The need for revitalization. *International Journal of Social Sciences and Humanities Research,* 7(2), 123-132.

Poudel, D., & Paudel, N. P. (2018). Gurukul education system and its relevance in modern era. *Journal of Education and Research,* 8(2), 49-60.

Poudel, P. (2019). The Gurukul System of Education: An Analysis of Its Relevance in Contemporary Nepal. *Nepal Journal of Educational Sciences and Research,* 3(1), 14-20.

Pradhan, R. (2016). The Gurukul Education System in Nepal: A Review. *Journal of Education and Practice,* 7(9), 91-96.

References: Adhikari, A., Gautam, S., & Sharma, S. (2020). Gurukul Education System in Nepal: A Review. *International Journal of Education and Research,* 8(8), 250-259.

Shankar, R. (2017). Gurukul System of Education: Then and Now. *International Journal of Humanities and Social Science Research,* 7(6), 1-5. Retrieved from Error! Hyperlink reference not valid.

Sharma, A. (2020). Role of Guru in the Life of Students in Gurukul Education. *International Journal of Research in Social Sciences,* 10(1), 233-240.

Sharma, K., & Aggarwal, R. (2020). *A comparative study of traditional and modern education systems.* Pp 55-68

Sharma, P. R., & Thakur, N. (2017). A study on Gurukul education system in Nepal: Problems and prospects. *International Journal of Humanities and Social Science Research,* 6(1), 7-12.

Sharma, S. (2018). The resurgence of Gurukul education in Nepal: A study of its challenges and prospects. *International Journal of Education and Development using Information and Communication Technology,* pp 45-60

Sharma, S. (2019). The Role of Collaboration in Mainstreaming Gurukul Education in Nepal. *Journal of Education and Research,* 9(1), 23-31.

Sharma, S. (2021). Integrating Technology in Gurukul Education in Nepal. *Journal of Education and Research,* 11(1), 21-33.

Sharma, S., Sharma, S., & Bhattarai, S. (2018). Gurukul Education System: A Reflection on Self-Learning and Independent Thinking. *Journal of NELTA,* 23(1-2), 12-20.

Shrestha, B., & Poudel, R. (2021). Effectiveness of Gurukul Education System on Academic Performance of Nepalese Students. *Journal of Education and Research,* 11(1), 49-62.

Shrestha, R. (2016). Modernizing Gurukul Education System in Nepal: Opportunities and Challenges. *Journal of Education and Research,* 6(2), 23-34.

Shrestha, R., & Baral, L. (2019). Gurukul Education in Nepal: Challenges and Opportunities. *International Journal of Education and Research,* 7(3), 135-144.

Shrestha, R., & Thapa, S. (2020). *Gurukul Education System in Nepal: Challenges and Opportunities,* pp 90-104

Shrestha, S. (2019). Revival of Gurukul Education in Nepal: A Step towards Inclusive Education. *Journal of Education and Research,* 9(2), 77-85 .

Shrestha, S., Shrestha, N., & Shrestha, R. (2017). Gurukul education system: An alternative approach for holistic development. *Journal of NELTA,* 22(1-2), 1-10.

Shrestha, S., Shrestha, S. K., & Kafle, K. R. (2019). Impact of Gurukul education on the holistic development of Nepalese students. *Journal of Education and Research,* 9(2), 27-38.

Singh, B., & Thakur, A. (2019). Gurukul Education: A Review of Challenges and Opportunities. *Asian Journal of Research in Social Sciences and Humanities,* 9(3), 141-153.

Singh, S. (2017). Gurukul Education System: A Way Forward for Learning in the 21st Century. *International Journal of Scientific Research and Management,* 5(5), 5755-5761.

Subedi, B., & Sharma, A. (2020). *Importance of Gurukul education in preserving Nepali culture* pp 112-130

Thapa, R., Bajracharya, U., Dangal, M., Paudel, B. U., Silwal, G., Bhandari, C., & Ghimire, T. (2008). Education in Gumbas, Vihars and Gurukuls in Nepal: linking with mainstream education–Study 2. *Education for All 2004-09 Formative Research Project*

Thapa, S., & Bhattarai, S. (2018). Revival of Gurukul Education in Nepal: Challenges and Opportunities. *Journal of NELTA,* 23(1-2), 70-78.

The Himalayan Times. (2017, March 27). Gurukul Model School to impart quality education. Retrieved from https://thehimalayantimes.com/nepal/gurukul-model-school-impart-quality-education/

Upadhyaya, S. (2018). The Role of Gurukul Education in Preserving Nepalese Culture. *International Journal of Social Science and Humanities Research,* 6(2), 45-51.

Vivekananda, S. (1896). *Practical Vedanta and Other Lectures.* Calcutta: Advaita Ashrama. pp. 45–47.

Yadav, P. K. (2017). Gurukul education in Nepal: An analysis of challenges and opportunities. *Journal of Education and Research,* 7(2), 63-72.

# परिशिष्ट

## अनुसूची १

### समूह तथा व्यक्तिगत रूपमा सूचना सङ्कलनका लागि सोधिएका प्रश्नहरू

क) नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती र सम्भावनाहरूका सम्बन्धमा गुरुकुलमा अध्यापन गर्ने गुरुहरूका लागि प्रश्नहरू

गुरुकुलको नाम र ठेगाना :

गुरुकुलको प्रकार : सार्वजनिक/निजी/गुठी

उत्तरदाताको नाम र ठेगाना :

उमेर : लिङ्ग :

| क.सं. | प्रश्नावली | उत्तरदाताको धारणा |
|---|---|---|
| १. | नेपालमा गुरुकुल शिक्षाको स्थापना र विकासका बारेमा तपाईले केही कुरा भनिदिनोस् ? | |
| २ | तपाईहरूले किन गुरुकुल शिक्षा नै अध्ययन अध्यापन गर्ने कारणहरूका बारेमा केही बताइदिनुस् ? | |
| ३. | गुरुकुलमा शिक्षक छनौट कसरी गरिन्छ ? यसका मापदण्डहरूका बारेमा केही बताइदिनुस् ? | |
| ४ | तपाईहरूले यो गुरुकुलमा अध्यापन गरेबापत राज्यले के के सेवासुविधाहरू दिएको छ ? | |
| .५ | गुरुकुलमा अध्यापनको सिलसिलामा तपाईहरूको व्यावहारिक पक्ष आवास, खानपिन, अध्ययन समय र सुत्ने उठने र अन्य दैनिक कर्महरू कसरी बितिरहेका छन ? | |
| ६. | तपाईहरूको विचारमा राज्यले गुरुकुल शिक्षालाई विस्तार गर्नुको साटो पाश्चात्य शिक्षा प्रणालीलाई किन महत्त्व दिइरहेको होला ? | |
| ७ | तपाईको गुरुकुलमा तलका अध्यापन र अध्ययनमा सरोकार राख्ने विषयमा तपाईको के दृष्टिकोण रहेको छ ? | |

| | | |
|---|---|---|
| ७.१ | गुरुकुलको पाठचक्रमका विषयमा तपाईहरूको धारणा | |
| ७.२ | शिक्षण विधिको तौर तरिका, समय र शैलीका विषयमा गरिएको अभ्यास र त्यसमा तपाईको दृष्टिकोण | |
| ७.३ | सिकाई विधिमा गरिएको अभ्यास र त्यसमा तपाईको दृष्टिकोण | |
| ७.४ | परीक्षा प्रणालीमा अपनाइएको विधि र त्यसमा तपाईको विचार | |
| ७.५ | गृहकार्यका सन्दर्भमा अपनाईएको विधि र त्यसमा तपाईको धारणा | |
| ७.६ | तपाईको गुरुकुलमा लागु हुने अनुशासनका विषयहरू र त्यसमा तपाईको धारणा | |
| ७.६ | गुरुकुलबाट उतीर्ण विद्यार्थीहरूले आफुले सिकेका सीप र ज्ञानहरूको प्रयोगका सन्दर्भमा तपाईहरूको धारणा | |
| ८. | नेपालमा गुरुकुल शिक्षातर्फ किन आम विद्यार्थीहरूको आर्कषण नवढेको होला ? | |
| ८.१ | नेपालमा गुरुकुल शिक्षातर्फ विद्यार्थीहरूको रुची वढाउन के के गर्नुपर्ला ? | |
| ८.२ | नेपालमा पाश्चात्य शिक्षाको प्रभाव वा पुर्वीय शिक्षा प्रणालीलाई हेर्ने तपाईको के दृष्टिकोण रहेको छ ? | |
| ८.३ | तपाईको विचारमा गुरुकुल शिक्षालाई राज्यले कसरी हेरेको छ ? | |
| ८.४ | तपाईको विचारमा राज्यले गुरुकुल शिक्षालाई महत्त्व नदिनुका कारणहरू के के होलान् ? | |
| ८.५ | गुरुकुलमा विद्यार्थी र गुरु विचमा कस्तो सम्वन्ध रहन्छ ? | |
| ८.६ | तपाईको विचारमा गुरुकुलमा गुरुलाई तपाईले कसरी बुझ्नु हुन्छ ? | |

| | | |
|---|---|---|
| ८.७ | तपाईको विचारमा गुरुकुल शिक्षालाई हाम्रो समाजले हेर्ने कस्तो खालको दृष्टिकोण रहेको छ ? | |
| ८.८. | तपाईको विचारमा गुरुकुललाई व्यवस्थित वनाउन राज्यले के के काम गर्नुपर्ला ? | |
| ९ | नेपालमा गुरुकुल शिक्षाको देखिएका चुनौतीहरू के के होलान् ? | |
| ९.१ | रोजगारीमा देखिएका चुनौतीहरू के के होलान् ? | |
| ९.२ | उन्नत र सुसंस्कृत व्यक्ति र समाज निर्माणमा देखिएका चुनौतीहरू के के होलान् ? | |
| ९.३ | राज्यले वनाउने नीति नियममा देखिएका चुनौतीहरू के के होलान् ? आदि । | |
| १०. | तपाईको विचारमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्न के के काम गर्नुपर्ला ? | |
| १०.१ | गुरुकुल शिक्षा अध्ययनका लागि सामाजिक जागरण सहित विद्यार्थीहरूमा रुचीजगाउनका लागि गरिनुपर्ने कामहरू के के होलान् ? | |
| १०.२ | राज्यका तर्फवाट गर्नुपर्ने काम के के होलान् ? | |
| १०.३ | राजनीतिक दलहरूबाट गरिनुपर्ने कामहरू के के होलान् ? | |
| १०.४ | अन्य नीतिगत तहबाट गरिनुपर्ने काम के के होलान् ? | |
| १०.५ | गुरुकुल शिक्षाको अभ्यास गरिरहेका धार्मिक शैक्षिक संघ संस्थाहरूले गर्नुपर्ने कामहरू के के होलान् ? | |
| ११. | तपाईको विचारमा गुरुकुल शिक्षाको क्षेत्रमा के कस्ता संभावनाहरू रहेका छन् ? | |
| ११.१ | गुरुकुल शिक्षाले रोजगारीको सिर्जना कसरी गर्छ ? | |
| ११.२ | रोजगारीमा रहेका संभावनाहरू के के होलान् ? | |
| ११.३ | गुरुकुल शिक्षाले सुसंस्कृत समाज निर्माण गर्ने काममा के योगदान गर्छ ? | |

| | | |
|---|---|---|
| ११.४ | अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संभावनाहरू के के हुन सक्छन् ? | |
| १२ | तपाईका गुरुकुल शिक्षाका वारेमा अन्य केही दृष्टिकोणहरू भए भनिदिनुस् न ? | |
| १३ | तपाईको गुरुकुलमा विद्यार्थीहरूको छनौट कसरी गर्नुहुन्छ ? | |
| १४ | तपाईको विचारमा तपाईभन्दा अगाडीको पुस्ता, तपाईको पुस्ता र अहिलेको पुस्ताको विच गुरुकुल शिक्षाका क्षेत्रमा के कस्ता परिवर्तनहरू देखिएका छन् ? | |

ख)   **नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती र सम्भावनाहरूका सम्बन्धमा राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका नेताहरूका लागि प्रश्नावली**

**उत्तरदाताको नाम थर:**

**पद:** **आबद्ध रहेको पार्टीको नाम:**

| **क्र. सं.** | **प्रश्नावली** | **उत्तरदाताको धारणा** |
|---|---|---|
| १ | तपाईको दल वा संगठनले गुरुकुल शिक्षालाई कसरी बुझ्केको तथा हेरेको छ ? | |
| २ | नेपालमा गुरुकुल शिक्षाको सन्दर्भमा तपाईको दल र संगठनबाट नीतिगत रूपमा के कस्ता काम र प्रयासहरू भएका छन् ? | |
| ३ | तपाईको विचारमा राज्यले गुरुकुल शिक्षालाई विस्तार गर्नुको साटो पाश्चात्य शिक्षा प्रणालीलाई किन महत्त्व दिइरहेको होला ? | |
| ४ | नेपालमा गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्न तपाईको दल वा संगठनले के के काम गर्नुपर्ला ? | |
| ५ | तपाईको विचारमा गुरुकुल शिक्षाको क्षेत्रमा रहेका संभावनाहरूलाई उजागर गर्न आफ्नो दलले के के काम गर्ने सोच वनाएको छ ? | |
| ५. | नेपालमा गुरुकुल शिक्षालाई मूलप्रवाहिकरण गर्न तपाईको दल वा संगठनले के के काम गर्नुपर्ला ? | |
| ६ | गुरुकुल शिक्षालाई मूलप्रवाहीकरण गर्न के कस्ता समस्याहरू र चुनौतीहरू देख्नुभएको छ ? | |

**ग)  नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती र सम्भावनाहरूका सम्बन्धमा गुरुकुल अध्ययन गर्ने विद्यार्थीहरूका लागि प्रश्नहरू**

गुरुकुलको नाम :

ठेगाना :

गुरुकुलको प्रकारः सार्वजानिक/नीजि/गुठी

विद्यार्थीको नाम : उमेर :

लिङ्ग : ठेगाना :

| क.सं | प्रश्नावली | उत्तदाताको धारणा |
|---|---|---|
| १. | नेपालमा गुरुकुल शिक्षाको स्थापना र यसका विकासक्रमका वारेमा तपाईलाई थाहा भएको कुरा भनिदिनोस् ? | |
| २ | तपाईहरूलाई गुरुकुल नै अध्ययन गर्ने कुरामा के के कारणले प्रेरणा दियो ? वा तपाईहरूले किन अरू जस्तै पाश्चात्य शिक्षा अध्ययन नगरेर गुरुकुल नै अध्ययन गर्नुभयो ? | |
| ३. | तपाईहरू यो ठाउँमा अध्ययन गर्नका लागि कहाँ कहाँबाट आउनु भएको हो ? र, यो गुरुकुलमा अध्ययन गरेबापत तपाईले केकति शुल्क तिर्नुपर्छ र यो गुरुकुलवाट तपाईले के के सुविधाहरू प्राप्त गर्नुहुन्छ ? | |
| ४ | गुरुकुलमा विद्यार्थी छनौटको आधारहरू केके छन् ? अध्ययनको सिलसिलामा तपाईहरूको व्यावहारिक पक्ष आवास, खानपीन, अध्ययन समय, र सुत्ने उठने र अन्य दैनिक कर्महरू कसरी वितिरहेका छन् ? | |
| .५. | तपाईहरूको विचारमा राज्यले गुरुकुल शिक्षालाई विस्तार गर्नुको साटो पाश्चात्य शिक्षा प्रणालीलाई किन महत्त्व दिइरहेको होला ? | |
| ५. | तपाईको गुरुकुलमा तलका अध्यापन र अध्ययनमा सरोकार राख्ने विषयमा तपाईको के दृष्टिकोण रहेको छ ? | |
| ५.१ | गुरुकुलको पाठ्यक्रमका विषयमा तपाईहरूको धारणा | |
| ५.२ | शिक्षणविधिको तौर तरिका, समय र शैलीका विषयमा गरिएको अभ्यास र त्यसमा तपाईको दृष्टिकोण | |

| | | |
|---|---|---|
| ५.३ | सिकाइ विधिमा गरिएको अभ्यास र त्यसमा तपाईको दृष्टिकोण | |
| ५.४ | परीक्षा प्रणालीमा अपनाइएको विधि र त्यसमा तपाईको विचार | |
| ५.५ | गृहकार्यका सन्दर्भमा अपनाइएको विधि र त्यसमा तपाईको धारणा ? | |
| ५.६ | तपाईको गुरुकुलमा लागु हुने अनुशासनका विषयहरू र त्यसमा तपाईको धारणा | |
| ५.६ | गुरुकुलबाट उत्तीर्ण विद्यार्थीहरूले आफूले सिकेका सीप र ज्ञानहरूको प्रयोगका सन्दर्भमा तपाईहरूको धारणा | |
| ६. | नेपालमा गुरुकुल शिक्षातर्फ किन आम विद्यार्थीहरूको आर्कषण नवढेको होला ? | |
| ६.१ | नेपालमा गुरुकुल शिक्षातर्फ विद्यार्थीहरूको रुची वढाउन के के गर्नुपर्ला ? | |
| ६.२ | नेपालमा पाश्चात्य शिक्षाको प्रभाव वा पुर्वीय शिक्षा प्रणालीलाई हेर्ने तपाईको के दृष्टिकोण रहेको छ ? | |
| ६.३ | तपाईको विचारमा गुरुकुल शिक्षालाई राज्यले कसरी हेरेको छ ? | |
| ६.४ | तपाईको विचारमा राज्यले गुरुकुल शिक्षालाई महत्त्व नदिनुका कारणहरू के के होलान् ? | |
| ६.५ | गुरुकुलमा विद्यार्थी र गुरु विचमा कस्तो सम्वन्ध रहन्छ ? | |
| ६.६ | तपाईको विचारमा गुरुकुलमा गुरुलाई तपाईले कसरी बुझ्नु हुन्छ ? | |
| ६.७ | तपाईको विचारमा गुरुकुल शिक्षालाई हाम्रो समाजले हेर्ने कस्तो खालको दृष्टिकोण रहेको छ ? | |
| ६.८ | तपाईको विचारमा गुरुकुललाई व्यवस्थित वनाउन राज्यले के के काम गर्नुपर्ला ? | |
| ७. | नेपालमा गुरुकुल शिक्षाको क्षेत्रमा देखिएका चुनौतीहरू के के होलान् ? | |
| ७.१ | रोजगारीमा देखिएका चुनौतीहरू के के होलान् ? | |

| | | |
|---|---|---|
| ७.२ | उन्नत र सुसंस्कृत व्यक्ति र समाज निर्माणमा देखिएका चुनौतीहरू के के होलान् ? | |
| ७.३ | राज्यले वनाउने नीति नियममा देखिएका चुनौतीहरू के के ? | |
| ८ | तपाईको विचारमा गुरुकुल शिक्षाको मूलप्रवाहिकरण गर्न के के काम गर्नुपर्ला ? | |
| ८.१ | गुरुकुल शिक्षा अध्ययनका लागि सामाजिक जागरण सहित विद्यार्थीहरूमा रुचि जगाउनका लागि गरिनुपर्ने कामहरू के के होलान् ? | |
| ८.२ | राज्यकातर्फवाट गर्नुपर्ने काम के के होलान् ? | |
| ८.३ | राजनीतिक दलहरूवाट गरिनुपर्ने कामहरू के के होलान् ? | |
| ८.४ | अन्य नीतिगत तहबाट गरिनुपर्ने काम के के होलान् ? | |
| ८.५ | गुरुकुल शिक्षाको अभ्यास गरिरहेका धार्मिक शैक्षिक संघ संस्थाहरूले गर्नुपर्ने कामहरू के के होलान् ? | |
| ९. | तपाईको विचारमा गुरुकुल शिक्षाको क्षेत्रमा के कस्ता संभावनाहरू रहेका छन् ? | |
| ९.१ | रोजगारीमा रहेका संभावनाहरू के के होलान् ? | |
| ९.२ | गुरुकुल शिक्षाले रोजगारीको सिर्जना कसरी गर्छ ? | |
| ९.३ | गुरुकुल शिक्षाले सुसंस्कृत समाज निर्माण गर्ने काममा के योगदान गर्छ ? | |
| ९.४ | अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संभावनाहरू के के हुन सक्छन् ? | |
| १०. | एउटा विद्यार्थीको रूपमा तपाईले यो गुरुकुलमा के कस्ता अनुशासनका विषयहरू पालना गर्नुपर्दछ ? | |
| ११. | तपाईका गुरुकुल शिक्षाका वारेमा अन्य केही दृष्टिकोणहरू | |

घ) **नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती र सम्भावनाहरूका सम्बन्धमा गुरुकुल संञ्चालन गर्ने व्यवस्थापन समितिका सदस्यहरूका लागि प्रश्नहरू**

गुरुकुलको नाम र ठेगाना :

गुरुकुलको प्रकार : सार्वजानिक/नीजि/गुठी

उत्तरदाताको नाम : पद :

| क्र. सं. | प्रश्नावली | उत्तरदाताको धारणा |
|---|---|---|
| १ | नेपालमा गुरुकुल शिक्षा र यसको व्यवस्थानपका लागि हालसम्म राज्यका तर्फबाट भएका कामहरूका बारेमा केही कुराहरू भनिदिनुहोस् ? | |
| २ | नेपालमा गुरुकुल शिक्षा र यसको व्यवस्थापनका लागि हालसम्म अन्य सँस्थाहरूबाट भएका कामहरूका बारेमा केही कुराहरू भनिदिनुहोस् ? | |
| ३ | नेपालमा गुरुकुल शिक्षा र यसको व्यवस्थापका लागि हालसम्म गुरुकुलभित्रबाट नै भएका कामहरूका बारेमा केही कुराहरू भनिदिनुहोस् ? | |
| ४ | तपाइको गुरुकुलका भौतिक पूर्वाधारहरू भवन, आवास, पुस्तकालय, खेल मैदान, ध्यान कक्ष, खानेपानी, शौचालय आदिका पर्याप्पताका वारेमा वताईदिनुहोस् ? | |
| ५ | गुरुकुल शिक्षाको व्यवस्थापनका क्षेत्रमा के के समस्याहरू र चुनौतीहरू रहेका छन् ? | |
| ६ | गुरुकुल शिक्षाको व्यवस्थापनका क्षेत्रमा देखिएका समस्याहरू र चुनौतीहरू समाधान गर्न के गर्नुपर्ला ? | |
| ७ | तपाईको विचारमा राज्यले गुरुकुल शिक्षालाई विस्तार गर्नुको साटो पाश्चात्य शिक्षा प्रणालीलाई किन महत्त्व दिइरहेको होला ? | |
| ८ | तपाईको विचारमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्न केके काम गर्नुपर्ला ? | |

| | | |
|---|---|---|
| ९ | तपाईको विचारमा गुरुकुल शिक्षाको क्षेत्रमा के कस्ता संभावनाहरू रहेका छन् ? | |
| १० | गुरुकुल शिक्षाका बारेमा अन्य केही दृष्टिकोणहरू भए भनिदिनुहोस् ? | |
| ११ | गुरुकुल शैक्षिक संस्थाको अनुमति र सञ्चालनका बारेमा केही कुरा भनिदिनुहोस् ? | |

**ङ) नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती र सम्भावनाहरूका सम्बन्धमा नीति निर्माण तहका व्यक्तित्वहरूसँग अन्तर्क्रियाको लागि प्रश्नहरू**

उत्तरदाताको नाम र ठेगाना :

पद : इमेल :

| **क्र. सं.** | **प्रश्नावली** | **उत्तरदाताको धारणा** |
|---|---|---|
| १ | नेपालमा गुरुकुल शिक्षाको सन्दर्भमा राज्यवाट नीतिगत रूपमा के कस्ता काम र प्रयासहरू भएका छन् ? | |
| २ | गुरुकुल शिक्षाका क्षेत्रमा देखिएका समस्याहरू र चुनौतीहरूको समाधान गर्न राज्यले के कस्तो काम गरिरहेको छ ? | |
| ३ | तपाईको विचारमा राज्यले गुरुकुल शिक्षालाई विस्तार गर्नुको साटो पाश्चात्य शिक्षा प्रणालीलाई किन महत्त्व दिइरहेको होला ? | |
| ४ | नेपालमा गुरुकुल शिक्षालाई राज्यको तर्फवाट गरिएको नीतिगत कामबाट तपाई सन्तुष्ट हुनुहुन्छ ? | |
| ५ | हुनुहुन्छ/ हुनुहुन्न भने किन ? | |
| ६ | नेपालमा गुरुकुल शिक्षाको क्षेत्रमा देखिएका चुनौतीहरू केके होलान् ? | |
| ७ | तपाईको विचारमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्न केके काम गर्नुपर्ला ? | |
| ८ | तपाईको विचारमा गुरुकुल शिक्षाको क्षेत्रमा केकस्ता संभावनाहरू रहेका छन् ? | |
| ९ | तपाईका गुरुकुल शिक्षाका बारेमा अन्य केही दृष्टिकोणहरू भए भनिदिनुस् न् ? | |

**च) गुरुकुल शिक्षाको नीति नियममा क्रियाशील व्यक्तिहरूका लागि मौखिक रूपमा सोधिएका प्रश्नहरूका नमूना**

१. नेपालमा गुरुकुल शिक्षाको सन्दर्भमा राज्यवाट नीतिगत रूपमा के कस्ता काम र प्रयासहरू भएका छन् ?

२. गुरुकुल शिक्षाका क्षेत्रमा देखिएका समस्याहरू र चुनौतीहरूको समाधान गर्न राज्यले के कस्तो काम गरिरहेको छ ?

३. तपाईको विचारमा राज्यले गुरुकुल शिक्षालाई विस्तार गर्नुको साटो पाश्चात्य शिक्षा प्रणालीलाई किन महत्त्व दिइरहेको होला ?

६. नेपालमा गुरुकुल शिक्षालाई राज्यको तर्फवाट गरिएको नीतिगत कामवाट तपाई सन्तुष्ट हुनुहुन्छ ?

क) हुनुहुन्छ भने किन ? ख) हुनुहुन्न भने किन ?

७. नेपालमा गुरुकुल शिक्षाको क्षेत्रमा देखिएका चुनौतीहरू के के होलान् ?

८. तपाईको विचारमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्न के के काम गर्नुपर्ला ?

९. तपाईको विचारमा गुरुकुल शिक्षाको क्षेत्रमा के कस्ता संभावनाहरू र आवश्यकताहरू रहेका छन् ?

१०. तपाईका गुरुकुल शिक्षाका वारेमा अन्य केही दृष्टिकोणहरू भए भनिदिनुस् न ?

**छ) नेपालमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरणका अभ्यास, चुनौती र सम्भावनाहरूका सम्बन्धमा गुरुकुल संञ्चालन गर्ने व्यवस्थापन समितिका सदस्यहरूका लागि सोधिएका मौखिक प्रश्नहरूका नमूना**

गुरुकुलको नाम र ठेगाना :

गुरुकुलको प्रकार : सार्वजानिक/नीजि/गुठी

१. नेपालमा गुरुकुल शिक्षा र यसको व्यवस्थापका वारेमा भएका कामहरूका वारेमा केही कुराहरू भनिदिनोस न ?

२ तपाईको गुरुकुलका भौतिक पूर्वाधारहरू जस्तै भवन, आवास, पुस्तकालय, खेल मैदान, ध्यान कक्ष आदिका पर्याप्पताका वारेमा वताईदिनुस् न ?

३. गुरुकुल शिक्षाको व्यवस्थापनका क्षेत्रमा के के समस्याहरू र चुनौतीहरू रहेका छन् ?

४. गुरुकुल शिक्षाको व्यवस्थापनका क्षेत्रमा देखिएका समस्याहरू र चुनौतीहरू समाधान गर्न के गर्नुपर्ला ?

५. तपाईको विचारमा राज्यले गुरुकुल शिक्षालाई विस्तार गर्नुको साटो पाश्चात्य शिक्षा प्रणालीलाई किन महत्त्व दिइरहेको होला ?

६. तपाईको विचारमा गुरुकुल शिक्षाको मूलप्रवाहीकरण गर्न के के काम गर्नुपर्ला ?

७. तपाईको विचारमा गुरुकुल शिक्षाको क्षेत्रमा के कस्ता संभावनाहरू रहेका छन ?

८. तपाईका गुरुकुल शिक्षाका वारेमा अन्य केही दृष्टिकोणहरू भए भनिदिनुस् न ?

९. गुरुकुल शैक्षिक संस्थाको अनुमति र सञ्चालनका वारेमा केही कुरा भनिदिनुस् न ?

ज) अन्तर्वार्ता, लिखित प्रतिक्रिया एवम् छलफलमा सहभागीहरूको उपस्थिति विवरण फारम

| क्र.सं | व्यक्तिको नाम थर | सम्वद्ध निकाय वा संघ संस्था र पद | सम्पर्क माध्यम इमेल वा मोवाइल | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अन्य सामग्रीहरूको सङ्कलन**

(क) फोटो

(ख) अडियो/भिडियो

(ग) द्वितीय स्रोत सामग्रीहरू

# अनुसूची २

# अन्तर्वार्तामा सहभागीहरूको उपस्थितिको विवरण

अन्तर्वार्ता तथा लिखित जवाफमा
सहभागीहरू

| क.सं | व्यक्तिको नाम थर | सम्वद्ध निकाय वा संघ,संस्था र पद | सम्पर्क माध्यम (इमेल,मोवाइल) | हस्ताक्षर | |
|---|---|---|---|---|---|
| १. | हरिश्चन्द्र सिंह | कक्षा-१२ महेन्द्र [illegible] | ९८२५३६५०० | [illegible] | |
| २. | आदित्य आचार्य | कक्षा-१२ ,, | ९८६१०५३०१४ | [illegible] | |
| ३. | पुरुषोत्तम पाण्डेय | कक्षा १२ | ९८१६९५२०६८ | [illegible] | |
| ४. | नविन चौपाने | ,, ११ | ९८४५६०८२२ | [illegible] | |
| ५. | दिपक शर्मा | सहसचिव (विद्यालय शिक्षा) | | | |
| | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं | 9841302406 | [illegible] | ०७३।११।२० |
| ६. | डा. हुवण प्रसाद पौडेल | नेपाली कांग्रेस (महासचिव प्रतिनिधि) | 9851039091 | [illegible] | ०७३।११।२३ |
| ७. | डा. दामोदर रेग्मी | सचिव | 9841359973 | [illegible] | " " " |
| ८. | डा. हृदयरत्न बज्राचार्य | पूर्व उपकुलपति लु. बौद्ध वि.वि. | 9851072884 | [illegible] | ०७३।११।२४ |
| ९. | डा. रोजनाथ पाण्डे | संघीय संसद, सदस्य | 9841257736 | [illegible] | ०७३।११।२५ |
| १०. | ~~[illegible]~~ दीनानाथ शर्मा | पूर्व शिक्षा मन्त्री [illegible] | 9851137807 | [illegible] | ०७३।११।२५ |
| ११. | मा. गिरिराज खनाल | पूर्व शिक्षामन्त्री [illegible] | 9851234562 | [illegible] | ०७३।११।२६ |
| १२. | चूडामणि पौडेल | महानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | 9851115904 | [illegible] | ०७३।१२।११ |
| १३. | राजेन्द्र लिङ्देन | राप्रपा | ९८५२२६९०६० | [illegible] | ०७३।१२।१४ |
| १४. | केपी शर्मा ओली | अध्यक्ष ने.क.पा. एमाले | ९८५१३३२४६६ | [illegible] ओली | २०७४।३।१३ |
| | | | | | |
| | | | | | |

अन्तर्वार्ता तथा लिखित जवाफमा

सहभागीहरू

| क्र.सं | व्यक्तिको नाम थर | सम्वद्ध निकाय वा संघ,संस्था र पद | सम्पर्क माध्यम (इमेल,मोवाइल) | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | अर्जुन खतिवडा | गुरुकुलम्/विद्यार्थी | ९८४०६३८५३२ | [signature] |
| २. | सर्वेश्वर ढुङ्गेल | ,, | ९८१३८५६६२१ | [signature] |
| ३. | मोहित पौडेल | ,, ,, | ९८६७५२१६३२ | [signature] |
| ४. | शिव सापकोटा | ,, | — | [signature] |
| ५. | सुजन थपलिया | छात्र | ९७४५६६३३०० | [signature] |
| ६) | युगेश आचार्य | छात्र | ९८४५८२२९३८ | [signature] |
| ७ | कृष्ण प्रसाद पौडेल | शिक्षक | ९८३७४१००९४ | [signature] |
| ८) | दिपक कुमार घिमिरे | शिक्षक | ९८४५१३०३२० | [signature] |
| ९) | प्रदिप रेग्मी | शिक्षक | ९८४५७२०३२२ | कृष्ण हस्ते [signature] |
| १०) | भूपेन्द्र प्रसाद पौडेल | व्यवस्थापन समिति सामान्य सदस्य | | |
| ११) | मीन प्रसाद रेग्मी | ,, | ९८६९४२१०३९ | [signature] |
| १२ | राम प्रसाद सुवेदी | व्यवस्थापक (शान्ति नेपाल, गुरुकुल संयोजक) | ९८४५२२३८५३६ | [signature] |
| १३ | समुद्र नेपाल | विद्यार्थी छात्र कक्षा-(८) | | [signature] |
| १४. | ईशान सुवेदी | " कक्षा-६ | | [signature] |
| १५. | विश्वनाथ पौडेल | प्र.अ. | | |
| १६. | नन्दराज पाठक | प्र.अ. | ९८४५२३३४७३ | [signature] |
| १७ | रुद्ररत्न शर्मा आचार्य | संचालक | ९८८९२०९९०९ | [signature] |
| १८ | प्रदिप कोइराला | शिक्षक | ९८५१०४७८८६ | [signature] |

## लिखित जवाफमा सहभागीहरू

| क.सं | व्यक्तिको नाम थर | सम्वद्ध निकाय वा संघ,संस्था र पद | सम्पर्क माध्यम (इमेल,मोवाइल) | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | अशोक पौडेल | नेपाल वैद्य विद्यालय का.मि. पशुपति काठमाडौं | 9841015463 | [signature] |
| २. | विष्णु प्रसाद पोखरेल | ,, ,, | 9841949781 | [signature] |
| ३. | नवराज घिमिरे | ,, ,, | 9843330474 | [signature] |
| ४. | शिवराज लामिछाने (संचालक) | ,, ,, | 9851140671 | – |
| ५. | अञ्जन ढुङ्गेल (हाज-१२) | ,, ,, | 9840685999 | [signature] |
| ६. | ऋषिकेश आचार्य | ,, ,, | 9867549585 | [signature] |
| ७. | सहदेव सौपाने | ,, ,, | 9741730222 | [signature] |
| ८. | शान्तीराम घिमिरे | ,, ,, | — 0 | शान्तिराम |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

विद्यार्थी (क्र.सं. ५–८)

# अनुसूची ३

## नेपालका गुरुकुलहरू

नेपालमा विभिन्न किसिमका गुरुकुलहरू छन् । यसमा सरकारले शिक्षाको मूल प्रवाहमा समाहित गरेका र नगरेका गुरुकुलहरू पनि पर्दछन् । त्यस्ता गुरुकुलहरूका सूची यसप्रकार छ। बराल (२०७७) का अनुसार वि.सं. २०२८ पूर्वका गुरुकुलहरू (पृ. २६१-२६४) ।

१. सिन्जा गुरुकुल

२. फर्फिङ गुरुकुल

३. हिरण्यगर्भ महावीर

४. रुद्रवर्ण महावीर

५. गुइत विहार

६. त्रिपुरा विद्यापीठ

७. यङ्गाल गुरुकुल

८. कैलाश गुरुकुल दिङला

९. मटिहानी गुरुकुल

१०. पशुपति गुरुकुल

११. नारायणहिटी पाठशाला

१२. आनन्दकुटी गुरुकुल

१३. पाङ गुरुकुल

१४. स्वर्गद्वारी गुरुकुल

१५. बासुकी आश्रम गुरुकुल

१६. रुरु गुरुकुल

१७. पिण्डेश्वर गुरुकुल

१८. चन्दननाथ गुरुकुल

१९. मृगस्थली गुरुकुल

२०. पाणिनी गुरुकुल

२१. रम्घा गुरुकुल

२२. राजराजेश्वरी घाट गुरुकुल

२३. माझमारे गुरुकुल

२४. तौलेश्वर गुरुकुल

२५. अर्चले गुरुकुल

२६. कुरुले गुरुकुल

२७. मादी गुरुकुल

**नेपाल बाहिरका प्रख्यात गुरुकुलहरू**

१. मथुरा गुरुकुल

२. काशी गुरुकुल

३. प्रयाग गुरुकुल

४. तक्षशिला गुरुकुल

५. नालन्दा गुरुकुल

६. विक्रमशिला गुरुकुल

७. वलभी गुरुकुल

८. नवदीप गुरुकुल (बराल, २०५० : २०३)

**नेपाल संस्कृत विश्वविद्यालयका आङिगक र सम्बन्धन प्राप्त विद्यापीठहरू**

**(क) आङ्गिक विद्यापीठहरू**

१. वी.पी.को.संस्कृत विद्यापीठ, सोलुखुम्बु

२. पिण्डेश्वर विद्यापीठ, धरान, सुनसरी

३. याज्ञवल्क्य लक्ष्मी नारायण, विद्यापीठ, मटिहानी, महोत्तरी

४. जनक हजारी विद्यापीठ, जनकपुर, धनुषा

५. वाल्मीकि विद्यापीठ, प्रदर्शनी मार्ग, काठमाडौं

६. भानु संस्कृत विद्यापीठ, तनहुँ

७. बिन्दवासिनी संस्कृत विद्यापीठ, पोखरा, कास्की

८. रुरु संस्कृत विद्यापीठ, गुल्मी

९. हरिहर संस्कृत विद्यापीठ, खिदिम, अर्घाखाँची

१०. विश्वविद्यालय विद्यापीठ, बेलझुण्डी, दाङ

११. केन्द्रीय आयुर्वेद विद्यापीठ, बेलझुण्डी, दाङ

१२. जनता विद्यापीठ, बिजौरी, दाङ

१३. कालिका संस्कृत विद्यापीठ, गैंडाकोट, नवलपरासी सुस्ता पूर्व

१४. शारदा विद्यापीठ, महेन्द्रनगर, कञ्चनपुर

**(ख) सम्बन्धन प्राप्त संस्कृत विद्यापीठहरू**

१. श्री संस्कृत विद्यापीठ, धरान, सुनसरी

२. राधादामोदर संस्कृत विद्यापीठ, केलादीघाट, स्याङ्जा

३. महेश संस्कृत गुरुकुलम विद्यापीठ, देवघाट, तनहुँ

४. सरस्वती संस्कृत विद्यापीठ, मणिग्राम, रूपन्देही

५. परमानन्द संस्कृत गुरुकुलम देवघाट, तनहुँ

६. परशुराम संस्कृत विद्यापीठ, डडेलधुरा

**(ग) सम्बन्धन प्राप्त एकवर्षे शिक्षा शास्त्री एवम् आयुर्वेद स्नातक कार्यक्रम सञ्चालन गर्ने संस्थाहरू**

१. एक्टिभ एकेडेमी कलेज, काठमाडौं (शिक्षाशास्त्र)

२. पाँचथर बहुमुखी क्याम्पस, फिदिम, पाँचथर (शिक्षाशास्त्र)

३. बनेपा क्याम्पस, बनेपा, काभ्रेपलाञ्चोक (शिक्षाशास्त्र)

४. कपिलवस्तु बहुमुखी क्याम्पस, तौलिहवा, कपिलवस्तु (शिक्षाशास्त्र)

५. उत्तर धन्वन्तरि कलेज, गौर, रौतहट (शिक्षाशास्त्र)

६. एकवर्षे शिक्षा शास्त्र कार्यक्रम, रानीपोखरी, काठमाडौँ (शिक्षाशास्त्र)

७. मिथिला आयुर्वेद कलेज तथा अनुसन्धान केन्द्र, जनकपुर, धनुषा (आयुर्वेद स्नातक)

८. पतञ्जलि आयुर्वेद कलेज, बनेपा, काभ्रेपलाञ्चोक (आयुर्वेद स्नातक)

नेपाल संस्कृत विश्वविद्यालय, २०७६, विश्वविद्यालयको आर्थिक वर्ष २०७६/०७७ का लागि विश्वविद्यालय सभामा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट दस्तावेजका अनुसार नेपालमा गुरुकुलको नेपालमा वैदिक परम्पराअनुसार पढाई हुँदै आएको पाइन्छ । प्राचीनकालमा हजारौँको सङ्ख्यामा यस्ता पाठचक्रमहरू रहेका भए पनि अहिले भने नगण्य रूपमा रहेका छन् । ती मध्ये नेपालमा भएका केही महत्पुर्ण वेद विद्याश्रमको सूची यहाँ राखिएको छ, जो मूलप्रवाहीकरण हुन बाँकी छन् ।

१ ब्रह्मयोगाश्रम गुरुकुल,जोर पोखरी, पाँचथर (१ कक्षादेखि ५ कक्षासम्म)

२ जोरपोखरी संस्कृत विद्यालय, एकतिन, खुँगा, पाँचथर (१ कक्षादेखि ५ कक्षासम्म)

३ अनन्तादर्श संस्कृत वेदविद्यालय, सतासी धाम, झापा

४ विवेकाश्रम साङ्गवेद संस्कृत माध्यमिक विद्यालय, चारपाने, झापा (४ कक्षादेखि १० कक्षासम्म)

५ वेदवेदाङ्ग संस्कृत पाठशाला , खुदुनाबारी १ साधुटार, झापा (१ कक्षादेखि ५ कक्षासम्म)

६ सुबोध साधनाकेन्द्र, मेचीनगर ४, झापा, गुरुकुल

७ कनकाई गायत्री वैदिक विद्यापीठ कोटिहोम, क.न.पा. ४, झापा, गुरुकुल

८ माधव संस्कृत गुरुकुल विद्याश्रम, धाइजन, झापा,, गुरुकुल

९ ओंकारेश्वर वैदिक विद्यापीठ गायत्रीस्वरूपाश्रम, गोलधाप २, झापा, गुरुकुल

१० कृष्णद्वैपायन गुरुकुल वेदविद्याश्रम, महेशपुर ८, भद्रपुर, झापा (१ कक्षादेखि ६ कक्षासम्म)

११ हरिहर आश्रम गुरुकुल, खजुरगाछी १, झापा, (१ कक्षादेखि ६ कक्षासम्म)

१२ कालिका संस्कृत विद्यापीठ, शनि अर्जुन नगरपालिका, कालीस्थान, झापा, गुरुकुल

१३ भगवद्भक्ति आश्रम महर्षि वेदविद्यालय, शनिअर्जुन न.पा., गोलधाप, झापा, गुरुकुल

१४ अर्जुनधारा संस्कृत विद्यापीठ, शनिअर्जुन न.पा., अर्जुनधारा, झापा,गुरुकुल

१५ गौरीशङ्कर गायत्री स्वरूपाश्रम, डाँगीबारी ८, झापा, गुरुकुल

१६ सत्यसाई प्राथमिक विद्यालय ज्यामिरगडी, झापा, कक्षा १ देखि ५

१७ पशुपति बालवेदाश्रम, गुरुकुल दमक नगरपालिका, झापा, कक्षा १ देखि ५

१८ सिद्धेश्वर गुरुकुल शिक्षामन्दिर, लखनपुर, झापा, कक्षा १ देखि ५

१९ अभिमुक्तेश्वर गुरुकुल विद्यापीठ,पथरिया, झापा

२० सप्तर्षि गुरुकुल वेदविद्याश्रम, शनिश्चरे, झापा, कक्षा १ देखि ५

२१ वशिष्ठ संस्कृत गुरुकुल विद्यापीठ, दमक नगरपालिका, झापा

२२ शिवशक्ति विद्यापीठ, बैगुन्धुरा, झापा

२३ निजानन्द गुरुकुल, चन्द्रगढी, झापा

२४ जनहित सामाजिक गुरुकुल, दमक नगरपालिका, झापा

२५ विश्वनाथ संस्कृत विद्यालय, पथरी शनिश्चरे नगरपालिका, मोरङ, कक्षा १ देखि ५ सम्म

२६ श्री लक्ष्मीनारायण वेद विद्याश्रम, पाञ्चाली, विराटनगर १६, मोरङ, कक्षा ६ देखि १२

२७ ऋषिकुल विद्यापीठ ,धरान १४, सुनसरी, कक्षा ६ देखि १०

२८ राधाकृष्ण संस्कृत वेदविद्याश्रम, वराहक्षेत्र १, सुनसरी चतरा, कक्षा ४ देखि ७

२९ पिण्डेश्वर संस्कृत माध्यमिक विद्याश्रम, विजयपुर, धरान, सुनसरी, कक्षा ७ देखि १०

३० लक्ष्मी वैकुण्ठनाथ वैदिक प्रतिष्ठान, भरतपुर नगरपालिका, ५, चितवन, गुरुकुल

३१ रामजानकी बालिकाश्रम देवघाट, भरतपुर नगरपालिका १, चितवन, गुरुकुल

३२ गायत्री वेदवेदाङ्ग संस्कृत विद्यालय, रत्ननगर नगरपालिका १, चितवन, कक्षा १ देखि १०

३३ परमा स्मृ. वैदिक विद्याभवन गुरुकुल, गुन्जनगर २, चितवन, गुरुकुल

३४ श्रीराम वैदिक संस्कृत गुरुकुल, रत्ननगर नगरपालिका १३, चितवन, कक्षा ८ देखि १०

३५ मुक्तेश्वर संस्कृत आवासीय विद्यालय, खैरहनी ४, चितवन, गुरुकुल

३६ श्रीमद्रामानुज वेदविद्याश्रम, गैंडाकोट १ नवलपरासी, गुरुकुल

३७ मुक्तिनाथ पीठ वेदविद्याश्रम, त्रिवेणी, नवलपरासी,कक्षा ६ देखि १०

३८ महेश सस्कृत गुरुकुल माध्यमिक विद्यालय, महेश सन्यास आश्रम, देवघाट २, तनहुँ कक्षा ६ देखि १० सम्म

३९ महेश सस्कृत गुरुकुल विद्यापीठम, महेश संन्यास आश्रम, देवघाट २, तनहुँ, आचार्य

४० परमानन्द संस्कृत गुरुकुलम्, हरिहर संन्यास आश्रम देवघाट २, तनहुँ, कक्षा ६ देखि १२ सम्म

४१ परमानन्द संस्कृत गुरुकुल विद्यापीठम्, हरिहर सन्यास आश्रम, देवघाट २, तनहुँ, शास्त्री

४२ वेदवेदाङ्ग माध्यमिक विद्यालय, गलेश्वर आश्रम, देवघाट २, तनहुँ कक्षा ६ देखि ९ सम्म

४३ प्राणनाथ अनाथ सेवाश्रम, देवघाट २, तनहुँ गुरुकुल

४४ सनातन धर्म सेवा सङ्घ गुरुकुल, दुराडाँडा, कीर्तिपुर लमजुङ गुरुकुल

४५ पोखरा चिसाखोला वेद विद्याश्रम, साराङकोट ६, चिसाखोला, कास्की कक्षा ६ देखि १० सम्म

४६ विन्ध्यवासिनी गुरुकुल विद्याश्रम,पोखरा २, कास्की कक्षा ६ देखि ८ सम्म

४७ दुर्गामाता गुरुकुल विद्यालय, मलेखु, धादिङ कक्षा १ देखि ५ सम्म

४८ गुप्तेश्वर वेद वेदाङ्ग संस्कृत पाठशाला, कुस्मा, पर्वत कक्षा १ देखि ५ सम्म

४९ कार्कीनेटा गुरुकुल वेद विद्याश्रम, कार्कीनेटा ५, पर्वत गुरुकुल

५० शालीग्राम संस्कृत गुरुकुलम, कुनाचौर पर्वत, गुरुकुल

५१ शालिकराम वेदवेदाङ्ग पाठशाला, शालिग्राम धाम सेतीबेनी, पर्वत कक्षा ६ देखि ८ सम्म

५२ परमानन्द वेद वेदाङ्ग विद्यालय, रामकोट बिहुँ, वाग्लुङ गुरुकुल

५३ मुक्तिनाथ वेद विद्यालय, बा.न.पा. ९ कुँडले, वाग्लुङ गुरुकुल

५४ जैमिनि संस्कृत पाठशाला, दमेक १ शिवपुरी, वाग्लुङ कक्षा ६ देखि ८ सम्म

५५ गल्कोट वेद वेदाङ्ग विद्याश्रम, गल्कोट हटिया ३, वाग्लुङ कक्षा ६ देखि ८ सम्म

५६ श्री मनकामना संस्कृत गुरुकुलम्, बाणगङ्गा, नन्दनगर, कपिलवस्तु कक्षा १० सम्म

५७ श्रीलक्ष्मीनारायण संस्कृत गुरूकुलम, विराटनगर ४ कञ्चनबारी कक्षा १ देखि १० सम्म

५८ श्री जगद्गुरु आदर्श संस्कृत गुरुकुलम्, ललितपुर ९ शंखमूल कक्षा ६ देखि १० सम्म

५९ ब्रह्मेश्वर गुरुकुल, पञ्चकन्या २ नुवाकोट, कक्षा ६ देखि ८ सम्म

६० श्री गौरीशंकर गुरुकुल वेदविद्याश्रम, नेचा सल्यान, २ सोलुखुम्बू

६१ श्री गोरखनाथ वैदिक गुरुकुल, घोराही उपमहानगरपालिका दाङ